# टोखा स्थित चण्डेश्वरी मन्दिरको सांस्कृतिक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयमा स्नातकोत्तर उपाधिको

आंशिक आवाश्यकता परिपूर्तिका लागि प्रस्तुत

शोधपत्र

**शोधार्थी**

श्याममदन के.सी.

त्रि.वि.दर्ता नं. : ४४७८५-९०

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं

२०७६

## शोध निर्देशको सिफारिस पत्र ।

श्री श्याममदन के.सी.ले मेरो निर्देशनमा त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयको स्नात्तकोत्तर उपाधिको आंशिक आवाश्यकता परिपूर्तिका लागि *टोखा स्थित चण्डेश्वरी मन्दिरको साँस्कृतिक अध्ययन* शीर्षकमा यो शोधपत्र तयार गरिएको छ । म उहाँको कार्यबाट सन्तुष्ट रहेको छु । प्रस्तुत शोधकार्य परीक्षण र मूल्यांङ्कनका निम्ति सिफारिस गर्दछु ।

मिति २०७६।१२।९

प्रेमध्वज लामा

शोध निर्देशन

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत स्नात्तकोत्तर तह, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागको पाठ्यक्रम परिपूर्तिका लागि प्रस्तुत गर्नुपर्ने अनुसन्धानात्मक शोधपत्रमा मैले *टोखा स्थित चण्डेश्वरी मन्दिरको साँस्कृतिक अध्ययन* शीर्षक चयन गरेको छु । यस शीर्षकअन्तर्गत रहेर अध्ययन गर्ने क्रममा प्रस्तुत शोधको समस्या कथनलाई सकेसम्म प्रष्ट पार्ने प्रयास यस शोधपत्रमा भएको छ ।

हाम्रो देशमा रहेका विभिन्न साँस्कृतिक सम्पदाहरू मठ,मन्दिर,पुराना दरवार,विहार,गुम्बा, आदिको संरक्षण गर्नु हामी सवैको कर्तव्य हुन आउँछ । हाम्रा साँस्कृतिक सम्पदाहरूको सुक्ष्म अध्ययनगरी त्यसको सम्वर्द्धन गर्नुपर्ने आवश्यकता छ । सबै प्रकारका सम्पदाहरूको संरक्षण र सर्म्वद्धन उतिधेरै भएका छैनन् । यस्ता पर्याप्त अध्ययन नभएका सम्पदा काठमाडौ जिल्लाको उत्तरपट्टि पर्ने प्राचीन नगर टोखामा स्थित चण्डेश्वरी मन्दिर पनि हो । त्यसोहुँदा उक्त देवस्थलको ऐतिहासिक एवम् साँस्कृतिक पक्षको अध्ययन तथा विश्लेषगर्ने प्रयास यस शोधपत्रमा गरिएको छ ।

यस शोधकार्यको लागि मूल्याङ्कन समितिको व्यवस्था गरिदिनु भएकोमा त्रिभुवन विश्वविद्यालय नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागका विभागीय प्रमुख आदरणीय प्रा.डा. मदनकुमार रिमाललाई कृतज्ञता व्यक्त गर्दछु । मेरो यस शोधकार्यमा शुरुदेखि अन्त्यसम्म उचित सल्लाह, निर्देशन, सुझाव, एवम् मेरा कमी कमजोरीहरूलाई सच्याउनका लागि आफ्नो अमूल्य समय दिई मलाई सहयोग गरिदिनु भएकोमा आदरणीय गुरु उपप्राध्यापक प्रेमध्वज लामाप्रति विशेष कृतज्ञता ज्ञापन गर्नु मेरो कर्तव्य हो । शोध कार्यको स्वीकृति दिनुहुने अनुसन्धान समितिका सदस्य एवम् सम्पूर्ण श्रद्धेय गुरु तथा गुरु आमाहरूप्रति कृतज्ञता प्रकट गर्दछु ।

शोधपत्रको तयारीको ऋममा विभिन्न किसिमको तथ्याङ्क, सूचना, अन्तर्वार्ता र विवरणहरू उपलब्ध गराई सहयोग गर्नुहुने चण्डेश्वरी मन्दिरका पुजारी रामदेवी कर्माचार्य, नातीराम कर्माचार्य र मलाई आवश्यक तथ्याङ्कहरू उपलब्ध गराईदिने चण्डेश्वरी मन्दिर निर्माण समितिका अध्यक्ष ध्रुव जोशी तथा  नेपाल सरकार गुठी संस्थानका कर्मचारीहरूप्रति पनि विशेष आभार व्यक्त गर्न गर्दछु ।

शोधकार्यको लेखनकार्यमा सधैं उत्साह प्रदान गर्नुहुने आदरणीय गुरु सह-प्राध्यापक डा.महेश आर्चाय, पुरातत्वविद् प्रकाश दर्नाल र श्यामसुन्दर राजवंशीलाई समेत हृदयदेखि नै धन्यवाद व्यक्त गर्दछु । यस शोधकार्य पूरा गर्नका लागि सङ्कलन गरिएका ग्रन्थ, प्रतिवेदन, लेख, रचना, पत्रिका तयारगर्ने लेखक तथा अनुसन्धानकर्ताहरूप्रति कृतज्ञता अर्पण गर्दछु । यस शोधकार्य पूरा गर्नको लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने श्रीमति मुना के.सी., छोरा समिप मदन के.सी. र छोरी सबृद्धि के.सी.लाई पनि धन्यवाद । अन्त्यमा प्रस्तुत शोधपत्रलाई व्यवस्थित ढङ्गबाट सेटिङ्ग मिलाई दिने राजेन्द्रलाई पनि धन्यवाद छ ।

# विषय सूची


| शीर्षक | पृष्ठ |
|---|---|
| शोध निर्देशकको सिफारिस पत्र | |
| शोध प्रबन्धको स्वीकृति पत्र | |
| कृतज्ञाता ज्ञापन | |
| **पहिलो अध्याय** | |
| **परिचय** | |
| १.१. शोधपरिचय | |
| १.१.१. पृष्ठभूमि | १ |
| १.१.२. समस्या कथन | २ |
| १.१.३. अध्ययनका उद्देश्य | ३ |
| १.१.४. अध्ययनको औचित्य | ३ |
| १.१.५. पूर्वसाहित्य समीक्षा | ४ |
| १.१.६. अध्ययनको अवधारणात्मक कार्यस्वरूप | ८ |
| १.२. शोध विधि | ९ |
| १.२.१. अनुसन्धान क्षेत्र | ९ |
| १.२.२. अनुसन्धानको ढाँचा | १० |
| १.२.३. तथ्याङ्क स्रोत र प्रकृति | १० |
| १.२.४. प्राथमिक तथ्याङ्क सङ्कलन विधि | १० |
| १.२ ५. पूर्व कार्यको समीक्षा | १२ |
| १.२.६. तथ्याङ्क विश्लेषण | १३ |
| १.१.७. अध्ययनको सीमा | १३ |
| १.२.८.अनुसन्धानको रूपरेखा | १३ |
| **दोस्रो अध्याय** | |
| **अध्ययन क्षेत्रको परिचय** | |
| २.१. टोखाको ऐतिहासिक पृष्ठभूमि | १५ |
| २.२. टोखाको नामकरण | १६ |
| २.३. भौगौलिकअवस्था | १७ |
| २.४. टोखाको गाउँवस्ती | १९ |
| २.५. टोखाको धार्मिक जनजीवन | २० |
| २.६. टोखाको सामाजिक जनजीवन | २१ |

## तेस्रो अध्याय

## चण्डेश्वरी मन्दिरको ऐतिहासिक परिचय


| | |
|---|---|
| ३.१. चण्डेश्वरीको परिचय | २३ |
| ३.२. प्रचलित किम्वदन्ती | २६ |
| ३.३. चण्डेश्वरीको विभिन्न उपनाम | २९ |
| ३.४. उपत्यकाका चण्डेश्वरीको पीठ | ३८ |
| ३.५. टोखा स्थित चण्डेश्वरी पीठ | ४३ |


## चौथो अध्याय

## चण्डेश्वरी मन्दिरका मूर्त सांस्कृतिकसम्पदा


| | |
|---|---|
| ४.१. संस्कृतिको परिचय | ४७ |
| ४.२. भौतिक(मूर्त) संस्कृतिको परिचय | ४८ |
| ४.३. मन्दिरको वास्तुकला उत्पत्ति | ४९ |
| ४.४. मन्दिरको निर्माणको शुरुवात | ५० |
| ४.५. मन्दिर वास्तुकलाको विकास | ५१ |
| ४.६. चण्डेश्वरी मन्दिरको भौतिक संस्कृति | ५२ |
| ४.७ .अष्टमातृकाका मूर्तिहरू | ६० |
| ४.८. चण्डेश्वरी मन्दिर परिसरका मूर्ति | ६३ |
| ४.९. चण्डेश्वरी मन्दिरको वरिपरि रहेका अन्य स्मारक | ११६ |
| ४.१०. चण्डेश्वरी मन्दिरको वरिपरि रहेका पाटी | ११५ |
| ४.११. शिलालेखको परिचय | ११६ |


## पाँचौं अध्याय

## चण्डेश्वरी मन्दिरका अमूर्त सांस्कृतिकसम्पदा


| | |
|---|---|
| ५.१. अमूर्त संस्कृतिको परिचय | ११८ |
| ५.२. युनेस्कोको वर्गीकरणका आधारमा चण्डेश्वरी पीठकाअमूर्त सांस्कृतिक सम्पदा | ११९ |
| ५.२.१. मौखिक परम्परा एवम् अभिव्यक्ति | ११९ |
| ५.२.२. प्रदर्शनकारी कला | १२३ |
| ५.२.३. सामाजिक व्यवहार, रीतिरिवाज तथा चाडपर्व उत्सव | १३४ |
| ५.२.३.१. चण्डेश्वरीको गोष्ठी व्यवस्था | १३४ |

५.२.३.२. चण्डेश्वरीको पीठको पूजा विधि एवम् प्रक्रिया १४२

५.२.३.३. चण्डेश्वरी पीठसँग सम्वन्धित चाडपर्व तथा उत्सव १४६

५.२.४. परम्परागत कला कौसल एवम् शिल्पप्रविधि १५२

५.२.४.१. चण्डेश्वरी मन्दिरमा पाइने प्रस्तरकला १५२

**छैठौं अध्याय**

**सारांश तथा निष्कर्ष**

६.१ सारांश १५४

६.२ निष्कर्ष १५६

परिशिष्टहरू

परिशिष्ट - कः अध्ययनको क्रममा अन्तर्वार्ता लिइएका व्यक्तिहरूको नामावली १६०

परिशिष्ट - खः अन्तर्वार्ताको प्रश्न नमुना तालिका १६१

परिशिष्ट - गः अध्ययनका क्रममा सङ्कलन गरिएका अभिलेखहरू १६३

टोखामा रहेको सम्वत ५१९ को (शिवदेव+अंशुवर्माको) अभिलेख

चण्डेश्वरी देवलको सिढिमा गाडिएको अभिलेख

चण्डेश्वरीथान भित्रको अभिलेख

चण्ण्डेश्वरीस्थान देवल अगाडिको अभिलेख

चण्डेश्वरी देवल भित्रको अभिलेख

चण्डेश्वरीको आसनमा लेखेको अभिलेख

चण्डेश्वरीथान भित्रको अभिलेख

चण्डेश्वरी देवलको अभिलेख

देवलदेखि दक्षिणपट्टिको शिलापत्र

उत्तर भत्किएको पाटीको शिलापत्र

मन्दिरभित्र भुईमा गाडिएको शिलालेख

मन्दिरभित्र पर्खालको भित्तामा रहेको शिलालेख

मन्दिरभित्र तोरणमा रहेको अभिलेख

चण्डेश्वरीस्थान भूईमा गाडिएको शिलालेख

परिशिष्ट–घः चण्डेश्वरीका गर-गहनाहरूको निमावली १८४

परिशिष्ट–ङः नेवारी भाषाका केही शब्दार्थहरू १८८

परिशिष्ट–चः अध्ययनको क्रममा सङ्कलनगरिएका तस्वीरहरू १८९

परिशिष्ट–छः शोधप्रवन्धमा समलग्न नक्साहरू

सन्दर्भ सामग्री

# पहिलो अध्याय
# अनुसन्धान परिचय

## १.१. शोधपरिचय

टोखा नेपालको राजधानी काठमाडौं शहरको मुख्य केन्द्र मानिने रत्नपार्कबाट करिव १० कि.मी. उत्तरमा शिवपुरी पर्वतको दक्षिण-पश्चिम काखमा अवस्थित छ । यस स्थलको पूर्व दक्षिणमा सपनतीर्थ र विष्णुमती खोला रहेको छ । पश्चिममा सपना खोलाले सीमाङ्कन गरेको छ । दक्षिणमा काठमाडौं महानगरपालिका र उत्तरमा नुवाकोट जिल्लाको सिमानालाई छोएको छ ।टोखा नेपाली इतिहास र संस्कृतिको दृष्टिकोणले निकै महत्वपूर्ण र समृद्ध स्थान हो । नेवारी समाजको वाहुलमा रहेको यस क्षेत्रमा शाक्त, बैष्णव,वौद्ध लगायतका विभिन्न धार्मिक सम्प्रदायमा विश्वास गर्ने मानिसहरू वसोवास गर्दछन । सम्प्रदाय अनुसारकै देव-देवीका मन्दिर,पार्टी,पौवा,पोखरी,डबली रहेका छन् । टोखाको महत्वपूर्ण जात्राहरूमा चण्डेश्वरीको जात्रा र सपनतीर्थ मेला हुन । सपनतीर्थ जात्रालाई राष्ट्रिय उत्सवको रूपमा मनाइन्छ यो प्रत्येक बैशाख १ गते नयाँ बर्षमा मनाउने गरिन्छ ।

### १.१.१. पृष्ठभूमि

टोख क्षेत्रको ऐतिहासिकतालाई पुष्टि गर्ने तिथिमिति निश्चित् रूपमा तोक्न ऐतिहासिक सामग्रीको अभाव देखिन्छ । तपलाछी टोलको चोकमा एउटा लिच्छविकालीन अभिलेख पाइएको छ । ऐतिहासिक परिप्रेक्ष्यमा टोखा क्षेत्रको महत्व लिच्छविकाल भन्दा अगाडी नै रहेको कुरा त्यहाँ प्राप्त ५१९ को लिच्छविकालीन अभिलेखले प्रमाणित गरेको छ । त्यस अभिलेखमा तिलमक (कुलो)र गुल्म(सुरक्षा चौकी) शव्द उल्लेख गरिएको छ । यो तिलमक शव्दले त्यस समयमा कुलोको राम्रो व्यवस्था भएको तथ्यलाई उजागर गरेको छ । गुल्मले कुलोको हेरचार गर्न सुरक्षा चौकीको पनि ब्ययवस्था गरेको देखिन्छ ।यही अभिलेखको आधारमा इतिहासकारहरूले टोखामा किँरातकालको समयमा नै वस्ती वसी सकेको अनुमान गरेका छन्(वज्राचार्य,वि.स.२०३०,पृ.२६६–२६७)।मध्यकालमा आएर यो क्षेत्रको राजनैतिक,आर्थिक तथा साँस्कृतिक विकास भएको देखिन्छ । टोखा काठमाण्डौ वरिपरिका थानकोट, कीर्तिपुर, खोकना, बुङ्मती,चापागाउँ, लुभु, ठिमी आदिले जनमानसमा प्रभाव पारे जस्तै यस्को वास्तविक महत्वसँग वाह्य जनसमूह परिचित भएको देखिदैन (श्रेष्ठ,१९९६,पृ.२८५)। मध्यकालमा आएर टोखा क्षेत्र कतिपय अवस्थामा “लक्ष्मीपुर” तथा “विजयपुर” नामले पनि चिनिन्थ्यो(श्रेष्ठ,वि.स.२०७५पृ.१०४) एक समृद्ध कोटकै रूपमा विकास भएको तथा अनेक ऐतिहासिक घटनाहरू घटेको कुरा माथि विभिन्न स्रोतहरूले सङ्केत गरेका छन् । यसका अतिरिक्ति घना नेवारवस्ती रहेको टोखा क्षेत्र साँस्कृतिक रूपले पनि समृद्ध देखिएको छ ।यहाँ सम्पन्न हुने विभिन्न जात्रा,चाडपर्व,पूजा-परम्परा आदि संस्कृतिको आफनै किसिमको महत्व रहेको छ । यस क्षेत्रमा विभिन्न किसिमका प्राचीन मन्दिर, मूर्ति, पोखरी, ढुङ्गेंधारा, आदि छन् ।

ऐतिहासिक तथा साँस्कृतिक महत्व रहेको यस टोखा वस्तीभित्र नेवार समुदायका अन्य वस्तीहरूमा जस्तै “थनेलाछी” र “कोनेलाछी” गरी दुई इलाकामा विभाजन गरिएकोछ । ती मध्ये थनेलाछीले माथिल्लो भाग हो । कोनेलाछीले तल्लो भागलाई जनाउँछ । यस वस्तीलाई तत्कालीन समयमा माथिल्लो भेगलाई टोखा चण्डेश्वरी र तल्लो भेगलाई टोखा सरस्वती गरी दुई गाउँ विकास समितिमा विभाजन गरिएको थियो । पछि नेपाल सरकारले २०७१ सालमा टोखानगर पालिका घोषणा गरी चण्डेश्वरीलाई वडा नं. २ र सरस्वतीलाई वडा नं.३ मा समावेश गरेको हो । यद्यपि दुवैले टोखा नाम समाबेश गरी आफनौ ऐतिहासिक वस्तीको अस्तित्वलाई कायमै राखेका छन्।यस क्षेत्रमा करिव चार दर्जन भन्दा बढी साना-ठूला अभिलेखहरू पाइएका छन् । ती सामग्री यहाँका साँस्कृतिक र ऐतिहासिक महत्व वोक्ने धरोहर हुन् । ऐतिहासिक टोखा नगरको उत्तरी अर्थात् माथिल्लो भेग टोखा चण्डेश्वरी हो । यसको पूर्वमा बुढानिलकण्ठ र विष्णुमति खोला, पश्चिममा साङ्गलाखोला र तारेकेश्वर नगर पालिका,उत्तरमा शिबपुरी वन्यजन्तु आरक्षण दक्षिणमा टोखा सरस्वती अर्थात् टोखा नगरपालिका वडा नं. ३ रहेको छ । यसको नाम स्थानीय प्रख्यात चण्डेश्वरी देवीको नामबाट राखिएको छ ।

स्थानीय चण्डेश्वरीलाई हिम्बतखण्डमा उल्लिखित चण्डिकेश्वर पिण्डारक मान्दछन । यहाँ यलाग, थलाग, गँछे, पुखुसी, देमलाछी, पिठेटोल, इकुलाग, तोठीलाग, दुँधीघले, बाले, त्वापचा आदि टोलहरू छन् (धौवन्जार,वि.सं २०६८पृ.८३) । यस वडामा सपनातीर्थ, गणेश (जलविनायक) मन्दिर, महादेव मन्दिर, चण्डेश्वरी मन्दिर वाहेक नारायण, गणेश, भीमसेन, सूर्यविनायक, कार्यविनायक, महादेव, महाँकाल, चण्डिकेश्वर, चुनदेवी, जलेश्वर, सतीदेवी, गौरीशंकर, तलेजु भगवानी, पिगंद्यः (पीठ देवता), अगमदेवता, चिभाद्यः, करुणामय, बौद्धस्तुप र बुद्ध प्रतीमा,दक्षप्रजापति,सरस्वती, विश्वकर्मा,लक्ष्मी, टाउको नभएको गरुड, विरभद्रकाली,सत्यदेवीको कुण्ड जस्ता महत्वपूर्ण देवीदेवताहरूको प्रतिमा छन् । उपत्यकामा चण्डेश्वरीका मन्दिरहरू पनौती, भक्तपुर,पाटनमा पनि छन् । काठमाडौमा प्राप्त चण्डेश्वरीसँग सम्वन्धित सर्वप्राचीन शिलालेखाहरू टोखा चण्डेश्वरी स्थानमा पाइएका छन । ती शिलालेखहरूमा नेपाल संवत ७९३ र ७९५ उल्लेख गरिएको छ(जोशी,वि.स.२०५०,पृ.९)। यसको अवस्थितिलेटोखामा रहेको चण्डेश्वरी मन्दिर पुरातन मध्ये एक हो भन्ने तथ्यलाई उजागर गरेको छ। यद्यपि यसको सर्वपक्षीय साँस्कृतिक महत्व हुँदाहुँदै पनि विद्धान्हरूको ध्यान यसतर्फ पुग्न सकेको देखिदैन । खासगरी हिन्दूहरूको श्रद्धा,आस्था र भक्तिको केन्द्र मानिएको चण्डेश्वरी पनि प्राचीन तथा महत्वपूर्ण भए तापनि छांयाँमा परेको छ ।

## १.१.२.अध्ययनका समस्या

चण्डेश्वरी मन्दिरको बारेमा लेखिएका ग्रन्थ,लेख तथा प्रतिवेदन पाइएका छन् । यद्यपि ती पर्याप्त छैनन् । ऐतिहासिक र साँस्कृतिक क्षेत्रको मौलिक पहिचानलाई जीवन्त राख्नका लागि तथ्याँकहरू सङ्कलनगरी अनुसन्धान विधिद्वारा अध्ययन अनुसन्धान गर्नुपर्ने देखिन्छ ।टोखा क्षेत्रको बारेमा अन्य विभिन्न पक्षहरूको खोज अनुसन्धान गरिएको भए तापनि त्यँहा अवस्थित चण्डेश्वरीको ऐतिहासिक, साँस्कृतिक पक्षको विस्तृत अध्ययन भने भएको देखिदैन ।फाटफुट रूपमा गरिएका केही अध्ययनहरू पनि पूर्ण र

स्पष्ट नभएका कारणले यो मन्दिर क्षेत्रको समष्टिगत र समुचित मूल्याकन हुन सकेको छैन् । यहाँका मठ, मन्दिर साँस्कृतिक र ऐतिहासिक महत्व बोक्ने धरोहरका रूपमा रहेको हुँदा यी सवैको खोज र अध्ययन गरी अविलम्व संरक्षण गर्नुपर्ने अवस्था रहेको छन् । आजको दिनसम्म जे जति ऐतिहासिक,साँस्कृतिक,धार्मिक गतिविधिहरू भइराखेका छन, त्यसको जानकारी आगामी दिनमा भावी पुस्तालाई अवगत गराउनु आवश्यक देखिएकोले यसकोविस्तृत रूपमा अनुसन्धान गर्नुपर्ने खाँचो देखिएको हो ।टोखा क्षेत्रमा भएका विभिन्न प्रसिद्ध मठमन्दिरहरू मध्ये चण्डेश्वरी मन्दिरमा केन्द्रितभई अध्ययन अनुसन्धान गर्न आवश्यक देखिएकोले यस शोधकार्यमा निम्न बुंदालाई समस्याको रूपमा लिइएको छः

- टोखा क्षेत्रका साथ चण्डेश्वरी मन्दिरको इतिहास विस्तृत रूपमा अध्ययन नभएको ।
- चण्डेश्वरी मन्दिरको भौतिकसाँस्कृतिको सम्पदाहरु के कस्ता छन् त्यसको प्रर्याप्त अध्ययन नभएको ।
- चण्डेश्वरी मन्दिरसँग सम्वन्धित अभौतिक साँस्कृति पक्षको अध्ययन नभएको ।

### १.१.३. अध्ययनका उद्देश्य

टोखा क्षेत्रमा भएका विभिन्न मठ, मन्दिरहरू मध्ये चण्डेश्वरी पनि एक महत्वपूर्ण मन्दिर हो । यो मन्दिर टोखा बजारको उत्तर पूर्वदिशामा अवस्थित छ । यो मन्दिर वरपर अन्य विभिन्न देवीदेवताको मन्दिर, मूर्तिहरू पनि छन । चण्डेश्वरीको इतिहासिक र सांस्कृतिक पक्षको वारेमा अनुसन्धानकर्ताहरूको ध्यान नपुगेको कारणले यसको साँस्कृतिक पक्ष उजागर गरी जनसमक्ष प्रस्तुत गर्ने यस शोधकार्यको प्रमुख उद्देश्य रहेको हो । त्यहाँ रहेका पुरातात्विक बस्तुहरूको प्रमाण तथा अन्य जानकारी प्रकाशनमा ल्याउनु पर्ने देखिन आएको छ । यति ठूलो महत्व बोकेको मन्दिरका बारेमा आजसम्म यसपीठसँग सम्वन्धित ऐतिहासिक,धार्मिक,साँस्कृतिक पक्ष, पर्व तथा पुरातात्विक दृष्टिकोणबाट कुनै किसिमको अध्ययन अनुसन्धान हुन नसकेको कारणले गर्दा खोज अनुसन्धानात्मक अध्ययन गरी निम्नलिखित उद्देश्यहरू पूरा गर्ने लक्ष्य रहेको छ :

- टोखा क्षेत्रका साथ चण्डेश्वरी मन्दिरका इतिहास विस्तृत रूपमा अध्ययन गर्ने ।
- चण्डेश्वरी मन्दिरको भौतिक साँस्कृतिक सम्पदाहरुको सङ्कलन,वर्गीकरण र विश्लेषण गर्ने ।
- चण्डेश्वरी मन्दिर सम्वन्धित अभौतिक संस्कृति पक्षको सङ्कलन,वर्गीकरण र विश्लेषण गर्ने ।

### १.१.४. अध्ययनको औचित्य

टोखा चण्डेश्वरी मन्दिरको वारेमा प्रकाशित पुस्तक तथा लेखा रचनाहरूको समीक्षाबाट के स्पष्ट हुन्छ भने विभिन्न विद्वान्हरूले चण्डेश्वरीको अध्ययन, अनुसन्धान वारेमा पूर्ण अध्ययनको अभाव खड्किएको देखिन्छ । चण्डेश्वरीसँग सम्वन्धित जे जति पुस्तक तथा लेखहरू समीक्षा गरिएका छन ती पुस्तकहरू निश्चित उद्देश्य र विशिष्ट अवस्थामा लेखिएका छन् । चण्डेश्वरी सम्वन्धित विस्तृत रूपमा

अनुसन्धान विधिको प्रयोग गरेर खासै अध्ययन भएको देखिदैन । यस अर्थमा प्रस्तुत शोध शीर्षक नवीन देखिन्छ । त्यसैले प्रस्तुत शोध अध्ययनमा चण्डेश्वरीको ऐतिहासिक,साँस्कृति र धार्मिकपक्षको शोध विधिमा आधारित रहेरविस्तृत अध्ययन गरने छ । मूलत यो अध्ययन स्थलगत अध्ययनमा आधारित भए तापनि प्रकाशित भएका प्राप्त सामाग्रीहरूको समेत मूल्यांकन गर्दै विस्तृत रूपमा अध्ययन गरिने हुंदा प्रस्तुत शोध अध्ययनको औचित्य देखिन्छ ।

## १.१.५. पूर्व कार्य साहित्य समीक्षा

टोखा नगरपालिका वडा नं. २ मा अवस्थित  टोखा चण्डेश्वरीको ऐतिहासिकतथा साँस्कृतिक पक्षलाई लक्षित गरी आजसम्म कुनै पनि अनुसन्धानकर्ताले सोधखोज  गरेका स्रोत सामग्रीहरु पाईदैन । यसर्थ शोधकार्यको निम्ति यो ठाउँ एक नविन क्षेत्र हो । चण्डेश्वरीको ऐतिहासिक र साँस्कृतिक पक्षसँग सम्वन्धित कुनै किसिमको प्रकाशित वा अप्रकाशित साहित्य सामग्रीहरू पांइएका छैनन् । शोधकार्यलाई सहज तुल्याउन केही विद्वान्हरूबाट प्रकाशित पुस्तक रचनाहरूको अध्ययन गरिएको छ :

धनवज्र वज्राचार्यद्वारा (वि.स.२०३०)लेखिएको *लिच्छविकालीन अभिलेख* नामक पुस्तकमा टोखा भेगमा रहेको लिच्छविकालकोअभिलेखको चर्चा गरेका छन् । त्यसमा तिलमक र गुल्म शब्दको उल्लेख गरिएको छ। यसले यो क्षेत्र प्राचीन खेती योग्य भएको प्रमाणित हुदाहुदै पनि ऐतिहासिक भएको तथ्यलाई अनुमोदन गर्न सकिन्छ। यस अभिलेखको आधारमा टोखामा रहेको चण्डेश्वरी मन्दिरको ऐतिहासिक तथा साँस्कृतिक पक्ष अध्ययन अनुसन्धान गर्न सहयोग पुगेको छ ।

रमेश राज कुँवर(१९८१/८२) मा *नेपलिज कल्चर* नामक जर्नलमा नेवारहरूले मनाउने सीकाभ्वय: एक अध्ययनमा टोखा क्षेत्रको वारेमा उल्लेख गर्दै टोखाका नेवार समुदायले मनाउने एक महत्वपूर्ण संस्कृतिलाईआधार मानेर लेखको चर्चा गरेको छ । लेखकले टोखा क्षेत्रमा सम्पन्न गरिने सिकाभ्वय्को अध्ययनगरी अन्य क्षेत्रका नेवारहरूले सम्पन्न गर्ने सिकाभ्वय्सँग तुलनात्मकअध्ययन गर्नु भएको छ । यस लेखले अध्ययन अनुसन्धानका लागि सहयोग पुगेको छ ।

लैनसिंह वागंदेल(वि.स.२०३९) ले *प्राचीन नेपाली मूर्तिकलाको इतिहास,* पुस्तकमा  धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक रूपरेखा लगायत नेपालमा शक्तिपूजा, वैष्णव मूर्ति र प्राचीन मूर्तिको शैली लक्षण र काल निर्धारणसम्वन्धी विषयमा विवेचना गरिएको छ । यो पुस्तकले अनुसन्धानकर्तालाई शोध कार्य गर्न सहयोगी पुगेको छ  ।

श्याम सुन्दर राजवंशी(वि.स.२०५०)ले *चण्डेश्वरी* नामक स्मारिकामा पीठहरूको अभिलेखहरूको सङ्कलनगरि प्रकाशित गरेका छन् । यस आलेखमा चण्डेश्वरी शक्तिपीठकोरूपमा वर्णन गरेका छन् । मल्लकालमा राजाहरू लगायतअन्य सर्वसाधारण व्यक्तिहरूले पनि शक्तिकै पूजा गर्ने परम्परा भएको उल्लेख गरेका छन् । शक्तिका विभिन्न रुपहरु मध्ये चण्डेश्वरी एक हुन । विभिन्न शक्तिपीठहरूको रूपमा

चण्डेश्वरीको उल्लेख गरेका छन् । यो लेख प्रस्तुत अध्ययन अनुसन्धानको लागि स्रोतको रूपमा उपयोगी भएको छ ।

प्रकाश दर्नाल (वि.स.२०५०) ले *चण्डेश्वरी* नामक स्मारिकामा टोखा स्थित चण्डेश्वरी क्षेत्र : एकअध्ययन विषयमा लेखकले टोखाको ऐतिहासिकपक्षको वर्णन गरेका छन् । लेखमा टोखा चण्डेश्वरीको महत्वपूर्ण स्थान रहेको र चण्डेश्वरी क्षेत्र प्राचीन कालदेखि नै धार्मिक स्थलको रूपमा प्रसिद्ध भइसकेको उल्लेख गरेका छन् । यस लेखमा मन्दिरको कलापक्षको पनि चर्चा परेको छ । यस लेखले अध्ययन अनुसन्धान गर्नका लागी थप सहयोग पुयाएको छ ।

हरिराम जोशी (वि.स.२०५०) ले चण्डेश्वरी शिर्षकमा *चण्डेश्वरी* नामक स्मारिकामा खचण्डेश्वरीको उत्पत्तिको वर्णन गरिएको छ । चण्डेश्वरीलाई शक्तिको रूपमाचर्चा गरेका छन् । यस वर्णनमा चण्डेश्वरी चार नारायण मध्येको चपेलु नारायणव (विशंखु नारायण) को शक्तिको रूपमा रहेकोउल्लेख गरेका छन् । यो आलेखमापाटन, भक्तपुर र गोदावरीमापनि चण्डेश्वरी रहेको उल्लेख गरेका छन् । यस लेखकले चण्डेश्वरी सम्वन्धी जानकारी प्राप्त गर्न सकिन्छ ।

ईश्वरमान सिन्या (वि.स.२०५०)ले ललितपुर पिम्वहालस्थित श्री चण्डेश्वरी मन्दिर शिर्षकमा *चण्डेश्वरी* नामक स्मारिकामा नेपालउपत्यकाभित्र चण्डेश्वरीका विभिन्न प्राचीन स्मारकहरू उल्लेख गरेका छन् । लेखमा टोखा, वनेपा, ललितपुर पिम्बहाल, इखालख, भक्तपुर, गोलमढी, ल.पु. विशंखु, क्वाछे सरस्वतीखेल एवं अन्यत्र रहेका ती देवस्थलहरूमा चाडपर्व, गोष्ठी जात्राहुने गरेको वर्णन गरेका छन् । यो लेखले चण्डेश्वरीको अध्ययन अनुसन्धान गर्न सहयोगी हुनेछ ।

टेक बहादुर श्रेष्ठ (१९९६) *टोखाको ऐतिहासिकचर्चा* विषयक लेखमा टोखा क्षेत्रको नामाकरण, मध्यकालीन नेपालमा टोका क्षेत्रको महत्व, किल्लाको रूपमा रहेको टोखा क्षेत्रमा घटेका विभिन्न घटनाहरूका विषयमा विभिन्न ऐतिहासिक प्रमाणका आधारमा व्याख्या गर्नु भएको छ । नौ पृष्ठ लामो यस लेखले टोखाको राजनैतिक इतिहासमाथि पनि प्रकाश पार्ने प्रयत्न गरेको छ । यस लेखले अध्ययन अनुसन्धान गर्नका लागी महत्वपूर्ण भुमिका निर्वाह गर्नेछ ।

उत्तम झा (अनुवादक) (वि.सं२०५२) *काठमाडौ उपत्यका भौतिक वातावरण तथा साँस्कृतिक सम्पदा संरक्षणात्मक सूची सँग्रह* गरी प्रकासिशत गरिएको छ । यस पुस्तकमा उपत्यकाको साँस्कृतिक एवं प्राकृतिक महत्वको विविधता झल्काउने पुरै स्मारक क्षेत्रहरूको चर्चा गरिएको छ । काठमाडौ उपत्यकाका तीनै दरवार क्षेत्रहरूको पनि यहाँ विशेष विवरण दिएको छ । तीन जिल्लाका अन्य क्षेत्रहरूलाई क्रमैसगं २ र ३ गरी क्षेत्र छुट्याई व्याख्या गरिएको छ ।यसले त्यस वेलाको टोखा र चण्डेश्वरी क्षेत्रको पनि उल्लेख गरेको छ । यो पुस्तक शोधका लागी थप अनुसन्धान गर्न सहयोग पाइएको छ ।

वीणा पौड्याल (वि.सं.२०५७)ले *नेपाली मूर्तिकला र चित्रकला* नामक पुस्तकमा लेखकले नेपाली मूर्तिकलाको क्रमिक विकास, नेपाली कलाको सुन्दर उदाहरण तोरण, वनेपा चण्डेश्वरी मन्दिरको भैरब चित्र आदिको उल्लेख गर्नु भएको छ। यस पुस्तकले चण्डेश्वरीको विषयमा महत्वपूर्ण जानकारी दिने हुँदा अध्ययन अनुसन्धान कार्यमा सहयोगी छ ।

विष्णुकान्त शर्मा (वि.सं. २०५७)ले *चण्डेश्वरीदेवी एक अध्ययन* नामक लेखमा लेखक विष्णुकान्त शर्माले वनेपा चण्डेश्वरी, भक्तपुर चण्डेश्वरी, ललितपुर चण्डेश्वरी र टोखा चण्डेश्वरीको सामान्य परिचय उल्लेख गर्नु भएको छ। यो लेख अध्ययन अनुसन्धानका लागी उपयोगी छ ।

महर्जन,पंञ्चलाल (वि.स.२०६७) *काठमाडौं जिल्लाका गा.वि.स. एक परिचय* यो पुस्तक भिलेज प्रोफाइलको रूपमा रहेको छ । यसमा काठमाडौ जिल्लाका विभिन्न गा.वि.स.हरूको परिचय उल्लेख गरिएको छ । यसमा टोखाको संक्षिप्त परिचय, भौगोलिक पक्ष,ऐतिहासिक पक्ष,साँस्कृतिक तथा समाजिक पक्ष,चाडपर्व,विभिन्न जात्रापर्व,ऐतिहासिक महत्वका मन्दिरहरू र धर्मगत अवस्थाका वारेमा उल्लेख गरिएका छन्। यो पुस्तक शोध कार्यका लागी थप अध्ययन गर्न उपयोगी छ।

पदमश्रेष्ठ ने.सं. ११३२ (वि.स.२०६९) ले *नेपालजात्रा संस्कृति*नामक यस पुस्तकमा टोखा प्रत्येक वर्ष चैत्र मसान्त देखि बैशाख ४ गतेसम्म सपन, गणेश, च्वय गणेश, क्वय गणेश, पिङ्गद्यो (मसानकाली), इन्द्रायणी, चण्डेश्वरी महादेव सहितको खट्जात्रा मनाउने उल्लेख छ।पुस्तकमा बैशाख मसान्तका दिन उपत्यकाको चारैतिर रहेका धिनात्व (शिवपुरी) डांडामा रात विताई वागद्वारको मूलमानुहाई नयाँवर्ष बैशाख १ गते टोखा सपनतीर्थ नुहाउनाले पाप नष्ट हुने मान्यतारहेको वर्णन गरिएको छ। यो पुस्तक अध्ययन अनुसन्धान गर्नका लागी सहयोगी छ।

ध्रुब खनाल (वि.स.२०७१)ले *ऐतिहासिक नगरी टोखा* नामक पुस्तकमा लेखकले टोखाको ऐतिहासिकमाता चण्डेश्वरी, चण्डेश्वरी माता र चण्डेश्वरी आसपासका चर्चित देवदेवीहरू विशालकालीमाताको मूर्ति र शक्तिदक्षप्रजापतिको यज्ञ कुण्डमा भेटिएको खरानीको ढिस्को, टोखा चण्डेश्वरीमालाग्ने चाडपर्व, टोखा चण्डेश्वरीको ऐतिहासिकबारेमा संक्षिप्त जानकारी उल्लेख छ । यस पुस्तक अध्ययन अनुसन्धानका लागी उपयोगी छ।

निर्मला पोखरेल (वि.सं.२०७२)ले *नेपाल परिचय*नामक पुस्तकमा लेखकले समाजिक जनजीवन अन्तर्गत धर्म,चाडपर्व लगायत मूर्तिकला र वास्तुकलाको उल्लेख गर्नु भएको छ । यो पुस्तकबाट मन्दिरको वास्तुकलाको अध्ययन अनुसन्धानमा गर्नका लागी सहयोगी छ।

माधव प्रसाद लामिछाने (वि.स. २०७३)ले *नेपाली समाजमा तन्त्र परम्परा*नामक पुस्तकमा लेखकले विषयलाई पांच अध्यायमा विभागजन गरेका छन्। यसमा तन्त्रको उद्‌भव, स्वरूप एवं प्रकार, नेपालका विभिन्न जातजातिका संस्कार तथा चाडपर्व तन्त्र, नेपालका मुख्य चाडपर्व एंव जात्रा उत्सवमा

तन्त्र र नेपालमा तन्त्र साधना परम्परा र साहित्यको वारेमा  उल्लेख गरेका छन् । यो पुस्तकले मन्दिर,जात्रा, पर्व आदिको अध्ययन अनुसन्धान गर्न सहयोगी छ ।

श्रीओम श्रेष्ठ र तुलसीहरि कोइरालाले (वि.सं.२०७४)*ले मघुपर्कको स्वर्ण वर्ष अँकंलाई अर्मूत संस्कृति विशेषांकको रूपमा प्रकाशित* गरेका छन् । यसमा लेखकले नेपाली कला र संस्कृति मूर्त संस्कृति जति समृद्ध छ, अर्मूत संस्कृतिका क्षेत्र पनि उत्तिकै समृद्ध रहेको उल्लेख गरेका छन् । यस पुस्तकमा अर्मूत सम्पदाहरूको वारेमा विभिन्न व्यक्तिहरूले आलेखहरू लेखेका छन् । यस आलेखले अर्मूत संस्कृतिहरूको अध्ययन अनुसन्धानमा सघाउँ पुयाउने छ ।

सोमप्रसाद खतिवडा (वि.स.२०७४) ले *नेपाली संस्कृति विश्वकोष* नामक पुस्तकमा लेखकले टोखालाई प्राचीन वस्ती भएको वर्णन गरेका छन् । टोखाको अर्को नाम सपनतीर्थ समेत भएको उल्लेख गरेका छन् । टोखा चाकु उत्पादनको लागि प्रख्यात भएको र नेवारी भाषामा उखु पाउने फाँटलाई टुख्य भनिने हुँदा यसैबाट टोखा नाम रहन गएको विष्लेषण गरेका छन् । टोखामा सपनतीर्थको मेलालाग्ने र महादेव, गणेश, भीमसेन, महाकाल, चण्डेश्वरी, सतिदेवी, नारायण, तलेजु, जलेश्वर, चुनदेवी र कालीकामन्दिर विवरण दिएका छन् । यो पुस्तक थप अध्ययन अनुसन्धानको लागी महत्वपूर्ण हुनेछ ।

सुरेश किरण (वि.सं. २०७४)ले*टोखातुख्यः र चाकु* नामक शीर्षकको अन्नपूर्ण पत्रिकामा निस्किएको लेखमा लेखकले विभिन्न चाडपर्वहरू मध्ये खानेकुराका नामबाटै चाँडको नाम राखिएको उल्लेख गरेका छन् । लेखमा चाकु बनाउने काममा कुनै बेला पुरा टोखानगर नै चाकुको एउटा खुल्ला कारखाना जस्तो भएको विवरण दिएका छन् । लेखकले आजभन्दा सयवर्ष अगाडीसम्म पनि टोखाको हरेक घरको अगाडी उखुवारी हुने गरेको चर्चा गरेका छन् । यो आलेख अध्ययन अनुसन्धान गर्नका लागी उपयोगी हुनेछ ।

सन्ध्या खनाल (पराजुली) (वि.स. २०७५)ले *प्रतिमा लक्षण* नामक यस पुस्तकमा लेखकले नेपालका मठ,मन्दिर, विहार तथा बौद्ध धर्मसँग सम्वन्धित असंख्य देवीदेवताका प्रतिमालक्षणको वारेमा उल्लेख गरेकी छिन । लेखकले हिन्दू धर्म अन्तर्गत बैष्णव, शैव तथा शाक्त सम्प्रदायसँग सम्वन्धित विष्णु,शिव,देवीका साथै ब्रह्मा,गणेश, कुमार नवग्रह,नाग आदिको मूति निर्माण भएको चर्चा गर्दै पुस्तकमा मूर्तिकुन देवताको हो भनी पहिचान गर्ने मुख्य आधार ती देवताले धारण गरेका आयुध एवं तिनको आसन वा वाहन भएको उल्लेख गरेकी छिन् । यस पुस्तकले मूर्तिहरूको अध्ययन अनुसन्धानका लागी सहयोगी हुनेछ ।

किरण पन्थी (पाण्डेय) (वि.स.२०७५) ले *नेपालका चाडपर्वहरू* नामक पुस्तकमा लेखकले हरेकवर्षको बैशाख १ गते मनाइने गरिएको सपनतीर्थ मेलाको उल्लेख गरेका छन् । पुस्तकमा त्यस ठाउँमा स्नान गर्नाले रोगव्याधनाश भई स्वास्थ्यलाभ हुने विश्लेषण गरेका छन् । यस पुस्तक अध्ययन अनुसन्धानमा सहयोगी हुनेछ ।

मदनश्रेष्ठ (वि.सं.२०७५)ले *ऐतिहासिक नगर टोखा* यस पुस्तकमा लेखकले टोखाको इतिहासिक पृष्ठभूमि, शिलालेख, मूलनाइके पुजारीकोवंशावली, गुठी, टोखाकोचाकु, लाखे नाच, नागपञ्चमी, गाईजात्रा, कृष्णाष्टमी, दशै, तलेजु, विहार, विस्कानख, विस्केट जात्रा, चण्डेश्वरी माईको वारेमा उल्लेख गरेका छन् । यो पुस्तक अनुसन्धानका लागी थप सहयोगी हुनेछ ।

देवेन्द्र भट्टराई (वि.सं.२०७५) ले*टोखाको* अमूर्त सम्पदामा नागप्याखँ र याःप्याखं सँस्कृतिमा नृत्यको महत्वको वारेमा उल्लेख गरेका छन् । लेखमा मध्यकालमा लक्ष्मीपुर तथा विजयपुर नामले प्रख्याती कमाएको टोखा एक समृद्ध कोटकै रूपमा स्थापित भएको विश्लेषण गरेका छन् । यो लेखले अध्ययन अनुसन्धानमा सहयोगी हुनेछ ।

गजराजजोशी (वि.स.२०७५) ले *सपनतीर्थको आवभाव* लेखकले यो पुस्तक गोजीपात्रोको रूपमा निकालेका छन् । लेखकले परापूर्वकालमा नेपालको उत्तरी भागमा अवस्थित टोखा नगरमा सत्यवन्त राजाले राज्य गरेकोउल्लेख गरेका छन् । उनको छोरा नभएको र सातवटाछोरी भएको चर्चा गर्दै सपनतिर्थमा डुब्दा महारोगी पनि निको भएको जनश्रुतिलाई कथामा उल्लेख गर्नु भएको छ। यो पुस्तकले सपनतीर्थ जात्राको वारेमा अध्ययन अनुसन्धान गर्नका लागी सहयोगी छ ।

टोखा चण्डेश्वरीको बारेमा केही विद्वान्हरूले सीमित मात्रामा अध्ययन अनुसन्धान गरिएको पाइएतापनि चण्डेश्वरीको ऐतिहासिक र साँस्कृतिक पक्षको वारेमा विस्तृत रूपमा भने अध्ययन, अनुसन्धान तथा विश्लेषण नहुनुका साथै सत्य-तथ्य प्रामाणिक कुराहरू पत्ता लगाएको पाईदैन । यस टोखा चण्डेश्वरी मन्दिरको ऐतिहास,भौतिक र अभौतिक पक्षको अध्ययन,अनुसन्धान गरी निष्कर्ष पश्चात् भविष्यका अध्ययनकर्ताहरूलाई अध्ययन कार्य गर्न मद्धत पुग्नेछ भन्ने विश्वास गरिएको छ ।

## १.१.६. अध्ययनको अवधारणात्मक कार्यस्वरूप

यो अध्ययनमा प्राथमिक तथा द्वितीयक दुवै किसिमका तथ्याङ्क एवम् सूचनाहरूको विश्लेषण गरिएका छन् । अध्ययनको उद्देश्य अनुरूप विशेषगरी टोखा स्थित चण्डेश्वरी मन्दिरसँग सम्वन्धित ऐतिहासिकता, धार्मिक, सांस्कृतिक, सामाजिक पक्षको सूक्ष्मरूपमा विवेचना प्रस्तुत शोधले गरेको छ । समग्रमा २०० पृष्ठभित्र समेट्नेगरी यो अध्ययन प्रतिवेदनमा छवटा परिच्छेद र विभिन्न परिशिष्ट रहेका छन् । मूलतः प्रस्तुत शोध तल उल्लिखित अवधारणागत कार्य स्वरूपलाई केन्द्रमा राखि सम्पादन गरिएको हो ।

## १.२. शोध विधि

टोखा स्थित चण्डेश्वरी मन्दिरसँग सम्वन्धित पूर्व कृतिहरूको अध्ययन गरेपछि स्थलगत भ्रमण गरी सम्वन्धित प्रमाणहरू सङ्कलनगर्न सम्भव र सरल भयो । पुस्तकालय अध्ययन पहिलो विधि रह्यो भने स्थलगत भ्रमण दोस्रो ,स्थलगत भ्रमणका सिलसिलामा प्राप्त भएका शिलापत्रहरू अत्यन्तै उपयोगी सिद्ध भएका छन् । स्थलगत भ्रमणका क्रममा प्रायः भइरहने चाडपर्व,जात्रा र विभिन्न स्थानबाट नाँचलाई अवलोकन पद्धतिद्वारा नै जानकारी गरियो । यस क्रममा नित्य नैमित्तिक पूजा र विशेष पूजा तथा जात्रा यात्राहरूको अवलोकन गर्नाका साथै चण्डेश्वरीप्रतिको जनधारणा,विश्वास,आर्थिक गतिविधि आदिको जानकारी प्राप्त गर्न अवलोकनका अतिरिक्त निम्न प्रकारका प्रविधिहरू अपनाइएका छन् । यसका अतिरिक्त विभिन्न व्यक्तित्व, पुजारी,गुठीयार स्थानीय व्यक्ति लगायत बुद्धिजीविहरूसँग अन्तर्वार्ता लिइएको छ ।साथै सहभागी तथा अवलोकन विधिको प्रयोग गरी तथ्यहरू सङ्कलन गरिएका छन् ।टोखा चण्डेश्वरी मन्दिरको ऐतिहासिक र साँस्कृतिक अध्ययन” शीर्षकको अनुसन्धानको लागि निम्नलिखित अध्ययन विधिहरू अपनाइएका छन्:

### १.२.१. अनुसन्धान क्षेत्र

यस शोधमा अध्ययन गर्न लागेको चण्डेश्वरी मन्दिर काठमाडौँमा मात्र नभएर वनेपा,भक्तपुर तथा पाटन क्षेत्रमा समेत रहेको छ । चण्डेश्वरीको भौतिक (मूर्त) तथा (अमूर्त) संस्कृतिको अध्ययनगर्ने क्रममा टोखा वाहेक अन्य क्षेत्रमा अवस्थित चण्डेश्वरीको तुलनात्मक अध्ययन गरेता पनि यो शोधको मुख्य अध्ययन टोखा चण्डेश्वरी मै केन्द्रित भई अन्यका विस्तृत अध्ययन गरिएको छैन् ।

### १.२.२. अनुसन्धानको ढाँचा

यो शोधमा प्राथमिक तथा द्वितीयक दुवै किसिमका तथ्याङ्क एवम् सूचनाहरू सङ्कलन गरिएका छन् । दुवै स्रोत र सामग्रीहरूको तुलनात्मक रूपमा विश्लेषण गरिएको छ । चण्डेश्वरीको भौतिक (मूर्त) तथा (अमूर्त) संस्कृतिसँग सम्बन्धित कतिपय विषयलाई विस्तृत वर्णन गरी सिद्धान्तका रूपमा स्थापित गरिएको हो । अध्ययनका क्रममा कतिपय नयाँ परम्परा एवम् विषयहरू अन्वेषण गरिएका छन् । त्यसोहुँदा विश्लेषणात्मक, वर्णनात्मक एवम् अन्वेषणात्मक अनुसन्धानको सैद्धान्तिक ढाँचामा यो शोधलाई सङ्गठित गरिएको हो । यसका अतिरिक्त प्रस्तुत शोधमा सङ्ख्यात्मकभन्दा गुणात्मक सूचना एवम् तथ्याङ्क पनि प्रयोगमा आएका छन् । त्यसैले यो शोध गुणात्मक ढाँचामा आधारित छ ।

### १.२.३. तथ्याङ्क स्रोत र प्रकृति

अध्ययन अनुसन्धानका लागि तथ्याङ्क एवम् सूचना अति महत्वपूर्ण तथ्य मानिन्छन् । सूचना एवम् तथ्याङ्कको अभावमा कुनै पनि शोध सम्पन्नगर्न सकिदैन । प्रस्तुत शोध टोखा स्थित चण्डेश्वरी मन्दिरसँग सम्वन्धितभौतिक (मूर्त) तथा (अमूर्त) संस्कृतिको विश्लेषण गर्ने मूल उद्देश्यका साथ सम्पन्न गरिएको हो । यस शोध कार्यमा लागि तल उल्लेख गरिएका निश्चित प्रकृति एवम् स्रोतका तथ्याङ्क एवम् सूचनाहरू आवश्यकताअनुसार प्रयोग गरिएका छन् ।

### १.२.४. प्राथमिक तथ्याङ्क सङ्कलन विधि

यस अनुसन्धानको लागि सवैभन्दा पहिले सम्बन्धित क्षेत्रको स्थलगत अध्ययनको क्रममा पुरातात्विक स्रोतहरू लगायत स्थानीय बृद्धिजीवि,सम्वन्धित विषयका जानकारहरू, पूजारी,गुठीसँग सम्वन्धित गुठीयारहरूसँग भेटवार्ता, अन्तरवार्ता, कुराकानी, शोधपुछ,छलफल साथै सम्वन्धित विषय वस्तुको तस्वीर, रेकर्ड गर्ने कार्य गरिएको हो । प्राथमिक स्रोत नै अनुसन्धानको मुख्य आधार मानिएको छ । यस स्रोतअन्तर्गत विभिन्न पद्धतिहरू प्रयोग गरिएका छन् ।

**अवलोकन**

यो अध्ययन विधि हेरेर र अनुभूतिगरेर समेत तथ्याङ्क सङ्कलनगर्ने पद्धति भएकोले यसलाई महत्वपूर्ण पद्धति र उपकरण मानिएको छ । यसबाट सम्वन्धित क्षेत्रको भौतिक तथा अभौतिक संस्कृतिवारेको अध्ययन भएको काण प्रस्तुत शोधकार्यका लागि शोधकर्ताको प्रत्यक्ष अवलोकन तथा अध्ययन नै अनुसन्धानका निमित्त सामग्री सङ्कलन गर्ने मुख्य आधार भएको छ । सम्वन्धित क्षेत्रका जात्रा तथा चाडपर्व निकै अधिदेखि शोधकर्ताले गर्दै आएको प्रत्यक्ष अनुभवलाई सिलसिलेवार प्रस्तुत गरिएको छ । यस स्थानका विभिन्न साँस्कृतिक धरोहर,मन्दिर तथा मूर्तिहरूको सम्वन्धित क्षेत्रमा नै गई प्रत्यक्ष अवलोकन गरिएको हो । त्यहाँ प्राप्त अभिलेखहरूको अध्ययनमा विद्वान्हरूको प्रत्यक्ष अवलोकन र

अध्ययन गरिएको छ । त्यहाँ प्राप्त अभिलेखहरूको अध्ययनमा विद्वान्हरूको प्रत्यक्ष सहयोग पनि लिइएको हो ।

### अन्तर्वार्ता

प्रस्तुत अनुसन्धानमा प्राथमिक तथ्याङ्कहरू सङ्कलन गर्ने विभिन्न विधिहरूमध्ये अन्तर्वार्ता पनि एक प्रमुख विधि हो । आमुन्ने सामुन्ने भएर एकले प्रश्न गर्ने र अर्कोले उत्तर दिने विधि भएकोले यसलाई आन्तरिक विचार, धारणा सोंच,विचार,चिन्तन र चाहना गहिराईसम्म पुगेर अध्ययन गर्न सकिने माध्याम मानिन्छ । मानिसको भित्री मनसाय बुझ्ने संशक्त माध्याम पनि अन्तर्वार्ता नै हो । व्यक्तिगत अन्तर्वार्ताबाट कतिपय प्रकाशमा नआएका नयाँ तथ्याङ्कहरू पनि प्राप्त गर्न सकिन्छ । अन्य पद्धति र उपकरण तर्फबाट छानिएका र सङ्कलन गरिएका तथ्याङ्कसही भए नभएको परीक्षण गर्न यसले पनि सहयोग गर्दछ (दाहाल र खतिवडा,वि.स.२०६५,पृ. २१७-२१९) । चण्डेश्वरी मन्दिरमा सम्पन्न गरिने पूजा पद्धति तथा स्थानीय जात्रा,चाडपर्व सम्वन्धमा सम्वन्धित क्षेत्रका विज्ञ तथा जानकार व्यक्तिहरूसँग प्रत्यक्ष कुराकानी गरी स्रोत सामग्री सङ्कलन गरिएको हो ।

### विशेष अन्तर्वार्ता

प्रस्तुत अनुसन्धानका लागि अवलोकन, चित्राङ्कन र सामान्य अन्तर्वार्ताबाट सवै खाले सूचना तथा तथ्याङ्क प्राप्त हुने सम्भावना भएन त्यसो हुँदा यस अध्ययनमा विशेष अन्तर्वार्ता पद्धति अपनाएको हो । चण्डेश्वरीको ऐतिहास, भौतिक तथा अभौतिक संस्कृति लगायत पूजाविधिहरूको वारेमा त्यस समुदायका जानकार व्यक्तिहरू, पुजारी, गुठीयारहरूबाट विशेष अन्तर्वार्ताको विधि प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । यसका साथै नगरपालिकाका वडाका प्रमुखहरू, स्थानीय क्लवहरूमा संलग्न पदाधिकारी, लेखक, अनुसन्धानकर्ता, समाजसेवी, संस्कृतिका विज्ञहरूसँग चण्डेश्वरीसँग सम्वन्धित साँस्कृतिक विषयमा विशेष अन्तर्वार्ता लिई स्रोत तथा सामग्री सकंलन गरिएको हो ।

### अभिलेख सङ्कलन

प्रस्तुत अध्ययनका निमित्त स्रोत सामग्री सङ्कलन गर्ने क्रममा स्थानीय क्षेत्रमा प्राप्त अभिलेख पनि सङ्कलन गरिएको हो ।प्राथमिक तथा ऐतिहासिक तथ्याङ्क तथा प्रमाणका लागि अभिलेख महत्वपूर्ण सामग्री मानिएको छ । यस अध्ययनको क्रममा मुख्य क्षेत्र रहेको चण्डेश्वरी मन्दिरमा रहेका अभिलेखहरूको सङ्कलन गरि तिनीहरूको नेपालीमा भावार्थानुवाद गरिएको हो । ती शिलालेखहरूमा ने.सं. ७९३, ने.सं ७९५, ने.सं. ७९५, ने.सं ८०८, ने.सं ८२०, ने.सं.८३६, ने.सं. ९१५, ने.सं.९१९, ने.सं. ९१९, ने.स. ९२७ मा सङ्कलन गरि विज्ञहरूको सहयोगबाट भावार्थानुवाद गरिएको छ । सङ्कलित अभिलेखहरू परिशिष्टमा प्रस्तुत छन् ।

**तस्वीर सङ्कलन**

अध्ययन अवलोकनका क्रममा चण्डेश्वरी र त्यसका वरिपरि भएका सवै मठमन्दिरहरू, मूर्तिहरू, त्यहाँ सम्पन्न गरिने महत्वपूर्ण पर्व र पूजाका केही पक्षहरूको चित्र सङ्कलन गरिएको छ । ती सवैलाई चित्र फलक अन्तर्गत राखिएको छ । अध्ययन स्थलमा गई आवश्यक फोटोग्राफीहरू सङ्कलनगरिएको छ ।

**समूहगत छलफल**

टोखा चण्डेश्वरीमा वसोवास गर्ने विशेषहरू बुढापाकाहरू, स्थानीय निकायका प्रमुख ,कर्मचारी, विद्यालयका शिक्षकहरू, कलेजका प्राध्यापकहरू, स्थानीय क्लवहरू, संघसंस्थाहरूको प्रतिनिधिहरू लगायत समाजका गन्यमान्य तथा जानकार व्यक्तिहरूको समूह वनाई आवश्यक सूचना सङ्कलन गरिएको हो । नगरपालिका वडा नं. २ मा चण्डेश्वरी पीठ अवस्थित छ । त्यसो हुँदा सूचना तथा तथ्याङ्क सङ्कलन गर्ने क्रममा चण्डेश्वरीको ऐतिहासिकता, भौतिक तथा अभौतिक सांस्कृतिक सम्पदा जस्ता विविध पक्षलाई महत्व दिइएको थियो ।

## १.२.५. पूर्वकार्य समीक्षा

यस अनुसन्धानको लागि द्वितीयक स्रोतको रूपमा साहित्यक स्रोतहरू अन्तर्गत पुराणहरू वंशावलीहरू, हस्तलिखित ग्रन्थहरू लगायत यस क्षेत्रको वारेमा जानकार विभिन्न विद्वान्हरूबाट लेखिएका पुस्तक, विभिन्न पत्रपित्रकाहरूमा प्रकाशित लेखरचना, चण्डेश्वरीसँग सम्वन्धित परिचयात्मक लेखहरू सन्दर्भ सामग्रीको रूपमा अध्ययन गरिएका छन् । यसको अतिरिक्त पुस्तकालय अध्ययन एंवम् संस्थामा गई अध्ययन गरिएको हो । टि.भी., रेडियो, सामाजिक सञ्जाल, इन्टरनेट जस्ता विभिन्न संचार माध्याम समेतको सहयोग लिई शोध कार्यलाई प्रभावकारी वनाइएको छ । यस क्रममा मन्दिरका पुजारी, गुठीयार, गुठी सस्थान, पुरातत्व विभागको सङ्कलनमा भएका सामग्रीहरूको सङ्कलन र विश्लेषण पनि गरिएको थियो ।

प्रस्तुत अध्ययन ऐतिहासिक एवम् साँस्कृतिक अध्ययन भएकाले ऐतिहासिक स्रोत सामाग्रीहरूको अध्ययनबाट पनि सामग्री सङ्कलन गरिएको हो । यस सिलसिलामा राष्ट्रिय अभिलेखालय, त्रि.वि. केन्द्रीय पुस्तकालय, पुरातत्व विभागको पुस्तकालय, केसर पुस्तकालय तथा अन्य केही निजी सङ्ग्रहालयहरूमा रहेका प्रकाशित-अप्रकाशित स्रोत सामग्रीहरूको अध्ययन गरिएको थियो । साथै सम्वन्धित क्षेत्रको वारेमा पूर्ववर्ती विद्वान्हरूका कीर्ति, लेख तथा पुस्तकहरूको अध्ययन गरी सामग्री सङ्कलन गरिएको छ ।

### १.२.६ तथ्याङ्क विश्लेषण

यस शोधमा सङ्कलन गरिएका तथ्याङ्कलाई विभिन्न किसिमका विधिहरू प्रयोग गरी प्रशोधन गरिएको छ । सङ्कलित सूचना एवम् तथ्याङ्कलाई प्रशोधन पछि गुण तथा विशेषताका आधारमा आवश्यकता अनुसार विभिन्न वर्गमा वर्गीकरण गरिएको हो । वर्गीकरण पछि अनुक्रमका आधारमा विभिन्न परिच्छेद, शीर्षक तथा उपशीर्षकमा विभाजन गरी प्रतिवेदन तयार पारिएको छ । समग्रमा विभिन्न किसिमका विधिहरूको प्रयोग गरी प्राप्त तथ्यहरूलाई रुजुगर्ने, कोडिङ, सम्पादन र तालिकीकरण गरी विवरणात्मक तथा विश्लेषणात्मक पद्धतिबाट विश्लेषण गरिएको छ ।

### १.२.७. अध्ययनको सीमा

प्रस्तुत अध्ययनको मुख्य क्षेत्र टोखा चण्डेश्वरी मन्दिर र मन्दिर परिसर रहने छ । यस मन्दिरसँग सम्वन्धित ऐतिहासिक, साँस्कृतिक, धार्मिक तथा पुरातात्विक महत्वका वस्तुहरू लगायत मूर्त,अमूर्त वस्तुहरू यसको अध्ययन सिमाभित्र पर्दछन् । मन्दिरसँग सम्वन्धित वास्तुकला, मूर्तिकला आदिवारे पनि अध्ययन गरिएको छ । चण्डेश्वरीको धार्मिक, पूजा, पर्व, जात्रा आदि अध्ययनमा सिमित गरिएको छ ।

(क) भौगोलिक सीमा : यस अनुसन्धानको सीमा क्षेत्र टोखा नगरपालिकाको वडा नं.२ स्थित चण्डेश्वरी मन्दिरको परिसरभित्र मात्र केन्द्रित गरिएको छ । यस बाहेक अन्य वडा नं. २ मा रहेको चण्डेश्वरी बाहेक अन्य क्षेत्रका भौतिक अभौतिक संस्कृति यस अध्ययनमा समावेश गरिने छैन ।

(ख) विषय वस्तु : टोखा चण्डेश्वरी मन्दिरको ऐतिहासिकता, भौतिक, तथा अभौतिक संस्कृतिको वारेमा विस्तृत अध्ययन गरिने छ । मन्दिरमा गरिने परम्परागत साँस्कृतिक पक्ष र चण्डेश्वरी मन्दिरको कला-वास्तुकलालाई पनि यसैभित्र समेटेर अध्ययन गरिने छ । यस बाहेक मन्दिरको अन्य आर्थिक, सामाजिक आदि पक्षका बारेमा अध्ययन गरिएको छैन ।

### १.२.८.अनुसन्धानको रूपरेखा

प्रस्तुत टोखा चण्डेश्वरी मन्दिरको ऐतिहासिक र साँस्कृतिक अध्ययन शीर्षकको अनुन्धानकार्यलाई ६ वटा अध्याय र विभिन्न परिशिष्टमा सङ्गठित गरिएको छ । अध्याय विभाजन अनुसार

पहिलो अध्यायमा अनुसन्धान परिचय मुख्य शीर्षक अन्तर्गत शोधपरिचय र शोध विधिको उल्लेख गरिएको छ । यसभित्र पृष्ठभूमि, समस्या कथन, अध्ययनका उद्देश्य, अध्ययनको औचित्य, पूर्वसाहित्य समीक्षा, अध्ययनको अवधारणात्मक कार्यस्वरूप, अनुसन्धान क्षेत्र, अनुसन्धानको ढाँचा, तथ्याङ्क स्रोत र प्रकृति, प्राथमिक तथ्याङ्क सङ्कलन विधि, द्वितीयक तथ्याङ्क सङ्कलन विधि, तथ्याङ्क विश्लेषण, अध्ययनको सीमा र अनुसन्धानको रूपरेखाजस्ता पक्षको विवेचना गरिएको छ ।

दोस्रो अध्यायमा अध्ययन क्षेत्रको परिचय मूल शीर्षकअन्तर्गत टोखाको ऐतिहासिक पृष्ठभूमि, टोखाको नामकरण, भौगौलिक अवस्था, टोखाको गाउँवस्ती, टोखाको धार्मिक जनजीवन र टोखाको सामाजिक जनजीवन जस्ता पक्ष विश्लेषणमा परेका छन् ।

तेस्रो अध्यायमा चण्डेश्वरी मन्दिरको ऐतिहासिक परिचय मुख्य शीर्षक अन्तर्गत चण्डेश्वरीको परिचय, प्रचलित किम्वदन्ती, चण्डेश्वरीको विभिन्न उपनाम, उपत्यकाका चण्डेश्वरीको सक्षिप्त चर्चा र टोखा स्थित चण्डेश्वरी मन्दिरजस्ता पक्ष विवेचना गरिएका विषय हुन् ।

चौथौ अध्यायमा चण्डेश्वरी मन्दिरका मूर्त सांस्कृतिक सम्पदा मूल शीर्षकभित्र संस्कृतिको परिचय, भौतिक(मूर्त) संस्कृतिको परिचय, मन्दिरको वास्तुकला उत्पत्ति, मन्दिरको निर्माणको शुरुवात, मन्दिर वास्तुकलाको विकास, चण्डेश्वरी मन्दिरको भौतिक संस्कृति, अष्टमातृकाका मूर्तिहरू, चण्डेश्वरी मन्दिर परिसरका मूर्ति, चण्डेश्वरी मन्दिरको वरिपरि रहेका अन्य स्मारक, चण्डेश्वरी मन्दिरको वरिपरि रहेका पाटी र शिलालेखको परिचयजस्ता पक्षको विवेचना गरिएको छ ।

पाँचौं अध्यायमा चण्डेश्वरी मन्दिरका अमूर्त सांस्कृतिक सम्पदा मुख्य शीर्षकअन्तर्गत अमूर्त संस्कृतिको परिचय, युनेस्कोको वर्गीकरणका आधारमा चण्डेश्वरी पीठकाअमूर्त सांस्कृतिक सम्पदा, मौखिक परम्परा एवम् अभिव्यक्ति, प्रदर्शनकारी कला, सामाजिक व्यवहार, रीतिरिवाज तथा चाडपर्व उत्सव, प्रकृति तथा ब्रह्माण्डसँग सम्वन्धित ज्ञानविज्ञान र परम्परागत कला कौसल एवम् शिल्पप्रविधि जस्ता पक्ष विवेचना गरिएका विषय हुन् ।

छैठौ अध्याय यस शोधको अन्तिम खण्ड हो । यसअन्तर्गत सारांश र निष्कर्ष प्रस्तुत छ । शोधप्रवन्धमा रहेका सातवटा परिशिष्टमध्ये परिशिष्ट कमा अध्ययनको कममा अन्तर्वार्ता लिइएका व्यक्तिहरूको नामावली, खमा अन्तर्वार्ताको प्रश्न नमुना तालिका, गमा अध्ययनका क्रममा सङ्कलन गरिएका अभिलेखहरू, घमा चण्डेश्वरीका गर-गहनाहरूको निमावली, ङमा नेवारी भाषाका केही शब्दार्थहरू, चमा अध्ययनको कममा सङ्कलन गरिएका तस्वीरहरू र परिशिष्ट छमा शोधप्रवन्धमा समलग्न नक्साहरू समाबेश छन् ।

# दोस्रो अध्याय
# अध्ययन क्षेत्रको परिचय

## २.१. टोखाको ऐतिहासिक पृष्ठभूमि

काठमाण्डौ उपत्यकाको प्राचीनकालीन इतिहासमा टोखा एउटा सांग्रामिक स्थलको रूपमा पनि प्रसिद्धि पाएको देखिन्छ । यसको उल्लेख सर्वप्रथम नेपाल सम्वत ३७५मा गरिएको देखिन्छ (वज्राचार्य र मल्ल, १९८५ पृ.४६)। त्यहाँ जयदेवले किल्लामा रहेको सुन लुटेको हुँदा टोखा र नेपी किल्लाहरूले विद्रोह गरेको समेत उल्लेख गरिएको पाइन्छ । यसबाट मध्यकालको पूर्वाद्धमा टोखा एउटा वलियो किल्लाको रूपमा प्रतिष्ठापित भएको देखिन्छ । राइटले उपत्यकाका चारैतिर होचा पहाडमा किल्लाका अवशेष भएको र ती किल्लाका चारैतिर खाई र ढिस्का देखेको कुराको वर्णन गर्नु भएको छ (राइट, १९६६, पृ.४५) । प्राचीनकालदेखि नै उपत्यकाका चाँगुनारायण, स्वयम्भु, वज्रयोगिनी, पशुपतिनाथ आदि देवस्थलहरू वनगढका रूपमा रहेको उल्लेख गरिएको छ (बज्राचार्य र श्रेष्ठ, वि.स.२०३७, पृ.४५०)। यी तथ्यहरूबाट टोखाको वस्ती पनि मध्यकालको पूवार्द्ध भन्दा अगाडि नै वसेको कुरालाई पुष्टि गर्दछ ।

टोखा साँस्कृतिक दृष्टिले पनि महत्वपूर्ण रही आएको देखिन्छ । टोखाको तपलाछी टोलको चोकमा लिच्छविकालीन सम्वत ५१९ को एउटा अभिलेख समेत रहेको पाइन्छ । जसमा टोखाका चारकिल्ला भित्रका जनतालाई यस कुरोमा दुःख नदिनु र अनावश्यक पिरोले राजाले नसहने कुरा उल्लेख गर्दै भविष्यमा हुने राजाले समेत यसको पालना गर्नुपर्ने व्यहाँेरा उल्लेख गरिएको छ (वज्राचार्य, वि.स.२०३०पृ.२६६-२६७)। यसले पनि टोखा एउटा छुट्टै राज्य नभएर काठमाण्डौको एउटा महत्वपूर्ण सांग्रामिक स्थलको रूपमा रहेको देखाउँछ । वंशावलीमा ने.स. ३७४ आश्विनमा जयदेवले किल्लाको सुन लिएको हुँदा नेपी र टोखा किल्लाहरूले विद्रोह गरेको उल्लेख गरिएको पाइन्छ (वज्राचार्य र मल्ल, १९८५.पृ.४६) । ने.स.४६० पौषमा भएको विद्रोहमा गोपालदेवको हत्या गरिएको पनि उल्लेख गरिएको छ । यसैगरी ने.स.४४६ मा पशुपतिमल्ल टोखामा गएर वसेको उल्लेख गरिएको छ(वज्राचार्य र मल्ल,१९८५. पृ.७२) ।

नुवाकोटका एक प्रसिद्ध भारदार जुतपाल त्यहाँबाट निष्कासित हुँदा नेपाल सम्वत४७८ मार्गमा टोखामै शरण पर्न आएको देखिन्छ । टोखाले वि.स.१८२२ जेठमा कुनै पनि प्रतिकार नै नगरी पृथ्वीनारायण शाहसँग मिल्न गएकोले कान्तिपुर राज्यअन्तर्गतको यो टोखा प्रदेश गोरखा अधिराज्यमा विलिन भएको पनि त्यसमा उल्लेख गरिएको पाइन्छ । टोखा सांस्कृतिक दृष्टिले पनि उत्तिकै महत्वपूर्ण स्थलका रूपमा रहेको छ । मध्यकालको पूर्वाद्धका विभिन्न समयमा घटेका घटनाहरूले टोखा विद्रोहीहरूको शरणस्थलको रूपमा पनि प्रसिद्ध थियो भन्ने पुष्टि गर्दछन् । मूर्ति, ढुङ्गेधारा, पोखरी, डवली र यस क्षेत्रमा रहेका चारदर्जन भन्दा बढी साना-ठूला अभिलेखहरू यहाँका साँस्कृतिक र ऐतिहासिक धार्मिक महत्व बोक्ने धरोहरका रूपमा रहेका छन् (भट्टराई, वि.स. २०७५, पृ.२६) ।

## २.२. टोखाको नामकरण

प्राचीन कालमा नै यो ठाउँ एक व्यवस्थित शहरको रूपमा विकसित भईसकेको देखिन्छ । शिवदेव र अंशुवर्माले टोखामा रहेको अभिलेखमा पनि काठमाडौं–उपत्यकाको उत्तरी भेकमा धर्मस्थलीको हाराहारी "टोखा" नामक प्रसिद्ध वस्ती रहेको उल्लेख गरिएको छ (व्रज्राचार्य, वि.स.२०३०, पृ.२६६-२६७)। यस सन्दर्भले लिच्छविकालमा नै यो शहरलाई टोखा नामले पुकारिन्थ्यो भन्ने पुष्टि गर्छ । टोखामा प्राप्त भएका मध्यकालको उत्तराद्धका करिब दुईदर्जन भन्दा बढी अभिलेखहरूमा यसलाई "तोखा देश", "टोखा ग्राम" "जयपुरी देश", "जयपुरी नगर" र "लक्ष्मीपुर" भनेर उल्लेख गरिएको पाइन्छ (श्रेष्ठ, वि.स.२०५१. पृ.५१) । यसबाट टोखाले प्राचीकालमा नै प्रसिद्धि पाए विभिन्न नामहरू रहेतापनि मध्यकालमा आएर अर्को नाम जयपुर पनि रहन गएको देखिन्छ (श्रेष्ठ, १९९६, पृ.२८५) ।

मध्यकालमा कुनै एउटा प्रदेशको नाम जनभाषा र संस्कृत भाषामा वेग्लावेग्लै राखिन प्रचलन पनि रहेकोले टोखाको नाम जनभाषामा टोखा र संस्कृतिमा जयपुर रहेको भनि टेक वहादुर श्रेष्ठले लेख्नु भएको छ (श्रेष्ठ, १९९६, पृ.२८६)। कुनै पनि ठाउँको नाम एक-एक अर्थ विशेषको आधारमा राखिएको पनि पाइन्छ । त्यस्तैगरी कतिपयले नेवारी भाषामा "तोखा"को अपभ्रस भएर टोखा भएको मानिएको छ । नेवारी भाषामा "तु"ले उखु र "खा"ले ठाउँ भनेर अर्थ दिन्छ (मानन्धर, १९८६, पृ. ९४ र ३८) ।

लिच्छविकालमा "खा"प्रत्यय लागेका स्थाननाम शब्दहरू पाइन्छन् ती "खा" संस्कृत भाषा नभएर तिब्वती वर्मन हुन् । यस्ता प्रत्यय नेवारी भाषामा अद्यापि प्रयोग हुँदै आएको देखिन्छ (मल्ल, १९८१. पृ.१३-१६)। उपत्यकामा अरूपनि "खा" प्रत्यय लागेका स्थाननाम शब्दहरू छन् । यट्खा, प्यूखा आदि अझै पनि प्रचलित स्थानका रूपमा रहेको शब्द हुन् । कतिपय संस्कृतिविद्हरूले यस स्थानमा प्राचीनकालमा अत्यधिक रूपमा उखु पाइने हुनाले त्यसको नाम "तुखा"रहेको र नेवारहरूले आफ्नो वोलीचालीको उच्चारणमा "त" लाई "ट" भन्ने गरेको हुँदा उच्चारण गर्न सजिलोको लागि तोखाबाट पछि अपभ्रस भएर टोखा हुन गएको भनेर पनि उल्लेख गरिएको पाइन्छ (श्रेष्ठ,१९९६,पृ.२८६) ।

मध्यकालमा आएर टोखालाई लक्ष्मीपुर पनि भनिएको पाइन्छ । प्रचलित किम्वंदन्ती अनुसार एक दिन एकजना भिक्षु भिक्षा माग्दै हिड्ने क्रममा उनले अपेक्षा गरेको भन्दा अधिक अन्न यहाँका बासिन्दाहरूले उनलाई दान दिएछन् । यसबाट अत्यन्त खुशी भएका भिक्षुले यस गाउँका सम्पूर्ण मानिसहरूको निवासमा लक्ष्मीले बास गरुन भनेर सदिच्छा व्यक्त गरेका हुनाले यसै समयदेखि यस गाउँलाई "लक्ष्मीपुर" नाउँले चिन्न थालिएको हो यसलाई पुष्टि गर्ने प्रमाणिक आधार नभएपनि यस ठाउँलाई "लक्ष्मीपुर" नाउँले धेरै समयसम्म सम्बोधन गरिएको कथाहरू आफूहरूले बुढापाकाहरूबाट सुन्ने गरेको वर्ष ६५ का माइला महर्जनको भनाई रहेको छ । प्राचीनकालमा टोखामा प्रशस्त उखु खेती हुने गरेको हुँदा त्यहाँका मानिसहरू चाकु वनाई व्यापार गर्ने गर्दथे भन्ने तथ्यलाई प्रमाणिक गर्नका लागि

वि.स.१८६५ को एउटा पत्रमा टोखाका महेश वस्नेतले ८० रोपनी जग्गाको वार्षिक ८० धार्नि गुड कर स्वरूप भन्सार बुझाएको पाइन्छ (श्रेष्ठ, १९९६, पृ.२८६) ।

नेवारी भाषामा टु' को अर्थ "उखु" र "ख्या" को अर्थ फल्ने ठाउँ भन्ने बुझिन्छ अर्थात् नेवारी भाषामा उखु पाउने फाँटलाई टुख्या भनिने हुँदा यसैबाट टोखा नाम रहन गएको पनि मानिएको छ (धौवन्जार, वि.सं.२०६८,पृ.८२) । अझै पनि उपत्यकामा भक्तपुर दही, खोकनाको तेल र टोखाको चाकु प्रसिद्ध रहेको पाइन्छ । यसबाट उखु उत्पादन हुने भएकोले नेवारी भाषामा यसको नाम 'तुखा' बाट पछि गएर 'टोखा' रहन गएको भन्ने स्पष्ट देखिन्छ । तरपनि एक अर्को किम्वदन्तीअनुसार प्राचीनकालमा यो गाउँ एक शहरको रूपमा रहेको हुँदा त्यस समयमा यहाँ "टो" नाम गरेको एउटा 'ख्याक' (राक्षस) ले मानिसहरूलाई दुःख दिई हैरान वनाएको अवस्थामा एक तान्त्रिकको सहयोगमा त्यो दुष्ट ख्याकलाई मारिएको हुँदा त्यही "टो" शब्द पछि गएर टोखा हुन गएको भन्ने कथा पनि रहेको छ (ओझा, वि.स.२०७१, पृ.५२)।

## २.३. भौगौलिक अवस्था

नेपाल प्राचीनकाल देखिनै प्राकृतिक तथा सांस्कृतिक सम्पदाले सम्पन्न राष्ट्रको रूपमा विश्वभर परिचित  रहेको छ । नेपाल मूलतः पहाडी मुलुक हो । देशको ८३ प्रतिशत भू-भाग पहाडै पहाडले ढाकिएको छ । यो देश पृथ्वीको उत्तरी गोलार्द्धको एशिया महादेशको मध्यभागमा रहेको छ । यसको भौगोलिक स्थिति पूर्व ८८° × १२°पश्चिम ८०° × ०४° देशान्तरसम्म र उत्तर ३०° × २७° दक्षिण २६° × २२° अक्षांस रहेको छ । यो एक भूपरिवेष्ठित मुलुक हो (कोइराला र कार्माचार्य वि.सं. २०६८ पृ. १) ।

विश्वको कुल क्षेत्रफलको ०.०३ प्रतिशत भू-भाग ओगटेको छ । यसको क्षेत्रफल उच्च हिमाली भाग ३३,८५२, मध्य पहाडी भाग २२,०६६ मध्य हिमाली भाग २७,९६, तराई भाग २०,६०६ उच्च पहाडी भाग ४२,६८२ गरी कुल क्षेत्रफल १,४७,१८१ वर्ग किलो मिटर रहेको छ (धौवन्जार, वि.स.२०६८,पृ.१)। नेपाल पृथ्वीको कूल क्षेत्रफलको ०.०३ प्रतिशत र एसिया महाद्विपको ०.३ प्रतिशत भाग ओगटेको छ । लैनसिंह वाङ्गदेलले नेपालको लम्बाई करिब ५०० माइल र चौडाई १५० माईल रहेको उल्लेख गरेका छन् (वाङ्गदेल, वि.स.२०३९,पृ.१) ।

एशिया महादेशको दक्षिण-पूर्वमा अवस्थित नेपाल राज्यको उत्तरमा गणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्बत र पूर्व,पश्चिम र दक्षिणमा स्वतन्त्र भारत रहेको छ । उत्तरमा हिमाली श्रृखला र दक्षिणमा समथर स्थलरूप भएको नेपाल राज्यको सीमा पूर्व मेची नदीदेखि पश्चिममा महाकाली नदीसम्म फैलिएको छ । नेपाल भारतसँगको सिमाना करीब १८८० किलो मिटर छ भने तिब्वतसँग करीब १४४० किलो मिटर पर्दछ । यो मुलुक प्राचीनकालदेखि एक वहुभाषिक, बहुधार्मिक, बहुसांस्कतिक र बहुजातीय राज्यको रूपमा आजसम्म रहि आएको छ (पोखरेल वि.सं. २०६८ पृ. १५) ।

उत्तरमा हिमालीभाग, दक्षिणमा उच्च र मध्यमा पहाड तथा बीच भागमा देशको राजधानी उपत्यका रहेको प्रमुख अञ्चल बाग्मती हो । यसमा आठवटा जिल्लाहरू रहेका छन् । बाग्मती अञ्चलको भौगोलिक स्थिति पश्चिम ८४° x ४°र ८६° x ०५° देशान्तर र दक्षिणमा २७° x१८°, उत्तर २८° x २४° अक्षांस रहेकोछ । यसको पूर्वमा जनकपुर अञ्चल, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत, पश्चिम गण्डकी अञ्चल, दक्षिण नारायणी अञ्चल रहेको छ । यसको कुल क्षेत्रफल ९,४२८ वर्ग किलोमिटर रहेको छ (पोखरेल वि.सं. २०६८ पृ. १५) ।

टोखा शुरुदेखिनै आफ्नो छुट्टै अस्तित्व लिएर बसेको धेरै नै पुरानो शहरको हो (श्रेष्ठ, १९९६,पृ.८६)। काठमाडौ जिल्लाको निर्वाचन क्षेत्र नम्बर ५ र ६ को केही भागहरू (साविक गाउं विकास समितिहरूः झोरमहांकाल, टोखा चण्डेश्वरी, टोखा सरस्वती, धापासी र गोगंबु) समेटी यस टोखा नगरपालिकाको गठन वि.सं. २०७१ साल मार्ग १६ गते नेपाल सरकार मन्त्रीपरिषद्को निर्णयद्वारा भएको हो (टोखा नगरपालिका, वि.सं. २०७१)। प्राचीन वैज्ञानिक वस्ती व्यवस्थापन भएको ऐतिहासिक शहर टोखा समेत यसै क्षेत्रमा रहेको छ । हाल यस नगरपालिकाको वडा नम्वर २ र ३ वडाहरू यस क्षेत्रमा रहेका छन् । यस नगरपालिकाको पूर्वमा बुढानिलकण्ड नगरपालिका, पश्चिममा तारकेश्वर नगरपालिका, उत्तरमा नुवाकोट जिल्ला र दक्षिणमा काठमाडौ महानगरपालिकाको वडा नम्बर ३ र २९ पर्दछन् । यसलाई मुख्य गरी दुईवटा खोलाले घेरेको छ । पूर्वपट्टि विष्णुमति नदी र पश्चिमपट्टि साङ्गले खोला रहेको छ भने पश्चिम उत्तरमा सपनतिर्थ खोलो पनि रहेको छ । यसको भौगोलिक अवस्थिति २७ ४५'उत्तरी अक्षांस र ८५ १९' पूर्वीय देशान्तरमा फैलिएको छ । यस क्षेत्र समुन्द्र सतहबाट १३४६ मिटर (४४१९फिट) उचाईमा अवस्थित रहेको छ ।

यस नगरपालिको प्रमुख पर्यटकिय क्षेत्रको रूपमा टोखा चण्डेश्वरी,सपनतिर्थ,टोखा सरस्वतीको इन्द्रेणी (भूतखेल) चौर, झोरमहालकालको वौडेश्वर महादेव, धापासीको वसुन्धरादेवी, गोगंबुको मनोहर तिर्थ, वीचविनायक प्रमुख रूपमा रहेका छन् । यस क्षेत्र भएर वग्ने प्रमुख नदीहरूमा विष्णुमति, साङ्गले खोला र सपनतीर्थ मुख्य रूपमा रहेका छन् । त्यसैगरि, यस क्षेत्रमा रहेको मुख्य पोखरीहरूमा सरस्वती गहना पोखरी, गणेश पोखरी, सपनतिर्थ र स्नान कुण्ड रहेका छन् ।

टोखा नगरपालिका वडा नम्बर २ (साविक चण्डेश्वरी गाउं विकास समिति) मा चण्डेश्वरी मन्दिर रहेको छ । यस क्षेत्रको नामाकरण चण्डेश्वरी देवीको नामबाट गरिएको पाइन्छ । हाल टोखा नगरपालिका वडा नम्वर १ (साविक सरस्वती गाउं विकास समिति) को उत्तर-पश्चिम दिशामा चण्डेश्वरी मन्दिर रहेको छ । यसको भौगोलिक क्षेत्र २७X४४'उत्तरी अंक्षास देखि ८५X३३' पूर्वीय देशान्तरसम्म फैलिएको रहेको छ । यसको दक्षिणी सिमानामा टोखा नगरपालिका वडा नम्वर २ पूर्वमा बुढानिलकण्ठ नगरपालिका, पश्चिममा तारकेश्वर नगरपालिका र उत्तरमा नुवाकोट जिल्लासँग जोडिन पुगेको छ । चण्डेश्वरी मन्दिरको पश्चिमतर्फ सपनतिर्थ खोला र पूर्वतर्फ विष्णुमति खोला रहेको छ ।

## २.४. टोखाको गाउँवस्ती

टोखा नगरलाई धेरै विद्वान्हरूले "काठमाडौंको मुख्य भागबाट डेढकोश जति उत्तरमा अवस्थित छ" भनी उल्लेख गरेका छन् । बसोवासको ढांचा र त्यहाँ प्राप्त भएका अभिलेखहरू हेर्दा टोखा नेवारहरूको प्राचीन वस्ती हो । नेपालका अरु जातिका तुलनामा नेवारहरूको वस्तीको वनौट छुट्टै किसिमको हुन्छ जसमा त्यस्ता स्थान केहीअग्लो भागमा रहेको पाइन्छ भने समथल भाग खेतिपातीका लागी प्रयोग गरेको देखिन्छ । नेवारहरू पनि प्राचीन वास्तु परम्परा अनुरूप प्रमुख वस्तीको चारैतिर खोला रहेको हुन्छ । यसरी खोला तरिसकेपछि खोला किनारमा नै तन्त्रोक्त दृष्टिले वनाइएका मसान, शक्ति पीठ एवं कुलदेवता वा आफ्ना आराध्य देवताको मन्दिर निर्माण गरेका हुन्छन् । घरहरू एकै ठाउँमा गुचमुच्च भएर रहने तथा एकाघरको छानासँग अर्को घरको छाना जोडिएको हुन्छ । नगर प्रवेश गर्ने प्रमुख ठाउँहरूमा ढोकाहरू निर्माण गरेका हुन्छन ।यस्ता द्वारहरू रातको समयमा वन्द गर्ने परम्परा रहेको थियो । नेवार वस्तीमा हुने यस्ता खालका सवै विशेषताहरू यस टोखा क्षेत्रमा रहेको पाइन्छ ।

नेवार वस्तीमा खोलालाई साँध सिमाना वनाई गाउँटोलको सुरक्षाको लागि प्रयोग गरिएको पाइन्छ । नगरको सुरक्षार्थ वनाइएका पर्खाल पनि नेवार वास्तु संरचनाको प्रमुख अङ्ग रहेको छ । नगरबाट वाहिर भित्र गर्नका लागि वनाइएका पर्खालसँगै द्वारको निर्माणले नगरलाई थप मजबुत वनाउन सघाउ पुऱ्याउछ । नेवार वस्तीभित्र रहेका यस्ता द्वारलाई जीवनका विभिन्न क्रियाकलाप अनुरूप उपयोग गर्ने गरेको पाईन्छ । नगर निर्माणको क्रममा पर्खाल द्वार र किल्ला निर्माण पश्चात वाह्य व्यक्ति सहजै नगर छिर्न नसकुन भन्ने उद्देश्यले पोखरी,खाई निर्माण गर्ने प्रचलन पनि नेवार वस्तीको एक महत्वपूर्ण विशेषता हो । यो सामान्यतः सामरिक महत्व राख्ने संरचना मानिन्छ । नगरभित्र खानेपानी वितरण प्रणाली समेत यससँग जोडिएको हुन्छ ।

उपत्यकाको सम्पूर्ण वस्तीमा निकै वैज्ञानिक ढङ्गले बाटोघाटो निर्माण भएको पाइन्छ । यहाँको सम्पूर्ण आवासीय एवम् अन्य प्रयोजनका लागि वनाइएका संरचनाहरू सबैलाई हुने गरी यस्ता बाटो वनाएको पाइन्छ । राजकीय र रथयात्रा गर्नका लागि फराकिलो बाटो वनाइएको हुन्छ । मृत्यु संस्कारको क्रममा शवयात्राका लागि छुट्टै बाटोको व्यवस्था गरिएको हुन्छ । जसलाई सीलँ भनिन्छ । नगर प्रवेशगर्ने भित्री र वाहिरी मार्गमा अनिवार्य रूपमा कलायुक्त ढुगेंधारा, इनार र कुवा जस्ता पानीका स्रोतहरू निर्माण गरेका हुन्छन् ।

प्रत्येक नेवार समुदाय अन्तर्गतका टोल वा चोकादि सार्वजनिक स्थलमा अनिवार्य रूपमा गणेश, भीमसेनका साथै अन्य देवदेवीका मन्दिर स्थापना गरिएको हुन्छ । नेवार वास्तु संरचना भित्र रहेका मठमन्दिरहरू तल्ले शैली, शिखर शैली र स्तुप शैलीमा निर्माण गरिएका हुन्छन् । नेवारहरूले प्रत्येक टोल वा वस्तीमा खुल्ला एंव सार्वजनिक जग्गामा अनिवार्य रूपले छ्वासको स्थापना गरिएको हुन्छ । कसैको वच्चा जन्मिदा वच्चा जन्मेको सूचना स्वरूप वच्चाको सालनाल दहीको कतारोमा राखेर छ्वासमा फाल्ने

गरिन्छ भने विवाहमा वेहुला र वेहुलीलाई संयुक्त रूपमा खुवाइने थायभूलाई पनि यसै स्थानमा विसर्जन गर्ने गरिन्छ । समाजमा कुनै सदस्यको मृत्यु भएको खण्डमा पनि मृत्युको सूचना स्वरूप उक्त मृतकले प्रयोग गरेका लुगाको साथै कुचो र सुकुल समेत यस स्थानमा मिल्काउने प्रचलन हालसम्म चलि आएको छ ।

नेवारहरूको वस्तीमा प्रत्येक टोल, दोबाटो चौबाटो वा खुल्ला एवम् रमणीय स्थानमा यस्ता पार्टी पौवा वा सत्तल वनाउने गरिन्छ । यसरी निर्माण गरिएका पाटी पौवामा प्रायः स्थानीय वासिन्दा बीच भलाकुसारी गर्न, जात्रापर्व, सञ्चालन गर्न, भजन गाउन,वटुवाहरूलाई थकाई मार्न र गर्मीको समयमा सितलताका लागि प्रयोग गरिन्छ । नेवारको घर व्यवस्थित रूपले एकैनासका माटो र ईटाले जोडिएर वनाएका घरहरू चारतले एकै नासका हुन्छन् । भूई तल्लालाई छ्यसि, पहिलो तल्ला मात, दोस्रो तल्ला चोत, तेस्रो तल्लालाई बैगः भनिन्छ ।

घरका छाना आय्पा(एक किसिमको छाना छाउने टायल वा झिँगटिले छाएको हुन्छ । छानामा बीचतिर बाटुलो चन्द्राकारको एउटा प्वाल राख्दछन् । त्यो खाना पकाउँदा निस्कने धुवाँ वाहिर पठाउनका लागि उपयोगी मानिन्छ । यस प्वाललाई भौप्वाः भन्ने गरिन्छ । देवीदेवीहरूको आकृतियुक्त प्रमुखद्वार, बुट्टेद्वार झयाल वनाइएको हुन्छ । घरहरू कला कौशलको दृष्टिकोणले उत्कृष्ट मात्र देखिने नभई हावापानीको दृष्टिकोणले पनि बैज्ञानिक देखिन्छन् । मूलढोकाको अगाडी छत्रपालको मण्डप राखेको हुन्छ । यसैलाई पिखालखु भनिन्छ । यसको नित्य पूजा गरिन्छ । कुनै संस्कार वा जात्रापर्व मनाउँदा पिखालखु दुकायगु भनेर सबैभन्दा पहिला छत्रपालको पूजा गर्दन्छन् (तुलाधर र बज्राचार्य, वि.सं. २०७०,पृ.३६-३९) । बसोवासको यो ढाँचाले टोखामा शुद्ध नेवारहरूको प्राचीन वस्ती रहेको कुरालाई प्रमाणित गर्दछ । टोखामा बसोवास गर्दै आएका वर्ष ७५ का ध्रुब जोशीअनुसार यस क्षेत्रमा प्राचीनकालदेखि नै नेवार समुदायको मात्र बसोबास रहेको बुझिन्छ ।

## २.५. टोखाको धार्मिक जनजीवन

काठमाडौंबाट नुवाकोट, धुन्चे भई भोट जाने मार्गमा पर्ने यो प्रदेशमा लिच्छविकालमा नै वस्ती वसिसकेको थियो भन्ने पनि उल्लेख भएको पाइन्छ (वज्राचार्य, वि.स.२०३०, पृ.२६६-२६७)। हिन्दू परम्परामा महत्वपूर्ण स्थान पाएका ३३ कोटी देवीदेवता लगायत त्यससँग गाँसिएको चौसठ्ठी शिवलिङ्गहरू मध्ये तीनवटा शिवलिङ्ग चण्डिकेश्वर, धर्मेश्वर र गोकर्णेश्वर यसै क्षेत्रमा पर्ने कुरा उल्लेख गरिएको छ *(स्वामी, व.सं.२०६८, पृ.२४७-२४८ र २५५)*। हाल काठमाडौ जिल्लाको गोकर्ण नगरपालिका पैतामहतीर्थमा अवस्थित रहेको गोकर्णेश्वर महादेवलाई टोखा को सुप्रसिद्ध तीर्थका रूपमा “नेपाल महात्म्य” ले चिनाउन खोजेको छ । यसले प्राचीनकालमा टोखाको फैलाबट हालको भौगोलिक सिमानाभन्दा निक्कै ठूलो रहेको तथ्यलाई पनि स्पष्ट गरेको छ । हिमालयकी पुत्री पार्वतीले श्री महादेवलाई पतिको रूपमा प्राप्त गर्न टोखाको पिण्डारक तीर्थमा नुहाई चण्डिकेश्वर महादेवको पूजा तथा आराधना गरेको स्वस्थानी कथामा उल्लेख पाइन्छ (प्रसाई, वि.स.२०७५, पृ.१४५) ।

यसबाट टोखा धेरै नै प्राचीन नाम र वस्ती रहेछ भन्ने सहजै अनुमान गर्न सकिन्छ । आफ्नो परिश्रमबाट उब्जेका सम्पत्ति र अन्न प्रयोग गरी उनीहरू आफ्नो मौलिक संस्कृति, रीतिरिवाज र चाँडपर्व मनाउँदै आएका छन् । आजसम्म प्रचलनमा रहेका धर्म र संस्कृति टोखाका परम्पराका जीवन्त पक्ष हुन् । घरको जग खन्दाहोस् वा मुख्य बाली भिœयाउँदा, नयाँघरमा प्रवेश गर्दा होस अथवा घर लिपपोत गर्न रातोमाटो ल्याउँदा पनि शुभ मुर्हत मिलाएर गरिने प्रचलन अझै रहि आएको छ । यिनीहरूको सम्पन्न गर्ने प्रत्येक संस्कृतिमा धार्मिक प्रभाव परेको देखिन्छ । यिनीहरूले जन्म, विवाह, मृत्यु लगायतका संस्कारलाई धार्मिक रूपमा भन्दा पनि साँस्कृतिक मान्यताको रूपमा विश्वास गरिदै आएको देखिन्छ । यहाँका मानिसहरूले रोग लाग्दा होस वा स्वस्थ्य हुँदा, आफुले सुरु गरेको काम सफल वा असफल हुँदा त्यसको सम्पूर्ण दोष देवतालाई दिने गरेको देखिन्छ ।

टोखा क्षेत्रका मानिसहरूले खासगरी विस्केट जात्रा, दशै जस्ता चाँडवाड अगाडि परिवारका सम्पूर्ण सदस्यहरूको स्वास्थ्य लाभको कामना र शुभेच्छाका साथ मुख्य मुख्य मन्दिरमा गएर पूजा गर्ने र भाखल राख्ने गर्दछन् । यो धार्मिक मान्यता समेत संस्कृतिकै रूपमा विकसित हुदै आइरहेको छ । यिनीहरू हरेकका घरको मूल ढोका अगाडि पोतिएको गोलाकार चिन्ह देखिन्छ, जसलाई कुमार देवता भनिन्छ । यहाँका नेवारहरूले हरेक पूजापर्वमा सर्वप्रथम यिनै कुमारको पूजा गर्दछन् । त्यस पछि मात्र गणेशको पूजा गर्ने परम्परा छ । यी दुवै देवताको पूजा नगरी अन्य कुनै पनि देवताको पूजा गर्नु हुदैन भन्ने यहाँको परम्परागत मान्यता रहि आएको छ । यिनिहरूको कुनै पर्व, उत्सव, चाँडवाड, महत्वपूर्ण तिथि लगायत घरमा मीठो व्यञ्जन पाकेको दिन आफुले पकाएको सम्पूर्ण परिकारहरूको पहिलो गाँस चोखो सालको पातमा राखि ढोका अगाडिको कुमार देवताको सिरानमा चढाई कुकुरलाई भोजन गराउने चलन पनि रहेको छ । कुनै पनि चाँडवाँड आउँदा उनिहरू चोखो चुलोमा, चोखो भाँडामा, चोखो शरीरले पकाएको परिकार चोखो वस्त्र लगाएर ग्रहण गर्नु पर्ने परम्परा अझै कायम रहेको छ । टोखा चण्डेश्वरीमा चण्डेश्वरी, चण्डेश्वर, धर्मेश्वर तथा सपनतीर्थ जस्ता राष्ट्रिय महत्वका तीर्थस्थलहरू यसै वडामा रहेका छन् ।

## २.६. टोखाको सामाजिक जनजीवन

टोखा नगरपालिकामा ११ वटा वडा छन् । यो नगरपालिकाको आकार उत्तर दक्षिण लामो र पूर्व पश्चिम केही सांघुरो प्रकृतिको भई शिवपुरी जंगलको छत्रछायाँमा १६.९ वर्ग किलो मिटर क्षेत्रमा फैलिएको छ । टोखा नगरपालिकाको जानकारी पाटीमा राखिएको सुचना अनुसार यस नगरपालिका भित्र बहुजातिय र बहु भाषिक गरि जम्मा घरधुरी परिवार सङ्ख्या २५,५६१ र कुल जनसङ्ख्या ९९,०३२ रहेको छ ।

केन्द्रीय तथ्याङ्क विभागले गरेको नगरपालिका स्तरीय जिल्ला बस्तुगत विवरणमा त्यस क्षेत्रको जनसङ्ख्या४१०३ रहेको देखाइएको छ (के.त.वि, वि.सं.२०७५) । त्यस्तै गरी केन्द्रीय तथ्याङ्क विभागले वि.स. २०६८ मा गरेको जनगणनाको नतिजाअनुसार यहाँको जनसङ्ख्या ३९६१ रहेको उल्लेख गरेको छ

(के.त.वि,वि.सं. २०६८,पृ.४३) । जातीय हिसाबमा यहाँ नेवार जातीको अधिकतम् उपस्थिति रहेको छ । नेवारहरू पनि एउटै थरका छैनन् । श्रेष्ठ, डंगोल, महर्जन, मानन्धर, नापीत, कर्माचार्य, जोशी, खड्गी यहाँ बसोवास गर्नेप्रमुख नेवार थर हुन् । तथ्याङ्कले अन्य भाषाभाषीका मानिसहरूको पनि त्यहाँ बसोवास रहेको देखाएको छ । प्रकाशित तथ्याङ्कअनुसार मातृभाषा नेपाली भएका जनसङ्ख्या २६३, नेवारी भाषा बोल्नेको जनसङ्ख्या ३,५८८जना, तामाङ भाषा बोल्नेको जनसङ्ख्या ६७ जना र मगर भाषा बोल्नेको जनसङ्ख्या ८ जना गरेको छ (के.त.वि., वि.सं.२०६८,पृ.४३) । यहाँका स्थानीय  मानिसहरू मातृभाषा नेवारीलाई बोलीचालीका लागि उपयोग गर्ने गरेको देखिन्छ । यहाँ विशेष गरी कृषि पेशामा संलग्न भएता पनि यसको अलवा व्यापार, नोकरी, डमर्की, सिकर्मी र श्रमिक पेशामा उनीहरू समर्पित रहेका छन् । यस चण्डेश्वरीको कुल क्षेत्रफल ६.१६ वर्ग किलोमिटर रहेको छ (टोखा परिचय. २०७६, पृ. २) ।

टोखा नगरपालिकाको वडा नं. २ मा चण्डेश्वरी, चण्डेश्वर तथा सपनतीर्थ जस्ता राष्ट्रिय महत्वका तीर्थस्थलहरू यसै वडामा पर्दछ । उपत्यकामा चण्डेश्वरीको मन्दिर पनौति, भक्तपुर, पाटनमा रहेका छन् तर ती मध्ये काठमाडौको टोखामा रहेको चण्डेश्वरी मन्दिर पुरातन मध्ये एक हो । हिन्दूहरूको श्रद्धा, आस्था र भक्तिको केन्द्र विन्दु मानिएकी चण्डेश्वरी प्राचीन महत्वपूर्ण मन्दिर भए तापनि यो आजसम्म पनि छाँयामा परेको छ । चण्डेश्वरी मन्दिरको बारेमा  लेखिएको आलेख तथा पुस्तकहरू केहि प्रकाशनमा भएता पनि अनुसन्धान विधिमा लेखिएको पाईदैन । यस्ता ऐतिहासिक र साँस्कृतिक क्षेत्रको मौलिक पहिचानलाई जीवन्त राख्नका लागी तथ्याङ्कहरू सङ्कलनगरी अनुसन्धान विधिद्वारा अध्ययन अनुसन्धान गर्नु पर्ने देखिन्छ ।

# तेस्रो अध्याय

# चण्डेश्वरी पीठ

## ३.१. चण्डेश्वरीको परिचय

नेपाललाई देवतै देवता र मन्दिरै मन्दिरहरूको देश पनि भनिएको पाइन्छ । यस्तो देशमा देवी भगवतीका सम्पूर्ण स्वरूपको कतै न कतै कही न कही पवित्र तीर्थस्थल हुनु स्वभाविक मानिन्छ । यसैअनुसार भगवतीका अनेकौ स्वरूप मध्ये एक"चण्डेश्वरी" रूपको पनि तीर्थस्थल हुनु स्वभाविकै हो । मातृशक्तिका विभिन्न रूपमध्ये एउटा स्वरूप देवी चण्डेश्वरी पनि हुन् । चण्डेश्वरीलाई चार नारायणहरूमध्ये चपेलु नारायण अर्थात् विशंखु नारायणको शक्तिको रूपमा मानिन्छ । गोदावरी क्षेत्रमा पनि देवी चण्डेश्वरी रहेको उल्लेख गरिएको पाइन्छ (जोशी, वि.सं२०५०,पृ.७)।

विश्वको इतिहासमा मातृशक्ति पूजाको शुरुवात इं.पू. २००० हजार भन्दा अघिदेखि भएको पाइन्छ । प्राग् ऐतिहासिक अज्ञात कलाकारहरूले गृहकलाको माध्यमबाट मातृशक्ति स्वरूप प्रजननकी देवीका मूर्तिहरू हस्तिहाडमा कुँदेर सौन्दर्य र शक्तिको देवीका आकार-प्रकार तयार पारेको देखिन्छ । पश्चिम यूरोपमा अरिग्नासियन चित्रकला तथा मूर्तिकलामा आकार दिइएका प्राग् ऐतिहासिक नारी स्वरूपमा फुकेको पेट अथवा गर्भिणी नारीको स्वरूपलाई नै मातृदेवी अर्थात भेनसको मूर्ति मानिएको पाइन्छ (पाखरेल २०७५ पृ. १५) । वैदिक संस्कृति अनुसार हेर्ने हो भने पनि मातृशक्तिको सम्मान गरेको थुप्रै उदाहरणहरू रहेको पाइन्छ । ऋग्वेदका संहिताहरूमा "स्त्री नै घर हो "भनी उल्लेख गरेको पाइन्छ । (पोखरेल, वि.सं. २०७५ पृ. ७) ।

हिन्दूहरूको धार्मिक ग्रन्थ पुराणहरूमा शक्तिको वारेमा वारेमा धेरै कथाहरू उल्लेख गरेको पाइन्छ । देवी भागवतमा एक कथाअनुसार शक्तिको वास्तविक स्वरूपको आदि अन्त्य नपाएर स्वयं जगतस्रष्टा विधाताले जिज्ञासा राख्दा देवी भागवत पुराणमा यसरी प्रष्ट्याउनु भएको छ -

*स दैकत्वं न भेदो ऽ स्ति सर्वदैव ममास्य च*

*यो ऽ सौसोहमहंयो ऽ सौभेदो ऽ स्तिभतिविग्रमात्*

*नाहं स्त्री न पूमान्श्चाहं न क्लीवं सर्गसंक्षये*

*सर्गे सति विभेदःस्यात् कल्पितो ऽ यंद्धिधा पूनः* ( पोखरेल, वि.सं. २०७५ पृ. ८) ।

अर्थात् "म र ब्रह्ममा कुनै अन्तर छैन। हामी दुवै एकै हौ । जो ब्रह्मा हो त्यै म हुँ, जो म हुँ त्यै ब्रह्म हो । केवल बुद्धिको भ्रान्ति वा भेद बुद्धिले मात्र अन्तर जस्तो देखा परेको हो । संसारको प्रलयको अवस्थामा म फेरि न स्त्री हुन्छु, न पुरुष हुन्छु,नत नंपूसक नै । केवल चित्तचलायमान अवस्थामा मात्रभेद बुद्धि देखिएको हो । (पोखरेल, वि.स.२०७५, पृ.८) । ऋग्वेदको देवीसुक्त, देवी भागवत, भूवनेश्वर उपनिषदमा पनि देवी वा शक्ति र उनको सम्वन्धमा विस्तृत रूपमा चर्चा गरिएको पाइन्छ ।

देवी सुक्तकाअनुसार देवी, रुद्र, अग्नि, मित्र, वरुण, सोम, अश्विन आदि देवताहरू धारण गर्दछिन् र यज्ञादीका माध्यामले देवताको आराधना गर्नेलाई फल दिन्छिन् । देवीले ज्ञान र बृद्धिका विरोधीहरूलाई उनी शिवको धुनमा बसेर नाश गर्छिन । साथै उनी प्राणीहरूको रक्षा गर्न प्रतिबद्ध रहेको छिन् । उनको महत्व आकाश र पृथ्वीभन्दा परपरसम्म पुगेको भने उल्लेख गरिएको पाईन्छ (खत्री,वि.स.२०५६,पृ.५४-५५) ।

देवी महात्म्यले त यतिसम्म भनेको छ कि जसले उनको पूजा नित्यरूपले गर्दैन, यसलाई भक्तवत्सल भएकी यी देवीले नष्ट गदर्छिन । त्यस्तै गरी ब्रह्मवर्त, कुर्म, गरुड, हरिवंश र मार्कण्डेय पुराणहरूमा देवीको महत्व र उनी सम्वन्धी विभिन्न कथाहरू रहेका छन् । मार्कण्डेय पुराणमा मषिसासुरमर्दिनी भगवतीलाई शिव, विष्णु र ब्रह्माका संयुक्त तेजबाट वनेकी भनी उल्लेख गरिएको छ । ब्रह्मा,विष्णु,महेश्वर तीनै शक्तिको उत्पत्ति भगवतीको परा शक्तिबाटै भएको भनेर चण्डीमा यसरी व्यक्त गरिएको छ-

*या देवी सर्वभूतेषूशक्तिरूपेण संस्थिता*
*नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमोनमः* (पोखरेल वि.सं. २०७५, पृ. ८) ।

हाम्रो वैदिक हिन्दू धर्मअनुसार कसैले जगज्जननी जगन्यमातालाई शक्तिको स्रोत मान्दछन् त कसैले सरस्वती, लक्ष्मी, उमालाई ब्रह्मा-विष्ण-शिवशक्तिको केन्द्रीय वन्दु पनिमानेका छन् । महाकाली, महालक्ष्मी र महासरस्वती यिनै शक्तिको तीन रूप हुन् । यी तीनै रूप शक्तिको महत्ता र वैशिष्टयता सप्तसती(चण्डी) गाथा आधारित भएको पाइन्छ । यिनै त्रिशक्ति युक्ता देवीले नै मधुकैटव(चण्डीको प्रथम चरित्र), महिषासुर(चण्डीको द्धितीय चरित्र), रक्तवीज, शुम्भ, निशुम्भ आदि (चण्डीको तृतीय चरित्र) ले भयङ्कर दानवहरूलाई विनाश गर्नु भएको कुरा सप्तशतीमा उल्लेख गरिएको पाइन्छ । त्यसैले अद्वैतवादी शङ्कराचार्यले शक्तिको महत्तालाई दर्शाउदै अद्वैतनाम्नी परमेश शक्तिः भनी उल्लेख गर्नु भएको छ ( पोखरेल, वि.स.२०७५,पृ.८) ।

जगज्जननी महाशक्तिलाई नै प्रकृतिका नामलेसमेत पूकारिने गरिएको उल्लेख छ । साख्यदर्शनले त्रिगुण (सत्व,रज र तम) को साम्यावस्थालाई नै प्रकृति मानि यसैबाट मनुष्य जातिले मुनष्यतत्व ज्ञान गर्न सक्तछ भनिएको छ । वेदान्त दर्शनले शक्तिलाई विद्या र अविद्या भनि उल्लेख गरिएको छ । शक्ति नै विष्णुको माया अवतार भएकोले विष्णुमायाका रूपमा तिनै शक्तिले अतुलनीय योगदान दिएको फलस्वरूप विष्णुमाया प्रतुष्टुवुः(चण्ड) भनेको पाइन्छ । वागाम्भृगी सूक्तबाट पनि यिनै शक्ति ब्रह्मरूप रहेछिन् भन्ने देखाएको छ । कसैकसैले यिनै शक्तिलाई ब्रह्मा ऋषिको रूपमा स्वीकार गरेको उल्लेख गर्दै सतां *भक्तेवीज त्वमसि परब्रह्म महिषी* भनि उल्लेख गरेको पाइन्छ । उमा, लक्ष्मी, पार्वती, गौरी, शिवा, देवी दुर्गा यी सवैलाई शक्तिको पर्यावाची नाम र स्वरूप मानि यिनीहरूबाटै अवस्था अनुसारको शक्ति प्रर्दशन हुने गरेको चर्चा शास्त्रहरूमा पनि रहेको पाइन्छ (पोखरेल, वि.स. २०५७,पृ.८) । हिन्दूहरूले त्रिशक्तिदेवी

(महाकाली, महालक्ष्मी र महासरस्वती) का रूपमा शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्रि, महागौरी र सिद्धिदात्री आदि नौ नामलाई नवदुर्गा भनेर पूजा उपासना गर्ने गरेका छन् ।

नेपालको परिप्रेक्ष्यमा मातृशक्तिको उपासना लिच्छविकाल देखि नै शुरु भएको पाइन्छ । मानदेवको संवत ३८६ चाँगुनाराणको अभिलेखमा “विष्णुकी लक्ष्मी जस्ती” र “साक्षात् पतिव्रता सती धरुन्धती जस्ती” भनि मातृशक्तिको उल्लेख गरिएको पाइन्छ । त्यस्तैगरी ललितपुरको स्वठटोलमा संवत ४११ को शिलालेखमा र्शावणी नामक भगवती देवीको स्थापना गरेको व्यहोँरो पाइन्छ । पलाञ्चोक भगवतीमा प्राप्त संवत् ४२५ को अभिलेखमा विजयस्वामिनीले भगवती विजयेश्वरी देवीको प्रतिष्ठा गरेको देखिन्छ । शंखमूल शिकुवहीको संवत ४९५ को राजा अंशुवर्माको समयको मानिएको अभिलेखमा पहिले वनाई स्थापना गरेको मातृका देवीहरूको मूर्ति जीर्णभई त्यसको स्थानमा ढुगांको मूर्ति वनाई पून:स्थापना गरेको उल्लेख गरिएको छ । यसबाट लिच्छविकालमा पनि आफ्नो स्वार्थसिद्धि गर्नका लागि देवीको उपासना गर्ने गरेको पाइन्छ (पोखरेल वि.सं. २०७५, पृ. ९) ।

देवीका नाना रूपका सम्वन्धमा पनि शास्त्रहरूमा वर्णन पाइन्छ । दैत्यहरूको नाश गर्न उनैदेवी चामुण्डाको रूपमा प्रेतमाथि वसेकी हुन्छिन् भने वाराहीको रूपमा भैसीमाथि चढेकी हुन्छिन् । उनै देवीलाई हामी मयूरमाथि वस्दा कौमारी, साँढेमाथि वस्दा माहेश्वरी, कमलमाथि वस्दा लक्ष्मी र हाँसमाथि वस्दा ब्राहमी भनेर पूजा गर्ने गरेको उल्लेख पुराणहरूमा पाइन्छ (पोखरेल, वि.स.२०५७,पृ.९)। मार्कण्डेय पुराणको कथा अनुसार शुभ्म र निशुम्म नामक दैत्यलाई मार्न पार्वतीले आफ्नो शरीरबाट शक्तिरुपि अम्विकालाई निकालिन जसको वर्ण कालो भएको हुनाले उनलाई काली भनियो भने उल्लेख गरिएको छ । देवीले चण्डमुण्ड नाम दैत्यहरूलाई मारेको हुनाले देवीको नाम चामुण्डा रह्यो भने चण्डासुरको वध गरेको हुनाले चण्डेश्वरी नाम रहनगयो भनेर उल्लेख गरिएको पाइन्छ (खत्री,वि.स.२०५६, पृ.५५) । यसैगरी देवीको एउटै मात्र रूप नाम नभएर अनेक रूप र स्वरूपमा देखिएकी छिन् ।

यसरी शक्तिलाई काली, महाकाली, भैरवी, चण्डी, चामुण्डा आदि नाम रहेका छन् । देवीले महिषासुर नामक दानवलाई मारेको हुनाले महिषमर्दिनी पनि भनिएको पाइन्छ । यसरी नेपाल महात्म्य, स्कन्द पुराण र स्वयम्भु पुराणमा देवताको रक्षाको लागि चण्डेश्वरीको प्रार्दुभाव सम्वन्धमा चण्डासुर दैत्यको वधको कारणले भएको उल्लेख गरिएको पाइन्छ (खत्री, वि.स.२०५६. पृ.५५)। श्री चण्डेश्वरी माईलाई सनातन धर्मालम्वीहरू चण्डिका, चामुण्डा, कुमारी, भगवती आदि रूपमा पूजा उपासना गर्दछन् भने बौद्ध धर्मालम्बीहरू एग्रतारा, आर्यतारा, अजिमा, कुमारी देवीको रूपमा पूजा अर्जना गर्ने गर्दछन् । कुनै पनि भेदभाव विना नै हिन्दू र वौद्ध धर्मालम्वीहरूले श्रद्धा र आस्थाका साथ श्री माईको पूजा आराधना गर्ने गरेको पाइन्छ । चण्डेश्वरीले विभिन्न समयमा कहिले महिषासुर मार्न, कहिले चण्डासुरलाई मार्न लगायत मानवप्राणीदेखि देवताहरूलाई समेत दु:ख दिने दैत्यहरूको विनाश गर्न अनेक अवतार लिएको विश्वास गरिन्छ (खत्री, वि.सं. २०५६, पृ. ५६) ।

चण्डेश्वरीलाई टोखा वासीहरूले हे माई ! हे जगत जननी ! हे तारिणी !हे माता ! हे भगवती ! हे देवी ! भनी विविध नामले पुकार्ने गरेको पाइन्छ । लोकजीवनमा चण्डेश्वरीलाई जगत जननी, दुर्गा, भगवती, भवानी, महिषासुरमर्दिनी, चण्डिका, चण्डमूण्डविनाशिनी, उग्रतारा, एकजटीका, सरस्वती, चण्डासुरहन्ता, चामुण्डा, कुमारी, दुमाजू विविध नामले सम्वोधन गर्ने गरेको पाइन्छ । भाषा वंशावलीमा चन्दनवनकी वनदेवी भनी चण्डेश्वरीलाई जगतमाता, माहेश्वरी, हिमालय, पर्वतपुत्री, चण्डिका, शिवा, गिरिजा, आद्यशक्ति, अम्विका, महादेवी आदि नामले सम्वोधन गरिएको पाइन्छ (प्रधान,वि.स.२०४६,पृ.२६) । विभिन्न ग्रन्थहरूको अध्ययनबाट “चण्ड” नामक असुरलाई मारेको कारण र चण्ड-इश्वरी भनेर पनि चण्डेश्वरी नाम रहन गएको भन्ने उल्लेख गरिएको पाइन्छ (प्रधान,वि.स.२०४६,पृ.२६) ।

## ३.२. प्रचलित किंम्वदन्ती

चण्डेश्वरीको उत्पत्तिका वारेमा अनेक किंवदन्तीहरू रहेका छन् तापनि श्री माई चण्डेश्वरीले चण्डासुर दैत्यलाई संहार गर्नका लागि प्रकट भएको सम्वन्धमा विभिन्न धार्मिक ग्रन्थहरूमा उल्लेखित कथाहरूमा एकमत रहेको देखिन्छ । साहित्यक ग्रन्थहरूमा दिइएको कथाअनुसार लामो समयसम्म अन्धकको छोरो दैत्यराज चण्डासुरले काशी विश्वनाथको तपस्या गरी पुरुषशक्तिले ननासिने वा स्त्री जातिबाट मात्र मर्ने वरदान महादेव विश्वनाथबाट पाएका थिए । त्यसपछि मात्तिएको दैत्यले पाताल, मर्त्यमण्डल र स्वर्गमा समेत विजय प्राप्त गरेको थियो । दैत्य चण्डले स्वर्गमा आक्रमण गरी देवताको राज्य विजय गरी लिए पछि इन्द्र आदि देवताहरू भगवान् विष्णु कहाँ गए । विष्णुले रक्षा गरिदिने वचन दिनुभयो । दैत्य चण्डलाई पराजित गर्न भगवान् विष्णुले लडाई गर्नुभयो । लडाई गर्दागर्दै दैत्य चण्ड मुर्छित भयो । सो दैत्यलाई रक्षा गर्न साथी सुमति ब्राह्मण अघि सरे । भगवान विष्णुले सुमति ब्राहमणलाई वाण हानी मारिदिनु भयो । ब्राह्मणलाई मारेकोले विष्णुलाई ब्रह्म हत्या लाग्यो । त्यही पापमोचन गर्न भगवान् विष्णु दोलागिरी (चाँगुपवर्त)मा आई तप गर्नुभयो । त्यही पर्वतमा एक जना सुदर्शन नाम गरेका ब्राह्मणले कैली गाई पालेका थिए । ती ब्राह्मण दम्पतीले दूध दुहेर हव्य देवतालाई चढाई पितृकार्य गरी अतिथिहरूलाई समेत दूध खुवाई जीवनयापन गरी आएका थिए । ब्राह्मणको कैली गाईले पर्वतको बीचमा रहेको चाँपको रुखमा गई दूध चढाउने गर्दो रहेछ । एक दिन ब्राह्मणले दूध दुहुँदा गाईले दूध नदिएपछि सुदर्शन ब्राह्मणले गाई कहाँ गएर दूध दिँदो रहेछ भनेर गाईको पछि लागे पछि उनले आफ्नो गाईले चाँपको रुखमुनि पुगी दूध चढाएको र त्यहाँ एउटा सुन्दर पुरुषले सो दूध पिएर रुख भित्र पसेको देखेछन् । यस्तो देखेपछि उनी अत्यन्ध क्रोधित भई दूध पिउनेलाई खड्गले प्रहार गरी शिर छेद्न गरिदिएछन् । यसरी शिर काटिएका ती पुरुषको शरीर शङ्ख, चक्र, गदा र पद्म धारण गरी प्रकट भए । तेजोमय गरुड माथि चढेका भगवान् विष्णु देखापरे । सुदर्शन ब्राह्मणले यस्तो देखेपछि आफ्ना दुईहात जोडी आफूले ठूलो अपराध गरेकोमा क्षमा याचना गर्न थाले । त्यसैवेला भगवान चतुर्भुज नारायण प्रकट भई-“हे ब्राह्मण ! तिमी नडराउ ! मेरो शिर तिमीले काटिदिएको हुनाले तिमीले मेरो ब्रह्महत्याको पाप मोचन गरी दियौं । यसमा तिमीलाई कुनै दोष छैन् । म अब यही दोलागिरी

(चाँगुडाँडा) मा नै वस्दछु" भनी भगवान् चाँगुनारायणमा छिन्नमस्ता भई वस्नुभयो भन्ने कथा पनि चण्डेश्वरीसँग जोडिएको पाइन्छ (विरचित वि.सं. २०६८ पृ. ११)।

हिमवत्खण्ड पुराणअन्तर्गत नेपाल माहात्म्यको दोस्रो अध्यायमा मार्कण्डेय ऋषिले जैमिनिलाई सुनाउनु भएको कथा अनुसार चण्डासुरले काशी विश्वनाथबाट स्त्रीजाति बाहेक चण्डासुरलाई कसैले मार्नेछैन भनी वर पाएकोले विष्णुको श्रापबाट पनि चण्डासुरको वध हुन सकेन् । दैत्यले ईन्द्रादि देवताहरूलाई अति नै दुःख दिन लागे । ईन्द्रादि देवताहरू ब्रह्माजीको शरण गए । ब्रह्माले सवै देवताहरूलाई भन्नुभयो -"हे देवताहरू ! श्लेष्मान्तक वनदेखि पूर्वतिर रक्तचन्दन वन छ । त्यहाँ आदिशक्ति भगवतीमाई चाँपको रुखमा विराजमान हुनुहुन्छ । त्यहाँ गएर वहाँको प्रार्थना गर । वहाँ शक्ति स्वरूप स्त्रीजाति भएकालेले तिमीहरूको दुःखहरण गर्न चण्डासुर दैत्यलाई वध गर्नुहुनेछ ।"ब्रह्माजीको बचन सुनेपछि देवगणहरू बनेपाको पूर्वतर्फको रक्तचन्दन वनमा गएर भगवती चण्डेश्वरीको आराधना गर्दै स्तुति गर्न थालेका थिए । यस कुराको जानकारी नारद ऋषिले दैत्य चण्डासुरलाई सुनाइ दिए । नारद ऋषिबाट यस्तो सुचना पाएपछि चण्डासुर दैत्यले आफ्नो सवै दैत्यगण सैनिकलाई जम्मा गरेर देवताहरूसँग सङ्ग्राम गर्न आए । देवताहरू आदिशक्ति भगवतीकको अनेक स्तुति पाठ गरिबसेका थिए- "हे भगवती ! हे चण्डिका ब्रह्मा, विष्णु, रुद्रले पनि हजुरको महिमा जानी नसक्नु छ । हे देवी चण्डदैत्यबाट साह्रै दुःख पाएकोले हजुरको शरणमा आएका छौं"भनी अनेक तरिकाले पुकारेको सुनेपछि भगवती देवी चाँपको रुखबाट प्रकट भए प्रत्यक्ष दर्शन दिनुभयो भन्ने कथामा उल्लेख गरिएको छ (दर्नाल वि.सं. २०५०, पृ. २५)।

देवीको दर्शन पाएर सबै देवताहरूले बडो हर्षकासाथ सुगन्धित धुप वालेर नाना तरहका फूलमाला, अनेक प्रकारका नैवेद्य चढाएर उच्च स्वरले भगवतीको प्रार्थना गरिरहेका थिए । त्यही समयमा आफ्ना दैत्यगणहरू लिएर दैत्यराज चण्डासुर देवताहरूसँग लड्न आएका थिए । त्यो देखेर देवताहरूले तत्काल भाग्नका लागि पंक्षीको रूप लिए । ईन्द्रले कागको रूप, चन्द्रमाले च्याँखुरी, वरुणले हाँस, वायुदेवले कन्याङ्कुरुङ्ग,ईशानले बकुल्लाको र सूर्यले जीवन्कि पंक्षीको रूप धारण गरी भागे भने भगवती भने तत्काल त्यही भएको चम्पक बृक्षमा अन्तरध्यान हुनुभयो भन्ने उल्लेख गरिएको छ ।

जव चण्डासुर गण त्यहाँ आइपुगे तिनीहरूले कुनै पनि देवतालाई त्यहाँ देखेनन् । त्यसैवखत एक दैत्यले एउटा वृक्षलाई औल्याउँदै एउटी अन्यन्तै राम्री स्त्री चाँपको रुखमा अर्न्तध्यान भइन भन्ने जानकारी दियो । त्यो कुरा सुनेर दैत्यराज चण्डासुरले आफ्नो तरबारले त्यस बृक्षलाई एकै पटकमा ढालिदियो । त्यसैवखत काटिएको उक्त वृक्षबाट जगत जननी कुमारी प्रत्यक्ष प्रकट भई उनले चण्डासुरसँग धैरै बेरसम्म लडाई गरिन् । तर केही गरे पनि त्यस दैत्यलाई वध गर्न नसकेकोले देवीले भगवतीको रूप धारण गरिन् । भगवतीले हुँङ्कार शब्द गरी खड्ग प्रहार गरेर केही दैत्यहरूलाई भष्म गरिदिनु भयो । श्री भगवतीको निःश्वासले अनेक गणहरू प्रकट भएर दैत्यगणसँग अनेक शस्त्र-अस्त्र लिएर घनघोर सङ्ग्राम शुरु गरे । त्यस्तो ठूलो युद्धले गर्दा दश दिशा अन्धकार भयो । देवीगणले धेरै

दैत्यसेना नाश गराए । तव त्यो चण्डासुर अन्यन्त क्रोधित भई भगवती देवीसँग युद्ध गर्न थाल्यो । दैत्यले आफ्नो अहंकार देखाउदै देवीलाई भन्यो - “हे देवी ! तिमी देवताहरूको पक्ष लिई देवताहरूका लागि लड्दैछ्यौ । म तिमीलाई अब बाँकी राख्ने छैन” भनी शस्त्र प्रहार गऱ्यो । देवीभगवतीले पनि शस्त्र निस्फलगरी काटी दिनुभयो । अनि दैत्यले मुङ्ग्रो घुमाउँदै भगवतीलाई प्रहार गर्न आयो । भगवतीले पनि वाण प्रहार गरी मुङ्ग्रोलाई काटिदिनु भयो । यस्तो देखेर दैत्य अत्यन्तै क्रोधित भएर भगवतीलाई झम्टन आयो । भगवतीले पनि तिखातिखा आँखा गरेर चण्डासुरको ढाल, तरवार सबै नष्ट गरदिनु भयो । त्यसपछि भने चण्डासुरलाई आफ्नो शक्तिहीन भएको महशुस गऱ्यो । आफूभन्दा देवी धेरै बलवान भएको देखेर भगवान् महादेव विश्वेश्वरबाट स्त्रीजातिबाट मर्नु पर्ने बर पाएको उसलाई सम्झना आयो । अनि भगवतीलाई विनम्र भई अत्यन्त भक्तिभाव प्रकट गरी भन्नलाग्यो-“ हे भगवती देवी ! हजुर साधार स्त्रीजाति नभई हजुर मेरो काल, साक्षात महाँकाली स्वरूपा हुनुहुँदोरहेछ । हजुर यो संसार सृष्टि गर्ने आदि शक्ति प्रकृति स्वरूप हुनुहुन्छ । देवताको रक्षागर्न मेरो सवै शुरवीर योद्धाहरू हजुरले मार्नु भयो । अव म हजुरकै हातबाट मर्ने हुँ । दे देवी ! “म स्नान गरेर श्री महादेवको एउटा शिवलिंङ्ग स्थापना गर्दछु । त्यो शिवलिङ्ग चण्डेश्वर नामले प्रख्यात हुनेछ । अनि हजुरले मलाई मार्ने भएकोले चण्डेश्वरी माई भई संसारमा पुजनीय हुनुहुनेछ ।” यस्तो भनेको सुनेर भगवतीले भनिन्

*न स्थास्पन्त्य सुरश्रेष्ठ प्राणिनःकेपि सर्वदा ॥*
*दृष्यं श्राव्यं चयत् किञ्चिन्नश्वर विद्धि दान ।*
*शिवलिङ्गस्थापनेपि न ते चिन्तास्तु दानव ।*
*मया हतेसुरश्रेष्ठ शरीराल्लिङ्ग भूत्तमम् ।*
*भविष्यत्यत्र सुखंद दिव्य चण्डेश्वार भिधम् ॥*
*चण्डेश्वरीति से नाम्ना स्थास्याम्यत्रासुरोत्तम ।*

(शर्मा पौडयाल), वि.स.२०५०, पृ.२२) ।

अर्थात देखिने सुनिने कुरा नश्वर हो । यो तथ्य तँ जान, शिवलिङ्ग स्थापना गर्न पनि तैले चिन्ता लिनु पर्दैन । तँ मारिएपछि तेरो शरीरबाट नै एक पवित्र लिङ्ग उत्पन्न हुनेछ । त्यही शिवलिङ्ग चण्डेश्वर नामले सुप्रसिद्ध हुनेछ भन्ने जवाफ दिनु भएको पनि उल्लेख गरिएको छ (पाण्डे शर्मा पौड्याल), वि.स.२०५०, पृ.२२) । तिमी शिवलिङ्ग स्थापना गर भनी सङ्ग्राम रोक्नुभयो । चण्डासुले शिवलिङ्ग स्थापना गरेपछि भगवतीसँग फेरि सङ्ग्राम गर्न शुरु गर्नुभयो भन्ने कुरा कथामा उल्लेख गरिएको छ । तीन नेत्र भएकी देवीको एउटै मात्र दाँत र एउटै मात्र स्तन रहेको छ । दैत्यराज चण्डासुरलाई बध गर्ने बेलामा देवीले आफ्ना दुवै आँखावन्दगरी निधारमा रहेको तेस्रो आँखामात्र उघारेर हुंङ्कार गर्दै आफ्नो दायाँ खुट्टा उचालेर बायाँ खुट्टा मात्र टेकेर खड्ग प्रहारगरी दुष्ट दैत्यको वध गरेकी थिइन् भन्ने उल्लेख पाइन्छ । यसरी चण्डासुरलाई वध गरेको हुनाले यी भगवतीको नाम “चण्डेश्वरी” रहन गयो भनेर कथामा वताइएको पाइन्छ (मानन्धर, वि.स. २०७१, पृ.३) ।

चण्डेश्वरी भैरब र श्वेतकालीकी छोरी थिइन् भन्ने कुरा पनि जनुश्रुतिमा पाइन्छ । अठारौ शताब्दीको चण्डेश्वरी स्तोत्र नाम स्तुति काव्यमा र नेपाल महात्म्यमा एकलेख भएको कथाको वर्णन यसरी गरिएको छ । चण्डासुर र चण्डेश्वरी बीचको प्रणय प्रसङ्ग भई विवाह हुन लागेको हुरा आमा श्वेतकालीलाई मन परेको थिएन् । आफ्नी छोरी दैत्यराज चण्डासुरसँग प्रेममा फसेको कारण आमा श्वेतकालीले आफ्नो देव्रे हातबाट जाँड वनाई छोरी कुमारीलाई खुवाएर उत्तेजित पारेर उनैबाट चण्डासुरको वध गराएको प्रतीत हुन्छ । चण्डासुरलाई मार्न प्रयोग गरिएको हतियार त्रिशुल थियो । दैत्य चण्डासुरको वध भई सकेपछि त्यस असुरको देहबाट अनुपम तेज निस्केको र त्यो चण्डेश्वर नामको महापुण्यशाली शिवलिङ्ग भयो भन्ने भनाई पनि रहेको पाइन्छ (विरचित, वि.स.२०६२, पृ.५) । चण्डेश्वरीको प्रादुर्भाव बारेमा स्वयंभू पुराणमा पातलीपुत्र हालको पटनामा सम्राट अशोक राजालाई उपगुप्तस्थीरले सुनाएको कथा भन्ने पनि रहेको छ । चण्डेश्वरीका विषयमा विभिन्न विद्वान्हरूले विविध ग्रन्थहरूमा फरक-फरक ढङ्गले प्रस्तुत गरेका छन् । तिव्वती तन्त्रयानको कान्त्रसो भन्ने ग्रन्थमा यी देवी चण्डेश्वरीलाई एकजटी भनिएको, यिनी निलो रङ्गकी बाघको छाला कम्मरमा वेरेकी र क्रोध रूपकी यी देवीले अक्षोभ्य भएको मुकुट लगाएकी छिन् भने शीरमाला लगाएकी देवी चण्डेश्वरीले आफ्नो विभिन्न हातहरूमा खड्ग, वज्र, पात्र आदि समाएको उल्लेख गरिएको छ(मानन्धर, वि.स. २०७१, पृ.३) ।

## ३.३. चण्डेश्वरीको विभिन्न उपनाम

नेपालमा प्राचीन कालदेखि चण्डेश्वरीको पूजाआजा र उपासनागर्ने परम्परा रहीआएको देखिन्छ । चण्डेश्वरीको सम्वन्धमा स्कन्दपुराणअन्तगर्त नेपाल महात्म्यमा सविस्तार वर्णन गरिएको छ । जसमा यस ग्रन्थमा तिनलाई चण्डासुर हन्ता सिंहारुढा देवी भएकोतिर स्पष्टसङ्केत गरेको पाइन्छ । स्वयं चण्डासुरद्वारा पराजित हुँदा यिनी चण्डेश्वरी नामले ख्यात भएको कुरा उक्त पुराणमा वर्णित छ । सोही ग्रन्थाट नेपाल मण्डलका चार नारायणहरूमध्ये चाँगुनारायणको आख्यानसित पनि चण्डेश्वरीको आख्यानको सम्वन्ध रहेको कुरालाई पुष्टि मिल्दछ । नेपालको एक भाषावंशावलीले चण्डेश्वरीलाई उपयुक्त चार नारायणमध्येका विशङ्खु नारायणकी शक्तिको रूपमा समेत उल्लेख गरेको छ (जोशी, वि.सं.२०५०) । नेपाल माहात्म्य, स्कन्द पुराण, स्वयंभू पुराणलगायत अन्य कतिपय पौराणिक साहित्यमा स्थान विशेष केही कथन फरक उल्लेख भएको भए तापनि देवताको रक्षाको लागि चण्डेश्वरीको प्रादुर्भावका सम्वन्ध चण्डासुर दैत्य वधसँग जोडिएको छ । श्री चण्डेश्वरी माईलाई सनातन धर्मालम्बीहरू चण्डिका, चामुण्डा, कुमारी भगवती आदि रूपमा पूजाअर्चना गर्दछन् । बौद्ध धर्ममा भने उग्रतारा, आर्यतारा, अजिमा, एकजटी, कुमारी देवीको रूपमा पूजा अर्चना गर्ने चलन छ । चण्डेश्वरी माईलाई कहिँ भैरबी कालीकी छोरी कतै हिमालयपुत्री शैलजा भन्ने पनि गरिन्छ (विरचित, वि.स. २०६२, पृ.५) ।

चण्डेश्वरीको अनेक रूप देखिएको भए तापनि यिनी चण्डमुण्ड विनाशिनी महिषमर्दिनी देवी चामुण्डा भगवती नै हुन् । चामुण्डा चण्डी नै हुन् भन्ने कुरामा कुनै शङ्का नभएको धारणा संस्कृति विद्हरूको छ । महिषासुरमर्दिनी भगवती दुर्गाकै एक रूप छन् । असुरजातिसित युद्ध गर्दा देवी चण्डेश्वरी

सिंहारुढ थिइन । तिनले दानवपतिलाई त्रिशूलले घोपेर मारेका समय मयूर आदि चराचुरुङ्गी भएका सुर परिवार तथा सम्पूर्ण वाह्यजगत हर्षले गद्गद् भएको कुरा नेपालाधिपति महाराज श्री विष्णुमल्लद्वारा रचित चण्डेश्वरीको एक स्तोत्रमा वर्णन गरिएको छ । "हेमाई गसें सिंह बाहिनी त्रिशुलन सुसे म्हसं म्हइखा सुर परिवार, स्याना वबहिरी लोक गनस्पती सफु थन हतत तं न्हिलाव वारम्वार ॥३॥"। विष्णु धर्मोत्तर पुराणले यिनलाई चामुण्डा चण्डिका नाम दिइएको पाइन्छ (शर्मा, पौड्याल, वि.सं. २०५०, पृ. २१) ।

**भगवती**

भगवानकी शक्ति या पत्नीलाई भगवती भनिएको छ । पुराणअनुसार उमाको एउटा नाम पनि भगवती रहेको हो (पाण्डे,१९८८,पृं.४६६) । हिन्दूहरूमा प्राय:देवीहरूलाई भगवती भन्ने चलन पनि रहेको छ । पुराणहरूमा भगवतीले देवता, मनुष्य र असुरहरूको सृष्टि गरेको मान्दै तिनलाई जगतको संरक्षणका लागि जागरुक हुने देवी भनिएको पाइन्छ । चौध प्रकारका पशु, यज्ञ र यज्ञ विधिको रचना गर्ने पनि भगवती नै हुन् भन्ने कुरा पुराणहरूमा वर्णित छ (शर्मा, १९८६पृं.३६५)। यिनलाई माया गर्दै मानिसहरूले देवताको यज्ञ गर्नुपर्ने र भगवतीले रचना गरेको यज्ञ नियमानुसार गरेमा मनुष्यलाई देवताले रक्षा गर्ने उल्लेख पुराणहरूमा गरिएको पाइन्छ । हिन्दू धारणामा भगवतीलाई सर्वोच्च शक्तिका रूपमा लिने गरिकोले पनि चण्डेश्वरीलाई भगवतीको रूपमा लिएको हुन सक्ने देखिन्छ । ललितपुर वालुखाटोलको त्रिलिङ्गेश्वर महादेव मन्दिर अगाडिको गणेशको मूर्तिसंगै नेपाल सम्वत ८३९ लेखिएको अभिलेखमा "श्री भगवातीलाई नमस्कार ठूला खड्ग, शूल, लिने भएकी महादेवकी अर्धाङ्गिनी भएकी, भरखर उदाएका सूर्यजस्ता तेजिलो, मुण्डमाला लाएकी, मात्तिएको चण्ड दैत्यलाई नाश पारेकी, सिंह वाहन भएकी, लडाईमा भयङ्करसँग गजर्न भएकी, पार्वतीलाई (पाण्डे, १९८८, पृ. ४६६) ।

**देवी**

चण्डेश्वरीलाई कतिपयले देवीका रूपमा पनि लिने गरेको पाइन्छ । चण्डेश्वरी नामक स्मारिका पनि चण्डेश्वरीलाई देवी चण्डेश्वरी भनेर सम्पादकीयमा उल्लेख गरिएको छ । नेपाल महात्म्यमा चण्डेश्वरीलाई चण्डासुर हन्ता सिंहरूढा देवी भएको कुरा वताइएको छ । वास्तवमा देवीको अर्थ सर्वशक्ति माया भन्ने हो । हिन्दू पुराणहरूमा यिनलाई देवताभन्दा पनि शक्तिशाली मानिएको पाइन्छ । यिनलाई सङ्कट हटाउने मान्यतामा यिनको स्तुति गर्ने परम्परा हिन्दूहरूमा प्रचलित रहेको छ (शर्मा, १९९९,पृ. ४३८) । मार्कण्डेय पुराणमा देवीका लागि दुर्गा सप्तसतीको व्यवस्था नै गरिएको देखिन्छ । यिनले अनेकौ अवतार लिएको, दानवहरूसँग युद्ध गरेको तथा तिनीहरूलाई पनि हराएको कथा तथा मिथकहरू पौराणिक साहित्यमा प्रसस्तै पाइन्छन् । सप्तमातृका, अष्टमातृका, नवदुर्गा र दशमहाविद्या लगायतका कैयौ प्रकारका देवीको पूजाआजा नेपालमा हुने गरेको छ । नेपालीमा तान्त्रिक देवीको तान्त्रिक रूपमा नै

पूजाआजा गर्ने परम्परा रहि आएको छ । माथि उल्लिखित सन्दर्भहरूले चण्डेश्वरी शक्तिशाली देवी हुन् भन्ने पुष्टि गर्दछन् ।

### कुमारी

चण्डेश्वरीलाई कतिपय संस्कृतिविद्हरूले कुमारीका रूपमा लिने गरेका छन् । अग्नि पुराणमा पनि कौमारी स्वरूपमा पनि चामुण्डा प्रकट हुने कुराको वर्णन पाइन्छ । मार्कण्डेय पुराणअनुसार चण्डमुण्ड हुने हुँदा यी देवी चामुण्डा नामले ख्यात छिन् (जोशी, वि.सं. २०५०, पृ.७) । वनेपा तथा भक्तपुरमा रहेको चण्डेश्वरीको मन्दिरमा उनको वाहन मयूर पनि राखिएको देखिन्छ । केही धार्मिक ग्रन्थहरूमा पनि चण्डेश्वरीलाई कुमारी नै मानेका छन् । वामनपुराणको अध्याय १९ मा "यो जेष्यते स्मत्कुलजां रणाग्रे तस्याःस भर्त्ता पि भविष्यतीति ॥३४॥" भनिएको छ (पाण्डे, १९८८ पृ. ४४७) । यस पंक्तिले यी चण्डेश्वरी कुमार रहेको स्पष्ट रूपले देखिन्छ । त्यस्तैगरी देवानन्द रचित चण्डेश्वरीको एक हिन्दी स्तोत्रमा यिनलाई त्रिनयनी मयूरवाहनी असुरसंहारिनी कुमारीका रूपमा वर्णन गरिएको छ । रक्तचन्दन वनस्ति चम्क बृक्षवासिनी यिनी जगदम्बे चण्डेश्वरी सकल गुहारिनी भएर देवताहरूको लागि चण्डासुरालाई मार्ने भनेर पनि त्यस स्तोत्रमा उत्कीर्ण गरिएको पाइन्छ (जोशी, वि.सं.२०५० पृ. ७) । यसैका आधारमा कतिपय विद्वानहरूले चण्डेश्वरीलाई कुमारी भनेर उल्लेख गरेका हुन् । चण्डेश्वरी नामक स्मारिकामा जीत वहादुर मानन्धरले विभिन्न आधारहरू दिएर वनेपाकी चण्डेश्वरी कुमारी हुन् ( पाण्डे, १९८८, पृ. ४४७) ।

शिवपत्नी पार्वतीका अनेक नामहरूमध्ये एउटा कुमारी पनि हो । स्कन्दपुराणको कुमारीखण्डमा कुमारी माहात्म्यमा विस्तृत व्याख्या गरिएको छ । स्मृतिहरूमा वाह्र वर्षीय कन्यालाई पनि कुमारी भनिएको पाइन्छ । कुमारीको साधनाको लागि कुमारीतन्त्र नामक शाक्त ग्रन्थ पनि पाइएको छ । यसरी कुमारीका रूपमा अनेकन देवीहरू रहेका छन् । कुमारीलाई शाक्तले पूजाआजाको अनिवार्य अङ्ग मानिएको छ । सामान्यतः नवरात्रीका अवसरमा एकदेखि १६ वर्षसम्मका कुमारीको पूजाआजा गर्ने चलन नेपालमा पाइन्छ । सन्ध्या, सरस्वती, त्रिधामूर्ति, कालिका, सुभगा, उमा, मालिनी, कुब्जिका, कालषकर्षा, अपराजिता, रुद्राणी, भैरवी, महालक्ष्मी, पीठनायिका, क्षेत्रज्ञ र अनन्दा आदि कुमारीका स्वरूपहरू हुन् ( शर्मा, १९९९, पृ.२२३) । उपत्यकामा तुलजाको कलश सर्वप्रथम तिरहुते महारानी देवलदेवीले सिम्रौनगढबाट ल्याएको पाइन्छ । तिनले नै भक्तपुर दरवारमा तुलजाको कलश स्थापना गरेपछि त्यही नै तुलजाको मन्दिर स्थापना गरियो । कालान्तरमा उपत्यकाका तीनैवटा दरबारको प्राङ्गणमा तुलजा मन्दिर निर्माण गरिएका हुन् । भवानीका रूपमा यिनको पूजाउपासना गर्ने परम्परा छ ।

नेपालमा कुमारीलाई जीवित देवीका रूपमा पनि पूजाआजा गर्ने परम्परा रहेको पाइन्छ । उपत्यकाको तीनवटै शहरमा कुमारी छनौट गरी पूजाआजा गर्ने गर्दछन् । यहाँ कुमारीलाई तुलजाकी अवतार मान्ने पनि गरिएको छ । वंशावलीहरूका आधारमा जयप्रकाश मल्लका समयदेखि जीवीत

कुमारीको पूजा गर्ने प्रचलन चलेको पाइन्छ । एक किम्वदन्तीअनुसार जयप्रकाश मल्ल तलेजु भगवानीसँग सधैंजसो गोप्य रूपमा भेटघाट गरी पाशा खेल्ने गर्दथे । एक दिन उनकी छोरीले तलेजुसँग राजाले पाशा खेलिरहेको देखिन्, । तलेजु भवानी तुरुन्तै त्यहाँबाट अन्तर्ध्यान भईन् । त्यस दिन सपनामा उनले जयप्रकाश मल्ललाई शाक्य थरकी कन्यालाई मेरो प्रतिरूपमा छनौट गर्नु । म उनैमा लीन भएर रहन्छु भनिन् । त्यस बेलादेखि जयप्रका मल्लले उपत्यकामा कुमारी छान्ने चलन चलाएका हुन् (पाण्डे १९८८ पृ. ४४८) । खासगरी शक्तिको रूपमा पनि कुमारीलाई प्रस्तुत गरिदा पनि चण्डेश्वरी पनि शक्तिकै एक रूप भएकोले कुमारी भनिएको हुन सक्छ । ललितपुर चाकवहाल टोलमा रहेको नेपाल सम्वत ८१७ को पौष कृष्ण त्रयोदशी आइतवार राखिएको शिलालेखमा "चण्डिकालाई  नमस्कार ! मयूरमा चढेकी,रातो जीउ,रातो वस्त्र भएकी,शक्ति, अक्षयमाला, विन्दु मुन्द्रा भएकी कुमारीलाई नमस्कार भनि उल्लेख गरिएको पाइन्छ । नेपाल सम्वत ८७१ को वनेपाको एक अभिलेखमा यिनका वाहन रूपमा पंछीलाई दर्शाइएको छ । "ऊँनमःश्री ३ चण्डेश्वर्य ॥ चण्डेश्वरी चण्डविनाश दक्षीसुरेन्द्वंद्या गिरिराज कन्या । भक्तेष्टदां चारु म्यूरयानां शक्त्यायूधाँ वारि शशांकचुडा भनिएको छ (पाण्डे १९८८ पृ. ४४८) ।

## चासु अजिमा

चण्डेश्वरीलाई अजिमा भन्ने गरेको पनि देखिन्छ । भक्तपुरमा यिनलाई चासुअजिमा भन्दछन् । काठमाडौको स्वयम्भूमा देवी हारितीको एउटा मन्दिर छ । त्यसलाई अजिमा भन्ने भनिन्छ । यी देवीले बिफर लगायतका विभिन्न प्रकारका रोगहरूको संक्रमणबाट मानिसहरूलाई जोगाउने विश्वास स्थानीयहरूमा छ । किंम्बदन्तीअनुसार यिनको उत्पत्ति अघि कुनै वेला स्वयम्भू भेगका वालवच्चा प्रत्येक दिन हराउन थाले । त्यसको कारण खोजी गर्दा यी अजिमाले तिनीहरूलाई निरन्तर रूपमा खाने गर्दिरहिछन् । त्यसपछि तिनीहरूले अजिमाको विध्वंशका वारेमा बुद्धलाई उजुरी गरे । बुद्धले पनि हारितीको उक्त कदमलाई नियन्त्र गर्नको लागि उनको सवैभन्दा प्यारो कान्छो छोरा पक्रिएर उसलाई उपदेश दिए । आफ्नो प्यारो छोरा हराएकोमा हारितीलाई ज्यादै दुःख लाग्यो । तिनलाई खोज्दै तिनी बुद्ध भए ठाउँमा पुगिन् । बुद्धले पनि तिनलाई किन अरुका वच्चा खाएको त भनी सोधेछन् । त्यसपछि हारतीले पनि बुद्धलाई अव त्यसो नगर्ने शर्त गरि छन् (जोशी, वि.सं. २०३९ पृ. १२०) । त्यो शर्त मञ्जुर गरेपछि तिनलाई आफ्ना बालवच्चाको सुरक्षाको लागि पूजाआजा गर्न लागिएको जनविश्वास छ । यद्यपि रोगव्याधिको प्रकोपले मानिसहरूलाई नसताओस् भनेर पनि हारतीको पूजाआजा गर्ने गरिन्छ । हिन्दू र बौद्ध दुवैले अजिमाको पूजाआजा गर्दछन् । यिनी तान्त्रिक देवी हुन् । यिनी पनि शक्तिको रूपमा रहेको हुँदा चण्डेश्वरलाई पनि आफ्नो सुरक्षा दिने भएकोले अजिमा भनिएको पनि हुनसक्ने देखिन्छ ।

## चामुण्डा

चण्डेश्वरीलाई मानिसहरूले चामुण्डाको रूपमा समेत उपासना गर्ने गरिएको पाइन्छ । मार्कण्डेय पुराण अनुसार चण्डमुण्ड हुँदा यी देवी चामुण्डा नामले प्रख्यात छन् मार्कण्डेय पुराणमा चण्ड र

मुण्डनामका असुरहरूको वध देवीले गरेको हुँदा तिनको नाम चामुण्डा भएको हो (जोशी, वि.सं २०५०, पृ.७)। धार्मिकग्रन्थमा उल्लेख भएअनुसार देवीको महिषासुरसित सङ्ग्राम हुनुभन्दा पहिले महिषासुरसित वैवाहिक सूत्रमा एकबद्ध हुने वार्तालाप भए अनुरूप श्वेतकालीको नृत्यमा पनि श्वेतकालीको पुत्रीको रूपमा चण्डेश्वरीलाई प्रदर्शाति सर्वप्रथम तिनको र असुरराज बीच वार्तालाप भएको दर्शाई पछि तिनले असुरराजलाई वध गरेको नृत्य प्रस्तुत गरिएको उल्लेख छ । यस नृत्यले कालीचामुण्डाले सर्वप्रथम नव यौवना स्वरूपभई आफ्नो हावभाव कटाक्षद्वारा असुरराजलाई आफूतिर आकर्षित गरी तिनलाई मारेको दर्शाएको पाइन्छ (जोशी, वि.स. २०५०)। विष्णु धर्मोत्तर पुराणको अध्याय १२३ मा चामुण्डालाई प्रेतहरूको साथमा रहने र सर्पको आभूषण धारण गर्ने देविका रूपमा चित्रित गरिएको छ,

*"चामुण्डा प्रैतगारक्ता विकृतास्याहिभूषण ।*

*दंष्ट्रोग्रा क्षीणदेहा च गर्ताक्षी भीरुपिणी ॥*

...............................................

*खेटं पाशंधनुर्दण्ड कुठारम् चेति विभ्रती॥"* (जोशी, वि.स.. २०५० पृ. ७) ।

ललितपुरमा परम्परागत रूपले प्रचलनमा आएको लोकोक्ति अनुसार ललितपुरस्थित ईखालखु टोलमा सर्पको रूप लिई हरिसिद्धिको नाच हेर्न आएकी वनेपाकी चण्डेश्वरीलाई ललितपुर सुलिम्हे टोलका एक तान्त्रिक राजोपाध्याय गयोजूजू भन्ने व्यक्तिले तन्त्रबलले समाती नियन्त्रणमा लिई मन्दिरमा लगेर पूजा आराधना गर्ने गरेका थिए । प्रस्तुत लोकोक्ति तथा ललितपुरमा इन्द्रजात्राको अवसरमा सम्पन्न हुने चण्डेश्वरीको जात्रामा नागको मूर्ति ल्याइने चलन छ । उसले चण्डेश्वरीको चामुण्डा स्वरूपलाई प्रतिनिधित्व गर्दछ । प्रतिमाशास्त्रमा उल्लिखित लक्षणअनुसार विशेषगरी कुमारीको मूर्तिमा सर्पाभूषण हुँदैन् । त्यो सन्दर्भलाई यसले पृष्टि गरेको छ । साथै चामुण्डालाई प्रेतहरूको साथमा रहने भनी वर्णन गरिनु र शवारुढ भनिनुले छ, चण्डेश्वरीको चामुण्डासितको अभिन्न सम्बन्धलाई प्रमाणित गर्दछ ।

चण्डेश्वरीको एक पीठ ललितपुरको बालकुमारी स्थानमा पनि रहेको छ । त्यहाँ साँल्ह टोलका ल्हासा व्यापारी श्रेष्ठहरूले सो चण्डेश्वरी पीठमा प्रत्येक वर्ष देवाली पूजा गर्ने गर्दछन् । सो अवसरमा तिनीहरूले देवी चण्डेश्वरीको साथै कागको पनि पूजा गरी बलिभाग चढाउँछन् । कागले बलिभाग नखाएसम्म तिनीहरू कसैले पनि खान नहुने परम्परा रहेका छ । यस परम्पराले पनि चण्डेश्वरीको चण्डिका अथवा चामुण्डा स्वरूपलाई स्पष्ट पार्दछ । अमरकोषअनुसार कागका दश नामहरूमध्ये बलिपुष्ट र बलिभुक् पनि हुन् । श्री विष्णुपुराण, तृतीय अंश, अध्याय ९ मा पिण्डदानादिद्वारा अतिथिहरूको, स्वाध्यायद्वारा ऋषिहरूको, पुत्रोत्पत्तिद्वारा प्रजापतिको, बलिहरूद्वारा भूतगणको तथा वात्सल्य भावद्वारा सम्पूर्ण जगतको पूजा गर्दै मानिसहरू आफ्ना कर्मद्वारा उत्तमोत्तम लोकहरू प्राप्त गर्दछन् भन्ने वाक्यको उल्लेख छ । यसले कागहरू भूतप्रेत गणकै रूपमा लिइने यर्थाथतिर यंगित भई चण्डेश्वरीको चामुण्डा अथवा चण्डिकासित अत्यधिक सामिप्यता भएको देखाएको छ (जोशी, वि.सं.२०५० पृ. ७) । कतिपय

चण्डेश्वरीसित सम्बन्धित प्राय:अभिलेखहरूमा चण्डेश्वरीलाई चण्डमुण्ड हन्ता चामुण्डा कालीकै रूपमा वर्णन गरिएको पनि पाइन्छ ।

शिवपत्नी रुद्राणीका विभिन्न नामहरू छन्, ती चामुण्डा, कपालिन, काली भवानी, दुर्गा, गौरी, पार्वती, उमा र महादेवी हुन् । अन्य देवताका तुलानामा शिवपत्नीको ज्यादा महत्व रहेको कुरा विभिन्न पुराणहरूले उल्लेख गरेका छन् (शर्मा, १९९९पृ.३२४) । शिवजी दयालु र उग्र भएसरह नै पार्वती पनि दुवै स्वरूपकी हुने कुरा हिन्दू पुराणहरूले वताएका छन् । मार्कण्डेपुराणका अनुसार चण्ड र मुण्डलाई मार्न दुर्गाको क्रोधरुपि निधारबाट कालीको उत्पत्ति भई चण्डमुण्डको बध गरेपछि चामुण्डा नामले पुकारिन लागेकी थिइन् । नेपालमा चामुण्डालाई सप्तमातृका, अष्टमातृका, नवदुर्गा, दशमाहाविद्या मध्येकी एक देवीका रूपमा पनि पूजाआजा गर्ने परम्परा रहेको छ । मूर्तिकलामा चामुण्डा देवीलाई जिब्रो बाहिरनिकालेकी, शवमाथि उभिएकी र नरमुण्डमाला लगाएकी देवीका रूपमा उग्र स्वरूपमा देखाउने चलन छ । यिनको मन्दिर काठमाडौ स्थित जोरपाटीमा रहेको छ । यहाँ सतीदेवीको भएको मान्यता राखिन्छ । किम्बदन्ती अनुसार यिनलाई उपत्यकाकी भाँडाकुडा र रूपैयापैसा सात दिने देवीका रूपमा लिने गरिन्छ । अघि कसैले यसरी साट लिएको बस्तु रपैसा नफर्काएको हुनाले आजकल त्यस्तो सापटी पाउन छाडिएको कुरामा स्थानीय मानिसहरू विश्वास गरि आएको पाइन्छ (भट्टराई, वि.सं.२०६७,पृ.९०) । यी माथिका कारणहरूले गर्दा मानिसहरूले चामुण्डालाई पनि चण्डेश्वरीको रूपमा उपासना गर्ने गरेको पाइन्छ । काठमाडौको किसिपिडी गाउँको चामुण्डादेवीको मन्दिरलाई पनि चण्डेश्वरीदेवी भनी पुकार्ने गरिएको पाइन्छ । उक्त मन्दिरमा रहेको नेपाल सम्वत ७९४ को शिलालेखमा “श्री ३ चामुण्डादेवीलाई सिंह चढाइयो” भन्ने कुरा उल्लेख गरिएको छ । भक्तपुरमा रहेको चाँगुनारायणको मन्दिरमा रहेको छिन्नमस्ता भगवती मन्दिरमा अष्टमातृका मन्दिरको तोरणको अभिलेखमा पनि “कल्याण होस । संवत ७९१ वैशाख कृष्ण द्वादशी आदित्यवारको दिन श्री ३ यिताजु चामुण्डा परमेश्वरी आदि अष्टमातृकालाई प्रशन्नपार्न ...... यो तोरण चढाईयो (शर्मा, १९८६, पृ. ३२०)” भनि उल्लेख भएबाट यहाँ पनि चण्डेश्वरी देवीको स्थापना भएको रहेछ भन्ने देखिन्छ ।

काठमाडौंको वलम्बुमा रहेको चामुण्डा देवीको मन्दिरमा नेपाल सम्वत ८३३ मा ढुङ्गाको प्रस्तरको सिंहको प्रतिमा चढाएको कुरा उक्त मूर्तिको पादपीठमा राखिएको अभिलेखबाट पुष्टि भएको देखिन्छ । यसबाट बलम्बु क्षेत्रमा पनि करीब ३०० वर्ष अघिदेखि चण्डेश्वरीको देवीको अस्तित्व रहेको थाहा पाउन सकिन्छ । भक्तपुरको महाकाली पीठ, कालिकास्थान पिपलवोटको पश्चिम जोरपाटीमा रहेको नेपाल संवत् ८५६ को शिलापत्रमा “श्री चामुण्डालाई नमस्कार । चण्डमुण्डलाई नाश गर्ने देवी चामुण्डाकै चरणकमल नै एक मात्र शरण जान योग्य छ । उनैदेवी चण्डिकाले संसारलाई सूर्यले भै प्रकाश दिई रहेकी छन्, ती देवीलाई नित्य नमस्कार गर्दछ (शर्मा, १९८६, पृ. ३२०)” भनि उल्लेख गरिएको पाइन्छ ।

**चण्डी**

चण्डेश्वरीको रूपमा चण्डीको पनि उपासना गर्ने गरिएको पाइन्छ । संस्कृत साहित्यमा अनुसार चण्डी दुर्गादेवीको एउटा नाम हो । यिनी कुनै बेला दयालु रूपमा रहन्छिन् भने विश्वास गरिने छ । यद्यपी ज्यादाजसो उग्र रूपमा पूजाआजा गर्ने चलन छ । उमा, गौरी, भवानी, पार्वती, हैमवती र जगन्माता आदि उनका दयालु रुप छन् । उग्र रूपमा काली, चण्डी र भैरवी को रूपमा पूजाआजा हुने गरेको पाइन्छ (शर्मा,१९९९,पृ.३१३) । चण्डीको उत्पतिको सम्वन्धमा प्राप्त पौराणिक कथानुसार चण्ड र मुण्डले उत्पात मच्चाएको तथा तिनीहरूलाई देवताले पनि हराउन नसकेको हुनाले तिनीहरूले एकजान सुन्दर कन्यालाई सृष्टि गरेछन् । यी देवी दुर्गा रहिछन, महिषासुरको वध गर्नका लागि चण्डीको रूप लिइन् । महिषका रूपमा आएका चण्डमुण्ड आदि राक्षसलाई बध गरिन् भनी उल्लेख गरिएको छ । यिनलाई उग्र देवी मान्दै भूतप्रेत र पिशाचलाई यिनको गण मान्ने गरिन्छ । यिनी पनि शक्तिको देवी हुनाले दशैको समयमा दुर्गा देवीको पूजाआजा गर्ने तथा घरघरमा चण्डीपाठ गर्ने चलन छ ।

**दुर्गा**

दुर्गालाई चण्डेश्वरीको रूपमा मानिसहरूले पूजा उपासना गर्ने गरिएको पाइन्छ । मानिसहरूलाई दुर्भाग्यबाट बचाउने देवीलाई दुर्गा भनिन्छ । यिनको नामोल्लेख सर्वप्रथम महाभारत महाकाव्यमा पाइन्छ । उक्त ग्रन्थमा उनलाई विन्ध्यपर्वतमा वस्ने, मदिरा, मासु र पशुबलीबाट प्रशन्न हुने मान्दै महिषासुरमर्दिनी र कन्याकुमारी पनि भनिएको छ । देवी महात्म्यमा दुर्गाले डरलाग्दा र बलवान् कैयौ राक्षसहरूको वध गरेको चर्चा पाइन्छ । शुरुमा मांश र मदिराबाट पूजिने यी देवी वैष्णव धर्मको प्रभाव बढेपछि बैष्णवी वन्न पुगिन । उमा, पार्वती, सावित्री, अम्बिका र गायत्री सवै दुर्गाका नामहरू हुन् (शर्मा, १९९९,पृं.४२७) । मार्कण्डेय पुराणको दुर्गासप्तसतीमा नवदुर्गाको नामोल्लेख गरिएको पाइन्छ । शैलपुत्री, ब्रहमचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्री, महागौरी र सिद्धिधातु पर्दछन् । दुर्गालाई सुन्दर रूपवाली (त्रिपुरासुन्दरी), हातमा अनेक प्रकारका अस्त्रहरू धारण गरेकी, हिंवाहन भएकी र महिषासुरको बध गर्ने आदि विश्लेषण दिइएका छन् । आश्विन शुक्लपक्षमा उनको नौ दिन र रातसम्म पूजाआजा गर्ने परम्परा छ । दशै पर्वमा दुर्गादेवीको पुजाआजासँग सम्वन्धित महत्वपूर्ण चाड हो । दशैका नौ दिनसम्म चण्डीपाठ गर्ने र तिनका नाममा पशुबलि दिने चलन छ । त्यसैले मानिसहरूले आफ्नो सुरक्षा, सम्बृद्धिका लागि दुर्गालाई पनि चण्डेश्वरी मानी उपासना गर्दछन् ।

**काली**

चण्डेश्वरीमा कालीको पनि मूर्ति रहेको छ भने कालीलाई पनि चण्डेश्वरीको स्वरूप मानिएको छ । मानिसहरूले उपासना गर्ने विभिन्न देवीहरूमध्ये काली निकै महत्वपूर्ण मानिन्छन् । यिनलाई देवी दुर्गा र महिषासुरमर्दिनीका नामले पनि चिनिन्छ । यिनी कालो वर्णकी हुनाले यिनलाई काली भनिएको हो । यिनलाई चण्डीका नामले पूजाआजा पनि गरिन्छ । यिनका नाममा कालीकापुराण समेत वनेको छ ।

उक्त ग्रन्थलाई कालितन्त्र भनिन्छ । यिनलाई यहाँ बलि दिने चलन छ । महाभारतमा कालीको पहिलो चर्चा गर्ने ग्रन्थ हो । यस ग्रन्थमा अर्जुनले काली र महाकालीको स्तुति गरेको उल्लेख गरेको पाइन्छ । मार्कण्डेयपुराणमा शुम्भ र निशुम्भको लडाईमा पार्वतीको शरीरबाट अम्बिका उत्पत्ति भएको र शरीर कालो भएकाले तिनलाई काली भनिएको विवरण छ (शर्मा, १९९९, पृ. ४१०) ।

सामान्यतः काली, महाकाली, मद्रकाली, गुह्यकाली, रक्षाकाली, दक्षिणकाली, श्यामशनकाली र चामुण्डा कालीका लागि दिइएका मुख्य नामहरू हुन् । नेपालमा कालीलाई चामुण्डाको रुपमा पूजा प्राचीन कालदेखि हुने गरेको देखिन्छ । मध्यकालदेखि भने कालीको पूजा उपासनाले ज्यादा महत्व पाउन थालेको हो । मध्यकालमा कालीलाई श्यामशनसँग सम्वन्धित देवी मानेर तिनका मूर्ति र मन्दिरहरू खोला या नदीको छेउमा निर्माण गर्ने चलन चल्यो । तिनलाई पशुबली व्यापक रूपमा दिने चलन पनि मध्यकालभर चलिरह्यो । नेपालमा मध्यकालतिरै सिद्धकाली, भद्रकाली, महाकाली, रक्तकाली, रक्षाकाली श्यामशनकाली, दक्षिणकाली र दन्तकालीका रूपमा पूजाआजा गर्न लागियो । यसैको व्यापक प्रभावका कारण पनि हुन सक्छ वा मानिसहरूले प्रस्तरबाट निर्मित मूर्तिहरू नचिनेर पनि होला सबै देवीका मूर्तिहरूलाई चण्डेश्वरी नै मानेर पूजाउपासना गर्न लागेको पाइन्छ ।

ललितपुरको पिम्वहाल भित्र पूर्वपट्टिको सानो मन्दिरको अगाडि नेपाल सम्वत् ८८६ को शिलालेखमा ".... भवानीलाई नमस्कार । ..... हित गर्ने, कल्याण गर्ने, चण्ड मुण्डको टाउको काट्ने, राम्रो हाँस भएकी कालिका देवीलाई ढोग्दछु" भन्ने उल्लेख गरिएको पाइन्छ (शर्मा, वि.स.२०५७, पृ.३६) । चण्डेश्वरीलाई विविध नामले पुजाअर्चना गरे तापनि ती सबैको एकै स्वरूप चण्डेश्वरी नै भएको तथ्यलाई विभिन्न साहित्यिक ग्रन्थहरूले पुष्टि गरेका छन् । संस्कृतविद् हरिराम जोशीले पनि देवी चण्डेश्वरी कुमार कार्तिकेयकी पत्नी कौमारी नभई चामुण्डा काली नै भएको कुरा उल्लेख गर्नु भएको छ (जोशी,वि.सं२०५०,पृ.७) । माथि उल्लिखित देवीहरूको स्वरूप फरक भएपनि तिनीहरूको गर्ने काममा पनि एकै प्रकारको देखिन्छ । मानिसहरूलाई मात्र नभए देवताहरूलाई समेत राक्षसी प्रबृत्तिबाट रक्षा गर्नु यिनीहरूको महत्वपूर्ण कार्य हो । मानिसहरूले पनि आफ्नो सुरक्षा र शक्ति आर्जनका लागि चण्डेश्वरी देवीको उपासना गर्ने गरेको पाइन्छ ।

**पार्वती**

ललितपुर राजदरवारको मूलचोकको पूर्वपट्टिको लङ्गमा दलानको निलामा टाँसिएको नेपाल सम्वत ७८६ आश्विन शुक्ल प्रतिपदाको सुवर्ण पत्राभिलेखकको उच्चारणमा "कल्याण होस । श्री भगवानीलाई नमस्कार । ठूला लडाई अट्टहाँस गर्ने भएकी, भयङ्गर खड्ग लिने भएकी, चण्डमुण्ड दैत्यलाई मार्ने भएकी, लामो मुण्डमाला लाउने भएकी, मात्तिएका दैत्यहरूलाई नष्ट पार्ने भएकी डरलाग्दो रूपधारन भएकी, प्रलयकालको मेघ जस्तै गजर्न भएकी पार्वती(चण्डेश्वरी) लाई नमस्कार गर्दछु भन्ने उल्लेख गरिएको छ । नेपाल सम्वत ७८३ को ललितपुर पिंगवहाल स्थित चण्डेश्वरी मन्दिरको अभिलेखमा ऊँ नमःभवान्यै ॥

शिवशक्तिस्वरूपाय व्यापिनी, सव्वरुपिनीसर्व्व दोष प्रशान्ताय समस्ते भूतस्वामिनी॥ भनी यी देवीलाई भागवान् शिवकी शक्ति स्वरुपिनीको रूपमा दर्शाइएको छ (जोशी, वि.सं २०५०, पृ.७) ।

### एकजटी

माई चण्डेश्वरीलाई तिव्वती मूलका बौद्धमार्गीले एकजटीका रूपमा मान्ने गरेको पनि पाइन्छ । एकजटी सजिलैसँग खुशी हुने र मानव कल्याण गर्ने देवीका रूपमा बौद्धर्धममा प्रचलित देवी हुन् । एकजटीका रूपमा चण्डेश्वरी देवीलाई पूजा एवम् प्रार्थना गर्न तिब्बतर ताईवानबाट समेत मानिसहरू आउने गरेको पाइन्छ । लामा र बौद्धमार्गीहरू समयसमयमा चण्डेश्वरी पीठमा आउने र पूजापाठ गर्ने गर्दछन् । वि.स.१३८९-१४१३ सम्म वनेपामा शासन गर्ने शासक अनेकरामलाई उनका पुत्र मदनसिंहले "एकजटी चरणसेवक कान्तिवरलब्ध" भनी उल्लेख गरेको देखिएकोले पूर्वमध्यकालदेखि नै नेपालीहरूले पनि चण्डेश्वरीलाई एकजटीको रूपमा पूजा एवम् उपासना गर्ने प्रचलन रहेको देखिएको छ (विरलित वि.सं. २०६२ पृ. ११) ।

### दक्षिणकाली

प्रसिद्ध दक्षिणकाली चामुण्डादेवीलाई पनि चण्डेश्वरी नै हुन् भने मानिएको पाइन्छ । पहिले केवल पीठको रूपमारहेको स्थानमा राजा प्रताप मल्लले हालको दुर्गाको मूर्ति वनाई स्थापना गराएको भन्ने रहेको पाइन्छ । यी देवीसँग सम्वन्धित तिथि मिति सहितको सवैभन्दा पुरानो आधिकारिक रूपमा यी देवीको जात्रा नै मूर्तिको मुकुटलाई लिन सकिन्छ । त्यस मुकुटको अभिलेखमा नेपाल सम्वत ३६० आश्विन कृष्ण एकादशी भनी उल्लेख गरिएको पाइन्छ । चामुण्डा देवी नै चण्डेश्वरी देवी हुन् भन्ने उल्लेख गरेको पाइन्छ ।

### गुहेश्वरी

गुहेश्वरी देवी चण्डेश्वरीकै मूलरूप हुन् । यस कुराको पृष्टि कालिका कुलक्रमार्चन नाम हस्तलिखित ग्रन्थमा पनि उल्लेख गरिएको पाइन्छ । यसग्रन्थमा गुहेश्वरीका पन्ध्रमुख रहेको वताइएको छ, ती माहेश्वरी, चण्डेश्वरी, गणेश्वरी, हण्डेश्वरी, योगेश्वरी, महाचण्डेमहेश्वरी, महाचण्डेचण्डेश्वरी, महाचण्डेयोगेश्वरी, महाचण्डेगणेश्वरी, महाचण्डेश्वरी, महारागचण्डेश्वरी, महाखगचण्डेश्वरी र महामहेश्वरीचण्डेश्वरी हुन् (शर्मा, १९९९ पृ. ५१०) ।

### अष्टमातृका

पारमेश्वरागम्, मत्स्यपुराण आदिमा चण्डेश्वरीलाई अष्टमातृकाको सृष्टिको रूपमा मानि अष्टदलकमलको माझमा श्री चण्डेश्वरीदेवी विराजमान छन् । यिनको चारैतिर अष्टमातृकाहरू व्राम्ही, माहेश्वरी, वाराही, वैष्णवी, कौमारी, चामुण्डा, ऐन्द्री, महालक्ष्मी रहेको उल्लेख गरिएको पाइन्छ । यिनी

माझमा उग्रचण्डीको रूपमा विराजमान भई चारैतिर रुद्रचण्डा, प्रचण्डा, चण्डाग्रा, चण्डनायिका, चण्डा, चण्डवती, चण्डरूपमा र चण्डिद्वारा घेरिएर रहेकी छन् (शर्मा १९९९ पृ. ५१०) ।

### सप्तमातृका

देवी चण्डेश्वरीकै शरीरबाट सत्पमातृकाको उत्पत्ति भएको र आफू सहित अष्टमातृका भएकी हुन् भन्ने धार्मिक विश्वास रहेको पनि पाइन्छ । यसको आधारमा देवी चामुण्डाको मुखबाट ब्राम्हायणी, गृह्य अगंबाट माहेश्वरी, कष्ठबाट कौमारी दुवै हातबाट वैष्णवी (महालक्ष्मी), पीठ्युबाट वाराही, स्तानबाट चण्डी(ऐन्द्री) र हृदयबाट नारसिंही उत्पत्ति भएको मानिएको छ (शर्मा, वि.स.२०५७, पृ.३६)।

## ३.४. उपत्यकाका चण्डेश्वरी पीठ

प्रचलित किम्वदन्तीअनुसार एक दिन बनेपाका राजा काठमाडौ घुम्न आएको समयमा हात्तीले लछारपछार गरी दुःख दिएछ । त्यसबेला राजाले श्री माई चण्डेश्वरी सम्झेर पुकार गर्दा नरदेवीको रूपमा प्रकटभई राजालाई हात्तीबाट बचाएको थिइन् । नरदेवीको रुखको फेदमा रहेको चण्डेश्वरीको मूर्तिलाई त्यसको प्रतीक मानिन्छ । नरदेवीको नाँच चाउँदा श्रीमाई चण्डेश्वरीले चण्डासुर दैत्यको वध गर्ने दृश्य पनि देखाइने चलन यसरी नरदेवीलाई विभिन्न कथाहरू जोडेर चण्डेश्वरीसँग सम्वन्धित देखाउन खोजिएको छ । उपत्यकामा चण्डेश्वरी देवीकै नामले प्रख्यात चारवटा प्रसिद्ध चण्डेश्वरी मन्दिरहरू छन् । वनेपा चण्डेश्वरी भक्तपुर चण्डेश्री, ललितपुर चण्डेश्वरी र टोखा चण्डेश्वरी प्रमुख हुन् । यी चारवटा चण्डेश्वरीहरूमा पनि विभिन्न पुराणहरूमा उल्लेख भएको प्रमाणिक आधारमा मूल रूपमा बनेपाको रक्तचन्द वनमा विराजमान चण्डेश्वरी नै हुन् पूजा अर्चनाको लागि अन्यत्र पनि साधना गरी मन्दिर निर्माण गरिएको हो । जगतकेशरी विचरितले आफूले अनुवाद गर्नु भएको पुस्तक श्री चण्डेश्वरी माहात्म्यमा उल्लेख गर्नु भएको छ (विरचित,वि.स.२०६२, पृ.५०) । वनेपा, भक्तपुर र ललितपुरमा रहेको चण्डेश्वरीको केही संक्षिप्त विवरण यसरी दिन सकिन्छ ।

### बनेपाको चण्डेश्वरी

उपत्यकाको पूर्वपट्टि काभ्रेपलाञ्चोक जिल्लाको वनेपामा प्रसिद्ध देवीको पीठ चण्डेश्वरी मन्दिर रहेको छ । त्यहाँका मानिसहरू यी देवीलाई चण्डेश्वरी भन्ने गर्दछन् । तर नेपाल माहात्म्यमा चण्डिका, माहेश्वरी र भगवती भनिएको पाइन्छ (रेग्मी, वि.स.२०५०,पृ.७४) । स्थानीयहरू चण्डेश्वरीलाई कुमारीको रूपमा पनि मान्दछन् । बौद्ध धर्मालम्बीहरूले भने एकजटीको रूपमा पूजा अर्चना गर्ने गरेको पाइन्छ (मानन्धर, वि.स.२०५०,पृ.१) ।

मन्दिर प्रवेश गर्नका लागि पश्चिम पट्टि आकर्षक खालकोद्वार रहेको छ । वनेपा चण्डेश्वरी देवीको मन्दिर तीन तले रहेको छ । यो मन्दिर उत्तरतर्फ फर्किएको छ । मन्दिर करीव एकसय फिट चौकोट चोकको माझमा मन्दिर अवस्थित रहेको पाइन्छ । मन्दिरको दक्षिण दिशा वाहेक तिनैतिर पाटी

रहेको छ । मन्दिरको अगाडि चार वटा ठूला-ठूला शिलास्तम्भहरू रहेका छन् । यी सवै शिलास्तम्भहरू कछुवामाथि ठड्याइएको पाइन्छ । ती शिलास्तम्भहरूको टुप्पामा दुईवटा मयूर र दुईवटा सिंहलाई मन्दिर तिर फर्काएर राखिएका छन् । मन्दिरको चारैतिर पेटी वनाइएको छ ।

मन्दिरमा २४ वटा टुडाँलहरू रहेका छन् । यस मन्दिर भित्रपट्टि गर्भग्रहमा सानो ३ तले खटमा देवीलाई विराजमान गराइएको छ । मन्दिरका छानामा स्वर्ण मोलम्वायूक्त पाताहरू ठोकिएका छन् । पहिलो छानामा वि.स. १७३१ र दोस्रो छानामा ने.स.८०१ कुँदिएको अभिलेख देख्न सकिन्छ । मन्दिरको वाहिरी स्वरूप वि.स. १८८६ मा जगैदेखि नयाँ निर्माण गरिएको कुरा चण्डेश्वरीका पुजारी चन्द्रवीर कर्माचार्यले जानकारी दिनुभयो । यो मन्दिरको पश्चिमतर्फको भित्तामा ठूलो भैरबको चित्र छ । त्यसलाई स्थानीयहरूले मसानकाली भन्दछन् । यस्तै भैरबको चित्र पशुपति देवपत्तन स्थित जयवागेश्वरी देवीको मन्दिरको भित्तामा पनि रहेको उल्लेख गरिएको छ (शर्मा, वि.स. २०५७, पृ.३९) ।

यी देवीको बारेमा पर्वतीया वंशावलीमा १३ औ शताब्दीका राजा आनन्द मल्लले चण्डेश्वरी पीठको नजिकै वनेपानगर (वनेपा) निर्माण गरेको उल्लेख गरेका छन् । गोपालराज वंशावलीमा ने.स.३५२ मा वनेपाको डाँडामाथि किल्ला निर्माण गरिएको उल्लेख गरिएको पाइन्छ (शर्मा वि.सं. २०५७, पृ. ४०) । वाहिर प्रदक्षिणा पथ रहेको छ भने चारैतिर वत्ती वाल्ने दिवाहरू राखिएका छन् । मन्दिरको मूलद्वार पूर्णरूपमा काठबाट वनेको छ । दुई तहको चौकोस प्रयोग गरिएका छन् । पहिलोमा परम्परागत पत्र, कलश,आगोको ज्वाला सिकी, करुवा आदिको बुट्टाहरू प्रयोग गरिएको छ । दोस्रो तहको चौकोसमा मोलम्बा सहितको पाताले मोडेको छ । उक्त मोलम्बा सहितको पाताले ढाक्ने काम ने.स.९७० मा राजेन्द्र वीर विक्रम शाहको शासनकालमा भएको सोही चौकोस माथि दायाँवायाँ उत्कीर्ण गरिएको अभिलेखले वताउँछ (रेग्मी, वि.स.२०५०,पृ.७४) ।

पहिलो प्रवेशद्वारबाट भित्र गएपछि दोस्रो प्रवेशद्वार आउँछ । चण्डेश्वरी मन्दिरमा दुई तहको गारोको प्रयोग गरिएको छ । दोस्रो प्रवेशद्वारमा पनि मोलम्वा सहितको पाताले मोडेको छ । उक्त पाताले मोड्ने काम ने.स. ९१७ मा राजेन्द्र वीर विक्रम शाहको शासनकालमा भएको तथ्य उक्त प्रवेशद्वारको निदालमा भएको अभिलेखले प्रष्ट गर्दछ । अभिलेख प्रचलित नेवारी लिपिको हो । यसमा काठको तोरण राखिएको छ (श्रेष्ठ/अमात्य),वि.स २०५०, पृ.९५) ।

चण्डेश्वरी मन्दिरको मूल मूर्ति आकार विहीन रहेको छ । तामाको पाताले ढाकिएको त्रिनेत्र राखिएको रुखको फेद आकारको मूर्ति नै चण्डेश्वरीको मूल मूर्ति हो । मन्दिरको छाना तहतह परेको छ । छानाको माथिल्लो भागमा गजूर र छत्रको प्रयोग गरिएको छ । वनेपाको चण्डेश्वरीलाई वर्षमा तीन पटक पञ्चबलि दिने परम्परा रहेको छ । चण्डेश्वरीको जात्रा हुनुभन्दा दुई दिन अगाडि,दशैमा अष्टमी र नवमी गरि दिने परम्परा रही आएको छ । त्यसरी दिने पन्चबलिमा राँगो, वोका, भेडा, हाँस, कुखुरा दिने गरिएको छ (लम्साल, वि.स.२०२३,पृ.२०) ।

पञ्चबलि दिदा पनि रोलक्रमअनुसार दिने परम्परा रहेको छ । छाना सुधार समितिका अध्यक्ष रामगोपाल कायस्थले दिनु भएको जानकारीअनुसार पहिला बोका, दोस्रोमा भेडा, तेश्रोमा राँगा, चौथोमा भाले, पाँचौमा हाँस दिने गरिएको छ । चण्डासुरको वध गरिएको महिना बैशाखभएको हुनाले बैशाख पुर्णिमालाई चण्डीपुर्णिमा भनिन्छ । सोही दिन चण्डेश्वरीको जात्रा गर्ने चलन छ । चण्डेश्वरी मन्दिरको उत्तरतर्फ चण्डिकेश्वर महादेवको मन्दिर रहेको छ । यस मन्दिरको पश्चिम तर्फ द्वार छ । यसको तस्वीर चित्रफलकमा प्रस्तुत छन्   ।

**भक्तपुरको चण्डेश्वरी**

भक्तपुर शहरको पूर्वतर्फ चासुख्यः टिवुक्छे टोलको गल्ली भित्र घरैघरको बीच एक कुनामा यो मन्दिर स्थापित गरिएको छ । चण्डेश्वरीलाई भक्तपुरका मानिसहरूले अजिमाको रूपमा लिदै जीवितदेवी कुमारीको पीठको स्वरूपमा पुज्ने चलन गर्दछन् । यी देवीको प्रभाव क्षेत्र भक्तपुरमा क्वाछे टोलदेखि दत्तात्रेय मन्दिरसम्म रहेको पाइन्छ । मन्दिर तीन तले मण्डपशैलीमा निर्माण गरिएको छ ( प्रजापति,वि.स.२०५०,पृ.१४) ।

यहाँको चण्डेश्वरीको देवीको द्योः छैं पनि रहेको छ । यस द्यो छैं को निर्माण ने स. ८४८ मा राजा रणजीत मल्लको समयमा छानामा सुनको मोलम्वा र मन्दिरमा गजूर हालेको अभिलेखमा उल्लेख गरिएबाट चण्डेश्वरीको देवल राजा रणजितमल्लको शासनकाल भन्दा अघि नै वनी सकेको पुष्टि हुन आउँछ ।  यस मन्दिर वि.स. २०४९ सालमा पुनःनिर्माण गर्ने काम सम्पन्न भएको थियो । भक्तपुरको चण्डेश्वरीको मुखाकृति महिषमर्दिनी भगवतिको जस्तो रहेको छ । यिनकौ काठको मूर्ति जीर्ण भएकोले धातुको मुखाकृतिले ढाकिएको छ (शर्मा, वि.स.२०५७,पृ.४१) ।

यस मन्दिरको पुरा छाना नै सुनको मोलम्वा लगाईएको छ । यहाँ वनेपाको जस्तो मन्दिरको भित्तामा भित्ते चित्र भने छैन् । भक्तपुरमा चण्डेश्वरीलाई चासुद्यो पनि भन्ने चलन रहेको पाइन्छ । यो चण्डेश्वरी अजिमा मन्दिरलाई राजा रणजीत मल्ल र जनता मिलेर स्थापना गरिएको त्यहाँ रहेको नेपाल संवत ८३३ र ८५४ ले स्पष्ट गरेको पाइन्छ । ढुङ्गाको साधा मूर्तिका रूपमा पूजिने चण्डेश्वरी अजिमास्थल वरिपर ढुङ्गेधारा, पुस्तकालय, भजनगृह, फल्चापाटीलाई व्यवस्थित तरिकाबाट स्थापित गरिएका छन् । भुँईमा ढुंगा ईट्टा  छापेको र झिँगटीको छानो आकर्षक रूपमा रहेको छ । चण्डेश्वरी मन्दिर अष्टमातृका पछि अर्को मातृका थपेर भक्तपुरको रक्षक मानिने नौ वटा दुर्गा अर्थात नवदुर्गाको रूपमा पनि लिने गरिएको छ । विजय दशमी र नवदुर्गा जात्राको वेला विशेष पर्व पर्ने चण्डेश्वरी अजिमा वनेपाको चण्डेशवरीकै प्रतिकृतिमा स्थापित रहेको छ ।

कलात्मक चण्डेश्वरी मन्दिर मण्डप शैलीको यो मन्दिर ३ तलाको छ । सुनको मोलम्वा युक्त छाना आकर्षक छ । मन्दिरको प्रवेशद्वारमा सुवर्ण मयूरको स्तम्भले चण्डेवरी मन्दिरलाई थप आकर्षक वनाएको छ । मन्दिरभित्र चण्डेश्वरी देवीको मूर्ति विराजमान रहेको छ । चण्डेश्वरीलाई शक्तिशाली

देवीको रूपमा पूज्ने परम्परा पनि त्यहाँ छ । लोकोक्ति अनुसार मल्लकालीन समयमा भक्तपुरका राजाले घोडामा सवारभई वनेपा स्थित चण्डेश्वरी मन्दिरमा पुऱ्याएपछि मात्र त्यहाँको जात्रा सुरु हुने परम्परा थियो ।

त्यो चण्डेश्वरी मन्दिरको स्थापना गरिनुको कारण बारेमो एउटा लोकथनबाट जानकारी प्राप्त गर्न सकिन्छ । उक्त मिथकहरुमा भक्तपुरका राजा दैनिक घोडा चढेर वनेपा चण्डेश्वरीको दर्शन गर्नजाने गर्दथे । एक दिन सपनीमा चण्डेश्वरीले दर्शन दिएर भनीछिन "मेरो कारण तिमीलाई धेरै दुःख भयो । तिमी आफ्नो दरवारको पूर्व क्षेत्रमा जाउ जहाँ थुप्रै झिँगाहरू भुनभुनाईरहने छन् । तिमी त्यही गएर मन्दिर स्थापना गरी मेरो पूजाआजा गर्नु । म त्यही दर्शन दिन आउने छु (प्रजापति, वि.सं. २०५०, पृ. १५)" चण्डेश्वरीले दिएको आदेश मुताविक राजा दरवारक्षेत्रबाट पूर्व जाँदा त्यहाँ एउटा जमीनको ढिस्कोमा माहुरी जस्तै झिँगाहरू भुनभूनाई रहेको देखेछन । त्यही स्थानमा राजाले सपना देखे वमोजिम चण्डेश्वरी मन्दिरको स्थापना गराएका हुन् ।

चण्डेश्वरी पीठ स्थानको पाटीको ताम्रपत्र र शिलालेखमा ने स. ८६४ र ने.स.८६५ मा वत्ती वाल्नका लागी गुठी राखिदिएको पनि उल्लेख गरिएको पाइन्छ(शर्मा, वि.स.२०५७,पृ.४१) । भक्तपुरको चण्डेश्वरीको पीठको उत्पत्ति एकिन गर्न नसकिए पनि जनस्रुतिअनुसार हाल चण्डेश्वरीको पीठ प्रतिष्ठापित भएको ठाउँको चारैतिर मसान रहेको स्थानी वासिन्दा श्रीकृष्ण कर्माचार्यको भनाइ रहेको छ । मूर्ति पश्चिमपट्टि फर्केको छ भने पीठ मन्दिरभित्र नै पश्चिम उत्तर कुनामा चण्डिकेश्वर महादेवको शिवलिङ्ग रहेको छ । यस सम्बन्धि चित्रहरू पछाडि चित्र फलक सङ्ख्या प्रस्तुत छन् ।

**ललितपुरको चण्डेश्वरी**

ललितपुरको चण्डेश्वरी मन्दिर बागमती नदीबाट दक्षिण र पाटन दरवार क्षेत्रबाट उत्तर पश्चिम दिशामा पिम्वहाल जमल पोखरीको समीपमा अवस्थित छ । तान्त्रिक व्राम्हण गयपति अर्थात गयो वाजेसँग सम्वन्धित पीठ हो (शर्मा,२००१,पृ. १) । स्थानीयको विश्वासअनुसार "सुलिम स्थान निवासी गयो वाजे वा गयपती राजोपाध्याय भन्ने एक ठूला तान्त्रिकले इखालखु भन्ने स्थानमा हरिसिद्धिको नांच हेर्न आएकी चण्डेश्वरीलाई आफ्नो तन्त्रको बलल समाती सर्पको रूपमा सात दिन सात रातसम्म आफ्नो वाहुलामा थुनिराखे । देवीलाई तन्त्रको वलले आफ्नो वशमा पारी मन्दिरमा लगी पूजा आराधना गरे ।" स्थानीयका मतानुसार गयोपति राजोपाध्यायले वनेपाली चण्डेश्वरीलाई ल्याएर तान्त्रिक विधिअनुसार पूजा गर्ने गरेको वताउँछन् (शर्मा, २००१, पृ. १) । पाटनमा रहेको चण्डेश्वरीको मन्दिर तलेशैलीमा निर्माण भएको तीन तलाको छ । यहाँको मन्दिरको ढोका दक्षिणतर्फ फर्केको छ । चण्डेश्वरी मन्दिरको अवलोकन गर्दा सर्वप्रथम यस मन्दिरमा गणेशको मूर्ति थियो भन्ने अनुमान गर्न सकिन्छ । चण्डेश्वरीको दायाँ वायाँ भैरब र सिद्धिलक्ष्मीको मूर्ति मानी पूजागर्ने गरिएको पाइन्छ । गणेशको मूर्ति मन्दिरको भित्रपट्टि अवस्थित रहेको छ । मन्दिरको ढोकामा नै प्रस्तरको साँढेको मूर्ति रहेको छ (शर्मा,वि.स.२०५७,पृ.४१) ।

उक्त मूर्तिलाई स्थानीयहरूले वाराही मन्दिरका पूर्वपट्टिको सानो प्वाल जस्तोलाई कौमारीको रूपमा पुज्ने चलन छ । हरेक दुईवटा प्वालको माथिको त्रिकोण आकारलाई नृत्येश्वरको रूपमा पूजा गर्ने परम्परा रहेको स्थानीयहरू बचाउँछन् । मन्दिरको तोरणमा पनि नृत्येश्वर र नागले टोकेको छेपुको आकृति कुँदेको पाइन्छ । जहाँ फूलेको फूलयूक्त लहराले शोभायान पारेको देखिन्छ । मन्दिरको पवेश द्वारको दायाँवायाँ पुष्ट शरीर युक्त भएको सुन्दर सिहको सजीव मूर्ति रहेको छ । मन्दिरको दायाँ वायाँ ठूला-ठूला घण्टा रहेका छन् । देव्रेपट्टिको घण्टा झुण्ड्याइएको खम्वा भव्य कछुवाको मूर्तिमाथि अड्याएको छ । तीन तले उक्त मन्दिरमा १९ वटा आकर्षक टुँडांल रहेका छन् । मन्दिरको चारैतिर देव-देवीहरूका मूर्तिहरू रहेको देखिन्छ । मन्दिरको प्रदक्षिण गर्ने चारैतिर वत्ती वाल्ने पालाहरू राखिएका छन् । मन्दिरको तेस्रो तला आँखी झ्यालले शोभायमान छ । चण्डेश्वरी मन्दिरमा भएका शिलालेखहरूमध्ये दायाँ भित्तामा कुँदेर शिलालेखअनुसार यो मन्दिर ने.स.११०४ भाद्र कृष्ण पञ्चमी तिथिमा अर्थात् २०४१ सालमा जिर्णोद्वार भएको देखिन्छ (शर्मा, बि.सं. २०५७, पृ. ४१) ।

चण्डेश्वरीको मन्दिर अगाडि वाहन सहित शिवलिङ्ग रहेको छ । यस चण्डेश्वरी मन्दिरमा एउटा ताला वन्द कोठा पनि रहेको छ । जनविश्वासअनुसार उक्त कोठामा गयवाजे वा गयपति राजोपाध्यायले तपस्या गर्दा गर्दै विलिन भएका थिए । निजका वाह्रौ पुस्ताका दरसन्तान सूर्यनाथ शर्मा राजोपाध्यायले आफ्ना पुर्ख्यौली मत अनुसार “मन्दिरको कोठा तपस्या गर्न मात्र वनाएको तर तपस्या भने सोही घरको छिडी कोठामा गरेका थिए भन्ने रहेका छ । प्वास्या तमोट भन्ने व्यक्तिले उक्तछिडी कोठा खनेर हेर्दा रातो सिन्दूर र चामलको पोको, खाल्डो र एक सुरुङ्ग भेट्टाएको भन्ने भनाई रहेको छ (शर्मा, वि.सं. २०५७, पृ. ४१)” । यहाँको चण्डेश्वरीलाई पाटनका पात्रवंश श्रेष्ठथरका जातिहरूको कुलदेवताको रूपमा पूजा अर्चना गर्ने गरेका पाइन्छ । जहां अझै ३६परिवार रहेका छन् । तिनीहरूले वैशाख अक्षयतृतियाका वालाचर्तुदशीका दिनमा गरिने देवाली ३६ परिवार मिलनेर गरिने ठूलो पूजा हो । यसबेला मन्दिरको अगाडी होम यज्ञगरी चण्डेश्वरी मान्दिरमा वोका बलि दिने गरिन्छ । यिनीहरूको चारवटा दिवाली छुट्टाछुट्टै रूपमा गरिने गरिएको छ ।  त्यस्तो पूजाको नेतृत्व थकाली अर्थात् जेठो मानिसबाट विविधपूर्वक गोप्य पूजा गरिन्छ । यहाँका पुरोहित राजोपाध्याय हुन् । यो मन्दिर पाटनका प्रसिद्ध राजा सिद्धिनरसिंह मल्ले ने.स. ७४०-७८१ को राज्यकालमा वनेका जनस्रुति पाइन्छ (श्रेष्ठ,वि.स.२०७५, पृ.१५) । यहाँ ने.स.९६६, ने.स.१००८, वि.स. १९५३ र वि.स.१९८७ का अभिलेख पाइएका छन् ।

यो मन्दिरको गर्भगृहमा अर्को सानो मान्दिर पनि रहेछ । सानो गर्भगृह वन्द अवस्थामा रहेको छ । गर्भगृह मन्दिरको पूर्वकोणमा गणेशका मूर्ति रहेछ । माथिल्लो छाना वाहेक तलाका दुवै छानाहरू झिँगटीले छाइएका छन् । तल्लो छानामा एउटा दक्षिण र मध्यको छाना दुईवटा पूर्व र दक्षिण गजुर राखिएका छन् । शिरानको तला सुवर्ण मोलम्वा लगाई ताम्रपत्रबाट छाइएको छ । माथिल्लो तलामा तिनवटा गजूर रहेका छन् । गजूरबाट दुईवटा पता पहिलो तलाको झिँगटी छानासम्म पुग्ने गरी सोभियत

गरिएको छ(श्रेष्ठ, वि.स. २०७५, पृ.१५) । यस मन्दिरसँग सम्वन्धित चित्रहरू पछाडि चित्रफलक सङ्ख्या प्रस्तुत छन् ।

## ३.५. टोखा चण्डेश्वरी पीठ

नेपालमा शक्ति पूजाको परम्परा अत्यन्त प्राचीन रहेको पाइन्छ । ई.पू.दोस्रो शताव्दी देखिकै शक्तिसँग सम्वन्धित मूर्तिहरू नेपालमा प्राप्त भएका छन् (वाङ्देल,वि.स.२०२७,पृ.१२६)। लिच्छविकालमा पनि शक्तिपूजाको रूपमा मातृकापूजाले प्रख्यात भएको तथ्यलाई नेपालमा प्राप्त भएका अभिलेखहरूबाट पनि स्पष्ट हुन्छ (वज्राचार्य,वि.स.२०३०,पृ.२११)। लिच्छविकाल पश्चायत मध्यकालमा आएर नेपालमा शक्ति पूजाले सर्वाधिक महत्व पाएको देखिन आउँछ (रेग्मी,वि.स.२०५८,पृ.१९४) । राजादेखि सर्वसाधारण जनतासम्मले आफ्नो उन्नति, प्रगति, शासनसत्ता प्राप्ती लगायत युद्धमा विजय हुनका लागि समेत शक्ति आर्जन गर्नका लागि अनेक रूपमा देवीहरूको उपासना गर्ने गरेको पाइन्छ भने पुराणहरूमा समेत स्त्री शक्ति विना शिव,विष्णु ब्रह्माले समेत केही गर्न नसक्ने हुँदा उनीहरूले समेत आफ्नो शक्तिको रूपमा स्त्री शक्तिलाई अङ्गीकार गरिएको पाइन्छ । स्त्री शक्तिको पनि सौम्य रूप र उग्ररूप गरी दुई किसिमको रहेको देखिन्छ । शक्तिका अनेक उग्ररूपहरू मध्ये“चण्डेश्वरी” लाई पनि एक शक्तिको रूप मानिएको छ । चण्डेश्वरीलाई नेपालमा पौराणिक कालदेखि नै एक प्रमुख उपास्यदेवी रूपमा रहदै आएको कुरा विभिन्न साहित्यिक स्रोतहरूले उल्लेख गरेका छन् । चण्डेश्वरी माईको उत्पत्ति कहिले भएको हो भन्ने सम्वन्धमा कुनै पुरातात्विक प्रमाणको अभाव रहेता पनि चण्डासुरलाई वध गरिएको हुनाले वैशाख पुर्णिमालाई चण्डी पूर्णिमा भनी चण्डासुर वधको खुशियालीमा उक्त दिन चण्डेश्वरी जात्रा गर्ने चलन रहेको पाइन्छ (रेग्मी वि.सं. २०५८, पृ. १९५) ।

प्राचीनकाल देखिनै चण्डेश्वरी भनेर ख्याति कमाएकी यी देवीलाई नेपाल महात्म्यले चण्डिका,माहेश्वरी र भगवती तथा हिमवत्खण्डले पनि यिनलाई चण्डिका भनी उल्लेख गरिएको पाइन्छ( रेग्मी, वि.स.२०५०,पृ.७४) । भगवतीका अनेक स्वरूपहरूमध्ये चण्डासुर दैत्यको वध गर्न प्रकट भएको स्वरूपलाई नै चण्डेश्वरी भनिएको छ । अथर्ववेदमा पनि चण्डासुरलाई आसुरी सन्तानहरूलाई देवराज ईन्द्रले दमन गरेको कुराको सङ्केत देखिएता पनि स्वयं चण्डासुरलाई भने भगवती चण्डिका चण्डेश्वरले वध गरेको विभिन्न पुराणहरूमा उल्लेख गरिएको पाइन्छ (जोशी,वि.स.२०५०,पृ.८) । भगवतीका अनेक स्वरूपको उत्पत्ति विभिन्न युगमा विविध कार्य सम्पादनका निमित्त हुने गरेको देखिन्छ । त्यसैले यहाँ त्यस्ता शक्तिका अनेक पीठहरू वन्न पुगेका हुन् । अनेक पीठहरूमध्ये चण्डेश्वरी पनि एक हो ।

नेपालमा चण्डेश्वरीको पूजा उपासनाको परम्पराको प्रारूप प्राचीनकालदेखि नै भइसकेको भए तापनि मध्यकालको प्रारम्भिक समयदेखि चण्डेश्वरी पीठको ख्यातिमा अत्यधिक रूपमा बृद्धि भएको देखिन्छ (जोशी,वि.स.२०५०,पृ.९) । त्यसैले चण्डेश्वरीका पनि ठाउँअनुसार विभिन्न पौराणिक कथा तथा किम्वदन्तीका आधारमा अनेक पीठहरू निर्माण गरिएका छन् । यस्ता पीठहरू उपत्यकाको वनेपा,

भक्तपुर,ललितपुर तथा काठमाडौको टोखा क्षेत्रमा पनि रहेको पाइन्छ । उक्त तत्थलाई आधार बनाउँदै जगदीशचन्द्र रेग्मीले चण्डेश्वरलाई एउटा सम्प्रदायकै रूपमा विकसितभई विस्तार भएको हुन सक्ने उल्लेख गरेका छन् (रेग्मी, वि.स.२०५०, पृ.७५) ।

भगवती चण्डेश्वरीका अनेक पीठहरूमध्ये एक महत्वपूर्ण पीठका रूपमा टोखा स्थित रहेका चण्डेश्वरी पनि एक हो । टोखा चण्डेश्वरीमा रहेको चण्डेश्वरी मन्दिरको ख्याति प्राचीनकालदेखि नै रहँदै आएको तथ्यलाई हिमवत्खण्डको १४२ अध्यायमा चण्डिकेश्वर(स्थानीयको जनजिब्रोमा मुष्कानेश्वर) पिण्डारक महात्म्यले पनि स्पष्ट गर्दछ (दर्नाल,वि.स.२०५०,पृ.२५) । स्वामी प्रपन्नाचार्यले पनि आफ्नो पुस्तक चौसट्ठी शिवलिङ्गको विश्लेषणात्मक अनुसन्धान नामक पुस्तकको पेज २४७ मा चण्डिकेश्वर शिवलिङ्गको विष्लेषण गर्दै चण्डिकेश्वको नियमअनुसार शिवलिङ्ग अवलोकन गर्न नपाए पनि मन्दिर परिसरमा रहेका अन्य देवी-देवताहरूको मूर्ति र साना-साना मन्दिरहरू हेर्दा यो मन्दिर निक्कै पुरानो भएको उल्लेख गर्नु भएको छ (स्वार्मी, वि.स.२०६८,पृ.२४७) यसले चण्डेश्वरीको उत्पत्ति भएको स्थानमा मात्र चण्डिकेश्वर मन्दिर रहने हुँदा टोखाको स्थित रहेकी चण्डेश्वरी निकै पुरानो भएको तथ्यलाई इंगित गरेको देखिन्छ ।

यो टोखाको चण्डेश्वरी मन्दिर टोखाको मुख्य वजारबाट करिव एक किलो मिटर उत्तर पूर्वमा लागेपछि शिवपुरी राष्ट्रिय आरंक्षणको काखमा अवस्थित रहेको छ । भाषा वंशाबलीले नेपाल सम्वत ६२९/३० मा राजा रत्न मल्लले टोखामा तीन सय घरको शहर वसाएको र त्यहाँको मुख्य देवता चण्डेश्वरी भएको कुरा उल्लेख गरिएको छ (दर्नाल, वि.स.२०५०,पृ.२४) । यस भनाईले पनि टोखामा वस्ती वस्नको लागि आरम्भ गरेदेखि नै चण्डेश्वरी प्रख्यातभई सकेको तथ्यलाई स्पष्ट पारेको देखिन्छ । तर पनि कतिपय अन्वेषकहरूले टोखाको चण्डेश्वरी त्यति धेरै प्राचीन नभएको र वनेपाको चण्डेश्वरी प्रख्यात भइसकेपछि मात्र नेपाल महात्म्यको कथाबाट प्रभावितभई वनेपाको अनुशरण गरी टोखामा रहेको कालिको मूर्तिलाई नै चण्डेश्वरी भनिएको हो । तीर्थलाल नघःभनीले आफ्नो लेखमा टोखाको चण्डेश्वरी चण्डासुर दैत्यलाई वध गर्ने चण्डेश्वरी नभएको तर्क गरेका छन् । उनका अनुसार टोखाकी चण्डेश्वरी कालिका विभिन्न भेदहरूमध्ये चामुण्डाकाली हुन् भन्ने कुराको प्रमाण चण्डेश्वरी मन्दिरको चामुण्डाको मूर्ति हो (नघः भनी, वि.स.२०५०,पृ.६९) ।

टोखा चण्डेश्वरी मन्दिरका पुजारी रामदेवी कर्माचार्यको भनाई पनि फरक रहेको पाइन्छ । उनले टोखाको चण्डेश्वरी प्रख्यात भएपछि वनेपाबाट आएका तान्त्रिक गुरुहरूले वनेपामा लगेर स्थापना गरेको वताउछिन् । चण्डेश्वरीमा विगत लामो समयदेखि ध्यान तपस्या गर्दै आउनु भएका चण्डी वावाले पनि चण्डेश्वरीको मूलस्थान टोखा चण्डेश्वरी नै रहेको वताएका छन् । उनकाअनुसार तान्त्रिक रूपमा टोखाबाट चण्डेश्वरीलाई डोलीमा हालेर वनेपा लगिएको हो यद्यपि यो मनाइलाई पुष्टि गर्ने कुनै ठोस आधारहरू भने पाउँन सकिएको छैन् । नेपाल सम्वत् ३७४(वि.स.१३३०) आश्विन कृष्ण चर्तुदशीका दिन राती बनेपाका श्री जयदेव प्वहले टोखा किल्लामा रहेको सुन लिएको हुँदा नेपी क्वाट र टोखा क्वाठले

विद्रोह गरेको भन्ने भनाईबाट पनि टोखा त्यस समयमा नै चर्चित रहेबाट तिनीहरूले नै मन्त्रजान्ने गुरुहरू वोलाएर चण्डेश्वरीलाई लगेको हो कि भन्ने अनुमान गर्न सकिन्छ ।

प्राचीन समयमा नै टोखामा चण्डेश्वरी रहेको कुरालाई पुष्टि गर्ने थप प्रमाणहरूको अभाव देखिए तापनि संस्कृतिविद् प्रकाश दर्नालले टोखा स्थित चण्डेश्वरी क्षेत्र एकःअध्ययनमा टोखामा ३०० घरको शहर वसाएको र तिनीहरूको देवी चण्डेश्वरी भएको उल्लेख हुनुले पनि यो चण्डेश्वरी निकै पुरानो भएको तथ्यलाई इङ्गित गरेको देखिन्छ । अर्को तिर नेपाल सम्वत ३७४ (वि.स.१३३१) अभय मल्लको पालामा ३ भागको १ भाग प्रजाको महाभुकम्प आई घर,देवल,सबै भत्किएकाले मानिसहरू बस्ती बाहिर बस्नु पर्‍यो भन्ने उल्लेख भएबाट त्यही समयमा वस्ती वसालेको होकि भन्ने पनि देखिन्छ । टोखा क्षेत्रमा शिवदेव र अंशुवर्माले राखेको सम्वत ५१९ को अभिलेखको प्राप्तिले पनि यो स्थान निकै पुरानो भएको र त्यहाँ वसोवाँस गर्ने मानिसहरूले आफ्नो पूजा पाठउपासना गर्नका एकमात्र स्थान लागि त्यही चण्डेश्वरी रहेको हुन सक्ने अनुमान पनि गर्न सकिन्छ (बज्राचार्य, २०३० पृ. २६६-२६७) ।

गोपालराज वंशावलीअनुसार काठमाडौ शहरको निर्माणसँगै विभिन्न देवी देवताहरूको प्रतिष्ठापन गरिएको थियो र तिनिहरूमध्ये चण्डेश्वरी पनि एक हुन् (खनाल,वि.स.२०१९,पृ.१६) । खनालले चक्रवतीले तपस्या गर्दा चण्डेश्वरी भगवतीको उत्पत्ति भएको कुरा आजसम्मपनि लोकप्रिय भएको उल्लेख गरेका छन् । चण्डेश्वरीलाई नवदुर्गाको नामले पनि चिनिन्छ । शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्री, महागौरी, सिद्धिदात्री यिनीका नौरूप हुन् । यी नामसँग चण्डेश्वरीलाई जोडिएको पाइन्छ । टोखा चण्डेश्वरी भगवती केहि वर्ष अघिसम्म पनि विशाल काभ्रोको बृक्षको फेदभित्र रहेकोमा वि.स. २०६० मा त्यो रुख ढल्न गएपछि चण्डेश्वरीको संरक्षणका लागि मन्दिर निर्माण गरि राखिएको पूजारी सिंहराज कर्माचार्यको भनाई रहेको छ । उनकाअनुसार काभ्रोका भनिने रूपमा १०८ वटा फुलहरू फुल्ने गरेको र त्यस रुखमा कहिले पनि फूल नसुक्ने कमश फूल फल्दै जाने अनौठो रुख रहेको उहाँको अनुभव छ । टोखा चण्डेश्वरीको देवीको स्थानमा प्राप्त शिलालेखहरूमा उल्लेख गरिएको छ ।

नेपाल सम्वत ७९३(वि.स.१७२९)को टोखा चण्डेश्वरीथान भित्र चण्डेश्वरी देवलको सिढीमा गाडिएको शिलालेखमा चण्डेश्वरी पीठका लागि द्वारपाल सिंह स्थापना गरिएको,नेपाल सम्वत ७९५( वि.सं.१७३१)को टोखा चण्डेश्वरीथान भित्र चण्डेश्वरी देवीका पर्खालका भित्तामा रहेको शिलालेखमा राजा नृपेन्द्र मल्लको शासनकालमा विश्वभारोले आफ्नो हातबाट मुकुट, धोति चढाएको, नेपाल सम्वत ७९५( वि.स.१७३१) मा नृपेन्द्र मल्लको शासनकालमा चण्डेश्वरी प्रीतिको लागि नृत्यनाथ पनि स्थापना गरी मासु समेत राखी पूजा गर्ने व्यवस्था गरेको, नेपाल सम्वत ८०८(वि.स.१७४४) को टोखा चण्डेश्वरीथान भित्र चण्डेश्वरीका देवलभित्र पर्खालको भित्तामा टाँसिएको शिलालेखमा चण्डेश्वरीलाई तोरण चढाएको, नेपाल सम्वत ८२०(वि.स. १७५५) को टोखा चण्डेश्वरीथान चण्डेश्वरी देवीको पर्खालको भित्र चण्डेश्वरी देवीको देवताका आसनमा लेखेको शिलालेखमा अघिको मूर्ति विग्रेकोले नयाँ मूर्ति राखेको, नेपाल सम्वत ८३६

(वि.सं.१७७२) को टोखा चण्डेश्वरीथान भित्र चण्डेश्वरी देवीको पर्खालमा रहेको शिलालेखमा देवस्थलको थप व्यवस्थित गरी निर्माण कार्य सम्पन्न गरेको, नेपाल सम्वत ९१५(वि.स.१८५२)को चण्डेश्वरीको देवलदेखि दक्षिणपट्टि भित्तामा भत्किएको पाटीमा रहेको शिलालेखमा चण्डेश्वरीको स्थानमा पाटी वनाई, चण्डेश्वरीको स्थानमा वत्ती वाल्नको लागी दुई रोपनी जग्गा गुठी राखिदिएको उल्लेख छ,नेपाल सम्वत ९१९(वि.स.१८५५)को टोखा चण्डेश्वरीको दक्षिणमा रहेको शिलापत्रमा पाटी निर्माण गरी खेत १ वर्ष र मोहर २४ राखि दिएको, नेपाल सम्वत ९२७ को चण्डेश्वरी मन्दिरबाट उत्तर भत्कीएको पाटीमा रहेको शिलालेखमा चण्डेश्वरीमा विशेष पूजा गर्न,कृष्णा अष्टमीका दिन पंचामृत पूजा गर्न र गुठीयारलाई भोजन गराउन २ रोपनी खेत गुठी राखि दिएको, चण्डेश्वरी मन्दिरभित्र पर्खालको भित्र तोरणमा रहेको अभिलेखमा चण्डेश्वरी स्थानमा था पूजाको लागि जग्गा गुठी राखेको अभिलेखमा उल्लेख गरिएको छ (राजवंशी,वि.स.२०५०,पृ.४७)। यी अभिलेखहरूलाई परिशिष्टमा नम्वर १ देखि १३ सम्म राखिएको छ । उपत्यकामा रहेको चण्डेश्वरीहरूमा प्राप्त भएका चण्डेश्वरीसँग सम्वन्धित सर्वप्राचीन अभिलेखहरूमा पनि यही टोखामा प्राप्त भएका छन् जसमा नेपाल सम्वत ७९३ र ७९५ उल्लेख गरिएको छ(जोशी, वि.स. २०५०. पृ.९) । यी विभिन्न खालको अभिलेखहरूले टोखाको चण्डेश्वरी मन्दिर नेपालका प्राचनि चण्डेश्वरी पीठहरू मध्ये एक हो भन्ने देखिन आउँछ ।

यस चण्डेश्वरी मन्दिरमा पनि वनेपामा झैं कर्माचार्यहरूले नै पूजारीका रूपमा कार्य गर्दै आएका छन् । टोखा चण्डेश्वरीको जात्रा हरेक वर्ष विस्केट जात्राकोअवसर पारेर चैत्र ३० गतेदेखि ४ गतेसम्म धुमधामका साथ मनाइने गरिन्छ । स्थानीय व्यक्ति राम डंगोलसंगको कुराकानीको आधारमा दिएको जानकारी अनुसार यहाँ वैशाख पूर्णिमामा भने जात्रा गरिन्न । चण्डेश्वरीमा ३० गते राँगोको बलि सहित सरकारी पूजा सम्पन्न गरिन्छ । तर केही वर्ष अधिदेखि आर्थिक अभावका कारण राँगोको सट्टा वोकाको बलिदिने गरिएको छ । चण्डेश्वरीको द्योःछें चाहि टोखा वजारको थलांग टोलमा रहेको छ । विस्केट जात्राको अवसरमा त्यस मूर्तिलाई झिकेर शहर घुमाउने र पछि त्यही लगेर चण्डेश्वरीको प्रतिमूर्ति थन्क्याउने चलन रहेको छ ।

चण्डेश्वरी क्षेत्रमा लामो समयदेखि बसोबास गर्दै आएका चण्डीवावाका अनुसार सतीदेवीले हामफालेको शिकाली हो भने दक्षप्रजापति भागेर टोखा चण्डेश्वरी आएर वसेको यही दक्षप्रजापतिले यज्ञ गरिरहेको वेलामा शिर छेद्न गरेको स्थान चण्डेश्वरी रहेको उल्लेख गर्दै मायामाहाले आर्शिवाद दिएको ठाउँ पनि टोखा रहेको हो । दक्षप्रजापतिले मायामाहालाई जगाएर विरभद्रलाई मार्न यज्ञ गरेको ठाउँ चण्डेश्री भएको ठोकुवा गर्नु हुन्छ । उनकाअनुसार चण्डेश्वरीमा पहिला युद्ध हुँदा मरेका देवीदेवताहरूलाई गाड्ने गरेको स्थान पनि चण्डेश्वरी रहेको र चण्डेश्वरीमा दक्षप्रजापतिको दरवारपनि रहेको उनको भनाई छ । उनले मन्दिरको वरिपरि पर्खालको निर्माण गर्न खन्दाखेरी त्यहाँ प्राचीन कालीन ईटाहरू प्राप्त भएको जानकारी दिनु भयो । यसबाट चण्डेश्वरीको प्रादुर्भाव भएको धेरै पुरानो भएपनि यसको प्रचारको अभावका कारण छाँयामा परेको हो कि भन्ने देखिन्छ तर पनि यथेष्ट प्रमाणहरू पाउन सकिएको छैन ।

# चौथो अध्याय

# चण्डेश्वरी मन्दिरका मूर्त सांस्कृतिकसम्पदा

## ४.१. संस्कृतिको परिचय

मानवशास्त्रीहरूका अनुसार संस्कृतिले नै मानव व्यवहारलाई निर्देशिन गरेको हुन्छ । उसको बोली व्यवहार र सोचको जग नै संस्कृति भएकोले संस्कृतिलाई मानव जीवनको एक मात्र आधार मानिएको छ । कुनै पनि जाति, वर्ग, समुदाय वा राष्ट्रको संस्कृतिको निर्माण र विकास तुरुन्तै नभएर हजारौ वर्षको निरन्तरताबाट मात्र भएको हो । संस्कृति भन्नाले हजारौ हजार वर्षको त्याग र तपस्याको क्रमबद्ध इतिहास पनि हो । संस्कृतिको निर्माणमा कुनै पनि समुदायको प्रयासले मात्र सम्भव हुन्छ । संस्कृतिको निर्माण मानिसको जीवन भोगाईका क्रममा निरन्तर रूपमा थाहा नपाई गरिरहेको हुन्छ । जुन आवश्यकता समय, सन्दर्भ र परिस्थितिअनुसार गतिशील र थपघट हुदैजान्छ । संस्कृति मानवनिर्मित वस्तु भएको हुँदा यसलाई मानवले नै अवलम्वन गर्ने धारणा पनि रहेको देखिन्छ (खत्री र राई,वि.सं.२०७६, पृ.६-८)। सामान्य अर्थमा मानव समाजको कुनै निश्चित जीवनशैली नै संस्कृति हो । इभी टेलरकाअनुसार संस्कृति भनेको मानव समाजको ज्ञान, व्यवहार, विश्वास, कला, नैतिकता आदि कुराहरूको समष्टिगत स्वरूप हो भन्दै संस्कृतिलाई उनले सामाजिक सम्पत्ति भनेका छन्,जो एक निश्चित परम्परा र प्रक्रियाको रूपमा सदा जीवित रहँदै आएको छ (खत्री र राई,वि.सं.२०७६, पृ.६-८) । वास्तवमा भन्ने हो भने मानवीय आवश्यकता परिपूर्तिका निम्ति उद्देश्यमूलक क्रियाहरूको सङ्गठित प्रणाली नै संस्कृति हो ।

विवेकशील मानवजातिले आफ्नो,ज्ञान,सीप र क्षमताको उपयोग गरी निर्माण वा रचना गरेको यावत सिर्जना अनुरूपको जीवनशैली नै मानव संस्कृति हो । यसले संस्कृतिलाई मानव सिर्जनाको रूपमा लिइएको छ । संस्कृति मानवको जीवन पद्धति हो । यसमा मानवका आनीवानी, संस्कार, रीतिरिवाज, कला, परम्परा र सामाजिक सङ्गठनहरू विद्यमान रहेको हुन्छन् (लामिछाने,वि.सं.२०६३,पृ.३०) । संस्कृतिलाई राष्ट्रको प्राण मानिन्छ । यो मुलुकहरूको परिचायक पनि हो । आजका हाम्रा संस्कृतिहरू पुर्खाहरूले छोडेर गएका सम्पत्ति हुन् । सम्यता मानिसको भौतिक उन्नति हो भने संस्कृति चाहिँ उसको मानसिक उन्नति हो । संस्कृति उन्नत मानव मस्तिष्कको द्योतक र जीवन पद्धति हो । संस्कृति भनेको परापूर्वकालदेखि हाम्रा पूर्खाहरूले आफ्नो ज्ञान,सीप र क्षमताबाट सिर्जना,संरक्षण एवम् पालना गरी हामीलाई छोडेर गएका र हामीले पनि निरन्तर रूपमा तिनको प्रयोग उपयोग, परिमार्जन, संसोधन एवम् पालना गर्दै आएको असल जीवनशैली हो । मानिसहरूले रचना गरेको सिर्जनाहरूलाई र पालना गर्दै आएका संस्कारहरूलाई समग्रमा संस्कृतिका रूपमा संम्बोधन गरिएको पाइन्छ । संस्कृति जीवन संचालनको लागि नभई नहुने तत्व हो । मानिसको गर्भावस्था र जन्मसंस्कारदेखि मृत्यु संस्कारसम्मका जति पनि संस्कार,कर्म आदि जति कार्यहरू गरिन्छ ती मानव संस्कृतिभित्र पर्दछ ।

संस्कृतिभित्र वर्षौदेखि मानिसले आर्जन गरेको ज्ञान, विश्वास, धर्म संस्कार, रीतिरिवाज, चालचलन, परम्परा, मूल्यमान्यता, भाषा, भेषभुषा, खानपान, नाँचगान, जात्रा, पर्व, उत्सव, कला, कौशल, आचारविचार, क्षमता आदि पर्दछन् (खत्री,वि.सं.२०७०,पृ.६) । संस्कृतिलाई स्थान, समय, धर्म आदि अनुसार विभिन्न नाम दिइएको हुन्छ । संस्कृतिलाई भौगोलिक क्षेत्र अनुसार हिमाली संस्कृति, पहाडी संस्कृति,मधेश संस्कृति आदि । पृथ्वीको पश्चिमी भागमा बसोवास गर्ने मानव समुदायको संस्कृतिलाई पश्चिमा संस्कृति भनिन्छ । पृथ्वीको पूर्वीय भागमा बसोबास गर्ने मानव समुदायहरूको संस्कृतिलाई पूर्वीय संस्कृति पनि परिभाषित गरिएको छ (ढकाल, वि.सं.२०७६, पृ. १०) । विभिन्न धार्मिक आस्था अनुसार पनि बौद्ध संस्कृति, हिन्दू संस्कृति,इस्लाम संस्कृति, इसाई संस्कृति आदिले पनि पुकारिने गरिएको छ । त्यस्तैगरी संस्कृतिलाई देश अनुसार नेपाली संस्कृति, भारतीय संस्कृति,चिनिया संस्कृति, फ्रान्सेली संस्कृति आदि पनि सम्वोधन गर्ने गरिएको छ । समयकाल अनुसार प्राचीन संस्कृति, आधुनिक संस्कृति अनि जाति अनुसार थारु संस्कृति, नेवार संस्कृति, तामाङ संस्कृति, खस संस्कृति आदि नामले पनि चिनिने गरिएको छ । मनुष्यजातिले भौतिक आवश्यकताहरूको पूर्तिलेमात्र सन्तुष्ट रहन सकेनन् । आफ्नो जीवनलाई सुखमय तथा आनन्दमय वनाउने र आफूले सृष्टि गरेका वस्तुहरूलाई आकर्षक, कलात्मक, मनमोहक एवम् सुन्दरतम वनाउने इच्छा पनि मानवजातिमा आदिम कालदेखि नै रहदै आएको छ । यही प्रवृतिअनुसार मानवले आफ्नै किसिमले आध्यात्मिक चिन्तन गर्दै भौतिक र अभौतिक कलाहरूको सिर्जना गरेको छ । जुन संस्कृतिहरूलाई मानव क्रियाकलाप र व्यवहारका दृष्टि्ले भौतिक र अभौतिक गरी दुई भागमा विभाजन गरिएको छ । भौतिक र अभौतिक संस्कृतिका यी दुबै पक्षनै वर्तमान अवस्थामा मानवलाई चिनाउने तथा वचाई राख्ने धरोहरहरू हुन् ।

## ४.२. भौतिक (मूर्त) संस्कृतिको परिचय

भौतिक संस्कृति समाजको भौतिक निर्माणसँग सम्वद्ध हुन्छ । यसले भौतिक रूपमा सिर्जना भएका वा गरिएका साँस्कृतिक तत्वलाई जनाउँदछ । भौतिक संस्कृति समाजको भौतिक निर्माणसँग सम्वद्ध हुन्छ । यसैले भौतिक संस्कृति भन्नाले भौतिक रूपमा सिर्जना भएका वा गरिएका साँस्कृतिक तत्वलाई जनाउंदछ । मानिसहरूले आफ्ना आवश्यकता परिपूर्ति गर्ने क्रममा नै यसको विकास गरेका हुन (तुलाधर र वज्राचार्य, वि.सं.२०७०, पृ.१३) । भौतिक संस्कृतिभित्र भौतिक वस्तुहरू मस्जिद, मन्दिर, गुम्बा, विहार, घर, मेशीन, हातहतियार, पाटी, पोखरी, खेल मैदान, आदि मान निर्मित वस्तुहरू पर्दछन । यस्ता संस्कृति समाजको विकाससंगै मानिसहरूले विकास गर्दै लैजाने र समयका माग अनुसार परिस्कृत हुदैजान्छन् । सत्य मोहन जोशीले बाजाका साधनहरूलाई भौतिक संस्कृति हुन भनेर मानेका छन् (तुलाधर र वज्राचार्य, वि.सं.२०७०, पृ.१३) । यसरी भौतिक संस्कृतिको बारेमा विभिन्न धारणाहरू संस्कृतिविद्हरूले पनि व्यक्त गरेका छन् ।

मानिसहरूले आफ्ना आवश्यकता परिपूर्ति गर्ने क्रममा नै यसको विकास गरेका हुन् । भौतिक संस्कृतिको मूर्त स्वरूप हुन्छ । यसैले यसलाई छुन र देख्न सकिन्छ ।त्यसैले यसलाई मूर्त संस्कृतिको

रूपमा पनि लिइन्छ । यस्ता संस्कृति समाजको विकाससँगै मानिसहरूले विकास गर्दै लैजाने र समयको माग अनुसार परिष्कृत हुँदै जान्छन् । यिनै भौतिक संस्कृतिका आधारमा एक समूहको सँस्कृतिसँग अरु समूहको संस्कृतिको तुलना गर्ने गरिन्छ भने एक युगको संस्कृतिसँग अर्को युगको संस्कृति तुलनापनि गरिन्छ । भौतिक संस्कृति भन्नु नै भौतिक वस्तु हुने भएकोले यो कालान्तरमा नास हुन सक्छ । भौतिक वस्तुहरू अरुले हरण गर्ने वा नष्ट गर्न पनि सक्नेहुन्छ । नेपालका महत्वपूर्ण भौतिक संस्कृतिमा विश्व सम्पदा सूचीमा सूचीकृत हनुमाढोका दरबार,पाटन दरबार, भक्तपुरदरबार, स्वयम्भूनाथ, बौद्धनाथ, चाँगुनारायण मन्दिर, कृष्ण मन्दिर, पशुपतिनाथ मन्दिरहरू आदि प्रमुख रहेका छन् । जुन काठ, ढुङ्गा र धातुहरूमा खोपिएका कलात्मक, आकृति, बनावट अवर्णनीय छ (तुलाधार र वज्राचार्य,वि.स.२०७०, पृ.१३) ।

मानिसका जीवनसित जोडिएका वस्तुहरूलाई संमग्रमा भौतिक संस्कृति भनिन्छ अर्थात् अनेक आकार प्रकार भएको,देख्न,छुन तथा प्रयोग गर्न सकिने र परापूर्व कालदेखि प्रचलनमा रहदै र मान्दै आएका एवम् निर्माण गरिएका वस्तुहरूलाई भौतिक संस्कृति भनिन्छ (खत्री,वि.सं.२०७०,पृ.७)। नेपालको सन्दर्भमा भौतिक सांस्कृतिक सम्पदा भन्नाले तीर्थस्थल, मन्दिर, मस्जिद, गुम्बा, अन्य देवदेवीस्थान, मूर्ति चित्र आदि कलाकृति हुन् । त्यस्तै पुराना घर, दरबार, पाटीपौवा, धारा, कुवा इनार, सडक, डबली, विविध प्रयोजनले मानवनिर्मित दृश्य वा ठोस वस्तु भाँडावर्तनहरू, अभिलेख, ताड,ताम्रपत्र वा भोजपत्र,विशेष पाण्डुलिपि, वाद्ययन्त्रहरू तथा तिनमाथिका शिल्प आदिलाई भौतिक पक्षका रूपमा व्याख्या गरिएको छ । मूर्त संस्कृति मानिसको सिर्जनाशक्तिको भौतिक अभिव्यक्ति हो ।

## ४.३. मन्दिरको वास्तुकला उत्पत्ति

बासस्थान सम्वन्धी कलालाई वास्तुकला भनिन्छ । घरको रूपमा मानिसहरूको वासस्थान, दरवारहरूको रूपमा राजा-रजौटाहरूको वासस्थान,मन्दिरका रूपमा हिन्दू देवदेवीहरूको वासस्थान तथा स्तूप वा चैत्य र विहारका रूपमा बौद्ध सम्प्रदाय अन्तर्गतका भिक्षु-भिक्षुणी तथा विभिन्न देवदेवीहरूको वासस्थान सम्वन्धी निर्माणकला समष्टि रूपलाई वास्तुकला भनिन्छ । ओडार र गुफाहरूको युगताकादेखिन नै आदिम मान्छेले घाम, पानी र डरलाग्दा जीवहरूबाट जोगिन आ-आफ्नो सीप र कौशलअनुसार सुरक्षित घडेरी,कटेरो र झुपडी वनाउन थालेपछि वास्तुकलाको इतिहास सुरु हुन्छ । खासगरी नवपाषाण युगका आदिम मान्छेहरूबाट नै वास्तुकलाको प्रथम थालनी हुन पुगेको हो । आफ्नो वासस्थान सँगसँगै विस्तारै मानिसहरूले आफूले पूजा आराधना गर्ने आफ्ना देवदेवीका निमित्त वासस्थान वनाउन सुरु गऱ्यो । हिन्दू वास्तुको स्वरूप वैदिक युगमा छाप्रा, कुटी र भवनहरूले प्रारम्भ गरेको स्वरूप हो (क्षेत्री र रायमाझी,वि.सं.२०६०,पृ.२५२) । नेपाली वास्तुकलाका नमुनाहरूलाई हिन्दू र बौद्ध वास्तुकला अन्तर्गत दुई प्रकारमा छुट्याएर अध्ययन गर्न सकिन्छ ।

## ४.४. मन्दिरको निर्माणको शुरुवात

पूजा तथा आस्था प्रकट गर्ने उद्देश्यले स्थापना गरिएका स्मारकहरू मन्दिर हुन् । मानिसले धार्मिक आस्थाकासाथ पूजा गर्ने देवताहरू राख्न अर्थात प्रदक्षिणा गर्नको लागि मन्दिरको वास्तुकला निर्माण गरिएको हुन्छ । तले शैलीका यस्ता मन्दिरहरू काठमाडौ उपत्यकामा विशेष गरी नेपाली शैली र शिखर शैली गरी दुई प्रकारका देखा पर्दछन् । नेपाली शैलीका मन्दिर निर्माण गर्ने कलाको विकास नेपालमा नै भएकाले यिनीहरूलाई नेपाली शैलीका मन्दिर भन्नु नै उपयूक्त देखिन्छ । हिन्दूहरूले पूजा उपासना गर्न गृहदेवतालाई मण्डप माथि राखेर पूजा गर्ने चलन वैदिकालमा नै शुरु भै सकेको देखिन्छ । त्यस्ता मण्डपबाट नै नेपाली शैलीका मन्दिरको वास्तुकलाको विकास भएको मानिन्छ (दाहाल र खतिवडा,वि.सं.२०५८,पृ.१९३) ।

देवातालाई हावापानी र घामबाट वचाउन चारैतिर गाह्रो लगाएर सुरक्षा दिने प्रचलनबाट मन्दिरको विकास भएको मानिएको छ । वैदिक कालका मण्डपहरू सामान्यतयाः खम्वा गाडेर छाना वनाइएका गोलाकार एंवम चारकुने स्वरूपका र जमिनका भागमा खुल्ला छोडिन्थ्यो । यस्ता मण्डपका छाना खर ,पराल र छवालीले छाइने हुनाले अस्थायी प्रकृतिका हुन्थ्ये । यिनै मण्डपहरू पछि गएर कलापूर्ण मन्दिरको रूपमा परिणत हुंदै गएको देखिन्छ ।

प्रारम्भिक युगका नेपाली शैलीका मन्दिरहरू सादा थिए, जसमा धेरै अलङ्करणको प्रयोग गरिएको थिएन । यस्ता मन्दिरहरूको आकार पनि ठूलो हुदैनथ्यो । तर विस्तारै देवता आकाश वा स्वर्गमा वस्दछन् भन्ने भावनाले देवता वस्ने घरमा मानिसको भन्दा ठूलो हुनुपर्छ भन्ने सोचाईबाट मन्दिरहरूलाई अग्लो वनाउन लागियो । आरम्भमा नेपाली शैलीका मन्दिरमा सामान्य देवीदेवताका आकृति अङ्कित टुडाँल राख्ने चलन थियो । तर पछि मध्यकालमा आएर टुडाँलहरूलाई अलङ्कार गर्ने धेरै हात भएका देवी देवताहरूको आकृति र रताशनयुक्त आकृति टुडाँलहरूमा अङ्कित गर्ने कार्यले गर्दा प्रारम्भिक युग र पछिल्ला युगका मन्दिरहरूमा स्वक्त अन्तरदेखा परेको पाइन्छ । नेपाली शैलीका मन्दिरहरूमा जतिवटा छाना छन् त्यति नै पेटी वनाउने चलन पनि पाइन्छ तर यो नियम सवै ठाउँमा लागु भएको पाइदैन् । यस्ता पेटीबाट गर्भसम्म पुग्ने ढोका अगाडि सिढी वनाउने र ती सिढीहरूमा द्वारपालको रूपमा सिंह तथा अन्य जनावरहरूको व्यवस्था गरिएको पाईन्छ ।

नेपाली शैलीका मन्दिरको गर्भमा एकातिर, दुवैतिर वा चारैतिर ढोकाहरू वनाइएका हुन्छन् । भगवान्को दर्शन गर्न सजिलो होस भनेर मन्दिरको चारैतिर ढोकाहरू वनाइएका हुन् । तर मूल ढोका वाहेक यस्ता कतिपय ढोकाहरू नखुल्ने हुँदा यी ढोकाहरू प्रयोग विहीन भएको पनि देखिन्छ । कतिपय मन्दिरहरूमा खोल्न नमिल्ने छायाँ ढोकाहरू पनि वनाइएको हुन्छ । मन्दिरहरूको गर्भको वरिपरि परिक्रमा गर्न प्रदक्षिणा पथको व्यवस्था पनि गरिएको हुन्छ । मन्दिरको वाहिरपट्टि चारैतिर वत्ति वाल्ने दियो र

वजाउनका लागि घण्टीहरू राखिएका हुन्छन् । घण्टी राख्नाले मन्दिरभित्र प्रवेश गर्दा घण्टी वजाएर भक्तहरूले आफ्नो आगमनको सूचना भगवान्लाई दिने गर्दछन् भन्ने विश्वास गरिन्छ ।

मन्दिरको ढोकाको माथि अर्ध गोलाकार काठको वा काठलाई धातुको पाताले मोडेर तोरण राखिएको हुन्छ । तोरणलाई आकर्षक वनाउन यसको वीच भागमा मन्दिरको मुख्य देवताको आकृति एवं सहायक देवता, मकरा मुखाकृति र फुलबुट्टा तथा लहराहरूको आकृति अङ्कित गरिएका हुन्छन् (दाहाल र खतिवडा, वि.सं.२०५८, पृ.१९३) । मन्दिरको खानालाई अड्याउनका लागि पर्खालको वरिपरि टुँडाल राखिएको हुन्छ । मन्दिरहरूमा प्रयोग गरिएका टुडाँलहरूमध्ये चार सुरमा भएका टुडांलहरू विशेष महत्वपूर्ण हुने गर्दछन् । ती टुडाँलहरूमा भेडाको मुखाकृति र सिंहको जस्तो शरीर भएको मेषव्याल नामक अनौठो प्राणीको आकृति अङ्कित गर्ने परम्परा रहि आएको देखिन्छ । नेपाली शैलीका मन्दिर निर्माण गर्दा ईटा र काठको अत्यधिक प्रयोग गरिएको पाइन्छ । यस्ता मन्दिरका खम्वा, ढोका, झ्याल आदिमा कलश, फूलबुट्टा र लहरा लगायत ध्वजा,चक्र,मत्स्य, छत्र, शङ्ख, पद्म र श्रीवत्स जस्ता अष्टमङ्गल र अन्य वस्तुहरूका आकृतिहरू कुँदिएका हुन्छन् । मन्दिरमा गजुरदेखि तल्लो छानाको केही तलसम्म झुण्ड्याउने धातुको ध्वजाले यस्ता मन्दिरको आकर्षण थप सहयोग पुगेको छ । नेपाली शैलीको मन्दिरलाई आकर्षक वनाउन मन्दिरको माथिल्लो भागमा छत्र समेत राखिएको हुन्छ ।

## ४.५. मन्दिर वास्तुकलाको विकास

नेपालमा पाइने मन्दिरहरूलाई वास्तुकलाको दृष्टिकोणले चार शैलीमा वाँडेर अध्ययन गर्न सकिन्छ । तलेशैलीका नेपाली मन्दिरहरू, शिखरशैलीका मन्दिरहरू, गुम्वज वा मुगल तथा राजपुतना शैलीका मन्दिरहरू र मिश्रित शैलीका मन्दिरहरूमा विभाजन गरि त्यसको अध्ययन गर्न सकिन्छ । पशुपतिनाथको मन्दिर, चाँगुनारायणको मन्दिर, पनौतीको इन्देश्वर मन्दिर आदि तलेशैलीका उत्कृष्ट नमुनाहरू हुन । तले शैलीका मन्दिरहरूलाई “विशुद्ध नेपाली शैलीका मन्दिर” मानिएको छ । श्लसरले यस शैलीलाई नेवारी शैली मान्नु भएको छ (श्लसर,१९८२,पृ.१२९) ।

अन्य कतिपय विद्वान्हरूले यस्ता मन्दिरलाई “तले मन्दिर शैली” वहु छाने शैली मानेका छन् । यसैगरी सिल्वा लेभी, हेमिल्टन आदिले यस नेपाली मन्दिरहरूको शैलीलाई “प्यागोडाशैली” भनी उल्लेख गरेका छन् । यो शैली स्थानीय “देग्”अथवा आगम देवाताहरूका निर्मित्त मूर्ति राख्न वनाइएका स्थानहरूबाट विकसित भएको देखिन्छ । लिच्छविकाल वा सो भन्दा अगाडि ताकादेखिनै यहाँका वासिन्दाहरूले देवथानहरूलाई देग भन्ने गर्दथे । यिनै देवीदेउरालीका थानहरूलाई कालान्तरमा पर्खाल लगाई छानो हाल्ने परम्पराको कारणबाटै यो शैली विकसित हुन पुगेको मानिन्छ (कर्न,१९९३,पृ.६७) ।

लिच्छवि राजा नरेन्द्रदेवको पालामा ईसाको सातौ शताब्दीमा नेपाल आएका वाँग हुएनसेनको विवरणमा तले शैलीको तीन खण्डको साततले दरबारको उल्लेख गरेका छन् । जुन दरवार दुई सय फिट अग्लो र झण्डै चार सय फिट घेरा भएको थियो । यस दरबारकोमध्येमा साततले बुर्जा भएको जसमा

तामाको छाना लगाएको भन्ने उल्लेख गरेका छन् (लेभी,१९०५,पृ.१५९-१६५) । यसरी बाँगको विवरणमा सातत‌ले दरवार,सातत‌ले बुर्जा र सातत‌ले विहारको उल्लेख भएबाट ईसाको सातौ शताब्दीतिर नै नेपालले तले वास्तुशैलीको प्रशस्त विकास गरि सकेको देखिन्छ । अंशुवर्माको पाटन सुन्धाराको सम्वत ३४ को अभिलेखले माटिङ्ग ग्रामको मन्दिरको ढोका,खापा, झयाल, जिर्ण भइसकेका काठपातहरूको कारणले जनतासँग जिर्णोद्धार गरिएको उल्लेख गरिएको छ (वज्राचार्य,वि.सं.२०३०,पृ.३४०) । काठको प्रयोग प्रशस्त मात्रामा तले शैलीका मन्दिरमा मात्र हुने गर्दछ । यी प्रसङ्गले पनि लिच्छवियुगताका नै देग वादेग्वल भनिने तले वास्तु शैलीका मन्दिरहरूको निर्माण भइसकेको देखिन्छ ।

## ४.६. चण्डेश्वरी मन्दिरको भौतिक संस्कृति

टोखाको चण्डेश्वरी मन्दिर चण्डिकेश्वर मन्दिरको पूर्वोत्तर दिशामा शिवपुरी आरक्षणको जङ्गलको फेदीसँग टाँसिएर रहेको छ । चण्डेश्वरीदेवी धेरै समयसंम्म एउटा ठूलो काभ्रोको रुखमुनि स्थापित थियो । पछि वि.स. २०६० मा त्यस रुख ढलेर गएपछि देवीलाई राम्रोसँग मन्दिर वनाएर व्यवस्थित वनाएर राखिएको छ । यो मन्दिरको निर्माणमा परम्परागत नेपाली वास्तुशैलीलाई अनुशरण गर्न खोजिएको भएतापनि यसमा आधुनिकताको प्रभाव परेको देखिन्छ । पाटन,वनेपा र भक्तपुरभन्दा यहाँको मन्दिर सानो रहेको छ । यस मन्दिरमा आकर्षक खालका झ्याल र टुडांलहरू रहेका छैनन् । यस मन्दिरमा टुडाँलको एउटा पनि प्रयोग भएको देखिदैन् । यस्तो हुनुको प्रमुख कारण मन्दिर निर्माणमा सँलग्न मानिसहरूमा ज्ञानको कमी वा ध्यान दिन नसकेको वा आर्थिक अभावले गर्दा यस्तो निर्माण गरिएको पनि हुनसक्ने देखिन्छ ।

यो मन्दिरमा सम्पूर्ण रूपमा ईटा र कंक्रिटको प्रयोग गरिएको छ । कंक्रिटका दुई तहका छानो माथि करिब डेढ फिटको धातुको गजुर हालिएको छ । पश्चिमाभिमुख यस मन्दिरको निर्माण प्रक्रिया अफि फरक ढङ्गले गरिएको छ । सर्वप्रथम, मन्दिरलाई करिब ९ फिट जतिको तेली ईटा प्रयुक्त पर्खालले २०×२० फिट क्षेत्रफल ओगट्ने गरी घेरिएको छ । पर्खालको माथिल्लो भागमा वरिपरि व्याग्रमुख सहितको आकर्षक मृत्तिका कार्नेस जडिएको छ । यस पर्खालको पश्चिम पट्टिको मध्यभागमा तह-तह बढाउदै ११ फिट सम्मको उचाई दिइएको छ । यसको ठीक मुनिबाट चण्डेश्वरी मन्दिरको प्रवेशद्वार वनाईएको छ जहाँ दुईवटा सिंहलाई  मुलद्वारको दायाँ वायाँ राखिएको छ । यो नै मन्दिरको मुख्यद्वार हो ।

मन्दिरको प्रवेशद्वारमा अत्यन्त कलापूर्ण प्रस्तरको स्तम्भ संहितको मृतिका (टेराकोटा) तोरण हालिएको छ । यो तोरणको दुवैपट्टिका स्तम्भहरू १०"×८" मोटाईका रहेका छन् जसलाई दुई सिंह माथि अड्याइएको छ । यी सिंहहरूमा दायाँले दायाँ हात र वायाँले वायाँ हात उठाएको छ भने वाँकी कला तथा आकार दुवै सिंहमा समानता रहेको छ । स्तम्भको दुवैतर्फ भैरबको मूर्ति कुँदिएको छ । यी दुवै भैरबको आकार र कलामा हुवहु छन् । जसमा एउटा खुट्टा खुम्चाएर र अर्को अलि टाढा लागी सिधा तन्काएर उस्थानक आसनमा रहेका छन् । दुवै भैरवले दायाँ हातमा डमरु र वायाँमा खटवाङ्ग धारण

गरेका छन् भने तल्लो दायाँ हातमा आयुध विशेष वोकी वायाँ पात्र लिएका छन् । यिनले आफ्नो गहनाको रूपमा वनमाला र मुकुट धारण गरेका भैरव कमलासनमा रहेका छन् ।

भैरब माथि दायाँ स्तम्भमा गणेश छन् । कमलासनमा आशित गणेशले एक हातमा वन्चरो, अर्कोमा आयुध विशेष, तल्लो एक हात वरद मुद्रा तथा अर्कोमा लड्डु लिएका छन् । यिनले शिरमा मुकुट तथा पाखुरामा सर्पको केयूर वाहेक अन्य कुनै गहनाको प्रयोग गरिएका छैनन् । यिनको मुकुटमा चन्द्रमा अङ्कित गरिएको छ । वायाँ पट्टि सिंहवाहिनी देवी छिन जसले दायाँ हातमा खड्ग र वायाँमा ढाल तथा तल्लो दायाँमा पास र वायाँ पाससंगै व्याख्यान मुद्रामा रहेकी छिन् । कलात्मक मुकुट, गलामा हार र पलेटीसम्म आएको वनमाला धारण गरेकी, पुष्ट स्तन भएकी यी देवीलाई कसैले कुमार भनि व्याख्या विश्लेष्ण गरिएको छ(दर्नाल, वि.सं. २०५०, पृ.२६) । सिंहले टाउको पर्काएर देवीतर्फ हेरिरहेका छन् ।

दायाँ खम्वामा गणेशभन्दा माथि चारखुट्टे पशु विशेषलाई वहान वनाएर रहेकी अर्की देवीको मूर्ति पनि रहेको छ, जसका अनुहार मान्छेभन्दा बढी वाँदर जस्तो देखिन्छ । यिनले आफ्नो दायाँ हातमा लिएको आयुध चिन्न सकिएन् भने वायाँ हातमा माछा समातेकी छन् । तल्लो दायाँमा पास र वायाँमापात्र नजिक ल्याई व्याख्यान मुद्रा धारण गरेकी छन् । यिनको शिरमा मुकुट छ भने वायाँ पट्टि स्तम्भमा इन्द्रयाणी रहेकी छिन् । हात्तीमाथि पद्मासना आसित इन्द्रायणीले दायाँ हातमा वज्र र वायाँमा छत्र लिएकी छिन् । तल्लो दायाँ हातमा पात्र र वायाँले अभयमुद्रा प्रर्दशन गरेकी छिन् । यिनले आफ्नो गहनाको रूपमा कुण्डल, हार, वनमाला र मुकुट धारण गरेकी छिन् ।

यहाँ स्तम्भमाथि अर्धचन्द्राकार मृतिकाको तोरण रहेको छ । तोरणको तल्लो भागमा दुवैपट्टि मकराकृति कुँदिएको छ । तोरण मध्यभागमा भने षडभुजी चामुण्डाको प्रेतासनमा मूर्ति कुँदिएको छ । चामुण्डाको दायाँ-वायाँ दुई दुई वटा देवीका मूति कुदिएका छन् । चामुण्डाको शिरमाथि मृतिकाको अष्टदलकमल वनाई त्यसमा श्रीयन्त्र उत्किर्ण गरिएको छ । श्रीयन्त्र माथि गजूर छ ।

कलात्मक तोरण संहितको पर्खालको द्वार प्रवेश गर्दा सो पर्खालसँग जोडेर कंक्रिटको दुई पाखे छाना हालिएको देखिन्छ जुन मुख्य चण्डेश्वरी मन्दिरको भित्तामा गएर मिल्दछ । तवमात्र मुख्य मन्दिरको शुरुवात हुन्छ जसलाई सम्पूर्ण रूपले तेली इट्टाको पर्खाल उठाई वनाईएको छ । यस चण्डेश्वरी मन्दिरमा कतैपनि टुँडाल तथा कसंल नहुदा यसको स्वरूप अनौठो किसिमको देखिएको छ । करिब १०×१० फिटको क्षेत्रफल ओगटेको यो मन्दिरमा भित्र कुनै किसिमको तल्ला निर्माण गरिएको छैन । मन्दिरको भुई तलामा कुनै पनि झ्याल राखिएको देखिदैन् ।

यस मन्दिरको पहिलो र दोस्रो तलामा नाम मात्रका काठका स-साना आँखी झ्याल हालिएका छन् । यस मन्दिरभित्र प्रवेश गर्नका निर्मित्त दक्षिण पट्टि सानो ढोका राखिएको छ । यहाँकापूजारीका अनुसार केही वर्ष अगाडि मन्दिरभित्र एउटा प्रस्तरको देवीमूर्ति स्थापना गरिएको छ । तर यो यहाँको पूजा स्थान भने होइन् । चण्डेश्वरीदेवीको मुख्य मन्दिर भने त्यही पश्चिम पर्खालकोद्वार प्रवेश गरेपछि पुगिन्छ ।

जो मन्दिरको पश्चिम भित्तामा वाहिर पट्टि नै खोपा वनाई तह-तहका स्तम्भावली सहितका तोरणहरूले तयार पारिएको छ । यो मुख्य मन्दिरको निर्माण शैलीले यिनै यहाँको प्राचीन चण्डेश्वरी हुन भन्ने देखिन्छ । यहाँ पाँच तहको कलात्मक तलबाट सानो हुदै माथितिर ठूलो हुदै गएको तोरणभित्र चण्डेश्वरीको मुख्य पीठ रहेको छ । यस सम्बन्धी तस्वीर परिशिष्ट पछाडी फोटोफलकमा छ ।

यी कलापूर्ण मूर्तिहरू सहितको तोरणले वनाएको खोपाको मध्यभागमा गोलो अष्टदलको वीचमा श्रीयन्त्र वनाईएको छ । यस खोपाभित्र अर्को दोस्रो तोरण छ । यहाँ ६"x६" को स्तम्भ सहितको प्रस्तरको तोरणले झण्डै डेढ फिटको अर्को खोपा बनाईएको छ । यो तोरणको स्तम्भको तल्लो भागमा दायाँ स्थानक गणेश छन् । यिनले गहनाको रूपमा लामो वनमाला धारण गरेका यी गणेशले अनेक आयुध लिएका छन् । वायाँ स्तम्भमा रहेको देव विशेषले दायाँ हातमा माला र वायाँमा वज्र तथा तल्लो वायाँ हातमा अभय मुद्रामा राखी दायाँ दात घुडाँमा अड्याई राँको लिएको देखिन्छ । यो मूर्तिमा गरगहनाको रूपमा मुकुट, वनमाला तथा पुष्प कुण्डलको प्रयोग भएको देखिन्छ । यी दुवै मूर्तिमाथि स्तम्भको ६" को साँगुरो भागमा १६/१६ पंक्तिमा नेपाल लिपि र नेपाल भाषामा अभिलेख कुँदिएको छ (राजवंशी, वि.सं.२०५०,पृ.५४) ।

स्तम्भमाथि चन्द्राकार तोरणको दुर्वतर्फ वादलमा उडिरहेका अप्सराहरू कुँदिएका छन् । तर यिनका पखेटार पुच्छर पनि रहेका छन् । त्यसमाथि अत्यन्त आकर्षक र कलापूर्ण क्षेपु पनि कुँदिएको छ । क्षेपुको शिरमा प्रेताशनमा वसेकी चामुण्डाको मूर्ति रहेका छ । तोरणलाई चामुण्डाको शिरोभाग पछाडिबाट अझै माथि उठाई चुचुरो वनाई गजूर वनाइएको छ । यस स्तम्भ सहितको तोरणले निर्माण गरेको खोपाको भुईमा केही वर्ष अगाडि स्थानीय समाजसेवी गजराज जोशी तथा उनकी भार्या सन्तकुमारी जोशीले चढाएको सिंगमरमरको स्वेतवर्णको श्रीयन्त्र राखिएको छ । यसभित्र प्रस्तरको तोरण सहितको अर्को खोपा पनि रहेको छ । यो तोरणको स्तम्भ तथा तोरणको आकार अझ सानो छ । दोस्रो तोरणमा झैं गणेश तथा अर्को मूर्ति कुंदिएको छ । आकारमा भने साना छन् । अन्य वाँकी स्तम्भ खाली छन् । माथि चन्द्राकार तोरणका दुवैतिर मकराकृर्ति तथा मध्यमागमा क्षेपु र क्षेपुको शिरमा प्रेतमुद्मा षड्भुजी चामुण्डा रहेका छन् । यसले वनाएको खोपा चौडाईमा १ फिट जति र भित्री भागमा अर्को चौथो तोरण अलि टाढा भएकोले निक्कै फराकिलो देखिन्छ । यहाँ कलात्मक प्रस्तरको आशनमाथि अष्टदलकमल र त्यसमाथि स्पष्टसँग श्रीयन्त्र वनाइएको छ । कालो चिप्लो ढुङ्गाको यो श्रीयन्त्र हेर्दा निक्कै पुरानो प्रतीत हुन्छ ।

चण्डेश्वरीको चौथो तोरणमा क्षेपु मात्र देखिन्छ । त्यस क्षेपुको टाउँकामा प्रेताशनमा रहेकी षड्भूजी चामुण्डा रहेकोमा  हाल त्यस स्थानमा रहेको पाइदैन । तर राम्रोसँग हेर्ने हो भने माथिपट्टि त्यहाँ एउटा मुसाको झैं प्वाल रहेको छ । उक्त प्वालभित्र एउटा मूर्ति छ । त्यसभित्र रहेको त्यो मूर्ति के को भनेर स्पष्ट छैन । यसै चौथो तोरणभित्र अर्को पाँचौ तथा अन्तिम तोरण पनि रहेको छ । यो पनि निक्कै सानो अवस्थामा रहेको छ । यसको स्तम्भ सहित तोरणको जम्मा उचाई १ फिट भन्दा पनि कम रहेको

छ । तोरणमा धेरै भाग छेपुले ओगटेको छ । यस तोरणले निर्माण गरेको खोपाको भित्ताको मध्यभागमा एउटा खड्ग कुँदिएको छ । यहाँको क्षेपुको शिरमा खड्ग, त्रिशूल, छत्र, खट्वाङ्ग, धनुष र मुण्डमाला धारण गरेकी देवी काली चामुण्डा रहेको मन्दिरको पुजारीले वताएपनि हाल त्यस स्थानमा देखिदैन् । यो मूर्ति पछि कुनै समयमा छोपिएको हुनसक्ने अनुमान गरिएको छ । तर पुजारीकाअनुसार यहाँको मूर्ति धेरै पहिला नै हराएको हो ।

अत:यहाँको मन्दिरभित्र कुनै खास किसिमको चण्डेश्वरीदेवीको मूर्ति देखिदैन । त्यसैले यहाँ खड्ग तथा श्रीयन्त्रलाई नै मुख्य स्थान दिइएको प्रतित हुन्छ । तर नेपाल संम्वत ७९४ को नृपेन्द् मल्लको पालाको एक अभिलेखलाई अध्ययन गर्दा उनले त्यहाँ साडी धारण गराउन मिल्ने अग्लो र ठूलो चण्डेश्वरीको मूर्ति भएको हुन सक्ने आंशका व्यक्त गरे तापनि हाल त्यस्तो खालको कुनै पनि मूर्ति त्यहाँ देखिदैन । मुख्य पूजा स्थान मानिएको मन्दिरभित्रको भागपनि निक्कै सानो छ । चण्डेश्वरीदेवीलाई विन्दुमा अर्थात सानो प्रस्तरमा रहेको खड्ग चिन्हलाई पनि प्राचीन चण्डेश्वरीको स्वरूप मानि पूजा गर्ने यहाँको परम्परा रहि आएको छ । मन्दिरभित्र तपशीलका महत्वपूर्ण मूर्ति तथा अन्य सामग्रीहरू पनि छन् ।

**तोरण**

चण्डेश्वरी मन्दिरको मूल ढोकामाथि अर्धगोलाकार वा अर्धचन्द्राकार तोरण राखिएको छ । तोरणमा गरुड, छेपु, गङ्गा, जमूना, सर्य, चन्द्र,मकर कछुवा, अप्सरा, विद्याधर, कार्तिकेय, सिंह आदिका आकृति कुँदिएका छन् । कतिपय मन्दिरहरूमा सौन्दर्य वढाउने कममा ढोकामाथि अर्धचन्द्राकार तोरण राखिने गरिएको पनि उल्लेख पाइन्छ (पौड्याल, वि.सं.२०५७, पृ.१८७) । छानेशैलीका मन्दिरका विभिन्न विषेताहरूमध्ये अर्धचन्द्राकार रूपमा राखिएको तोरण पनि एउटा हो । हिन्दू र बौद्ध देवदेवीको मन्दिरहरू, मूर्ति चिन्न देवताको वाहन बाहेक तोरणले पनि मद्दत गर्दछ । तोरणको मध्यभागमा मन्दिरको गर्भगृहमा स्थापित देवदेवीको प्रतिमूर्ति कुँदिएको हुन्छ । मन्दिरको मूल ढोका वन्द भए पनि तोरण हेरेर कुन देवदेवीको मन्दिर हो भने छुट्याउन सकिन्छ । मन्दिरको कुन देवी-देवता हो,तिनका नजिकका अन्य देवी-देवताको मुख्य देवतासित कस्तो सम्वन्ध छ भन्ने देखाउन पनि तोरणको निर्माण भएको देखिन्छ । यो राख्ने परम्परा प्राचीन नेपाली परम्परा हो ।

बर्नियरले गरेको परिभाषा अनुसारतोरण भनेको अर्धगोलाकार रूपमा वनाइएको फराकिलो काठ वा धातु जडिएको काठ हो, जसलाई प्राय:गरी मन्दिरको मूलढोका वा झयालमाथि अगाडिपट्टि पर्काएर राखिन्छ भनिएको छ । कही-कही यसलाई ठाँडो पारेर राख्ने चलन पनि रहेको छ तर जुनसुकै अवस्थामा राखिएता पनि तोरणलाई पवित्रता र पुजनीयताको प्रतीक मानिएको छ (क्षेत्री र रायमाझी, वि.सं. २०५६, पृ.२१८) । अपवित्र तथा अधार्मिक भवनहरू जतिसुकै कलात्मक ढोका र टुँडालयुक्त भएपनि त्यसमा तोरण राखिएको हुदैन् ।

तोरणहरूमा देवीदेवता बाहेक नागहरू, पशुहरू, भक्तहरू, फुलबुट्टाहरू आदि उत्कीर्ण गरेर तोरणको निर्माण शैलीलाई बढीभन्दा बढी जटिल वनाउँदै लगेको देखिन्छ । साधारण भन्दा साधारण तोरणमा समेत डरलाग्दा छेपुले आफना पञ्जाहरूले दुईवटा सर्पलाई समात्ने परम्परा रहेको पाइन्छ । कहिलेकाही छेपुले सर्पका टाउकाहरू टोकिरहेको चित्र समेत तोरण उत्कीर्ण गरिएको देखिन्छ । यस्तो खालको मूर्ति प्राय:तोरणको माथिल्लो भागको बीचमा बनाइने गरिन्छ जसले गर्दा उसले समातेको सर्पको पुच्छरले तोरणको वाहिरी किनारा घेरेर तोरणको बाहिरीसिमा निश्चित गरिदिन्छ ।

तोरणको बीच भागमा प्राय:जसो मन्दिरको मुख्य देवदेवीका आकृति र त्यस वरिपरि अन्य स-साना देवीदेवताका आकृति एंव देवदेवीका आयुधहरू, गोही, फुलबुट्टा, लहरा, पात आदि वनाउने चलन छ । कतिपय तोरणहरूमा कलश बनाएपछि कलशको मुनिभारी बोकेर थचक्क बसेको मानवाकृति बनाइएको हुन्छ र सबैभन्दा माथिल्लो भागमा छेपुले सर्पलाई निल्न लागेको आकृति बनाइएको पाइन्छ । कतिपय तोरणहरूमा नागकन्या र गगां-जमुनाका मूर्तिहरू उत्कीर्ण गरिएका हुन्छन् तर तोरणको बीच भागमा भने ध्यान मुद्रामा,अभयमुद्‌ामा,वरदमुद्‌ामा मुख्य देवतालाई स्थानक वा बसेको रूपमा उत्कीर्ण गरेको देखिन्छ । अष्टमङ्गलमध्ये पूर्ण कलश पर्ने हुँदा अष्टमङ्गलको प्रतीकको रूपमा यसलाइ चित्रित गरिएको मानिन्छ ।पूर्ण कलशलाई पृथ्वीको प्रतीक मानेर तोरणको सबैभन्दा तलको आधार भूईमा यसलाई उत्कीर्ण गर्ने कार्य पनि गरिन्छ (क्षेत्री र रायमाझी,वि.सं.२०५६,पृं.२१८) ।

पानीका स्रोतका रूपमा बादल उत्कीर्ण गर्ने,धर्ती र आकाशको साँघुको रूपमा गोही एवं सर्प उत्कीर्ण गर्ने तथा देवदेवीका प्रतीकका रूपमा कोण वा त्रिकोणहरू उत्कीर्ण गर्ने परम्परा पनि रहेको देखिन्छ । तोरणहरू पनि तीन प्रकारका रहेका छन् झ्यालमाथि राखिने झ्याल, तोरणहरू, मन्दिरको मूल ढोकामाथि राखिने तोरणहरू र स्तम्भमा झुण्ड्याइने दलान तोरणहरू रहेका छन् ।

**प्रदक्षिणापथ**

चण्डेश्वरी मन्दिरमा प्रदक्षिणपथ अग्लो पर्खाल अर्थात् मुख्य ढोकाको भित्रपट्टि रहेको छ ।देवीदेवताको परिकमा लागि मन्दिर वरिपरि घुम्न वनाईएका बाटालाई प्रदक्षिणापथ भनिन्छ । प्रदक्षिणा षोडषोपचार पूजापद्धतिको एक पद्धति मानिने हुँदा मन्दिरहरूमा प्रदक्षिणापथको निर्माण अनिवार्य ठानिन्छ (पाण्डेय,१९८८,पृ.४२०) । नेपालमा प्राचीनकालदेखि नै मन्दिरहरू निर्माण गर्दा मन्दिरको वाहिरी पर्खालको भित्र र वाहिरबाट पनि यस्ता पथहरू निर्माण गर्ने परम्परा छ । प्रदक्षिणा पनि देव प्रतिमाको र मन्दिरको पनि गरिने हुँदा मन्दिरहरूमा यस्ता पथहरू निर्माण गरिएका हुन्छन् । आजसम्म पनि यस प्रथाले निरन्तरता पाउँदै गएको छ । सूर्य पूर्वबाट उदाएर पश्चिम अस्ताउने र पुन: पूर्वतर्फ देखिने हुनाले त्यसै चाल अनुरूप प्रदक्षिणाको शुरुवात भएको मानिन्छ । सतपथ व्राहमणमा “सूर्यसमान यो हाम्रो पवित्रकार्य पूरा भयो” भन्ने प्रदक्षिणामन्त्र दिएको देखिन्छ । हिन्दूहरूमा प्रदक्षिणाको शुरुवात

वैदिककालदेखि नै भएको देखिन्छ । किनभने ब्राहमण ग्रन्थहरूमा मण्डपको परिक्रमा गर्नुपर्ने विधान दिएको छ । प्रदक्षिणालाई सम्मानको विषय मानिन्छ ।

**गर-गहना**

भक्तजनहरूले आफुले इच्छाएको कुरा पूर्ण भएपछि देवतालाई खुसी पार्नको लागि विभिन्न सामान गर-गहनाहरू मन्दिरमा चढाउने प्रचलन प्राचीन कालदेखि नै रहदै आएको पाइन्छ । यसमा विशेषगरी त्रिशुल, चंदुवा, दियो, तोरण, गर-गहना आदि सामानहरू चढाउने चलन रहेको छ । टोखा चण्डेश्वरी भगवतीलाई पनि भक्तजनहरूले प्राचीनकालदेखि नै समय-समयमा विभिन्न गर-गहना चढाउँदै आएका प्रमाणहरू पाइएका छन् । नेपाल सम्वत् ७९४ को अभिलेखमा श्रीश्रीश्री चण्डेश्वरी प्रीतिका लागि राजा नृपेन्द्र मल्लको शासनकालमा तोखा देश तोखा रागतोर गरछें वस्ने दता विश्वभारोले आफ्नो हातबाट मुकुट १ जोर, आसन १, धोति १ चढाएको उल्लेख गरेको छ । चण्डेश्वरीलाई पनि विशेष चाँडपर्व, जात्रा, विशेष पूजामा पनि विभिन्न प्रकारका गर-गहना लगाईदिने चलन पनि रहेको छ । गहनाहरू सर्वसाधारणदेखि राजाहरूले समेत समय- समयमा गर-गहना चढाएको देखिन आउँछ । वास्तविक लगत पुरानो पाउन नसकिए तापनि केही गर-गहनाको लगत प्राप्त गर्न सकिएको छ । टोखा चण्डेश्वरी भगवतीको गरगहनाको विवरण परिशिष्टमा उल्लेख गरिएको छ ।

**श्री यन्त्र**

वास्तवमा भन्ने हो भने तन्त्रशास्त्रमा चित्र या अक्षरलाई यन्त्र भनिन्छ । यसलाई देवीदेवताको प्रतीक पनि मानिन्छ । कागज वा तामा लगायतका अन्य पातामा मन्त्र लेखेर जन्तर वनाउने पद्धति यन्त्रमा आधारित छ भने विभिन्न प्रकारका औठी र चित्रलाई पनि यन्त्र मान्ने गरिन्छ । यो तान्त्रिक पूजा पद्धतिको एउटा वस्तु हो । तान्त्रिकहरू यन्त्र,तन्त्र र मन्त्रमा विश्वास गर्दछन् (शाह, वि.सं.२०७३,पृ.१७६) आफ्नो सुरक्षाका लागि विभिन्न देवीदेवताका प्रतिमा निर्माण गरी लगाइने औठीलाई पनि यन्त्र भनिन्छ । यस्ता औठीहरू तामा, सुन र चाँदीबाट बनेका हुन सक्तछन् । यसरी यन्त्रलाई तन्त्रसँग सम्वन्धित विषयवस्तु मानिन्छ साथै यन्त्र, तन्त्र, मन्त्र संगसँगै आउने शव्दहरू हुन् ।

**खड्ग**

टोखा चण्डेश्वरीमा रहेको प्रस्तरको खड्गलाई नै चण्डेश्वरी मानिएको छ । खड्गको अर्थ तरवार भन्ने हुन्छ । सामान्यतया देवीको आयुध खड्ग रहने मान्यता हिन्दू पुराणहरूमा रहेको पाइन्छ । हिन्दूहरूमा यसलाई यूद्धसँग तादाम्य गर्ने चलन पनि रहेको छ । काटमार,यूद्ध र झगडाको प्रतीक खड्ग मानिन्छ । यसको उत्पत्तिका वारेमा भने हिन्दू धर्मग्रन्थहरूमा अनेक प्रकारका विवरणहरू दिएका छन् । खड्गले सवै देवतालाई खुशी तुल्याउने हुनाले यसलाई नन्दक खड्गले चिनिने उल्लेख गरिएको छ( पौडेल,वि.सं.२०६२,पृ.३२)। खड्गको उत्पत्तिको कथा अनुसार वह्माले सृष्टि गरेपछि सवैलाई नियम पनि वनाएका थिए भनिन्छ । प्राप्त पौराणीक कथामा दानवहरूले भने ती नियम पालना गरेनन् । तिनीहरूले

सारा प्रजालाई दण्डको सहयोगले निकै सताउन लागे छन् । त्यही वेला ब्रह्माले एउटा यज्ञको शुरुवात गरेछन्,जसबाट असी नामको एउटा भूत प्रकट भएछ र उक्त भूत एउटा खड्गमा परिणत भएछ । ब्रह्माले त्यो तरवार रुद्रलाई दिएछन् । रुद्रले पनि त्यसैको सहायताले दानवको वध गरेछन् । अन्त्यमा रुद्रले त्यो तरवार विष्णुलाई दिए भन्ने उल्लेख महाभारतमा पाइन्छ । यसैगरी असी नामक राक्षसका विभिन्न आठवटा नाममा एउटा नाम खड्ग पनि थियो भने उल्लेख गरिएको छ (खतिवडा, वि.सं. २०७०,पृ.२५९) । टोखा चण्डेश्वरीको दर्शन गर्ने सवैभन्दा तल्लो तहमा सानो प्रस्तरमा खड्गको चिन्ह रहेको छ । त्यसलाई मानिसहरूले सत्ययुगदेखि नै रहेकोले यसैलाई देवीको रूप मानी श्रद्धालुहरूले उपासना गर्ने गर्दछन् ।

काठमाडौ उपत्यकामा खड्गजात्रा देवपाटनमा गरिने एउटा पुरानो जात्रा हो । यो जात्रा गाईजात्राको भोलिपल्ट या भाद्रकृष्ण द्वितीयाका दिन गर्ने परम्परा रहि आएको छ । खड्गजात्रा गर्दा २०-३० जना यूवाहरू काधमा स्त्रीका साडी र चोलो तथा हातमा खड्ग वोकेर नाच्दै देवपाटनका मन्दिर, घर तथा टोलटोलहरूमा घुम्ने गर्दछन् । यो जात्राको अवसरमा ताम्रेश्वर र पशुपतिको पनि परिक्रमा गर्ने चलन छ । यस जात्रामा नाच्ने मानिसहरूले कछाड मात्र लगाएका देखिन्छन् । यसलाई यूद्धमा विजयको प्रतीकात्मक उत्सव पनि मान्ने गरिएको उल्लेख गरिएको छ (कोइराला,वि.सं.२०५१,पृ.५०३)। यो जात्रा पशुपति भेगमा सम्पन्न गरिने हुनाले यसको सम्वन्धमा पशुपतिनाथसँग पनि रहेको हुन सक्ने अड्कल गर्न सकिन्छ तर यसको शुरुवातको वारेमा कुनै किम्वदन्तीहरू प्रचलित रहेका देखिदैनन् । देवपाटनमा देखाइने खड्गजात्रा भाद्रकृष्ण द्वितीयाका दिन अपरान्ह ३ वजे शुरु गर्ने परम्परा रहि आएको छ । यो जात्रा एकै दिनको हो, जसको सुरुवात र समाप्ति दुवै पशुपति मन्दिर अगाडि गरिन्छ । यस जात्राका अवसरमा पशुपति र ताम्रेश्वरको परिक्रमा गरिन्छ । यसरी ताम्रेश्वरलाई पनि पशुपति सरह नै महत्व दिइएको देखिन्छ । काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेल क्षेत्रमा पनि विजया दशमीको दिन खड्गजात्रा गर्ने चलन रहेको छ । दशैको समयमा सम्पन्न गरिने यस जात्राका अवसरमा प्रत्येक घरकाएक एकजना मानिसहरू खड्ग लिएर जात्रामा सहभागी हुने गर्दछन् । विजया दशमीका दिन सम्पन्न गरिने तऊ जात्रा देवीको सम्मानमा निकालिएको भन्ने मान्यता रहेको छ । पश्चिम नेपालको प्यूठान जिल्लाको विजुली कोटमा पनि खड्ग देवताको जात्रा गर्ने चलन छ । त्यस भेगमा दशै, रामनवमी र श्रीपंचमीका अवसरमा यी देवताको जात्रा गरिन्छ ।

### क्षेपु

चण्डेश्वरी मन्दिरको ढोकामा रहेको तोरण छेपु राखिएको छ । छेपु एक प्रकारको काल्पनिक प्राणी हो । नेपाली शैलीका मन्दिर, घर र दरवारहरूको तोरणमा अङ्कित गर्ने गरिएको पाइन्छ । मूल ढोकाको माथि राखिएको अर्धगोलाकारका वस्तुको नाम तोरण हो । तोरणमा क्षेपुको आकृति कुँदिएको हुन्छ । भवन निर्माणमा साँस्कृतिक र अलङ्करण दुवै दृष्टिले तोरणहरूको विशेष महत्व रहेको हुने गर्दछ । विशेषगरी तोरणको वीच भागमा मन्दिरका मूल देवताको आकृति, त्यसको दुवैतिर मकरामुखाकृर्ति र

फूलवुट्टा तथा लहर अङ्कित गरिएका हुन्छन् । यसको माथिल्लो भागमा तथा मूल देवीदेवता भन्दा माथि छेपूको आंकृति वनाइएको पाइन्छ । त्यसमा अङ्कित गरिने छेपू एक प्रकारको काल्पनी प्राणी हो । क्षेपु मुख वाघको जस्तो हुन्छ । यसको मुखमा भने दुईतिर दुईवटा साप च्यापेजस्तो देखाइने गरिएको छ । यसको शरीर भने आधा मात्र देखाउने परम्परा रहि आएको छ ।

मन्दिरका तोरणहरूमा किन छेपूका आकृति अङ्कित गरिएका हुन्छन् भन्ने सन्दर्भमा काठमाडौ उपत्यकामा एउटा किंम्वदन्ती प्रचलित रहेको छ । अघि सत्ययुगमा उपत्यकाको कमल फुल्ने दहमा प्रकाशमय स्वयम्भूको ज्योति झलमल्ल फुलेको सुनी महाचीनबाट मञ्जुश्री आएर दक्षिणतिरको डाँडो खड्गले काटेछन् । पानी वाहिर वगाए निकालेछन् । यसबाट त्यहाँको जलचर प्राणीहरू अन्यत्रै गए भने एउटा अंजगको कुरूप प्राणी भने त्यही लुकेर वसेछ । अव मञ्जुश्रीले त्यस कुरूप प्राणी छेपुलाई पोखरीबाट वाहिर जानका लागि अनुरोध गरेछन् । छेपूले पनि आफू ज्यादै कुरूप भएकाले वाहिर जाँदा अरुले नदेखुन र नगिज्याउन भनी वाहिर जान नसक्ने भने छन् । त्यसपछि मन्जुश्रीले उसलाई पोखरीबाट वाहिर जाँदा आफूले नहेर्ने र अरुले पनि हेर्न नपाउने विश्वास दिलाएर वाहिर पठाए छन् । कथा अनुसार उक्त प्राणी पोखरीबाट वाहिर निस्कदै गर्दा मनमा खुल्दुली भै मञ्जुश्रीले यसलाई हेरेछन् । जसबाट पुनःछेपु पोखरी भित्रै पसेर लुकेछ । त्यसपछि मञ्जुश्रीले त्यस प्राणीको आधा शरीर कसैले देख्न नसक्ने गरी त्यसलाई मन्दिरमा स्थापना गरेर राख्ने सर्तमा त्यसलाई पोखरीको वाहिर पठाएको भन्ने उल्लेख गरिएको छ (दीप, वि.सं.२०५२,पृ.७७) । यसै किम्वदन्तीको आधारमा मन्दिरका तोरणमा छेपुको मुखाकृतिका साथमा आधा शरीरमात्र देखाउने गरिएको पाइन्छ ।

**गजुर**

चण्डेश्वरी मन्दिरको माथिल्लो शिरमा एउटा सानो गजुर पनि रहेको छ । मन्दिरको सवैभन्दा माथिल्लो भागमा ठाडो वनाएर राखिने धातुको एक प्रकारको वस्तुलाई गजुर भनिन्छ । मन्दिरको गजुर कलश र दण्डी स्वरूपको हुन्छ । नेपाली तलेशैली र शिखरशैली दुवै प्रकारका मन्दिरको सवैभन्दा माथिल्लो भागमा गजुर राख्ने चलन छ । सामान्यतया गजुर धातुको नै वनाउने गरिन्छ । कतिपय मन्दिरहरूमा पित्तलको गजुर राखिने गरिएको छ । तर पशुपतिनाथको मन्दिरमा चाहि सुनको गजुर राखिएको देखिन्छ । गजुर मन्दिरको सुन्दरताका लागि राख्ने परम्परा पाइन्छ । मन्दिरमा कतिवटा गजुर राख्ने भन्ने कुनै ग्रन्थमा नियम उल्लेख गरिएको छैन् । कुनै मन्दिरमा धेरैवटा र कतै कम संख्याका गजुरहरू राखिएको हुन्छन् । नेपालका मन्दिरहरूमा एकदेखि लिएर २१ वटासम्म गजुरहरू राखिएका पाईन्छ । तले शैलीका मन्दिरहरूमा राखिने गजुरमा सवैभन्दा धेरै पाटनको कृष्ण मन्दिरमा भने एक्काइस वटा गजुरहरू राखिएका देखिन्छन् । टोखा चण्डेश्वरीको मन्दिरमा पित्तलको एउटा मात्रै गजुर राखिएको छ भने गजुर माथि फलामको डण्डीलाई दक्षिण र उत्तरतिर फर्काएर साना साना तिनवटा घण्टी झुण्डाइएको देखिन्छ ।

## ४.७ .अष्टमातृकाका मूर्तिहरू

चण्डेश्वरी मन्दिरको मृतिकाको पहिलोद्वारमा, भित्र प्रस्तरको खम्वा र तोरणमा विभिन्न मूर्तिहरू कुँदिएका छन् । दायाँवायाँ भने एक जोर सिंहहरू र अष्टमातृकाका मूर्तिहरू रहेका छन् ।नेपालमा मध्यकालको प्रारम्भदेखि नै अष्टमातृकाका मूर्तिहरू प्रसस्त मात्रामा वन्न थालेको देखिन्छ । विशेषगरि काठमाडौ उपत्यकामा मध्यकालभरी नै नगर रक्षकका रूपमा अष्टमातृकाको स्थापना गरिएको देखिन्छ । आठवटा देवीहरूको सामूहिक नामलाई नै अष्टमातृका भनिन्छ । मातृकाहरूलाई सृष्टिकी देवी र रक्षकका रूपमा समेत पूजाआजा गर्ने परम्परा धेरै पहिलेदेखि चलि आएको पाइन्छ । हिन्दूहरूले पूजाआजा गर्ने विभिन्न देवीदेवताहरूमध्ये अष्टमातृका सामूहिक रूपमा पूजिने देवीहरू हुन् । यिनीहरू आठवटै देवी एकै पटक सामूहिक रूपमा पुजिने गरिएको छ । ब्राह्मी, माहेश्वरी, वैष्णवी, वाराही, इन्द्रायणी, चामुण्डा र महालक्ष्मी अष्टमातृकाका नाम हुन् । नेपालमा पूजिने सप्तमातृका देवीमा नै महालक्ष्मीलाई थप गरी अष्टमातृका देवी भनेर मान्ने चलन रहि आएको । नेपालमा प्राचीनकालदेखिका मातृकाका मूर्तिहरू पाइएका छन् । तसर्थ काठमाडौ उपत्यकामा प्राचीन कालदेखि नै अष्टमातृका देवीको पूजाआजा गर्ने परम्परा रहेको छ । आरम्भमा मातृकाहरूलाई अलग-अलग रूपमा स्थापना गरी पूजाआजा गर्ने चलन रहेकोमा मध्यकातिर आएर अष्टमातृकाको पूजाआजा गर्ने चलन पुन प्रचलित भएको कुरालाई साहित्यिक ग्रन्थहरूले उल्लेख गरेका छन्(क्षेत्री र खतिवडा,वि.सं.२०५४.)। गुणकामदेवले कान्तिपुर शहरको रक्षाको लागि शहरको आठ दिशामा अष्टमातृका देवीहरूको स्थापना गराएको विवरण पाइन्छ । यसरी मध्यकालितिर अष्टमातृकाहरूको स्थापना शहर या गाउँको रक्षाका लागि गर्ने गरिएको पाइन्छ ।

अष्टमातृका देवीहरूमध्ये सातवटा मातृकाहरू ब्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, इन्द्रायणी, वाराही र चामुण्डालाई ब्रह्मा, महेश्वर, कुमार, विष्णु, इन्द्र, वराहविष्णु र भैरवका शक्ति मानिने हुनाले तिनीहरूका आयुध र वाहन उनका पुरुष देवताका सरहका रहेका छन् भने यता अष्टमातृका अन्तर्गर्तको महालक्ष्मीलाई चाहि स्वतन्त्र शक्ति मानिएको हुँदा उनको हातहरूमा विष्णु र शिवका आयुधहरू लिएको देखाउने गरिएको पाइन्छ । खासगरी उपत्यकामा अष्टमातृकाको पूजाआजा अन्यत्रभन्दा ज्यादा मात्रामा हुने गरेको देखिन्छ । उपत्यकामा मातृकाहरूलाई दिक्पालका रूपमा शहर वरिपरि स्थापना गर्ने चलन रहेको छ । विगतमा ग्रहशान्ति गर्दा,युद्धमा विजय हासिल गर्न,महामारी तथा भुकम्प रोक्न र रोगव्याधीबाट छुट्कारा पाउनका लागि उपत्यकामा अष्टमातृकाहरूको पूजाआजा गर्ने चलन रहेका पाइन्छ । अझै पनि काठमाडौ उपत्यकामा मातृकाको पूजाले निकै धेरै महत्व पाउने गरेको उल्लेख पाइन्छ (खतिवडा, वि.सं.२०७०, पृ.६५-५७) । प्राप्त एक ऐतिहासिक विवरण अनुसार पाटनमा धेरै पहिले मल्ल राजाहरूले चार कुनामा चार कुनामा आठ देवीलाई स्थापना गरी शहरको रक्षा गराएका थिए । ती देवीहरूलाई राजा श्रीनिवास मल्लले जगाएर अष्टमातृका नृत्यको शुरुवात गरेको उल्लेख गरिएको छ (पराजुली, वि.सं.२०६३, पृ.२०३) । त्यसैले पाटन भेगमा अष्टमातृकाको नृत्य प्रत्येक वर्ष दशैको घटस्थापनाको दिनदेखि विजयादशमीसम्म चल्दछ । यसमा १३ जना नर्तक रहन्छन् । यस नृत्यमा

अष्टमातृकामा थप सिहिणी, व्याघ्रिणी, गणेश, कुमार र भैरब थपिएर नृत्य गराईन्छ । अष्टमातृकाका नृत्य गर्ने नतर्कहरूले अगल-अलग देवीहरूको अभिनय गर्ने गर्दछन् । नृत्यको अभिनिय गर्नका लागि तिनिहरूले आश्विन कृष्ण औंसीदेखि चोखोनितो खाने तथा घटस्थापनाको दिन नृत्यनाथको मन्दिरमा नृत्य शुरु गर्नु पर्ने नियम रहेको छ । नृत्य गर्नेले आफूले नाचिने देवीहरूको मुकुण्डो भेषभुषा लगाउनु पर्ने मान्यता रही पाइन्छ । त्यसमा कोता, त्यांगी, भ्याला लगायतका वाजाहरू वजाउने तथा देवीहरूका स्तुतिपरक गीत गाउने पनि प्रचलन पाइन्छ । यसलाई एक प्रकारको तन्त्र साधना सहितको नृत्य मानिन्छ । यस्तो नृत्य आयोजना गर्दा रोगव्याधी हट्ने,प्राकृतिक प्रकोप र महामारीको भय नहुने जनविश्वास रही आएको छ । अष्टमातृका नृत्य यी देवीको सम्मानमा सम्पन्न गरिन्छ । यसलाई अष्टमातृका देवीको पूजाआजा गरे सरहको मानिएको छ । अष्टमातृकाको नृत्य टोखा चण्डेश्वरी क्षेत्रमा गर्ने चलन हालसम्म नरहेको स्थानीय वासीहरूको भनाई रहेको छ ।

**ब्राह्मी**

चण्डेश्वरीमा ब्राह्मीको पनि मूर्ति रहेको छ । यिनी ब्रह्माकी शक्ति हुन् । रूपी मातृका भएको हुँदा यिनको स्वरूप पनि ब्रह्मा समान हुनुपर्ने भन्ने ग्रन्थहरूमा उल्लेख गरिएको छ । प्रतिमाशास्त्रमा उल्लेख भएअनुसार यी देवीको छ हात र ४ मुख हुनु पर्ने विधान रहेको छ । यिनको वर्ण पहेलो, आभूषणले सुसज्जित शरीर, मृगचर्मको उत्तरीय धारण गरेको र हाँस वाहन हुनुपर्ने धर्मोत्तर पुराणमा उल्लेख गरिएको छ ।

**माहेश्वरी**

टोखा चण्डेश्वरीमा तेत्तीसकोटी देवतामध्ये माहेश्वरी पनि हुन् । माहेश्वरी शिवको शक्ति मानिने हुनाले यिनको प्रतिमा लक्षण गुहेश्वरीसँग मिल्ने देखिन्छ । विष्णुधर्मोत्तर पुराणका अनुसार यिनी श्वेत वर्णकी जटाधारी, तीन नेत्र, पञ्चमुखी र बृषभ वाहन हुने गर्दछिन् । यिनको छ हात रहेको छ भने दाहिने तिरको तीन हातमा सुत्र, डमरु र एउटा हात वरद मुद्रामा रहेको हुन्छ । देब्रेतिरका हातहरूमा शुल, घण्ट र एक हात अभय मुद्रामा रहेको हुन्छ ।

**वैष्णबी**

वैष्णविलाई विष्णुको शक्तको रूपमा मानिएको पाइन्छ । यिनी श्याम वर्णकी, छ हात र गरुड वाहन हुने उल्लेख विष्णुधमोत्तर पुराणमा गरिएको छ । उनका हातहरूमा शङ्ख, गदा, पद्म, चक्र हुनुका साथै एक हात वदर मुद्रामा र अर्को हात अभय मुद्रामा हुने विधान रहेको छ ।

**वाराही**

वाराहीलाई विष्णुधर्मोत्तर पुराणका अनुसार वाराहीलाई काली वर्णकी भुडे, देब्रेहातहरूमा खट, पास र एउटा हात अभय मुद्रामा हुनुपर्ने र दाहिनेतिरको हातहरूमा दण्ड, खड्ग र एउटा हात वरद मुद्रामा हुने उल्लेख गरिएको पाइन्छ ।

**इन्द्रायणी**

इन्द्रायणी इन्द्रको शक्तिको रूपमा रहेको हुन्छिन् । यिनको प्रतिमाशास्त्र लक्षणअनुसार इन्द्रको प्रतिमा शरह नै रहने उल्लेख छ । यिनलाई हात्ती वहानयुक्त, सहस्र आँखा भएकी सुवर्ण वर्णकी दाहिने तर्फका हातहरूमा सुत र वज्र धारण गरेकी वायाँ तर्फको एउटा हातमा कलश धारण गरेकी र वाँकी हातहरू अभय र वरद मुद्रामा हुने वर्णन गरिएको छ ।

**कुमारी**

कुमारीलाई रक्त वर्णकी, वाह् हाते र मयुर वाहनयुक्त भनिएको छ । यिनको दाँया हातहरूमा शक्ति, ध्वजा, दण्डपात्र, वाण हुनुको साथै एक हात वरद मुद्‌मा रहेको हुन्छ । देब्रेतिरका हातहरूमा धनुष, धष्ट, खप्पर, परशु आदि हुने वताइएको छ ।

**चामुण्डा**

चामुण्डाको प्रतिमालक्षणको विधानअनुसार प्रेतमाथि वसेकी, रक्तवर्णकी,विकृत शरीर भएकी अनुहार भयङ्कर हुने, मुखबाट दात वाहिर निस्केको हुने तथा उनका दश हातहरूमध्ये दाहिने तर्फका पाँच हातहरूमा मुसल, चक्र, वाण, अङ्कुश, खड्ग र देब्रेतर्फका पाँच हातहरूमा ढाल, पास, धनुष, दण्ड, वञ्चरो हुने उल्लेख गरिएको छ ।

**महालक्ष्मी**

विष्णुधर्मोत्तर पुराणकाअनुसार विष्णुसँग हुँदा लक्ष्मीको दुई हातमात्र हुने र उनको हातमा कमलको फूल हुने वताइएको छ । उनको वस्त्रहरू सेते हुने गर्दछ । तर लक्ष्मी एक्लै हुँदा उनका चारहात हुने, उनलाई सिंहासन माथि वसेका देखाइने गरिन्छ । यस्तो सिंहासिनमाथि अष्टदलकमल पुष्प उत्कीर्ण गरिएको हुन्छ । उनका चार हातमा कमल,अमृत घट,श्रीफल आदि हुने उल्लेख गरिएको छ । पृष्ठ भागमा दुईवटा हात्तिले आफ्नो सुढले उनी माथि पानी अभिशेचन गरि रहेको देखाउनु पर्ने विधान रहेता पनि कतैकतै उनको शिरमाथी कमल छत्र राख्निुपर्ने पनि विधानमा उल्लेख गरिएको पाइन्छ ।

## ४.८. चण्डेश्वरी मन्दिर परिसरका मूर्ति

चण्डेश्वरीको पश्चिम मूल ढोका अगाडी सानो डाँडालाई कैलाश पर्वत भनिन्छ । त्यसै कैलाश पर्वतको काँखमा अवस्थित टोखा चण्डेश्वरी एक प्राचीन शहरको भएको कारणले गर्दा यहाँ सत्ययुगमा नै दक्षप्रजापितले यज्ञ गरेको भन्ने भनाई रहेको छ । यहाँ ३३ कोटी देवीदेवताहरूको भएको कारणले गर्दा चण्डेश्वरीको दर्शन गरेपछि अन्य देवीदेवताको दर्शन गर्न नपर्ने भन्ने यहाँका मानिसहरूका धारणा रही आएको छ । यस चण्डेश्वरी मन्दिरका वरिपरि विभिन्न महत्वपूर्ण देवीदेवताहरूको मूर्तिहरू तथा अन्य कलाकृतिहरू रहेका छन् ।

चण्डेश्वरीदेवीको अन्य कलाकृतिको चर्चा गर्दा मुख्य चण्डेश्वरीको श्रीयन्त्र राखिएको खोपाको वायाँपट्टि एक खोपा वनाई मयूरमाथि घोडामा झै वसेको कुमारको राम्रो मूर्ति रहेको छ । यो मूर्ति निक्कै प्राचीन हो भन्ने कुरा यसमा देखिएको कलाकारिता तथा साधापनले स्पष्ट पार्दछ । यस्तै दायाँ पट्टि गणेश हुनुपर्नेमा एक अभिलेख राखिएको छ । उक्त ६ पंक्तिको अभिलेखको शीर्षक भागमा दायाँ वायाँ चन्द्र सूर्य तथा वीचमा खड्ग कुँदिएको छ । पुछारमा सातजना मावनाकृर्ति नमस्ते मुद्रामा देखिन्छ ।

### भक्तभक्तिका मूर्ति

मुख्य खोपाको दायाँ पट्टिको सिंहको ठीक दायाँ एक सानो प्रस्तरको वत्ति वाल्ने भाडा विशेष खालको छ जसको एक छेउमा सात पत्तिको अभिलेख उत्किर्ण गरिएको छ । मन्दिर अगाडि पर्खालको भित्रि भागमा भक्त भक्तिनीका अभिलेख संहितका तथा अभिलेख विहीन मूर्तिफलकहरू राखिएका छन् । दायाँपट्टि पर्खालको भित्तामा पनि एक अभिलेख सहितको दाताको मूर्ति राखिएको छ । यससँगै एउटा ठूलो र अग्लो १० पंक्तिको अभिलेख र अर्को एउटा सानो र जीर्ण अभिलेख मन्दिर अगाडिको पर्खालको भित्रिभागमा टासेर राखिएको छ । चण्डेश्वरीको मूल खोपा माथि धातुको तोरण राखिएको थियो जुन वि.सं.२०६४ सालको वैशाख महिनामा हराएपछि सो स्थान खाली अवस्थामा रहेको छ । त्यसैले अव खोपाको दायाँ वायाँ धातुका झण्डा मात्र वाँकी रहेका छन् । चण्डेश्वरी मन्दिरको मूलद्वार अगाडि दुईवटा सिंह मूर्ति राखिएका छन् । ती दुवैले एक हात उठाएको अवस्थामा देखाइएको छ ।

चण्डेश्वरी मन्दिरको ठीक दक्षिणपट्टि चण्डिश्वर शिवलिङ्ग पिण्डारकतीर्थमा अवस्थित छ । हिमवत्खण्डको १४३ अध्यायमा चण्डिकेश्वर शिवलिङ्गको स्पष्ट वर्णन छ । यसको पुजारी सिंहराज कर्माचार्य रहनु भएको छ । यसमा नित्य पूजा हुने गरेको छ । चण्डेश्वर महादेवलाई स्थानीय जनजीव्रोमा मुष्कानेश्वर महादेव पनि भन्ने गरिएको छ । चण्डेश्वरको नियमका कारण शिवलिङ्ग छोएर अनुसन्धानपूर्वक हेर्न पाइएन । त्यसैले वाहिरबाट दर्शन गरियो । मन्दिर निकै पुरानो भएको त्यहाँ उपलव्ध ढुङ्गाहरू र त्यहाँका स्थानीयहरूको आधारमा मन्दिर पुरानो भएको सङ्केत गर्छ (स्वामी अर्धनारेश्वरको मूर्ति, वि.सं.२०६८,पृ.२४७) । पर्खालसँगै जोडेर साना दुई तेली ईट्टाले उठाइएका मन्दिर वनाइएका छन् । जसमा एकमा निक्कै ठूलो स्थानक गणेशको मूर्ति राखिएको छ । अर्कोमा १८ हात भएको अर्धनारीश्वर

मूर्ति छ । मुण्डमाला लगाएको,एक पट्टि साढे र अर्कोपट्टि सिंह माथि खुट्टा राखी स्थानक आसनमा रहेको यो मूर्ति वि.सं. २०४३ मा स्थानगरेको कुरालाई यसैको पादपीठको अभिलेखमा उल्लेख गरिएको छ । यहाँ पहिले एक प्राचीन अर्धनारीश्वर मूर्ति रहेको थियो भन्ने भनाई स्थानीयवासीहरूको रहेका छ । १८ हात भएको उक्त मूर्तिको दायाँ गणेश र वायाँ कुमार तथा शिरो भागमा उमामहेश्वरको मूर्ति रहेको थियो भन्ने यस मन्दिरका पुजारीको भनाई रहेका छ । तर अहिले यो मूर्ति सो स्थानमा रहेको छैन् ।

त्यहाँ राखिएको नयाँ मूर्तिको कलामा त्यति निखरता आएको पनि देखिदैन । त्यहाँ राखिएको गणेशको मूर्ति भने स्थानीय समाजसेवी गजराज जोशीले राख्न लगाएको कुरा पनि त्यही शिलालेखमा उल्लेख गरिएको छ । त्यस्तैगरी यसै पर्खालमा दुई पुराना शिलालेख पनि टांसेर राखिएको अवस्थामा छन् । जसमा दायाँ पट्टि रहेको पुरानो अभिलेख पनि पढ्न नै नसकिने गरी अक्षरहरू मेटिएका छन् । गरडको मूर्ति दोस्रो खोपामा एक गरुडको मूर्ति रहेको भए तापनि गरुडमाथिको नारायणको मूर्ति भने विगत लामो समयदेखि हराएकोले त्यहाँ रहेको देखिदैन । यो मूर्ति सानो भएपनि यसको कलामा निखारता देखिन्छ । तेस्रो खोपामा अभिलेख कुद्न तयार पारिएको अवस्थामा राखिएको पाइन्छ । जसको शिरो भागमा चन्द्र सूर्यका वीचमा खड्ग अङ्कित गरिएको छ भने तल्लो भागमा भक्त भक्तिनीहरू नमस्ते मुद्रामा रहेका छन् । अभिलेखको भाग खाली नै रहेको छ । यसो हेर्दा पहिलेको अभिलेख मेटिएको भन्नसम्म सकिने अवस्थामा रहेको छ ।

## चन्द्र सूर्यको प्रतिमा

चौथौ, खोपाको अभिलेखको शिरमा चन्द्र सूर्य वीचमा शिवलिङ्ग कुँदिएको छ । तल पाँचजना भक्त मक्तिनीको मूर्ति रहेका छ । बीचमा भने वाह्र पंक्तिको अभिलेख कुँदिएको छ । त्यसका केही अक्षरहरू मेटिएका छन् । अर्को खोपाको अभिलेख पाटीको शिरोभागमा पनि चन्द्र सूर्य वीचमा शिवलिङ्ग ठूलो आकारको छ । तल तिनजना भक्त भक्तिनीहरूलाई देखाइएको छ । वीचको भाग भने खाली छ । यहि भित्तामा एउटा अभिलेख पनि टांसिएको छ । सिङ्गमरमरको पाटीमा खोपिएको उक्त अभिलेखमा “श्री चण्डेश्वरीदेवी काप्रोको रुख फेदमा विराजमान भएको वि.सं. २०६१ साल भाद्र १३ गते अचालनक जरो मक्की रुख ढलेको हुँदा स्थानीय समाजसेवी गजराज जोशी अग्रसर भै सोही ठाउँमा मन्दिर वनाउनको निमित्त टोखावासी र विभिन्न स्थानका अभिलासाहरूसँग छलफल गरिदा मन्दिर वनाउने निर्णय भएको हुँदा मन्दिर निर्माण सम्पन्न गरियो” भन्ने वाक्यांश लेखिएको छ । त्यसरी निर्णय गरेपछि तल धेरै दाताहरूको नामावली, ठेगाना तथा तिनीहरूले चन्दा स्वरूप दिएको रकम समेत उल्लेख गरिएको छ । त्यसमा उल्लेख गरे अनुसार मन्दिर निर्माणका लागि चन्दा स्वरूप प्राप्त रकम बढीमा रु ५२,५००/-र कम्तिमा रु. ५००/- सम्म दिनेको नाम शिलालेखमा उल्लेख गरिएको छ । चण्डेश्वरी मन्दिरको मूलद्वारको ठीक अगाडि एक चतुष्कोणाकार वेदी वनाई त्यहाँ अग्लो स्तम्भमा खड्ग राखिएको छ । यहाँ हरेक वर्ष वलि पनि दिने गरिन्छ ।

**उमामहेश्वर मूर्ति फलक**

चण्डिकेश्वर मन्दिरको पश्चिम पट्टि एक लामो पाटी छ जसलाई ईटा र कङ्क्रिटले वनाइएको छ । यसको अग्रभागमा एक मन्दिराकार खोपा वनाई मध्यकालीन कला झल्कने उमामहेश्वरको मूर्ति राखिएको छ । जसको माथिल्लो भागमा केही अभिलेख पनि कुदिएको छ । सो लामो पाटीभित्रका दुई खम्वामा दुई अभिलेख पनि टांसिएको छ । दुवै अभिलेख संरक्षणको अभावमा प्रायः अक्षर मेटिसकेका छन् । यहाँ परम्पराग शैलीमा वनाइएका दुईवटा पाटी भत्किएपछि यो एउटा लामो पाटी निर्माण गरिएको स्थानीयहरूको भनाई छ ।

**दक्ष प्रजापतिको प्रतिमा**

चण्डिकेश्वर मन्दिरको मुख्य प्रवेशद्वारको अगाडि दुई सिढीमाथि दायाँ वायाँ दुई सिंह स्थापना गरिएका छन् । चण्डिकेश्वर मन्दिरको पूर्वपट्टि एक अग्लो आशनमा नमस्ते गरिरहेका वोकाको टाउको भएको मानव स्वरूप रहेको छ (प्रसाई, वि.सं.२०७५,पृ.८८-१०६)। यो दक्षप्रजापतिको टाउको काटिएपछि उनकी व्राहिमणी वीरणीको अनुनय विनयबाट भगवतीले पुनःजीवनदान दिँदा छागको टाउको हालिदिएको कथालाई प्रतिनिधित्व गर्ने यो मूर्तिसँगै एक प्रस्तरको वसाहा पनि राखिएको छ ।

यो मूर्तिको पूर्वपट्टि वासुकी नागको थान छ त्यहाँ केही वर्ष अगाडि एउटा नागको मूर्ति पनि राखिएको छ । यसको दायाँपट्टि एक ढुङ्गेधारो पनि रहेको छ । पूर्वपट्टिको भागमा वारपार स-साना कंक्रिटका मन्दिर उठाई तिनका खोपामा सरस्वती, बुद्ध, विश्वकर्माका मूर्तिहरू राखिएका छन् । केही वर्ष अगाडि यहाँ एक विशाल कालीको मूर्ति पनि स्थापना गरिएको छ ।

ब्रह्मा, विष्णु र शिवका मूर्ति चण्डिकेश्वर मन्दिरको ठिक अगाडि एक सानो प्रस्तरै प्रस्तरको मन्दिर छ । चारै पट्टि व्रम्हा, विष्णु, महेश्वर तथा शिवको मूर्ति कुँदिएको यो मन्दिरको दक्षिणपट्टि एक प्रस्तरको स्तम्भमा प्रस्तरकै वसाहा राखिएको छ । यो सानो मन्दिरसँगै शिरोभाग फुटेका एक निक्कै ठूलो अभिलेख मिल्किएको अवस्थामा रहेका छ ।

**यज्ञकुण्ड**

चण्डिकेश्वर मन्दिर अगाडि एक अग्लो आशन वनाई तिनवटा स-साना शिवलिङ्ग स्थापना गरिएका छन् । यसको पश्चिमपट्टि एक स्तम्भमा हनुमान् स्थापना गरिएको छ । चण्डिकेश्वरको दक्षिणपट्टि एक आधुनिक ढङ्गको पाटी पनि छ । यो पाटीको पछाडी एक पोखरी छ । जुन अहिले त्यसमा पानी छैन । तर यो पोखरी नभएर दक्षप्रजापतिको यज्ञकुण्ड भएको स्थानीय वासीहरू बताउँदछन् । यो कुण्डको ठीक पूर्वपट्टि त्यहाँको कुण्डको खरानी मानिएको एक ढिस्कोलाई गोलो पर्खाल लगाई संरक्षण गरि राखिएको छ । यज्ञकुण्डको दक्षिणपट्टि पञ्चमुखी ढुङ्गेधारा छ । त्यसका अतिरिक्त यज्ञकुण्डको पश्चिमतर्फ एक सानो गुम्वज आकारको कंकिको मन्दिर छ । यसको खोपामा नारायणको मूर्ति तथा वाहिरको

गरुडका मूर्ति छन् । गरुडको मूर्ति भने आकारमा केही ठूलो, साधा र राम्रो खालको छ । यसको शिरोभाग भने छैन ।

**सत्तल**

चण्डेश्वरी र चण्डिकेश्वर मन्दिरको क्षेत्र छोडेर दक्षिणतिर लाग्दा बाटाको पश्चिमपट्टि पञ्चमुखी धाराको ठीक अगाडि एक पुरानो पाटी रहेको छ । काँचो ईटाको गाह्रो लगाई निर्माण गरिएको र जस्ताको छाना लगाइएको यो पार्टीको अवस्था नाजुक रहेको छ । चुनदेवीथान यस पाटीको दक्षिणतर्फ बाटैमा अर्को एक देवताको थान पनि छ । उक्त थानलाई स्थानीयहरू चुनदेवी थान भनेर मान्ने गरेका छन् । यस थानमा खासगरी गाई, भैसीले वच्चा पाएको चार दिनका दिन यहाँ आई कुखुराको भालेको बलि दिएर पूजा गर्ने परम्परा रही आएको धारणा स्थानीयहरूको छ । शिवालय यसको पश्चिमतर्फ बाटो वाहिर एक अर्को एक तहको छानो भएको शिावलिङ्ग सशितको सानो मन्दिर रहेको छ । यसको ढोकाको धातुको पर्दा भने निक्कै आकर्षक खालको छ । अझै त्यसभन्दा अगाडी बढ्दै जाँदा बाटोको पूर्वपट्टि कङ्क्रिटको छानायुक्त एक पाटी पनि रहेका छ । पाटीको भित्तामा दुई लाइन अभिलेख भएको पादपीठमा एक सानो अर्धनारीश्वर मूर्ति राखिएको छ । यस चारभुजी अर्धनारीश्वरको दायाँ वायाँ गणेश कुमार रहेका छन् । यही भित्तामा एउटा अभिलेख पनि राखिएको छ ।

## चामुण्डा

शिवपत्नी रुद्रायणीका विभिन्न नामहरू रहेका छन् जसलाई चामुण्डा, कपालिन, काली, भवानी, दुर्गा, गौरी, पार्वती, उमा र महादेवी भन्ने गरिन्छ । अन्य देवतका तुलनामा शिव पत्नीको ज्यादा महत्व रहेको कुरालाई विभिन्न पुराणहरूले उल्लेख गरेका छन् (शर्मा, १९९९, पृ.३२४)। हिन्दूहरूमा यिनको महत्व पनि शिवको समान रहेका मानिन्छ र यिनलाई अर्धनारीश्वरका रूपमा पनि पूजाआजा गर्ने चलन पनि रहेको छ । शिवजी दयालु र उग्र भए सरह नै पार्वती पनि दुवै स्वरूपकी हुने कुरा हिन्दू पुराणहरूले दर्शाएका छन् । मार्कण्डेपुराणमा चर्चा गरिए अनुसार चण्ड र मूण्डलाई मार्नका लागि दुर्गाको क्रोधरुपि निधारबाट काली उत्पत्ति भएको र तिनले चण्डमुण्डको वध गरेपछि चामुण्डा नामले पूकारिन लागेकी हुन । नेपालमा चामुण्डालाई सत्पमातृका, अष्टमातृका, नवदुर्गा र दशमहाविद्यामध्येकी एक देवीका रूपमा पनि पूजाआजा गर्ने चलन रहेको छ । मूर्तिकलामा चामुण्डा देवीलाई जिव्रो वाहिर निकालेकी, शवमाथि उभिएकी र नरमुण्डमाला लगाएको देवीको रूपमा उग्र स्वरूपमा देखाउने चलन छ । मध्यकालतिर काठमाण्डौ उपत्यकालाई चारै दिशाबाट रक्षा गर्न सप्तमातृका र अष्टमातृकाका मूर्ति मन्दिरहरू स्थापना गरिएका थिए । यसै क्रममा उपत्यकामा चामुण्डादेवीको नङ पतन भएको मान्यता राखिन्छ । यीनलाई उपत्यकाकी भाडाँकुडाँ र रूपैयापैसा सापट दिने देवीका रूपमा लिने पनि गरिन्छ । विगतमा कसैले यसरी सापट लिएको वस्तु र पैसा नर्फर्काको हुनाले आजकल त्यस्तो सापटी पाउन छाडिएको कुरामा स्थानीय मानिसहरू विश्वास गर्दछन् (भट्टराई,वि.सं.२०६७,पृ.९०) खासगरी शनिवार, चैत्राष्टमी र

महाअष्टमीका अवसरमा चामुण्डादेवी र अर्धातेश्वर महादेवलाई भेट्न जाने गर्दछन भन्ने जनविश्वास आजसम्म पनि रहि आएको छ । विभिन्न पर्व र उत्सवमा अधातेश्वरमा मानिसहरूको निकै ठूलो भीडमाडा लाग्ने गरेको छ ।

**मनकामना**

टोखाको चण्डेश्वरी मन्दिरमा ३३ कोटी देवताहरू मध्ये मनकामनाको मूर्ति पनि रहेको छ । गोरखाको मनकामना गाउँमा पर्ने मनकामनादेवी नेपालभर नै प्रसिद्ध छन् । गोरखाली शाहंवशीय राजाहरूकी उपास्यदेवी मनकामनाको स्थापना गोरखाका लखन थापाले गरएको मानिन्छ । यिनको उत्पत्तिको सम्वन्धमा जनमानसमा प्रचलित किम्वदन्ती अनुसार राजा रामशाहकी एउटी रानी रातको समयमा सधैजसो कतै गायव हुँदिरहिछिन् । त्यसको रहस्य पत्ता लगाउन राजाले लखन थापालाई आदेश दिए छन् । रातको समयमा तिनले पनि रानीको पिछा गर्दा कफेक डाडाँमाथि पुगेपछि सिंहमाथि चढेको साक्षात देवीका रूपमा देखेछन् । त्यसपछि देवीले पनि मेरो रहस्य तिमीले थाहा पायौं त्यसकारण मलाई यही स्थापना गर र मेरो पुजारी पनि तिमि नै वस्नु भनेको हुनाले उनले मनकामनाको स्थापना गर र मेरो पुजारी पनि तिमिनै वस्नु भनेको हुनाले तिनले मनकामनाको स्थापना कफेक डाडाँमाथि गराएर त्यसको पहिलो पूजारी पनि आफै वसे भनिएको पाइन्छ । त्यसैले आजसम्म पनि मनकामनाको पुजारी उनकै सन्तान मगरहरू रहने गरेको जनविश्वास रहि आएको छ । मानिसहरूको मनमा चिताएका कुरा पूरा गर्ने मानिएकी मनकामनाले लखन थापालाई दर्शन दिएपछि उनले यो मन्दिर निर्माण गराएको कुरामा विश्वास गरिन्छ । अझै पनि मनकामनाको दर्शन र पूजनबाट आफ्नो इच्छा पूरा हुनसक्ने विश्वास मानिसहरूमा रहेको पाइन्छ (खतिवडा,वि.सं.२०७४,पृ.८८४) ।

**सिंह**

टोखाको चण्डेश्वरी मन्दिरको पनि वाहिरपट्टि ठूला दुईवटा दायाँवायाँ पश्चिम फर्केको प्रस्तरको सिंह रहेको छ । भित्र पनि मन्दिरको दायाँवायां साना-साना दुई वटा सिंह राखिएका छन् । सिंह एक हिंस्रक जनावर हो । सिंह जनावरमा सवभन्दा शक्तिशाली वा बलवान् मानिन्छ । यसले आफूभन्दा ठूला हात्ती गैडालाई समेत परास्त गर्न सक्छ । आफ्नो प्रतिकुलतामा पनि बहादुरीपूर्ण तरीकाले लड्छ । सिंह शक्तिबल साहस, आत्मविश्वास र नेतृत्वको प्रतीक पनि हो । यसलाई वनको राजा मानिन्छ । वनमा अरु कसैले अतिक्रमण गर्न नसक्ने हुनाले उसलाई वनभित्रका सवै जनावरहरूको रक्षक मानिन्छ । यसलाई अरुले नियन्त्रणमा लिन नसक्ने तर अरुलाई यसले नियन्त्रणमा लिनसक्ने हुनाले सिंहलाई प्रभुत्व वा अधिकारिताको प्रतीक पनि मानिन्छ । सिंह रातमा पनि जाग्रीत रहन, देख्न र शिकार गर्न सक्छ । अरुको अन्धकारभित्र पनि यसले आफ्नो दृष्टि राख्न सक्छ । त्यसैले, यो सुसुप्ती,अन्धकारको प्रतीक पनि हो । यो क्रोध, पराक्रम र निर्भयको प्रतीक पनि मानिन्छ । सिंहले समूहमा हिँड्ने जनावरहरूको वाहुल्य भएका

ठाउँमा आफ्नो राज जमाउँछ । अरु सिंहहरूलाई आफ्नो क्षेत्रमा आउन दिदैन् भन्ने उल्लेख गरिएको छ ( ढकाल, वि.सं.२०७६,पृं.३३९) ।

आफ्नो क्षेत्रमा उसले त्यस्ता जनावरहरूलाई मारेर खाने गर्दछ, जुन सामूहिक सुरक्षाका हिसाबले कमजोर अवस्थामा हुन्छन् । आमाको सुरक्षा घेराबाट टाढा रहेका पाठा-पाठी, समूहको साथबाट टाढा-टाढा एक्लै घुमेका जनावर, रोग,कष्ट,कमजोरी,बुढयाई या अपाङ्गताका कारणले समूहका साथसाथै दौडन नसक्ने जनावर, बाधिनु वा थुनिनुका कारणले भाग्न र लड्न नसक्ने जनावरहरू यस्ता शिकारी जनावरका शिकार वन्न पुग्छन् । बथानमा हिँड्ने जनावरहरूको क्रमिक विकास र आणुवंशिक सुधार भइरहनुमा सिंहको उपस्थिति महत्वपूर्ण रहेको हुन्छ । सिंहको उपस्थितिले उसको क्षेत्रका जनावरहरूमा सामूहिक हितलाई कमजोर पार्ने गुणहरूलाई दबाएर बलियो पार्ने गुणहरूलाई फस्टाउन मद्दत गर्छन् । गाईलाई गाईको वा मृगलाई मृगको स्वधर्म रसामूहिक धर्मबाट विचलित हुन नदिनमा सिंहको भूमिका रहेको हुन्छ । त्यसैले, कालीलाई क्रमिक विकासकी संवर्घक देवीका रूपमा हेर्न सकिन्छ । एउटी सिंहिनी आमा उसका बच्चाहरूलाई कुनै बाहिरी खतरा उत्पन्न हुँदा आफ्नो ज्यानको जोखिमलाई पुरै बेवास्ता गरेर भयानक र आकस्मिक क्रोधमा समाविष्ट भएर बच्चाको रक्षाको लागि खडा हुन्छे । त्यो मातृवत् क्रोध हो । त्यो काली हो । काली भनेको आफ्ना बच्चाको रक्षाका खाँतिर एउटी आमाले उठाउने जोखिम र उग्र साहसको रूप पनि हो । त्यसकै प्रतीकका रूपमा देवीका वा भगवतीको मन्दिर अगाडि वा मन्दिरको भित्रै पनि सिंहको आकृति राख्ने गरिएको वताईन्छ (ढकाल, वि.सं. २०७६,पृ.३४०) । नेपालको हिमाली भागमा नयां वर्षको अवसरमा सिंह नृत्य नाच्ने चलन पनि रहेको पाइन्छ । विशेषगरि बौद्ध धर्ममा सिंहलाई शाक्य सिंहका रूपमा लिने तथा सौभाग्य,मित्रता र प्रशन्नताका लागि पनि यस्तो नृत्य नाच्ने गरेको देखिन्छ (पराजुली, वि.सं.२०६३,पृ.१९७) ।

**नवदुर्गा**

मानवतामाथि परेको कष्ट, आपत,विपत र संकटको क्षणमा शक्ति आराधना गर्ने र शक्ति अनुकम्पाबाट कष्ट निवारण भएको उल्लेख प्राचीन धर्मग्रन्थहरूमा उल्लेख गरेको पाइन्छ । यसले लक्ष्य प्राप्तीका लागि शक्तिको जागरण आवश्यक भएको संकेत गर्दछ । भगवान शिवद्वारा आफ्नो पुत्र गणेशको वघ गरिनाले विक्षिप्त भएकी पार्वतीले भगवान शिव लगायत सम्पूर्ण देवताहरूको संहार गर्ने हेतुले लाखौ शक्तिहरूको सृष्टि गरेको थिइन् भन्ने धार्मिक कथाहरूमा पाइन्छ (शर्मा, १९९९.पृ.४२७) । यसले शक्ति उपासनाको परम्परा प्राचीन कालदेखि नै रहेको देखाउँदछ । यी विभिन्न शक्तिहरू मध्ये नवदुर्गालाई प्रमुख मानिन्छन् । ब्रह्माजीले मार्कण्डेय ऋषिलाई सुनाउँदै यी नौ नामहरू मात्र स्मरण गर्नाले पनि मनुष्यका जुनसुकै कष्ट वा सङ्कटबाट सजिलै मुक्ति पाइन्छ भन्ने साहित्यिक ग्रन्थहरूमा उल्लेख गरिएको छ । हिन्दू धारणामा दुर्गा दानवरुपि शक्तिलाई विनाश गर्ने देवी हुन भनिएको छ ।

एक पौराणिक कथाअनुसार महिषरुपि दावनलाई वध गरेकाले दुर्गा महिषासुरमर्दिनी बनिन् भने दानवदेखि रिसाएर उनको अनुसार काली भएकाले तिनीकालिका नामले समेत परिचित हुन पुगिन् । नेपाली संस्कृतिमा यस्तै दानवीय शक्तिलाई विनाश गर्ने देवीका रूपमा नवदुर्गा पूजित छिन् । नवदुर्गा सामूहिक रूपमा पूजिने नौवटीदेवीको संयुक्त नाम हो । नेपालमा पुजिने नवदुर्गाहरूमा शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्री, महागौरी र शिद्धिदात्रीको नाम उल्लेख गरिएको पाइन्छ(शर्मा,१९९९.पृ. ४२७) ।

वास्तवमा भन्ने हो भने नवदुर्गाकी मुख्य देवी दुर्गा हुन् र उनका विभिन्न आठ रूपसमेत गरी दुर्गाका रूपहरूलाई नै नवदुर्गाअन्तर्गत समावेश गरिएको पाइन्छ । नौवटा दुर्गाहरूले धारण गर्ने आयुधहरूमा खड्ग, खेट्क, पानपात्र, अक्षयसूत्र, त्रिशूल, घण्टा र जल, कमण्डलु, चक्र, डमरु, वज्र, दण्ड, खट्वाङ् आदि रहेका छन् । यिनीहरूको सिंह वाहन र चर्तुभूजाको रूपमा हुने वर्णन गरिएको छ ।

**भैरब**

चण्डेश्वरी मन्दिरमा रहेका विभिन्न देवीदेवताहरू मध्ये एक भैरबको मूर्ति पनि रहेको छ । भैरव शिवको गण र शरद ऋतुमा गाईने एउटा रागको नाम पनि हो । नेपाली शव्दकोषहरूमा जुन भयावह हुन्छ, त्यसलाई भैरव भनि उल्लेख गरिएको पाइन्छ । पुराणहरूका अनुसार भैरब रुद्को एउटा गण र वनारसका क्षेत्रपाल पनि हुन । भैरबको उत्पत्तिको वारेमा प्राप्त एक पौराणिक कथाअनुसार अन्धक राक्षसले शिवजीको शिरमा पछाडिबाट गदा प्रहार गर्दा तिनको शिरबाट जुन रगत आयो, त्यहीबाट रगत बाट भैरबको उत्पत्ति भएको भनिएको छ । भैरबको सङ्ख्या पाँच, आठ, १०८ र १००८ सम्म भएको मानिन्छ । तर पनि अष्टभैरब चाहि ज्यादा प्रख्यात रहेको देखिन्छ । भैरबको बाहनको रूपमा कुकुरलाई मानिएको छ (शर्मा,१९९९.पृं.६५३) । यिनलाई कुकुरमाथि चढेको अवस्थामा प्रस्तुत गर्ने चलन छ । मूर्तिर चित्रकलामा भैरबलाई नरमुण्डमाला, सर्पकेयूर र व्याघ्रचर्म लगाएको तथा मुख डरलाग्दो अवस्थामा देखाउने गरिएको छ । भैरब तान्त्रिक विधिले पूजिने देवता हुन् । भैरबको शक्तिलाई भने भैरबी भनिन्छ । भैरबीका पनि आयुध र वाहन भैरबका सरह नै हुने गर्दछ । यिनलाई श्यमसानसँग निकट र पशुबलि खाने देवताको रूपमा मानिन्छ ।

भैरबको उत्पत्तिको सम्वन्धमा प्राप्त अर्को एक पौराणिक कथाअनुसार एक पटक ब्रह्मा र विष्णुले शिवजीको अपमान गरेको र त्यसबाट शिवजी क्रोधित भएर तिनीबाट भैरबको उत्पत्ति भएको भनिएको छ । यसलाई पुराणहरूमा कालराज, कालभैरव, वीरभद्र, पापभक्षक आदि भनिएको छ । त्यसपछि यिनले ब्रह्माको एउटा शिर काटिदिए, जुन शिरको मुखले तिनलाई अपमान गर्ने शव्द बोलेका थिए । त्यसपछि शिवजीलाई ब्रह्महत्याको पाप लागेकाले तिनले यसबाट मूर्ति पाउन कपालको कमण्डलु लिएर हिड्ने तथा त्यसैमा मागेर खाने गरेछन् । यसरी पनि त्यस पापबाट मुक्ति नपाएकाले तिनी वनारसमा

पुगेछन् । जहाँ पुग्नासाथ तिनले मुक्ति पाएको वताइएको छ । शिवले वोकेको ब्रह्माको कपाल पनि झरेर मुक्त भएछन् भन्ने रहेको छ । भैरबलाई वनारसको क्षेत्रपाल पनि भनिन्छ (नेपाल वि.सं. २०६९, प. ८६)।

नेपालमा भैरबको पूजा गर्ने परम्परा धेरै पहिलादेखि चलि आएको देखिन्छ । काठमाडौ उपत्यकामा आकाश भैरब, कालभैरब, श्वेतभैरब र उन्मत्तभैरबका मध्यकालिन मूतिहरू पाइएका छन् । भैरबको पूजाआजा तान्त्रिक रूपमा हुने हुँदा त्यसमा मत्स्य, मद्य, मांस, मुद्रा र मैथुनको पनि प्रयोग गरिन्छ। कापालिक एंव कालामुखहरूले नरकपालमा रक्सी भरेर त्यसैमा भैरबको स्तुति तथा आराधना गर्ने गर्दछन् । नेपालमा प्राचीन कालदेखि नै भैरबका चित्र वनाउने परम्परा विकसित थियो भन्ने उल्लेख गरिएको पाइन्छ । पूर्ण कदको भैरबको प्रतिमा या चित्रमा पनि अनुहार डरलाग्दो, खदिलो शरीर र हातघोडा भएको तथा होचो कदको भैरब निर्माण गर्ने परम्परा चलेको छ । देशका विभिन्न भागमा भैरबको पूजाआजा हुने भएकोले ती क्षेत्रहरूमा भैरब र भैरबीका मन्दिर रहेको पाइन्छ । भैरब शिवजीको तान्त्रिक रूप हो । प्राय:देशका सवै भागमा भैरबका मूर्ति र मन्दिरहरू पाउन सकिन्छ । यिनीहरूमध्ये सवैभन्दा प्रख्यात भैरवनाथ मन्दिर भाद्गाउँमा रहेको छ । भैरबको उत्पत्ति सम्वन्धी एउटा अर्को किंम्वदन्तीमा वनारसका भैरब पनि भक्तपुरको जात्रा हेर्न आउने गरेको रहेछन् । एकपटक एकजना तान्त्रिकले उक्त कुरा थाहा पाएकाले वनारसका भैरबलाई यतै रोक्नका लागि तिनले तन्त्रवलले आकाश र जमीनको बाटो वन्द गरि दिएछन् । यस्तो कुरा थाहा पाएका भैरबले जमीन मुनिबाट भाग्ने प्रयास गरेछन् । तर तान्त्रिकले पनि आफ्नो तन्त्र वलले भैरबलाई छेकी तिनको शिर काटि दिएकाले भैरबको शिर काशी पुग्यो भने तिनको शरिर भने यही रह्यो भन्ने जनविश्वास रहेको उल्लेख गरिएको छ( भट्टराई,वि.सं.२०६७.पृ.२१५) । पछि तिनका लागि आनन्देवले मन्दिर निर्माण गरि स्थापना गरिदिएको भन्ने विवरणहरू पनि रहेको छन् । भक्तपुरमा तले शैलीको एक वटा छानायुक्त भैरबको मन्दिर रहेको छ । जसको निर्माण कार्य जगज्योति मल्लले स्थापना गरेको र वि.सं. १७७५ सालतिर भूपतीन्द्रमल्लले पून:निर्माण गराएको उल्लेख पाइन्छ । यो मन्दिर हाल तिनतहको छाना भएको नेपाली तलेशैलीमा निर्मित छ । दुईवटा छाना झिँगटीको र सवैभन्दा माथिल्लो भने धातुको पाताको छाना भएको रहेको हुन्छ भने भक्तपुरको भैरबनाथमा सातवटा गजुरहरू राखिएका छन् ।

काठमाडौमा पनि विभिन्न स्थानमा भैरबका मूतिहरू रहेका छन्, जसमा आकास भैरब,श्वेत भैरब,लगायत अन्य भैरब तथा भैरबीहरका लागि मन्दिरहरू निर्माण भएका देखिन्छन् । ज्ञानेश्वरमा रहेको आनन्द भैरबको कथा अनुसार त्यस मन्दिरमा एउटा मणि रहेको थियो र त्यसमा मानिसहरूले लिएर गएको जे डुवायो भने पनि त्यो वस्तु सुन वन्दथ्यो । तर पछि त्यस मणिलाई कसैले चोरेर लगेको हुनाले ज्ञानेश्वरको भैरबलाई कुनै वस्तु डुवाउँदा पनि सुन वन्ने कम वन्द भएर गएछ भन्ने उल्लेख गरिएको छ( नेपाल, वि.सं.२०६९,पृं.८८)। काठमाडौको इन्द्चोकमा रहेको आकाश भैरबको मन्दिर घरको शैलीमा निर्माण गरिएको छ । यस भित्र रहेको आकाश भैरबको प्रतिमा भने त्यसको शिरोभाग मात्र हो । यी भैरबलाई देशदेशान्तर घुमेर जनताको रक्षा गर्छन भन्ने जनविश्वास रहेको छ ।कतिपयले यिनलाई

नेपालका किराँती राजा यलम्वरको टाउँको तथा वर्वरताको प्रतिक पनि भनिएको पाइन्छ(नेपाल, वि.सं. २०६९. पृ.८६) । भैरब तान्त्रिक देवताका रूपमा पनि लिइने भएकाले देशका विभिन्न किल्ला तथा प्रशासनिक केन्द्रहरूमा कुनै न कुनै रूपमा भैरब तथा भैरबीको स्थापना गर्ने चलन पनि मध्यकालदेखि चल्दै आएको देखिन्छ ।

**गणेश**

चण्डेश्वरी मन्दिरको उत्तर पश्चिममा यो गणेशको मूर्ति रहेको छ । हिन्दूहरूको धारणामा गणेश सवैभन्दा पहिला पूजाआजा हुने,शिव र पार्वतीका पूत्र,विद्या र बुद्धिका अधिष्ठाता हुन् । हिन्दूहरूले गणेशलाई गणपति पनि भन्दछन् । शिवगणमा गणेश, कुमार, नन्दि, भृङ्गी, उदरमुख, वाँदरमुखर लम्वकर्ण आदि पर्दछन् । यिनीहरूमा मुख्य देवता भने शिवपार्वती, पूत्र गणेश भएकाले उनलाई गणका मालिकका रूपमा गणपति भन्ने गरिन्छ । यज्ञमा सर्वप्रथम यिनको पूजाआजा गर्नुपर्ने मान्यता रहेको देखिन्छ । उनलाई विनायक पनि भन्ने गरिन्छ । गणपतिको चर्चा प्रथम पटक ऋग्वेदको २/२३/१मा गरिएको पाइन्छ । शुक्लयर्जुवेद र पुराणहरूमा समेत गणपतिको चर्चा छ । गणपति कतै शिवपार्वती पूत्रका रूपमा र कतै पार्वती पूत्रका रूपमा मात्र पनि वर्णित छन् । मोटो शरीर, ठूलो पेट, चारहात, एक दांतवाला हात्तिको शिर भएका हातमा शंक, चक, गदा, या अङ्कुर कुमुदिनी फूल लिएको, निधारमा अर्धचन्द्र अङ्कित भएका तथा मुसा वाहन भएको गणेशको उल्लेख पुराणहरूमा पाइन्छ (शर्मा, १९९९,पृ.२७०) । यिनको प्रतिमा पनि यसै अनुसार निर्माण गर्ने परम्परा रहेको छ ।

गणेशको उत्पत्ति सम्वन्धी अनेक प्रकारका कथा र पुराणहरूमा उल्लेख गरिएको पाइन्छ । एक कथा अनुसार शति ग्रहबाट गणेशको शिर भष्म भएपछि उनलाई ब्रह्माजीले हात्तिको शिर जोडि दिएकोले उनी वजानन् वने भन्ने उल्लेख छ । दोस्रो कथा अनुसार एक पटक पार्वतीले गणेशलाई ढोकामा राखेर घर भित्र कसैलाई पनि पस्न नदिनु भन्दै स्नान गर्न लागि छन् । त्यसैवेला शिवजी घरमा पस्न खोज्दा गणेशले आमाको आज्ञाअनुसार तिनलार्य घरभित्र पस्न नदिएकाले शिवजीले रिसाएर गणेशको शिरकाटि दिएछन् । यो घटना थाहा पाएपछि पार्वती ज्यादै दुखि भईछन् । यस्तो अवस्था देखेपछि पुन शिवजीले पार्वतीलाई खुशी तुल्याउन हात्तीको शिर जोडेर गणेशलाई जीवित तुल्याएछन् भन्ने उल्लेख गरिएको छ ( पाण्डेय, वि.सं. १९८८, पृ.२२) । त्यस्तै पार्वतीले आफनै कल्पनाबाट गणेशको शिर हात्तिको स्वरूपको वनाएको कथा पनि पाइन्छ । तर उनको दाँतको वारेमा भने एकपटक परशुराम शिवजीलाई भेट्न कैलाश जाँदा पहरेदारका रूपमा वसेका गणेशले उनलाई भित्र जान नदिएकाले परशुरामले रिसाएर उनको एउता दाँत भाचि दिएको भन्ने पनि रहेको छ । त्यैले गणेशलाई एकदन्त पनि भन्ने गरिएको छ ।

गणेशलाई मानिसहरूले ज्ञान,बृद्धि र सिद्धिका देवताका रूपमा मान्दछन् । उनको शिर विशाल देखाउनको लागि हात्तीको भएको कल्पना गरिएको मानिन्छ । हिन्दूहरूको धारणामा विघ्वँश फैलाउने र मङ्गलमय वनाउने देवताका रूपमा समेत गणेश परिचित रहेका छन् । प्रत्येक मङ्गल कार्यमा प्रारम्भमा

गणेशको पूजाआजा गर्न आवश्यक ठानिन्छ । किनकी यज्ञमा पहिले उनको भाग छुट्टाउनु पर्ने र त्यसो नगरेमा गणेशले यज्ञपुरा हुन नदिने विश्वास हिन्दूहरूमा रहेको छ । उनलाई मन पर्ने खानेकुराहरूमा विशेष गरी  लड्डु लाई लिइएको छ भने ऋद्धि र सिद्धि नामका दुईजना शक्ति रहेको पौराणिक मान्यता पनि रहेको छ । अर्थवशिरस उपनिषदको एउटा भाग गणपति उपनिषद्का नामले पनि प्रख्यात छ । प्रत्येक चर्तुर्थीको व्रतलाई गणपति चतुर्थीव्रतका नामले जान्ने गरिन्छ । यता गणपतिका नाममा गणपत्य सम्प्रदायको अस्तित्व रहेको देखिन्छ । गणेशलाई आफना प्रमुख आराध्य देवता मानी पूजा उपासना गर्ने सम्प्रदाय गणपत्य सम्प्रदाय हो । यस सम्प्रदायका अनुयायीहरूका लागि गणेश उपपुराण रचना गरिएको छ। त्यसमा गणेश सम्वन्धी अनेक प्रकारका कथाहरू संग्रहित छन् । नेपालमा हिन्दू र बौद्ध दुवै धर्मका अनुयायीहरूले गणेशको पूजा आजा गर्ने गर्दछन् । विशेषगरी वज्रयानी बौद्धमार्गीहरूले शक्ति सहितको तान्त्रिक गणेशको पूजा गर्ने गर्दछन् । सामान्यतया गणेशलाई धुप,द्धीप र नैवेद्य आदिले पूजाआजा गर्ने चलन रहेको भएपनि तान्त्रिक गणेशको पूजा चाँही पशुबलि दिएर गर्ने चलन पनि रहेको छ । काठमाडौमा रहेको घोप्टे गणेशलाई राँगाको वलि दिने चलन पनि पाईन्छ । गणेशको पूजा तान्त्रिक रूपमा हिन्दू र बौद्ध दुवै धर्मका अनुयायीले गर्दछन् । गणेश दुई र चार हातका हुने भएपनि नेपालमा तान्त्रिक गणेशका भने १६ वटासम्म हात भएका पाइएका छन् । यहाँको प्रख्यात गणेशमा चार विनायक रहेका छन् । काठमाडौ उपत्यकाको साना साना शहरहरू रहेका मन्दिरहरूमा पनि गणेश स्थापना गरेको पाइन्छ भने उपत्यका वाहिर पनि जुनसुकै धार्मिक स्थलमा पनिगणेश प्रतिमा यामन्दिरहरू वनेका छन् । यज्ञमा प्रथमपटक भागी पाउने देवता भएकाले पनि यिनका मन्दिर या मूर्ति प्रायःसवै धार्मिक स्थलहरूमा वनाउने गरिएको हो भन्ने उल्लेख पाइन्छ (खतिवडा, वि.सं.२०७०, पृ.२७७-२७८) । हिन्दूहरूको सम्प्रदायमा गणेशको पूजा नगरी अन्य देवीदेवताको पूजा गर्न नमिल्ने परम्परा रहि आएको छ ।

हिन्दूहरूको भविष्यपुराणले यिनको पूजा र व्रतको नियम दिने क्रममा प्रत्येक चतुर्थीलाई गणपति चतुर्थी मान्दै सो तिथिमा यिनको व्रत वस्नुपर्ने उल्लेख गरिएको छ । तर जनमानसमा भने भाद्र शुक्ल चतुर्थीलाई गणेश चौथी मान्दै गणेशको पूजाआजा गर्ने परम्परा पनि रहि आएको छ । यसै दिनलाई कतिपयले शिवा चतुर्थी पनि भनिएको पनि पाइन्छ (शर्मा, वि.सं.१९९९,पृ.२६८)। माघशुल्क चतुर्थीलाई शान्ता चतुर्थी भनिएको छ भने त्यस दिन मंगलवार परेको खण्डमा त्यसलाई शुखा चतुर्थी भन्ने चलन पनि रहेको छ। गणेशको तिथि चतुर्थी रहे सरह यिनको व्रत लिने वार भने मंगलवारलाई मान्ने गरिएको छ । मंगलवार परेको चतुर्थीलाई मंगलचौथी भनिन्छ, जुन दिन गणेशको ब्रतका लागि अझ उत्तम हुने विश्वास गरिन्छ । शुखा चतुर्थीका दिन लिइने गणेशको व्रत भने डेढ, पांच र सात दिन तथा अनन्त चर्तुदशीसम्म लिनुपर्ने विधान पाइन्छ । गणेशको चौथीव्रत र गणेशको पूजा आजाले मानिसको मनोकांक्ष पूराहुने विश्वास गरिन्छ । नेपाली समाजमा पनि गणेशको व्रत वस्ने चलन धेरै पहिलेदेखि चलि आएको छ । नेवारी समाजमा गणेशको पूजा अझ व्यापकतासाथ गरिने परम्परा  अझै कायम रहेको छ । भाद्रशुल्क चौथीका दिन गणेशको व्रत लिने र पूजाआजा गर्ने चलन छ । सो दिनलाई गणेशचौथीका नामले जान्ने गरिन्छ । भाद्शुल्क चौथीका दिन सिद्धि विनायकको पूजाआजा गर्ने पनि चलन रहेको छ ।

भाद्र शुल्क चर्तुर्थीलाई शिवा चतुर्थी, माघशुल्क चतुर्थीलाई शान्ताचतुर्थी र मगंलवारको शुल्क चतुर्थीलाई सुखा  चतर्थी भनिएको छ( पाण्डेय, वि.सं.१९८८, पृ.२२४)। चतुर्थी तिथि,त्यसमा पनि शुक्ल चतुर्थी र मंगलवार सवै कुरा गणेशको व्रतका लागि उपयूक्त मानिने हुँदा यी सवैवारर तिथि मिलेको दिन गणेश पूजा र व्रतका लागि सर्वोत्तमा मानिन्छ । गणेश चौथीमा व्राहमणलाई तीलले वनेको भोज गराउने र दिनमा व्रत वसेर रातको समयमा तीलकै सामग्री भोजन गर्नु उत्तम हुने विवरण साहित्यिक ग्रन्थहरूमा उल्लेख गरिएको छ । भाद्रकृष्ण चतुर्थीका दिन मध्यान्ह्मा गणेशको जन्म भएको मानिन्छ सो दिन आइतवार वा मंगलवार परेमा त्यसलाई महाचतुर्थी भनिएको पाइन्छ(शर्मा, वि.सं.१९८६, पृ.१४७)।गणेश चौथीका दिन गरिने चन्द्रमाको पूजाको सम्वन्धमा एउटा किम्वदन्ती रहेको पाइन्छ जसमा एक पटक गोकुलवासी कृष्णलाई मणि चोरेको आरोप लागेछ । वल्लतल्ल उक्त आरोपबाट छुट्कारा पाएपछि कृष्णले नारदसँग आफुलाई किन त्यस्तो आरोप लाग्यो भनेर सोधेछन् । त्यस अवसरमा नारदले पनि कृष्णलाई भाद्रशुक्ल चौथीको चन्द्रमा हेरेकाले त्यस्तो भएको हुन सक्ने वताएछन् । नारदले त्यस्तो कथा सुनाएपछि एकदिन भाद्शुल्क चौथीका दिन ब्रह्माजी स्वयम् गणेशको व्रत वसेछन् । यसै क्रममा गणेश खुशी भएर ब्रह्मालाई वरदान माग्नु भन्दा ब्रह्माजीले आफुलाई सृष्टि गर्ने क्रममा कतिपनि मोह उत्पन्न नहोस भन्ने वर मागेछन् । ब्रह्मालाई वरदान दिएर गणेश फिर्ता हुन लाग्दा बाटोमाउनलाई चन्द्रमाले देखेर उनको शरीरको कुरूपताको उपहास गरेछन् । यसबाट गणेश रिसाएर चन्द्रमालाई तिम्रो मुख कसैले पनि हेर्नु नपरोस भन्ने श्राप दिएछन् । उक्त कथा अनुसार चन्द्रमाले श्राप पाएपछि आकाशमा चन्द्रमानै देखा नपर्ने भएछन् । यसबाट वित्याँस पऱ्यो भनि सवै देवताहरू पून गणेशको व्रतवसी चन्द्रमालाईश्रापबाट मूक्ति दिलाउन लागेछन। गणेशले पनि उनको श्रापलाई परिवर्तन गरीगणेश चौथीका दिनमात्र चन्द्रमा हेर्ने मानिस अपगतिमा पर्ने वताएछन् भन्ने उल्लेख रहेको छ  ।

गणेश चौथीका दिन गणेशलाई पञ्चामृतले नुहाएर लड्डु, मूला र दुवो चढाउने परम्परा रहेको छ । हिन्दूहरूले आफुले चिताएको कुरा पुगोस् रआफुलेगरेको काम सफलहोस् भन्ने मनसायले गणेशचौथी पर्व मनाउने तथा गणेशको पूजाआजा गर्ने गरेको पाइन्छ । उपत्यकाका नेवारहरूले पनि गणेश चौथीका दिन गणेशको पूजाआजा गर्दछन् । त्यस दिनचन्द्रमा दोषी हुन्छन् भन्ने मान्यता राख्दै उनीहरू दोषमुक्त वनाउन भुटेको अन्न, पारिजात र कमलको फुल लगायत अन्य नैवेद्य चढाउने चलन रहेको छ । कतिपयले गाउँघरमा गणेशचौथीको रातलाई चोरी गर्ने रात भने विभिन्न्न किसिमका फलपुलहरू चोरेर लैजाने पनि परम्परा पनि रहेको छ । गणेशचौथीका दिन नेपाली जनमानसमा व्रत वस्ने चलन पनि रहेको उल्लेख गरिएको छ(खतिवडा, वि.सं.२०७०, पृ.२७९)। नेपाली समाजमा गणेश सिद्धिदायक देवताका रूपमा पुजित छन् । गणेशको पूजा आराधना देशको सवै ठाउंमा हुने भएपनि उपत्यकाको भक्तपुरभेगमा भने यिनको पूजाआजाको साथ नृत्य निकाल्ने पनि गरिएको देखिन्छ(पराजुली, वि.सं.२०६३, पृ.११०) । गणेशको पूजाआजा गरेपछि भक्तहरूले यिनको नाममा विभिन्न प्रकारका वाद्यको आवाजमा एकल नृत्य गर्ने परम्परा पनि रहि आएको छ । यसबाट गणेश खुशी भएर आफै नाच्न लाग्दछन भन्ने जनविश्वास रहि आएको छ ।

**कुमार**

चण्डेश्वरी मन्दिरमा कुमारको मूर्ति पनि रहेको छ । जसलाई कुमार विष्णुका मानसपूत्र हुन भनिएको छ । यिनलाई सधै वालक रहेर धर्मको प्रचार गर्छन भनिएको छ । यता स्कन्दलाई पनि कुमार भनिन्छ । यिनी देवताका सेनापति थिए र यिनले तारकासुरको वध गरेका थिए भन्ने उल्लेख गरिएको छ ( शर्मा, १९९९, पृ.२२०) । यिनको वाहन मयूर हो भने यिनै कुमारलाई स्कन्दपनि भनिएको पाइन्छ । काठमाडौ उपत्यकामा जेष्ट शुल्कषष्ठीका दिन सिठीचाड मनाईन्छ भने सिठीपर्वको भोलिपल्ट कुमारजात्रा गर्ने चलन पनि रहेको छ । यस अवसरमा कुमारको खट वजार परिक्रमा गराई जात्रा गर्ने गरिन्छ । शिवपार्वती पुत्र कुमारलाई खटमा राखी वजार परिक्रमा गराउँदा उनी खुशी हुने र आ-आफ्नो मनोकांक्षा पूरा हुने मान्यता राखिन्छ । नेपालमा कार्तिके कुमारको बेग्लै पूजाआजा गर्ने चलन भने छैन । यिनलाई शिवपार्वती गणका साथमा सामूहिक रूपमा मात्र पूजाआजा गर्ने गरिन्छ । तर यिनको नाममा सिठीचाड मनाउनु तथा जात्रा समेत चलाउनु काठमाडौ उपत्यकोको विशेष परम्परा मानिएको उल्लेख गरिएको छ (खतिवडा, वि.सं.२०७०, पृ.२२८) ।

**इन्द्रायणी**

चण्डेश्वरीमा इन्द्रायणीको मूर्ति पनि रहेको छ । हिन्दूहरूको धार्मिक ग्रन्थ लगायत मार्कण्डेय पुराणमा इन्द्रायणी स्वर्गका राजा इन्द्की रानी थिईन भने विस्तृत चर्चा गरिएको छ । एक पौराणीक कथा अनुसार इन्द्ले तिनका पिता असुर पूलोमालाई वध गरेर इन्द्राणीसँग विवाह गरेका हुन भनिएको छ । शची र कौलोमीका नामले समेत जानिने इन्द्रायणीलाई मातृका गणमा पनि गणना गरिने उल्लेख गरिएको छ(शर्मा, १९९९, पृ.११९)। यिनलाई सप्तमातृका र अष्टमातृका गणमा ऐन्द्री पनि भनिएको पाइने हुँदा नेपालमा यिनको पूजाआजा सामूहिक रूपमा सप्तमातृका र अष्टमातृकामा गरिन्छ । वास्तवमा भन्ने हो भने हिन्दूहरूले पूजाउपासना गर्ने सप्तमातृका एंव अष्टमातृका देवीहरूमध्ये एउटीको नाम ऐन्द्री या इन्द्रायणी हो । इन्द्रायणीलाई हातमा बज्र लिएर हात्तिमा सवार हुने देवी भनिएको पाइन्छ । यिनलाई पूर्व दिशाकी देवीको रूपमा पनि लिने गरिन्छ भने एन्द्रीनाम दुर्गाको लागि पनि दिइएको उल्लेख पाइन्छ (पाण्डेय,१९८८.पृ.१४६)।

उपत्यकामा अन्य मातृकाकासाथमा यिनको पनि स्थापना, पूजा र स्तुति गर्ने चलन छ । उपत्यका भित्रका विभिन्न स्थानमा मातृका नांचका अवसरमा इन्द्रायणी नांच पनि नाच्ने गरिएको पाइन्छ । उपत्यका वाहिर मकवानपुरको पालुङमा पनि इन्द्यणीको तीनवर्षे जात्रा हुने गर्दछ । यहाँको इन्द्रायणी स्थानमा प्रत्येक १२ वर्षमा विशेष पूजाआजा गर्ने चलन पनि रहेको छ । काठमाडौंको विष्णुमतीको छेउमा नैन्द्रायणीको मन्दिर पनि रहेको । लुती अजिमाका नामले चिनिने यो मन्दिर तीन तहको छाना भएको नेपाली शैलीमा निर्मित छ । यिनलाई हैजा हटाउने देवीको रूपमा उपत्यकामा पूजाआजा गर्ने गरिएको छ

। मार्ग कृष्णत्रयोदशीका दिन यिनको तान्त्रिक विधिले विशेष पूजा हुने गरेको पाइन्छ भने सो अवसरमा रागाको बलि दिएर यिनको पूजाआजा गर्ने चलन पनि छ ।

मकवानपुरको पालुङमा पनि खोलाको किनारमा नै इन्द्रायणीको एउटा मन्दिर रहेको देखिन्छ । उक्त मन्दिर कलाका दृष्टिले सामान्य देखिए पनि मन्दिरमा इन्द्रायणीको साथमा भैरवी, कुमारी,गणेश,नारायण,वाराही र विष्णुका प्रतिमाहरू पनि राखिएका छन् । यस मन्दिरलाई मध्यकालतिर वनेको भनेर उल्लेख गरिएको छ (भट्टराई, वि.सं.२०६७, पृ.१०)। इन्द्रायणी जात्राको अवसरमा सवै मूर्तिहरूलाई खट्मा राखेर गाउँ घुमाउने चलन रहेका छ । त्यस अवसरमा घरघरबाट आफ्नो भाकल अनुसार वोकाहरू ल्याएर देवीलाई वलि दिने गर्दछन् ।

इन्द्रायणी जात्रा काठमाडौ उपत्यकाको कीर्तिपुरमा मनाउने चलन छ । उक्त जात्रा प्रत्येक साल मार्गशुल्क अष्टमीदेखि तीन दिनसम्म मनाउने गरिन्छ । यो जात्राको उत्पत्तिको किंम्वदन्ती आधारित रहेको छ । जसमा परापूर्व कालमा एउटा राक्षसले किर्तिपूरवासीलाई निकै सताएको रहेछ । त्यसकारण स्थानीय मानिसहरूले सो राक्षससँग एउटा संभ्फौता गरेका रहेछन् । सम्भ्फौता अनुरूप प्रत्येक दिन एक-एकजना मानिसले पालो अनुरूप राक्षसको भोजन हुन जानु पर्दो रहेछ । यसै कममा एकदिन एउटा केटाको पालो आउँदा उसकी आमा एक्लो छोराको वद्लामा आफै राक्षसको शिकार हुन हिड्छिन् । तिनले बाटामा जादा इन्द्रायणीको प्रार्थना गर्दै राक्षसको भोजन हुन गएकाले उनीदेखि इन्द्रायणी खुसी भइछन् र तिनले उक्त राक्षसलाई नै मारिदिई छन् । त्यसपछि त्यस स्थानमा राक्षसको प्रकोप हटेकाले त्यसैको स्मरणस्वरूप इन्द्रायाणीको जात्रा गर्ने परम्पराको शुरुवात धैरै पहिले देखि भएको हो भन्ने जनविश्वास रहि आएको छ ।

## सूर्य

चण्डेश्वरी मन्दिरमा सूर्यको पनि मूर्ति रहेको छ । सूर्यको प्रकाशले अन्धाकार हटाउने हुनाले सूर्यलाई “आदित्यव्रह्मा” को रूपमा स्वीकार गरी ऊँ असतोमा सद्गमय,तमसोमा जोतिर्गमय, सृत्योर्मा अमृतं गमय” मन्त्रको उच्चारण गर्दै परापूर्वकालदेखि नै हिन्दूहरूले सूर्यको पूजा गर्दै आएको पाइन्छ ( पाण्डेय, वि.स.२०७५.पृ.१३५)। वैदिक साहित्यको मुख्य विषय सूर्योपासना भएकोले वेदहरूमा सबै देवतामध्ये सूर्यदेवतालाई नै सर्वोच्च ठाउँमा प्रतिष्ठापित गरिएको पाइन्छ । मार्कण्डेय पुराणअनुसार सूर्यबाट सम्पूर्ण सृष्टि भएको हो त्यसकारण सूर्यको उपासना अवश्य गर्नुपर्दछ भन्ने उल्लेख गरिएको छ । सूर्यलाई नै त्रयी विद्या (सत्व-रज-तम,भु-भूवः-स्व,ब्रह्मा-विष्णु-महेश,सष्टि-स्थिति-प्रलय,मन-वाक-प्राण आदि)को मूल वताइएको छ ।

भगवान् सूर्यको आविर्भाव सप्तमीतिथिमा भएकोले यसै तिथिमा सूर्यको पूजा गनुपर्ने विधान रहेको छ । दक्ष प्रजापतिकी छोरी संज्ञा सूर्यकी पत्नी हुन् भने यम र यमुना यिनैका सन्तान हुन् । रक्त चन्दन र करवीरको पूष्पले सूर्यको पूजागर्नु पर्दछ । सूर्यको तेज सहन नसकी पलायन भएकी आफनी

पत्नी संज्ञालाई प्राप्त गर्न सूर्यदेव उनको तपस्या स्थल उत्तर कुरु देश गए त्यही सप्तमी तिथिमा दुवैको मिलन भएको हुँदा पनि सप्तमी सूर्यको प्रिय तिथि मानिएको छ। दिउँसो सूर्यको पूजा मूर्तिमा, रात्रिमा अग्निमा उत्तराभिमुख भएर प्रभावतमा पूर्वाभिमुख भएर र सायंकालमा पश्चिमभिमुख भएर पूजा गर्नुपर्दछ (पन्थी/पाण्डेय), वि.स.२०७५, पृ.१३५) ।

ऋग्वेदमा सूर्यलाई जगतको आत्मा भनिएको छ भने सूर्योयनिषतमा सूर्यलाई ब्रह्मा,विष्णु र रुद्को रूपमा मानिएको पनि छ । सूर्यपासनाको मत नेपाल र भारतमा मात्रै नभई मित्र देशमासमेत ईशापूर्व २५८० वर्ष अगाडि नै प्रचलित भई सकोको देखिन्छ (पाण्डेय,१९८८, पृ.६७७०)। लैनसिंह वाङ्गदेलले मिश्रका राजाहरू आफूलाई “रा” नामक सूर्य देवताका सन्तान सम्झन्थे र पूजाको लागि सूर्य मन्दिरको निर्माण गर्ने वताएका छन् । देवमण्डलका प्रधान देवता सूर्यलाई मानिन्छ ।

विष्णु, पुषन, मित्र, धाता र सवितलाई पनि वेदमा सूर्यको प्रतिरूप मानिएको छ । पुराणहरूमा भने सूर्यको प्रतिरूपका रूपमा अग्निलाई लिएको पाइन्छ । आदितीपूत्र सूर्यका लागि ऋगवेदका वाह्वटा सुक्तहरूमा मन्त्र दिएका छन् । मित्र र वरणका आँखा मानिने सूर्यले मनुष्यका शुभ र अशुभ कार्य देखाउने गर्दछन् भन्ने मान्यता रही आएको छ । यिनलाई रोग हटाउने देवता पनि मानिएको छ । ऋग्वेदको अध्याय एकको पृष्ठ ११५ मा सूर्यलाई जगतको आत्मा भनी उल्लेख गरिएको पाईन्छ । सूर्यलाई एक वा सात एंव वहुसंख्यक घोडाले तानेको रथमा विराजमान हुने उल्लेख गरेका पाइन्छ । वैदिक कालमा सूर्यलाई सूर्य, सवित, भित्र, पूषन र विष्णुका स्वरूपमा पूजा उपासना गर्ने परम्परा रहेको उल्लेख गरिएको पाइन्छ(क्षेत्री र खतिवडा वि.सं.२०५४,पृ.१०)।

यिनी आँखैले देखिने देवता भएकोले ऋगवैदिक आर्यहरूले यिनको पूजा उपासनालाई निकै महत्व दिएको पाइन्छ । उषा र द्यौपुत्रको रूपमा पनि सूर्यलाई वर्णन गरिएको देखिन्छ । महाभारत र पुराणहरूमा समेत सूर्यको चर्चा ठूला देवताको रूपमा गरिएको छ । मर्कण्डेय पुराणमा सूर्यको विवाह लगायतका विवरणहरू दिएको देखिन्छ । पुराणअनुसार सूर्यका चार पत्नीहरू संज्ञा, राज्ञी, प्रभा र दायाँ भएको वताईएको छ । तिनीहरूमध्ये राज्ञीबाट यम, यमूना र रेवन्त र तापती तथा संज्ञाबाट मुनिको जन्म भएको विवरण दिइएको छ (पाण्डेय, १९८८,पृ.६७७)। सूर्यपूजा प्राचीन मिश्रमा पनि हुने गरेको ऐतिहासिक प्रमाणहरू पाइएको छ (पौड्याल, वि.सं.२०५७, पृं.१२३) । भारतमा इशापूर्व कालमा नै सूर्यको पूजाआजागर्ने अलग्गै सौर सम्प्रदायको उत्पत्ति भएको पाइन्छ ।

भविष्यपुराणअनुसार एक पटक कृष्णका छोरा शाम्वलाई कुष्ठरोग लागेकाले सो रोगबाट छुट्कारा दिलाउनका लागि सूर्यपूजा गर्न आवश्यक भएछ । शाम्बले भारतमा सूर्यको प्रतिमा स्थापना गराएका रहेछन् । शाम्बले सूर्य मन्दिरमा पूजाआजा गर्नका लागि शकद्वीपका मग ब्राह्मणलाई भारतमावोलाएको भन्ने कथा पनि पाइन्छ । यिनले भारतको चन्द्रभागा नदीको तटमा पहिलो पटक

सूर्यको मन्दिर स्थापना गरिएको भन्ने उल्लेख पाइन्छ । सूर्यको प्रतिमा वनाउँदा अपनाउनु पर्ने विभिन्न विधानहरू पनि दिइएको पाइन्छ ।

रूपमण्डनअनुसार सूर्यको दायाँ दण्डी र वायाँ पिंगल नामक अनुचर रहने कुरा अध्याय दुई को पृष्ठ २६ मा उल्लेख गरिएको छ । सूर्यलाई ग्रहहरूको मूलमानिने हुँदा यिनलाई नवग्रहका साथमा रहने विश्वास पनि गरिएको छ । सूर्यलाई नवग्रह सहितका सातवटा घोडाले तानेको रथमा विराजमान तथा मानवाकृर्तिमा उभिएको अवस्थामा प्रतिमाहरू निर्माण गराउने चलन रहेका छ । मानवाकृर्तिमा उभिएको अवस्थाकोसूर्य मूर्तिमा भने दुवै हातमा कमलपुष्प लिएर उभिएको देखाइन्छ । सात घोडालेतानेको रथमा विराजमान स्वरूपमा भने सूर्य रथमा वसेको अवस्थामा देखाइन्छ । दुवै हातमा कमलपुष्प लिएका सूर्यमूर्ति इरानी प्रभावमा वनेका मानिन्छन् । त्यताको शैलीमा सूर्य मूर्ति वनाउँदा सूर्यले कोट रवुट लगाएको देखाउने परम्परा रहेको देखिन्छ । काठमाडौ उपत्यकामा त्यस्तै स्वरूपमका प्राचीनकालका सूर्य मूर्तिहरू पाइएका छन् (खनाल पराजुली वि.सं. २०७५ पृ. २०७) । सातवटा घोडाले तानेको रथमा आसीन सूर्यको प्रतिमा निर्माण गर्ने शैली भने नेपालीहरूको आफ्नै शैली मानिएको छ ।

वास्तवमा सूर्य आँखाले नै देखिने देवता भएकाले सूर्यको अलग मूर्ति र मन्दिर वनाउने चलन कम रहेको छ । त्यसैले यिनका प्रतिमा र मन्दिरहरू कम मात्र वनेको देखिन्छ । सूर्यपूजा गर्ने मुख्य तिथि सप्तसी भएपनि नेपालको तराईमा मनाइने छठ पूजामा गरिने सूर्यपूजा सवैभन्दा ठूलो मानिन्छ । यसका साथसाथै दिनहुजसो दीवाकरका रूपमा सूर्यको स्तुति गरि अर्ग दिने चलन पनि रहेको छ । सूर्यलाई प्रायःसवै समुदायका मानिसहरूले पूजाआजा गर्ने गर्दछन् । नेपालमा प्राचीन काल देखि नै सूर्यको प्रतिमाहरू वनेका पाइन्छन । जसमा काठमाडौको टेवहालमा पाईको सूर्यमूर्ति इरानी शैलीमा वनेको देखिन्छ । अन्य सूर्य मूर्तिहरूमा पाटनको कुम्भेश्वर पशुपतिको आर्यघाट र सूर्यघाट तथा मृगस्थली, हाडीगाँउ लगायतका स्थानमा पनि सूर्यका पुराना मूर्तिहरू पाइएका छन् (खनाल पराजुली वि.सं. २०७५ पृ. २०७)।

**चन्द्रमा**

चण्डेश्वरी मन्दिरको दक्षिणपट्टि सूर्यको मूर्ति पनि रहेको छ । पृथ्वीको एउटा मात्र उपग्रह चन्द्रमा हो । यो उपग्रह पृथ्वीभन्दा निकै सानो रहेको छ । यसको ब्यास ३४७५ किलोमिटरमात्र रहेको उल्लेख पाइन्छ । चन्द्रमाको प्रकाश १.३ सेकेण्डमा पृथ्वीमा पुग्दछ । यसले पृथ्वीलाई अण्डाआकारमा घुम्ने गर्दछ । चन्द्रमाको निर्माणको सम्वन्धमा एक थरी विचारअनुसार चन्द्रमा पृथ्वी फुटेर वनेको मानिएको छ । अर्को थरी धारणाअनुसार कतैबाट भड्किएर आएको एउटा आकाशीय पिण्ड पृथ्वीको वरिपरि घुम्न लाग्दा चन्द्रमाको उद्य भएको पनि वताइएको छ। यसमा पानीर वायु केही पनि नभएको वताइए पनि हाल आएर मानिस चन्द्रमामा पुगी सकेको हुनाले यस सम्वन्धी रहेका भ्रमहरू पनि हटेर गएका छन् । धार्मिक रूपमा भने चन्द्रमालाई पनि देवता मान्ने गरिएको छ । ऋग्वेदको पुरुषशुक्तमा यसलाई विराटपुरुषको

मनबाट उत्पन्न भएको मान्दै यसलाई मनको स्वामी भएको उल्लेख गरिएको छ (पाण्डेय,१९८८,पृं.३०)। चन्द्रकलातन्त्र नामक एउटा तन्त्र ग्रन्थ पनि पाइएको छ ।

**भगवती**

चण्डेश्वरी मन्दिर क्षेत्रमा दक्षिणपट्टि भगवतीको मूर्ति पनि रहेको छ । टोखाका स्थानीय व्यक्तिहरू चण्डेश्वरी देवीलाई नै धेरै जस्तो व्यक्तिहरूले भगवती भन्ने गरेको पनि पाइन्छ । भगवानको शक्ति वा पत्नीलाई भगवती भनिन्छ । पौराणिक साहित्यअनुसार उमाको अर्को एउटा नाम पनि भगवती हो (पाण्डेय,१९८८, पृ.४६६)। हिन्दूहरूमा प्राय:देवीहरूलाई भगवती भन्ने चलन रहेको छ । हिन्दू पुराणहरूमा भगवतीले देवता, मनुष्य र असुरहरूको सृष्टि गरेको मान्दै तिनलाई जगतको संरक्षका लागि जागरुक हुने देवी भनिएको पाइन्छ । धार्मिक ग्रन्थहरूमा चौध प्रकारका पशु, यज्ञ र यज्ञविधिको रचना गर्ने पनि भगवती नै हुन् भन्ने कुरा पुराणहरूमा वर्णित रहेको छ (शर्मा,१९८६,पृ.३६५) । यिनलाई माया मान्दै मानिसले देवतको यज्ञ नियम अनुसार गरेमा मनुष्यलाई देवताले रक्षा गपर्ने उल्लेख पुराणहरूमा गरिएको पाइन्छ । यसरी हिन्दू धारणामा भगवतीलाई सर्वोच्च शक्तिका रूपमा लिने गरिएको छ ।

नेपालका विभिन्न स्थानहरूमा भगवतीका मन्दिरहरू निर्माण गरिएको पाइन्छ । यिनहरूमध्ये नेपालको काभ्रेस्थित धुलिखेलमा भगवतीको एउटा पुरानो मन्दिर छ । त्यहाँ महाँकाल र भैरबका पनि प्रतिमाहरू राखिएका देखिन्छन् । प्युठानको खलङ्गामा पनि भगवतीको मन्दिर रहेको छ(भट्टराई, वि.सं.२०६७, पृ.१९५)। देशका प्राय:सवैजसो भागमा भगवतीका मन्दिरहरू रहेको पाइन्छ । विशेषगरी नेपाली जनमानसमा दुर्गालाई भगवती नामले पूजाआजा नर्गे तथा तिनका मन्दिर र मूर्तिहरू स्थापना गर्ने परम्परा रहि आएको छ । भगवतीका प्रतिमाहरू सिंहमाथि वनेका तथा ६ देखि १६ वटासम्म हात भएका अवस्थामा निर्माण गरिने चलन पनि रहेको छ ।

**लक्ष्मी**

चण्डेश्वरी मन्दिरमा लक्ष्मीको पनि मूर्ति राखिएको छ । हिन्दू धर्ममा विष्णुकी शक्तिलाई लक्ष्मी मान्ने गरिन्छ । यिनलाई सम्पत्तिदाता देवीका रूपमा पूजाआजा गर्ने गरिन्छ । संस्कृत साहित्यमा यिनलाई समुन्द्र मन्थनका वेलामा निस्किएका चौध रत्नमध्येकी एक मान्द यिनलाई विष्णुले पत्नीका रूपमा स्वीकार गरेको कथा पाइन्छ । सेतो वर्णकी लक्ष्मी चार हात हुन्छन् । यिनलाई विष्णुका साथमा क्षिर सागरमा वस्ने बताइएको छ । कृष्णावतारको समयमा लक्ष्मी नै राधाको रूपमा जन्मिएकी हुन् भन्ने मान्यता पनि रहेको पाइन्छ (शर्मा,१९९९,पृं.८०२)। पौराणिक ग्रन्थहरूमा लक्ष्मी र अलक्ष्मीका वीचमा झगडा भएको विवरण दिदै लक्ष्मीधनको घमण्डले उन्मत्त र अलक्ष्मी अभावमा पनि तृप्त रहनेवाला सात्विक मानिससँग रहने गर्दछन् भन्ने वर्णन गरिएको छ । लक्ष्मीको नामोल्लेख वैदिक साहित्यमा नै गरिएको पाइए तापनि तत्काल यिनलाई धनसम्पत्तिकी देवीका रूपमा पूजाआजा गर्ने चलन थिएन । धेरै पछिमात्र यिनलाई कमलमा वसेकी, कमलपुष्प हातमा लिएकी तथा कमलले चारैतिरबाट घेरिएकी गरी

तीन स्वरूपमा देखाउने चलन चल्यो । एकल प्रतिमा यिनी चतुरवाहुवाला हुन्छिन् । विष्णुको साथमा भने दुई हातमा लक्ष्मीको प्रतिमा निर्माण गर्ने परम्परा रहि आएको छ । यिनका प्रतिमा इशापूर्व दोस्रो शताब्दीदेखि वन्न लागेका हुन् (शर्मा १९९९, पृ. ८०२) । नेपाली समाजमा घरको छोरी या स्त्री र गाईलाई पनि लक्ष्मी मानेर पूजाआजा गर्ने चलन अझै कायम रहेको छ । कार्तिककृष्ण औंशीका दिन धनको देवीको रूपमा लक्ष्मीलाई भव्यताकासाथ पूजाआजा गरिन्छ । तर अन्य अवसरमा पनि विष्णुका साथमा लक्ष्मीको पूजा हुने चलन छ । तिहारमा गरिने लक्ष्मीको पूजा निक्कै भव्य प्रकारको हुने गरेका छ ।

**दक्षिणकाली**

टोखा चण्डेश्वरीमा पनि दक्षिणकालीको मूर्ति रहेको छ । काठमाडौको रत्नपार्कबाट दक्षिणतिर रहेकीदेवीलाई दक्षिणकाली भनिएको पाइन्छ । यिनको अवस्थिति फर्पिङको नजिकै रहेको छ । यिनलाई चामुण्डादेवी पनि भनिएको छ । यिनको पूजाआजा शाक्तहरूले तान्त्रिक विधिबाट गर्ने परम्परा रहेको छ (भट्टराई,वि.सं.२०६७,पृं.१२८)। कसैले कालीलाई पार्वतीको रूपमा पनि लिएका छन् । नेपालमा कालीको पूजा गर्ने परमपरा निकै पुरानो छ । देशका विभिन्न स्थानमा पूजाआजाका लागि कालीका प्रतिमा र मन्दिरहरू निर्माण गरिएका छन् । यिनीहरूमध्ये एउटा प्रमुख शक्ति पीठका रूपमा दक्षिणकाली पनि रहेकी छन् । उक्त स्थानमा रहेकी कालीलाई यसको अवस्थितिको आधारमा दक्षिणकाली भनिएको हो ।

दक्षिणकालीको पूजाको शुरुवात प्राचीनकालदेखि नै भएको हुन सक्ने अनुमान गरिएको भएतापनि त्यहाँ कालीको प्रतिमा भने प्रतापमल्लले स्थापना गराएको किम्वदन्ती रहेको पाइन्छ । त्यस अघि त्यहाँ देवीको थानमा सामान्य शिलाखण्डलाई देवीको रूपमा पूजाआजा हुने गरेको मान्यता रहि आएको थियो । दक्षिणकालीलाई चामुण्डादेवी पनि मान्ने गरिएको छ । तर अहिले आएर काठमाडौ उपत्यकामा यी देवी निकै प्रख्यात छन् । जसले गर्दा यस स्थानमा उपत्यकावासीको वाक्लो उपस्थिति हुने गरेको छ । दक्षिणकाली परिसरमा नारसिंही, सात रक्षिका र छ मातृकाको पनि प्रतिमा रहेको देखिन्छ (भट्टराई,वि.सं.२०६७,पृ.१२८)। देवीको आकाश नै घर हो भन्ने मान्यतामा शक्ति पीठका लागि मन्दिर वनाउने चलन छैन तर मन्दिर नै निर्माण गरेतापनि त्यसको छाना भने खुल्ला नै राख्ने परम्परा रहेको छ । यही परम्परा अनुरूप दक्षिणकालीका लागी सामान्य मन्दिर निर्माण गरिएको भए पनि मन्दिरमा छानो लगाइएको देखिदैन् ।मन्दिरमा एउटा गवाक्ष जस्तो वनाएर त्यसैमा देवीको प्रस्तर प्रतिमा राखिएको देखिन्छ । प्रतिमामा देवीले चाँदीको कवच र मुकुट लगाएकी देखिन्छिन् । जुन भक्तहरूले चढाएका हुन् । यसैगरी मन्दिर परिसरमा नै गणेश, शिव, र सप्तमातृका लगायतका विभिन्न देवीदेवताहरूका प्रतिमाहरू पनि स्थापित गरिएका छन् । यहाँ विशेषगरी शनिवारका दिनमा उपासकहरूको ठूलो भिड लाग्ने गर्दछ ।

**अर्धनारीश्वर**

चण्डेश्वरी मन्दिरमा अर्धनारीश्वरको पनि मूर्ति रहेको छ । यसलाई पुरुषको विस्तारै शिवसँग र प्रकृतिकी देवी पार्वतीसँग तादाम्य गरेर शिव र शक्तिको रूपमा नेपालमा शिव र पार्वतीलाई प्राचीनकाल देखि नै सम्मानपूर्वक पूजा अर्चना गर्दै आएको पाउँछौ । पार्वतीलाई शिवको शक्तिको रूपमा लिइएको छ । पार्वती विना शिवको अस्तित्व नै छैन् भन्ने व्याख्या समेत धार्मिक ग्रन्थहरूले गरेका छन् । शिव र पार्वतीलाई एकै रूपमा देखाउने प्रचलन विशिष्ट परम्परा हो । शिव र पार्वतीलाई एउटै फलकमा देखाउनका लागि आधा भाग शिव र आधा भाग पार्वतीको स्वरूपलाई अर्धनारीश्वर भनिन्छ (शर्मा, १९९९,पृ.६३) । मूर्ति निर्माण गरिदा दाहिने आधा पुरुष अर्थात् शिवको भाग र देब्रे स्त्रीको अर्थात् पार्वतीको भाग गरी छुट्टाइन्छ ।स्त्री र पुरुषको रूपमा शिव र पार्वतीलाई लिइएको छ । शिवपट्टी जटामुकुट, चन्द्रमा सहितको शिवको सर्प, कुण्डल र पार्वतीको पात्र वा फूल कुण्डल, केशविन्यास गरिएको हुन्छ । स्त्रीको भागमा पुष्ट स्तन देखाइएको हुन्छ । वस्त्र पनि नारजन्य रहेको हुन्छ । शिवले सर्पको वाला, पार्वतीको पाखुरामा लगाउने फूलको वाला रहेको हुन्छ । काठमाडौ उपत्यकामा त्यस्ता पुराना मूर्तिहरू प्रशस्तै पाइन्छन् । शिवजीको यस्तो स्वरूप खासगरी मूर्तिकलामा जाँदा मात्रामा पाइने गरिएको छ । यसलाई शिव र शक्तिको मिश्रित रूपमा पनि लिएको पाइन्छ । यो शिव र शक्तिको प्रतीक मात्र नभएर सृष्टिको परिचायक पनि हो (शर्मा, १९९९,पृ.६३)। यो स्वरूपलाई शिव र शक्तिको मिलन भनेर पनि कतिपय धार्मिक ग्रन्थहरूमा उल्लेख गरिएको पाइन्छ ।

**विश्वकर्मा**

चण्डेश्वरी मन्दिरको उत्तर पश्चिमपट्टि पर्खालको भित्तामा तिनवटा मूर्तिहरू रहेका छन् । ती मध्ये विश्वकर्मा पनि एक हुन् । विश्वकर्मा भन्नाले विश्व अर्थात स्वर्ग,मर्त्य र पातालका सृष्टिकर्ता भन्ने बुझिन्छ । यिनलाई चारैतिर मुख, आँखा, हात, खुट्टा, भएका र कुनै पनि सिर्जनाको वखत आवश्यकतानुसार आफ्ना हात, खुट्टा तथा पखेटाले समेत आकृति मिलाउने सवैका देवता भनी चर्चा गरिएको पाइन्छ (जोनड्सन, १९८२, पृ.३६३) । यिनी सवका जनक तथा उत्पादक हुन् । आफूले निर्माण गरे जतिका सवैका रक्षक पनि मानिन्छन् । भनिन्छ, गर्भमा रहेकै वेलादेखिको,कसको लोग्ने र स्वास्नी हुने भन्ने कर्म विधान समेत विश्वकर्माले नै मिलाई दिएको हुन्छ । वैदिक साहित्यमा विश्वकर्मालाई पुरोहित,कर्ता र द्रष्ट्राका रूपमा लिएको पाईन्छ ।

यिनलाई कतैकतै सूर्यको रूपमा प्रस्तुत गरिएको देखिन्छ । कतिपय प्रसङ्गमा यिनलाई संज्ञाको पिता पनि भनिएको पाइन्छ । यिनकी छोरी संज्ञाको विवाह सूर्यसँग भएको एउटा पौराणिक कथा पनि रहेको छ । एक पटक सूर्यको तेज खप्न नसकेर संज्ञा पिता विश्वकर्माकोमा आएको तथा विश्वकर्माले पनि सूर्यको केही तेज आफूले खिचेर ल्याएको कथा पाइन्छ । यसपछि तेज कम भएका सूर्यसँग भने संज्ञा

वस्न सक्ने भइछन् । यता विश्वकर्माले त्यही तेजबाट इन्द्रको वज्र, शिवको त्रिशूल र विष्णुको सुर्दशन चक्र वनाए भन्ने पनि उल्लेख गरिएको छ (शर्मा, वि.सं.१९९९, पृ.८५०)।

संस्कृति साहित्यमा विश्वकर्मालाई देवताका निर्माणकर्ता थिए । यिनले थुप्रै शहरहरू निर्माण गरे भन्ने पनि रहेको छ । श्रीराम लङ्काजाँदा समुन्द्रमा पुल वनाउने नल वानरलाई विश्वकर्माका छोरा थिए । यिनले ब्रह्माका लागि पुष्पक विमान वनाइदिएको चर्चा पुराणहरूमा छ । पछि ब्रह्माबाट यो विमान कुँवेरले,कुँवेरबाट रावणले र रावणबाट रामले लगेका थिए ।

उपत्यकाको ललितपुर भेगमा विश्वकर्माका बारेमा एउटै वेग्लै किम्वदन्ती पाइन्छ । उक्त मिथक अनुसार अघि ललितपुरको एउटा तान्त्रिक वाल्मिकी आश्रम तिर घुम्न गएको समयमा तिनले विश्वकर्मा र वाल्मिकी कुराकानी गर्दै गरेको देखेछन् । त्यसपछि उसले विश्वकर्मालाई ललितपुर पुऱ्याएको त्यहाँको ठूलो उन्नति हुने सोचेछन् । विश्वकर्मालाई तन्त्रले वाधेर ललितपुर पुऱ्याएछन् । ललितपुरमा विश्वकर्माले त्यहाँका धेरै मानिसहरू शिल्पी भएछन् । त्यसपछि तान्त्रिकले विश्वकर्मालाई तन्त्रमुक्त गरेछन् । तिनी अलप भएछन् (पाशा, वि.सं.१९९७, पृ.१३८-१४०)। यसै कारणले गर्दा ललितपुरमा अनेक प्रकारका शिल्पिहरू रहने गरेको विश्वास गरिन्छ । ललितपुरको तिछुं गल्लीमा विश्वकर्माको मन्दिर निर्माण गरी पूजाआजा गर्न थालिएको हो ।

नेपाल निर्माण कार्यमा लागेको एउटा समुदायले लेख्ने एउटाथर विश्वकर्मा हो । परम्परागत रूपमा सुन, चाँदी, फलाम र यस्तै धातुको काम गर्ने एउटा व्यावसायिक समूदायले विश्वकर्मा लेख्ने गरेका छन् ।नेपालमा विश्वकर्मालाई यन्त्र,उद्योग र निर्माणको देवता मान्दै यिनको प्रत्येक साल आश्विन १ गते भव्यताका साथ पूजाआजा गर्ने परम्परा छ । नेपालका राजमार्गका छेउछाउका धेरै स्थानमा विश्वकर्माका मन्दिरहरू वनेका पाइन्छन् । ती मन्दिरहरूमा यन्त्रसँग सम्वन्धित पेशा गर्ने मानिसहरूले निक्कैभव्यताकासाथ पूजाआजा गर्ने गरेका छन् । आश्विन १ गतेका दिन विश्वकर्माको पूजा पर्ने हुनाले ती मन्दिरहरूमा मानिसहरूको निक्कै ठूलो भीड लाग्ने गर्दछ (खतिवडा, वि.सं.२०७०, पृ.११३१) ।

हिन्दू धारणाअनुसार हिन्दू देवीदेवताका दरवार लगायतका वस्तु निर्माण गर्ने शिल्पि विश्वकर्मा थिए भनिन्छ । यिनलाई यन्त्रका देवताका रूपमा समेत प्रत्येक साल असोज १ गते धुमधामकासाथ पूजाआजा गरिन्छ (शर्मा,१९८६, पृ.४७०)। रामायण महाकाव्यमा पाइने एक विवरण अनुसार विश्वकर्माले राक्षसहरूका लागि श्रीलङ्काको सृष्टि गरेका रहेछन् । यिनलाई एक प्रजापित पनि भनिएको पाइन्छ । प्रत्येक साल आश्विनमा विश्वकर्माको अस्थायी प्रतिमा, चित्र निर्माण सामग्रीमा नै यिनको पूजाआजा गर्ने चलन रहेको छ ।

**विष्णु**

चण्डेश्वरी मन्दिरको दक्षिणपट्टि भगवान विष्णुको मूर्ति पूर्व तर्फ फर्केको अवस्थामा राखिएको छ भने विष्णुको मन्दिर अगाडि गरुडलाई पनि राखिएको छ । विष्णु आदित्य वर्गका वैदिक देवता थिए,जसलाई ऋग्वेदको पेज १ र १५४ मा प्रमुख देवतको स्थान दिइएको छ । त्यसमा विष्णुलाई त्रिविक्रम र उरुक्रम भनिएको पाईन्छ । सर्य,सवित,पूषणर विष्णु यिनका वैदिक नामहरू हुन् । वैदिक कालमा यिनलाई त्यति धेरै महत्व दिइएको थिएन । यिनी वेदमा इन्द्र, वरुण र अग्नि भन्दा कम महत्वका देवताका रूपमा मानिन्थ्ये । तर पनि संसारलाई दुःखबाट मुक्त गर्नु उनको प्रमुख कर्तव्य मानिन्थ्यो । पछि गएर पुराणहरूमा विष्णुको महिमा अझ वढेर गईकर्मकाण्डबाट प्राप्त हुने पुण्य विष्णुको कृपाबाट मात्र हुने मान्यता राख्न लागियो । त्यस्तै सृष्टि,स्थिति र संहार गर्ने ठूला तीन देवतामा विष्णुलाई पालनकर्ता मानिन्थ्यो । पौराणिक कालमा आएर भने यिनको वर्चश्य अति धेरै बढेर गएको पाइन्छ । पौराणिक कालमा यिनलाई अवतार लिएर पृथ्वीमा आई साधुसन्तको रक्षा गर्ने तथा दुष्टको विनास गर्नेदेवताका रूपमा लिन लगियो(शर्मा,१९९९,पृ.८५३)। विष्णु सहसुनाममा विष्णुका एक हजारवटा नामहरू दिइएका छन् । वैदिक कालमा विष्णुलाई सूर्यका रूपमा पनि पूजाआजा गर्ने चलन थियो । यिनलाईवैदिक साहित्यमा स्वर्गका देवता भनिएको छ(क्षेत्री र खगिवडा,वि.सं.२०५४,पृ.१७) ।  आज आएर धार्मिक रूपमा विष्णुलाई जगत सञ्चालन गर्ने देवता मान्ने गरिन्छ ।

विष्णुको अर्थ सवैतिर फैलिएको भन्ने हुन्छ । यिनको एउटा नाम हरि पनि हो, जसको अर्थ भने पाप या दुःख हरण गर्ने हुन्छ । त्यस्तै नारायणको अर्थ पनि जलमा निवास गर्ने देवता मानिन्छ । विष्णु पत्नी लक्ष्मीकासाथमा वैकुण्ठ लोकमा वस्तछन् भन्ने कथा पनि रहेको छ । यसैगरी विष्णु क्षीर सागरमा शेषनागमाथि सुतेको अवस्थामा रहने पनि कथा पाइन्छ । विष्णुलाई नारायण पनि भनिन्छ, जहाँ सम्पूर्ण जीवको वस्ने स्थानका रूपमा यिनलाई नारायण भनिएको छ (पाण्डेय,१९८८, पृ. ९५२)। प्रतिमाशास्त्रको नियमानुसार विष्णुलाई चार हात भएका र ती हातहरूमा शंक,चक्र,गर्दा र पद्म लिएको अवस्थामा देखाइने गरिन्छ । यिनले श्रीवल्स,किरीटमूकुट,कुण्डल,वनमाला र पीताम्वर लिएको हुने वताईन्छ । लक्ष्मीले भने हातमा कमलको फुल लिएको पाइन्छ । विष्णुलाई सुन्दर अनुहार भएका देवताका रूपमा पनि लिने गरिन्छ ।

हिन्दूका त्रिदेव मध्येका विष्णु पालनकर्ता देवता मानिन्छन् । उनको कार्य जीव मात्रको पालना गर्नु रहेको छ । दुष्टलाई विनाश गर्ने र सज्जनहरूको रक्षा गर्ने देवताका रूपमा पनि उनी परिचित छन् । यसैकारणले उनले वेलावेलामा अनेक प्रकारका अवतारहरू लिने गरेको पौराणिक कथा पाईन्छ । यस संसारमा जति पनि अद्भूत कार्यहरू हुने गर्दछन्, ती सवैको कर्ता विष्णुलाई मानिएको छ । यिनको स्तुतिका लागि थुप्रै पुराणहरू पनि लेखिएका छन् । विष्णुपुराण र वैष्णव पुराणलाई मानिन्छ । यिनको अलग-अलग स्वरूपको पूजाआजा गर्ने मत वेग्लावेग्लै सम्प्रदायमा रहेका छन् । विष्णुका राम, स्वयम् विष्णु र कृष्ण अवतारको पूजाआजा गर्ने फरक-फरक सम्प्रदाय पनि वनेका छन् । विष्णुलाई सामान्यतया

चार हात भएका र लक्ष्मीसँग वसेको रूपमा मूर्तिमा प्रस्तुत गर्ने चलन रहेको छ । तिनका चार आयूमा शंक,चक्र,गदा र पद्म पर्दछन् । विष्णुको शंकको नाम पाञ्चजन्य, चक्रको नाम सुदर्शन,गदाको नाम कौमोदकी,तरवारकोनाम नन्दक र धनुषको नाम साङ्ग भनि नामाकरण गरि उल्लेख गरिएको छ( शर्मा,१९८६,पृं.४७२) । विष्णुको वाहन गरुड र सेवकको नाम भने अर्हण भनिएको पाइन्छ । यता शेष नागमा सुत्ने हुनाले शेषनागलाई पनि यिनको सेवक मान्न सकिन्छ । प्रत्येक महिनाका एकाशदी र द्वादशी तिथिका स्वामी विष्णु मानिन्छन् । विष्णुको व्रत र पूजाआजाको उत्तम तिथि एकादशी र द्वादशीलाई मानिएको छ ।

महाभारत कालतिर विष्णुको पूजाआजा गर्ने भागवतमत प्रचलनमा थियो भने पछि पाञ्चरात्रमतको पनि विकास भएको देखिन्छ । यसैगरी उकान्तिक,भागवत, वैखानस, सात्वत रनारायणीगरी पाँवछा पूराना सम्प्रदायलाई विष्णु पुजकका रूपमा लिएको पाइन्छ । कालान्तरमा पूराना सम्प्रदाय हराएर गए भने समाजमा नयाँ सम्प्रदायहरूको उद्य भएर गयो । यिनका प्रतिमाहरू पनि अनेक प्रकारका वनाउने परम्परा विकसित भएर गएको देखिन्छ । विष्णुका लक्ष्मीका साथमा वसेका, स्थानक तथा शयन स्वरूपका साथमा विभिन्न अवतारका मूर्तिहरू वन्ने गरेका छन् । पद्मपुराण अनुसार विष्णुका चौवीसप्रकारका मूर्तिहरू वन्ने गरेको देखिन्छ । विष्णुको चतुर्व्यूह रचतुर्विंशव्यूह स्वरूप पनि हुने गर्दछ । यिनका अड्चालिसवटा सम्म अवतार भएको मानिन्छ तर यिनका दश अवतारलाई ज्यादा महत्वपूर्ण मानिएको छ । विष्णुलाई जीवका पालनाकर्ता देवता मानिन्छ(खतिवडा,वि.सं.२०७०,पृ.११३६-११३७)।

**गरुड**

गरडको मूर्ति चण्डेश्वरी मन्दिरको दक्षिण पट्टि भगवान् विष्णुको मन्दिर अगाडि रहेको छ । हिन्दू संस्कृति अनुसार गरुडलाई भगवान् विष्णुका वाहन र चराहरूको राजा हुन् । पुराणमा दक्षप्रजापतिका टोरी सुपर्णविनिता र कश्यप ऋषिका पुत्रका रूपमा गरुडको जन्म भएको उल्लेख छ । विष्णुको परिवारका सदस्यमा पंक्षीराज गरुडको विशिष्ट स्थान रहेको छ । महाभारतमा विनिताले बाजीमा हारेपछि कदुको दासत्व स्वीकार गरेको घटना उल्लेख गर्दै गरुडको जन्म फूलबाट भएको वर्णन गरिएको छ । महाभारतमा वताएअनुसार समय पूरा भएपछि गरुडले आमाको सहायता विनानै अण्ड फोरेर आफै वाहिर निस्किएको उल्लेख पाइन्छ । गरुड पराक्रम र साहसले सम्पन्न थिए। आफ्नो तेजद्वारा सम्पूर्ण दिशालाई प्रकाशित गर्दथे । उनमा आफ्नो इच्छाअनुसार रूप धारण गर्ने शक्ति थियो । गरुड छिटो जान र आफ्नो रुधि अनुसार पराक्रम देखाउन सक्दथे ।

गरुड चिलजस्तो एउटा काल्पनिक जीव हो । आधा शरीर पक्षी र आधा मानवको हुने गर्दछ । पौराणिक कथाहरूमा यसलाई विष्णुका वाहनका रूपमा लिएको पाइन्छ । यिनलाई चारैदिशा प्रकाशमान वनाउने, चाँडोसँग जहाँ पनि जान सक्ने, रुची अनुसार पराक्रम देखाउन सक्ने तथा विष्णुका परिवारका

सदस्यका रूपमा गर्णन गरिएको पाइन्छ (पौड्ेल,वि.सं.२०६२.पृ.४४)। विष्णु सूर्यको सर्वव्यापी रूप मानिने हुनाले र विष्णु आकाशमा तिव्रताकासाथ हिड्ने कल्पना गरिएकाले त्यसैको प्रतिक स्वरूप चाँडो उड्ने गरुडलाई विष्णुको वाहन मानिएको हो । विष्णु मन्दिरहरू अगाडि गरुड स्तम्भमा गरुडको मूर्ति राख्ने परमपरा चलेको छ । यसैगरी विष्णुका आसन प्रतिमा र चित्रहरू गरुडाशन मुद्रामा देखाउने गरिन्छ । गरुडलाई पंक्षीराज पनि भनिन्छ (शर्मा,१९९९,पृ.२७३)। जसका प्रतिमा विष्णुका साथमा र एक्लै पनि पाइन्छ । गरुड कश्यप र विनिताका छोरा थिए भने विनितालाई दक्षप्रजापतिकी छोरी भनिएको छ ।

हिन्दू पौराणिक कथाहरूले गरुडका पाँचजना पत्नीहरू रहेको तथा तिनीहरूबाट विभिन्न प्रकारका पंक्षीहरूको सिर्जना भएको विवरण दिएका छन् । यसैगरी कद्रु गरुडकी सौतेनी आमा भएको तथा तिनले गरुडको आमासँग वैरभाव राख्ने हुनाले गरुडले पनि सौतेला भाई कद्रुकका सन्तान साँपसँग वैरभाव राख्ने गरेको उल्लेख पाइन्छ । कालियनाग गरुडको डरले यमुनाको पानीभित्र लुकेको पौराणिक कथा रहेको छ । हिन्दूहरूमा प्रचलित एक पौराणिक कथाअनुसार गरुड दक्ष प्रजापतिकी छोरी विनता र कश्यपका छोरा थिए । गरुडको शिरसेतो, पखोटा राता, र शरीर सुवर्ण रङ्गको हुने उल्लेख गरिएको पाइन्छ । उनका पत्नी उन्नता र विनायका हुन् ।

प्राप्त पौराणिक कथामा एक पटक गरुडले विनतालाई दिनका लागि अमृत चोरेर लगेका रहेछन् । उक्त कुरा इन्द्रले थाहा पाएपछि गरुड र इन्द्रका वीचमा लडाई भएको तथा त्यसमा इन्द्रको जीत भएकाले अमृत इन्द्रले फिर्ता लगेको र त्यस लडाईमा उनको वज्र टुटेको उल्लेख गरिएको पाइन्छ । गरुड स्वर्गमा एक पटक अमृत लिनका लागि र अर्को पटक पारिजात लिन स्वर्ग गएको कुरा वताइएको छ । गरुडले आफ्नो आमालाई कन्द्रुको दासताबाट मुक्ति दिलाउन अमृतको खोजीमा स्वर्ग पुगेका थिए । अर्को पटक श्रीकृष्णका साथमा पारिजात लिन गएका थिए भन्ने कथामा रहेको छ । उनी पहिलो पटक जाँदा अमृत ल्याउन असफल भएका भएपनि दोस्रो पटक भने स्वर्गबाट पारिजात लिएर आउन सफल भएको कथामा उल्लेख छ । कतिपय विद्वान्हरूले नाग र गरुडको लडाईलाई ज्योति र अन्धकारको वीचको लडाई पनि मानेका छन् । यहाँ गरुडलाई ज्योतिको प्रतीकका रूपमा र नागलाई अन्धकारको प्रतीक हुन भन्ने विश्वास गरिएको पाइन्छ । गरुड र नागको वीचको लडाईको प्रतिकात्मक अर्थ पनि यही मानिएको छ ।

विभिन्न पौराणिक ग्रन्थहरूमा गरुडलाई विष्णुले आफ्नो वाहन् वन्न अनुरोध गरेको तथा गरुडले पनि विष्णुका अनुरोध स्वीकार गरेको उल्लेख छ । यसैले विष्णुले आफ्नो ध्वजामा गरुडलाई स्थान दिएको पाइन्छ । वेदमा भएको गरुत्सान शब्दको अर्थ सुन्दर पखेटा भएको गरुडको रूपमा ब्याख्या गर्ने गरिएको छ (पौड्याल, वि.सं.२०५७, पृ.४२)। गरुडकी पत्नी उन्नतीबाट सम्पत्ति लगायतका सातजना छोराहरू जन्मिएका तथा तिनीहरूबाटै सम्पूर्ण पंक्षीहरूको उत्पत्ति भएको उल्लेख पाइन्छ । गरुडको दाजु अरुण भने सूर्यका सारथी थिए भन्ने कथामा छ । विनताले वाजीमा हारेपछि कन्द्रुकको दासत्व स्वीकार गरेको तथा गरुड अण्डाबाट जन्मिएका थिए भन्ने वताउँदै समय पूरा भएपछि उनी आमाको सहायता विना नै

अण्डा फोरेर वाहिर निस्किएका थिए भन्ने वर्णन केही पुराणहरूमा पनि उल्लेख गरिएको पाइन्छ ( पौडेल,वि.सं.२०६२,पृ.४४)। गरुडका नामममा गरुडोपनिषद् नामक एउटा ग्रन्थ पनि पाइएको छ । उक्त उपनिषद अर्थववेदीय हो । जसमा विष निवारण सम्वन्धी धार्मिक विधान दिइएको देखिन्छ । यता विष्णुको ध्वजामा गरुडको चिन्ह निर्मित हुन्छ । त्यसलाई गरुडध्वज भनिन्छ । गरुड र विष्णुका नाममा गरुड स्तम्भ स्थापना गर्ने चलन हिन्दूहरूमा धेरै पहिलेदेखि चलि आएको हो । यसरी संस्कृति साहित्यमा गरुड र विष्णु संगसंगै आउने नाम  हुन् ।

नेपालमा गरुडलाई प्राचीनकालदेखि नै प्रतिमा र चित्रमा प्रस्तुत गर्ने परम्परा रहि आएको छ । जस्तो प्राचीनकालमा लिच्छविराजा मानदेवले नै चाँगुनारायणमा गरुड स्तम्भ स्थापना गरेको उल्लेख पाइन्छ । त्यसपछि पनि निरन्तर रूपमा नारायणका मन्दिर अगाडि गरुडका प्रतिमाहरू राख्ने परमपरा चल्यो । नेपालका प्राय:सवै वैष्णव मन्दिरहरूमा गरुडध्वज स्थापना गरेको देखिन्छन् । नेपालका गरुडका मूर्तिहरू घुँडामारेर नमस्कार मुद्रामा वसेको अवस्थामा निर्मित्त छ । नेपालमा २ देखि ८ वटा सम्म हात भएका गरुडका मूर्तिहरू पाइएका छन् (खतिवडा, वि.सं.२०७०, पृ.२८५-२८६)। उपत्यकाको भक्तपुर स्थित गछेटोलमा प्रसिद्ध गरुड दह रहेको छ । त्यस स्थानमा गरुडसन विष्णुको प्रतिमा छ भने एउटा धाराबाट पानी निस्किएर पोखरीमा झरेको देखिन्छ । त्यँहाको पानी गरुडको नाकबाट निस्कएर पोखरीमा झरेको हुनाले त्यसलाई गरुडदह भनेको उल्लेख पाइन्छ (भट्टराई,वि.सं.२०७६,पृ.६३)। यस दहको अनेक किसिमका लोकोक्ति र किंम्वदन्तीहरू भएतापनि यस भेगमा प्रचलित एक किंम्वदन्तीअनुसार अघि राजा प्राणमल्ल दिनहुँ यस दहमा आएर स्थानदि गर्दथे भनिएको छ । यस पोखरीको पानी वेलावेलामा विभिन्न तीनवटा रङमा वदलिन्छ भन्ने जनविश्वास स्थानीय मानिहरूमा रहेका पाइन्छ ।

विष्णुको वाहन गरुडले नुहाएको स्थान मानिने गरुडवाहिनी कालिकोट जिल्लामा पर्दछ । उच्च पहाडी लेकमा रहेको उक्त स्थानमा श्रावण महिना शुक्ल एकादशिदेखि पुर्णिमासम्म मेलालाग्ने गर्दछ । पर्व र उत्सव वाहेक पनि वेलावेलामा गरुड नाहिनीमा स्नान लागि मानिसहरू पुग्ने गरेका छन् । यसरी गरुड नाहिनी एक वैष्णव तीर्थको रूपमा परिचित रहेको छ । हिन्दूहरूका अठार पुराणमा गरुडपुराण सत्रौ स्थानमा पर्दछ ।यस पुराणमा विष्णुले गरुडलाई सृष्टिका वारेमा वताएको तथा उपदेश दिएको हुनाले यसलाई गरुड पुराण भनिएको हो(शर्मा, १९९९, पृ.२७४)। यसमा मुख्य स्रोत गरुड छन् । गरुड पुराणमा उन्नाईस हजार श्लोकहरू रहेका छ 'यस पुराणमा आयुर्वेद,ज्योतिष, आराधना, पशुचिकित्सा र कृष्णलीलाको पनि चर्चा पाइन्छ । गरुडपुराणको दोस्रो खण्डलाई प्रेतकल्प भनिन्छ । यस कल्पमा मानिसको मृत्युपछिको अवस्थाका वारेमा चर्चा गरिएको पाइन्छ । यो पुराण मानिसहरूको मृत्युका समयमा आशोच वारेका मानिसहरूलाई गरुड पुराण सुनाउने परम्परा रहि आएको छ ।

हिन्दूहरूमा विष्णु मन्दिरको अगाडि स्तम्भ गाड्ने चलन रहेका पाइन्छ । विशेष गरी स्तम्भ काठ, धातु र प्रस्तरका पनि वनाईन्छन् । जसमाथि गरुडको प्रतिमा राख्ने चलन रहेको छ (शर्मा,१९९९,पृ.२७४)। यस्ता स्तम्भलाई गरुड स्तम्भ भनिन्छ । नेपालमा प्राचीन कालदेखी नै गरुड स्तम्भ स्थापना गर्ने चलन

थियो । यसमा सवैभन्दा प्रख्यात राजा मानदेवको चाँगुनारायणको गरुडस्तम्भ हो । राजा मानदेवले लिच्छवि राजगद्दीमा वसेपछि आमाको पुण्य बृद्धिका लागि यो स्तम्भ खडा गरेको उल्लेख गरिएको पाइन्छ । त्यस स्तम्भको माथिल्लो भागमा घुँडा टेकेर वसेको गरुडको प्रतिमा राखिएको छ भने त्यसको तल्लो भागमा अभिलेख कुदिएको देखिन्छ । करिव ८२ पङ्तिको उक्त स्तम्भ अभिलेख तात्कालीन इतिहासको जानकारी दिने निक्कै महत्वपूर्ण स्रोत मानिन्छ । त्यस्तै गरी टोखा चण्डेश्वरी मन्दिरको दक्षिणपट्टि विष्णुको पूर्व फर्केको मूर्ति रहेको छ । त्यसको अगाडि टाउको भाचिएको अवस्थामा पश्चिम तर्फ फर्केर वसेको अर्थात विष्णुको अगाडि गरुडासनमा गरुडको मूर्ति रहेको छ ।

**शिवलिङ्ग**

चण्डेश्वरी मन्दिरको दक्षिण तर्फ एउटा स्तम्भमा तिनवटा शिवलिङ्ग रहेको छ भने एउटा शिवलिङ्गलाई छुट्टै इटाको स्तम्भ वनाई करिब तिन तिनफिट माथि उठाई राखिएको छ ।त्यहाँ रहेका शिवलिङ्गहरू सवै साभ्रा रहेका छन् । हिन्दूहरूले उपासना गर्ने विभिन्न देवतामा शिवजीलाई लिङ्गस्थानी मान्दछन् र तिनको पूजाआजा लिङ्गमा गर्ने गरेको पाइन्छ । सामान्यतया शिवालयहरूमा पूजाआजाका लागि शिवलिङ्ग नै स्थापना गरिएको हुन्छ । लिङ्ग पनि मुख्यतः साधा लिङ्ग र मुखलिङ्ग गरी दुई प्रकारका रहेका हुन्छन् । शिवलिङ्गको माथिल्लो भाग साधा छाडिएको छ भने त्यसलाई साधा लिङ्ग भनिन्छ । तर, शिवलिगंको चारैतिर मुख निकालिएको अवस्थामा छ भने त्यसालाई मुखलिङ्ग भनिन्छ । मुखलिङ्गमाचारतिर चारवटा मुख निकालिएको हुन्छ । त्यस्ता शिवलिगंलाई पञ्चमुखी शिवलिङ्ग भन्ने गरिएको छ । पञ्चमुखि शिवलिङ्गको नाम पूर्वदेखि सद्योजात, वामदेव, कामरूप, अघोर र ईशान हुन । अर्को वर्गीकरणमा शिवलिङ्गलाई भावलिङ्ग, प्राणलिङ्ग र इष्टलिङ्ग गरी तीन भागमा वाँड्न सकिन्छ । यसलाई भने लिङ्गायतहरूको वर्गीकरण मानिएको छ(क्षेत्री र खतिवडा, वि.सं.२०५४,पृ.७८)।

शिवलिङ्गका ज्योतिलिङ्ग र क्षणिकलिङ्ग जस्ता भेद पनि रहेका छन् । यहाँ क्षणिक लिङ्ग निश्चित उद्देश्य पूरा गर्नको लागि गरिने हुँदा माटो या बालुवाबाट निर्माण गरिन्छ । त्यस्ता शिवलिङ्गमा पूजाआजाको काम सकिएपछि भत्काउने चलन रहेको पाइन्छ । ज्योतिलिङ्गलाई भने आफै उत्पन्न भएको मानिएको छ । तिनीहरू मन्दिरहरूमा स्थायी रूपमा राखिएका हुन्छन् । शिवलिङ्ग निर्माण गरिने वस्तुको आधारमा पनि यिनीहरूलाई वर्गिकरण गरिएको छ । शिवलिङ्ग माटो, धातु,काठ र प्रस्तरको निर्माण गर्ने गरिएको पाइन्छ । धातुहरूमा पनि फलाम, तामा, पित्तल, सुन र चाँदी आदिका बनाइन्छन् । खासगरी स्फटिकको शिवलिङ्ग भने अझ उत्तम मानिन्छ(दप, वि.सं.२०५२, पृ.१५)।

शिवलिङ्गलाई शिव र शक्तिको प्रतीक मानिएको छ । यसमा माथिको सुडौल भाग शिवभाग हो । त्यस मुनि शिवलिङ्ग अड्याउन बनाइने जलहरीलाई शक्तिको प्रतीक मानिएको छ । शुरुशुरुमा शिवलिङ्गहरू साधा वनाइन्थे । पछि एउटा मुख निकाल्न लागियो । अझ पछि त्यसमा दुईवटा र तीनवटा

मुख पनि निकाल्न लागिएको देखिन्छ । कालान्तरमा तिनीहरूमा चारवटा मुख निकाल्ने परम्परा चल्यो । आजसम्म पनि साधा शिवलिगं पनि निर्माण गर्ने परम्परा सँगसँगै चलेर गएको पाइन्छ ।

### इचङ्गुनारायणको मूर्ति

चण्डिकेश्वर मन्दिरको दक्षिणपट्टि ईटाको ठूलो चारपाटे स्तम्भ वनाई त्यसको वीचमा पश्चिमतर्फ इचङ्गुनारायणको मूर्ति स्थापना गरिएको छ । काठमाडौ उपत्यकाको पश्चिममोत्तर कुनामा अवस्थित इचङगुनारायण पुग्न करिव आठ किलोमिटरको यात्रा गर्नुपर्ने हुन्छ । यो मन्दिर हाल नागार्जुन नगरपालिकामा रहेको छ । वंशावलीहरूमा उपत्यकाका चार दिशामा हरिदत्त वर्माले चार नारायणको स्थापना गराएको उल्लेख गरेका छन् । तिनिहरूमध्ये उत्तरतिर नारायण इंचगुनारायण हुन भन्ने मान्यता रहेको छ । यहाँका मुख्य देवता नारायण वा विष्णु हुन् (भट्टराई,वि.सं.२०६७,पृं.१०)। इचङगुनारायण चतुर्वाहु भएका गरुडमाथि उभिएका छन् । मूर्ति डेढफिट अग्लो रहेको छ । यिनले दायाँ तल माथिका हातमा चक्र र पद्म एवम् वायाँ हातमा गदा र शङ्ख लिएका छन् । मन्दिरको निर्माण वि.स.३२० मा राजा हरिदत्त वर्माले गराएका हुन् । यस मन्दिरको जिर्णोद्धार भने वि.स. २०१५ मा भएको हो (पाण्डेय र पन्थी पाण्डेय, वि.स.२०७५,पृ.४)। इचङ्गुनारायणको महाशक्ति माहेश्वरी हुन् । यस मन्दिरका वरिपरी लक्ष्मीनारायणका साथमा गणेश, बुद्ध, शिव पार्वती, हनुमान् र भीमसेनका मूर्तिहरू स्थापना गरिएका छन् । ईचङ्गुनारायण भेगमा प्राचीन कालदेखिका घण्टीहरू,शिलालेख र विभिन्न देवीदेवताका मूर्तिहरू पाइएका छन् । मन्दिर परिसरमा लिच्छविकालदेखिका अभिलेखहरूपनि देखिन्छन् । कृष्णाष्टमी,रामनवमी र विभिन्न एकादशीका अवसरमा भक्तजनुहरू आउने गर्दछन् । उपत्यकाको चार नारायणको दर्शन गर्ने परम्परा निकै पुरानो मानिएको हो (नेपाल, वि.सं.२०६८ पृ. ६०) । यहाँ वद्रीनाथ र केदारनाथको मन्दिर पनि रहेको छ । भारतको बद्रीनाथ र केदारनाथ जान नसक्ने भक्तजनहरूका लागि यो महत्वपूर्ण तीर्थस्थल हो । यहाँ दसैको कोजाग्रत पुर्णिमादेखि कार्तिक पुर्णिमासम्म ठूलो मेला लाग्दछ ।

### शेष नारायणको मूर्ति

चण्डिकेश्वर मन्दिरको दक्षिणतपट्टि ईटाको ठूलो स्तम्भ वनाई त्यसको वीचमा दक्षिणपट्टि शेषशायी नारायणको मूर्ति रहेका छ । काठमाडौबाट झन्डै पन्ध्र किलोमिटर दक्षिण पश्चिमको फर्पिङको डाँडोको ऋषिमुख पर्वतको शिखरमा शेषशायी विष्णुको मूर्ति रहेका छ । पर्वतकै शिखरमा निर्माण गरिएकाले यिनलाई शिखरनारायण पनि भनिन्छ । चेप्टो ढुङ्गामा विष्णुको आकृतिजस्तो मात्र पूजाआजा गरिएको देखिन्छ । पत्थरमा रेखाङ्कन गरी विष्णुको आकृतिदिन खोजिएका कारण यसमा पनि उल्लेखनीय अन्य लक्षण देखिदैनन्(पाण्डेय र पन्थी पाण्डेय,वि.स.२०७५,पृ.५)। शेषनारायणको तलतिर पोखरीहरू छन् । ती कुण्डलाई गोसाइँकुण्ड, भैरबकुण्ड र नागकुण्ड भनिन्छ । शेषनारायणकी शक्ति लक्ष्मी हुन् । यहाँको मन्दिर र मूर्तिहरूको स्थापना कृष्णका छोरा प्रद्युन्नबाट भएको भन्ने भनाई रहेको छ । मन्दिरसँगै गुफामा

बसेर पद्मसम्भवले तपस्या गरेका भन्ने भनाइ पनि छ । शेषनारायणले शैव, शाक्त र बौद्ध धर्मालम्वीको प्रतिनिधित्व गर्दछन् (पाण्डेय र पन्थी पाण्डेय,वि.स.२०७५,पृ.५) ।

उपत्यकामा रहेका प्रमुख चार नारायण मध्येशेष नारायण पनि एक महत्वपूर्ण तीर्थस्थलको रूपमा रहेको छ । यहाँ शिखर शैलीका दुई शिवका संरचना र केही प्राचीन कुँदिएका प्रस्तर मूर्तिहरू पनि रहेका छन् । तल्लो पैदल मार्गसँगै लक्ष्मी नारायण, अर्ध नारीश्वर, विष्णु तथा कमदेवका मूर्तिहरू रहेका छन् । यहाँ १३ औं शताब्दी मानिने पानीमा आधा डुवेको सूर्य मूर्ति पनि छ । माथिल्लो कुण्डमा शिव-पार्वती रहेका छन् । अर्को शिव-पार्वतीको मूर्ति तल्लो पोखरी जाने सिढिनेर छ । यहाँ नारायणका गुफाको अगाडि एकतले छाना सहितको मन्दिर पनि छ । यस स्थानमा गरुड, विष्णु, विक्रान्तका जीवन्त आकारका प्रस्तर मूर्ति तथा १६ औं शताब्दीको मानिने हनुमान्को मूर्ति पनि रहेका छन् ।

**चँगुनारायणको विष्णुको मूर्ति**

चण्डिकेश्वर मन्दिरको दक्षिणतपट्टि ईटाको ठूलो स्तम्भ वनाई त्यसको वीचमा पूर्वपट्टि चाँगु नारायणको विष्णुको मूर्ति रहेका छ । राजधानीबाट करिव बाह् किलोमिटर पूर्वोत्तर कुनामा दोलाद्री पहाडको चुचुरोमा अवस्थित चाँगुनारायणको मन्दिर लिच्छविकालीन मन्दिर हो । यो भगवान् विष्णुको मन्दिर हो । यो मन्दिर नेपालकै सबैभन्दा प्राचीन मन्दिर पनि हो । गोपालराज वंशावलीमा यो मन्दिर मानदेवका पूर्वज हरिदत्त राजाले स्थापना गरेको हुन सक्ने अड्कलन गरिएको छ(पाण्डेय र पन्थी पाण्डेय, वि.स.२०७५,पृ.५)।

यो मन्दिर तेस्रो शताब्दीतिरका प्रस्तर,काष्ठ र धातुहरूद्वारा नेपाली बहुछानेदार शैलीमा दुईतलामा निर्मित छ । यसको चारैतिर चारढोका रहेका छन् । मुख्य प्रवेशद्वार चाँहि पश्चिमतिर फर्केको छ । मन्दिर परिसरभित्र थुप्रै देवीदेवताका मूर्तिहरू रहेका छन् । पश्चिम ढोकाको अगाडि गरुडको प्रस्तर मूर्ति महत्वपूर्ण हो । यसको आधा भाग मानिसको आधा भाग चराको छ । दक्षिण ढोका अगाडि सुँडले कमलको फूल लिएकोहात्तीका जोडी मूर्ति छन् । मन्दिरको उत्तरमुखीढोका अगिाडि एक जोडा भेडाको आकारका मूर्ति छन् । पूर्वढोका अगाडि एक जोडा शार्दूलका मूर्तिहरू दायाँवायाँ राखिएका छन् । मन्दिरमा पुग्न अलितलदेखि ढुङ्गाको सिँढीहरू रहेका छन् । मन्दिरको गर्भगृहको मध्यभागमा नारायणको प्रस्तर मूर्ति रहेको छ (पाण्डेय र पन्थी पाण्डेय,वि.स.२०७५,पृ.५) ।

लिच्छवि राजा मानदेवको अभिलेखमा प्रथमपटक नाम उल्लेख गरिएको चाँगुनारायणको स्थापना उनका पुर्खा हरिदत्त वर्माले गरेको अनुमान गरिएको छ (दाहाल र खतिवडा,वि.सं.२०५८,पृं.२०७)। यस सम्वन्धी ठोस प्रमाणहरू भने पाउन सकिएको छैन् । चाँगुनारायणको मन्दिरभित्र सुनको कवंच लगाएको चतुरवाहु नारायणको मूर्ति छ । लिच्छविकालका कलाका विभिन्न नमुनाहरू चाँगुनारायण मन्दिर परिसरमा पाइन्छ । प्रत्येक वर्षको पौष शुक्ल प्रतिपदाका दिन चाँगुनारायणमा जात्रा चलाउने प्रचलन छ । यस अवसरमा चाँगुबाट चाँगुनारायणलाई हनुमान्ढोका ल्याउने परम्परा रहेको छ । हनुमान्ढोका ल्याउने

कारणवारे त्यहाँका पुजारीकाअनुसार “मल्लकालका राजाहरू प्रत्येक दिन चाँगुमा गएर नारायणको दर्शन गरेपछिमात्र भोजन गर्ने गर्दथे । वर्षा याममा मनहरा नदीमा बाढी आउँदा धेरै दिनसम्म राजाहरूलाई भोकभोकै वस्नुपर्ने अवस्था आएपछि भगवान् चाँगुनारायणले नै आफू स्वयंवर्षको दुई पटक हनुमान् ढोका दरबारमै आएर दर्शन दिनेछु भनेअनुसार हनुमान्ढोका ल्याउने चलन चलेको हो । यसअवस्थामा चाँगुनारायणको स्वागत तथा दर्शनार्थ कुमारी घरबाट कुमारीलाई पनि बोकेर त्यहाँ ल्याउने परम्परा रहि आएको छ (पाण्डेय र पन्थी पाण्डेय वि.सं. २०५८ पृ. २०६) ।

चाँगुनारायणलाई हनुमान्ढोका ल्याउँदा स्थानीयहरले बाटामा ठाउँ-ठाउँमा माटाका पुराना भाँडावर्तन राख्दछन् । चाँगुनारायणले देश छाडेर बाहिर जान लागेको र त्यसले गर्दा विदेशमा अनिष्ट हुने भयले ती भाँडाहरू फुटाएमा शास्त्रअनुसार अपशकुन हुने भएकाले चाँगुनारायण देश वाहिर जादैनन् भन्ने विश्वास स्वरूप त्यसो गर्ने गरिन्छ । मन्दिर परिसरमा ठड्यार राखिएको एक विशाल प्रस्तर स्तम्भमा नारायणको स्तुति यसरी गरिएको छ “चारै हातमा शङ्ख, चक्र, गदा, पद्म, धारण गरेका, पीत वस्त्रधारी, श्याम वर्णका, कमलनयन, कानमा कुण्डल, पुष्ट वक्षस्थलद्वारा सुशोभित भगवान् विष्णुलाई नमस्कार गर्दछु ।”

चाँगुनारायणमा कार्तिक शुक्ल नवमीका दिनमा विशेष धार्मिक, मेला लाग्दछ । एउटा किम्वदन्तीअनुसार चाँगुनारायणको मूर्तिमा कथंकदाचित पसिना आएको खण्डमा त्यसलाई पुछेर ल्याउन सकेमा सर्पको विष लाग्दैन । त्यति मात्र होइन यो मन्दिरको गजुरबाट देखिनेजति क्षेत्रभरि पनि सर्पको विष लाग्दैन भन्ने जनविश्वास रहेको छ । चाँगुनारायणको मन्दिर उपत्यकाका चार नारायणमध्ये जेठो हो । यहाँको अभिलेखलाई प्राचीन नेपालको इतिहासको जानकारी दिने मुख्य अभिलेखीय प्रमाणको रूपमा मानिन्छ । त्यस अभिलेखमा मानदेवले आफ्नो तीन पुस्ताको परिचय दिएका छन् । अभिलेखले उपत्यकाको पूर्वतिर किँरात तथा पश्चिमतिर मल्लहरूको अस्तित्व रहेको कुरा त्यही जानकारी दिन्छ (वज्राचार्य, वि.सं.२०३०,पृं.१३)।

**विशङ्खु नारायणको मूर्ति**

चण्डिकेश्वर मन्दिरको दक्षिणतपट्टि ईटाको ठूलो स्तम्भ वनाई त्यसको वीचमा पूर्वपट्टि विशङ्खुनारायणको मूर्ति राखिएको छ । विशङ्खुनारायणको मन्दिर काठमाडौबाट झन्डै दश किलोमिटरपूर्व ललितपुर जिल्लामा पर्दछ । विशङखुनारायणलाई मन्दिरविनाका नारायणभन्दा पनि हुन्छ । यो एउटा ओडार (गुफा) मात्र हो । यहाँ मन्दिर छैन । त्यही ओडारका ढुङ्गामा स-साना विष्णु, सरस्वती, लक्ष्मी गरुडका चारपाँच वटा आकृति देखिन्छन् । साँच्चै भन्ने हो भने ती मूर्तिरूपी आकृति चिन्ने नसकिने खालका छन् । नारायण मानेर पुजिदै आएको छ आकृतिको पनि आकार स्पष्ट छैन । भावनात्मक रूपमा मात्र मानिदै र पुजिदै आएको छ । विशङ्खुनारायणको भू-वनोट नै नारायणको शङ्खको आकृतिका रूपमादेखिने हुँदा ती नारायणको नामनै विष्णुको शङ्ख अर्थात विशङखु रहेको भन्ने जनधारणा रहेको

पाइन्छ (पाण्डेय र पन्थी पाण्डेय,वि.स.२०७५,पृ.५)। त्यस स्थानमा मुस्किलले मान्छे छिर्न सक्ने एउटा गुफा छ । यसैलाई नारायणथान स्थान मानिन्छ ।

एउटा भनाई अनुसार हरिदत्त वर्माले काठमाण्डौ उपत्यकाका चारै राज्य काठमाडौ,भक्तपुर कीर्तिपुरर पाटनमा एकएक नारायणको स्थापना एकै पटक गराएका थिए भन्ने पनि रहेका छ । तिनीहरूमध्ये दक्षिणतिरका नारायणलाई विशंखुनारायण भनिएको छ । ललितपुरको दक्षिणतिरको पहाडमा गोदावरी छेउको विशखुं डाँडामा यी नारायण विराजमान छन् । वंशालीलाई आधार लिएको खण्डमा यसको स्थापना विक्रमको तेस्रो शताब्दीतिर भएको मानिएको छ । विशङ्खुनारायणको स्थापनासम्वन्धी एक किम्वदन्ती अनुसार शिवजी र नारायणको प्रसँग उल्लेख गरेको पाइन्छ । मिथकअनुसार अघि शिवजीले भष्मासुरको तपबाट खुशी भएर जसको शिरमा हात राख्तछ, त्यो व्यक्ति भष्म हुने वरदान दिएछन् । भष्मासुरले भने शिवजीको वरदान सही भए नभएको परीक्षण गर्न शिवजीकै शिरमा उसको हात राख्ने विचार गरेछ । आफ्नो वरदानका कारण आफै भष्म हुने डरले शिवजी भाग्न लागेछन् । भष्मासुरले भने तिनलाई लखेट्न थाल्यो । भगवान् विष्णुले उक्तकुरा थाहा पाएर शिवजीलाई जोगाउन भष्मासुरलाई उसको हात उसैको शिरमा राखेर बरदान सही भए नभएको परीक्षण गर्न सुझाएको तथा भष्मासुरले पनि त्यसै गरेर भष्म भएको किम्वदन्ती पाइन्छ (भट्टराई,वि.सं.२०६७,पृं.२८५)। यही किम्वदन्तीका आधारमा विशङ्खुनारायणको सानो पहाड यही भष्मासुरको खरानीले बनेको मानिन्छ । त्यही मोहिनी स्वरूप नारायण लुकेको गुफाभित्र विशङ्खुनारायणका प्रतीक अष्टदलकमलको पूजा गर्ने गरिन्छ । त्यहाँ प्रत्येक वर्षको हरिबोधिनी एकादशीको दिनमा भव्य मेला लाग्ने गर्दछ । त्यस गुफाको प्वालबाट निस्किने पस्ने गर्दछन् ।सो प्वालबाट निस्किने जति धर्मात्मा र निस्किन नसक्ने जति पापी हुन् भन्ने जनविश्वास रहेको पाइन्छ ।

**शिव र पार्वती**

चण्डेश्वरी मन्दिरको दक्षिणतर्फ शिव र पार्वतीको मूर्ति रहेको छ । हिन्दू त्रिदेवमध्ये शिव संहारकर्ता देवता मानिन्छन् । शैव सम्प्रदाय अनुयायीहरूका विचार संसारको सृष्टि,स्थिति र विनासकर्ता शिवजी नै हुन् । ऋग्वेदमा यिनलाई रुद्रका रूपमा प्रस्तुत गरिएको देखिन्छ । पछि यिनलाई सौम्य देवताका रूपमा शिव भन्न लागिएको हो । महाभारतको खण्ड १३ र १७ मा शिवजीका हजारौ नामहरू दिएको पाइन्छ । शिवजीलाई वैदिक सम्यता भन्दा अगाडि नै अनार्यहरूले पूजाआजा गर्ने गरेकोमा पछि गएर आर्यहरूले पनि यिनलाई उपास्य देवताका रूपमा ग्रहण गरेको देखिन्छ । उत्तर वैदिक साहित्यमा शिव रुद्रका पर्याय रूपमा रहन पुगे । शाङ्खायन र कौषीकि ब्राह्मणमा यिनका लागि शिव, रुद्र, महादेव, महेश्वर र ईशान आदि नाम उल्लेख गरिएको छ । पाणिनीको अष्टध्यायी ४/१/११५ मा शिवोपासनाको विस्तृत चर्चा गरिएको पाइन्छ (खतिवडा, वि.सं.२०७४,पृं.११८१)। भैरबलाई शिवजीको उग्ररूप मानिन्छ । शिवका शिरमा गंगा र मुण्डमाला रहने पनि उल्लेख पाइन्छ(शर्मा,१९९९,पृ.८९६)।

यिनका साथमा पार्वती वसेको शरीरमा भष्म लगाएको तथा वाहन नन्दीका रूपमा नजिकै वस्ने गरेको पनि उल्लेख पाइन्छ । शिवजी गणमा वस्ने देवता हुन् । यिनका गणमा नन्दी, भृङ्गी, गणेश, कुमार, उदरमुख र वानरमुख लगायतका सदस्य रहने पौराणिक विवरण दिइएको छ । शिवपार्वतीको मूर्ति फलकमा यस्ता गणका पनि आकृति अङ्कित गरिन्छन् । भृङ्गी ऋषिको श्रापका कारण शिवजीको लिङ्गमा पूजा हुने पाइन्छ । संस्कृति विद्हरूको भनाईअनुसार शिवलिङ्गमा उपासकहरूले चढाएको कुनै पनि वस्तुलाई प्रसादको रूपमा ग्रहण गर्न हुँदैन । यिनलाई योगीका रूपमा कैलाश पर्वतमा वस्ने पनि भनिन्छ । शिवजीलाई नाटक र सङ्गीतको शुरुवातकर्ता भनिएको पाइन्छ । यिनी शान्तसँग वसेका, नृत्यरूपका,गणका साथमा वसेका तथा लिङ्गका रूपमा पनि पूजिन्छन् ।

शिवलाई उग्र देवताका रूपमा भैरब मानेर पनि पूजाआजा गर्ने परम्परा रहेको छ । शिवको उग्ररूप भैरब भए सरह रुद्र यिनको रुवाउने स्वरूप हो । यिनले शत्रुहरूलाई रुवाउने भएकाले उनलाई रुद्र पनि भनिएको विश्वास गरिन्छ (खतिवडा, वि.सं.२०७४,पृ.११८२)। ठूला देवताका रूपमा उनलाई महादेव र महेश्वर पनि भनिएको देखिन्छ । यिनका उग्ररूप, नृत्य रूप, पार्वतीसँग शान्तसँग वसेकोरूप र एकान्तमा ध्यान गरेर वसेका जस्ता विभिन्न स्वरुप छन् । यिनै रूपको पूजाआजा गर्ने चलन पनि छ । शिवजीको लिङ्गपूजा पनि हुने गर्दछ ।यसै आधारमा यिनलाईअनार्यका देवताका रूपमा लिने गरिएको हो । सिन्धुघाँटी सभ्यता, पाणिनीको अष्टाध्यायी र पतञ्जलीको महाभाष्यमा पनि शिवजीको चर्चा गरेको पाइन्छ (पाण्डेय, १९८८। पृ.६२९) ।

पौराणिक कालमा शिवजीलाई पूजा उपासना गर्ने क्रम अझ व्यापक भएर गएको देखिन्छ । शिवजीलाई सवैभन्दा ठूला देवता मानेर पूजाआजा गर्ने वेग्लै सम्प्रदाय पनि रहेका छन् । जसलाई शैव सम्प्रदाय पनि भनिन्छ । तिनहिरूले सृष्टि, पालना र संहारकर्ता शिवजीलाई मान्ने गर्दछन् । शैवधर्ममा पनि विभिन्न शाखाहरू छन् । यिनमा शैव, पाशुपत, कापालिक र कालामुख गरी मुख्य चारवटा सम्प्रदाय रहेका छन् । यी सम्प्रदायहरूले स्वंय शिवजीले लकुलिसको रूपमा कायावरोहणमा अवतरित भई शुरुवात गरेको मानिन्छ । तर यी सम्प्रदायमा निक्कै कठोर नीति नियम भएकाले ग्रहस्थामा सेर यिनीहरूलाई अवलम्वन गर्न निक्कै मुस्किल थियो । पछि शैव धर्ममा नयाँ सम्प्रदायहरू पनि देखापरे । यस धर्ममा पहिल्लो कालमा देखा परेका सम्प्रदायहरूमा लिङ्गायत काश्मिरी शैव सम्प्रदाय, त्रिकु दर्शन र योगिनी कौल या नाथ सम्प्रदाय रहेका छन्(क्षेत्री र खतिवडा, वि.सं.२०५४,पृं.६५) । नेपाललाई शैवभूमि मानिन्छ । यहाँ चौसट्ठी लिङ्गको अस्तित्व रहेको पाइन्छ । काठमाडौ उपत्यकामा पशुपतिनाथको अविस्थिति रहेको छ भने यस वाहेक पनि देशका विभिन्न भागमा थुप्रै प्रकारका र नाम भएका शिवालयहरू निर्माण भएका छन् । हलेसी र अर्जुनधारा लगायतका प्रसिद्ध शिवालयहरू नेपालमा रहेका छन् ।

हिन्दूहरूले देवीका रूपमा पूजाआजा गर्ने पार्वती शिवजीकी पत्नी हुन् । यिनलाई हिमालय र मैनाकी छोरी भनिएको पाइन्छ । हिन्दूहरूको पौराणिक कथाअनुसार यिनले शिवजीलाई पतिका रूपमा प्राप्त गर्नका लागि लामो समयसम्म कठोर तपस्या गरेकाले यिनले शिवजीलाई पतिका रूपमा र

अर्धनारिश्वरका रूपमा पनि प्राप्त गर्न सफल भइन् (शर्मा, १९९९,पृं.५३०)। यिनी हिमालय पर्वतकी छोरी र पर्वमा वस्ने हुनाले यिनलाई पार्वती भनिएको हो । हिन्दू धर्मग्रन्थमा पाइने कथा अनुसार पार्वतीको छोराको नाम कार्तिकेय थियो । उनले तारकासुरको वध गरेको कथा पाइन्छ । पार्वतीका वारेमा हिन्दू पुराणहरूमा अनेका प्रकारका कथाहरू पाइएका छन् । काली, गौरी, दुर्गा र कात्यायनी लगायतका विभिन्न देवीहरूलाई यिनका स्वरूपहरू हुन् । हिन्दूहरूमा यिनलाई सतीदेवीका रूपमा र अन्य स्वरूपमा पनि पूजाआजा गर्ने परम्परा पाइन्छ । विशेषगरी शिवजीका साथमा यिनको पनि पूजाआजा हुने गर्दछ । यिनीलाई शक्तिका रूपमा पनि पुजिन्छन् । हिमालय कैलास पर्वत पार्वतीको जन्मस्थल र शिवजीसँग क्रिडा गर्ने स्थलका रूपमा पनि प्रख्यात रहेको छ ।

**भीमसेन**

चण्डेश्वरीको पूर्व दक्षिणपट्टि भीमसेनको मूर्ति पनि रहेको छ । प्रायः जस्तो हरेका मन्दिरहरूमा भीमसेनको मूर्ति राख्ने परम्परा नै रहेको छ । नेपालमा हिन्दूहरूले भीमसेनलाई शक्तिशाली देवताको रूपमा लिएको हुँदा मुलुकका विभिन्न भागमा भीमसेनको पूजा र जात्रा गर्ने गरिएको पाइन्छ । यिनको पूजाआजा देशभर नै हुने भएपनि जात्रा हुने प्रमुख स्थान ललितपुर र भिमफेदीलाई लिइएको पाइन्छ । ती स्थानहरूमा भाद्रकृष्ण नवंमीका दिन भीमसेन जात्रा गर्ने परम्परा रहि आएको छ । भीमसेनको मूर्तिहरू रहेका स्थानहरूमा पशुबलि दिएर पनि पूजाआजा गर्ने चलन छ । विशेषगरी नेवारी वस्ती भएको क्षेत्रमा भीमसेनका मन्दिरहरू पाइन्छ । उपत्यकाको भिसेनका मन्दिरहरू प्रायःआयताकारको भूमियोजनामा वनेका देखिन्छ ।

भीमसेन महाभारतका पात्र पांच पाण्डव मध्येका माहिला हुन । छुट्टै देवताका रूपमा नेपाली समाजमा भीमसेनको पूजाआजा गर्ने चलन छ । यिनलाई वीर पुरुषका रूपमा तथा शक्तिका देवताका रूपमा पनि पूजाआजा गरिन्छ । पूर्वी नेपालमा छेद,देशान,मसान र मरुत लगायतका शक्तिले मनुष्य र पशंपछीहरूलाई दुःख नदिउन भनी भीमसेनको पूजाआजा गर्ने गरिएको पाइन्छ (सुवेदी, वि.सं.२०६५, पृ.१२९)। शत्रुको विनास होस, शत्रुले आफू र परिवारलाई सताउन नसकोस र आफ्ना सन्तान पराक्रमी वनुन् भन्ने मनसायले पनि भीमसेनको पूजा गर्ने चलन रहेको वताइन्छ ।

नेपाली समाजमा घरको कुनै एक भागमा भीमसेनको शिला राख्ने गरिएको पनि पाइन्छ । भीमसेनको पूजाआजा दशैको नवरात्रीदेखि विसर्जन गरेपछि गर्ने गरिन्छ । कतिपय अवस्थामा यिनको पूजा चैते दशैमा पनि गर्ने गरिएको छ । भीमसेनलाई उपासना गर्ने उपासकहरूमा शाकाहारीले विभिन्न प्रकारका फलफूल चढाउँने गर्दछन् भने मांशाहारीहरूले वोका चढाउने गरेको देखिन्छ । नेपालमा नेवारी सम्प्रदायका मानिसहरूले पनि भीमसेनको पूजाआजा निक्कै भव्यताका साथमा गर्ने गर्दछन् । अन्य समुदायमा भने भीमसेनको लागि वेग्लै प्रतिमा राख्ने र मन्दिर निर्माण गर्ने परम्परा छैन नेवार समुदायमा भने भीमसेनका लागि अलग्गै मन्दिर पनि निर्माण गर्ने परम्परा छ । काठमाडौ उपत्यका लगायत देशका

विभिन्न भागका थुप्रै स्थानहरूमा भीमसेनका मन्दिरहरू वनेका छन् । उपत्यकाको तिनैवटै शहरमा मध्यकालताका भीमसेनका मन्दिरहरू वने । यहाँका भीमसेनका मन्दिरहरू प्राय:आयताकारको भूमियोजनामा वनेको देखिन्छन् । यस क्रममा कान्तिपुरको वसन्तपुर दरवारको पश्चिमतिर विष्णुमती नदीको छेउमा नै भीमसेनको एउटा मन्दिर रहेका पाइन्छ(भट्टराई,वि.सं.२०६७,पृ.२०१)। यो मन्दिर मध्यकालितर वनेको मानिएको छ ।

धादिङ्गको भैदीमा भीमसेनको मन्दिर दलमर्दन शाहले स्थापना गरेका थिए । त्यस मन्दिरमा भीमसेनका साथमा गणेश र भगवतीका प्रतिमाहरू पनि राखिएका छन् । यता कास्कीको भीमसेनको स्थापना भने आजभन्दा करिव ३०० वर्ष पहिले जीतनारायण सुव्वाले गराएको उल्लेख गरिएको छ (भट्टराई,वि.सं.२०६७,पृं.२०२)। जनश्रृति अनुसार जीतनारायणले सपनामा देखेर जमीन खनेर हेर्दा भीमसेनको प्रतिमा पाएको र त्यसलाई मन्दिर निर्माण गरी स्थापना गराएको उल्लेख पाइन्छ । यसरी देशका विभिन्न भागमा भीमसेनका मन्दिरहरू रहेको छन् । खासगरी नेपालमा पाइएका भीमसेनका मूर्तिहरूमा मध्यकालदेखिका पाइएका छन् । अघि शक्तिका प्रतिक भीमसेनको पूरा राजा महाराजाले गर्दथे

**अप्सरा**

चण्डेश्वरी मन्दिरको पूर्व दक्षिणपट्टि अप्सराहरूको पनि मूर्ति राखिएको छ । अनुसूया अत्रि ऋषिकी पत्नी थिइन् । यिनीलाई दक्षप्रजापतिका चौबीस छोरी मध्येकी एक हुन् (शर्मा, १९९९,पृ.३९)। हिन्दू धर्म ग्रन्थहरूमा वर्णन गरिए अनुसार अप्सराहरू अलौकिक सौन्दर्यका कारणले स्वर्गका नृत्याङ्गना वनेको हुन् । वैदिक  कालमा गन्धर्वलाई अभैदेवयोनी मान्ने चलन रहेको थियो । तिनको काम स्वर्गमा रहेका देवताहरूका लागि गीत गाउँने तथा तिनका श्रीमतीले भने नाच्ने गर्दथे भन्ने उल्लेख गरिएको पाइन्छ (शर्मा,१९९९,पृ.४४) । तिलोत्तमा, उर्वसी, रम्भा, धृताची र मेनका आदि हिन्दू धर्मग्रन्थहरूमा नामोल्लेख गरिएका प्रमुख र अति सुन्दर अप्सराहरू हुन् । तिनीहरूको सुन्दरताका कारणले तिनीहरूबाट स्वर्गमा नाचगान गरी देवताहरूलाई मनोरञ्जन गराउन आवश्यक मानिन्थ्यो । विभिन्न ग्रन्थहरूमा उल्लेख भए अनुसार कैयौ ऋषिमुनिको तपस्या भङ्ग गर्न तथा दावनको शक्ति क्षीण गर्न पनि अप्सराहरूलाई नै इन्द्र लगायत अन्य देवताहरूले पनि आफ्नो साथमा लिने गरेको कथाहरू पुराणहरूमा रहेकको पाइन्छ ।

**हनुमान् (वजरंगवली)**

चण्डेश्वरी मन्दिरको दक्षिणपट्टि हनुमान्को मूर्ति रहेको छ । हनुमान्लाई स्थानीय मानिसहरू वजरंगवलीको नामले पनि जान्दछन् । संस्कृत साहित्यमा हनुमान्लाई विभिन्न रूपमा प्रस्तुत गरिएको पाइन्छ । पुराणहरूमा यिनलाई अञ्जनीको गर्भबाट उत्पन्न केशरीका छोरार वायु मरुतका छोरा पनि भनिएको देखिन्छ । यिनको शरीर वज्रले वनेको छ भन्ने मान्यतामा यिनलाई वजरङ्गवली पनि भन्ने गरिएको छ । हनुमान् ब्रह्मचारी भए पनि यिनको पसिना समुद्रमा झरेकाले त्यसलाई एक गोहीले

खाएको तथा त्यसबाट मकरध्वजको जन्म भएको कथा पाइन्छ । मिथकअनुसार हनुमान्को मकरध्वजसँग भेट भने अहिरावण महिरावणसँगको युद्धमा भएको हो (शर्मा, १९९९, पृं.१००१) । सवैभन्दा पहिले हनुमान्को चर्चा वाल्मीकि रामायण नामक ग्रन्थले गरेको छ । यसमा हनुमान् एक वीर वानर थिए भन्ने उल्लेख पाइन्छ । महाभारतमा पनि हनुमान्को विस्तृत चर्चा गरिएको पाइन्छ । रामायणको एउटा कथा अनुसार सर्वप्रथम रामले हनुमान्लाई ऋष्यमूक पर्वतमा भेटेका थिए । त्यसरी भेट भएपछि भने हनुमान् रामका भक्त, भित्र तथा सिद्धका रूपमा देखा परे भनिएको छ (पाण्डेय,१९८८,पृ.६९७) । सीतालाई लङ्कामा भेट्न सफल तथा राक्ष र रामको लडाईमा रामका तर्फबाट महत्वपूर्ण योगदान दिने मानिएका हनुमान्लाई पछि गएर देवताका रूपमा समेत पूजाआजा गर्ने चलन चलेको हो । उनलाई शक्तिदाता र स्वरूपमा पनि पूजाआजा गर्ने परम्परा रहि आएको छ । वायुपुत्र मानिने हुनमान्लाई शिवजीको प्रतिरूप पनि मान्ने गरिएको छ ।

आरम्भमा हनुमान् रामायणका पात्र अर्थात् रामका दुतका रूपमा देखापरे तापनि पछि गएर यिनलाई दैवीकरण गरियो । देवतानै मान्न लागियो । त्यसपछि भने हनुमान्को बेग्लै सम्प्रदाय पनि बन्न पुगेको देखिन्छ (पौडेल,वि.सं.२०६२,पृं.५१) । नेपाली समाजमा यिनलाई प्रदान गर्ने देवताको रूपमा पनि लिइन्छ । हनुमान्को पूजाअजाबाट भूतप्रेत भाग्ने तथा तिनीहरूले मानिसलाई दुःख नदिने जनविश्वास पनि रहेका छ । नेपाली समाजमा हनुमान्लाई खुशी तुल्याउनका लागि हनुमान् चालीसाको पाठ गर्ने चलन पनि छ । हनुमान्लाई स्वामीभक्त पनि मानिन्छ । यिनी कुनै पनि प्रकारको लोभ र लालचामा नलागी रामको सेवामा लाग्दथे । पुराणहरूमा यिनलाई बालब्रह्मचारी, विभिन्न शास्त्रका ज्ञाता र कर्तव्यबाट विमुख नहुने मानिएको छ । हनुमान्लाई अति धेरैबलवान मान्ने चलन पनि छ । यिनलाई अष्टचिरञ्जीवी मध्येका एक मानिने हुँदा अष्टपंजीविको पूजामा हनुमान्को पनि पूजाआजा हुने गरेका छ । हनुमान्को जन्मसम्वन्धी एक पौराणिक मिथक अनुसार अञ्जनाको गर्भबाट हनुमान्को जन्म हुदैछ भन्ने कुरा बालीलाई थाहा भएकाले आफ्नो एकाधिकार कायम राख्न बालीले हनुमान्लाई गर्भमा नै तुहाउने विचार गरेर तिनले अञ्जनालाई पञ्चधातु घोटेर खान दिएछन् । यसबाट हनुमान् गर्भबाटै तुहिनुको बदलामा झनै बलीयो भएर जन्मिएछन् । तिनकी आमाले खाएको पञ्चधातुका कारणले हनुमान्को कानमा जन्मदै कुण्डल लगाएको रहेछ भन्ने उल्लेख गरिएको पाइन्छ (पौडेल,वि.सं.२०६२,पृं.५२)। हनुमान्सँग सम्बन्धित थुप्रै प्रकारका रोचक किम्बदन्ती र कथाहरू हिन्दू पुराणहरूमा पाइन्छ ।

मूर्तिहरूमा हनुमान्को मुख वानरको जस्तो तर शरीर भने मानवको स्वरूपकोबनाएर लामो पुच्छर लगाएको अवस्थामा देखाउने चलन रहेको छ । नेपालमा हनुमान् पूजकको सङ्ख्या निक्कै ज्यादा रहेको छ । यिनी अति नै बलशाली हुन्छन् भन्ने मान्यतामा हनुमान्लाई मूर्तिहरूमा ठूलो शरीर भएका तथा हातमा गदा लिएको अवस्थामा प्रस्तुत गर्ने चलन छ । नेपालको तराई क्षेत्रमा हनुमान्को व्यापक पूजाआजा हुने गरेको छ । हनुमान्को राम मन्दिरहरूमा यिनका प्रतिमा राखिएका हुन्छन् यिनको अलगै मन्दिर पनि बनाउने चलन छ । हनुमान्का एकदेखि पाँचवटासम्म मुख भएका प्रतिमा पाइएका छन् ।

हनुमान्को गुरु भने सूर्य भगवान् हुन् । तिनले सूर्यको सर्त बमोजिम सूर्यको रथ गुडिरहेको समयमा सँगसँगै उडेर तिनीबाट चार वेद र अन्य शास्त्रको ज्ञान प्राप्त गरे भनिएको पाइन्छ (पौड्याल, वि.सं.२०५७,पृं.११३)। प्रतिमाहरूमा हनुमान्लाई राम मन्दिर बाहिर घुँडा टेकेर नमस्कार गरेर बसेको अवस्थामा, रामको परिवारका साथमा बसेको अवस्थामा र उभिएको अवस्थामा अलगै गरी तीन स्वरूपमा उत्कीर्ण गर्ने रहेको पाइन्छ । अग्नि पुराणले भने हनुमान्को प्रतिमा निर्माणमा तिनले एक हातमा बज्रलिएको तथा एउटा खुट्टा दोवारेको देखाउनु पर्ने विधानमा उल्लेख गरिएको छ (पौड्याल, वि.सं.२०५७, पृ.११३)। यस वाहेक अन्य विभिन्न प्रतिमाशास्त्रीमा यिनको प्रतिमा निर्माण सम्वन्धी अनेक प्रकारका विधानहरू पाइएका छन् । कतिपय स्थानमा हनुमान्को शास्त्रीय नियम अनुरूप नै मूर्ति प्रतिमा निर्माण गरिएको पाइन्छ । कतिपय स्थानमा भने शास्त्रीय विधिको पालना गरेको देखिदैन् ।

हाल आएर पञ्चमुखी हनुमान्का प्रतिमाहरू निर्माण गर्ने प्रचलन पनि शुरु भएको देखिन्छ । प्रतिमा निर्माण गर्दा पूर्व मुख भएकोलाई हनुमान् मानिन्छ । हनुमान्ले पाप कटाउने मान्यता रहेको पाइन्छ । त्यसैगरि दक्षिणतर्फ रहेको हनुमान्को मुखलाई नरसिंह मानिन्छ, जसले साधनको डर हटाउने विश्वास गरिएको छ । पश्चिमपट्टि रहेको मुखलाई गरुड मानिएको छ, जसले भूतप्रेत, बोक्सी र अन्य खराव तत्वाट रक्षा गर्दछ भन्ने जनविश्वास रहेको पाइन्छ । उत्तरीतर्फको मुखलाई वराह मानिएको छ, जसले मानिसको ग्रह दशा हटाउँछ भन्ने जनश्रुति पाइन्छ । हनुमान्को माथिको मुखलाई ह्यग्रवी भनिएको छ, यसले मानिसलाई ज्ञान दिन्छ र विजय गराउँदछ भन्ने उल्लेख रहेको पाइन्छ । हनुमान्लाई कोमल हृदयका मानिएको छ । यिनलाई राम्रो गीत गाउने तथा तिनले गीत गाउँदा प्रस्तर समेत पग्लने विवरण विभिन्न पौराणिक ग्रन्थहरूमा उल्लेख गरिएको छ । एक पौराणिक आख्यानका अनुसार हनुमान्ले नाटक लेखेको मानिएको छ । बाल्मीकिले त्यसैलाई पढेर बाल्मीकि रामायण लेखेका हुन भन्ने पनि रहेको पाइन्छ (पौड्याल,वि.सं.२०५७,पृं.११३) पछि वाल्मीकिले हनुमान् नाटक पढेपछि आफ्नो रामायणको महत्व कम होला भनेर रुन लागेका कारणले हनुमान्ले यो कुरा थाहा पाएर आफुले लेखेको नाट्कलाई समुन्द्मा फ्याकेको पनि उल्लेख पाइन्छ ।

काठमाडौं उपत्यकामा प्राचीन कालदेखि नै हनुमान्का प्रतिमाहरू बन्न लागेको संस्कृतिविद्हरूले अनुमान गरेको भएतापनि हालसम्म मध्यकालदेखिका मात्रै हनुमान्को प्रतिमा पाइएका छन् । उपत्यकाको मध्यकालिनक तीनवटै दरबारको प्राङ्गणमा हनुमान्का प्रतिमा छन् । प्रताप मल्लले दरबारमा हुनमानको प्रतिमा राख्न लगाई त्यसैको नामबाट हनुमान्ढोका नामाकरण गरियो भनिएको छ ।

**काली**

चण्डेश्वरी मन्दिरको पूर्व दक्षिणतर्फ कालीको विशाल मूर्ति रीखएको छ । यसलाई केही वर्ष अगाडि हाडीगाउँबाट टोखा चण्डेश्वरीमा सारिएको हो । हाडीगाउँका मानिसहरूलाई धेरै दुःख दिएको कारण र कालीले पनि टोखा चण्डेश्वरीको मन्दिर परिसरमा वस्न खोजेको कारणले यहाँ राखिएको

स्थानीयहरूको भनाई रहेका छ । काली हिन्दू धर्मकी एक मुख्य देवी हुन् । नेपालको संस्कृतिमा कालीको विशेष स्थान रहँदै आएको छ । शिवको वासस्थान मानिने हिमालय पर्वत शक्तिपीठहरूले भरिएको मानिन्छ । शिवका अनेक रूप भएभ्कै शक्तिका पनि अनेक रूप छन् । शक्तिका हरेक रूपलाई सम्वोधन गर्दा शक्तिभन्दा पनि देवी नाम बढी प्रयोग गरेको देखिन्छ । हिन्दूका देवीदेवता हुने भएर पनि केवल देवी शब्द मात्र प्रयोग गर्दा शक्तिकी रूप भनेर बुभ्कनु पर्ने हुन्छ । शक्तिका अनेकौ रूपहरूमध्ये एउटा पार्वती रूप मानिन्छ, जुन रपमा शक्ति दयालु, कृपालु, करुणामयी, सुख-दात्री भएको मानिएको हुन्छ । शक्तिको अर्को रूप दुर्गा भएको मानिन्छ । जसमा उनी सुन्दरी रूप तथायुद्ध र पराक्रमकी देवी भएको मानिन्छ । शक्तिको तेश्रो रूप हो काली, जसमा उनी भयानक डरलाग्दो रूपकी संहारका र विध्वंसक देवी भएको मानिन्छ (ढकाल,वि.सं.२०७६,पृ.३३७)।

कालीको नाम काल शब्दबाट उत्पत्ति भएको हो । कालको अर्थ समय र मृत्यु हुन्छ, जसले सबै भूतहरूलाई समयको प्रतीक सर्पले प्राणीलाई निले भ्कै निल्छ । नामले नै उनलाई कालको मुखबाट बचाउने र सङ्कट मोचन गर्ने देवीका रूपमा चिनिन्छ । प्राचीन कथाहरूमा उनले कुनै देवीदेवताले परास्त गर्न नसकेको राक्षसलाई मारेको भनेर लेखिएको हुन्छ । उनले सांसारिक प्राणीलाई दानवीय अत्याचार र कूरताबाट बचााउछिन् भनेर मानिएको हुन्छ । कालीको काल वा उग्र रूपलाई आमाले आफना वच्चाहरूलाई खतराबाट जोगाउन र उनीहरूलाई अभय दिलाउन लिने रूप मानिएको छ । कालीका भक्तहरूले कालीलाई सम्बोधन गर्दा “आमा”माँ काली, काली माँ भनेर आमाको रूपमा सम्बोधन गर्दछन् । उनले आफना भक्तहरूलाई आफना बच्चालाई जसरी रक्षा गर्छिन भनेर मान्दछन् । आमालाई देवी मान्ने हिन्दू परम्परामा कालीलाई आमाकै एक अवताकार रूपमा लिइन्छ । कालीलाई प्रकृति, शक्ति र काल देवीको रूपमा लिएको हुन्छ । उनी शक्तिकै रूपमा भएकीले उनी उत्पन्न भएको ठाउँमा दैवी शक्तिले वास गरेको हुन्छ भनेर मानिन्छ र ती ठाउँलाई शक्तिपिठ भनिएको पाइन्छ (ढकाल, वि.सं. २०७६, पृं.३३८) ।

हिन्दूहरूका विभिन्न देवीहरूमध्ये कालीनिकै महत्वपूर्ण मानिन्छ । यिनलाई देवी दुर्गा र महिषासुर मर्दिनीका नामले पनि जान्ने गरिन्छ । यिनी कालो रङ्को हुने हुनाले यिनलाई काली भनिएको हो । यिनलाई चण्डीका नामले पनि पूजाआजा गरिन्छ । यिनका नाममा कालीका पुराण समेत वनेको छ । त्यसलाई कालिकातन्त्र भनिन्छ । यिनलाई अनेक प्रकारका पशुहरूको बलिदिने चलन छ । कालीको स्वरूप र पूजा पद्धतिको वारेमा तन्त्रमा विस्तृत रूपमा चर्चा गरिएको पाइन्छ । पुराणहरूमा चर्चा गरिएअनुसार यिनका चारवटा हातहरू हुन्छन् । यिनले वाघको छाला लगाएको हुन्छ शवलाईयिनको वाहन मानिन्छ (शर्मा, १९९९,पृं.२०६)। कालीको वारेमा चर्चा गर्ने पहिलो ग्रन्थ महाभारत हो । यस ग्रन्थमा अर्जुनले काली र महाकालीको स्तुति गरेको देखिन्छ । त्यसमा कालीलाई पशुबलिमा रुचि राख्ने भनिएको छ । शक्ति र युद्धमा विजय पाउनका लागि तत्काल कालीको पूजा आजा गरिन्थ्यो । मार्कण्डेय पुराणमा चर्चा गरिएअनुसार शुम्भ र निशुम्भको लडाईमा पार्वतीबाट अम्विका उत्पन्न भइन । उनको

शरीर कालो भएकोले काली भनिएको हो । सामान्यतः काली, महाकाली, भद्काली, गुह्यहाँली, रक्षाकाली, दक्षिणकाली, श्यमशानकाली र चामुण्डा कालीका मुख्य रूप र नाम हुन् ।

कालीलाई चार र आठ भुजावाला देवीका रूपमा प्रस्तुत गरिएको छ । पुराणहरूमा ठूला आँखा,कालो वर्ण रपातलो कम्मर भएकी,हातमा शङ्ख, मूशल, चक्र, गदा, अङ्कुश, कुम्भ, पाश र वज्र लिएको स्वरूपवाला कालीको चर्चा गरिएको पाइन्छ । नेपालमा कालीको पूजा परापूर्व कालदेखि हुने गरेको पाइन्छ । काठमाडौ उपत्यकामा भने विगतमा यिनलाई अलग रूपमा भन्दा पनि सप्तमातृका र अष्टमातृकाका रूपमा पुजिने गरिन्थ्यो । कालीलाई चामुण्डाको रूपमा पूजाआजा गर्नु नेपाली परम्परा नै थियो भन्न सकिन्छ । मध्यकालदेखि नै कालीको उपासनाले ज्यादा महत्व पाउन थालेको हो । तत्काल सप्तमातृका र अष्टमातृकाका साथमा भद्रकाली, रक्तकाली र श्वेतकाली जस्ता आठवटा स्वरूपमा पूजाआजा गर्न लागियो । मध्यकालमा वनेका कालीका मूर्ति उपत्यकामा विभिन्न भागमा प्रशस्तै पाउन सकिन्छ । मध्यकालमा कालीलाई श्मशासँग सम्वन्धित देवी मानेर तिनका मूर्ति र मन्दिरहरू खोला या नदीको छेउमा निर्माण गर्ने प्रचलन थियो । यसका साथमा तिनलाई पशुबलि व्यापक रूपमा दिने चलन पनि मध्यकालभर भन्ने उल्लेख पाइन्छ । शक्तिमा विश्वास गर्ने अधिकांश मानिसले कालीको उपासना गर्ने गर्दछन् ।

राजाले शासकीय शक्ति प्राप्त गर्न कालीको पूजा गर्दथे । लडाईमा हिँडेका सिपाहीले शक्ति पाउन र विजयको आशिर्वाद पाउन कालीको पूजा गर्छन् । लडाईबाट वाँचेर फर्केपछि यस्तो कुरा चढाएर पूजा गर्ने छु भनेर भाकल गर्ने परम्परा छ । उनीहरूले कालीलाई युद्ध, योद्धा, र पराक्रमकी देवी मानेर आराधना गरेका हुन्छन् । रोग-व्याधि वा आपद्-विपद्ले घेरिएका मानिसले आफ्नो आपत्ति-विपत्तिको निवारण होस भनेर पनि कालीको पूजा गर्ने गर्छन् । कुनै कार्यमा असफता वा विग्न-वाधाहरूको सामना गरिरहेका मानिसले ती विग्न-वाधाहरूको निवारण होस् भनेर पनि कालीको पूजा गर्ने गरेको पाइन्छ ( ढकाल, वि.सं.२०७६, पृ. ३५६)। त्यसैले रोग,व्याधि, आपद्, विपद् परेका मानिस वा मृत्युको मुखमा परेका मानिसले आफ्नो दुःख निवारण गरिदिन भनेरदेवीको प्राथन गर्छन् ।आफ्नो आपद् विपद् टरेपछि कुनै समयमा खास मन्दिरमा गएर पूजा गर्ने छु भनेरभाकल गर्छन । कसैबाट पीडित मानिसहरूलेपीडकलाई नराम्रो गरिदेऊ भनेर समेत कालीको पूजा गर्छन् । सामान्य गृहस्थले काली खुशी भएर आफ्नोरक्षा गरुन् भनेर पूज्छन् । कसैले आफ्ना अन्जानमा गरेका गल्तीहरूलाई माफ गरिदिउन भनेर पुज्छन्। कसैले आफ्नोअहङ्कार र कामनाहरूको निष्काम अवस्थाको प्राप्ति होस् भनेर पुथ्छन् । त्यही कारणले कालीको मन्दिरमा धेरै जनावरहरूको वलि दिइने गरिएको हो ।

## सरस्वती

चण्डेश्वरी मन्दिरभित्रको पश्चिम उत्तरमा सरस्वतीको मूर्ति रहेको छ ।संस्कृत साहित्यमा ब्रह्माकी मानसपुत्री तथा विद्याकी देवी सरस्वतीलाई वाग्देवी, भारती, शारदा, वागेश्वर, वाणी र सतरूपा

पनि भनिएको पाइन्छ । तिनीहरूमा नै सरस्तीलाई मानिसको जिव्रामा वाकदेवीका रूपमा रहने उल्लेख गरिएको छ । यिनलाई यदाकदा ब्रह्माकी पत्नी पनि भनिएको देखिन्छ (शर्मा, १९९९ पृं. ९४६) । नेपालीहरू श्री पञ्चमीका दिन सरस्वतीको पूजाआजा गर्ने गर्दछन् । यिनलाई हातमा विणा र पुस्तक लिएको तथा हाँसमाथि चढेको अवस्थामा मूर्तिमा प्रस्तुत गर्ने परम्परा पनि रहेको छ । विद्याकी देवी भएकाले विशेषगरी शिक्षाको क्षेत्रमा यिनको ज्यादा सम्मान हुने गरेको छ ।

नेपालका प्राय:धेरै जस्तो शैक्षिक संस्थाहरूमा सरस्वतीका मन्दिर वनेका पाइन्छन् । हिन्दू ग्रन्थहरूमा सरस्वतीनामक एउटा नदिको अस्तित्व पनि रहेको पाइन्छ । पुराणहरूमा गङ्गा र यमुनाको सङ्गममा अदृश्य सरस्वती नदी पनि मिसिएको छ भन्ने पनि देखिन्छ । शुरुमा वाक देवताको रूपमा लिन लागियो पछि गएर सरस्वतीलाई विद्याकी देवीका रूपमा पूजाआजा गर्ने परम्पराको विकास भएको हो ( पाण्डेय, १९८८, पृं.६६३) । ऋग्वेदमा यिनी पवित्र, शुभि र समृद्धि देवी थिइन । यिनको सम्वन्ध उषा, इन्द्र र मरुतसँग रहेको पनि उल्लेख पाइन्छ । केही पौराणिक ग्रन्थहरूमा सरस्वतीको पूजा गर्ने अवसर आश्विन शुक्ल तृतीयदेखि सप्तमीसम्म चार दिन दिइएको छ । पुराणहरूमा सरस्वतीको स्थापना भने आश्विन शुक्ल नवमीका दिन गर्नुपर्ने धार्मिक विधान पाइन्छ (पाण्डेय, १९८८, पृ. ६६३)। तर आजकल श्रीपञ्चमीकै दिन यिनको स्थापनागर्ने चलन पनि चलेको पाइन्छ ।

खासगरी देवी सरस्वतीलाई समस्त विद्याकी अधिष्ठात्री हुन भनिएको छ । हाम्रो संस्कृतिमा श्रीपँञ्चमी वा वसन्त पँञ्चमीको ठूलो महत्व रही आएको छ । यो यस्तो दिन हो, जसले अन्धारबाट प्रकाश र उज्यालोप्रदान गर्छ । यसैदिन वालकहरूलाई अक्षर पढाउन सुरु गरिने परम्परा पनि नेपाली समाजमा रहेको छ । श्रीपञ्चमीका दिन नेपालभरि नै स्थानीय सरस्वती मन्दिरहरूमा “विणा पुस्तकधारिणी” देवी सरस्वतीको पूजा आराधना हुन्छ । यस दिन लेलेको सरस्वती, स्वयम्भूको मञ्जुश्री,लाजिम्पाटको नील सरस्वतीको मन्दिरमा ठूलो मेला लाग्दछ । नेपाली रङ्गपञ्चीय विधानमा कुनै पनि नाटक,नृत्य,गीतवा वादन प्रस्तुत गरिदा सरस्वतीको वन्दना गरिनु पर्ने शास्त्रीय नियम पनि रहेको छ ( दर्नाल,वि.सं.२०४४,पृं.१००)। श्री पञ्चमीकै दिनदेखि गुरुङ्ग जातीहरूको प्रसिद्ध धार्मिक नृत्य “घाटु”प्रारम्भ गरिन्छ । नेपाली लोक संसकृतिमा पनि विद्याकी आराध्यदेवी सरस्वतीको ठूलो महत्व रहेको छ । प्रारम्भमा सरस्वतीको पूजा र आव्हान नगरी हाम्रो लोक नाटक वा अन्य लोक नाँच सफल हुदैन भन्ने मान्यता रहेको छ । सोरठी नांच,मारुनी नांच वा अन्य कुनै लोक नाँच शुरु गर्दा सर्वप्रथम सरस्वतीकै वन्दना गरिन्छ । यसरी सरस्वती नेपाली संस्कृतिको पनि आध्यदेवी हुन् । नेपाली समाजमा उनको विशिष्ट स्थान रहेको छ ।

देवी सरस्वतीलाई हिन्दू, बौद्ध,जैन धर्म र तन्त्रले समेत आफ्नो आराध्यदेवी मान्दै आएका छन् । वैदिक कालदेखि आजसम्म उनको उपासनामा कुनै कमी आएको देखिदैन् ।सरस्वतीका अनेक नाम र रूप रहेका छन् । स्तोत्रमा उनलाई भारती, सरस्वती, शारदा, हंसवाहिनी, जगन्माता, वागीश्वरी, कौमारी, वरदायिनी, बुद्धिदी, ब्रह्मचारिणी, चन्द्रघण्टा र भुवनेश्वरी भनिएको छ । दुर्गा सप्तशतीमा उनलाई

महाविद्या,महाधेनु,वेदगर्भा र सुरेश्वरी भनिएको पाइन्छ (दर्नाल, वि.सं. २०४४, पृ. १.३) । देवताका गुरु बृहस्पतिले पनि सरस्वतीको स्तुति गरेको उल्लेख पाइन्छ । स्तुतिमा वर्णन गरे अनुसार उनले ध्यान यसरी गरेका छन् । सरस्वतीको चार वाहु छन् । ती चारै दिशाका प्रतिक हुन् । सर्वव्यापकताको लक्षण पनि हो । उनले एक हातमा रहेको पुस्तक ज्ञान प्राप्तिको मुख्य साधन र सर्वज्ञानमय वेदको लक्षण हो । अर्को हातमा रहेको माला एकाग्रताको चिन्ह हो । अध्यात्मक पक्षमा यो विष्णिको वैजन्ती, काली र महाकालको मुण्डमाला तथा बुद्धको पद्ममाला जस्तै विश्वजनी मातृका वाशक्तिको माला हो । सरस्वतीका दुई हातले विणा धारण गरेका छन् । वीणा जीवन सङ्गीतको प्रतीक हो । उनी कमलमा विराजमान छन् । कलम सृष्टिको प्रतीक हो । उनको वाहन राजहाँस हो । सरस्वतीका भक्तहरूले निष्कलङ्क चरित्र र गुणदोष बुझेर ग्रहण गर्ने प्रतीक हो । केही सरस्वतीका प्रस्तरका मूर्तिहरूमा विणा हुदैनन् । दुई वाहुयुक्त ती सरस्वतीका मूर्तिहरूमा केवल पुस्तक रअक्षयमाला रहन्छ । वाग्देवी सरस्वतीका मूर्तिहरूमा पनि वीणा धारण गरिएको हुदैन । हिन्दू र बौद्ध मूर्तिकलामा मात्र वीणा धारण गरिएको मूर्ति निर्माण गर्ने भनिएको छ (दर्नाल, वि.सं.२०४४, पृ.१००) । प्राचीन सरस्वतीले कच्छपि वीणाधारण गदर्थिन । लिच्छविकालतिरका सरस्वतीले महती वीणा धारणगरेका हुन्छन् । मल्लकालमा आएरवनेका सरस्वतीको मूर्तिहरूमा भने तन्त्रले प्रवेश गरि सकेको हुनाले वीणाको वनौटमा फरक आएको देखिन्छ । जैन मूर्तिकला विधानमा वाग्देवीको ध्यान र लक्षणका आधार लिइने हुनाले तिनमा वीणा धारण गरिएको हुदैन् । मनुस्यको सवैभन्दा ठूलो सम्पत्ति विद्या हो । यसैले विद्यालाई ऋषि मुनिहरूले “विद्याधन सर्वधन प्रधानम” भनेका छन् ।

### महादेव पार्वती

चण्डेश्वरी मन्दिरको पूर्व दक्षिणतर्फ महादेव र पार्वतीको मूर्ति छ । यो मूर्ति धेरै पहिले नै यहाँ राखिएको स्थानीय गुरु विश्वनाथ गुरागाई बताउँदछन् । देवताका पनि देवता तथा ठूला देवता महादेव हुन् । महादेव हिन्दूहरूका त्रिदेवमध्येका एक देवता मानिन्छन् । उनकी शक्ति उमा हुन् । नन्दी वाहन हो । उग्र, सौम्य र नृत्य स्पवाला महादेवलाई वैदिक कालमा नै हर,शिव, रुद्ध आदि नाम दिइएको देखिन्छ । कालान्तरमा यिनलाई भूतेश, खंबपरशु, सर्वज्ञ, उपामति, धूर्जटी, स्थाणु, त्रयम्बक, व्योमकेश, महाकाल, गंगाधर, मृत्युनजन्य रचिलोचन लगायतका नामहरू दिइए (शर्मा, १९९९, पृ.६८६) ।

महादेव भृगचर्म र सर्पमाला लगाएर जटा पाल्ने तथा हातमा त्रिशूल लिने देवताका रूपमा धर्मशास्त्रहरूमा परिचित छन् । उनको लिङ्गपूजा समेत गर्ने चलन हिन्दूहरूमा छ । कुनै पनि शिवभक्त मोक्षका अवस्थामा शिवजी नै वन्न सक्ने विश्वास शैवहरूमा पाइन्छ । महादेव लिङ्गस्थानी मानिन्छन् । कतिपय मानिसहरू शिवजीलाई अनार्यका देवता मान्ने गर्दछन् । कालान्तरमा गएर आर्यले पनि यिनलाई आफ्ना देवताका रूपमा लिन थालेका हुन् । हिन्दू पुराणहरूले महादेवलाई हातमा त्रिशूल लिएर हिँड्ने, हिमालयमा वस्ने तथा सर्प माला लगाउने देवताका रूपमा प्रस्तुत गरेका छन् । उनलाई पशुपति र शिव लगायतका कैयन् नामहरू दिइएका छन् । उनी रिसाउँदा नृत्य गर्दछन् । अन्य अवस्थामा भने ध्यान मुद्रामा उमाका साथमा बस्तछन् । गणेश, कुमार नन्दी, भृगि, उमा, उदरमुख र वानरमुख आदि उनका

गणका सदस्यहरू हुन् । यिनको उग्र रूप भने भैरब र महाकाल मानिन्छ । नेपालमा प्राचीन कालदेखि नै महादेवको पूजाआजा गर्ने चलन थियो । नेपालको काठमाडौं उपत्यकामा पशुपतिनाथको अवस्थिति रहेकाले पनि यस कुराको पृष्टि हुने गर्दछ ।

### बुद्ध भगवान्

चण्डेश्वरी मन्दिरभित्र पूर्व दक्षिणतर्फ भगवान गौतम बुद्धको प्रतिमा छ । खुल्ला अवस्थामा रहेको यो मूर्तिलाई निकट भविष्यमा नै इटाको स्तम्भ वनाएर राखिने कुरा स्थानीय व्यक्ति रामलाल श्रेष्ठ बताउँदछन् । बुद्धको अर्थ बुद्धि या ज्ञान भएको भन्ने हुन्छ । बौद्ध धाराणा अनुरूप चार आर्यसत्य बुझेको र अष्टाङ्गिमार्ग अबलम्वन गर्ने व्यक्तिले जन्ममरणको फन्दामा पर्नु पर्दैन । उसलाई निर्वाण सम्वन्धी ज्ञान हुने भएकोले त्यस्तो व्यक्तिलाई बुद्ध भनिन्छ । बौद्ध धर्ममा हजारौ भगवान् बुद्ध र सातजना मानव बुद्ध भए भनिएको छ । कनकमुनि, कुकुच्छन्द, कश्यप, शिखि, शिवपर्श्व, विश्वभु र शाक्यमुनि बुद्ध बौद्ध धर्मका सातजना मानब बुद्धहरू हुन् । यी बुद्धहरूमध्ये शाक्यमुनि बुद्ध अन्तिम मानवबुद्ध मानिन्छन् । यस वाहेक बौद्ध धर्मका अगलअलग सम्प्रदायहरूमा यस धर्मका विभिन्न सिद्धिप्राप्त व्यक्तिहरूलाई पनि बुद्धका रूपमा नै पूजाआजा गर्ने परम्परा रहि आएको छ । यस्ता व्यक्तिहरूमा पद्म सम्भव लगायतका सिद्धिप्राप्त व्यक्तिलाई पनि बुद्धनै मानेर पूजाअजा गर्ने परम्परा रहि आएको छ ।

बौद्धधर्मका प्रवर्तक र प्रचारु शाक्यमुनि बुद्ध थिए । उनले यसलाई धर्म नभएर सामान्य रूपमा समाज सुधारको माध्यममात्र वनाउदै प्रचार प्रसार गरेका हुन् । तर कालान्तरमा उनको मत बौद्ध धर्मका रूपमा प्रचारित भयो । यसैगरी उनीभन्दा अगाडि पनि विभिन्न बुद्धहरू अस्तित्वमा रहेको विवरण पाइने हुनाले शाक्यमुनि बृद्धभन्दा पनि अगाडि बौद्धधर्म अस्तित्वमा रहेको हुन सक्ने तर्क विद्वान्हरूले गरेका छन् । हालको बौद्ध धर्मको स्वरूप भने थाहा पाउन सकिएको छैन् ।

### दक्षप्रजापतिको बोकाको टाउको भएको मूर्ति

टोखा चण्डेश्वरी मन्दिरको पूर्वदक्षिणपट्टि ईटाका स्तम्भ निर्माण गरी त्यसमाथि दक्षप्रजापतिको वोकाको टाउको भएको मूर्ति र टाउको नभएको ढुङ्गाको एउटा बोका समेत स्तम्भमा राखिएको छ । श्रीस्वस्थानी व्रतकथाको सप्तमोध्यायमा दक्षप्रजापतिको टाउको पशुको राख्नाको कारण यसरी उल्लेख गरिएको छ । दक्षप्रजापति र विरणीको तेत्तीस कोटि कन्याहरूको विवाह तेत्तीसकोटी देवताहरूसँग भएको थियो । जेठीछोरीको विवाह भने महादेवसँग भयो । एक दिन दक्षप्रजापतिले अश्वमेघयज्ञ लगाउन सुरु गरे । त्यस यज्ञमा पाहुनाका रूपमा तेत्तीसकोटि देवताहरूलाई आउनका लागि निमन्त्रण गरियो तर आफनी जेठी छोरी सतीदेवी र उनको स्वामी महादेवलाई निमान्त्रणा गरिएन । यसबाट वहुत दुःखी भएकी सतीदेवीले आफूलाई नवोलाउनाका कारण पितामातासँग सोधिने उनको पिताले नबोलाउनाको कारण दिँदा आफ्नो स्वामीको अपमान भएको महसुश गरि सतीदेवीले त्यही यज्ञ फाल हाली प्राण छोड्िन । त्यही वेला अकस्मात कुइरीमण्डल धुलो उडी आकाश ढपक्कै ढाक्यो । जतातत‍ै घनघोर अन्धकार छायो ।

हावा पनि पूर्वको पश्चिमतिर, अनि पश्चिमको पूर्वतिर हानिन लाग्यो । विना बादल मेघ चड्के जस्तो चड्कन थाल्यो । सबै देवताका आँखामा धुलो परी आँखा मिच्दै भूमिमा जथाभावी घोष्टिन लागे । कतिलाई उडाई वेपत्ता पाऱ्यो । कति डाँको छोडेर रुन लागे । कति आफ्ना जिउको सम्भार गर्न लागे । यसरी अकस्मात अचम्मको उत्पात भयो । यस्तो अवस्था देखेर दक्ष प्रजापति आतिएर वृहस्पति ऋषिका छेउमा गई अव कसो गरुँ भने आत्तिन लागे (प्रसाई, वि.सं.२०७५, पृ.९५)। सतीदेवीको यस्तो हाल देखेर नारद ऋषिले कैलास पर्वतमा पुगेर दक्षप्रजापतिले तपाईलाई तरहतरका निन्दा र हेला गरी गाली गरेपछि त्यसलाई सहन नसकी सतीदेवीले अग्निकुण्डमा प्रवेश गरी प्राण त्याग गरेको कुरा सुनाउनु भयो । त्यसपछि श्री महादेवले तीनै आँखाबाट अग्निका ज्वाला निकाली आफ्नो शिरबाट एक जटा निकाली पृथ्वीमा पछार्नु भयो । त्यसबाट चतुःषष्टियोगिनी, भूत, प्रेत र प्रमथगणका साथ भई महाकाली निस्किन पुनःअर्को जटा निकाली भूमिमा पछार्नु भयो । त्यसबाट वीरभद्र उत्पत्ति भए प्रसाई वि.सं. २०७५ पृ. ८१-१३०) ।

श्री स्वस्थानी व्रत कथाअनुसार महाकाली र वीरभद्रलाई आदेश दिदै तिमीहरू दुवै जना अहिल्यै गई तेत्तीस कोटी देवताले रक्षा गरिराखेको पापिष्ठ दक्षप्रजापतिको यज्ञ विध्वंस गरी, दक्षको संहारगरी तेत्तीस कोटी देवतालाई हाहाकारण गराई आओ । यसै कामको लागि तिमीहरूको आराधना गरेको हुँ । नन्दी, भृङ्गी, विषमज्वर, चौसठ्ठी योगिनीलाई समेत साथमा लिई दक्षको नाम गर्न जाने आज्ञा दिनुभयो (प्रसाई. वि.सं.२०७५,पृ.९७) । महावीर वीरभद् रमहाकाली गणसहित दक्षप्रजापतिले गरेको यज्ञमा गई त्यहाँ रहेका देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य र नागहरू सबैसित घमासान युद्ध भयो । विष्णु पनि अन्तर्धान भई भागेपटि ती बाँकी रहेका तेत्तीस कोटि देवता,यक्ष, गन्धर्व,दैत्य र नागहरू पनि भाग्न थाले । त्यो देखेर वीरभद्ले आगो जस्तो भएर रिसले जिभ्रो काढी, नागले श्वास फिकेझैं सुस्केरा हाली वर्षाको मेघ झैं गर्जी जाइलागे दक्षप्रजापितको टुप्पी समाती पछारी तैले श्रीमहादेवलाई बहुतै निन्दा गरिस् । हेला पनि गरिस । आफ्नी छोरीलाई पनि मारिस जस्ता विभिन्न किसिमको गाली गरी दक्षप्रजापतिको शिर छुट्टायाई यज्ञमा होमिदिए (प्रसाई, वि.सं.२०७५, पृं.१०४)।

यसमा होमिएपछि दक्षप्रजापतिकी पत्नी विरणीले आफ्ना स्वामीको शिर छुट्टयाई यज्ञकुण्डमा होमेको देख्दा भूमिमा मुर्छा परिन् । जगदीश्वर महादेवलाई यज्ञमा नडाक्दा र अज्ञानताले शिवलाई निन्दा गर्दा प्राण गयो भन्दै महावीर वीरभद्का नगिचमा मेरा स्वामीलाई बचाई मेरो उद्धार गर्नुहोस भनिन् । विरणीले वीरभद्रलाई खुशी तुल्याउन सृष्टि,स्थिति र संहार गर्ने हे प्रमु, महारुद्र पनि तपाई,आदि देवता पनि तपाई,आदि पुरुष पनि तपाई ब्रह्मा, विष्णु पनि तपाई, तपाई भन्दा ठूलो कोही छैन, तपाईको महिमा वर्णन म स्त्रीजाति के सकूँला? हे भक्तवत्सल ! मेरो मुख हेरी दक्षप्रजापतिको सवै अपराध क्षमा गरी वचाइदिनुहोस भनेको "इन्द्रादि देवताले पनि सुनेपछि आकाशबाट पुष्पबृष्टि गरी वीरभद्रलाई ती दक्षप्रजापतिलाई जियाई विरणीलाई सन्तोष दिनुहोस ।" यस्तो सुनी विरणीले पनि अति शोक गरेको देखी वीरभद्रको मन पग्ल्यो र तिमीलाई स्वामी वर दिन्छु, तर तिम्रो स्वामीको शिर मैले यज्ञकुण्डमा

होमिसकेको हुनाले यज्ञमा बलिदान दिएको बोकाको टाउँको जोरीजियाइ दिन्छु । वीरभद्रले भनेको सुनी विरणीले हुन्छ भनिन् । तब वीरभद्रले बोकाको टाउँको ल्याई पछिल्तिर मुख फर्काएर जोरी दक्षप्रजापतिलाई जीवन दिए । अनि विरणीले बोकोको मुखभएको दक्षप्रजापितका साथ महाकाली र वीरभद्रलाई साष्टाङ्ग प्रमाण गरिन् । आफ्नो घर गइन् (प्रसाई, वि.सं.२०७५, पृ. १०५)। महाकाली र वीरभद्रले तेत्तीसकोटि देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नागर दक्षप्रजापतिका सेनालाई जिती, यज्ञ विध्वंस गरी नन्दी, भृङ्गी, चतु:षष्टियोगिनी, भूतप्रेत, पिशाच, प्रमथगण र विमाज्वरका साथ त्यहाँबाट कैलास पर्वतिर लागे भनि कथामा उल्लेख गरिएको छ ।

**वासुकी नाग**

चण्डेश्वरी मन्दिरको पूर्व दक्षिणपट्टि तीन तिरबाट करिब एक फिटको पर्खाल लगाई वासुकी नागको लागि थान वनाइएको छ । नागलाई घरको संरक्षक पनि मानिएको छ । विशेष गरी घर,सत्तल,मन्दिर आदि वनाउँदा प्रथम साइत हेरी नाग वा देवी देवताको पूजा गर्ने गरिन्छ । यसरी साइत हेरी वनाइएको संरचनामा कुनै किसिमको वाधा अड्चन आउँदैन भन्ने कथन पनि रहेको छ । श्रावण शुक्ल पञ्चमीका दिन नाग पञ्चमी भनिन्छ जुन सांस्कृतिक पर्वका रूपमा मनाउँदै आएका छौ । नागलाई दूध प्रशस्त मन पर्ने हुनाले नाग पूजाको समयमा गाईको दूध चढाउने परम्परा रहि आएको छ नागपूजा गर्दा अनिकाल हुदैन । घरमा शान्ति हुन्छ । घरमा कुनै किसिमको बाधा अड्चन आउँदैन, सधै धन धान्य प्राप्तु हुन्छ भन्ने विश्वास गरिन्छ । त्यसैले श्रावण शुक्ल पञ्चमीका दिन नागको चित्र लेखेर शुद्ध गाईको दूध, दुवो अनिवार्य राखी घरको मुख्य द्वारमा टाँसिन्छ (श्रेष्ठ,वि.स.२०७५,पृ.४१) ।

नागको शिर पनि मौसम अनुसार फरक-फरक दिशामा हुने वताइन्छ । भाद्र, आश्विन, कार्तिकमा पूर्वतिर, मसिर, पौष र माघमा दक्षिणतिर, फागुन, चैत्र, वैशाखमा पश्चिमतिर जेष्ठ, असार, साउनमा उत्तरदिशमा नागको शिर हुन्छ भन्ने शास्त्रमा उल्लेख गरिएको पाइन्छ (श्रेष्ठ, वि.स. २०७५, पृ.४१) । नागका नाम र रुप धेरै छन् । अनन्त नाग, बासुकी नाग, पद्म नाग, शेष नाग, कलीन नाग, कर्कोट नाग, आश्यवतर नाग, तक्षक नाग, पिङ्गनाग, शङ्खनाग र गोमनाग, महापदम नाग र कालिका प्रमुख हुन् ।

टोखा चण्डेश्वरी देखि सपनतीर्थ मन्दिरको पश्चिम दक्षिणमा रहेका वासुकी नाग समेत चार दिदि वहिनी हुन् भन्ने चण्डेश्वरीका पूजारी नातीराम कर्माचार्यको भनाइ रहेको छ । उनकाअनुसार ती दिदि-वहिनी नागरहरू गोसाईकुण्ड जाँदै गरेको समयमा भाले कुखुराले विहानीको सङ्केत गरेकोले यी दिदिवहिनी नागहरू चर फरक-फरक स्थानमा रहेको भन्ने छ । चण्डेश्वरीमा रहेका नागहरू सार्की जातिले फोहोर गरेका कारणले गर्दा गोसाईकुण्ड गएको भन्ने चण्डेश्वरीका स्थानीय सानु डंगोलको भनाइ रहेको छ ।

संस्कृत साहित्यमा वासुकि नागलाई कन्दु र कश्यपका सन्तानको रूपमा लिइएको पाइन्छ । वासुकिनाग शिवजीको परमभक्त भएकाले सधै शिवजीको घाटीमा बेरिएर वस्ने गर्दछन् भन्ने पौराणिक कथा रहेको पाइन्छ । कथाअनुसार एक पटक वासुकीले के थाहा पाएछन् भने जन्मेजयले नाग यज्ञ गरेर सम्पूर्ण नागको विनास गर्ने तथा उनकीवहिनीका छोराले मात्र नागहरूलाई वचाउन सक्ने रहेछन् । वासुकीले वहिनीको विवाह जरत्कासँग गराए र पछि तिनका छोरा आसतकिले नाग वंशलाई नष्ट हुनबाट जोगाए भनिएको पाइन्छ(शर्मा, १९९९,पृं.८३०)। त्यस्तैगरी वासुकी नागको वारेमा पनि हिन्दूपुराणहरूमा अनेका प्रकारका कथाहरू जोडिएका छन् । तिनीहरूमध्ये एक कथाअनुसार शिवजीले वासकिलाई धनुको डोरी वनाउने गरेको र समुद्र मन्थनका समयमा वासुकिलाई गारी वनाएर मन्दराचल पर्वतमा अड्याई समुद्र मन्थन गरिएको रहेको उल्लेख पाइन्छ (पाण्डेय, १९७७, पृं.४६३)। नेपाली जनमानसमा वासुकि नागलाई अष्ट नाग मान्दै सामूहिक रूपमा पूजाआजा गर्ने चलन रहेको छ। नगपञ्चमीका दिन यिनलाई अनन्त लगायतका अष्टनागको साथमा पूजा गर्ने तथा तिनीहरूको चित्र वनाएर घरको दैलामाथि टास्ने परम्परा आजसम्म पनि चलनमा रहेको पाइन्छ ।

नेपालमा सर्पलाई नागका रूपमा पूजाआजा गर्ने चलन निक्कै पुरानो हो । नाग पूजा नेपालमा मात्र नभएर संसारमा भरनै नागपूजा परम्परा रहेको पाइन्छ । हिन्दूहरूमा भने अप्सरा नितृ,नाग र मरुतहरू अर्धदेवका रूपमा पूजित छन्(पौड्याल, वि.सं.२०५७, पृ.१७५)। हिन्दू पुराणहरूमा पाइने कथा अनुसार नागहरू कन्दुका सन्तान थिए । महाभारतमा विनता र कन्द्रुमा थुप्रै प्रकारका कथा रहेको छ । यसैगरी महाभारतका पात्र वलरामलाई शेषनागको अवतार मान्ने गरिन्छ । केही धार्मिक ग्रन्थहरूमा नागपञ्चमीका वदलामा वरुण पञ्चमीका पनि चर्चा गरिएको पाइन्छ भने नागको वदलामा पानीका देवता वरुणलाई पनि लिने गरिन्छ । यस प्रसंगमा वलरामलाई निलोवस्त्र वारुणले उपहार दिएको उल्लेख पाइन्छ ।

महाभारत महाकाब्यमा नागलोकको पोखरी र त्यसको पानीका वारेमा पनि सामान्य रूपमा चर्चा गरिएको देखिन्छ । त्यसमा चर्चा गरिएअनुसार कुनै वेला दुर्योधनले भीमलाई विशालु खाना सुवाएर नाग लोकको पोखरीमा फाल्नाले यिनी एक हजार हात्तिको बलिसहत बचेर आएका रहेछन् । नागको प्रसंगमा महाभारतमा परिक्षित राजाको मृत्यु तक्षक नागले डसेर भएको र त्यसको प्रतिशोध लिन परिक्षितका छोरा जन्मजयले सर्प यज्ञ गरेको तथा थुप्रै नागहरूको ज्यान गएको पौराणिक कथामा पाइन्छ । हिन्दू धर्मग्रन्थहरूमा नागका करिब २५ वटा भन्दा ज्यादा नाम दिइएको देखिन्छ । हिन्दूहरूले नागलाई शत्रु र मित्र दुवै रूपमा लिएको पाइन्छ । विशेषगरी विशालु सर्प या शत्रुका रूपमा यसलाई साप भनिएको देखिन्छ भने मित्रका रूपमा नाग भनिएको छ । प्रतिमाशास्त्रका ग्रन्थहरूमा नागदेवताको प्रतिमा निर्माणका लक्षणहरू पनि दिइएको पाईन्छ । अंशुमभेदागम नामक ग्रन्थमा उल्लेख गरिए अनुसार रातो रङको तीन आँखा र चार हातवाला नागको प्रतिमा निर्माण गर्नु पर्दछ । नागको प्रतिमा शिरमा करण्ड मुकुट लगाएको देखाउनु पर्दछ भन्ने उल्लेख पाईन्छ(पौड्याल,वि.सं.२०५७,पृ.१७७)। नग देवताका

अगाडिको हात वरद मुद्रामा प्रस्तुत गरी पछाडिका हातमा भने सर्प समातेको हुनुपर्ने उल्लेखित छ । माथिल्लो भाग मानवको र तल्लो भाग सर्पको स्वरूपमा नागको प्रतिमा वनाउने कुरा भने शिल्परत्नले दिएको प्रतिमा लक्षण अनुसार हो ।

नागको पूजा हिन्दूहरूले मात्र नभएर बौद्ध मार्गीहरूले पनि गर्दछन् । अझै पनि गाउँघरमा नाग लाग्यो भने शरीरमा घाउखटिरा हुन्छ भन्ने विश्वास अझै पनि गरिएको छ । बौद्ध धर्ममा बुद्धले दिएको उपदेश नागले सुनेको र पछि समय आएपछि नागले नार्गाजुनलाई त्यही उपदेश सुनाएको उल्लेख पाईन्छ । बौद्ध धारणा नै उत्तर दिशाका अधिपति अमोधसिद्धि नागको फणाले रक्षा गरिएको अवस्थामा रहने गर्दछन् । यता हिन्दूहरूमा भने नाग विष्णु र शिवजीसँग सम्वन्धित मानिन्छ । प्रतिमा र चित्रहरूमा शिवजीले नागको माला लगाईएको देखाइन्छ । विष्णु भगवानले त नागको फणामा सुतेको देखाउने गरिएको छ । शिवजीले पनि जटाँ,घाटीर पाखुरामा पनि नाम लगाएको देखाइन्छ । यसरी नागलाई प्रायःसवै धर्ममा पूजाआजा गर्ने परम्परा पाईन्छ ।

नेपालमा प्राचीन कालदेखिन नै नागको पूजाआजा गर्ने चलन रहेको देखिन्छ । त्यसैले नेपालमा प्राचीन कालदेखि नै नागका प्रतिमाहरू पनि पाइएका छन् । हालसम्म पनिनागको पूजाआजा गर्ने तथा तिनको चित्र वनाएर टास्ने चलन प्रचलित रहेको छ । यसरी नेपाली समाजमा नाग एक महत्वपूर्ण देवताका रूपमा परिचित छन्। नेपाली समाजमा विशेषगरी नागपञ्चमीका दिन नागको पूजा गरिन्छ। त्यस दिन व्राहमणहरूले नागको चित्र वनाएर घरको मुलढोका माथि टाँस्ने गर्दछन् । यसबाट नागको प्रकोप कम हुने विश्वास पाईन्छ । नेपालका तराईमूलका आदिवासीमा पनि नागपञ्चमीका दिन सिमसार र पानी भएका क्षेत्रहरूमा नागका लागि दूधका साथमा विभिन्न प्रकारका खाद्यवस्तुहरू नढाउने तथा रंगिन घ्वजापात गाडेर तिनको स्वागत गर्ने पनि परम्परा रहेको देखिन्छ (खतिवडा,वि.सं.२०७०,पृ.६१२)।

नेपालमा विभिन्न स्थानहरूमा नागदह रहेका छन् । तिनिहरूमध्ये काठमाडौ नागदह ज्यादा प्रख्यात छ । वंशावलीहरूमा पाइने एक कथा अनुसार पूरापूर्व कालमा उपत्यका एउटा सरोवरको रूपमा रहेछ । वंशावलीहरले त्यस सरोवरलाई नागदह नामकरण गरेका छन् । उक्त दहको उत्पत्ति प्रथम बुद्धले गरेको र पछि मञ्जुश्रीले त्यहाँको पानी वाहिर वगाएर वसोवास योग्य गराएको उल्लेख पाईन्छ । यता नेपाल महात्म्यले चाहि नागदहको पानी काटेर वाहिर वगाउने श्रेय श्रीकृष्णलाई पनि दिइएको छ । त्यस सरोवरको नाम नागदह रहेको पाइन्छ । अहिलेसम्म पनि उपत्यकामा एउटा नागपोखरी नामक पोखरी अझै अस्तित्वमा कायम रहेको छ । भोजपुर जिल्लाको बेहरेश्वर नामक स्थानमा पनि एउटा नागदह नाम पोखरी रहेको छ । कालो रंगको पानी भएको त्यस पोखरी क्षेत्रमा मार्ग महिनामा भेला लाग्ने गर्दछ । ललितपुरको नागदहमा चाहि नागपञ्चमीका दिन मेला लाग्ने गर्दछ । यसैगरी पूर्वी नेपालको तेह्रथुम सदरमुकाममा पनि नागदह नामक स्थान रहेको छ । तर यहाँ नागदहका रूपमा पोखरी चाहि रहेको देखिदैन् । यसरी देशका विभिन्न भागमा नागदह र नाग पोखरी नामका दह तथा पोखरीहरू रहेका

देखिन्छन् । पानीलाई नागसँग सम्वन्धित गराउने पुरानो चलन रहेकाले पानीका साथमा नागको पनि चर्चा गर्ने चलन चलेको हो । किनभने नागले नै वर्षा गराउने पनि जनविश्वास रहि आएको छ ।

**श्रीकृष्ण**

चण्डेश्वरी मन्दिरको पूर्व-दक्षिणतर्फ कृष्णको मूर्ति पनि रहेको छ । चण्डेश्वरी मन्दिरको परिसरमा उनलाई पनि स्थान दिई राखिएको छ । हिन्दू ग्रन्थहरूमा विष्णु भगवानका अवतारहरूमध्ये कृष्ण अवतार रपनि एक हो । कृष्णलाई ज्ञानयोगी,कर्मयोगी,महापुरुषमध्ये एक मानिएको पाइन्छ । कृष्ण भगवानको जन्म भएको रातलाई मोह रात्री पनि भनिन्छ । कृष्ण भगवानलाई पूर्णअवतारी, भक्तवत्सल, कन्हैया,जीवोद्वारक,वंशीधर,परिमाधिदेव, कर्मयोगी,ज्ञानपालक, लीलाधर आदि विभिन्न नामले पुकारिने गरिन्छ । कृष्ण अष्टमीका दिन चण्डेश्वरीलाई पन्चामृत पूजा गर्ने परम्परा रहि आएकोछ ( श्रेष्ठ,वि.स.२०७५,पृ.४८)।कृष्णलाई ऋग्वेदको ८/८५/३-४ मा एकजना मन्त्रदृष्टा ऋषिको रूपमा हेरिएको छ । कौषीतकिब्राहमणको ३०/९ मा नामोल्लेखित कृष्ण अङ्गिरस ऋग्वेदमा वर्णितकृष्ण नै हुन भन्ने अनुमान गरिएको छ । छान्दोग्य उपनिषद्मा देवकी पूत्रका रूपमा र ऐतरेय आरण्यकमा एक आर्चायका रूपमा कृष्णलाई प्रस्तुत गरिएको पाईन्छ । कृष्णलाई विष्णुको चौविस अवतारमा विसौतथा दश अवतारमा आठौ अवतार मानिन्छ । देवकी र वशुदेवका आठौ तथा कान्छा छोरा कृष्णको लालनपालन गोकुलमा नन्दले गरेको उल्लेख पाईन्छ । देवकीकाअन्य सवै सन्तानमा कंशका हातबाट मारिए तर यिनलाइ भने दिव्य शक्तिका कारण वंशुदेवले गोकुल पुऱ्याएको तथा त्याँहा यिनी सुरक्षित रहेको कथा महाभारतमा उल्लेख गरिएको छ (शर्मा,१९९९,पृ.२३२)। महाभारत महाकाव्यमा कृष्णको सुमधुर कथा पाइन्छ । कथामा उल्लेख गरिए अनुसार कुष्णलाई यिनका मामा कंशले वारमवार मार्ने प्रयास गरेका भएपनि पछि कृष्णले नै मामा कंशको बध गरेका थिए । त्यसमा कंश जरासन्धका ज्वाई थिए भनिएको छ । यता कृष्णले कंशलाई मारेपछि ज्वाई मारिएको रिसले गर्दा जरासन्धले वेलावेलामा मथूरा माथि आक्रमणगरी दुःख दिन लागेछन् । यंदुवशीले त्यसको दुःखबाट वच्नका लागि तिनको राजधानी मथूराबाट समुन्द्रको किनारमा पर्ने द्वारकामा लगेको वताईन्छ । महाभारतको कथामा प्राप्त एक विवरणअनुसार कृष्ण पाण्डवहरूका साथी थिए । तिनले महाभारतको लडाई रोक्नका लागीअनेक प्रकारका प्रयासहरू गरे तर त्यसबाट लडाई रोक्न नसकेकाले कालान्तरमा यिनले पाण्डवको पक्ष लिए भनिएको छ । यिनले पाण्डवको पक्षबाट लडाई नगरे पनि तिनीहरूलाई नैतिक समर्थन गरी अर्जुनको सारथी भएको कथामा पाइन्छ ।

महाभारतको कथामा कृष्णले अर्जुनलाई श्रीमद्भागवत गीताको उपदेश दिएको वर्णन गरेको छ, जसबाट कृष्ण एक दार्शनिक व्यक्ति रहेको मान्न सकिन्छ । कृष्णका आठ जना रानीहरू थिए भन्ने उल्लेख पनि पाइन्छ । एक पौराणीक कथा अनुसार नरकासुरले १६ हजार स्त्रीहरू कारागारमा थुनेर

राखेको रहेछ । कृष्णले नरकासुरको वध गरेपटि तिनीहरूलाई कारागारमुक्त गराए र तिनीहरूसँग विवाह गरे भन्ने उल्लेखित छ । कृष्णका हसी हजार पुत्र भएका, जरासन्धलाई मार्नका लागि यिनी ब्राहमण भेषमा भीम र अर्जुनसँग गएको तथा यिनले कटुवचनका कारण शिशुपालको वधगरेको पनि वताइएको छ । अर्को एक पौराणिक कथामा कण्ड ऋषिको श्रापका कारण यंदुवशी एक आपसमा लगाई झगडा गरेर विनास भएका थिए । यसै क्रममा करिब १२५ वर्षको उमेरमा श्री कृष्ण एउटा रुखको फेदमा वसेको समयमा खुट्टामा ब्याधाले हानेको तिर लागेर वेकुण्ठमा गए भनिएको छ । कृष्णको मृत्युको साथमा द्धापर यूगको पनि समाप्ति भएको तथा कलियुगको शुरुवात भएको वर्णन पाइन्छ । त्यसपछि नै द्वारका पनि समुन्द्रमा डुब्यो भन्ने कथा रहेको छ । वसुदेवर देवकी पूत्रका रूपमा,मानव नाम, अर्धदेव र विष्णुका पूर्णावतारको रूपमा पनि कृष्ण परिचित छन् । भारतमा भावगत धर्मको शुरुवात कृष्णले नै गरेका मानिन्छ । उक्त धर्म पछि गएर कृष्ण नै प्रमुख उपास्य देवताका रूपमा स्थापित हुन पुगे ।

## ४.९. चण्डेश्वरी मन्दिरको वरिपरि रहेका अन्य स्मारक

### चण्डिकेश्वर (मुखारेश्वर) महादेव मन्दिर

चण्डेश्वरी मन्दिरको दक्षिणतर्फ चण्डिकेश्वरको मन्दिर रहेको छ । आर्यहरूभन्दा बढि अनार्यहरूका आस्थाका केन्द्र रहेका ऋग्वैदिक देवता रुद्र समयसँगै अनेक सौम्य तथा उग्ररूपमा आर्यहरूका पनि उपास्यदेवता मात्र रहेनन् देवादिदेव पनि मानिए । रुद्र अर्थात् शिवलाई अनेक मूर्ति तथा लिङ्ग स्वरूपमा पूजा गर्न थालियो । यस्तै अनेक स्वरूप मध्ये चण्डिकेश्वर महादेव एक शिवस्वरूप हो । यो शिवको मूर्तिभन्दा बढि लिङ्ग स्वरूप हो । शिवका यस्ता लिङ्ग स्वरूपहरूलाई चौसठ्ठी स्वरूपमा धर्मग्रन्थ तथा पुराणहरूले व्याख्या गरेका छन् (रेग्मी, वि.सं.२०५३, पृ.१४)।

यिनै चौसठ्ठी लिङ्ग स्वरूप मध्ये एक टोखास्थित चण्डिकेश्वर महादेव हो । एक पटक दक्ष प्रजापतिले ठूलो यज्ञ आयोजना गरे तर उनले आफ्नो छोरी सतीदेवी तथा ज्वाई महादेवलाई निमन्त्रण गरेनन् । त्यसरी आफ्नो बाबुले नवोलाए पनि छोरी सतीदेवी गएर आफ्नो परिवारलाई नवोलाउनुको कारण बुझ्दा उनले महादेवलाई अनेक किसिमले गाली व्यईजति गरेपछि, उनले सहन नसकी त्यही यज्ञकुण्डमा होमिएर प्राणत्याग गरिन । हुनत महादेवले वीरभद्र तथा महाकालीलाई पठाई सो यज्ञ ध्वस्त पनि ध्वस्त गर्न लगाए तर आफू भने अत्यन्त व्याकुल भईरहे र आफ्नी प्रियतमाले प्राण त्याग गरेको ठाउँमा आई विलाप गर्दैरहे । यसैको प्रतीक महादेव चण्डिकेश्वरको शिवलिङ्ग हो (नघःभनी, वि.सं.२०५०, पृ.६३) ।

स्वस्थानीको कथासँग चण्डिकेश्वर महादेवलाई आफ्नी रानी विरणीलाई अनुनय गरिएपछि पुनःजीवनदान पाएका दक्षप्रजापतिले स्थापना गरि स्तुति गरेका लिङ्ग स्वरूपम पनि मानिन्छ । तर स्कन्ध पुराणको हिमवत्खण्डले यसलाई फरक किसिमले व्याख्या गरेको छ । उक्त ग्रन्थ अनुसार चौसठ्ठी लिङ्गमध्ये एक चण्डिकेश्वर हो । यी चौसठ्ठी लिङ्गको नामोल्लेख गर्दा चण्डिकेश्वर टोखा भनी ५२ औं स्थानमा

उल्लेख गरिएको छ । भाषा वंशावली २०२० मा पनि “पिण्डारकतीर्थ श्री चण्डेश्वर टोखा”भन्ने उल्लेख गरेका पाइन्छ । अक्त टोखास्थित चण्डिकेश्वर दक्षप्रजापतिले उपासना गरेको लिङ्ग स्वरूप नभएर चौसट्ठी लिङ्ग मध्ये एक हुन भन्ने कुरा नै तथ्य संगत देखिन्छ (दर्नाल वि.सं. २०५० पृ. २४) ।

टोखास्थित चण्डिकेश्वर महादेवको वारेमा अर्को कथा पनि रहेको पाइन्छ । जस अनुसार मातृकागण सहित चण्डिका देवीले दैत्यहरूलाई मारेर महारुद्रको ध्यानगरी वस्ने क्रममा आश्विन शुक्ल चर्तुदशीका दिन लिङ्ग उत्पत्ति भएको देखि चण्डिका देवीले हर्षितभई पूजा गरिन् भन्ने रहेको छ । उक्तचण्डिका देवीले पूजा गरेको लिङ्ग स्वरूप हुनाले चण्डिकेश्वर भनियो । टोखामा रहेको चौसट्ठी लिङ्गमध्ये एक चण्डिकेश्वर महादेवको नामले ख्याति प्राप्त मन्दिर यो हो । यसलाई महत्वपूर्ण यहाँको एक प्राचीन तीर्थस्थल मानिन्छ ।

चण्डेश्वरी मन्दिरको दक्षिणतर्फ चण्डिकेश्वरको मन्दिर रहेको छ । यो मन्दिर दुई तलाको छ । यसको तल्लो छाना तले शैलीको मन्दिरको छानो भैं ढल्काएर वनाएको छ भने माथिको चाहि गुम्वज वनाइएको छ । धेरै अगाडि यो चण्डिकेश्वर मन्दिर तिन तलाको रहेको र यस मन्दिरमा प्रयोग भएका काठका टुडालहरू पनि निक्कै कलात्मक रहेको थियो(दर्नाल,वि.स.२०५०,पृ.२८-२९)। वर्तमान स्वरूपमा वि.सं. १९९८ पछि मन्दिरमा गरिएको जिर्णोद्धारबाट यो अवस्थामा रहेको हो । गुम्वजाकारको यो दुई तले महादेव मन्दिरमा ईटा, काठ र वज्रलेप तथा चुनको प्रयोग भएको छ । चण्डेश्वरी मन्दिरको यो स्वरूप करिव ६० वर्षभन्दा पुरानो भएको स्थानीयहरू बताउँदछन् । यो मन्दिर फराकिलो एक तहको पेटीमाथि वाहिर स्तम्भवली राखी त्यसभित्र प्रदक्षिणा पथ र त्यसपछि मुख्य मन्दिरको ईटाको पर्खाल उठाई यो मन्दिर निर्माण भएको छ । पहिलो तलामा जस्ताको छाना हाली त्यसमाथि पुनःवर्गाकार पर्खाल उठाई माथि गुम्वज वनाई त्यसमाथि गजूर राखिएको छ । दक्षिणाभिमुख चण्डिकेश्वर मन्दिरको प्रमुखद्वार दक्षिणपट्टि भएतापनि पश्चिम उत्तर र पूर्वमा पनि द्वारहरू रहेका छन् । भूँईतलाका चारैतर्फ रहेका यी द्वारकक्ष तथा द्वार कक्ष सहितका ढोकाहरूमा भने उति धरै कलाकारिताको प्रयोग पाइदैन । तर, दक्षिणतिरको मूलद्वारमा भने अरुको तुलनामा केही फराकिलो छ । पहिलो तलामा काठका विमहरू तेर्स्याईएका छन् । तला नछापिएको कारणले मन्दिर माथि गुम्वजको भित्रीभागसम्म देखिन्छ ।

चण्डेश्वर मन्दिर भित्र एक ठूलो जलहरीमा सानो लिङ्ग राखिएको छ । लिङ्ग हेर्दा जलहरीको मूल लिङ्ग हो जस्तो लाग्दैन । वास्तवमा यो जलहरीमाथि राखिएको लिङ्ग आकार प्रकारमा पनि देखिदैन । जलहरी वरिपरी विभिन्न स्थानबाट आउने भक्तजन तथा दाताहरूले चढाएको त्रिशूलहरू अनेकौ सङ्ख्यामा ठड्याएर राखिएका छन् । पश्चिमपट्टिको भित्तामा द्वारको दुवैपट्टि पादपीठमा अभिलेख सहितका देवप्रतिमाहरू राखिएका छन् । त्यहाँ एउटा अभिलेख सहितको पादपीठ भने हाल स्थापित मूर्तिभन्दा धेरै ठूलो देखिनाले मूल मूर्ति हराएको भन्ने स्पष्ट हुन्छ । पूर्वी भित्तामा पनि एक देवीको मूर्ति राखिएको छ । त्यहाँ रहेका अन्य खोपाहरू भने खाली अवस्थामा रहेका छन् । कतिपय नयां र साधारण तथा स-साना

मूर्तिहरू पनि राखिएका छन् । मन्दिरभित्र एक सानो अभिलेख पनि देखिन्छ । मन्दिरको दक्षिण पश्चिम कुनामा एउटा ठूलो माटाको घ्याम्पो छ ।

**अष्टमङ्गल**

हिन्दूहरूका आठवटा पवित्र वस्तुहरूलाई अष्टमङ्गल भनिएको छ । अष्टमङ्गल अन्तर्गत सिंह, नन्दि, हात्ति, कलश, पंखा, बैजयन्ती, ढोल र वत्ती पर्दछन् । यता गाई, अग्नि, व्राहमण, सुन, घीउ, सूर्य, जल र राजालाई पनि यदाकदा अष्टमङ्गको रूपमा मान्ने चलन गरेको उल्लेख गरिएको छ (पाण्डेय, १९८८, पृ.६५) । मूलतः माथि पहिलो पङ्क्तिमा उल्लेख गरिएका चिन्हहरूलाई भने अष्टमङ्गलका रूपमा ज्यादा मान्न् चलन छ । यिनीहरूको चित्र घरको ढोकाको दुवैतिर निर्माण गर्ने परिपाटि काठमाडौ उपत्यकाको कलामा रहेको देखिन्छ । खासगरी मध्यकालमा आएर उपत्यकाका घर र मन्दिरहरूको ढोकाका भित्ताहरूमा अष्टपङ्गका चित्र वनाउने परम्परा निकै प्रख्यात भएको देखिन्छ ।

**देवीदेवताका विभिन्न आयुध**

चण्डेश्वरी मन्दिरको वरिपरि रहेका माथि उल्लेखित विभिन्न मूर्तिहरूको देवीदेवता अनुसार आयुधहरू पनि फरक-फरक किसिमका रहेको हुँदा तिनीहरूको सामान्य परिचय दिन खोजिएको हो । देवीदेवताहरूले हातमा अनेक प्रकारका वस्तुहरू धारण गर्ने हिन्दूहरूमा पाइन्छ । तैपनि बौद्ध र जैन धर्मका देवीदेवताहरूले पनि यस्ता वस्तुहरू हातमा लिएको देखाइन्छ । यसरी तिनले हातमा लिने श्रृङ्गारका वस्तु, हतियार, पुस्तकर फल तथा फूललाई आयुध भनिन्छ । विभिन्न धर्मका अलग-अलग देवीदेवताले हातमा अनेक प्रकारका आयुध लिने गर्दछन् भन्ने विश्वास छ । जस्तो विष्णुले हातमा शङ्ख, चक्र, गदा र पद्म जस्ता आयुध लिने गरेको देखाइन्छ । शिवजीले हातमा त्रिशूल र डमरु लिने गर्दछन । प्रतिमाशास्त्रअनुसार देवीले खड्ग, शङ्ख, पाश, नाग लिने गर्दछिन । तान्त्रिक देवी देवताका धेरै हात हुने भएकाले तिनका हातहरूमा आयुध पनि धेरै प्रकारका हुन्छन् । प्रतिमा तथा चित्रहरूमा गणेशले लड्डु,ब्रह्माले पुस्तक,सरस्वतीले विणा र पुस्तक तथा लक्ष्मीले हातमा कमलपुष्प लिएको देखाइन्छ । यी सवै वस्तुहरूलाई आयुध भनिन्छ । हिन्दू देवीदेवाले हातमा लिने आयुधलाई प्राकृतिक र मानव निर्मित्त गरी दुई रूपमा प्रस्तुत गर्ने चलन छ । यिनै आयुधलाई स्त्री,पुरुष र नपुंशक वस्तुका रूपमा पनि प्रस्तुत गर्न सकिन्छ । तिनीहरूलाई भने आयुध पुरुष भनिन्छ । विशेषगरी नेपालका वैष्णव प्रतिमाहरूमा आयुध स्त्री र पुरुषको शिरमा सम्वन्धित देवताले हात राखेको देखाइन्छ भने तिनको शिरमा पनि सम्वन्धित चिन्ह् हुन सक्ने उल्लेख गरिएको पाइन्छ (पौड्याल, वि.सं.२०५७, पृ.५२) । विशेषगरी हिन्दू र बौद्ध देवीदेवताका हातमा आयुध देखाउने चलन रहेको भने तिनैलाई पुरुषका रूपमा आयुध पुरुष र आयुध स्त्री पनि वनाउने गरिएको पाइन्छ ।

नेपालमा आयुध व्रत वस्ने परम्परा पनि रहेको छ । हिन्दूहरूमा विष्णुलाई ठूला देवताका रूपमा पूजाआजा गर्न लागिएपछि तिनका आयुधलाई पनि विशेष महत्व दिएर पूजाआजा गर्न लागिएको पाइन्छ । तसर्थ तिनका आयुधको स्मरणमा पनि व्रत लिने चलन चल्यो । यहाँ आयुध व्रतको अर्थ विष्णुका चार आयुधलाई पूजा गर्ने चलन भन्ने उल्लेख गरिएको छ (पौड्याल, वि.सं. २०५७, पृ.५५)। विष्णुका चार आयुधलाई वशुदेव, शकर्षण, पद्युम्न र अनिरुद्रका अवतार मानि श्रावण महिनादेखि चार महिनासम्म विष्णुका विभिन्न आयुधको पूजाआजा गर्ने चलने छ (पाण्डेय,वि.सं.१९८८, पृ.८६)। खासगरी आयुध व्रत साङ्केतिक पूजाआजासँग सम्वन्धित मानिन्छ । यस्तो परम्परा बौद्ध धर्ममा पनि प्रचलित छ । शाक्यमुनि बुद्धले महापरिनिर्वाण प्राप्त गरेपछि तिनका भिक्षापात्र, चीवर र लाठी लगायतका सामग्रीहरूको पूजाआजा गर्न थालियो । यसलाई कतिपय संस्कृतिविद्हरूले हिन्दूहरूको आयुध व्रत या देवताका आयुधहरूको पूजाआजा गर्ने परम्पराको प्रभाव मान्दछन् ।

**सतीदेवीको कुण्ड**

स्थानीय अनुसार टोखा चण्डेश्वरी सत्ययुगमा दक्षप्रजापतिले यज्ञगरेको स्थान हो । चण्डेश्वरी मन्दिरको दक्षिणपट्टि सतीदेवीले आफ्नो प्राण त्याग गरेपटि ठूलो खाल्डो परेर पोखरी निर्माण भएको छ । पोखरीमा अहिले पानी छैन् । सतीदेवीको मूर्ति पछि निर्माण गरी पोखरीको वीचमा राखिएको छ । सतीदेवीको पुरानो मूर्ति नयाँ मूर्ति राखिएको स्थान मुनि पुरिएको अवस्थामा छ । चण्डेश्वरीका पूजारीकाअुनसार त्यहाँको स्थानीय मातालाई सतीदेवीले आएर मलाई जमीनमुनि सास फेर्न गाह्रो भयो वाहिर निकाल्नु भने पछि त्यस मूर्तिलाई हाल निकाल्न नसकिए पनि श्वास प्रश्वासका लागि सजिलो होस भनेर सतीदेवीको नयाँ मूर्ति राखेको स्थानमा जमिनमा प्वाल पारेर हावा जाने वनाइएको छ । सतीदेवीको पुरानो मूर्तिलाई निकाल्ने प्रकिया अगाडि वढेको बुझिन्छ ।

श्रीस्वस्थानी व्रतकथाअनुसार दक्षप्रजापतिकी स्त्री विरणीका गर्भदेखि तेत्तीसकोटी कन्याको जन्म भयो । एक दिन स्वर्गका सम्पूर्ण देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, अष्टवसु, दशदिक्पाल आदिले सभा गरी आफूहरूको विवाह नभएकोले दक्षप्रजापतिका तेत्तीसकोटि कन्याहरूसँग विवाह गर्नका लागि माग्न दक्षप्रजापति समक्ष आए । नारद पनि देवताहरूको आग्रहलाई स्वीकारगरी दक्षप्रजापति कहाँ तेत्तीसकोटी कन्याहरू देवताहरूलाई माग्न ऋषिनारदले पनि साथ दिए । नारदले आफूलाई देवताहरूले पठाएको बिस्तार गरेर भने “तपाईको तेत्तीसकोटी कन्या तेत्तीसकोटी देवतालाई दिनु योग्य छ, दिनुहुन्छ”? भन्दा दक्षप्रजापतिले खुसीभई तपाईको वचनले दिएँ भने । जो जसलाई दिने भन्नुहुन्छ, जुन दिन भन्नुहुन्छ म मञ्जुर छु । तर एउटी सतीदेवीलाई भने आफ्नो छोराहरू नभएको र धेरै सम्पत्ति भएका कारणले गर्दा त्यसको रक्षा गर्नका लागि विवाह नगर्ने जनाए । यसपछि सतीदेवीबाहेक तेत्तीसकोटी देवतालाई कन्यादान दिए भन्ने उल्लेख गरिएको छ (प्रसाई, वि.सं. २०७५, पृ.६२)।

यो बृत्तान्त कैलास पर्वतमा रहेको महादेवले चाल पाएपछि महादेवले यी देवताहरूले मसँग एक वचन पनि सोधखोज नगरी आफू आफूले मात्र कन्यादान लिएछन् । म यत्रो कैलासको अधिपति छु । तर

मेरी स्त्री छैनन् । मलाई कसले कन्या देला भनी ध्यान दृष्टिले विचार गर्दा दक्षप्रजापतिका तैत्तीसकोटी कन्यामा सबैभन्दा जेठी सत्तीदेवी बाँकी रहछिन् । दक्षप्रजापति कहाँ आफै कन्या माग्न गएका महादेवलाई आफ्नो छोरी सत्तीदेवीसँग योग्य नभएको भन्दै खरानी घस्ने, सर्पको गहना लगाउने, बाघको छाला ओढ्ने, श्मशानमा बास गर्ने, विष, भाङ, धतुरो खाने, दिगम्बर अर्थात नाङ्गो, देख्दैमा पनि अनुहार नपरेको भनी क्षुद्र वचन सुनी महादेव त्यहाँबाट निस्केर विष्णुकाहाँ जानुभयो । महादेवले सत्तीदेवी माग्न दक्षप्रजापतिका घर जाँदा उनले अपमान गरेको कुरा र नाना तरहले निन्दा गरेको कुरा सबै भनी "मेरी पत्नी छैनन् यसैले मेरो घर छैन, जसरी हुन्छ ती कन्या मेरा हातमा पारिदिनुपर्‍यो, म यत्ति दुःख दिऊँ भनेर आएको हुँ" भने पछि विष्णुले भुक्याएर सत्तीदेवीको विवाह महादेवसँग गरिदिए (प्रसाई वि.सं. २०७५ पृ. ८१-१२०) ।

एक दिन दक्षप्रजापतिले आफ्नी स्त्री विरणीसित आफूले अश्वमेघ नाउँको यज्ञ गर्न चिताएको धेरै भएकोले यज्ञ गर्ने समाग्री तयार गर्न लगाए । भन्दै त्यस यज्ञमा महादेव र सत्तीदेवी बाहेक अरु छोरी जुवाइँ, ब्रह्मा, विष्णु आदि देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग, अप्सरा, दश दिक्पाललाई निमन्त्रण गरे (प्रसाई, विसं.२०७५, पृ.८८) । महादेव र सत्तीदेवी जुवा खेल्दै मीठामीठा कुरा गरिरहेका थिए । त्यसैवेला नारद ऋषि पुगेर श्रीमहादेव र सतीदेवी दुवैका चरणमा साष्टाङ्ग दण्डवत् गरी अञ्जलि बाँधी खडा भइरहे । महादेवले आउनाको कारण सोध्दा नारदले दक्षप्रजापतिले अश्वमेघ यज्ञ गर्नलाई स्वर्ग,मर्त्य र पाताल तीनै भुवनका देवता, वशिष्ठ प्रमृति ऋषि, यक्ष, वन्धर्व, किन्नर, दैत्य, दानव, नाग, अष्टवसु, दशदिक्पालहरू, ब्रह्मा, विष्णु सहित सबैका स्त्री-पुरुष यज्ञमा आएका छन् । प्रदक्षिणा गरी हेर्दा तपाइँ दुवैलाई देखिन । अरु सबै देवता आआफना अङ्श पाई खाई आनन्दमा रहने, यज्ञका कर्ता भोक्ता तपाईलाई किन नडाकेको होला भनी बिन्ती गरौ भनी आएको वताए । नारदमुनिको यस्तो कुरा सुनी सतीदेवीले आफुलाई अति अपमान गरेको मानिन् । श्रीमहादेवसँग बिन्ती गरिन् सबैलाई वोलाउने तर हामी दुईलाई मात्र किन छुटाए । शिवले तिमी कति पनि दुःख नमान किनभने तिमी नरुचाइएकी छोरी,म मन नपरेको जुवाइँ हो भनी सँम्भाउन लागे । तर सतीदेवीले त्यसो आज्ञा नहोस् मलाई यज्ञ हेर्न साह्रै मन लागेको छ । आज्ञा भए नारदसँग गई त्यो यज्ञ हेरी आउने वताईन । वहुत ढिपी गर्न लागेपछि महादेवले यस्तो लिँडेढिपी नगर किनभने तिमी सधै आफ्नो मानमर्यादामा रहेकी, त्यहाँ गएपछि अपमान भयो भने चित्त दुख्नेछ । यसकारण जाने काम नगर भन्दा पनि आफ्नो हठ नछोडी कैलासबाट नादका साथ दक्षप्रजापतिको यज्ञमा गइन् (प्रसाई वि.सं. २०७५ पृ. ८१-१२०) ।

आफ्ना पिता दक्षप्रजापति रमाता विरणीलाई ढोग दिई बहुतै चित्त दुखाई आँखादेखि बलिन्द्र धारा आँसु खसाली सतीदेवीले यस्तो यज्ञमा मलाई किन खवर दिनु भएन ? म तपाईको छोरी होइन?, मैले के विराएँ,? मेरा स्वामीले तपाईहरूको के अपराध गर्नु भयो ? विष्णु लगायत तेत्तीसकोटी देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग, अप्सराहरू र दश दिक्पाल स्त्री पुरुषसहित सबैलाई निम्ता गरी हामी दुई जनालाई मात्र नडाकी किन माया मार्नुभयो ?यज्ञका कर्ता महादेव नभई तपाईको यज्ञ कसरीपूर्ण होला ?

यज्ञको फलदिने देवताका मालिक एवम् सृष्टि स्थिति संहार गर्ने पनि उनै हुन् । यज्ञकर्ता नभएको अपुरो यज्ञ किन गर्नुभयो ? महादेवालाई तुरुन्त वोलाउनुहोस् । उहाँ आएपछि तपाईको अज्ञ पुरा हुनेछ । फल पनि मिल्नेछ भन्ने उल्लेख गरिएको छ (प्रसाई, वि.सं.२०७५, पृ.९२) ।

सतीदेवीले यसो भन्दा दक्षप्रजापतिले सतीदेवीलाई तेरो पुरुष भोलानाग यज्ञमा राख्न योग्य छैन । यस यज्ञमा तेत्तीस कोटि देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, दैत्य, अप्सरा, नाग, सबै स्त्रीपुरुषसहित थरीथरीका रत्न मणिमाणिक्यका गहना लागईश्रीखण्ड लेपन गरी रङगबिरङ्गका वस्त्र लगाई वेद पारायण गरीनाना मङ्गलयात्रा गरी गन्धर्वले गीत गाउने,अप्सराले नाच्ने, यस्ता उत्तम ठाउँमा नसुहाउने घिन लाग्दो महादेवलाई कसरी डाकौँ? तेरो स्वामी खरानी घस्ने, बाघको छाला कम्मरमा बाँध्ने, हात्तीको छाला ओढ्ने, विष, भाङ, धतुरो खाने, रातारात आँखा गरी जसरी मन प-यो उसरी नाच्ने, जटाको मुकुट बाँध्ने, सर्पका गहना र मुण्डमाला लगाउने, दाहिने हातले डमरु बजाउने, बाँया हातले त्रिशूल समाउने, भूतप्रेत पिशाचहरूलाई अगिपछि लगाई दिगम्बर अर्थात नाङ्गो मतवालाभई पाउन पनि जहाँ पायो उहीँ राखी लाज शर्म कत्ति नमानी हिड्ने गरेको भनिएको छ (प्रसाई, वि.सं. २०७५, पृ.९३) ।

यहाँ किसिम-किसिमका स्त्रीजन, देवकन्या यक्षकन्या, गन्धर्वकन्या, नागकन्या तिम्रा बहिनीहरू छन् । तेत्तीसकोटी देवताले युक्तभई झकिझकाउ भएको पवित्र ठाउँमा त्यो अनुहार नपरेको देख्तैमा पनि घिन लाग्दोलाई डाकेर रमिता देखाउनु । त्यसैले नडाकेको हो । तँलाई मात्र डाक्न पठाऊँभने पनि त्यो अर्धङ्गीसमेत पछि लागेर आउँला भन्ने साँचै तँ दुःख नमान् भन्दै सम्झाउन खोजे पछि तेरो स्वामी महादेवलाई म केही गरे पनि डाक्ने छैन् । त्यसले मेरो यज्ञमा के बरदेला । दक्षप्रजापतिले त्यसरी आफ्नो स्वामी जगदीश्वरालाई दुर्वचन भनेको सुन्दा सतीदेवीले सहन नसकी आँखा रातारात पारी नागको झैं लामो श्वास छोड्दै सुस्केरा हाली कट्कट् दाह्रा किटी रिसले भन्भनिँदै जुरुक्क उडेर भूमिमा लात्तीले हानी यज्ञमा हेरी चित्तले खप्न नसकीमन धड्काउँदै आफना छातीमा आफैले मुड्कीले हानी “शिव ! शिव !” भन्दै महादेवको नाम उच्चारण गर्दैअग्निकुण्डमा फालहाली प्राण त्याग गरिन भनि उल्लेख गरिएको छ (प्रसाई, वि.सं.२०७५, पृ.८०-९४) ।

### ढुंङ्गेधारा

चण्डेश्वरी मन्दिरको पूर्व दक्षिणपट्टि एउटा ढुङ्गेधारा रहेको छ । पूजारीकाअनुसार यो धारा निकै पुरानो हो । यस धारालाई केही वर्ष अगाडिदेखि अलि पर पूर्व दक्षिण तर्फ सारिएको छ । ठाउँ स्थानान्तर पछि अहिलेसम्म अटुट रूपमा पानि आइरहेको छ । चण्डेश्वरी मन्दिरमा पूजाआजा गर्नका लागि त्यही पानीलाई प्रयोग गरिदै आएको छ । कुँदेर निर्माण गरिएका ढुङ्गाका धारालाई ढुङ्गेधारा भनिन्छ । ढुङ्गेधारा नेपाली संस्कृतिका अभिन्न अङ्गका रूपमा रहेका छन् । अघि अहिले जस्तो नालीबाट खानेपानीलाई वस्तीसम्म पु¥याउने चलन थिएन् । त्यस समयमा वस्ती छेउमा तथा वस्तीको वीचमा नै ढुङ्गेधारा वनाउने गरिन्थ्यो । प्राचीन र मध्यकालमा विशेषगरी काठमाडौ उपत्यकामा यस्ता ढुङ्गेधाराहरू निर्माण

गरिएका पाइन्छन् । ढुङ्गेधाराहरू कुँदेर फूलबुट्टा यूक्त आकर्षक वनाउने चलन थियो । त्यस्ता धारा छेउमा मागिरथ, गङ्गा र अन्य देवी देवताका मूर्तिहरू स्थापना गर्ने गर्दथे । तत्काल धाराको टुटी पनि प्रस्तरबाट गोहीको मुखाकृतियुक्त निर्माण गरिन्थ्यो (दाहाल र खतिवडा, वि.सं.२०५८,पृ.३०५) ।

पानीको मुहान वा स्रोत वा नदी, खोलाबाट जमिन मुनिबाट पानी ल्याएर ढुङ्गेधारा वनाई पानीको आपूर्ति गर्ने परम्परा प्राचीन कालदेखि नै भएको देखिन्छ । बनर्जीकाअनुसार ईशाको चौथो शताब्दीदेखि नै विभिन्न प्रकारका धाराहरू बनाउने चलन चलेको वताएका छन् । यसले लिच्छविकालभन्दा अगाडिदेखि नै ढुङ्गे धाराको व्यवस्था थियो । जसलाई लिच्छविहरूले आफ्नो शासनकालमा अझ व्यवस्थित ढङ्गबाट व्यवस्था गर्नुको साथै धाराहरूको स्वरूप आकर्षक र कालिगढीयूक्त वनाए भन्ने उल्लेख गरेका छन् (बनर्जी, वि.सं. १९८०, पृ.६३) ।

लिच्छविकालीन धारा व्यवस्थाका कारणले मकरधारा, ढुङ्गेधारा, टुटेधारा, शिलाद्रोणी, जलद्रोणी आदिको प्रचलन समाजमा हुन गएको हो । ढुङ्गेधाराहरूको बारेमा जानकारी दिने लिच्छवि अभिलेख संवत् ४७२ को हाँडीगाउँको भैरबीको अभिलेख हो (वज्राचार्य, वि.सं.२०३०, पृ.१६९) । जसमा मानदेवका छोरीपट्टिका नाति भारविले धारा बनाई अभिलेख राख्न लगाएको चर्चा परेकोछ । धारा भएको स्थानलाई पवित्र पार्ने र स्नान गर्नासाथ देवदेवीको पूजा उपासना गर्ने उद्देश्यले यस्ता प्रतिमाहरू स्थापित गरिएका हुन् । धारा वनाउँदा धाराको अग्रभागमा लामो चोकको निर्माण गरी वरिपरि वा एकातिर भित्तामा धाराहरू वनाइएका हुन्छन् । यस्ता चोकहरूको आकार भने गोलाकार, आयताकार, वर्गाकार, षड्कोणीय अथवा अष्टकोणीय हुने गर्दथ्यो (क्षेत्री र रायमाझी, वि.सं.२०५६) । तर टोखाको धाराहरू भने खुल्ला स्थानमा वनाइएको छन् ।

चण्डेश्वरी मन्दिरको पूर्व र दक्षिण तर्फ एउटा पुरानो र पाँचवटा मकरामुख भएका धाराहरू रहेका छन् । मन्दिरको पर्खालभित्र रहेको धारा भने धेरै नै पुरानो धारा मानिन्छ । त्यसको २४ सौ घण्टा पानी आउने गरेका छ । जसलाई पुरानो स्थानबाट करिव ५ मिटर दक्षिणतर्फ सारिएको छ । त्यसै पर्खाल वाहिर रहेको पाँचवटा धारामध्ये एउटा धारा कालीको मन्दिरको स्थापना भएदेखि पानी आउने सुरु गरेको जानकारी स्थानीय गोविन्द डंगोलले दिएका छन् । मकर जलमा वस्ने हुनाले यसलाई गङ्गाको वाहन मान्ने गरिएको छ । नेपालमा प्राचीन तथा मध्यकालमा निर्मित ढुङ्गेधारामा मकरा मुखाकृति वनाउने चलन थियो । मकर अत्यन्त कामुक प्राणी हो । कामदेवको ध्वजामा मकरको आकृति अङ्कित गरिदिने चलन पनि छ । मकरलाई कतिपय विद्वान्हरू मकरध्वज पनि भन्दन्छन् (पाण्डेय, १९८८, पृ.४८४)।

नेपाली कलामा मकराकृर्तिलाई निक्कै महत्व दिने गरिएको पाइन्छ । सामान्यतः नेपाली शैलीको मन्दिरमा तोरणलाई अङ्लकृत गर्नका लागि समेत मकराकृर्ति निर्माण गर्ने चलन पाइन्छ । विगतमा ढुङ्गेधारा निर्माण गर्दा धाराको मुखलाई मकरा मुखाकृर्तिको वनाउने चलन थियो । खासगरी गंगाको

वाहनको रूपमा पानीका स्रोतमा मकररहने मान्यता राख्तै मकरलाई धाराहरूसँग सम्वन्धित गराउने चलन चलेको पाइन्छ ।

**कुलदेवताथान**

चण्डेश्वरी मन्दिरको पूर्व दक्षिणपट्टि टोखाका स्थानीयवासीहरूको कुलदेवता पनि रहेको छ । त्यसलाई ढुङ्गाको पर्खाल जस्तो वनाई तिनतिरबाट घेरिएको छ । पश्चिमतर्फ भने खुला राखिएको छ । त्यस स्थानमा देवाली पूजाका लागि विभिन्न देवी देवताका ढुङ्गाका मूर्तिहरू स्थापना गरिएका छन् । कुलदेवता भन्नाले कुनैपनि सांस्कृतिक समूहमा पनि एक परिवार भित्रका देवता मानिन्छ । कतिपय सांस्कृतिक समुदायमा भने कुल देवतालाई घर, आँगन, दलान र करेसावारीमा वस्ने देवता मान्ने चलन छ । कुलायन देवताको पूजाआजाको लागि आफनै समुदायको धामी या पुरोहितको आवश्यकता पर्दछ । यस्ता देवता अलग-अलग सांस्कृतिक समुदायमा अलग-अलग प्रकारको हुने विश्वास गरिन्छ । देवाली पूजा नेपालीहरूको ठूलो र महत्वपूर्ण चाडको रूपमा लिने गरिएको छ । यहाँ जाती अनुसार फरक-फरक ढङ्गले सम्पन्न गर्ने गरिएको पाइन्छ ।

नेवार समुदायका मानिसहरूले पनि हरेक वर्ष अनिवार्य रूपमा र महत्वका आफ्नो कुलपूजा सम्पन्न गर्दछन् । नेवारीमा देवाली पूजालाई “द्यगु पूजा” भनिन्छ । यो देवाली पूजा अक्सर गरेर अक्षय तृतीयादेखि लिएर सिठीनखः सम्ममा सम्पन्न गर्ने गरिन्छ । खासगरी यही अक्षय तृतीया तथा त्यस पछि कुमार षष्ठीसम्ममा पर्ने बिहिवार तथा आइतवारको दिन पारी देवाली पूजा अर्थात् कुलपूजा सम्पन्न गर्ने गरिएको स्थानीय ध्रुव जोशीको भनाई छ । यस दिनलाई वडादिनको रूपमा मानिन्छ (मुनकर्मी, वि.स.२०४२,पृ.३३८)। यो देवाली पूजा समयमा सम्पन्न गर्नाले आफ्ना कुलमा भएका विघ्न बाधाहरू हटेर जाने तथा लक्ष्मीले वास गर्ने विश्वास नेवार समुदायमा रहेको छ (मुनकर्मी, वि.स. २०४२, पृ.३३८)। यस दिन पारिवारिक भेटघाट तथा शुभ कामना आदान-प्रदान तथा सम्वन्ध सुधार चाहिं गर्ने जस्ता कार्य गरिछन् ।

आफ्नो इष्ट देवताको विधिपूर्वक पूजा गर्नु नै देवाली पूजा अथा कूलपूजा हो। आफ्नो कुलको रक्षार्थ कुलदेवताको पूजागरी मनाइने यो पूजा परम्परा निकै पुरानो मानिएपनि यसका प्रक्रियागत कुराहरूमा अनेक समय सापेक्ष परिवर्तन हुँदै आएको अनुमान गर्न सकिन्छ । देवाली पूजाको परम्परा आफ्नो राज्य तथा त्यहाँका जनताको सु-शान्तिका लागि राजा सुवर्णमल्लले “मेरु” तन्त्रको आधारमा चलाएको हो (मुनकर्मी, वि.स. २०४२, पृ.३२९) । भुवनमल्ल भनिने सुवर्णमल्लको हुन् भन्ने चाहि स्पष्ट भन्न सकिएको छैन् । तर पनि नेपाल र खासगरी नेवारी समुदायमा विशेष ख्याति र महत्व पाएको यो देवाली पूजाको बारेमा कुलायन तन्त्रमा पनि उल्लेख गरिएको छ । कुलायन तन्त्रले देवाली पूजा गर्दा प्राप्त हुने फलका विषयमा पनि ख्याख्या गरेको पाइन्छ (मनुकर्मी, वि.स. २०४२, पृ.३३०)। चण्डेश्वरी

मन्दिर परिसरमा रहेको यस स्थलमा टोमा रहेका डंगोल जातिका मानिसहरूले देवस्थलमा नै गई यो पूजा गर्ने गर्दछन् । डंगोलहरूको सङ्ख्या धेरै भएको कारणले पनि होला टोखाको सरस्वतीतिर वस्ने डंगोलहरूले भूतखेल स्थित इन्द्रायणी मन्दिरमा, सपनतीर्थ नजिकका मानिसहरूले त्यही नजिक स्थानमा पूजाआजा गर्दछन् । चण्डेश्वरीका डंगोलहरूले भने चण्डेश्वरी मन्दिर परिसरमा गएर कुलपूजा गर्ने गरेको देखिन्छ ।

चण्डेश्वरीका डंगोलहरू लगायत पूजारी कर्माचार्यहरू अक्षयतृतीया देखि सिठीनखः बीचमा अवसर मिलाई आ-आफ्ना देवस्थलमा खलकका सम्पूर्ण सदस्यहरू गई पूजा गर्दछन् । पूजाका सामानहरू सर्पनमा वोकेर वलि दिइने चौपाया लिएर यथा स्थानमा पुग्दछन् । यसरी कुलापूजाको लागि जादा "मालीवाजा"अनिवार्य रूपले वजाउनु पर्ने हुन्छ (भट्राई, वि.स.२०६४, पृ.६४)। यिनीहरूले आफ्नो कुल पूजाको लागि बोकाको बलि दिने गर्दछन् । देउता थानमा पुगेपछि श्रद्धाभक्तिसाथ विधि पुऱ्याएर सिँन्दूर फूलका माला, लावा, रोटी आदिका साथ बलि दिएर इष्ट देवताको पूजा गर्दछन् । देउताको थानमा परिवार बाहेक अरुको प्रवेश निषेध गरिएको हुन्छ । आफ्नो घरको छोरी विवाह गरेर गएको एक सालसम्म भने उनीहरूलाई रोक नलगाउने चलन त्यहाँका डंगोल जातिहरूमा रहेको पाइन्छ ।

टोखाका कर्माचार्यहरू पुरोहित वर्ग हुन् । कर्माचार्यहरूले नै टोखाको चण्डेश्वरीको पूजा चलाउँदै आएका छन् । अरुले झै यी कर्माचार्यहरू पनि आफ्नो कुला देवताको विशेष भक्ति र श्रद्धाका साथ पूजा गर्ने गर्दछन् । टोखाका कर्माचार्यहरू विहिवार वा आइतवार पर्खिराख्दैनन् । अक्षयतृतीयादेखि सिठी नखःभित्र कुनै पनि दिन आफूलाई अनुकुल पारी पूजा गर्ने चलन छ । कर्माचार्यहरूले भने टोखाको चण्डेश्वरीको थानमा गई बोकाको बलि दिएर कुलपूजा सम्पन्न गर्ने गर्दछन् । यिनीहरूको कुलदेवता भने थकालीकोमा रहने नियम रहेको छ । कुलदेवता पाल्नु धेरै गाह्रो हुने काजिराम कर्माचार्यको भनाई रहेको छ । यिनीहरूले चण्डेश्वरीमा आई बोकाको बलि दिई "समयज्वल" खाएर घन फर्कन्छन् । कुल देवता रिसाएको खण्डमा घरमा झैझगडा हुने, अनिकाल र देवप्रकोप वढ्ने,धन क्षति हुने, भागी सन्ततीलाई राम्रो नहुने,आयस्रोत राम्रो नहुने जस्ता विश्वासहरूले गर्दा कुलादेवतालाई रिझाउन तिनका थानहरू सफासुग्घर राख्ने तथा चाडवाड र उत्सवहरूमा तिनलाई पकवान लगायतका वस्तुहरू हवन गर्ने चलन पाइन्छ । कुल देवतालाई कुनै पनि साँस्कृतिक समूदायको घरभित्रका देवता मानिन्छन् । चण्डेश्वरी मन्दिर परिसरभित्र रहेको देवाली गर्ने स्थानलाई राम डंगोलका अनुसार त्यस कुलदेवतालाई भविष्यमा मन्दिर परिसरबाट हटाउँने तयारी तयारी भई रहेको जानकारी दिएका छन् ।

**दक्ष प्रजापतिले यज्ञ स्थल**

टोखा चण्डेश्वरीको दक्षिण तर्फ दक्ष प्रजापितले सत्ययुगमा गरेको अश्वमेघ यज्ञमा आफ्नो छोरी सत्तिदेवी र महादेवलाई नवोलाएपछि भएको भगवान्हरूको युद्धमा दक्षप्रजापतिपट्टिका धेरै देवताहरूको नास भएपछि त्यहाँबाट दक्षप्रजापति भागेर टोखाको चण्डेश्वरीमा आएर उनले

मायामाहालाई जगाएर विरभद्लाई मार्न यज्ञ गरेका स्थान चण्डेश्वरी भएको भन्ने भनाई चण्डेश्वरी वावाको रहेको छ । उनका अनुसार दक्षप्रजापतितर्फका देवताहरूसँग युद्ध हुँदा त्यस युद्धबाट मृत्यु भएका देवीदेवताहरूलाई गाडेको स्थान पनि चण्डेश्वरी नै रहेको विचार उनले गरेका छन् । विरुद्धलाई मार्नका लागि दक्षप्रजापतिले पुनः यज्ञ गर्न लाग्दा त्यहाँ चण्डेश्वरीमा आएर दक्षप्रजापतिको टाउँको विरभद्रले काटेको र उनको श्रीमतिको अनुनय विनय पश्चात विरभद्रले बोकाको टाउँको हालिएकोले त्यसको प्रतिविम्व स्वरूप आज पनि चण्डेश्वरीमा दक्षप्रजापतिको प्रस्तरको बोकाको टाउँको राखिएको शरीर थियो । त्यो हराएकोले हाल सिमेन्ट मूर्ति वनाएर राखिएको छ । त्यसै स्थानमा टाउँको नभएको वोकाको पनि मूर्ति ईंटाको स्तम्भ वनाएर राखिएको छ । त्यस स्थान पहिला निक्कै ठूलो रहेकोमा अहिले सानो ठाउँ वनाएर त्यसलाई तारको वारले घेरेर राखिएको छ । त्यस यज्ञ कुण्डमा खन्दा खेरी जति तल गएपनि खरानो जस्तो माटो अहिले पनि आईरहेको उनिहरूको भनाई रहेको छ ।

## ४.१०. चण्डेश्वरी मन्दिरको वरिपरि रहेका पाटी

चण्डेश्वरी मन्दिरका वरिपरि विभिन्न व्यक्तिहरूले मिलेर मन्दिरका पूजारी र गिरीका लागि वस्नका लागि पाटीको व्यवस्था गरेका छन् । अन्य विभिन्न समुदायका मानिसहरूका पनि पाटी त्यहाँ रहेका छन् । बनर्जीकाअनुसार “पाटी” भनेको एउटा सानो धर्मशाला हो । यसवाहेक पाटी यात्री र बटुवाहरूको “विश्राम स्थल” पनि हुन् । अत्यन्तै थकित भएपछि खाली खुट्टाले हिड्दा-हिड्दा गलेपछि तथा लामो बाटोसम्म भारी बोकेर थाकेपछि एकछिन विश्राम गर्ने स्थल नै पाटी हो । तर पौवा चाहि पाटीभन्दा ठूलो भरसक कुनै मन्दिर छेउमा बनेको तथा खासगरी तीर्थयात्रीहरूको स्थायी बसोवासका निम्ति प्रयोग गर्न सकिने गरी बनेको र अन्य किसिमका यात्रीहरूलेसमेत राती बास बस्न हुने थलो मानिन्छ (बनर्जी, १९९८०, पृ.६०-६१) ।

पार्टी, पौवाहरूको प्राचीनता लिच्छवि कालदेखि नै देखिन्छ । लिच्छवि अभिलेखहरूमा पाटी, पौवा वनाइएका उदाहरणहरू देखापर्दछन । यद्यपि हालसम्म लिच्छविकालीन कुनै पनि पाटी, पौवाका भग्न अवशेषहरू पाइएका छैनन् (कर्न, १९९३, पृ.८८) । श्लसरकाअनुसार आदिम स्वरूपमकोजहाँसुकै पनि निर्माण गरिएका विश्राम स्थलहरू नै पाटीहरू हुन् (श्लसर, १९९८२, पृ. १४६) । पाटीहरू ग्रामीण र सहरी क्षेत्र दुवैमा बनाइएको पाइन्छ । उपत्यकामा मध्यकालीन पार्टीहरू वर्तमान समयसम्म रहिरहेका छन् । पाटी विश्रामस्थलमात्र हुनाले खानेपानीको व्यवस्था पाटीहरूमा नहुन पनि सक्छ तर पौवाहरूमा भने खानेपानीको व्यवस्था पनि गरिएको हुन्छ ।

चण्डेश्वरी मन्दिर क्षेत्र भित्र विभिन्न किसिमका पाटीहरू निर्माण गरिएको देखिएता पनि हाल ती पाटीहरूको अस्तित्व रहेको देखिदैन् । नेपाल सम्वत ९१५ को अभिलेखमा ओगंलटोल (इन्द्रचोक) को दक्षिणघरको कृष्णनारायण भारो र रामकृष्ण भारो यी दुई जना भलादमीहरूले श्री चण्डेश्वरीको स्थानमा पाटी निर्माण गरेको उल्लेख गरिएको छ । नेपाल सम्वत ९१९ टोखा चण्डेश्वरीमा नारानकृष्ण र हर्षलक्ष्मी

यी दुई  जना स्त्री पुरुष ले छोरा थाकुसिंको नामामा पाटी वनाएको उल्लेख गरिएको छ । नेपाल सम्वत ९२७ मा चस्वापी टोलका धनलक्ष्मीले मनमा इच्छा उत्पत्ति भए वमोजिम टोखाको श्री ३ चण्डेश्वरीको स्थानमा पाटी वनाएको वताइएको छ । यी पाटीहरूमध्ये चण्डेश्वरी मन्दिरको पश्चिमपट्टि आचाजु पाटी जुन पूजारी वस्नको लागि वनाइएको पाटी हो । हाल यो पाटीको अस्तित्व त्यहाँ रहेको देखिदैन । चण्डेश्वरी मन्दिरकै पश्चिमतर्फ नै मचाभाइ पाटी पनि रहेको थियो । यो पनि अहिले त्यहाँ रहेको छैन् । अर्को गौरीमाया श्रेष्ठ पाटी चण्डेश्वरी मन्दिरको दक्षिण तर्फ रहेको भनिए तापनि त्यसको पनि अस्तित्व छैन् । अहिले भने दक्षिण तर्फनै एउटा नयां पाटी निर्माण गरिएको छ । चण्डेश्वरीको दक्षिण तर्फ पनि जोशी पाटी रहको थियो । त्यो वि.सं. १९९० अगाडिसम्म अस्तित्वमा रहेको देखिन्छ । हाल संरक्षणको अभाव जीर्ण भएर गएको स्थानीयहरूको भनाई छ । मन्दिरको दीक्षण तर्फ नयाँ निर्माण गरिएको पाटी यही जोशीहरूले निर्माण गरेका हुन । त्यहाँ बीचमा गजराज जोशीको शलिक राख्ने पनि वताइएको छ । चण्डेश्वरी मन्दिरमा रहेको पाँचधारासँगै महन्तगिरी पाटी रहेका थियो । स्थानीयहरुका अनुसार त्यो अहिले अस्तित्व रहेको छैन् । चण्डेश्वरी मन्दिरको पछाडि उत्तरतिर पनि श्याम श्रेष्ठ पाटी रहेको उनीहरूको भनाई रहेको छ । तर त्यसको पनि अहिले कुनै अस्तित्व रहेको देखिदैन् । विगतमा यस चण्डेश्वरीमा ६ वटा पाटीहरू रहेको देखिएकाले यो क्षेत्र अत्यन्त महत्वपूर्ण धार्मिक क्षेत्रको रूपमा रहेको मान्न सकिन्छ ।

## ४.११. शिलालेखको परिचय

प्रस्तरमा लेखिएका विभिन्न प्रकारका स्रोत  सामग्रीलाई शिलालेख भनिन्छ । कसैले दानदातव्य या त्यस्तै महत्वपूर्ण कार्य गरेको खण्डमा त्यसलाई कालान्तरमा सन्तान दरसन्तानलेजानुन् या त्यसको विवरण जीवित रहोस् भन्ने उद्देश्यले शिलालेख राख्ने परम्परा पाइन्छ । विगतमा भने कागजको आविस्कार भैनसकेको समयमा प्रस्तर लगायतका अन्य वस्तुहरूलाई पनि अभिलेख राख्ने कार्यमा प्रयोग गरिएको पाइन्छ । त्यसमा पनि प्रस्तर कडा वस्तु भएकाले र प्रस्तरमा लेखिएका सामग्रीहरू हजारौं वर्षसम्म पनि जस्ताको त्यस्तै रहने हुनाले धेरै जस्तो शिलालेख राख्ने परम्परा यो विश्वमा धेरै पहिले शुरु भएको देखिन्छ । अधि राजामहाराजा र धनीमानी वा शक्तिशाली व्यक्तिहरूले शिलालेख राख्ने कुरालाई धेरै नै महत्व दिने गरेको पाइन्छ । विशेषगरी ऐतिहासिक कालमा दानदातव्य या यज्ञयज्ञादि  सम्पन्न गरेपछि त्यसको स्मरणमा शिलालेख राख्ने चलन पाइन्छ (खतिवडा, वि.स.२०६०,पृं.२४)।

त्यसवेला राजामहाराजाहरूले विभिन्न प्रकारका प्रशस्ती लिएका तथा महत्वपूर्ण घोषणाहरू गरेका विवरण पनि शिलालेखमा उत्कीर्ण गर्ने परम्परा रहेको देखिन्छ । शिलालेखहरू इतिहास र संस्कृतिको अध्ययनका स्रोत पनि मान्ने गरिएका छन् । शिलालेखको महत्वलाई व्याख्या गर्दै ऐतिहासविद्हरूले नेपालको लिच्छवि कालको इतिहास अध्ययन गर्ने मुख्य स्रोतहरूनै शिलालेख हुन भनेका छन् । यसरी शिललोख विगतको मानिसका भिन्न प्रकारका कीर्तिमानी कार्यको विवरण राख्न लेखिएका सामाग्री हुन भने हालसम्म पनि दानदातव्य दिए शिलालेखमा नाम उत्कीर्ण गराउने परम्परा

नेपाली समाजमा अझै पनि कायम रहेको पाउन सकिन्छ । टोखा चण्डेश्वरीबाट चण्डेश्वरी देवलको सिढिमा गाडिएको अभिलेख, चण्डेश्वरीथान भित्रको अभिलेख, चण्डेश्वरीस्थान देवल अगाडिको अभिलेख, चण्डेश्वरीको देवल भित्रको अभिलेख, चण्डेश्वरीको आसनमा लेखेको अभिलेख, चण्डेश्वरीथान भित्रको अभिलेख, चण्डेश्वरीको देवलको अभिलेख, देबलदेखि दक्षिणपट्टिको शिलापत्र, उत्तर भत्कीएको पाटीको शिलालेख, मन्दिरभित्र भूईमा गाँडिएको शिलालेख, मन्दिरभित्र पर्खालको भित्तामा रहेको शिलालेख, मन्दिरभित्र तोरणमा रहेको अभिलेख र चण्डेश्वरीस्थान भूईमा गाडिएको शिलालेख जस्ता तेह्वटा शिलालेखहरू पाइएका छन् । ती शिलालेखहरूको विवरण परिशिष्ट ...मा उल्लेख छ ।

# पाँचौं अध्याय

# चण्डेश्वरी मन्दिरका अमूर्त सांस्कृतिकसम्पदा

## ५.१. अमूर्त संस्कृतिको परिचय

कुनै पनि भौतिक आकार नभएको, अनुभव गरी आनन्द लिन सकिने संस्कृति नै अभौतिक संस्कृति हो । भौतिक स्वरूप नभएका सामाजिक मूल्यमान्यता, परम्परा,विश्वास,भाषा,संस्कार,चाँडपर्व,जात्रा उत्सव,लोकसाहित्य,बुद्धि,सीप,ज्ञान, कलाकौसल, सामाजिक सङ्गठन आदि सवै अभौतिक संस्कृति हुन् । अभौतिक संस्कृति अर्मूत हुन्छ । त्यसैले यसलाई छुन र देख्न सकिदैन् । यस्ता संस्कृतिलाई अमूर्त संस्कृति भनिन्छ (तुलाधर र वज्राचार्य, वि.स.२०७०, पृ.१४)। अभौतिक संस्कृति नासवान हुदैन् । समाजलाई नीतिनियम अनुशासनमा राख्ने तथा आपसी सद्भाव बढाउने काममा यस्ता संस्कृतिको अहम् भूमिका हुन्छ । अभौतिक संस्कृतिको परिभाषा दिदै आफ्नो पुस्तकमा प्राध्यापक प्रेम खत्रीले देख्न,सुन्न सकिने तर कुनै निश्चित भौतिक आकार नभएको र महसुस गरी आनन्द लिन सकिने प्रकृतिका संस्कार र संस्कृतिलाई अभौतिक संस्कृति मानेका छन्( खत्री,वि.सं.२०७,पृ.८)।

नेपाल पर्यटन तथा संस्कृति मन्त्रालयले अभौतिक संपदाको सूचीकरण भाषा तथा मौखिक परम्परमा प्रचलनमा रहेको, लोपोन्मुख र लोप भइसकेको भाषा र भाषिकाहरू,प्रर्दशनकारी कला, नृत्य,सङ्गीत,नाटक,लोकगीत,मजन,वाद्यधुन,संस्कृति तथा समाजिक जीवनमा जात जातिय संरचना, आदिबासी जातिहरू, परम्परागत वर्णबादी जातिहरूवारेका आख्यानहरू,विश्वास र व्यवहार,संस्कार, चाडपर्व,उत्सव,जात्रा,मेला,सामाजिक रीति र परम्परा,मान्यता,रहनसहन,ज्ञान विज्ञानमा पुरोहित तथा विज्ञप्रथा,उपचारपद्धति,ज्योतिष,टुनामुना,धामी झाँकी प्रथा, अन्य विश्वास र मान्यताहरू,मठ-मन्दिर-गुम्बा साँस्कृतिक गतिविधिहरू सञ्चालन हुने तीर्थस्थल लगायत ऐतिहासिक स्थानहरूका वारेमा मौखिक ज्ञानलाई अभौति(अर्मूत) संस्कृतिभित्र राखेको छ ।

मानिसले जीवीको पार्जन गर्ने कममा परम्परागत रूपमा सिक्दै, भाग्दै र निर्माण गर्दै आएको जीवनशैली हो (खत्री र राई,वि.सं.२०७६,पृ.१)। यो आर्दशात्मक हुन्छ (तुलाधर,वि.सं.२०७०,पृ.१३)। वीणा पौडेलले मूर्तिकलाको अमूर्त पक्ष भन्ने पुस्तकमा अभौतिक संस्कृतिलाई मूर्ति नभएको स्वरूप,रूप नभएको,आकार नभएको, इन्द्रियवा अनुभव गर्न नसकिने,निराकार स्वरूपलाई अभौतिक भनेर शब्दकोशहरूमा व्याख्या गरिएको उल्लेख गर्नु भएको छ । त्यस्तै गरी संस्कृतिविद साफल्य अमात्यले उत्तरी हिमाली क्षेत्रका मनिरुम्द नाचदेखि,पहाडका घाटुनाच,सोरती,उपत्यकाको देवीनाच लगायत तराईको धाननांच,होली नृत्यहरू देशका विभिन्न समूदायले खुशी वाँड्न नाच्ने गर्दछन् यसलाई अभौतिक संस्कृति मान्नु भएको छ । अभौतिक संस्कृतिको परिभाषा गर्दै यूनेस्कोले “मानवजातिको साँस्कृतिक सम्पदा भन्नालेछुन सक्ने प्रयोग गर्न सक्ने, भौतिक वस्तु मात्र नभई, अनुभवगर्न सक्नेअभौतिक पक्ष पनि हुन्

भन्ने अवधारणा जुन विकसित भएकोछ । यसैलाई मनन् गरी यस्तो अभौतिक संस्कृतिको पनि संरक्षण गर्नुपर्ने ठहर गर्दै सन् २००३ मा अभौतिक साँस्कृतिक सम्पदाका पक्षहरूलाई संरक्षण गर्ने प्रस्ताविलाई अनुमोदन गरेको छ ।

## ५.२. युनेस्कोको वर्गीकरणका आधारमा चण्डेश्वरी पीठका अमूर्त सांस्कृतिक सम्पदा

समाज,धर्म,सँस्कृति एक सिक्काको दुई पाटा जस्तै हुन् । समाज विना धर्म, संस्कृति हुँदैन । धर्म सँस्कृति बिनाको समाज पनि बन्दैन् । हरेक समाजका आफनै धर्म सँस्कृतिहरू हुन्छन् । जति पनि साँस्कृतिक पर्व जात्राहरू छन् ती सबै धार्मिक ग्रन्थमा आधारित रहेका छन् । धार्मिक ग्रन्थको घटनाको परिदृश्य साँस्कृतिक जात्रा हो । साँस्कृतिक पर्व,जात्राले धार्मिक घटनाको दृश्यलाई देखाउने काम गर्दछ । नेपालमा वर्ष भरिमा लगभग महिनै पिच्छे विभिन्न किसिमका पर्वपूजाहरू हुने गर्दछन् । यी विभिन्न समयमा हुने जात्राहरू विविध सम्प्रदायसँग सम्बन्धित आदश,कर्मकाण्डमा मिश्रित भएर जात्रालाई यथार्थता दिने गरेको पाइन्छ । नेपालमा मनाइने विविध जात्राहरूमध्ये टोखा चण्डेश्वरीमा पनि मनाइने जात्राहरू पनि एक महत्वपूर्ण जात्रा हुन् । चण्डेश्वरीमा पनि विभिन्न समयमा विविध जात्राहरू सञ्चालन हुने गरेको जानकारी पाइन्छ । टोखा चण्डेश्वरीमा धेरै देवीदेवतासँग सम्बन्धित जात्रा,पर्वपूजा प्रचलनमा रहेका छन् । यस मध्ये पनि टोखा चण्डेश्वरीसँग सम्बन्धित पर्वपूजाहरू परापूर्वकालदेखि नै प्रचलन आएको मानिन्छ । चण्डेश्वरीलाई भगवतीको रूपमा पूजिने भएकोले त्यससँग सम्बन्धित चाडपर्व, जात्रा र पूजाहरू यस स्थानमा सम्पन्न गरिन्छ ।

### ५.२.१. मौखिक परम्परा एवम् अभिव्यक्ति

**विस्केट जात्रासम्वन्धी जनश्रृति**

समाजमा प्रत्येक चाँड,जात्रा, परम्परा समाजमा घटेका कुनै न कुनै घटनासँग सम्वन्धित हुन्छन् । मानवले फेरि-फेरि सम्झना योग्य रहेका घटनाहरूलाई लिएर विभिन्न चाड र परम्पराको थाली गरेका हुन्छन् । यसैले संस्कृतिलाई मानव-निर्मित वातावरणको अंग मानिएको छ (हर्स कोविज,१९७४, पृ.३०५)। सम्झना योग्य घटनाहरूले कथाको पनि रूप लिएको हुन्छ, जसलाई किम्वदन्ती, लोकथा र दन्त्यकथा पनि भन्ने गरिन्छ । यस्ता कथाहरू पुस्ता दर पुस्ता सुनाउंदा सुनिदै जाँदा अनेक कल्पना र आवरण जोडिदै जान्छ र त्यसमाथि धार्मिक वा पौराणीक प्रभाव पनि मिसिएपछि कथाको रूप कठीन हुँदै विश्वास गर्न समेत नसकिनी जस्तो अवस्थामा पुग्नसक्छ । परिमाण स्वरूप एउटै कथाको पनि स्थानगत र जातिगत भेदले एकभन्दा बढी रूप पनि देखिन सक्छ । ठीक यस्तै, गरी विस्केट जात्राको उत्पत्तिसित जोडिएका अनुश्रृतिमा केही अंशमा मेल खाएतापनि अधिकांश मिलेको छैन र घटनाको वास्तविकता बुझ्न नै कठीन भएको पाइन्छ । विस्केट जात्रा सम्वन्धी अनुश्रृतिहरूको उल्लेख निम्नानुसार गरिएको छ :-

**पहिलो जनश्रृति**

लिच्छविराजा शिवदेव द्धितीयको समयकालमा पुर्वरिका किराँतहरूबाट हमला हुँदा राजा वज्रयोगिनी(साँखुको खड्गयोगिनी) को शरणमा गए छन् । वज्रयोगिनीले राज्यका शेखर अचाजु (कर्माचार्य) सित सल्लाह लिन भनेपछि राजाले सोही वमोजिम गरे भनी उल्लेख गरिएको छ(जोशी,१९८२ पृ. ७५-७६)। शेखरले आफ्नो राज्यमा आएको संकटलाई समाधान गर्नका लागि आफु वाघवनी अरु हजार वाध तयार पारी राती हमला गरी सम्पूर्ण किराँतहरूलाई भगाए र पछि उनैले दिएका अक्षेताद्वारा राजाले वाघलाई हानेपछि वाघ वनेको अचाजु आफ्नो पुर्वरूपमा परिणत भए । अचाजूबाट खुशी भई राजाले उनलाई सिन्दूर जात्रा गरी घर फर्काई दिए । अचाजुको श्रीमति नररूपाले आफ्ना पतिको पराक्रम थाहापाई आफुले कहिले नदेखेको अजिङ्गगरको रूप हेर्न अनुरोध गरिन् । आफ्नो अजिङ्गरको रूप हेरेपछि आफुलाइ दिएको मन्त्र गरिएको एक मुठी अक्षेताले हान्न भनी अचाजुले पत्नीलाई सल्लाह दिए । शेखर अजिङ्गर भए त्यस्तो डरलाग्दो रूप देखेर डराएकी नररूपमा अक्षेताले हान्नु पर्ने कुरा विर्सी भाग्न थालिन तर अजिङ्गर वनेका अचाजु तिनले अक्षताले हानीदेली भनी पछि-पछि गए । त्यस समयमा डराएर भागेकी नररूपाको पटुकी फुस्केर कस्नको लागि हातमा भएको अक्षता मुखमा राखी खान पुगीन र उनी पनि अगिङ्गर वनिन् । यसरी अजिङ्गर वनेका दम्पत्तीले आफ्नो रूपमा फर्किन मन्त्र जानेका राजाले देखुन भने दरबारको अगाडि पूच्छरले टेकेर उभिन पुगे । तर अजिङ्गरको उपस्थिति वारे राजालाई जानकारी दिदा हेर्न नगई उनले कुनै हानी नोक्सानी मात्र भने फलतः अचाजु दम्पत्ती त्यहाँबाट निरास भई यसिख्यमा गई भद्रकाली पीठनिर रहेको प्वालमा गई आत्हत्या गरी मरे ।

त्यसपछि राज्यमा अनिकालपरी हांहाकार भयो र यसको कारण अजिङ्गर दम्पत्तिको मृत्यु हो भन्ने हल्ला चल्यो । यस्तो स्थितिमा दरवारमा सवैले राजालाई शान्ति-स्वस्ति गर्ने सल्लाह दिए । सो कामको लागि राजाले अचाजुलाई वोलाउन पठाउँदा कसैले पनि भेट्टाउन सकेनन् । राजा आफै तिनको घरमा जांदा अजिङ्गर दुईवटा घस्रेर हिडेको चिन्ह देखी त्यसर्ला पछ्याएर जादा यसिख्यको प्वालमा मृत अजिङ्गगर लास देखे । चोला फेर्न जान्ने अचाजुको गुह्य बुझेका राजाले तिनलाई अचाजु दम्पती नै हो भन्ने कुरा बुझे पछि देशका जान्ने तान्त्रिकहरूलाई वोलाउदा पनि केही लागेन । राजाले गुरुको मृत्युमा ठूलो शोकगरे । उनै अचाजु गुरुको पराक्रम र गुणको वखान कालान्तारसम्म सवैले थाहा पाउन भन्ने उद्देश्यले ती दुवैको लाशलाई वर्षको अन्तिम दिन यर्सख्यमा लामो काठको लिङ्गोमा झुण्डाई नेवारीमा "विस्यात"भन्ने नामले जात्रा चलाए भन्ने उल्लेख पाइन्छ(पन्थी(पाण्डेय), वि.सं.२०७५,पृ.२)।

**दोस्रो जनश्रृति**

विस्केटजात्रा सम्वन्धी अर्को जनश्रृति निम्नानुसार उल्लेख गरिएको छ । हिजोआज मुख्य प्रचलित भएको र यसैमा सत्यता रहेको मुनकर्मीको भनाई रहेको छ(मूनकर्मी,१९८४,पृ.२९२) । उनले

परापूर्वकालमा एउटा प्रतापी राजा थिए,जो आठवटा सिंहहरूको मूर्तिले शोभायमान भएको दरवारमा वस्दथ्ये । उनले आफनी सुन्दरी छोरीको विवाहगरिदिने धेरै प्रायस गरे,तर दुलाहा हुने उम्मेदवार व्यक्तिले एकरात पनि उनकी छोरीसँग विताउन नसकी अर्को दिन मरि राखेको पाए । यसैकारणले गर्दा उनले आफ्नो छोरीसित एकराट विताउन सक्ने व्यक्तिसित धन सम्पत्ति र राज्य सहित छोरीको विवाह गरिदिने उर्दी लगाए । धेरै व्यक्तिले दुलाहा हुन खोजे तर तिनीहरू सवैको मृत्यु भयो । त्यसरी मारिनुको रहस्य वाहिर आउन पनि सकेको थिएन् । जो दुलाहा वनेर आउदथ्यो । उसका लागि भोलि विहानका लागि लांशको विर्सजन गर्ने मुर्दा राख्ने खट बोक्ने गुठीको वन्दोवस्त समेत गर्नु पर्दथ्यो ।

एक दिन एउटा प्रतापी वलवान राजकुमारले देश वनाउन भनी घुमिरहंदा घना जंगलको वीचबाट खोला वगीरहेको ठाउंमा एक करण अवस्थाकी कपाल फुकाई जीर्ण अवस्थामा पुगेकी एउटी बुढीलाई देखे पछि राजकुमारले बुढीलाई यसरी एकान्त जङ्गलमा वस्नुको कारण र तिनको परिचय बुझ्न खोज्दा बुढीले राजाकी छोरीको व्यहाँरा सुनाइन र दुलाहाको उम्मेदवारलाई सुतिसकेपछि राजकुमारीका नाकका दुवै प्वालबाट एक जोडा सानो सर्प निस्केर ठूला अजिङ्गर हुने र तिनले मार्ने गरेका कुरा वताइन् ।यसले गर्दा राजाले छोरीको विवाह गरिदिन जोसुकैलाई दुलाहाको उम्मेदवार वनाउन खोजेकाले भक्तपुरका वासिन्दाहरू देश छाडी भाग्न थाले । भक्तपुरका वासिन्दालाई मर्नबाट जोगाउन बढीले राजकुमारलाई यहाँबाट केही परजाँदा पूर्वतिर एउटा खड्ग पाउने छौ र त्यसले राजकुमारीको नाकको प्वालबाट निस्कने सर्पको जोडालाई दुई टुक्रा पारी मारिदिनु र त्यसपछि राजाको छोरीसित विवाह गरी तिम्रो भाग्य खुल्नेछ भनी बुढी अर्न्तध्यान भइन् ।

राजकुमारले पूर्वतिर लाग्दा त्रिवेणी खोला(यसिंख्यको पश्चिमतिरबाट वगेको खोल्सो) मा बुढीले भने अनुसार खड्गफेला पारे र सो लिई राजाकी छोरी माग्न पुगे । दुवै दुलाहा-दुलही राती कोठामा सुत्दा दुलही निदाएको वेला एक जोडा सानो सर्प निस्की ठूलो अजिङ्गर भई राजकुमारलाई डस्न लाग्दा खड्गले दुई टुका पारी काटिदिए छन् । भोलिपल्ट साविक वमोजिम राजकुमारको लाशलाई विर्सजन गर्ने हेतुले हेर्न जाँदा उनी वाँचेको र कोठामा उनको वदलामा अजिङ्गर दम्पतीको लाश फेला पऱ्यो । यो घटनाको सत्य-तथ्य विवरण माग्दा राजकुमारले अजिङ्गर दम्पत्तीलाइ मारेको हतियार चुपि त्रिवेणी खोला निर चर्पिगं(चुपिङ्गाल) मा रहेको वताए । अजिङ्गर दम्पत्तीले मर्नु भन्दा अघि राजकुमारलाई यसो भनेका थिए - तिमी वडा पुरुषार्थी रहेछौ । हामीले यस देशमा रहेका धेरै पुरुषार्थ भएका राजकुमारहरू मारिसकेका छौ । अव हामी दुवै एक ठाउँमा मर्न लाग्यौ हामी मरेपछि हाम्रो पुरुषार्थ देखाउनका निमत्ति सवैले देखिने गरी जात्रा चलाई दिन अनुरोध गर । यी सवै कुरा थाहा पाएपछि राजाले सो राजकुमारसँग छोरीको विवाह गरिदिनुको साथै अजिङ्गर दम्पत्तीको लाशलाई दरवार भएको ठाउँ टौमढीटोलबाट खटमा राखी जात्रा गरी यसिख्यमा लगी विसर्जन गरिदिए । यसरी राजा हुन पुगेका राजकुमारले राजदरवारमा धेरै ज्योतिषीहरू भेलागरी अजिङ्गर दम्पत्तीको अनुरोध सुनाए पछि अन्त्मा मरेका अजिङ्गर दम्पत्तीको लाशलाई हरेक वर्ष चैत्र मसान्तको दिन सवैले देखिने गरी लामो काठको लिङ्गमा झुण्डायाई देखाउने गरिन्छ भने त्यसको

चौविस घण्टा पछि लिङ्गोलाई ढालेर विसर्जन गराउने वन्देवस्त गरे । यसैलाई विस्केट जात्रा भनिन्छ । शुरुमा अजिङ्गर दम्पत्तीको लाशलाई एउटा ठूलो घरमा झुण्डाई देखाउने गरिएकोमा पछि लिङ्गोमा झुण्डाएर शरह घुमाउने गरिएको उल्लेख गरिएको छ(पन्थी(पाण्डेय), वि.सं.२०७५,पृ.२)।

### तेस्रोजनश्रृति

जात्रा सम्वन्धी अर्को अनुश्रृतिमा परापूर्वकालको कुनै राजाको छोरीको घोषित विवाहको आधारमा "राजा" शब्दले आधुनिक अर्थको राजा मान्ने हो भने प्राचीनकालभन्दा पूर्व पुऱ्याउन सकिदैन तर राजा शब्दको पौराणिक अर्थ अनुसार सवैले मन पराएको वा सवैलाई रिझाउन सक्ने वा सवैले चुनेको रूपमा समाजको नायकलाई सम्वोधन गरिने शब्द भनी मान्दा यो आदि इतिहासकालिन वा नेपाली सन्दर्भमा पौराणिक वा अनुश्रृतिको काल भनी मान्नु पर्ने अनुमान हुन्छ भनी प्राचीन नेपालमा केदारनाथ प्रधानले भक्तपुरको विस्केत जात्रा र यसको प्राग ऐतिहासिक भन्ने लेखमा उल्लेख गर्नु भएको छ । विवाहमा राजाकै घोषणाको उल्लेखले पितृप्रधान समाजकालीन देखिन्छ र दोस्रो ` अनुश्रृतिअनुसार सर्प मार्ने व्यक्तिलाई एउटी बुढीले गुप्त कुरा र कालीको मुख्य हतियार भनी मानिने खड्गको प्राप्ति स्रोतवारे वताएकी भन्ने उल्लेखले त्यसवेला मातृप्रधान समाजको अन्त्य भैसकेको र नयां पितृप्रधान व्यवस्थाको विरुद्ध कतै-कतै मातृप्रधान व्यवस्थाका पक्षपातीहरूको संघर्ष हुंदै गरेको समयकाल भन्ने अनुमान पनिगरिएको छ । नेपालका प्रचलित चाड पर्वहरूमा पनौतीको व्राम्हायणीजात्रामा अर्न्तपुस्ता(वाबु-छोरी, आमा-छोरा वीचको यौन सम्वन्धको मान्यता सम्वन्धी विवाद,वनेपाको चण्डेश्वरी जात्रामा एकनिष्ठ विवाह सम्वन्धी आभास र काठमाडौ उपत्यकाका विभिन्न देवीहरूको जात्रामा पनि मातृप्रधान वा पितृप्रधान समाजकालीन सामाजिक स्थिति वारे प्रकाश पारेको देखिन्छ । यसरी विचार गर्दा विधिवत वा मनोरञ्जनपूर्ण चाँडको रूपमा पछि मात्र थालनी भए तापनि जात्राको मुख्य थालनी आदि इतिहासकालमै भएको मानिएको छ (प्रधान,वि.सं.२०४४,पृं १३-२२)।

### चौथोजनश्रृति

जात्रा सम्वन्धी एउटा अर्को अनुश्रृति अनुसार विस्केट जात्रा नाग दम्पत्तिको "स्मृति दिवस" हो र यसलाई शिवदेवले चलाएका हुन भन्ने पनि उल्लेख गरेको पाइन्छ (जोशी,१९८२,पृ.७६)। तर यसको खण्डन गर्दै डिल्लीरमण रेग्मीले यसो भनेतापनि कति वर्ष पुरानो हो भन्ने आधार नभएको बताउँदै सोह्रौ शताब्दीका भक्तपुरका अभिलेखहरूमा शकं सम्वत,नेपाल सम्वत सगंसगै विक्रम सम्वतको पनि प्रयोग भएको छ ।त्यसैले व्रिकम सम्वतको अन्तिम दिन र अर्को नयां सम्वतको पहलोदिन जात्रा हुने गरेको आधारमा सोही उपलक्ष्यमा मान्ने गरेका तर्क राखेका छन् । उनले आफुसँग रहेको भनी उल्लेख गरेका संस्कृत वंशावलीको आधारमा भक्तपुरका राजा विश्वमल्लको समयमा यो जात्रा शुरु भएको उल्लेख गरेका छन्(रेग्मी,१९६६,पृ.६५२)। रेग्मीले नेपाल सम्वत ८०८ को भक्तपुरको एउटा अभिलेखमा उल्लेख भएको जनाएका छन् । अर्को अनुश्रृति अनुसार भक्तपुरका राजा जगज्योति मल्लको समयमा विस्केट

जात्रा हेर्न आएका काशीका विश्वनागको मानव रूपको टाउको काटिएपछि आकाश भैरवको नामले मन्दिर वनेको र सो भक्तपुरको टौमदीटोलमा प्रख्यात रहेको पनि पनि वताएका छन्(रेग्मी,१९६६,पृं.६५०)। पछिल्ला वंशावलीमा वस्केत जात्राको समयमा भक्तपुर र उपत्यकाका अन्य भेगका जात्रुहरू बीच भूपतीन्द्र मल्लको पालामाझगडा भएको पनि रेग्मीले आफ्नो पुस्तकमा उल्लेख गर्नु भएको छ । यी माथि गरिएका चर्चाबाट विस्केत जात्राको प्रारम्भिक रूपको थाली आदि इतिहांसकालमा भएको,अलि व्यवस्थित ढंगले जात्राको प्रचलन लिच्छविकालमा र पूर्ण व्यवस्था चाहि भैरब र कालीको रथयात्रा समेत समावेश गर्ने कार्य मध्यकालको उत्तराद्धताका भएको हुनसक्ने अनुमान गर्न सकिन्छ ।

## ५.२.२. प्रदर्शनकारी कला

### क) विस्केट जात्रा

विस्केट जात्राको नालीबेली खोज्दा यसलाई “विश्वकेतु यात्रा” वा “विश्वध्वजयात्रा” पनि भनिएको पाइन्छ । विश्वख्वाल-यात्रा, तथा वीसिका यात्रा भनेर पनि यही जात्रालाई भन्दछन् (वज्राचार्य,वि.स.२०३२, पृ.१६०)। विस्केट जात्राको उत्पत्ति र नामाकरणको सम्वन्धमा विभिन्न शास्त्रोक्त वचन, वंशावली तथा किम्वदन्तीहरूमा आधारित रहेको देखिन्छ । यसै प्रसङ्गमा एक थरी विद्वान्‌हरूले“गौतम पुराण” लाई आधार मानी मनुवचनको रूपमा- “चैत्र मसान्तको दिनमा विश्वकेतु वा विश्वध्वजा नामक पतका सहितको लिङ्गो उत्थान गरी उत्सव मनाउने देशमा सुमिक्ष र कल्याण हुन्छ” भनिएको कुरामा विश्वास राख्दै यही विश्वकेतुबाट “विस्केट” नाम रहन गएको तथा यसको प्राचीनतालाई वैदिककालसम्म पुऱ्याउन सकिने मान्दछन्(रेग्मी,१९६६, पृ.६५०)। एकथरी वंशावलीले भने “सर्प मरिसकेपछिको जात्रा” भन्ने अर्थमा “बिसिका” भनिएको र त्यसैबाट विस्केट भएको वा यही वीसिका जात्रा हेर्नआउने काशीका विश्वनाथको शीरसँग सम्वन्ध देखाउँदै “विश्वख्वाल” जात्रा भनिएको हो । कालान्तरमा त्यही जात्रा बिस्केट भएको कथा जोडेको पाइन्छ(भट्टराई,वि.स.२०६४,पृ.२७)। तर यस जात्राबारेको किम्वदन्तिभने लिच्छवि राजा शिवदेवतथा उनका तान्त्रिक गुरु शेखर आचार्यसँग पनि जोडिएको पाइन्छ । जहाँ आचार्यले सहस्र बाघको रूप धारण गरी २४०० किँराती फौजलाई भगाएको कुरा आचार्यकी श्रीमतीले थाहापाई उनलाई अजिङ्र हुन् कर गरेकी र तत्पश्चात् आचार्यले भनेको निर्देशन पालन गर्न नसक्दा दुवै सर्प बनी तिनलाई मारिएको प्रसंगमा यो जात्रा सुरु भएको भन्ने पनि रहेको छ ।

विस्केट जात्रा नेपालको एक प्राचीन जात्रा हो । अग्लो लिङ्गो ठड्याउनु लामो ध्वजा फहराउनु, लिङ्गोको दुप्पोमा हरियो पात सहितराख्नु वा अरु स्याउला बाँध्नु आदि यसका आफ्ना मौलिक क्रियाकलाप तथा विशेषता हुन् । यसै अवसर पारेर गरिने अन्य देवदेवीका रथयात्रा,खटयात्रा आदि चांहि बिस्केटको सम्मानार्थ पछि थपिएका जात्रो देखिन्छन् । तान्त्रिक विधिबाट अभिमन्त्रित भेडाको टाउकाले छोएको रुख नै काट्ने प्रावधान रही आएको छ (पन्थी, पाण्डेय), वि.सं.२०७५,पृ.२)। “विस्केट”शब्द नेपाली

शब्द हो र यो नेवारी शब्द विसिखातको अपभ्रस भएर विस्काट भएको भनिएको छ । यस जात्राको उत्पत्ति भक्तपुरबाट भएकोले भक्तपुरका वासिन्दाहरू यस जात्रालाई वि सिकाया जात्र अर्थात सर्प मारिएको उपलक्ष्यमा गरिने जात्रा भन्दछन् । यसलाई सत्यमोहन जोशीले विसिका अर्थात वि भनेको सर्प र सिका भनेको मरेपछि गरिने जात्रा भनी उल्लेख गरेका छन्(जोशी,वि.सं.२०३९,पृ.७५)। अन्य पनि विभिन्न धारणाहरुले यो सवैभन्दा सार्थक र सही भएको स्थानीयहरूको धारणा छ । विसिकाया जात्राविस्का जात्रा हुँदै नेवारीमा विसिका र विस्का,नेपालीमा विस्काट र पछि विस्केट् हुन गएको भन्ने जनविश्वास पनि रहि आएको छ । यसलाई विस्यात अर्थात लामो काठको लिङ्गो र विसिख्याट अर्थात् सर्प भएको लिङ्गो पनि भन्ने गरेको पाइन्छ ।

विस्केट जात्रा कहिलेदेखि प्रारम्भ भयो भन्नेवारेमा हालसम्म पनि स्पष्ट हुन सक्ने ठोस प्रमाणहरू प्राप्त हुन सकेको छैन् । कुनै अनुश्रुतिले लिच्छविकालीन र कुनै प्रमाणले विक्रम संवतको प्रारम्भदेखि विस्केटजात्राको आरम्भ भएको हुन सक्ने उल्लेख गरेका छन् (प्रधान, वि.सं. २०४४, पृ.१३-२२) । पहिलो अनुश्रुति अनुसार "पूर्वतिरबाट भक्तपुरमा किँरातहरूले आक्रमण गरेको वा गर्न लागेको" भन्ने उल्लेखले यस जात्रालाई उपत्यकामा किँरातहरूको शासन कायम हुनुभन्दा अघिको नै शुरु भएको अनुमान गर्न सकिन्छ,अर्को अनुश्रुतिमा "लिच्छवि शासक शिवदेव द्वितिय" को उल्लेख भएको घटनाले समयकाल लिच्छविकालको उत्तरार्द्धको प्रारम्भतिर भनी मान्नु पर्ने देखिन्छ । विश्वेश्वरदेवतासँग सम्वन्धित विश्वजात्रावारे वि.सं.६६१ को शिवदेव र अंशुवर्माको कालको लेलेको अभिलेखमा ध्वज गोष्ठीको उल्लेख भएको छ । यसले तत्कालीन समयमा लिङ्गो ठड्याउन र ध्वजा फहराउनका लागिगुठीको व्यवस्था गरिएको बुझिन्छ(वज्राचार्य,वि.सं. २०३० पृ.४०) ।

### टोखाको विस्केट जात्रा

अनेक नेपाली मौलिक जात्राहरू मध्ये विस्केट जात्रा पनि एक प्रमुख जात्रा रहि आएको छ । काठमाडौका नेवार समूदायमा विक्रमको चालु संवत्‌को अन्त्य तथा नयाँ संवत शुरु भएको अवसर पारी सम्पन्न गरिने यो विस्केट जात्रा कुनै एक ठाउँ र एकै तरिकाले मात्र सम्पन्न नभई हरेक प्राचीन नेवार वस्तीहरूमा आ-आफनो तरिकाले सम्पन्न गरिनु नै यसको प्रमुख विशेषा रहेको देखिन्छ । नेपाल सम्वत ६०२ अधि सम्म उपत्यका एउटा सिंगो राज्यको रूपमा रहेका र यी राज्यको राजधानी "भक्तपुर" भएकोले संभवक्त यो विस्केट जात्रा पनि त्यही सम्पन्न गर्ने गरिन्थ्यो । खासगरी विक्रम सम्वंत् अनुसार वर्षको अन्तिम दिन सुरु भई नववर्षको पहिलो दिन सम्पन्न हुने गर्दछ जुन परम्परा आजसम्म पनि यद्यपि चलनमा रहेको छ । कालान्तरमा जसरी राज्यहरू विभिन्न टुक्रामा विभाजन भयो,प्रत्येकले आ-आफ्नो राज्यमा र क्रमश शहरका वरिपरि रहेका साना-साना नेवारी वस्ती क्षेत्रमा पनि यो जात्रा मनाउने परम्पराको शुरुवात गर्दै लिङ्गो ठड्याउँने जस्ता मूल सिद्धान्तलाई कायम राखेरै पनि सम्वन्धित क्षेत्रका देवदेवी तथा मन्दिरसँग आवद्ध गरेर विस्केट जात्राको विविधतामा ल्याएको पनि देखिन्छ ।

टोखा एक प्राचीन नेवारी बस्ती भएकोले यो ठाउँ पनि प्राचीनकालदेखि नै यस्ता पौराणिक तथा शास्त्रोक्त जात्रा पर्वबाटअलग रहन सकेन् । यस्तै क्रममा यहाँ पनि विक्रमको नयाँ वर्ष प्रारम्भ भएको उपलक्ष्यमा मनाइने बिस्केट जात्रा परापूर्वकालदेखि नै मनाईदै आएको देखिन्छ । यस क्रममा लिङ्गो ठड्याउनु, ध्वजा राख्नु,सेउला बाँध्नु जस्ता बिस्केटका आफ्ना प्रक्रिया मूल रूपमै गरिए पनि त्यसको साथसाथ गरिने विभिन्न देवदेवीका जात्रा तथा प्रक्रियाहरू भने स्थानीय देवदेवी, तिनसँग सम्बद्ध ऐतिहासिक तथा साँस्कृतिक पृष्ठभूमि, टोखाको भू-बनोट तथा नगरको निर्माण तथा यस क्षेत्रका बासिन्दाको सामूहिक मनोबिज्ञानका आधारमा तय भएको देखिन्छ । टोखा चण्डेश्वरीको बिस्केट जात्रा अन्य ठाउँमा सम्पन्न गरिने जात्रा भन्दा अनेक अर्थमा फरक र मौलिक देखिन्छ । टोखा चण्डेश्वरीमा मुख्य बिस्केट जात्रा गरिनु भन्दा करिव एक महिना अघि नै यसका प्रक्रियाहरू सुरु हुन्छन् । बिस्केट जात्राको मूल सम्वन्ध रहेको विश्वध्वजोत्थापनको कार्य भने यहाँ चैत्र कृष्ण आमवश्यकै दिन गरिन्छ ।यदि नयाँ लिङ्गो ल्याउनु पर्ने हो भने सो भन्दा पाँच छ दिन अघि नै शिवपुरीको जंगलबाट सरकारले तोकेको स्थलको सल्लाहको रुखको लिङ्गो काटेर काँधमा समेत नवोकी घिसारेर टोखा स्थित तपलाछि टोलमा ल्याइन्छ । यो बस्तीलाई थनेलाछि पनि भन्दछ । चैत्र आमवश्यको दिन गुठियारहरूको सक्रियातामा परापूर्वकालदेखि लिङ्गो ठड्याउदै आइरहेको स्थानमा अर्थात् पुरानो स्थानमा नै लिङ्गोको टुप्पोमा सेउला बाँधेर तथा पताका फहराउन मिल्लने गरी डोरी बाँधेर लिङ्गो ठड्याउने कार्य गरिन्छ ।

जात्रामा लिङ्गोलिन जाने, लिङ्गो गाड्ने जस्ता कार्यको लागि स्थानीय डंगोलजातिका मानिसहरूको संलग्नता रहेको गुठी छ । अन्य जातिले पनि तिनलाई उत्तिकै सहयोग गर्ने गर्दछन् । चण्डेश्वरीलाई मात्र छुट्याएर यसको जात्रा सम्पन्न गर्न सकिदैन । तापनि विस्केट जात्रा चैत्र ३० गतेदेखि बैसाख ४ गतेसम्म हर्ष उल्लासमय वातावरणमा मनाइन्छ । भक्तजन लगायत सर्वसाधारण मानिसहरू चैत्र मसान्तको दिन वागमती नदिको मुहना जसलाई वाग्द्वार भनिन्छ, त्यहाँ गएर पोखरीमा नुहाउँछन् । संक्रान्तिको दिन चण्डेश्वरी आर्य पूजाआजा गर्दछन् । चण्डेश्वरी जात्राको लागि छुटै गुठीको व्यवस्था पनि रहेको छ । यो जात्रा खासगरी  वैशाख १ गतेका दिन चण्डेश्वरीको ढलौटको मूर्तिलाई द्योः छैंबाट निकालिन्छ । चण्डेश्वरीको प्रतिमूर्तिलाई खट्मा राखेर १ गते राती ताले टोलमा रातभरी त्यही राखिन्छ ।त्यस रात मानिसहरू जाग्राम वस्ने गर्दछन् । बैसाख २ गतेका दिन भोलीपल्ट विहान सिन्दूर जात्रा गरेर रथ उठाई टोखा बजारमा घुमाइन्छ । बजार घुमि सकेपछि चण्डेश्वरीको रथलाई ताहलेमा धुमधामकोसाथ सिन्दूरजात्रा गरेर माथिल्लो लाछीमा लगिन्छ । वैशाख २ गतेका राती पनि त्यही राखिन्छ । त्यसरी रातमा राख्दा मानिसहरूले भजन, कीर्तन गर्नुको साथै भोजभतेर खाने गर्दछन् । पुनः वैशाख ३ गते विहान चण्डेश्वरीको मूर्ति रहेको खटलाई सिन्दूर जात्रा गरेर खट उठाई जात्राको आरम्भ गरिन्छ । त्यस दिन जात्रा गरेर चण्डेश्वरीको रथलाई जरन्छे टोलमा राखिन्छ । त्यसरी करिब पाँच छ घण्टा राखेपछि फेरी रथमा रहेको चण्डेश्वरीको मूर्तिलाई सिन्दूरजात्रा गरि त्यस खटलाई उठाएर भूतखेल नजिकको पोखरीमा डुवाउने परम्परा रहि आएको छ । त्यसरी पोखरीमा डुवाएर राती रथलाई फर्काएर अर्थात टोखा वजार

घुमाएपछि तल्लोलाछी(सानो लाछि) मा रातभरी राखिन्छ । त्यस रातपनि भक्तजनहरू रातभरी जाग्राम, भजन गरि रात विताउने गर्दछन् ।

वैशाख ४ गतेका दिन विहान पुनः रथमा रहेको मूर्तिलाई व्यापक रूपमा सिन्दूरजात्रा गरि त्यहाँबाट उठाएर टोखा वजारघुमाएर गछे टोलमा चण्डेश्वरीलाई राखिन्छन् । त्यसरी राखि सकेपछि पनि चण्डेश्वरीलाई सिन्दूर जात्रा गरिन्छ । यसरी चण्डेश्वरीको रथयात्रा सकिएपछि जुन पुजारीको पालो परेको हुन्छ उसैको घरमा चण्डेश्वरीको मुर्ति भिफ्याउँ छन् । चण्डेश्वरीको मूर्ति राख्ने घरलाई द्यःछैं भनिन्छ । यो टोखाको पुरानो वजारमा रहेको छ । अहिले चण्डेश्वरीको मूर्ति राखिने घर वि.स. २०७० सालमा गएको महाभुकम्पले गर्दा भत्किएको कारण त्यो छैं को निर्माण नभएसम्मको लागि चण्डेश्वरीको मूर्ति पुजारीको घरमा नै लगेर राख्ने गर्दछन् ।

जसरी अन्य ठाउँमा स्थानीय महत्वका देवदेवीको जात्रालाई बिस्केटको साथ समाहित गरिन्छ । टोखा चण्डेश्वरीको लगायत अन्य छ ठाउँका देवदेवीका रथ सहितका जात्रा समाविष्ट गरेर टोखाको विस्केट जात्रालाई भव्यताका साथ संचालन गर्दछन् । यसरी समाविष्ट हुनेहरूमा एक जात्रा सपनातीर्थ विनायकको जात्रा पनि हो । सपनतीर्थको जात्राको प्रमुख दिन विक्रम सम्वत् सुरुहुने पहिलो दिन अर्थात् बैशाख १ गते भएतापनि यसका प्रक्रियाहरू भने चैत्र महिनाको २८ गतेबाट शुरुहुन्छन् । यस दिन यहाँ बैशाख १ गते आउने हजारौ भक्तजनलाई स्नानको सुविधा प्रदान गर्ने हेतुले सपनातीर्थमा रहेका दूध गगां र बहुमुखी गंगाको दोभानमा बाँध बाँधी पानी जमाउने कार्य गरिन्छ । यसको लागि “सपनतीर्थ गुठी” नामक एक गुठीको अग्रसरतामा काम हुन्छ जसलाई स्थानीय डगोंलहरूको संलग्नता रहेता पनि त्यसमा सम्पूर्ण टोखाबासीहरूको कार्यगत एकता भएको देखिन्छ । चैत्र महिनाको २८ गते विहानको खाना खाएर करिब नौ वजेतिर सम्पूर्ण गुठियार र अरुहरू सपनतीर्थको दोभानमा जम्मा हुन्छन् जसमा स्थानीय बृद्धबृद्धा,युवा तथा महिला र केटाकेटीको उल्लेख्य सङ्ख्यामा उपस्थिति पछि बाँघ बाँध्ने कार्य सुरु हुन्छ ।

अघि मानिसहरूले दुवोको चप्परी काटेर त्यसलाई तह-तह बनाई कलात्मक रूपमा बाँध बाँध्ने गरिएको सम्भना त्यहाँका स्थानीय बृद्ध तथा युवाहरू अभै गर्दछन् । अहिले भने त्यसको रूप फेरिएको छ । हिजोआज वोरामा बालुवा माटो भरेर त्यो काम सम्पन्न गरिन्छ । वाँध वाँध्दा पूर्व पश्चिम तन्किएको यो बाँधमा पूर्व पट्टिको थोरै भाग तथा पश्चिम पट्टि पनि उसैगरी थोरै भाग भने बन्द नगरी खुल्लै छाड्ने गर्दछन् । यसरी छाडिएको पूर्व र पश्चिम पट्टिका खुला ठाउँलाई केही पुरेर समाहा(ज्वबे) बनाउनु हुन्छ । त्यसमा पूर्वपट्टि चाँदीको समाहा(वज्वजे) र पश्चिमपट्टि सुनको समाह(लुज्वबे)बनाउनु पर्ने विधान रहेको छ । जस अनुसार पूर्वपट्टि “चाँदी” मानेर वनमा गएर भर्खर काटेर ल्याइएका स्याउला राखेर चप्परीले थिचेर निर्माण गरिन्छ । पश्चिमपट्टि भनेसुन मानेर परालको प्रयोग गरी चप्परी(चपु) राखेर निर्माण गर्दछन् । त्यसपछि पुरानो परम्पराको स्मरण गर्दै बाँघको ढिस्को माथि अत्यन्त कलात्मक रूपमा काटिएका चप्परहीहरू तिन चार तहसम्म राखी बाँध थुन्नेकाम सम्पन्न गरिन्छ । केही मुख्य मानिसहरू गएर

बाँधको परिसर घेर्ने गरी स्याउला र घोचाहरू गाडी काँचो धागोले कुण्ड परिसर घेर्ने काम गर्दछन् । यो घेर्ने काम पनि सम्पन्न भए पछि त्यस परिसर भित्र ३० गते मध्यराति देउता आएर डुबुल्कि नमारुन्जेलसम्म अन्य कोही पनि पस्न नहुने भन्ने धारण रही आएको छ । त्यहाँ कौवालाई समेत जान निषेध गरिएको हुन्छ । साँझ परेपछि पहिले केटाकेटीहरू र त्यसपछि अरु मानिसहरू लाईन लागेर भुईमा वस्छन् । त्यही वसेको स्थानमा सवैलाई भतेर खुवाइन्छ । भोजमा भात,दाल, अचार(गहुँ रभट्मास भुटी सातु बनाएर हरियो धनियाँ, खुर्सानी,लगायत सम्पूर्ण मरमसला हाली लेदो,वनाइएको परिका) दिइन्छ र "छुस्यामुस्या" बाँड्दा केही अचार अन्य पदार्थ बाँकी रहे बाढ्छन् । भतेर पनि आलो पालो गरि गर्ने चलन छ ।

यस्तो गुठीमा धेरै घर भएकोले लगभग एउटा व्यक्तिको जीवनमा १ पटक या २ पटक भन्दा बढी पालो नआउने स्थानीयहरूको भनाई रहेको छ । जसको भागमा भतेर खुवाउने पालो पर्छ त्यस सालभरी नै सपनतीर्थमा भक्तजनले चढाएको भेटी आदि पनि त्यही परिवारको हुन्छ । जात्रा सकिएपछि गर्नुपर्ने सरसफाइको कामको जिम्म पनि तिनकै हुने गरेको छ । यसरी भतेर खाएपछि सवैजना आ-आफ्नो घरतिर जान्छन् भने केही व्यक्तिहरू भने त्यस कुण्डमा कुनै पनि प्राणी पस्न नपायोस भनेर रातभरी पहरेदारी गरेर वस्दछन् । अधिका दिनमा चैत्र महिनाको २९ गते बनमा गई घोचा तथा स्याउला(झारपातहरू) काटेर लाई मन्दिर बनाउने प्रचलन रहेको थियो तर हाल मन्दिर निर्माण भई सकेको हुनाले त्यस्तो ल्याउने काम गर्नु परेको छैन त्यसैले त्यसदिन पालो पर्नेले कुण्ड कुर्ने र रेखदेख गर्ने बाहेक अन्य केही काम गर्नु पर्ने आवश्यकता पर्दैन् । चैत्रको मसान्तको दिन "द्योव्व्य हइगु" अर्थात जात्रा गरिने देवदेवीलाईतिनका आ-आफना देवघर (द्योछें) बाट निकाली देवस्थलमा पुऱ्याउने कार्य गरिन्छ । यसक्रममा सपनतीर्थको देवतालाई द्योछें घरबाट निकालीदेव मन्दिरमा स्थापना गर्ने प्रसंगमा सर्वप्रथम सपनतीर्थ गुठीका गुठियार डगोंलहरू मध्येबाट आठवटा कुखुरा लिएर द्योछेंमा जान्छन् र थकाललिले देउताको पूजा गर्दछन् । आठैवटा कुखुरालाई एकैचोटी पानीले पर्सिइन्छ र त्यसमध्ये जुन कुखुराले पहिले पर्सियो त्यसैलाई वलि दिईन्छ । यसरी क्रमशः आठैवटा कुखुरा काटिएपछि तिनका टाउँको लाइन लगाएर देउताको अगाडि राखी सो टाउको माथि बत्ती बालिन्छ र बत्ती निभे पछि थकालीले टाउकोको रगतको टिका लगाउँछन् र अरु सबैलाई लगाई दिन्छन् । यस पछि सबैले आ-आफना काटेका कुखुरा घरमा ल्याउँछन र त्यसलाई प्रसादको रूपमा पकाई सो को टाउँको सहित भोज भाग लिएर थकाली कहाँ पुऱ्याउन जाने गरिन्छ ।

चण्डेश्वरीमा पनि त्यही चैत्र ३० गतेका दिन राँगो काटी चण्डेश्वरीलाई बलि दिने चलन रहेकोमा केही वर्ष यता आएर एउटा बोको मात्र बलि दिने गरिन्छ सो बलिको व्यवस्था त्यहाँ तलेजुगुठीले चलाउँदै आएको छ । त्यस दिन अब आ-आफ्नो देवघर अगाडि लगेर "खट" सिङ्गार्ने काम गरिन्छ । नाट्येश्वर नजिकै रहेको सपनतीर्थको द्योःछेँ अगाडि ध्वजा पताका ताँगेर देता ल्याई रथा रोहरण गराइने निश्चित ठाउँमा भूईमा बिहानै पूजा गर्ने गरिन्छ भने त्यही अगाडि एक भिमसेनको निकै आकर्षक

काठको मुकुण्डो सिँगारेर पूजाको लागि राखिन्छ । द्योःछे भित्र गरिने सम्पूर्ण काम सकेपछि सपनतीर्थ विनकायकलाई बाहिर ल्याउने काम गरिन्छ । सिँगारिएको खट सँगै देवताको छत्र तथा दुईवटा ध्वजाले बेरिएको लामा-लामा बाँस पनि ठड्याईएको हुन्छ । सपन विनायकलाई बाहिर ल्याउने समयसम्ममा साँझ परिसेको हुन्छ । थुप्रै केटाहरू तथा बृद्ध तथा अधबैसेहरू हातमा चिराग (मुस्यापा) बोकेर बाल्न तयार भएर बसेका हुन्छन् । यस्तो अवस्थामा जाँदा धिमे बाजा बजी राखेको हुन्छ । यस्तैमा हातमा सुकुन्दा रकलस लिएका महिलाहरूलाई अघि लगाएर थकालिले देउता निकाल्नका लागि तयार गरेको खटमा स्थापना गर्ने गर्दछन् । यतिबेला दर्शन गर्ने स्थानीय बासीको ठूलो भिड हुन्छ । स्थापना कृयाले निकै लामो समय लाग्छ । सबैले आ-आफ्नो चिराग(मुस्यापा) बाल्दछन् । र बाँस छिराई सकेपछि खट उचाल्ने काम हुन्छ । निकै बेर बोकेर नचाउने काम भएपछि बोक्नेहरू भजन गाउँदै नाट्येश्वरको परिकमा गर्न गई पूनःद्योःछें घरमा आई तानातान गर्दै देवता राखेको खटलाई नचाउँने काम गर्दछन् । यस्तैमा महिलाहरूले जाँड तथा छोइला र चिउरा ल्याएर ती सम्पूर्ण खट बोक्नेहरूलाई पालैपालो पिउन तथा खानेकुराहरू हात-हातमा दिने काम गरिन्छ । उनीहरू भजन गाउँदै तानातान गरि रहन्छन् । त्यस्तै गरी यता थनेलाछि पूर्वपट्टिको थलागमा रहेको द्योःछें बाट देवी चण्डेश्वरी निकाली खट्मा राखेर थनेलाछि हुँदै नाशलतिर लगिन्छ । यहाँ पों वांजा सहित धिमेबाजा पनि आएको हुन्छ । सपन विनायकले चण्डेश्वरीलाई नाट्येश्वर तिर जान दिनका लागि दायाँ तिर लाग्दछ र चण्डेश्वरीको खट् नाट्येश्वरको परिकमा गरेर आउँछ । सवैभन्दा अगाडि असपनतीर्थको बजाखाल,त्यसपछि चिराग बोक्नेहरू र त्यसपछि सपनतीर्थको खट,त्यसपछि चण्डेश्वरीको बाजाखल त्यसपछि चिराग र चण्डेश्वरीको खछ भएर थलाग हुँदै माथिल्लो गणेशस्थानतिर लाग्दछन् । गणेशको परिकमा गर्दै हाँसलभन्दा भित्र छिरी चागलमा पुगेर कसाईबाजा(न्याखि)लाई निम्तो गर्दछन् । यो न्याखीबाजा सवैभन्दा अघि लाग्छ । त्यसपछि देवै देव-दवीका बाजाखल संयुक्त हुन्छन् भने त्यसपछि चिराग र रथ भएर ठाउँठाउँमा जाँड पिउँदै देउता दर्शन गराउँदै हासलभन्दा अगाडि दोस्रो` गल्लिबाट भित्र छिरेर दुनिख्य टोलमा पुगी गल्लिको दायाँ सपनतीर्थ र वायाँ चण्डेश्वरी आमनेसामने विसाउँछन् र भक्तजनलाई पूजाको अवसर दिन्छन् र केहि क्षण पछि पुनःयात्रा सुरु गर्दछन् र वाफलबाट सिधै ट्वपचा टोल तिर लाग्दछन् ट्वपचाबाट यो यात्रा क्वनेलाछि पुगी पो बाजा लिन टोखाचाटोल जान्छ र पो बाजा निस्कने घर अगाडि थोरै समयको लागि बिसाइन्छ । बाजा निस्केर बजे पछि खट उठाइन्छ र टोखाचाटोलबाट बाहिर निकालेर गछेंटोल पुऱ्याइन्छ । त्यहाँबाट फुलमाला सहितको मुलनाइकेको नेतुत्वमा गणेश-कुमारको खट् सानाठूला मुरली लगायत पाँच छ वटा बाजाहरूसहित यसै जात्रामा थपिन्छन् ।

यी बाजाहरू पनि थपिएपछि अव जात्राको रौनक निकै रोमाञ्चकारी हुन्छ । यो टोली गछेंबाट वाले स्थित कालमन्दिर हुँदै अघि बढेर अगाडिको चैत्यलाई दाँया पार्दै “टुठीलागटोल” हुँदै थनेलाछि पुगेर सपना विनायकले ३ पटक विस्केटको लिङ्गोंलाई परिक्रमा गरेर नासलतिर लाग्दछ भने चण्डेश्वरी सिधै थलाग हुँदै गणेशथान र त्यहाँबाट चण्डेश्वरी तिर लाग्दछ । यता, सपनतीर्थको खट् द्योःछें अघि पुगेपछि निक्कै समय तानातान हुन्छ र त्यहाँ रहेको छत्र तथा ध्वायंप लिएर अघि लागेपछि खछ् पनि अगाडि

बढाइन्छ र नासःद्यलाई दाइने पारेर नासःद्यको ओरालो(नासःपाःहुँदै तल अेर्लादाको दृश्य माथि डाँडाबाट अत्यन्तै रोमान्चकारी देखिन्छ । त्यहाँ पचाँसौ संख्यामा बलेका चिराग(मुख्यापा) तथा महिलाहरूले बोकेका सुकुन्दाको उज्यालो, बाजाहरूको झन्कार र खट् बोक्नेहरूको मौलिक भजनसहित ठाडो ओरालो झरेको सो अध्याँरो रातको दृश्य साँच्चै नै हेर्न लायक देखिन्छ । यस्तो दृश्यलाई माथि डाँडाबाट तिन चार पटक पो बाजा बजाएर उनीहरू त्यहीबाट फर्कछन् र ठूलो टोली भने सपनातीर्थतिर लाग्दछ र कतै नविसाई र सपनतीर्थ मन्दिर पु-याई लामो सिँडी उकालेर तिन फन्का लगाई पुनः तलओराली सिढीको दायाँ पट्टि जो पहिले नै लिपपोत गरिएको हुन्छ,, त्यहाँ विसाएर देउता निकाली माथि मन्दिरमा लगेर आसनमा स्थापित गरिन्छ । उता चण्डेश्वरी पनि एवं रितले चण्डेश्वरी मन्दिरमा पुऱ्याई स्थापित गरी त्यसको दिनको जात्रा समाप्त गरिन्छ ।

त्यसपछि भोलिपल्ट अर्थात एक गते विहान सपनर्तीथमा भव्य मेला लाग्दछ । त्यस मेलामा टाढाटाढाबाट मानिसहरू त्यहाँ रहेको कुण्डमा नुहाउन तथा दर्शन गर्न आउने भक्तजनको साँझसम्म नै घुइचो लागेको हुन्छ । यो कुण्डमा नुहाएमा मानिसका शरीरमा आउने अनेक किसिमका रोग हटेर जाने विश्वास रहि आएको छ । त्यस दिन साँझ परेपछि सपनतीर्थ बिनायकलाई पूनः खटमा राखी टोखा बजार ल्याइन्छ । यसरी ल्याउँदा हिजो लगेकै बाटो गरी “नासः पा” हुँदै ल्यान्छ र नासल ओह्‌ालोको पाटीमा खछ विसाईन्छ । र विहानैदेखि उपवास वसेका थकालीले कुखुराको बली दिएर पूजा सम्पन्न गर्दछन् । खट् वोक्नेहरू भने भजन गीतलाई नै रहन्छन् । बाजा बजी रहन्छ र मुस्यापा गुठीका व्यक्तिहरूले चिराग वाली रहन्छन् । पूजा सम्पन्न भएपछि सबैलाई समयबजी बाँडिन्छ र पुनः खट् वोकेर माथि लगिन्छ । यता नाशलमा चण्डेश्वरीबाट ल्याइएको खट्ले पर्खिराखेको हुन्छ । अव विनायकलाई अघि लगाई दुवै खट् थनेलाछि तिर लाग्दछन् र नारायणलाई परिकमा गरी थलाग हुँदै गणेशथानलाई परिक्रमा गरी हासल हुँदै बामफल पुगेर यतफतिर लाग्दछन् । त्यताबाट उत्तरलगि तल्लो लाछिमा आई हिजो झैं डवलीमा चढाउने तथा ओराल्ने गर्दै नचाइन्छ र पों बाजा साथमा नभएपनि टोखाचा टोल गई तिनलाई बोलाइन्छ । गछें आएर वालेको कालिमन्दिर हुँदै टोठी टोल भएर उही थनेलाछिमा आई विस्केटको लिङ्गोलाई तीनफन्का घुमी डबलीमा चड्छ भने चण्डेवरीको खट सिधै चढ्छ र पुनःओर्लिएर नारायणलाई घुमी आ-आफ्नो द्योःछेंमा गई यो रातको लागि विश्राम लिन्छन् र रातको समयमा बाजा बजाई भजन किर्तन गाएर रातभरि जाग्राम बस्ने गर्दछन् ।

त्यस्तैगरी यता एक गते विहान नै माथिल्लो गणेश, कोटुगणेश र इन्द्रायणी लगायतका मन्दिरमा पनि तिनका द्योःछें बाट देउता लगी स्थापना गरी थकालीद्वारा पूजा गरी समयबजी आदि खान दिइने चलन रहेको छ । देउता स्थापना गरेपछि दिउँसोतिर मासनकालीमा अनेकौ प्रकारका अन्न सहित जिउँदो भँगेरो,सर्प आदिको समेत होम गरी तलेजु गुठीले एउँठा बोको काटी बली दिएर पूजा सम्पन्न गर्दछन् । यो काटिएको बोको भूईमा नराखी हातैमा रौ डढाई हातहातै लुछालुछ गरेर लिने निकै प्राचीन परम्परा भएको अनुमान गर्न सकिन्छ तर हाल त्यस्तो चलन देखिदैन् । त्यहाँका केही स्थानीय बासीहरूसँग

जनकारी लिदां त्यस्तो खालको परम्परा उनिहरूलाई थाहा नभएको वताउँछन् । आजभोली भने टाउको चाहिँ होम गरी, बाँकी मासु प्रसादको रूपमा गुठियारहरूले लैजाने गरेको वताउँछन् । वैशाख २ गतेका दिन विहान मसानकालीको मन्दिरभित्र गरिनुपर्ने आन्तरिक पूजा सम्पन्न हुनेबेलासम्ममा सम्पूर्णजस्तो टोखाबासी रवरपरका दर्शनार्थी भूतखेलको चौरमा भेला भइसकेको हुन्छन् । उनीहरूले कालीको लागि खट तयार गरिन्छ । अनि मन्दिरको मूलद्वारदेखि नै रथयात्रा गरिने टोखाका सम्पूर्ण बाटो र गल्लीमा कपडा विछ्याउने कार्य गरिन्छ जसलाई स्थानीय भाषमा वसलायगु भनिन्छ । यस्तो विछ्याइएको कपडाका दाँयावायाँ परम्परागत पोशाकमा हजारौको संख्यामा नारीहरू थाली,किस्ती आदिमा "लाभा" लगायतको पूजा सामग्री लिएर उभिएका हुन्छन् खटमा देउता राखेपछि बाजाहरू चर्को स्वरमा बज्न थाल्दछन् तव रथको खट् उठाइन्छ । त्यहाँ जम्मा भएका महिलाहरू भने रथको दुवैपट्टिबाट आफुले लिएका फुल,अक्षेता तथा लाभाहरू विछ्याईएको कपडामा छर्दै अघि बढ्छन् । त्यसपछि जात्राको लागि अनेक किसिमका वाजाहरू अघि बढ्छन् । विगत १२ वर्ष अघिदेखिमहिलाहरूको छुट्टै बाजा समूहरू पनि थपिएको छ । अब भने खट् बोकेका मानिसहरू उही कपडाको दायाँवायाँ हुने गरी बोक्ने प्रयत्न गर्दै अघि बढ्दछन् । याहाँ जात्रा हेर्नका लागि एकत्रित भएका मानिसहरू भएको भिडतिर लखट्दिै रथ लगिँदा भागम-भाग भएको दृख्य हेर्न लायक देखिन्छ ।

यता चण्डेश्वरीलाई पनि आ-आफ्नो द्योःछें अगाडिबाट उठाई "वसलायगु" गरी बाजाजागा सहित टोलटोलमा रथलाई घुमाई थनेलाछिसम्म महिलाहरू परम्परागत पोशाक लगाएर लाभा छर्दै हिड्दछन् भने थनेलाछिको लिङ्गो परिकमा गर्ने समयमा बाजाहरूको कर्तुल ध्वनीकासाथ महिलाहरूले सिन्दूर जात्रा गर्दछन् । यद्यपि यसभन्दा अघि सवैले एकैपटक सिन्दूर जात्रा गर्ने चलन थियो तर करिब वाह् वर्ष अगाडिदेखि बिहान महिलाहरूले र बेलुका पुरुषहरूले सिन्दूर जात्रा गर्ने गरी जात्राको समयानुकुल मिलाएको देखिन्छ । त्यही सालदेखि भने चण्डेश्वरीले पनि लिङ्गो वरिपरि परिकमा गर्दछ भने सिन्दूर  पनि थाप्ने व्यवस्था मिलाइएको त्यही सालदेखि भने चण्डेश्वरीले पनि लिङ्गो वरिपरि परिकमा गर्दछ भने सिन्दूर  पनि थाप्ने गर्दछन् । चण्डेश्वरी र सपनतीर्थको खट्हरू सपनतीर्थ अघि लगेर नाट्येश्वर परिक्रमा गर्न जान्छन् । अव पहिलेकै बाटो भएर उसैगरी कपडा विछ्याई मसानकालीलाई पनि थनेलाछिमा ल्याइन्छ । थनेलाछिमा मासनकालीको पनि सिन्दूर  जात्रा गरिन्छ । मसानकाली (इन्द्रयणी) लाई टोला घुमाएर पुनः भूतखेल चौरको प्रवेशसँगैको पुरानो पाटी अगाडि लगेर विसाइन्छ र बाजा टोली भने बाजा बजाउँदै टोल घुम्छन् । विहान करिब दश एघार बजेतिर सहित आएको एक समूहले त्यससँग सम्वन्धित थकालीको नेतृत्वमा एउटा थुमा बलि दिएर इन्द्रायणीको पूजा त्यही नजिकको पाटी अगाडि बिसाइएको खट्मा सम्पन्न गरिन्छ। यही, समय कोटुगणेशमा पनि त्यहींका थकालीद्वारा पूजा गर्ने कार्यलाई जारी राखेको हुन्छ । यहाँ पनि जाँड भरिएको ठूलो तामाको ध्याम्पा(भैला) उसैगरी तयार पारिएको हुन्छ । एउटा टोलीसँगै पाटीमा बसेर विशेषगरी धिमेबाजा बजाइ रहेको हुन्छ ।

अर्कोतिर चण्डेश्वरी र सपनतीर्थको खट थलागबाट उठाई यताउता घुमाइन्छ । यो घुम्ने पकृया भने निश्चित नभई विशेषगरी खटबोक्नेहरूको स्वविचार र सहमतीमा निर्भर हुन्छ । खासगरी कसैले पूजा गर्न चाहेको खण्डमा त्यो घर वा टोलमा लगि विसाइन्छ । त्यस्तो प्रकिया पूरा गरिसकेपछि अन्त्यमा थलागमै लगेर यथास्थानमा राखिन्छ । अब,कोटुगणेशमा पूजा सम्पन्न हुन्छ र समयबजी बाँडिए पछि खटमा देउता राखिन्छ । भैला अघि लगाएर मसानकालीको खट टोखा बजार तिर अघि बढाइएपछि कोटुगणेशको पनि भैला अघि लगाएर खट उठाएर हिडिन्छ र दुवै खटलाई कोटुगणेशको द्योःछे अगाडि लगिन्छ र खट विसाएर एउटा कुखुराको बली सहित छोटो पूजा गरिन्छ यद्यपि यहाँ खछ नविसाई पूजा गर्ने चलन थियो, अनेक ढिलासुस्तीले खट बिसाइने पनि गर्न थालिएको स्थानीयवासीको भनाइ रहेको छ । यता यस समय सम्ममा थलागमा आ-आफ्नो द्योःछेंबाट निकाली सरस्वती र चण्डेश्वरलाई खटमा स्थापना गरिएको हुन्छ । सपनतीर्थ र चण्डेश्वरीलाई पनि त्यही आ-आफ्नो स्थानमा लाइन लगाए राखिएको हुन्छ । दिउँसो करिब वाह् वजेतिर जब माथिल्लो गणेशको खट उठाउने तयारी भइरहेको हुन्छ, कोटुगणेश र इन्द्रायणीको खट बामफल हुँदै यतफलको बाटो क्वनेलाछि पुऱ्याई केही क्षण डवलीमा चढाउँदै ओराल्दै गरेपछि टोखाचाटोलमा लगी छोटो समयकोलागि खट बिसाइन्छ र त्यहाँबाट उठाई गछें वाल, टोठीलाग हुँदै थनेलाछिमा केही समय नचाई नाट्येश्वर घुमाएर थलाग पुऱ्याई विसाइए पछि त्यहाँ सात वटा देवतका रथहरू लाइन लागेका हुन्छन् । यहाँका खटहरूमा स्थापित देवदेवीमा विहानदेखि नै पूजा जारी हुन्छ भने त्यो कम अन्त्यमा माथिल्लो गणेशको खट आई पुगुन्जेलसम्म उत्तिकै पूजाआजा हुन्छ । यस्तै करिब बेलुकाको चार बजेतिर कुमारीको जात्रा पनि निकालिन्छ ।

यसक्रममा सर्वप्रथम गणेश बनाइएको घरबाट बालक गणेशलाई मुकुटलगाई खटमा राखी कुमारी भएको घरसम्म बाजागाजा सहित पु-याइन्छ । त्यहाँबाट कुमारी निकाली मुकुट लगाई दिएर बाजा अघि लगाई थलाग ल्याएर सम्पूर्ण देवताका खट्लाई तिन पटक परिकमा गराएपछि यहाँ विशेष सिन्दूर जात्रा सुरु गरिन्छ । यसबेला सम्ममा सम्पूर्ण बाजाखलहरू, सम्पूर्ण भक्तजन तथा श्रद्धालुहरू, जात्रामा सहभागी हुने युवायुवती तथा केटाकेटीर बुढापाकाहरू आ-आफ्नो हातमा भरी-भरी सिन्दूर सहित तयार भइसकेको हुन्छन् । आ-आफ्ना समुहद्वारा कर्तुल ध्वनीकासाथ बाजा बजाउँदै भजन गाउँदै सम्पूर्णि रथलाई परिक्रमा गर्नेकार्य गरिन्छ । केही वर्ष अगाडि देखि विभिन्न राजनैतिक दल तथा सामाजिक सघं संस्थाहरूका युवा युवतीहरूले पनि आ-आफ्नो विशेष पहिरनमा समूह-समूह वनाई बाजागाजा सहित परिकमा गर्ने चलन पनि चलाएका छन् । खासगरी मूलनाइकेबाट सरकारी पूजा सम्पन्न भएपछि जब खट उठाइन्छ । तव त्यहाँ विशाल सिन्दूर जात्रा गरिनुका साथै कर्तुल बाजा र भजन सहित खट अघि बढाई गणेश मन्दिर परिकमा गर्दै हाँसल, बामफल, यतफल, द्वपचा हुँदै थनेलाछि पु-याई केही क्षण नचाएर टोखाचा, गछें वाले, टोठीलाग हुँदै थनेलाछिंमा केही समय नचाएर पहिले नै गोबर र माटोले लिपेर शुद्ध गरि तयार पारिएको आ-आफ्नो ठाउँमा खट विसाए पछि त्यसको दिनको जात्राको समापन गरिन्छ । त्यसवेला सम्ममा साँझ परिसकेको हुन्छ । करिब १ घण्टा जतिको विश्रामपछि त्यहाँ पूनः स्थानीय वासीहरूको र विशेष गरी त्यस क्षेत्र तिरको पूजा सुरु गरिन्छ । भक्तहरूले बलिदिने तथा

बत्ती बाल्ने क्रम करिव रातभरि जस्तो नै चलिरहन्छ । रातको करिव एघार बजेतिर त्यहाँको डवलीमा विभिन्न साँस्कृतिक नाच नचाउने चलन रहेको छ । यस प्रसङ्गमा त्यहाँ“याःप्याःख”,नाग प्याःख” तथा “माक प्याःख” जस्ता परम्परागत नृत्य लगायत करिब १२ वर्ष अघिदेखि त्यहाँ मयुर प्याःख पनि देखाउन थालिएको छ । अव ३ गते विहानै थलाग, माथिल्लो गणेश भएर रथ ल्याई क्रमशः सपनतीर्थ, सरस्वती,महादेव, चण्डेश्वरी र माथिल्लो गणेशको खट हाँसलमा ल्याई दक्षिणतिर फर्काएर राखिन्छ । यहाँ त्यस भेगका हजारौ भक्तजनले कुखुराको बलि चढाएर पूजा गर्ने क्रम करिव दिनभर चलिरहन्छ । भने उता कोटुगणेश र इन्द्रायणीलाई चाँहि इन्द्रायणी मन्दिर हुँदै टाढाटाढाका गाउँसम्म मानिसहरूलाई अवसर प्रदान गर्नका लागि लगिन्छ । यसक्रममा यी दुई खट साविक गोगंबुको वडा नं १ स्थित ढलमलसम्म पुऱ्याएर विश्राम गरिन्छ ।

यहाँ पनि स्थानीय वासीहरूले आ-आफ्नो तर्फबाट कुखुराको बलिदिने गर्दछन् । यहाँ पुगेर स्थानीय रूपमा प्राप्त हुने फुलपाती आदिले खटलाई पुनःसिँगार्ने काम समेत गरिन्छ । यस ठाउँमा पूजा गर्ने आउनेहरू घरहरू करिव चालिस पचास घरहरू रहेका छन् । ढलमलका मानिसहरूले प्रत्येक परिवारबाट प्रत्येक वर्ष एक वा दुई पाथी धान दिने परम्परा अद्यपि आजसम्म पनि कायम रहेको छ । साङ्ला खोलाको किनारमा अवस्थित यो ढलमल,साङ्ला खोलाको फाँटमा समेत देउता पुऱ्याई करिब दुईघण्टा भन्दा बढी समय तिनिहरूको लागि पनि पूजा गर्ने अवसर दिने गरिएको छ । पहिले ढलमलटारबाट यी दुई खटलाई वालुवापाटी भएर मनमैजू, फुटुङ्ग हुँदै टोखा पुऱ्याउने चलन थियो तर गएको करिब चौविस वर्ष यता ढलमलसम्म मात्र ल्याई आएकै बाटो खयाउने चलन थियो तर गएको करिब चौविस वर्ष यता ढलमलसम्म मात्र ल्याई आएकै बाटो खट फर्काउने गरिएबाट सँस्कृतिमा समयानुकुल परिवर्तन हुँदै आएको देखिन्छ । अक्तइन्द्रायणी तथा कोटगणेशलाई पनि हँसलटोलमानै ल्याएर आ-आफना ठाउँमा नै रथहरूलाई विसाइन्छ । हाँसलटोलमा विसाइएका सातवटै देव रथहरूमा स्थानीय वासीहरूले आ-आफ्नो भाकल आदि अनुसार पूजा गर्ने काम सम्पन्न गरेपछि अपरान्ह करिब तिन बजेतिर विभिन्न बाजा खलः तथा भजनखलः लगायत उपस्थित श्रद्धालुहरूले सम्पूर्ण रथहरूको बाजागाजा, भजन र जय-जयकार सहित परिकमा गरेपछि, महिलाहरूले सुकुन्दा तथा पुरुषहरूले मुस्यापा लिएर परिकमा गरिसकेपछि जब बाजाहरू अघि लाग्छन्, गणेश तथा कुमारीको खट मूलनाइकेको नेतृत्वमा अघि बढाइन्छ तथा कुमारीको खट मूलनाइकेको नेतृत्वमा अघि बढाइन्छ । बाजाहरूको कर्तुल ध्वनी सहित अन्य सातवटा देवताहरू खटहरू उठाई अघि बढिन्छ । महोदव र सरस्वतीका साना दुई खट भने करिब वाह् देखि पन्ध्र वर्षका युवहरूले उठाई त्यहीबाट क्वनेलाछि तिर छिराई विसाउँछन् । ध्वाय्प (पतका सहतको बाँस) पनि त्यतैबाट क्वनेलाछिमा पुऱ्याई राखिन्छ । अरु बांकी पाच वटा खट भने कर्तुल बाजा, भजन र नाँच सहित सिन्दूर जात्रा गर्दै दक्षिणी मूलगेटवाहिर रहेको नाराणद्यो पोखरीमा डुवाई इन्द्रायणीसम्म ल्याएर फर्काइन्छ भने फर्कने क्रममा इन्द्रायणी र कोटगणेश अघि लगिमुलगेट सम्म आर्य अरु तीन खटलाई भित्र छिर्न नदिई रोकेर राखेको दृश्य देखाइन्छ । केही क्षण पछि सवै मिलेर बामफलबाट भित्र पसी यतफल टपचा हुँदै क्वनेलाछिमा पुगेर डबलीमा चढाउने नचाउने तथा ओराल्ने

गर्दै केही समय रमाइलो गरेपछि पहिले नै चौक-चँदुवा राखी तयार पारिएको आ-आफ्नो ठाउँमा विसाइन्छ । यहाँ पनि रातभर जाग्राम हुन्छ र विशेषगरी याःप्याख, नाग प्याखँ तथा माकःप्याखँ देखाइन्छ ।

वैशाख ४ गते विहान क्वनेलाछिबाट सबै खट ल्याई गछेंमा राखिन्छ र दिनभर जस्तो पूजाको अवसर दिइन्छ । करिव करिव सवै जस्तो परिवारहरूले कुखुराको बलि दिएरपूजा सम्पन्न गर्दछन् भने बाजा र भजन सहित महिला पुरुष जाँड आदि खाएर नाच्दै विताउँछन्भने अपरान्ह चार बजेतिर गछेंबाट बाले टोठीलाग, थनेलाछि हुँदै नाट्यश्वरसम्म "वसलायगु" गरी सबैभन्दा अगाडि न्याखिं बाजाको टोली हिँडेपछि,धिमेबाजा र हातमा कलस, सुकुन्दा तथा लाभा,सिन्दर आदि भरिभराउ भएका पूजाथाली आदि लिएका परम्परागत पाँशाकमा सजिएका महिलाहरू ओछ्याइएको कपडामा पूजा गर्दै हिँडेपछि मूलनाइकेको नेतृत्वमा कुमारीलाई अघि लगाएर बाजाको चर्को जयजयकारसँगै गरिएको सिन्दूर जात्राका साथ सम्पूर्ण रथहरू उठाई अघि बढिन्छ (चित्र सङ्ख्या) रथहरू थनेलाछि हुँदै नाट्येश्वर परिक्रमा गर्न जान्छन् र लाछि तिर फर्कन्छन् । यसरी फकर्ने क्रममा लाछिमा दुई तिरबाट वसलायगु गरिन्छ । यसरी तपलाछि नारायणको दाँयापट्टि विछ्याइएको कपडा हुँदै कुमारी,चण्डेश्वरी,सपनतीर्थ,सरस्वती, महादेव र माथिल्लो गणेशलाई अघिबढाइन्छ भने बायाँबाट विछ्याइएको कपडा हुँदै मसानकाली र कोटगणेश अघि बढाई पुनः पंक्तिवद्ध भएर थलाग, गणेशमन्दिर हुँदै हाँसलभएर,वामफलबाट भित्रपसी यतफल, ट्वपचा भएर कुमारीलाई अघि ल्याएरै क्वनेलाछिमा खट ल्याइन्छ । यसरी खट ल्याउदा यहाँसम्म नै वसलायगु गरिएको हुन्छ । यो जात्राको अन्तिम दिनको अन्तिमतिरको क्षण हो । यहाँ सम्पूर्ण चोक,वरिपरिका घरका पेटी, झ्याल र छतमा दर्शकको घुइँचो देख्न सकिन्छ । सम्पूर्ण रथहरू लाछिमा भेला भएपछि कर्तुल बाजाका साथ होहल्ला गर्दै मानिसहरूले रथहरूलाई नचाउने काम गर्छन र यहाँ पनि तलका देउताले माथिकालाई छोक्ने क्रिया हुन्छ । यस्तो अवस्थामा वाताबरण निकै तनाव ग्रस्त जस्तो पनि हुन्छ । अन्त्यमा तिनीहरू विचमा संझौता भई सबै रथहरू आ-आफ्नो द्योःछेंमा पुऱ्याउने निर्णय सहित कुमारीको रथ गणेशलाई पुऱ्याउन जान्छ । साना युवहरूले वोकेका रथ पनि सुरक्षाका दृष्टिले अघि लगाई तिनकै द्योःछें मा पुऱ्याइन्छ । विस्तारै अरूपनि अघि बढ्दछ र थनेलाछिमा पुगेर ध्याय्पवोकेका दुई व्यक्तिले लिंगोलाई तिन पटक परिक्रमा गरेपछि सपनतीर्थको द्योःछें अगाडि लगि विसाइन्छ । रथ पनि त्यतै लगिन्छ भने द्योःछें अघि पुगेर विश्राम लिने गर्छन् । यता चण्डेश्वरीलाई थलाग स्थित द्योः छेमा,माथिल्लो गणेशलाई वाले नजिकको आफ्नै द्योःछेमा,मसानकालीलाई क्वनेलाछि पूर्वपट्टि लोफल टोल स्थित द्योः छेंमा तथा कोटुगणेशलाई आफ्नै मन्दिरसंगै रहेको द्योः छेमा पुऱ्याइन्छ र आ-आफ्ना थकालीद्वारा विधिवत पूजा सम्पन्न भएपछि खट विसाई देउतालाई द्योःछेंमा भिफ्याइन्छ । खासगरी युवाहरूलाई भविष्यका लागि ठूलो खट बोक्न अभ्यास गराउने दृष्टिले यस्तो खालको चलन पछि थपेको अनुमान गर्न सकिन्छ । सरस्वती र महादेवका साना खट सहित सातवटा देवदेवीको रथ यात्रालाई विश्वकेतुको सम्मानार्थ ६ दिनसम्म मनाइने टोखाको बिस्केट जात्राको "देवरथ यात्रा" का कार्य भने चार गतेको साँझसम्ममा सम्पन्न हुन्छ । यसरी यात्रा सम्पन्न भएपछि सबै सम्वद्ध गुठीहरूले आ-आफ्ना खट बोक्नेहरूलाई बेलुका डाकेर मासु सहितको भोज खुवाउने परम्परा छ । वैशाख पाँच गते विहान थनेलाछिमा गाडिएको लिङ्गो ढाल्ने काम

हुन्छ । यसका लागि विहानै सम्बद्ध गुठीका सबै सदस्य लगायत अन्य सहयोगी तथा दर्शकहरू लाछिमा भेला हुन्छन् । करिब एक घण्टा भन्दा बढी समय लगाएर बढो बुद्धिमानी र सावधानी सहित लिङ्गो ढाल्ने काम गरिन्छ । यसरी लिङ्गो ढालिदाखेरी सकेसम्म भुईमा नपारी त्यहाँ भेलाभएका मानिसहरूले आफ्नो काध थापेर बोकि यथास्थानमा लागि राख्ने गरिन्छ । यस्तो कार्य सकिएपछि स्थानीय युवा तथा बृद्धहरू समेत बाजागाजा सहित बज्रयोगिनीसम्म पुगेर फर्की आ-आफना परिवार मिलेरि नजिकैको जंगलमा गई बनभोज गरेर जात्रालाई सम्पन्न गर्दछन् । छोटकारीमा भन्दा चैत्र कृष्ण चर्तुदशीका दिन टोखामा बिस्केटको लिङ्गो उठाइन्छ । वैशाख १ गते ध्वजोत्तोलन गरिन्छ भने वैशाख ३ गते थनेलाछिबाट खटहरू उठाई पछि ध्वजा निकाली ध्याम्पोमा राखेर थन्क्यान्छ भने वैशाख ५ गते अन्तिम दिन विहान लिङ्गो ढालेर थन्काइन्छ र जात्रा सकेको उपलक्ष्यमा वज्रयोगिनीमा गई राष्ट्र पूजा गरी भोज खाने गरिन्छ । जात्रामा परम्परागत र आधुनिक बाजा बजाई धुमधाम खटयात्रा गर्दछने । यो जात्रा हेर्नका लागि उपत्यकाका तिनै जिल्ला पाटन, भक्तपुर,काठमाडौ लगायत आसपासका गाउ वा नगर का मानिसहरू समेत भेला हुने गर्दछन् । यो जात्रा वाहेक चण्डेश्वरीमा नेपाल सम्वत ८२० को शिलालेख अनुसार देवरामले फागु पुर्णिमाको जात्रा गर्नका लागि खेत गुठी राखिए दिएको पनि उल्लेख गरिए अनुसार यसको पनि एक दिने जात्रा सम्पन्न गरिन्छ ।

## ५.२.३. सामाजिक व्यवहार, रीतिरिवाज तथा चाडपर्व उत्सव

### ५.२.३.१. चण्डेश्वरीको गोष्ठी व्यवस्था

वर्तमान अवस्थामा समेत गुठीको रूपमा प्रख्यात रहेको संस्थाको प्रारम्भिका नाम गोष्ठि थियो । नेपालको इतिहासमा लिच्छविकालतिर यो शब्द निकै धेरै प्रचलनमा रहेको पाइएको छ । अहिले आएर गुठी भन्ने वित्तिकै धार्मिक काम मिलाउने लौकिक व्यवस्था पनि मिलाउने गर्दथ्र्यो । तत्काल शिक्षा स्वास्थ्य र खानेपानी सम्मको व्यवस्था मिलाउन गोष्ठि स्थापना गरिएको हुने गर्दथ्यो । तत्काल राजा र प्रजाले दान गरेको सम्पत्तिका आधारमा यस्ता गोष्ठीहरू चलेका पाइन्छन्(वज्राचार्य,वि.सं.२०३०,पृं.२८५)। नेपालमा लिच्छविकालतिर परिवारको अधिनमा रहेका र अन्य सदस्यहरूको अधीनमा भएको गरी दुई प्रकारका गोष्ठिहरू थिए । लिच्छविकालतिर मन्दिर,धारा,कुवार बाटो तथा पूलपूलेसा वनाएर तिनको रेखदेख र सुरक्षाको लागि गुठी राखिने चलन चलेको पाइन्छ । हाल धार्मिक,साँस्कृतिक तथा लोकोपकारी कार्यका लागि स्थापना गरिएका संस्थालाई गुठी भन्ने चलन रहेको छ । यिनमा मन्दिर, धर्मशाला तथा अन्य सर्वजनिक सरोकारका संस्था संचालन गर्न तिनीहरूको नाममा राखिएको सम्पत्ति या जमीनलाई गुठी भनिएको पनि पाइन्छ(मिश्र र दाहाल, वि.सं.,२०५६,पृ.२३४)। अर्को शब्दमा परिभाषा गर्दा देवीदेवताका मठमन्दिरका साथमा कुलो,पैनी,पोखरी,धारा, चौतारा र त्यस्तै सार्वजनिक महत्वका स्थानहरूको व्यवस्थाका लागि चल तथा अचल सम्पत्ति प्रदान गरेपछि त्यसको संरक्षका साथै विभिन्न सामाजिक कार्यहरू संचालन गर्नका लागि गठन गरिएको संस्थालाई गुठी भनिन्छ । गुठी त्यस्ता संस्था हुन जसले सार्वजनिक महत्वका विषयवस्तुहरूको व्यवस्थापन गर्ने गर्दछ । प्राचीनकालका मानिसहरूले

हरेक सामाजिक कामको संचालन गुठी बाट गर्ने गरेको पाइन्छ । यसरी गुठी राखिदिनेहरूमा राजा,महाराजा, सामन्त, व्यापारी वर्गले त्यसरी जमीन गुठीको नाममा राखिने दिने गरेको देखिन्छ । यस्ता जमीनहरू हिन्दु तथा बौद्ध दुवै प्रकारका सम्प्रदायलाई दिएको पाइन्छ । अघि मनोरञ्जन तथा सामाजिक कार्य गर्नका लागि पनि गुठी व्यवस्था गरिन्थ्यो । त्यसैको निरन्तरताले गर्दा नेपालमा जातिगत गुठीको पनि व्यवस्था रहेको पाइन्छ । खासगरी यस्तो खालको गुठीको व्यवस्था उपत्यकाका नेवार सम्प्रदायमा अत्यधिक प्रचलनमा रहेको पाइन्छ । उनीहरूको ज्यादा जस्तो संस्कारगत र जातिगत कार्यहरू गुठीका माध्यामबाट गर्ने चलन आजसम्म पनि चलि आएको छ । नेवार समुदायमा जन्मदेखि मृत्यु सम्मको कार्यका लागि गुठीयारको आवश्यकता पर्दछ । अहिले आएर मठमन्दिरका गुठीका जमीनहरू सरकारले आफ्नो जिम्म्मा लिएको छ भने निजी गुठी चाही निजी व्यक्तिहरूले आफै संचालन गरिरहेका छन् । नेवारी समुदायमा सानागुठी या सीगुठी र दिवाली गुठी गरी दुई प्रकारका रहेका छन् । यहाँ सी गुठीले आफना गुठीयारको शव उठाउने देखि लिएर दाहसंस्कार गर्ने कार्यमा सहयोग गर्दछ भने देवाली गुठीले भने आफ्ना पूर्ख्यौली देवताको पूजाआजा गर्ने गर्दछन् । यहाँ एउटै गुठीका सदस्यलाई फुकी भनिन्छ, जसको वीचमा एक आपसमा विवाहवारी नचल्ने चलन रहेको छ (मिश्र र दाहाल, वि.सं.२०५६,पृ.२३५)। नेपालमा गुठीलाई राजगुठी र दुनियागुठी गरी दुई भागमा वर्गीकरण गरिएको पाइन्छ (नेपालमा गुठीलाई राजगुठी र दुनियागुठी गरी दुई भागमा वर्गीकरण गरिएको पाइन्छ( यादव,वि.सं.२०५३)। राजगुठी सरकारको अधिनमा रहेका गुठी हो जसको व्यवस्थापन गुठी संस्थानले गरि रहेको छ । दुनिया गुठी भने व्यक्तिगत या निजी गुठी नै हो । यस्तो गुठी सर्वसाधारणले विद्यालय चलाउन तथा मन्दिरको संचालनका लागि दिन सक्तछन् । यसको व्यवसथापन भने सम्वन्धित व्यक्ति या गुठीयारहरू मिलेर गर्ने व्यवस्था रहेको छ । हाल आएर गुठी जमीन खरिद विक्रीमा खुला गरेको कारणले गर्दा गुठीहरू मासिने अवस्थामा पुगेको छ । तरपनि थुडै नेपालको सन्दर्भमा सामाजिक तथा सार्वजनिक सरोकारको विषयवस्तुका रूपमा रहेका छ(खतिवडा,वि.सं.२०७०,पृ.२९९)।

### क) गुठीको उत्पत्ति

गोष्ठी वा गुठीको प्रारूप आदिम यूगदेखि नै भइसकेको देखिन्छ । गोष्ठी(गुठी) भन्नाले बातचीत,छलफल,आपसी सल्लाह भन्ने अर्थलाई बुझाउने हुन्छ । आदिम यूगका मानिसहरू जत्था-जत्थामा रहि एकजना नायकको नेतृत्वमा आपसी सललाह साहुती गरी जीविकोपाजर्नका लागि यत्रतत्र लाग्ने गर्दथे । यसलाई नै वर्तमान अवस्थामा गुठी(गोष्ठी) को प्रारम्भिक स्वरूपको रूपमा लिन सकिन्छ । पछि वैदिक यूगमा आई आफु-आफु वीचमा वातचीत छलफलगरी कार्य सम्पादन गर्ने क्रियाकलापलाई बुझाउने शव्दको रूपमा गोष्ठी(गोष्ठी) शव्दहरू भएको थियो (जोशी,वि.स.२०६५,पृ.५)। यजुर्वेदको पञ्चमो अध्यायमा गोष्ठीको वारेमा यसरी उल्लेख गरिएको छ ।

“स्वं गोष्ठमावदतं देवी दुर्श्येड आयूमां निर्वादिष्टं

पजांमा निर्वादिष्टमत्र रमेयां वष्मेन पृथिव्याः॥१७॥”

यसरी हेर्दा गोष्ठी(गुठी) परमपराको प्रचलनले सत्ययुगीन गणतान्त्रिक शासन व्यवस्थाको स्वरूपलाई इङ्गित गर्दछ । विभिन्न सामाजिक,साँस्कृतिक,शैक्षिक,आर्थिक, राजनैतिक एंव धार्मिक आदि विषयहरूसँग सम्वद्ध कुराहरूमाथि गोष्ठीहरूमा छलफल भर्य निर्णयमा पुग्दथे भन्ने देखिन्छ । गणराज्यमा पनि सोही अनुरूप गणका सवै सदस्यहरू सभामा सँगसँगै जाने,एउटै मन,चित्त,मन्त्र,तथा हृदययूक्त भई साझा नीतिको निर्माणमा समान योगदानको लागि ऋग्वेद उंव अथर्ववेदमा जनताहरूलाई आव्हान गरिएको स्पष्ट रूपले देखिन्छ । ऋग्वेदको १०।१९१।२-४ मा र अथर्ववेदको ६।६४।१-३ मा यसरी उल्लेख गरिएको छ ।

“संगच्छहवं संवदध्व संवो मनांसि जानताम ।

देवा भागं यथा सञ्जानाना उपासते ॥२॥

समानो मंत्रःसमिक्तिसमानी समानं मनःसह्चित्तमेषाम ।

समानं मन्त्रमभि मत्रये वःसमानेन वो हविषा जुहोमि॥३॥

समानी च आकुक्तिसमाना छुदययानि वः।

समानमस्तुवो मनो यथा वः सुसहति सुसहसति॥४॥”

यसले गोष्ठीका सदस्यहरूको अनुरूप गणराज्यको स्थायित्वको लागि गणका सवै सदस्यहरूमा एकमत,मेलमिलाप एंव आपसी सदासयता हुनु अनिवार्य भएको देखाउँदछ । गणराज्यमा गणसंघको सामू प्रस्तुत प्रस्तावहरूमाथि संघका सदस्यहरूको एकमत गराउने प्रयास सदा गरिन्थ्यो । तर एकमत गराउने प्रयास असफल भएमा सभाले वहुमतको आधारमा त्यसको टुङ्गो लगाउने गर्दथे (जोशी,वि.स.२०६५,पृ.६)। त्यसैले सर्वजन हितायको सिद्धान्तलाई मान्दा मान्दै पनि भगवान बुद्धले “सर्वजन हिताय सर्वजन सुखाय” भन्नुको सट्टा “वहुजन हिताय,वहुजन सुखाय” भनी मानव मात्रको लागि महानतम सन्देश प्रचारित गरेका थिए । देशमा विविध विषयसित सम्वद्ध विषयहरूमाथि तत् विषयको लागि स्थापित गोष्ठीहरूमा विचार विमर्श गरी निर्णय लिइन्थ्यो । गोष्ठीहरूमा विशेष गरी बुद्धिमा चतुर उंव वातचीतमा निपूर्ण व्यक्ति रहेको जमघट ज्यादै हुन्थ्यो । विद्या,धन,शील,बुद्धि र आयुमा मिल्दोजुल्दो व्यक्तिहरूको कुराकानीको साथ एक ठाउँमा जम्मा हुनुलाईनै गोष्ठी भन्ने गरिएको पाइन्छ(जोशी,वि.स.२०६५,पृ.६) । “समानविधावित्तशीलबुद्धिवयसामनुरूपैरालापैरे कत्रासन वन्धगोष्ठी ।”

गोष्ठीहरू विविध प्रकारका रहेका छन् जस्तो कि पदगोष्ठी, काव्य गोष्ठी आदि जल्पगोष्ठी,नृत्य,गीत,वाद्य,चित्र आदि,कलाहरू,काव्य र कहानीहरू यी गोष्ठीहरूका विषय थिए महाकवि “वाणलेविद्यागोष्ठीको यसरी उल्लेख गरेका छन् “निरविद्या विद्यागोष्ठी भावयन ।” यहाँ केही गोष्ठीहरूको वारेमा चर्चा गरिने छ । गुठीलाई तिन प्रकारका रहेका छन् :-

## ख) गुठीको किसिम

गुठीलाई त्यसको प्रकृति,स्वामित्व आदि विविध रूपबाट वर्गीहरण गर्न सकिन्छ । नेपालमा गुठी व्यवस्थाको प्रचलन लामो समयदेखि रहेको भएतापनि लिच्छविकाल,मध्यकाल,मल्लबाल र प्रारम्भिक शाहकालमा गुठीमा कुनै भेद रहेको देखिदैन् । सामान्यक्त त्यसवेला राजा र दुनियाँद्वारा स्थापित गुठीमा समान व्यवस्था हुन्थ्यो । जव गुठी व्यवस्थाले संस्थागत रूप लिंदै गयो तव यसका किसिमहरू पनि स्पष्ट रूपमा देखिदै आए । गुठीलाई पनि दान दिएको आधारमा परिभाषित गर्नुपर्ने आवश्यकता पर्न गए अनुसार राजगुठी,दुनियाँगुठी र छुटगुठी गरी तिन किसिममा विभाजन गरिएको छ ।

### राजगुठी

राजगुठी भन्नाले राजाद्वारा राखिएको गुठी भन्ने बुझिन्थ्यो भने अमानत पछि दुनियाँले राखेको गुठी,तर गुठीको नियत कार्य नगरी धर्मलोपको स्थितिमा पुगेकोले अमानत गरी प्रत्यक्ष सरकारबाट चलाइएका गुठीहरू पनि राजगुठीभित्र समेटिए । पछि वि.स. २०२१ सालमा राजगुठी भन्नाले श्री ५ को सरकारको अधीनस्थ भन्ने बुझिन्छ । जसको उल्लेख गुठी संस्थान ऐन २०२१ को दाफा २ को छ मा व्यवस्था गरिएको छ । अहिले राजगुठी भन्नाले गुठी संस्थानको अधीनमा रहेका गुठीहर भन्ने बुझिन्छ ।यसलाई अमानतगुठी पनि भनिन्छ ।

### छुटगुठी

छुटगुठी भन्नाले गुठी जग्गाको आयस्ताबाट गुठीको नियत पूजा, पर्व आदि दानपत्र, लिखत वमोजिमको काम चलाई बाँकी रहेको गुठीको शेषकसर वा सलामी राजगुठीमा बुझाउने गरी वा गुठी चलाउनेले नै शेष खाने गरी गुठी संस्थान ऐन,२०२१ प्रारम्भ हुनु भन्दा अगाडी सरकारी गुठी लगतमा गुठीको दर्ता गराई वा दर्ता गराउनु पर्ने गरी गुठीको जग्गाको मालपोत सरकारमा बुझाउने,मालपोत वा तिरो बुझाउनु नपर्ने गराई गुठियारले गुठी चलाउन पाउनेगरी छुट पाएको गुठी भन्ने बुझिन्छ । यसलाई गुठी संस्थान ऐन, २०३३ को दफा २ को ङ ले स्पष्ट गरेको छ । गुठीसम्वन्धी काम कारवाही गर्नेगुठी कचहरी,गुठीवन्दोवस्त, अड्डाहरूको स्थापना पश्चात् पनि लामो समयसम्म छुटगुठीप्रथा कायमै रहेको देखिन्छ । छुटगुठी राजगुठी नै भए पनि व्यक्तिगत स्तरमा यसको सञ्चालन हुँदा नियत कामहरू सन्तोषजनक रूपले हुने सम्भावनाको सौ धर्मकीर्तिहरूको सवंर्धनार्थ कामहरू नगण्य मात्रामा भएका कारणको साथै कतिपय छुटगुठीहरूबाट गुठी संस्थानलाई ज्यादै कम शेष कसर प्राप्त हुने हुनाले वि.स.२०३३ को गुठी संस्थान ऐनलेसवै छुटगुठीहरूलाई राजगुठीमा परियत गरेको देखिन्छ । त्यसो भएपनि आजसम्म पनि व्यवहारमा छुटगुठी कायम रहेको देखिन्छ (टण्डन, वि.सं.२०७६, पृ.४८)।

## दुनियागुठी

आ-आफ्नो स्वामित्वको जग्गा वा बिर्तारूपमा राजाबाट प्राप्त जग्गाको आयस्ताबाट कुनै धार्मिक वालौकिककार्यको स्थायित्व एवं निरन्तरताको लागि दुनियाँले राखेको गुठीलाई दुनियाँगुठी या निजीगुठी पनि भनिन्छ । लिच्छविकालदेखि नै जनताको सक्रियतामा यसरी राखिएका गुठीहरूको उल्लेख प्रशस्त भएको पाइन्छ । गुठीको सुव्यवस्थित सञ्चालन तथा त्यसको हरण वा पतन नहोस् भन्नाको लागि राजाद्वारा तामापत्र,लालमोहर गराउने चलन पनि नेपालमा रहेको पाइन्छ (टण्डन, वि.सं.२०७, पृ.४९)। दुनिया गुठी पनि दुई प्रकारका रहेका छन् । घरगुठी र गुठियार राखेको गुठी । घरगुठीमा गर्नुपर्ने गुठीको काम सबै परिवारले गर्नुपर्छ । त्यस्तो गुठीमा दाताका सन्तानले गुठीको दानपत्र शिलापत्रसमेत लिखतबमोजिमको काम चलाई आफुले खान पाउने शेष बाँकीसम्म धितो बन्धक राख्न पाउछन् । मुलुकी ऐन वि.स.२०१९ को गुठीको तफा ३ को उपदफा २ मा खान पाउने शेष बाँकी पनि बेचविखन दान दातव्य र लेखिएवाहेक अरु गुठीकोघर जग्गा धितो वन्धक र वेचविखन, दान-दातव्यसमेत दिन र गुठीको शिलापत्र समेतको लिखतबमोजिमको काम नचलाई धर्मलोप गर्न नपाउने कानूनी व्यवस्था रहेको छ ।

दोस्रो प्रकारको गुठीमा भने गुठीका आवश्यक कामहरू रेखदेख,स्याहार पूजाआजा आदि सबै कामको जिम्मा गुठीयारको अधीनमा रहन्छ । सो काम गरेवापत गुठियारले खान्गीस्वरूप केही जिन्सी वा रकम पाउने व्यवस्था गरिएको देखिन्छ । त्यस्तो गुठीमा गुठी राख्नेको सन्तानले धर्मलोप गरेमा धर्मलोप गर्नेलाई खारेज गरी त्यसका हकवालाले रोजेकोलाई पजनी गरी दिन पाउँछ, र आफैले लिन भने पाउँदैन । मुलुकी ऐन वि .स. २०१९ को दफा ४ मा गुठियारले त्यस्तो गुठीको जग्गा दान, वाकस,वेचविखन गरी दिन पाउँदैन । दुनियाँ गुठी अन्तर्गत सञ्चालित गुठीहरू नेपालमा प्रशस्त रहेका छन् । धार्मिक,साँस्कृतिक एवं लौकिक महत्वका कामहरू गुठीका आयस्तामार्फत् गर्ने गरी लिच्छविकालदेखि नै प्रशस्त निजी तवरले गुठीहरूराखेको कुरा अभिलेखहरूबाट अवगत हुन्छ । धर्मप्रतिको अटल विश्वास, सत्य र निष्ठामा पहिलेको समाज इमान्दारीपूर्वक समर्पित हुँदा निःस्वार्थ ढङ्गले भइरहेको थियो । तर आज त्यो स्थिति कायम रहन सकेको छैन् । निजी रूपमा सञ्चालन भएका जति पनि गुठीहरू छन् अधिकाँशको स्थिति नाजुक रहेको छ । दानपत्र र शिलापत्रमा जुन विधि विधान अनुसार काम गर्ने,जगेडा राखी मठ मन्दिरहरूजस्ताधर्म कीर्तिहरूको मर्मत जीर्णोद्धारगर्ने व्यवस्था बाँधिएको छ त्यस अनुसार कुनै पनि परम्परागत दुनियाँगुठीमा काम भएको छैन् । निःस्वार्थपूर्वक धर्मकीर्तिहरू सञ्चालन भई पुरातात्विक महत्वलाई समेत दुष्टिगत गरी तिनको वर्चस्वमा दृष्टि दिइएको भए दुनियाँगुठीको स्वतन्त्रतामा यति चाँडै आक्षेप आउने थिएन् ।

दुनियाँगुठीहरूको विविध स्वरूप र तिनको राष्ट्रिय महत्वलाई दृष्टिगत गरी तिनलाई वर्गीकरण गरेर राष्ट्रिय गौरवलाई अभिबृद्धि गर्न प्रत्यक्ष सहयोग पुऱ्याउनेछ । हाल सो अनुकुल काम हुन नसकेका दुनियाँगुठीहरूलाई तिनीहरूबाट हुने आयस्तालाई भन्दा त्यसको राष्ट्रिय महत्वलाई हेरी प्राथमिकता दिई राष्ट्रले सञ्चालन गर्नेतिर ध्यान दिनु समयोचित हुने देखिन्छ । गुठी संस्थान ऐन, २०३३ मा निजीगुठीको

हक दायित्व संस्थानले लिन सक्ने व्यवस्था पनि रहेको छ। तर त्यहाँ कुनै निजीगुठीको दातासमेत सबै वा अधिकाँश गुठियारहरूले त्यस्ता निजीगुठीको हक दायित्व संस्थानले नै व्यहोर्ने गरी वन्दोवस्त र सञ्चालन संस्थानबाट नै कुन लिखित अनुरोध गरेमा संस्थानले त्यस्तो गुठीको हक दायित्व लिई दातासमेत सबै वा अधिकांश गुठियारको लिखित अनुरोध नभइकन त्यस्ता निजीगुठीलाई राजगुठीमा परिगत गर्न नसक्ने प्रावधान रहेको उल्लेख गरिएको छ ।

**ग) चण्डेश्वरीको गोष्ठी प्रणाली**

"गोष्ठी" को अर्थ सभा वा समूह भन्ने हुन्छ । समूहको भलाई र सामूहिक उत्तरदायित्वको भावनाको आधारमा यो व्यवस्थाको जन्म भएको हुँदा कालान्तरमा यसलाई नामबाट सम्बोधन गर्न थालिएको देखिन्छ । पछि नेपाली जनजिब्रोले गोष्ठीलाई गुठी भन्न थालिएको देखिन्छ । गुठी शब्दले धार्मिक, लोकिक कामलाई प्रत्यक्ष रूपमा बुझाउँछ भने परीक्ष रूपमा ती कार्यहरू गर्न राखिएको जग्गा वा रूपैयाँलाई बुझाउँछ । नेपालमा गुठीको लामो परम्परा रहि आएको छ । अहिलेसम्मको अनुसन्धानबाट नेपालको प्रामाणिक इतिहासको प्रारम्भसँगै गुठीको इतिहास पनि थालनी भएको देखिन्छ ( टण्डन,वि.स.२०७६पृ.१)। प्राचीनकालदेखि हालसम्म नेपालको सरकारी निकाय र जातिहरूमा विभिन्न गुठीहरू रहेको अध्ययन अनुसन्धान र अभिलेखहरूबाट थाहा पाउन सकिन्छ । लिच्छविकाल देखिनै धार्मिक र सामाजिक कार्य सञ्चालन गर्नका लागि गोष्ठीहरू नै सक्रिय रहेको कुरा त्यसवेलाका प्राप्त अभिलेखहरूबाट जानकारी पाउन सकिन्छ । त्यसवेला पनि खासगरी धार्मिक कार्यको लागि राजा,राजपरिवार र जनताहरूले समेत मिलेर मठ,मन्दिर,मूर्तिहरू र धार्मिक अनुष्ठान आदिको नियमित रूपले सञ्चालन होस् भन्ने हेतुले यस्ता गोष्ठीको सञ्चालन गरेका हुन्थे भन्ने देखिन्छ । यस वाहेक सर्वसाधारण जनताका लागि मनोरञ्जन,शिक्षा, स्वास्थ्य आदि लगायतका कुराको व्यवस्था र रेखदेख गर्नका लागि केही सामाजिक गोष्ठी र व्यक्तिगत गोष्ठीहरू पनि संगठित भएको देखिन्छ(गौतम, वि.स.२०६६,पृ.५८)। लिच्छविकालको अभिलेखहरूमा गोष्ठी र गोष्ठि शव्दको उल्लेख भएको पाइन्छ । खासगरी गुठीको उल्लेख सवभन्दा पहिले सम्वत् ३८६ को मानदेव प्रथमको चाँगुनारायणको अभिलेखमा आएको छ ।

लिच्छविकालमा मन्दिरमा वत्तीको व्यवस्था गर्न प्रदिप गोष्ठी, देवालयमा धुप बाल्नको लागि धुपगोष्ठी, वाजा बजाउनका लागि र तिनहरूको हेरचार गर्नका लागि वादित्र गोष्ठी, मन्दिरमा झण्डा,ध्वजापताको व्यवस्था गर्नका लागि ध्वजा गोष्ठी, पूजा सञ्चालन तथा मूर्ति वनाउनको लागि अर्चा र अर्चनीय गोष्ठी र देवतालाई रथमा विराजमान गराई हिडाउने कामको व्यवस्था गर्ने प्रचलन छ । सर्वसाधारण जनताहरूलाई पानी खुवाउनको लागि बन्दोवस्त मिलाउनको लागि समेत पानीय गोष्ठी खडा गरिएको देखिन्छ । त्यस्ता गोष्ठीहरूले जात्रा,मेला र धेरै सर्वसाधारण जनता भेला हुने अवसरमा पानी खवाउन सक्रिय हुने उल्लेख गरिएको छ(बज्राचार्य,वि.स.२०३०,पृ.२८६)। लिच्छविकालका अहिलेसम्म प्राप्त करिव दुई सयवटा जति अभिलेखहरूमा अठ्चालीसवटा अभिलेखहरूमा कुनै न कुनै रूपमा गुठीको

उल्लेख गरिएको पाइन्छ (टण्डन,वि.स.२०७६, पृ.१)। लिच्छविकालका अभिलेखहरूमा आएका गुठीसम्वन्धी उल्लेखहरूबाट गुठी व्यवस्था ख्याति पाएको देखिदा मानदेव प्रथमको शासनकालभन्दा अगाडि नै नेपाली जनजीवनमा गुठीको व्यवस्था प्रचलित भएको देखिएता पनि लिच्छविकालभन्दा अगाडिको गुठी व्यवस्था वारे बोल्ने प्रामाणिक सामग्रीहरू नभएकोले केही भन्न सकिने स्थिति देखिदैन । तर मध्यकाल,मल्लकाल तथा शाहकालमा पनि परम्परागत रूपमा गुठी व्यवस्थाकायम रहेको कुरा बताउने धेरै अभिलेखहरू प्राप्त भएका छन् ।

मध्यकालमा आएर गुठीको कार्य धेरै सामाजिक रितिरिवाजको आधार बनेको देखिन्छ । मध्यकालका अभिलेखहरू मन्दिर,मूर्तिहरूको दैनिक पूजाआजाको लागि छुट्याइएको जग्गालाई गोष्ठी भनिएको छ भने प्राचीनकालमा अभिलेखमा गोष्ठीका सदस्यहरूलाई गोष्ठीक भनिएको छ भने पछि उनीहरूलाई गुठीजन अर्थात गुठीको हेरचार गर्ने मानिस मानिएको पाइन्छ । त्यसवेला खासगरी गुठीमा परिवारका सदस्य एवं नातेदारबाट नै गुठीको रेखदेख गर्नका लागि गुठीजन छानिन्थ्यो । गुठीजनले गुठीको सम्पत्तिलाई विक्रि वितरण गर्न नपाउने व्यवस्था थियो । त्यसको आयस्ता भने गुठीजनले वर्षेनी पालैपालो लिनुको साथै मन्दिर र गुठी जसको हो पूजाआजा सबै काम त्यस परिवारले नै गर्दथे (गौतम, वि.स.२०६६,पृ.५८) । गोष्ठी अर्थात गुठीको मुख्य कार्य भनेको धार्मिक कीर्तिहरूको स्थापना पश्चात तिनको नियममित पूजा-आजा,वर्षवर्द्धन,रेखदेख एवं लौकिंक कीर्ति तथा समाजोपयोगी कामहरूको स्थायित्व एवं निरन्तरताको लागि नै गुठी व्यवस्थाको उद्भव भएको देखिन्छ । समाजमा आवश्यकता पर्ने कामहरू सबैले मिलेर गर्न उप्रेरित गर्नु नै गुठी व्यवस्थाले सिकाएको महत्वपूर्ण काम हो । गुठी व्यवस्थाले लामो समयदेखि राष्ट्रको धार्मिक,साँस्कृतिक उत्थानमा सहयोगी भुमिका निर्वाह गर्दै लोककोपरोपकारी कार्यहरू गर्न समर्पित रहेको देखिन्छ । यसरी समाज र राष्ट्रलाई यसले सन्तोषजनक योगदान पुऱ्याएको कारणले गर्दा नै लिच्छविकालदेखि अहिलेसम्म नेपाली समाजमा गुठीवयवस्था अटाएर रहन सकेको देखिन्छ ।

गुठी व्यवस्थाको परम्परा कायम रहनाले नै नेपाली समाजको मल्लकालमा बनेका कतिपय मठ,मन्दिर एवम् मूर्तिहरूको संरक्षण भएकोछ भने मध्यकालमा प्रचलित अनेक धार्मिक साँस्कृतिक महत्वका चाडपर्व, जात्रा र नृत्यहरू अहिलेसम्म पनि एवम रितले चलिरहेका छन् । प्राचीनकालमा गोष्ठीबाट गर्ने गरिएको कार्यहरू मध्यकालदेखि गुठीद्वारा गरिएको देखिन्छ भने वर्तमानमा आएर पनि त्यस्तो कामहरू गुठीद्वारा नै गर्ने गरिएको छ । अहिले गुठीबाट नै मन्दिरको संरक्षण,सुरक्षा, पूजा-पाठ र मर्मत सम्भार लगायतका कार्यहरू गर्ने गरिएको छ । त्यस्तै गरि समाजमा ऋतु अनुसारको बाजा बजाउने, गाउने, नाच नाच्ने, बाद्य-वादन आदि सबै कुराको व्यवस्था गुठीद्वारा नै गरिने गरिएको पाइन्छ । मानिसहरूले गुठी राख्नाका अनेक कारणहरू हुन सक्छन् । त्यसमा मुख्य गरि धार्मिक कारणको प्रधानता रहेको देखिन्छ । नेपाली समाज मूलधर्ममा श्रद्धा,आस्था र विश्वास राख्ने हुनाले र गुठी राख्ने क्रियाकलापको अभिबृद्धि प्राचीनकालदेखि हुँदै आएको देखिन्छ(टण्डन,वि.स.२०७६, पृ.१)। आफन्तहरूको

सम्झना र पुण्य कामनाले कुनै गुठी राखेको देखिन्छ भने कुनै महत्वपूर्ण घटनाका दिनहरूमा राखिएको पाइन्छ । कुनै गुठी फलशाले राखिएको देखिन्छ भने कुनै निःस्वार्थ भावले राखिएको पाइन्छ ।

लामो समयसम्म नेपालको गुठी व्यवस्था व्यक्तिगत स्तरमा गुठियार, पुजारी,गुठी रकमीहरूको रेखदेख र सक्रियतामा नै पूर्णरूपले निर्भर रह्यो । त्यसवेला देशको नियम, कानून,धर्म र परम्पराले गुठीलाई कार्यक्षेत्रमा क्रियाशील तुल्याएको देखिन्छ । कालान्तरमा आएर यसले क्रमशःसंस्थागत रूप लिन लिन पुग्यो । गुठीसम्वन्धी कामकारवाही हेर्नका लागि गुठी कचहरी,थुठी बन्दोबस्त अड्डा,त्यस अन्तर्गत गुठी खर्च,गुठी तहबिल, गुठी तहसिल, गुठी लगतजस्ता अड्डाहरूको स्थापना हुन पुग्यो । यिनीहरूको मुख्य काम भनेको सरकार अन्तर्गत रहेका थुठी अर्थात राजगुठीहरूको सुव्यवस्थित सञ्चालनको निमित्त आवश्यक पर्ने काम गर्नु थियो । वि.स. २०२१ सालमा गुठी संस्थानको स्थापना पश्चायत राजगुठीको संयोजन,सञ्चालन सम्वन्धी कामहरू सवै गुठी संस्थानले हेर्दै आएको छ(टण्डन,वि.स.२०७६, पृ.१)। तर दुनियाँ गुठीहरूको सम्वन्धमा त्यस किसिमको कुनै निकाय रहेको छैन् । पूर्ण निजीरूपमा त्यस्ता गुठीहरू रहेका छन् । नेपालको धर्म तथा संस्कृतिको पर्यायवाची रूपमा रहेको गुठी व्यवस्था शाताब्दियौदेखि नेपाली जन-जीवनमा राष्ट्को मूल तत्व धर्म र यसभित्र अन्योन्याश्रित रूपमा सम्बद्ध रहेको संस्कृतिका आधारहरूलाई जीवन्त पारी युगयुगान्तरसम्म कायम गराउन क्षमता राख्ने व्यवस्था हो भन्ने कुरा कुनै कङ्गा रहेको देखिदैन् ।

अहिले नेपालमा खासगरी नेवार समाजमा गुठीको प्रचलन व्यापक रूपमा रहेको छ(तुलाधर र वज्राचार्य वि.स.२०७०पृ.४०)। नेवारी समाजमा गुठीद्वारा नै धार्मिक काम रजातिको संस्कार सम्वन्धी कार्यको सञ्चालन गरेको पाइन्छ । गुठीले नै उनीहरूको आपसमा अनुशासन स्थापित गरेको देखिन्छ । आजको समयमा गुठी प्रथा नेवारी समाज बाहेक अन्य समाजमा विरलै पाइन्छ । गुठीबाट आफूलाईअलग राख्ने धृष्टता कुनै पनि नेवारहरूले गर्न सक्दैनन्(शर्मा,वि.स.२०३९, पृ.२९९)।तिनीहरूमा वालकको जन्म भएदेखि मानिसको मृत्युसम्मको संस्कारहरू गुठीले नै गर्ने परम्परा रहेतापनि निम्न प्रमुख गुठीहरू रहेका छन् । अहिले पनि नेवार जातिमा सना गुठी र सी गुठी अत्यधिक रूपमा प्रचलनमा रहेको छ ।

चण्डेश्वरी मन्दिरको लागि विभिन्न समयमा मानिसहरूले जग्गा गुठी चढाएको देखिन्छ । जसमा नेपाल सम्वत ९१५ मा चण्डेशवरी स्थानमा बत्ती वाल्नका लागि ओंगल टोल(हाल इन्द्रचोक) को दक्षिणघरको कृष्णनारायण भारो,रामकृष्ण भारो यी दुई जनाले श्री चण्डेश्वरीको स्थानमा वत्ती वाल्ने कामको लागि दुई रोपन खेत प्रदान गरेको उल्लेख गरिएको छ । त्यस्तै गरी नेपाल सम्वत ९२७ को अभिलेखमा श्रीचण्डेश्वरीमा पाटी वनाई दुई रोपनी खेत गुठी राखि दिएको उल्लेख गरेको छ । त्यस खेतको आयस्ताले प्रत्येक वर्ष मेष संक्रान्ती(वैशाख १ गते) को दिनमा चण्डेश्वरीमा कमजोलन(विशेष पूजामा प्रयोग गरिने पूर्ण सामाग्रीको पूजा सेट) र कृष्णाष्टमीको दिन पंचामृतले पूजा गरी ब्राम्हन भोजन गराउनुको साथै धनलक्ष्मी स्वर्गीय भएको थिति दिनमा सपिण्ड श्राद्ध पनि गर्नु पर्ने उल्लेख गरिएको छ । चण्डेश्वरी मन्दिर भित्र पर्खालको भित्तामा रहेको शिलालेखमा अधिकांश अक्षर खिइसकेको हुनाले धेरै भाव

प्रकट हुन सकेन तर यसमा मिति सम्वत ८९१ म चण्डेशवरी थानमा पूजाको लागि गुठी व्यवस्था गरेका सम्म खुल्न आउँछ। यसैगरी चण्डेश्वरी मन्दिरको भित्र पर्खालको भित्र तोरणमा रहेको अभिलेखमा शुरुको भाग खण्डित हुनाले धेरै भावप्रकट हुन सकेन। यसमा चण्डेश्वरी थानमा था पूजाको लागि गुठी राखेको सम्म जानकारी प्राप्त गर्न सकिन्छ।केन्द्रीय अभिलेख कार्यालय भद्रकालीको लगतमा भेटिएका केही गुठीका नामावलीहरूमा क.स.४२५ टोखा चण्डेश्वरीको गुठी, क.सं.९६६ टोखा चण्डेश्वरीको जात्रामा चिराग बाल्ने गुठी र क.स.१०७६ टोखा चण्डेश्वरीको रथ बिग्रेमा बनाउने गुठी रहेको देखिन्छ। टोखा चण्डेश्वरी कालमोचन गुठीको लगतमा सि.न. २७ लगत सङ्ख्याडोर ८ मा टोखा चण्डेश्वरी माई टुवाल गुठी को जग्गा १९-०-० र सि.नं.१८२ श्री ५ २९ पो नं.६१ म टोखा चण्डेश्वरीको नित्य पूजा गुठीमा ९-०-० रोपनी गरि जम्मा २८ रोपनी जग्गा रहेको देखिन्छ। टोखा चण्डेश्वरीमा चण्डेश्वरीको जात्रा लगायत अन्य कामहरू गर्नका लागि समेत गुठीको व्यवस्था गरेको पाईन्छ। जसले चण्डेश्वरी मन्दिरमा आईपर्ने सानातिना समस्याहरूको निराकरण गर्नका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको स्थानीय बासीहरूको भनाई रहेको छ। वास्तवमा चण्डेश्वरी मन्दिरको रेखदेख नेपाल सरकार, गुठी संस्थानबाट हुँदै आएको छ। गुठी राखिएका जग्गाहरूको लगत पनि गुठी संस्थानमा नै रहेको छ।

## ५.२.३.२. चण्डेश्वरीको पीठको पूजा विधि एवम् प्रक्रिया

### नित्य पूजा

चण्डेश्वरी मन्दिरमा विहान नित्यपूजा र बेलुका आरती पूजा हुन्छ। पहिला पहिला पाटी छँदा नित्य पूजा गर्दा विहान भजन खलकबाट भजन कीर्तन गर्ने परम्परा थियो। हाल यो परम्परा रहेता पनि पाटी सवै भत्किसकिएकोले प्रचलनमा छैन्। नित्य पूजाका लागि भनि पुजारी दिक्षित हुनु पर्ने तथा निष्ठावान हुनुपर्छ भनिएको भएतापनि कुनै नियम भने छैन्। चण्डेश्वरी मन्दिरमा हालसम्म पालैपालो गरी मन्दिरमा पूजा गर्ने परम्परा रही आएको छ। मन्दिरमा चढाएको भेटी जो पालोमा वस्यो उसैले लैजान्छन्। विहान देवीको स्नान गरिसकेपछि वेद, पाठ र शङ्ख ध्वनीबाट नितीपूजा शुरु गरिन्छ। नैमित्तिक अर्थात् दैनिक पूजाको लागि चाहिने सामग्रीहरूमा अक्षेता एक मुठी,मन्दिर,जौ, घिउ, धूप,फलफूल, दियो आदि रहेको पुजारीले वताउँछन्। त्यसरी चण्डेश्वरीको पूजा गर्नको लागि जग्गा पनि गुठी राखि दिएको भएपनि पुजारीहरूले आफैले व्यवस्था गरी नित्य पूजा चलाइरहेका छन्।

नित्यपूजा सकिएपछि मात्र बाहिरी भक्तजनहरूबाट पूजा लिने गर्दा रहेछन्। पुजारीले बाहिरी पूजामा ल्याएको भेटीबाट आ-आफ्नो गुजरा गर्दै आएका छन्। गुठी अड्डा भद्रकालीको लागत अनुसार नित्यपूजाको लागि बार्षिक धान, कुत आउने खेत र बजार खरीदको लागि नगदमा छुट्याएको छ। साँझमा गरिने आरतीको लागि भने छुट्टै रकमको व्यवस्था गरेको देखिदैन। आरतीको लागि चाहि सामग्री पालो परेको पुजारीले जुटाउँछ। चण्डेश्वरी गुठीमा पहिले एकै परिवारका सदस्यहरू पुजारी थिए।अहिले तीन परिवारका छन्। चण्डेश्वरी मन्दिरको जात्रा गर्ने देवीलाई टोखा वजारको पुरानो द्योःछेंमा राखिने

गरेकोमा त्यस घर वि.सं. २०७० मा गएको महाभुकम्पको कारणले भत्किन गएकोले चण्डेश्वरीको मूर्ति अहिले सुरक्षाको लागि पुजारीको घरमा राख्ने गरिएको छ । पूजामा चढाएको विभिन्न सामग्रीहरूपुजारीहरूले आपसमा बाँडेर लिने गर्दछन् । यस मन्दिरमा नित्यपूजा गर्नुको साथै विभिन्न पर्वपूजाहरू पनि गर्ने गरिएको पाइन्छ । जनैपुर्णिमा पूजा,अष्टमी पूजा, स्वस्थानी पूजा, होली पूर्णिमा पूजा आदि लगायत विभिन्न पूजाहरूमहत्वपूर्ण पर्वपूजा हुन् ।

### विशेष पूजा

नेपाल सम्वत् ९२७ को अभिलेखमा बैशाख १ गतेका दिनमा चण्डेश्वरी मन्दिरमा विशेष पूजामा प्रयोग गरिने पूर्ण सामग्री खरिद गर्नका लागि चस्वार्पी टोलका धनलक्ष्मीले दुई रोपनी जग्गा गुठी राखि दिएको उल्लेख गरिएको छ । चण्डेश्वरी मन्दिरमा वर्षभरी आउने चाडपर्वमा विशेष पूजा गरिने चलन पनि रहेको छ । सिठी नखः मा चामलको पिठोको रोटी(चटामरी) र मासको बारा (वो) राखीपूजा गर्नुपर्छ । प्रत्येक चर्तुदशीमा चन्हेपूजा गर्दा हाँसको बली चढाउनु पर्ने चलन छ । प्रत्येक पूर्णिमा र संकान्तिमा रात्रीपूजा, धण्टाकर्ण चतुर्दशीका दिन बोका बली दिई पूजा गर्ने चलन रही आएको छ । विजय दशमीको अष्टमी र नवमीमा सरकारी बली दिई पूजा गर्ने चलन रहेको छ । त्यस समयमा नेपाली सैनिकका मानिसहरू पनि आएर मन्दिर सफा गरि बलि दिन्छन् । यहाँ कसैले पञ्चबलि दिने चलन छ । कोही पञ्चबली दिने परम्परा नरहेको वताउँछन् । तिहारमा म्हःपूजा, लक्ष्मीपूजा, दिला चतुर्दशीमा, चन्द्रमा उदाएपछिको आइतबारमा पूजा, असारमा देशपूजा यस्तै माघे संकान्तिमा प्रत्येक पुजारीहरू व्रतबसी वेलुका मात्र खाने चलन रहेको छ । माघे सकान्तिमा माई चण्डेश्वरीलाई वाह्र वटा मकलमा आगो बाली आगो ताप्न दिई पुँगा(बाक्लो पछ्यौरा) ओढाउने परम्परा पनि रहेको छ । यहाँको चण्डेश्वरीलाई विशेष पूजा गर्ने दिन आइतवार शुभ मानिन्छ ।

### साधारण बली पूजा

यस चण्डेश्वरी मन्दिरमा बलीपूजा हुँदा मन्दिरभित्र भएका सवै मूर्तिहरूमा पनि बलीपूजा दिइन्छ । यहाँ खासगरी नरिवल, कुखुराको बलिदिने गरिएको छ । सर्वसाधारण मानिसहरूले आफ्नो मनोकामना पुरा होस भनेर र कतिपयले भने आफ्नो मनोकामना पुरा भएपछि मन्दिरमा आएर त्यस्तो बलि दिने गरिएको छ । बलि दिनको लागि चण्डेश्वरी मन्दिरको पश्चिमपट्टि भुँईमा ईटाको गाह्रो लगाई त्यसमाथि काठको स्तम्भ राखि त्यस स्तम्भमाथि खड्ग राखिएको छ । त्यसको भुँईमा रगत जानको लागि प्वालको पनि व्यवस्था गरिएको छ । पूजा गरिसकेपछि मानिसहरूले त्यस्ता बलि दिएको वस्तुहरू आफै लिएर जाने गरेका छन् ।

## पञ्चबली पूजा

चण्डेश्वरी मन्दिरमा पञ्चवलि दिने परम्परा पनि रहेको देखिन्छ । चैत्रको मसान्तमा चण्डेश्वरीमा पञ्चबलि दिई चण्डेश्वरीमा नै भजन गरी साँझ करिव छ सात बजेतिर बार्षिक रूपमा मूल नाइके वहाली पनि गरिन्छ । मूल नाइके वहाली गर्दा चण्डेश्वरी जात्रासँगै जाने परम्परा रहेको छ । चण्डेश्वरी मन्दिरको मूल नाइके वहाली गर्नु अघि चण्डेश्वरी मन्दिरमा विहान १० बजेतिर सरकारी पूजा सहित चण्डेश्वरी देवीलाई पञ्चबलि दिनको लागि मूल नाइकेको नेतृत्वमा यस्तो पूजा गर्दछन् । पञ्चबलिमा चण्डेश्वरीलाई राँगा,बोका, हाँस, कुखुरा,थुमा गरी पाँचवटा पशुपन्छीको बली दिने परम्परा रहि आएको छ । पञ्चबलि सकिएपछि समयबजी कार्यक्रम गरिन्छ । समयबजीमा छोयला,कालो भटमास, अदुवा, सिद्‌दा, उसिनेको अण्डा समेत गरी थाःपिङ्गमा जाँड हालि खाने चलन रहेको छ । यसको अन्तिम भोज भने तलेजु भगवानीस्थान कोटमा गरिन्छ । अहिले तलेजु भगवानीको स्थान जीर्ण भएको कारणले काम मूल नाइकेको घरमा नै गरिने परम्परा रही आएको छ । पञ्चबलि दिंदा बलिदिने पशुपन्छीहरूमा कुन पहिला दिने भन्ने नियम भने रहेको छैन् । अन्तिम भोज गरेपछि साँझको करिव ६-७ बजेतिर मूल नाइकेको बहाली गरिने चलन छ । मूल नाइके वहाली गर्दा गरिने विभिन्न किसिमका पूजाहरूको लागि लाग्ने सम्पूर्ण खर्च भने सरकारी कोषको अनुदानबाट गरिने गरिएको छ ।सरकारी कोटाबाट आउने आर्थिक सहायता कम भएको खण्डमा चण्डेश्वरीमा गरिने पञ्चबलिमा पाँचवटाको बलि नदिई कुनै एउटा दिने गर्दछन् ।

## क्षमा पूजा

प्रत्येक मठ मन्दिरमा कुनै नयाँ गतिविधि हुने वितिक्कै उक्त मन्दिरमा क्षमापूजा गर्ने पनि गरिन्छ । प्रत्येक समाजमा यो पूजा प्रचलन विशेष रूपमा गर्ने गरिन्छ । चण्डेश्वरी मन्दिरमा पनि क्षमापूजाको एकदमै महत्व रहेको देखिन्छ । यहाँ विशेषगरि विभिन्न समयमा हुने साना-साना गल्तीबाट हुने सम्भावित हानीलाई कम गर्नका लागि क्षमापूजा गर्ने प्रचलन पहिलेदेखि नै चलि आएको हो । यहाँ गरिने क्षमा पूजा गुठीयारहरूले गर्ने परम्परा रहि आएको छ । यहाँ मन्दिरको कुनै पनि कामहरू पुनःनिर्माण तथा निर्माण गर्नुभन्दा अगाडि र सम्पन्न भएपछि क्षमा पूजा गर्ने चलन रहेको छ ।

## शुभकार्यको पूजा

टोखाका स्थानीय व्यक्तिहरूले उनिहरूको विभिन्न किसिमका संस्कारहरू गर्दा पनि चण्डेश्वरी भगवतीको पूजाआजा गर्ने गरेको पाइन्छ । खासगरी केटा-केटी विवाह भएपछि मन्दिरमा गएर पूजा गर्ने चलन रहेको छ । कुनै घरमा छोराको जन्म हुँदा पनि चण्डेश्वरी मन्दिरमा गएर पूजाआजा गर्ने चलन छ । छोराहरूको व्रतवन्ध गर्दा पनि त्यहाँ गएर पूजा गर्ने परम्परा रहेको छ भने मानिसहरूले आफूलाई आइपर्ने आपत विपतका समयमा पनि भाकल गर्ने र पछि भाकलअनुसार चढाउने परम्परा पनि छ ।

कुनैबेला भने पानी नपर्दा, टोलमा विभिन्न खालका रोगहरू आउँदा तथा समाजमा सबैको राम्रो होस भन्ने हेतुले पनि चण्डेश्वरी मन्दिरमा पूजा हुने गरेको पाइन्छ ।

**पंञ्चामृत पूजा**

चण्डेश्वरी मन्दिरमा कृष्णाअष्टमीका दिन चण्डेश्वरी भगवतीलाई पञ्चामृत पूजा गर्ने परम्परा थियो ।हिजोआज यसको चलन हराई सकेको देखिन्छ । पञ्चामृत पूजाको उल्लेख नेपाल सम्वत ९२७ को अभिलेखमा चण्डेश्वरीमा पञ्चामृतले पूजा गरी व्राहमणहरूलाई भोजन गराउनु पर्ने वताइएको छ । पञ्चामृत पूजा भन्नाले दही, दूध, घ्यू,शखर र महको मिश्रण तयार गरि त्यसैले चण्डेश्वरीको पूजा गर्नुलाई नै पञ्चामृत पूजा भन्ने गरिएको मानिन्छ ।

**था पूजा**

चण्डेश्वरी मन्दिरभित्र पर्खालको तोरणमा रहेको अभिलेखको शुरुको भाग खण्डित हुनाले धेरै भावप्रकट हुन सकेन । यसमा चण्डेश्वरी थानमा था पूजाको लागि गुठी राखेको सम्म जानकारी प्राप्त गर्न सकिन्छ । यसले चण्डेश्वरीमा था पूजा हुने गरेका तथ्यलाई सार्वजनिक गरेको छ । तर त्यहाँका पुजारीहरूलाई यसबारेमा जानकारी नभएको वताउँछन ।

मल्लकालीन समयमा काठमाडौ उपत्यकामा तान्त्रिक क्रियाकलापको केन्द्र विन्दुकोरूपमा रहेको देखिन्छ । तत्कालीन समयमा मल्ल राजाहरू तान्त्रिक प्रभावमा परी देवीका उपासक वन्न पुगेको देखिन्छ । लिच्छविकालमा वैदिक मान्यताको परम्परा रहेको थियो े। मल्लकालमा तान्त्रिक परम्परा प्रमुख रहन गएको पाइन्छ । मल्लकालमा आफ्नो इष्टदेवता तलेजुलाई खुशी पार्न अनेक तान्त्रिक पूजा गर्दछन् । त्यसमध्ये “था पूजा” पनि एक प्रमुख तान्त्रिक पूजा हो जुन मल्लराजाहरूको साथै शाह राजाहरूले पनि राखेरगएको उल्लेख तत्कालीन तम्रपत्रबाट पुष्टि गर्न सकिन्छ(वज्रचार्य र श्रेष्ठ,वि.स.२०३७.पृ.२९८) यसले टोखाको चण्डेश्वरीको पूजा गर्दा तान्त्रिक विधिबाट गरिने कुरा थाहा हुन आउँछ ।

बिषेशगरी तान्त्रिक पद्धति अनुसार गरिने पूजा विधानहरूमध्ये था पूजा पनि दीक्षाधारी व्यक्तिहरू (व्राहमण, जोशी र कर्माचार्य) मात्र वसेर गरिने लामो पूजा हो । साधारणतया था पूजा, संकल्पन पूजा अथवा “भावक” पूजा हो । कुनै कार्य सिद्धि होस अथवा सिद्ध भएको खण्डमा आदि महत्वपूर्ण अवसरहरूका पूजा गर्ने गरिन्छ । मल्लकालमा विशेषगरी यो पूजा तत्कालीन राजाहरूले मन्दिरहरू जिर्णोद्धार गरेको उपलक्ष्यमा युद्ध जितेको खुशीयालीमा,मन्दिरमा घण्टाहरू झुण्ड्याइएको उपलक्ष्यमा, मन्दिर निर्माणगरेको उपलक्ष्यमा,आर्थिकलाभ प्राप्त भएको अवस्था आदि अवसरहरूमा राखिनुको साथै एक राज्यले अर्को राज्यसित राजनैतिक र धार्मिक सम्वन्धलाई अझ सुदृढ पार्ने अभिप्रायले राखिने कुरा पाटनका राजा योग नरेन्द्र मल्ले भक्तपुर तलेजुमा नेपाल संवत ८१८ माघमास शुक्लपक्ष पूर्णिमाको दिनमा था पूजा गुठी राखेको पत्रबाट पुष्टि हुन्छ (तिवारी र रामजी, वि.स.२०१९,पृ.२९)। राजाहरूले आफ्नो खुशीयालीमा मात्र होइनन् देशवासी जनताहरूको लागि रोगव्याधी निको होस भन्नाका लागि पनि

था पूजा राखिने गरेको कुरा परम निगुर्णानन्द स्वामी रणवहादुर शाहले कान्तवती रोगग्रस्त भएको समयमा काठमाडौ साथै भक्तपुरको तलेजुमा था पूजा राख्नु भएको उल्लेख गर्नु भएको छ (वज्राचार्य र श्रेष्ठ,वि.स.२०३७,पृ.२८५-२९८) । यस्तो था पूजा विभिन्न समय एवं परिस्थितिमा सामूहिक वा राष्ट्रिय हितलाई नै ध्यानमा राखेर गरिने कुरा संस्कृतको निम्न श्लोकबाट प्रष्ट हुन्छ ।

"संग्रामे रोग पिडे अतिभय उदिते तोप बृष्टेनबृष्टे

नाना विघ्न प्रपाते दुरित भयहरेसर्वभुत्पात जाने

दीक्षा यागे सुयागे रवि शशि ग्रहणे देव स्थापे प्रस्थाने

सौर्य श्री पंचीपचारेअभिमित फदा भूक्तिदाच"

था पूजाको अर्थ यो हिन्दु दर्शनमा आधारित तान्त्रिक पूजा हो । यो आत्मा पूजासँग मिल्दोजुल्दो देखिन्छ । परम्परागत रूपले वोलीचालीको नेवारी भाषामा था पूजाभनिने यस पूजालाई संस्कृति पैचोपचारपूजा भनिन्छ । रणजीत मल्लको भक्तपुर क्वाछे टोलभगवती मन्दिरको शिलालेखमा "पन्चोपचाल"(पंचोपचार)उल्लेख भएको छ । यो पूजा सामान्य मानिसहरूले गर्न नसक्ने स्थिति भएकोले तत्कालीन राजाहरूले मात्र गर्दै आएको देखिन्छ । यसको अतिरिक्त पूजा राख्दा स्तरयुक्त वनाउको निमित्त पन्चोपचार ख्याक(पंचोपचार सहित भनेर राखेको देखिन्छ (शाक्य र वैद्य,१९७० पृ.२२२) । पञ्चोपचार भन्नाले पृथ्वी,जल,तेज,वायु, आकाश अथा चन्दन, धुप,दीप,नैवेद्य,फुल, अथाव काम, क्रोध, लोभ,मोह,मद अथा पंचवलि राँगा,वोका,भेडा, हाँस, कुखुरा अथवा पञ्चफुल आदि जुनसुकै पाँच वटा समूहको प्रतीक बुझाउँछ ।

तान्त्रिक पद्धतिले गरिने पूजा विधानहरू र धार्मिक कर्मकाण्डहरूमा दीक्षाको ठूलो महत्व रहेको हुन्छ । दीक्षा लिएका मात्र वसेर गरिने गोप्य पूजा भएको हुनाले दीक्षा नभएकाहरूले हेरेको खण्डमा अन्धो हुने अथवा वहुला हुने धारण पनि रहेको छ । तर दीक्षित नभएका व्यक्तिले था पूजा गर्दा उसलाई नदेखाएपनि उसको नामबाट संकल्प गरी पूजा गरिन्छ । यस्तो पूजा विधानहरूमा दीक्षाधारी भएपछि मात्र अधिकार हुने हुनाले तत्कालीन समयमा राजाहरूका साथै तान्त्रिक रहस्य र महत्व जान्नका निमित्त "दीक्षा ग्रहण नगरी अधिकार नहुने हुनाले" नै प्रताप सिंह शाहले पनि दीक्षा लिनलाई मन्त्र शास्त्र जान्ने व्राहमण ललितपुरका कीर्ति राजनन्द उपाध्याय सकुकललाई गुरूपदवी दिई मन्त्र सुनेर नृत्य पूजाहरू गरिएको उल्लेख गरिएको छ (शर्मा,वि.स.२०३०,पृ.५)। था पूजा अटुट रूपमा सञ्चालन गर्नका लागि पाटनका राजा योगनरेन्द्र मल्लले पूजा सामग्री सहित प्रशस्त जग्गा जमिन पनि गुठी राखेको देखिन्छ । रणवहादुर शाहले वर्षेपिच्छे यसको संचालनार्थ पूजा सामग्रीहरू सहित ४०२ मुरी खेत चढाएका थिए भन्ने पुष्टि अभिलेखहरूले गर्दछन् ।

### चह्रे पूजा

प्रत्येक महिनाको कृष्ण पक्षको चर्तुदशीलाई चह्रे भनिन्छ । मानिसहरूले यसदिन विशेष रूपमा मनाउँने गर्दछन् । चह्रेलाई पनि बाह्रवटा चर्तुदशीलाई बेग्लाबेग्लै नामाकरण गरिएको छ । ती बाह्र माता तिचह्रे, सिठी चह्रे, दिल्ला चह्रे अनला चह्रे, जुग चह्रे,नलासन चह्रे, स्वन्ती चह्रे,बाला चह्रे,दिसी चह्रे लै चह्रे,सिला चह्रे सिला चह्रे,पासा चह्रे छन् । बाह्रैवटा चह्रेमा चण्डिश्वरी मन्दिर र त्यसको वरिपरि रहेका अन्य पीठ लगायत भैरब र भीमसेनको मूर्तिमा पनि विशेष पूजा गर्ने गरिएको छ । चण्डेश्वरी पीठमा पनि वैशाखदेखि चैत्रसम्मको बाह्रवटा चह्रे (चर्तुदशी) पूजाको लागि परम्परादेखि व्यवस्था भएको देखिन्छ । चण्डेश्वरीसँग सम्वन्धित गुठीहरूले वाह्वटा चहे्को लागि खर्च छुट्याइएको पाइन्छ । त्यो सम्पूर्ण खर्चको आंशिक रुपमा पनि कहिँकटैबाट पूर्ति हुन आउँदैन् । चैत्र चर्तुदशी र श्रावण चर्तुदशी दुई चर्तुदशी बाहेक दश वटा चर्तुदशीको लागि पूजा सामग्री बाहेक हाँस दुई, हाँसको फुल दुई अति आवश्यक पर्ने हुन्छ ।श्रावण र चैत्र महिनाको चह्रेको लागि भने बोकाको वलि दिनु पर्ने परम्परा रहि आएको टोखा चण्डेश्वरीका पञ्चकुमारी श्रेष्ठ बताउँछिन् । को

## ५.२.३.३. चण्डेश्वरी पीठसँग सम्वन्धित चाडपर्व तथा उत्सव

### फागुन कृष्ण चर्तुदशी

चण्डेश्वरी मन्दिरमा गरिने विभिन्न किसिमका पूजाहरूको यो एक विधि रहेको छ । यस दिन चण्डेश्वरीको स्थापना भएको मानि भक्तजन,गुठीका मानिसहरू बस्नु पर्ने चलन रहेको टोखा चण्डेश्वरीका स्थानीय महेन्द्रश्रेष्ठले बताएका छन् । त्यस दिन चह्रे,पूजा सम्पन्न भइसकेपछि रातभरी आगो बालि जाग्राम वस्ने परम्परा रहेको छ । त्यस दिने राती त्यसरी जाग्राम वस्नेहरूका लागि खासगरी भुटेको मकै,भटमास,केराउ, गहुँको मिश्रण खाने गर्दछन् । हिजोआज छैन, स्थानीयहरुको खर्चमा हुन्छ । यस्तो पूजाको लागि पहिले पहिले गुठी संस्थानले गर्दै आएको थियो । पूजा गर्दा परम्पराअनुसार पालो पर्ने पुजारीले सम्पूर्ण खर्च व्यहोँर्नु पर्ने अवस्था रहेको श्रेष्ठको भनाई रहेको छ । तर पनि नेपाली समाजको परम्परा अनुसार चण्डेश्वरी वरिपरिका भक्तजनहरू चण्डेश्वरी मन्दिरमा जाग्राम वस्नका लागि आउँदा आ-आफ्नो घरबाट पनि राटि वस्नको लागि आफ्नो गच्छे अनुसार लिएर आउने गरेको कारणले गर्दा त्यति आर्थिक भार व्यय गर्नु नपरेको पुजारी नातीराम कर्माचार्यको भनाई रहेको छ ।

### सिठी नख

यो ज्येष्ठ शुक्ल षष्ठीको दिन मनाउने सिठी नखःचाड नेवारहरूको वर्ष भरिएको चाडपर्वहरू मध्येको एउटा हो । सिठी नखलाई म्हयाय्मचा नखः अर्थात् छोरी पर्व पनि भन्ने चलन छ । यस पर्वलाई कुमार षष्ठी पनि भन्छन् । यस पर्वमा चण्डेश्वरी मन्दिरमा सवै पुजारीहरू मन्दिरमा आई चण्डेश्वरी भगवतीको पूजागर्दछन् । यस पूजाको लागि पनि स्थानीय गुठीयारहरूले पूजाको व्यवस्था गर्दै आएको

देखिन्छ । पूजाका लागि चाहिने अक्षेता,चिउरा, मदिरा र नङले छोडाएको अक्षेता आदिको व्यवस्था गर्नु पर्ने हुन्छ । पुजारीअनुसार आर्थिक अभावले गर्दा यस्ता पूजाको परम्परा रहे तापनि धेरै कम मात्र प्रचलनमा रहेको बुझिन्छ । यस्तो पूजा गर्नका लागि जसको पालो आउँछ त्यही पुजारीले जसरी तसरी चलाउनु पर्ने अवस्था रहेको छ । कुमार षष्ठीका दिन मन्दिरसँग सम्वन्धित अन्य व्यक्तिहरूले रक्सी, चटामरी,मासु,माछा र तरकारी आदिको प्रयोग गरि छुट्टै पूजा गर्नु पर्ने पनि चलन रहेका छ । तर यो त्यति प्रचलन रहेको छैन् । यो पर्व कुमारको जन्मदिन भएको हुँदा मूर्तिमा विशेष रूपले रोटी,पिठो,मास,मुगि,मुसुर,केराउ बारा पकाई कुमार र चण्डेश्वरीलाई चढाउने परम्परा पनि रहेका छ ।

## संक्रान्ति

चण्डेश्वरीको मन्दिरसँग सम्वन्धित प्रत्येक महिनको पूर्णिमा पूजा र चर्तुदशी पूजा जस्तै प्रत्येक संकान्तिको दिन पनि विशेष पूजा गरिन्छ । प्रत्येक महिनाको संकान्तिमा विशेष पूजा गर्नका लागि पनि गुठीको व्यवस्था गरे तापनि आर्थिक अभावले गर्दा यसको पनि नियमित गर्न नसकेको पुजारी रामदेवी कर्माचार्यको भनाई छ । संक्रान्तिपूजा गर्दा चाहिने सामग्रीह नङले छोडाएको अक्षेता, चिउरा, सिन्दूर,गोकुल, धूप,केशरी,श्रीखण्ड,कपूर,बत्ती, फलफूल,पञ्चामृत,हलुवा,रोटी,स्याःवजी,मासु,माछा,कालो भटमास,बोडी,बारा,अदुवा,तेल,नुन,रक्सी हुन् । प्रत्येक महिनाको संकान्तिको दिन नित्य पूजा सकिएपछि उक्त सामग्रीबाट विशेष पूजा गरिने गरिएको उनको भनाई रहेको छ । त्यस दिन चण्डेश्वरीका पुजारीले विहानै नित्य पूजा सकेपछि विशेष पूजा सामग्री जुटाई विधि विधानअनुसार चण्डेश्वरी देवीको पूजा गरिन्छ । पुजारी कर्माचार्यकाअनुसार सो दिन ब्रह्म मन्त्र गरी ब्रह्म स्थापना गरी चण्डेश्वरी देवीको पूजा गरिन्छ । भातको गोजा बनाई पूजागर्नुपर्ने हुनाले यसलाई जाःपूजा पनि भन्ने चलन रहेको छ । विधि अनुसार जाने हो भने हरेक महिनाको संकान्तिको दिन चण्डेश्वरीको मन्दिरमा जापूजा र मध्यरातमा विशेष पूजा पनि गरिन्छ । यस किसिमको जाःपूजा मन्दिरसँग सम्वन्धित पुजारीहरू मात्र बसेर गरिने परम्परा रही आएको छ । परम्परागत रूपमा चलाई पूजा गुठी संस्थानबाट रकम नदिएको आधारमा पूजा सामग्री जुटाउन पुजारीलाई निकै अप्ठ्यारो परेको देखिन्छ । चण्डेश्वरीको विशेष पूजाका लागिआइतवार शुभ मानिन्छ ।

## म्हः पर्व

टोखा चण्डेश्वरी मन्दिरमा पनि कार्तिक शुक्ल प्रतिपदाका दिन हुने म्हःपूजा विशेष प्रकारले गर्दछन् । पूजाको संचालन गर्ने व्यवस्था निकै लामो समयदेखि भएको देखिन्छ । पूजाको लागि चाहिनेसामग्रीहरूमा नित्यपूजाका लागि चाहिने सामग्रीका अतिरिक्त हलवाई रोटी विभिन्न आठ प्रकारको, लावा,पान,सुपारी,सगुनको लागि दही, हाँसको अण्डा वाह्रवटा हुनुपर्ने पुजारी रामदेवी कर्माचार्य बताउँछन् । पुजारीले विहानै चण्डेश्वरी देवीको म्हःपूजा तयार गर्न आफ्नो घर लिपपोत गरी सफा सुग्घर गरि वेलुका म्हःपूजा गरिन्छ । पूजाको कममा पुजारीद्वारा चण्डेश्वरी देवीलाई मण्डप वनाई विमिरो राखी

म्हःपूजागरिने चलन रहेको छ । त्यसो गरेपछि हाँसको फुल,दही,माछा, लगायत अन्य वस्तुहरूलाई मिलाई भगवतीलाई सगुन दिइन्छ । त्यसपछि पुजारी र सुसारेले अहिले सुसारेले (सुसारेको रूपमा आफ्नो श्रीमतिलाई प्रयोग गर्ने गरिएको छ । चण्डेश्वरी भगवतीलाई फेरी विशेष पूजागर्दछन् । चण्डेश्वरीका पुजारीले पहिले चण्डेश्वरी भगवतीको मन्दिरमा गएर म्हःपूजा गरेपछि मात्र आफ्नो घरमा गएर म्हःपूजा गर्नु पर्ने नियम रहेको छ (तुलाधर र बज्राचार्य, वि.सं. २०७०, पृ. ६६) ।

**नाग पञ्चमी**

चण्डेश्वरी मन्दिरमा रहेको बासुकी नाग र चण्डेश्वरीलाई पनि प्रत्येक वर्ष श्रावण शुक्ल पञ्चमी थितिका दिन नाग पूजा गरिने हुनाले यस चाँडलाई नाग पञ्चमी पनि भनिन्छ । यो पूजा जनै पुर्णिमाको करिब आठ नौ दिन अगाडि चण्डेश्वरी मन्दिरको डाँडामा गएर मन्दिरको पुजारीको सहयोगीले गर्नु पर्ने चलन रहेको छ । यस पूजाको लागि साधा चामल खर्च हुने देखिन्छ । पुजारीले वताएअनुसार नागपूजा चण्डेश्वरी मन्दिरसँग सम्वन्धित पूजा हो । चण्डेश्वरी मन्दिरकै पूर्व दक्षिणतर्फ पनि एउटा स्थान वनाई दुईवटा नाग राखिएको छ । एउटाको सवै शरीर जमिनमा गाडिई टाउँको मात्र देखा परेको छ । त्यसको पछाडी अर्को पनि रहेको छ । त्यसलाई तीनतिर इँट्टाको पर्खाल वनाई घेरिएको राखिएको छ । त्यहाँका पुजारी रामदेवी कर्माचार्यकाअनुसार टोखाको चण्डेश्वरी मन्दिरदेखि सपनतीर्थ मन्दिरको पश्चिम दक्षिणमा रहेको बासुकी नाग समेत तार दिदि वहिनीहरू रहेका छन् । ती दिदी वहिनी नागहरू गोसाईकुण्ड जाँदै गरेको समयमा भाले कुखुराले विहानीको सङ्केत गरेकोले चार फरक-फरक ठाउँमा परेकोमा एउटा चण्डेश्वरी मन्दिरको रहेको भनाइ उनको रहेको छ । उनले समय समयमा अन्य नागहरू पनि चण्डेश्वरीमा आउने गरेको आफूले देखेको चण्डेश्वरीको पुजारी रामदेवीको भनाई रहेका छ । पुजारीले यो पूजा पनि चण्डेश्वरी देवीसँग भएको बताएका छन् ।

प्रचलित पञ्चाङ्गहरूमा श्रावणशुक्ल-पञ्चमी तिथिलाई नागपञ्चमीको रूपमा उल्लेख गरिएको पाइन्छ(शर्मा, वि.स. २०७६,पृ.१४७) ज्योतिषशास्त्रअनुसार पञ्चमी तिथिको स्वामी नाग हुन् । त्यस दिन घरको मूलद्वारमा वज्र, चट्याङ्ग आदि नपरोस, शुभ होस् भन्ने भाव राखी गाईको गोबरको सहायताले हस्तलिखित वा मुद्रित नाग टाँस्ने र त्यसमाथि सिङ्गो सुपारी,दुबो चढाई लावा,अवीर आदिले नागको पूजा गर्ने तथा चामलको पीठोको दूध बनाई चढाउने,घिउको धारा लगाउने चलन छ । आजकै दिन पानीको मूल, स्रोत भएको ठाउँमा नागको पूजा गर्ने, कपासलाई नागाकृति दिएर वा कुनै पत्थर,शिला आदिमा नागदेवताको भाव राखी नागको पूजा गर्ने चलन पनि छ । यसबाट नाग नलाग्ने, नागले दुःख नदिने,पानी र वर्षाको अभाव नहुने आदि विश्वास रहि आएको छ(शर्मा,वि.स.२०७६,पृ.१४७)। सृष्टिकर्ता ब्रह्माका दश मानसपुत्रमध्येका जेठा मरीचिका कश्यप नामका छोरा भए । कश्यपका दिति,अदिति लगायत धेरै पत्नीहरू थिए । तीमध्ये दक्ष पुत्री कन्दु र विनता पनि तिनका पत्नी थिए । ती दुई पत्नी मध्ये विनताबाट गरुड र सुर्यका सारथी अरुण गरी दुई पुत्र पैदा भए । उता कन्दुको गर्भबाट अनन्त,बासुकी,पद्म,महापद्म,कम्बल,कर्कोटक,शङ्ख आदि नामका नागजातिका पुत्र पैदा भएका हुन् । सर्प

र नाग अलग अलग मानिन्छन् । भगवान श्रीकृष्णले गीताको विभूति योगमा “अनन्तश्चास्मि नागानां सर्पाणमस्मि वासुकि” भनेर भन्नु भएको सन्दर्भले सर्प र नाग पृथक भएको स्पष्ट हुन्छ । त्यसअनुसार अनन्त नागजातिका र वासुकी सर्पजातिका हुन । व्यवहारमा पनि सर्प र नागको खास भेद पाउँन सकिदैन् ।

**फागु पुर्णिमा**

टोखा चण्डेश्वरी मन्दिरसँग सम्वन्धित पर्व पूजाहरूमध्ये फागु पूर्णिमालाई पनि विशेष प्रकारले मनाउँने गरेको देखिन्छ । यस पर्वकोपूजाका लागि चाहिने सामाग्रीहरूमा सिन्दूर,केसरी,श्रीखण्ड, धूप,फलफुल,पञ्चामृत,पानसुपारी,हलुवा,रोटी,पञ्चरत्न,बोका,रक्सी,स्याबजी,अदुवा,कालो भट्मास,बोडी, बाराको मास,तेल तरकारी चटामरी,नुन,दही आदि पर्दछन् । फागुपूर्णिमाको दिन नित्यपूजा सकिएपछि विशेष पूजा सामग्रीबाट गरिन्छ । यो पूजा गर्दा पालो पर्ने पुजारीले नै यो खर्च व्यहोँर्ने गरिएको छ । फागुन पूर्णिमाको दिन आधा रातमा चाःपूजा पनि गरिने गरिएको छ । यस पूजामा चार जना पुजारीहरू सम्मिलित हुन्छन् । यो पूजा गोप्य रूपमा गरिन्छ । जनै पूर्णिमाको महत्वपूर्ण समय गोसाईंकुण्डको मेला हो । गोसाईकुण्ड गएका तीर्थालुहरू फर्किएपछि धां धलःको सहायता लिई चण्डेश्वरी लगायत विभिन्न देवीदेवताका स्थानमा प्रसाद छर्ने गरिन्छ ।

**धान चढाउने पूजा**

टोखा चण्डेश्वरीमा घान चढाउने पूजा पनि गर्ने परम्परा रहि आएको छ । यस पूजाको लागि चामलकोअक्षेता,चिउरा, सिन्दूर,श्रीखण्ड,कपुर,अबिर,पञ्चामृत, फलफूल,हलुवा,रोटी(सेल चामलको),माछा,कालो भटमास र बारा आदि सामाग्रीहरू जुटाउँनु पर्ने देखिन्छ । विगत लामो समयदेखि भने यो पूजा गरेको देखिदैन् । सम्पादन भएपनि नाम मात्रको पूजा गर्दछन् । पुजारीका अनुसार यस दिन विशेषगरी गुठीको खेतको धानलाई नवांगी धान चढाउने भनी विहानको नित्य पूजा सकेर आफ्नो पालो परेको पुजारीद्वारा यो पूजा गरिन्छ । असारमा गुठीको धान रोप्नका लागि राखेको धानको बीउचण्डेश्वरीलाई चढाउछन् । उक्त धान पाकीसकेपछि पुष महिनामा नवांगीको रूपमा पनि चढाउनु पर्ने परम्परा छ । यो सन्दर्भले यी चण्डेश्वरीलाई कृषिभगवतीको रूपमा पूजा गरिएको हो भन्ने पुष्टि गर्दछ ।

**कुमारी पूजा**

आश्विन शुक्लपक्ष एकादशीमा तलेजु भगवानीबाट निकालिने खड्ग जात्रा वा विस्केट जात्रा होस् सर्वप्रथमकुमारी पूजा गरी जात्रा गर्ने चलन छ । यसो नगरिजात्रा चल्दैन । कुमारीलाई वैष्णवी,चण्डिका,दुर्गा,भवानी,भगवती,ब्रम्हायणी,महेश्वरी,कौमारी,वराही,चामुण्डार महालक्ष्मीको रूपमा हेर्ने गरिएको छ । कुमारीपूजा गर्दा पहिले चण्डेश्वरीको पूजा गरी कुमारीको पूजा गरिन्छ । टोखाको

कुमारीलाई विस्केट जात्रा र खड्ग जात्रामा अनिवार्य राख्नुपर्ने हुनाले कुमारीको स्थान अत्यन्तै महत्वपूर्ण मानिन्छ ।

### चैते दशै

चैत्र दशै वडादशैको एउटा स्वरूप हो। राम नवमीको अघिल्लो दिन अष्टमी तिथिमा मनाइने पर्व नै चैत्र दशै हो । बर्षकृत्य धर्मग्रन्थ अनुसार चैत्र शुक्ल अष्टमीको दिन भवानी उत्पन भएको मानिन्छ । यस दिन भगवानीको विधिपूर्वक पूजागरी मनाउने गरिएको खण्डमा रोग एवंम् शोक हटेर सधै आनन्दपूर्वक जीवन विताउन सकिने पुजारी सिंहराम कर्माचार्यको भनाई छ । मूल नाइकेले भवानीको मन्दिरमा यो दिन पञ्चबलिपूजा गर्ने गर्दछन् । पञ्चबलिमा हाँस,कुखुरा,राँगो,बोका र थुमाको बलि चढाइन्छ । टोखाको चण्डेश्वरीमा चैत दशैको दिन पञ्चवलिगरी तलेजु भवानी पूजाका साथै चण्डेश्वरीको पूजा गरी खड्ग जात्राका चौधजना मूलनाइके, द्वारेलगायत अन्य सदस्यगरी तेह्र जना आचार्य एकजना गरी २७ देखि ३० जनासम्मलाई चण्डेश्वरीमा दिइएको पञ्चबलिको प्रसादसहित भोज खुवाउने चलने छ ।

### दशै

चण्डेश्वरी मन्दिरमा बडादशैमा पनि धुमधामसँग चण्डेश्वरीको माईको पूजा हुने गरेको कुरा त्यहाँका पुजारी रामदेवी कर्माचार्यको छ । उनका अनुसार नवदुर्गाको रूपमा चण्डेश्वरीको भव्य पूजा हुने गरेका वताउँछिन् । शक्तिको पूजा र अनुष्ठानका लागि वर्षभरमा चारबटा नवरात्र चैत्रशुल्क,आषाढशुल्क,आश्विनशुल्क र माघशुल्कमा चण्डेश्वरीमा पूजा गर्ने गरिएको छ । दसै चाडमा देवी भवानीकै विशेषतः पूजाआजा, पाठ,भक्तिभाव बढी हुने भएकोले शक्तिपूजाको ठूलो महिमा छ( जोशी,वि.स.२०७३,पृ.३५)। आश्विनशुल्क-प्रतिपदादेखि नौ दिनसम्म शरत्कालिन शक्तिसमाराधनको पर्व शुरु हुन्छ । नेपालीहरूको प्रचलित बोलीचालीको भाषामा नौरथा,दशैं,विजया दशमी आदि विभिन्न नामले व्यक्त गरिएतापनि यो पर्व नेपालको राष्ट्रिय पर्व हो । शुरुको घटस्थापनादेखि अन्त्यमा नवमी तिथिसम्म भगवतीको पूजा,उपासना गरिसकेपछि भोलिपल्टको दशौ दिन विजयादशमीकादिन पहिले चण्डेश्वरी मन्दिरमा आई पूजाआजा गरि त्यहाँको प्रसाद लिएर गई देवीको प्रसादस्वरूप आफूभन्दा ठूलाबडाको हातबाट दही अक्षता, र जमरा लगाएपछि सम्पन्न गरिन्छ । दशै शक्ति रूपी दुर्गा भवानीकै प्रादुभार्वबाट देवी र मनुष्यहरूलाई सताउने भएका शुम्भ,निशुम्भ,महिषासुर असुरहरूको विनास गरेको कारण मनाउन शुरु गरिएको भन्ने रहेको छ । कतिपयले भने दशै भगवान् रामचन्द्रले त्रेतायुगमा विजयादशमीकै दिन लङ्का विजयका लागि वानरसेनासहित प्रस्थान गर्नु भएको र त्यस क्रममा राक्षसराज रावणको संहार गरी अपहरित पत्नी सीतालाई पुनः फर्काउन सफल हुनु भएको पौराणिक प्रसिद्धि रहेको तर्क जोडिएका छन् । त्यस कारण पनि यो दिनलाई विजयादशमी भनिएको हो भन्ने जनश्रुति रहेको छ(शर्मा, वि.स.२०७६, पृ.२५१) दुर्गा दुर्गतिहारिणी भनेर दुर्गाले सबै किसिमका दुर्गति र विघ्नबाधा नाश गरिदिन्छिन् भनेर

धार्मिक साहित्यमा उल्लेख गरिएकोछ । दुर्गति नाशगरी जीवनमा सुख,शान्ति र समृद्धि प्रदान गर्ने दुर्गादेवीको पूजा-अर्चना गरिन्छ ।

नवदुर्गाका नौवटानाममाशैलपुत्री,ब्रह्मचारिणी,चन्द्रघण्टा, कुष्माण्डा,स्कन्दमाता,कात्यायनी,कालरात्री,महागौरी, सिद्धिदात्री पर्दछन् । नवदूर्गा भनेर यिनीहरुको पूजा गरिन्छ । प्रतिपदा तिथिलाई घटस्थापनाको दिनका रूपमा पनि चिनिन्छ । यो दिन बिहानै शौच,स्नान गरी जनै फेरी पवित्र वस्त्र लगाएर पूजा प्रारम्भ गर्दछन् । पूजाका लागि आवश्यक चन्दन,अक्षता,सिन्दूर, अविर, फूल, धूपबत्ती,नैवेद्य, भेटी आदि सामान चोखो माटो या नदीको बालुवा,तामा वा माटोको घट,गहुँ मिसिएको जौ,थाली, प्रतिमा,पञ्चामृत,पञ्चपल्लव, दुबो,दीप,कलश,गणेश थाप्नेचामलआदि निस्ता सामग्रीहरुको व्यवस्था गरिन्छ ।

**कार्तिक शुल्क द्वादशी**

कार्तिक शुक्ल द्वादशीका दिन पनि चण्डेश्वरी मान्दिरमा एक दिनको जात्रा गरिने परम्परा रहि आएको छ । विहानदेखि चण्डेश्वरीको देवीको पूजाआजा गरी दिउसभरी भजन कीर्तन गदै चण्डेश्वरीको मूर्तिलाई खटमा राखि टोखा बजार घुमाएर आरतै गर्दै टोखामा नै राखिने गरिएको त्यहाँको पुजारीको भनाई रहेको छ ।

## ५.२.४. परम्परागत कला कौसल एवम् शिल्पप्रविधि

### ५.२.४.१. चण्डेश्वरी मन्दिरमा पाइने प्रस्तरकला

चण्डेश्वरी मन्दिरमा रहेको रहेक मूर्तिहरू प्रस्तरबाट निर्मित रहेका छन् । चण्डेश्वरीको मूल मूर्ति पनि प्रस्तरको रहेको छ । कलाका विभिन्न माध्याम मध्ये प्रस्तर टिकाउ माध्यम मानिन्छ । मानवले प्रागऐतिहासिककाल देखि नै प्रस्तरमा अनेक प्रकारका कलात्मक वस्तुहरू कुँद्ने गरेको पाइन्छ । प्रस्तरमा कुँदिएका त्यस्ता कलात्मक बस्तुलाई प्रस्तरकला भनिन्छ । यो विश्वमा मानवले सर्वप्रथम प्रस्तरलाई उपकरणका रूपमा प्रयोग गरेको देखिन्छ । मानवले सभ्यताको युगको थालनीका साथै प्रस्तरलाई आफ्नो आवश्यकता परिपूर्तिको माध्याम मात्र नभएर कलाका लागि पनि प्रयोग गरेको देखिन्छ । यसमा विशेषगरी विभिन्न देवीदेवताका प्रतिमा निर्माण गर्नुको साथै घर,मन्दिर र मठहरू निर्माणमा प्रयोग गरियो । नेपालमा प्राचीन कालदेखि नै प्रस्तरका आकर्षक ढुँगेधारा पनि वनाउने चलन थियो । अनेक प्रकारका प्रतिमा निर्माण गर्ने मुख्य वस्तु प्रस्तर नै थियो भन्ने देखिन्छ । यस विश्वमा वनेका पहिला देव प्रतिमाहरू मृत्तिका पछि प्रस्तरका नै पाइएका छन् ।

नेपालमा ईशापूर्व कालमा नै प्रस्तरकलाको विकास हुन लागेको देखिन्छ भने लिच्छविकालमा भने यस कलाको अझ धेरै विकास हुन पुग्यो । त्यस यूगमा धेरै आकर्षक र शुक्ष्म कलाकारितापूर्ण प्रस्तर प्रतिमाहरू वने । तत्काल देवीदेवताका प्रतिमाहरू प्रस्तरबाट नै वन्दथे । प्राचीन कालमा वनेका आकर्षक

प्रस्तर कलाका नमूना हालसम्म पनि उपत्यकाका विभिन्न भागमा पाइने गर्दछ । मध्यकालभरी पनि प्रस्तर प्रतिमाहरू वनिरहे पनि यसकालमा धातुको विकास भएकाले प्रस्तर प्रतिमाहरू प्राचीन काल जस्ता आकर्षक वन्न नसकेको हुन भने विभिन्न ग्रन्थहरूमा उल्लेख गरिएको पाइन्छ(खतिवडा, वि.सं.२०७०, पृ.७३२)।

# छैंठौं अध्याय
# सारांश एवम् निष्कर्ष

## ६.१. सारांश

यस अध्ययन अनुसन्धानको मुख्य उद्देश्य टोखा चण्डेश्वरी मन्दिरको ऐतिहासिक लगायत भौतिक(मूर्त) तथा अभौतिक(अमूर्त) संस्कृतिको अध्ययन गर्नु भएकोले चण्डेश्वरीको ऐतिहासिक पक्ष र त्यस मन्दिरको भौतिक तथा अभौतिक संस्कृतिक पक्षको विश्लेषण गर्नु यस अध्ययनको विशेष उद्देश्य रहेको छ । यस शोधपत्रमा स्थानीय वासिन्दा, बुद्धिजिवी, शिक्षक लगायतका व्यक्तिहरूसँग अन्तवार्ता,प्रश्नावली,प्रत्यक्ष अवलोकन जस्ता विधि अपनाई चण्डेश्वरी मन्दिरकोतिनैपक्षकोअध्ययनअनुसन्धानगरिएको छ ।

काठमाडौ जिल्लाका वरिपरि रहेका मन्दिरहरू मध्ये काठमाडौको उत्तरतिर रहेको टोखा चण्डेश्वरी मन्दिर पनि एक महत्वपूर्ण मन्दिरहरू मध्ये काठमाडौको उत्तरतिर रहेको टोखा चण्डेश्वरी मन्दिर पनि एक महत्वपूर्ण रहि आएको । टोखामा रहेका अन्य विभिन्न देवीदेवताहरूलाई भन्दा चण्डेश्वरी भगवतीलाई यस क्षेत्रका सर्वसाधारण मानिसहरूले ३३ कोटि देवताहरूको वासस्थानको रूपमा श्रद्धा प्रकट गर्दै आई रहेका छन् । देवीले चण्डमुण्ड नामक दैत्यहरूलाई मारेको हुनाले देवीको नाम चामुण्डा रहन गएजस्तै चण्डासुरको वध गरेकोले चण्डेश्वरी रहन गयो भन्ने देखिन्छ ।नेपाल महात्म्य,स्कन्द पुराण,स्वयम्भु पुराणमा देवताको रक्षाको लागिचण्डेश्वरीको प्रादुभार्व भएको र चण्डासुर दैत्यको वध गरेको कारणले चण्डिेश्वरी भएको भन्ने उल्लेख गरिएको पाइन्छ । चण्डेश्वरीलाई विभिन्न नामले मानिसहरू उपासना गर्ने गर्दछन् ।

चण्डेश्वरी टोखामा मात्र नभई उपत्यकाको काभ्रेपलाञ्चोक जिल्लाको वनेपा, भक्तपुर र पाटनमा समेत रहेको छ । टोखाका मानिसहरूको धारणा टोखामा रहेको चण्डेश्वरीलाई वनेपाका मानिसहरूले तन्त्रमन्त्र गरि डोलीमा हालेर वनेपा लगेको भन्ने भनाई रहेको पाइन्छ । यस्तो खालको भनाई सर्वसाधारण मानिसहरूको मात्र नभएर विगत लामो समयदेखि त्यस टोखा चण्डेश्वरीमा बसोवास गर्दै आउनु भएका चण्डी बाबाको समेत यस्तै धारण रहेको छ । यसको लागि आधिकारिक प्रमाण भने पाउन सकिने अवस्था भने रहेको छैन् । टोखा चण्डेश्वरी र वनेपा चण्डेश्वरीको केही छ कि भन्ने तथ्यलाई अफ गहिरिएर अध्ययन अनुसन्धान गर्नुपर्ने आवश्यकता देखिन्छ । टोखा चण्डेश्वरीका मानिसहरू मात्र नभई टोखा सरस्वतीका बासिन्दा लगायत अन्यत्रबाट समेत मानिसहरू विभिन्न चाडपर्व,जात्रा आदिमा सरिक भई आफ्नो मनोकाँक्षा पूर्तिको लागि धार्मिक विश्वास अनुसार पूजाआजा गर्ने गरेको पाइन्छ ।

टोखा स्थित चण्डेश्वरी र टोखा सरस्वती दुवै वडाका मानिसहरूआफ्नो सामाजिक संस्कार गर्दा जस्तो कि बच्चाको जन्म हुँदा, बच्चाको पास्नी गर्दा, ब्रतबन्ध,विवाह, महापूराण, सप्ताह आदिको शुभकार्य लगायतका कार्यहरू पवित्र स्थानमा गर्नुपर्ने भएकोले त्यस्ता कार्यहरू आजसम्म पनि त्यहाँका मानिसहरू चण्डेश्वरी मन्दिरको परिसरमा गर्ने गरेको पाइन्छ । उनिहरूको धारणाअनुसार त्यस मन्दिर परिसरमा गरेका कुनै पनि कार्यहरू सफल हुने जनविश्वास रहेको कारणले गर्दा सामाजिक कार्यहरू मन्दिर परिसर क्षेत्रमा नै गर्दै आएका छन् । टोखाको चण्डेश्वरी मन्दिर परिसरमा भगवान गौतमबुद्धको समेत मूर्ति स्थापना गरिएकोले कारणले गर्दा यस क्षेत्रमा हिन्दु र बौद्ध दुवै सम्प्रदायका मानिसहरूले चण्डेश्वरीलाई पनि मान्दै आएको देखिन्छ । टोखा चण्डेश्वरी र टोखा सरस्वती क्षेत्रका मानिसहरूले चण्डेश्वरी भगवतीलाई उदार हृदय भएको कोमल मुटुभित्र मुरीमुरी मायाको भकारी भएको रूपमा चिन्दछन् ।

उनीहरू यिनै महान् विचार र भावनासँग मिल्नेहरूको रक्षाकर्ता दुष्ट दानव विनाशकर्ता, वाघको वाहनमा चढी डुल्ने,सवैको कल्याण गर्ने,दुःख र आपत,विपतमा परेकाहरूको सुखमय संसारको सृष्टिमा महत्वपूर्ण भूमिका खेल्ने माता भगवती हुन् भने उपासना गर्ने गरेको पाइन्छ ।

हिन्दु सम्प्रदायका मानिसहरूले पनि भगवान मान्दा आफुलाई सुख शान्ति मिलेको विश्वास व्यक्त गर्दछन् । जसले गर्दा भगवानले सवैलाई हेर्ने हुनाले भगवानको स्तुति र प्रार्थना गर्दा दुःख र पिर पनि हरण भएर जाने विश्वास उनिहरूको रहेको छ । त्यसैले त्यस क्षेत्रका मानिसहरूआफ्नो जीवनलाई भगवतीको याद र भक्तिले स्वर्णिम क्षण वनाएको अनुभव गर्ने गरेको पाइन्छ । टोखा वासीहरू चण्डेश्वरी भगवतीले रोगको हरण, नौग्रह शान्ति, दशाग्रह लगायत मानिसका जीवनमा आईपर्ने दुःखलाई हेर्ने र सुखको वर्ष दिलाउने देवी भगवती चण्डेश्वरी माताको नाम पनि अग्रस्थानमा आउँछ । मानिसहरू आफु विरामी अवस्थामा रहँदा पनि चाँडै निको होस भनी भगवती चण्डेश्वरीले तिनको पनि उद्धार गर्दछिन भन्ने विश्वासमा मानिसहरू यिनकै महिमामा सधै फुलमाला र रङ्गीचङ्गी सिम्रिक र सुगन्धले स्फुर्त पारिन्छ ।

माता भगवतीलाई हाँस, कुखुरा,बोका,राँगा,थुमा जस्ता पशुपक्षीहरूको बलि दिएर पनि भगवतीलाई खुशी वनाउने काम गरिन्छ र खुशी भएर हर्षोल्लास ल्याउने आसा व्यक्त गर्दछन् । चण्डेश्वरी भगवतीले यस ठाउँका बासिन्दाहरूलाई छत्रछाँयामा राख्ने विश्वासले गर्दा यहाँका बासिन्दाहरूले चण्डेश्वरीको पूजा विधि, जात्रा परम्परा लगायतमा कुनै परिर्वतन गर्न चाहदैनन् । यसरी परिवर्तन गरेको खण्डमा भगवतीले रिसाएर त्यस क्षेत्रका मानिसहरूमा अनिष्ट हुने डर रहेको कारणले गर्दा पनि त्यसमा कुनै परिवर्तन गर्न सकिरहेका छैनन् ।

विशेषगरी चण्डेश्वरीले चण्डासुर दैत्यको बध गरी देवताहरूको संरक्षण गरेको हुनाले पनि यी भगवतीलाई शक्तिपीठको रूपमा पूजाआजा गर्ने गरेको पाइन्छ । त्यही समयमा चण्डेश्वरी र दैत्य चण्डासुरको प्रेम प्रसंङ्ग चलिरहेको आमा श्वेतकालीलाई मन नपर्नु, भगवान् शिवको सल्लाह अनुसार

आमा श्वेतकालीले मदिरा सेवन गराई चण्डासुरको बधगर्न लगाउनु, चण्डासुले मर्नु अधि शिवलिङ्ग स्थापना गर्नका लागि भगवतीलाई आग्रह गरी स्थापना गरेको र उक्त शिवलिङ्ग राखी चण्डेश्वरी देवीको मन्दिर अगाडि उत्तर दिशामा महादेवको निर्माण गरिएको हुनाले पनि चण्डासुर र चण्डेश्वरीको वीचमा सम्वन्ध रहेको देखिन आउँछ ।

चण्डेश्वरीको उपासना गर्नाले युद्ध समेत जितिने कारणले गर्दा टोखामा रहेको चण्डेश्वरीमा प्रत्येक वर्षमा आउने नवरात्रीका दिन सरकारी तर्फबाट नेपाली सैनिकका मानिसहरू नै आएर चण्डेश्वरी मन्दिरमा सर-सफाई गरि बोका बलि दिएर जाने गरेकोबाट पनि टोखा क्षेत्र कुनै समयमा त्यस क्षेत्रमा दरवार रहेको थियो कि भन्ने अनुमान गर्न सकिन्छ । किनभने त्यस समयमा राजा र सैनिकहरूले युद्ध जित्नका लागि नै भगवतीको स्थापना गरी उपासना गर्ने गरेको ग्रन्थहरूमा उल्लेख भएबाट पनि यस कुरालाई पुष्टि गर्न सकिन्छ । टोखा चण्डेश्वरी मन्दिरमा विभिन्न समयमा विशेष पूजाआजा हुने गरेको छ । जस्तैः जनैपुर्णिमा, अष्टमी, नवमी,दशमी,जनैपुर्णिमा, देवालीपूजा, माघे सक्रान्ति,नागपूजा, वैशाख पुर्णिमा, नागपूजा,बाला चर्तुदशी, यःमरी पुन्ही,महाशिवरात्री, स्वस्थानीव्रत लगायतका दिनमा यहाँ पूजा आराधना हुने गरेको छ । यस मन्दिरमा हुने सवै खाले पूजा आजामा पालो परेको पुजारीबाट त्यसमा लाग्ने खर्च स्वयं व्यहोर्नुपर्ने प्रावधान रहेको छ ।

चण्डेश्वरी मन्दिरमा अर्को विशेषता के हो भने यसमा टुडाँलहरू रहेका छैनन् भने मन्दिरमा ठूलाठूला झयालहरू पनि रहेका छैनन् । मन्दिरमा कुनै किसिमका चित्रहरू पनि कोरएका छैनन् । मन्दिर धेरै ठूलो पनि रहेको छैन् । खासै मन्दिर आकर्षपुर्ण रहेको छैन् साधारण किसिमबाट मन्दिरको निर्माण गरिएको छ ।

चण्डेश्वरी मन्दिरको मन्दिर आउने,वनभोज गर्ने मानिसहरूको संख्यामा बृद्धि भएतापनि त्यही किसिमबाट मन्दिरको विकासका साथै यस मन्दिरको वरिपरि होटेल वा लजको व्यवस्था नभएकोले यदि त्यसको व्यवस्था गर्न सकेको खण्डमा आन्तरिक तथा वाह्य पर्यटकहरू भित्र्याउन सकिन्छ । यस मन्दिरको राम्रोसँग प्रचारप्रसार गरि पर्यटन प्रबर्द्धनलाई अझै व्यवस्थित बनाउनुको साथै मन्दिरको आम्दानी बढाउन सकिने सम्भावना देखिन्छ । टोखा चण्डेश्वरीका स्थानीय वासिन्दाहरूले समय समयमा भजनकीर्तन गर्ने, पुजारीहरबाट बिहान नित्य पूजा र साझमा आरती गर्ने, स्वस्थानीव्रत कथा भन्ने, शतविज छर्ने,पुराणहरू लगाउने आदि कार्यहरू गर्नाले यसको महत्व दिनानुदिन बढ्दै गएको देखिन्छ । यसैगरि चण्डेश्वरी मन्दिर शिवपुरी आरक्षणको काखमा रहेको कारणले गर्दा मन्दिर वरिपरिका मानिसहरू मनोरञ्जन गर्न, शान्त बाताबरणमा घुम्न, ध्यान गर्न समेत आउने हुनाले यस मन्दिरको आसपासमा रहेका बासिन्दाहरूको समेत आय आर्जनमा बृद्धि हुन पुगी आर्थिक स्थितिमा सुधार आएको देखिन्छ ।

## ६.२. निष्कर्ष

नेपालमा ई.पू. दोस्रो शताब्दीदेखिकै शक्तिसँग सम्बन्धित मूर्तिहरू प्राप्त भएतापनि शक्तिपूजाको परम्परा अत्यन्त प्राचीन रहेको देखिन्छ । राजादेखि सर्वसाधारण जनतासम्मले आफ्नो उन्नति प्रगति शासनसत्ता प्राप्ति लगायत युद्धमा विजय प्राप्त गर्नका लागि समेत शक्ति आर्जन गर्नका लागि अनेक रूपमा देवीहरूको उपासना गर्ने गरेको पाईन्छ । पुराणहरूमा समेत शिव, विष्णु र ब्रहमाले आफ्नो शक्तिको रूपमा स्त्री शक्तिलाई अंगीकार गरेको पाईन्छ। स्त्री शक्तिका अनेक रूपहरूमध्ये चण्डेश्वरीलाई पनि एक शक्तिको रूप मानिएको छ । चण्डेश्वरीलाई पौराणिक कालदेखि नै मानवहरूले आफ्नो प्रमुख उपास्थ देवीको रूपमा पूजिंदै आएको छ ।

चण्डेश्वरीलाई विभिन्न नामले पुकारिने गरिएको छ । उनलाई भगवती, देवी, कुमारी, चासु अजिमा, चामुण्डा, चण्डी, दुर्गा, काली, पार्वती, एकजटी, दक्षिणकाली, गुहेश्वरी, अष्टमातृका र सप्तमातृकाको रूपमा पनि लिने गरिएको छ । चण्डेश्वरीको उत्पत्ति कहिले भयो भन्ने सम्बन्धमा एकिन साथ यही तिथि मितिमा हो भनेर भन्न सकिने पूरातात्विक प्रमाणहरूको अभाव रहेको छ । नेपाल महात्म्यले चण्डेश्वरीको उत्पत्ति देवासुरको संघर्षको समयमा भएको उल्लेख गरिएको छ । त्यस्तैगरी स्वस्थानी ब्रतकथामा हस्तिनापुरमा गई सती देवीको दायाँ कुम पतन भई हस्तिनापूर पीठ चण्डेश्वरी देवी उत्पत्ति भएको भन्ने उल्लेख गरिएको छ ।

टोखाको चण्डेश्वरीमा प्राप्त भएका ऐतिहासिक कला, संस्कृति, चाडपर्व लगायत विभिन्न समय र कालखण्डको शिलापत्र, गोपालराज वंशावली, लिच्छवीकालिन अभिलेख, भाषा वंशावली, देवमाला वंशावली आदिमा टोखा चण्डेश्वरीको ऐतिहासिक, साँस्कृतिक, पूरातात्विक महत्वलाई प्रकाश पारिएको छ । टोखाका स्थानीय मानिसहरूले टोखा चण्डेश्वरी क्षेत्रलाई ३३ कोटी देवताको वासस्थानको रूपमा लिने गरिएको छ । चण्डेश्वरीको दर्शन गरेपछि अन्य कुनै पनि देवीदेवताहरूको दर्शन गर्न नपर्ने जनश्रुति रहेको छ । त्यहाँ प्राप्त भएको शिवदेव र सामन्त अंशुबर्माले संबत् ५१९ को अभिलेख रहेको छ । जसमा तिलमक र गुल्म शब्दको उल्लेख रहेको छ । भाषा वंशावलीमा पनि टोखा किल्ला भनि उल्लेख गरिएको छ ।

भाषा वंशावलमा नै चौसट्ठी लिङ्गको वर्णनमा टोखा पिण्डारकतीर्थ की चण्डिकेश्वरको नाम एकाउन्नमा दिइएको छ । यसले चण्डेश्वरीको उत्पत्ति भएको स्थानमा मात्र चण्डिकेश्वर मन्दिर रहने देखिन्छ । त्यस्तैगरी विभिन्न समयमा चण्डेश्वरी देवीलाई चढाएका सौभाग्यका सामानहरूको बारेमा अभिलेखहरूमा उल्लेख गरिएको छ । अभिलेखहरूमा नेपाल संबत् ७९३, ७९४, ७९५, ८०८, ८२०, ८३६, ९१५, ९१९, ९२७ आदि चढाएको उल्लेख गरिएको छ । यसले मध्यकालसम्ममा आउँदा टोखा चण्डेश्वरी अत्यधिक प्रख्यात भई सकेको देखिन्छ ।

देवमाला वंशावलीमा राजा रत्नमल्लका पालामा नेपाल संबत् ६२९/३० सालतिर कु कु नाम गरेका भोटे देवारहरूको रखवारीका निमित्त तिनसय घर बसालेको उल्लेख गर्दै त्यस क्षेत्रको महत्वपूर्ण

देवता चण्डेश्वरी रहेको बताईएको छ । अघि मातृका गण सहित चण्डिका देविले दैत्यहरूलाई मारेर महारुद्रको ध्यान टोखा चण्डेश्वरीमा गरेको जनश्रुति पनि रहेको पाईन्छ ।

माथि उल्लेख गरिएको अभिलेख, मानिसहरूको जनश्रुति, साहित्यिक ग्रन्थहरूमा भएका उल्लेख आदि कारणले टोखा चण्डेश्वरीको उत्पत्तिको तिथिमिति निश्चित गर्न नसकिएता पनि ती आधारहरूले प्राचीनकाल भन्दा अगाडी नै टोखामा चण्डेश्वरीको स्थापना भएको अनुमान गर्न सकिन्छ । तर कतिपय अन्वेषकहरूले टोखा चण्डेश्वरी त्यति पुरानो नभएको त्यहाँका मानिसहरूले बनेपा चण्डेश्वरी भई सकेपछि मात्र नेपाल महात्म्यको कथाबाट प्रमावित भई बनेपामा रहेको चण्डेश्वरीको अनुशरण गरी टोखामा रहेको कालिकाको मूर्तिलाई नै चण्डेश्वरी भनिएको भन्ने पनि आफ्नो राय व्यक्त गरेका छन् । टोखाका स्थानीइ बासीहरूले भने प्राचीनकाल भन्दा अगाडि नै टोखामा चण्डेश्वरी रहेकोमा तान्त्रिक विधिबाट टोखाको चण्डेश्वरीलाई डोलीमा हालेर बनेपा लगेको भन्ने धारणा पनि रहेका छन् । विगत लामो समयदेखि टोखा चण्डेश्वरीमा वस्दै आउनु भएका चण्डेश्वरी बाबाले पनि चण्डेश्वरीको मूल थलो टोखा चण्डेश्वरी नै रहेको ठोकुवा गर्नु भएको छ ।

बनेपा चण्डेश्वरीमा राखिएको अभिलेख नेपाल सम्बत् ८३५ र ८७१ रहेको छ भने टोखा चण्डेश्वरीमा राखिएको अभिलेख नेपाल सम्बत ७९३ र ७९५ को रहेको हुँदा टोखामा रहेको चण्डेश्वरी नै वास्तवमा पूरानो हो कि भन्ने अनुमान गर्न सकिन्छ । किनभने करिब ८० वर्ष अगाडि नै टोखाको चण्डेश्वरीले ख्याति कमाई सकेको देखिन्छ । टोखाको चण्डेश्वरी प्राचीनकाल देखि नै महत्वपूर्ण धार्मिक स्थलको रूपमा प्रसिद्ध भईसकेको तथ्यलाई चण्डिकेश्वर पिण्डारक महात्म्यले पनि अझ स्पष्ट गर्न सहयोग पुऱ्याएको छ भने चण्डेश्वरी मन्दिरको स्वरूपले पनि चण्डेश्वरीको प्राचीनतालाई स्पष्ट पारेको छ ।

टोखाको चण्डेश्वरीको मूर्ति पहिले एउटा ठूलो काभ्रेको रुखमूनि रहेकोमा पछि त्यस रुख ढलेपछि बिक्रम सम्बत् २०६० सालमा त्यस स्थानमा मन्दिरको संरचना निर्माण गरिएको देखिन्छ । यहाँको मन्दिर सानो तिन तलाको रहेको छ भने यस मन्दिरको भित्रपट्टि तलाहरू नछुट्टाई खोक्रो अवस्थामा रहेको छ । मन्दिरको निर्माणमा आधुनिक प्रभावमा ढुंगा, माटो आदिको प्रयोग गरिएको छ । यस मन्दिर पश्चिमा मुख रहेको छ । मन्दिरको द्वारमा टोराकोराको सुन्दर, कलात्मक रूपले प्रयोग गरिएको छ । बाहिर र भित्री द्वारमा पनि सिंहको प्रस्तरको मूर्ति राखिएको छ । मृतिका द्वारको दायाँ बायाँ सिंगिनी बंगिनी, गणेश, कुमार र मातृकाका साथै मध्यभागमा चामुण्डाको मूर्ति रहेको छ ।

तोरणमा विभिन्न मूर्तिहरू कुँदिएका छन् । चण्डेश्वरीको मूर्तिलाई पाँचवटा तह निर्माण ग री सबैभन्दा तल्लो तहमा राखिएको छ । त्यसरी निर्माण गरेको तहको तोरणमा दायाँ बायाँ गणेश। कुमार छ भने गणिका र छेपुको चित्र राखिएको छ । छेपुमाथि चामुण्डा  सबभन्दा माथि गजूर रहेको छ । सबैभन्दा तल्लो तहको भित्तामा छेपु भएको सानो तारण छ यसमा पनि चामुण्डाको मूर्ति रहेको छ । तोरणमूनि

देवीको मुख्य स्थान छ । चण्डेश्वरी देवीको प्रतीक खड्गको दायाँ बायाँ अनि खड्ग रहेको छ । यिनैलाई चण्डेश्वरी देवी मानि पूजा आजा गरी भोग चढाउने गर्दछन् ।

यी बाहेक निम्न भौतिक संस्कृतिकहरूमा चण्डेश्वरीको दक्षिणतिर मयुरमाथि आरुढ कुमारको प्राचीन मूर्ति राखिएको छ । नवदुर्गाका मूर्तिहरू, शिलालेखहरू, दक्षिणकाली, भैरब, तोरण, इन्द्रायणी खड्ग, चामुण्डा, श्रीयन्त्र, गजुर, अष्टमातृकाहरू, मनकामना, सूर्य, चन्द्रमा, भगवती, लक्ष्मी आदिको मूर्तिहरू त्यहाँ स्थापना गरिएको छ । चण्डेश्वरी मन्दिरका वरिपरि रहेका प्रमुख भौतिक संस्कृतिहरूमा चण्डिकेश्वर (मुखारेश्वर) महादेव, अष्टमंगल, सतीदेवी कुण्ड, अर्धनारीश्वर, हनुमान, बुद्ध, दक्षप्रजापति, काली, सरस्वती, महादेव, पार्वती, एकै स्थानमा तिनवटा शिवलिङ्ग, कुलदेवताको स्थान, बासुकी नाग, कृष्ण, विष्णु, गरुड, नयाँपाटी, दक्षप्रजापतिको यज्ञ स्थल र सत्यदेवीको मूर्ति आदि रहेका छन् भने चारैवटा नारायणलाई पनि त्यहाँ स्थापना गरिएको छ ।

टोखा चण्डेश्वरी प्रख्यात देवीको रूपमा रहे तापनि यहाँको प्रमुख जात्रा अर्थात् उत्सव भनेको विस्केट जात्रा नै हो । यसलाई टोखामा चैत्र २८ गतेदेखि बैसाख ३ गतेसम्म गरी ४ दिन मनाउने गरिन्छ । त्यसमा चण्डेश्वरी सहित अन्य देवी देवताहरूको गरी सातवटा रथ निकालिने गरिन्छ । अन्य पूजाहरूमा यहाँ हरेक दिन हुने नित्य पूजा बाहेक नेपालीहरूले मनाउने प्रमुख चाडबाँडमा यहाँ पूजा गरिने गरिन्छ । यस चण्डेश्वरीमा बिहान नित्य पूजा गरिन्छ भने साँझमा आरती मात्र गरिने चलन रहेको छ । यहाँ विशेषगरी दशैं अष्टमीका दिनमा विशेष वलिपूजा सरकारी स्तरबाट दिने गरिएको छ भने त्यसको लागि नेपाली सैनिकहरूले समेत आएर पूजा आराधना गर्ने गरिएको पाईन्छ । यहाँ मानिसहरूले आफूले कामना गरेको काम पूरा भएपछि कुखुरा, हाँस, अण्डाको बलिदिने गरिन्छ भने यहाँ पञ्चबलि पनि गरिने उल्लेख अभिलेखमा भएपनि पंचबलि धेरै समयदेखि गरिने गरिएको छैन ।

चण्डेश्वरीमा क्षमापूजा, शुभकार्य पूजा, पञ्चामृत पूजा, धान लडाउने पूजा, था पूजा, सिठी नखः, संक्रान्ति आदिमा पूजा आराधना गर्ने गरिएको छ । यो नै चण्डेश्वरीको भौतिक, अभौतिक संस्कृतिको विशेषताहरू हुन् । अन्तमा यति भनेर टुङ्ग्याउन चाहन्छु कि यस टोखा चण्डेश्वरीको सन्दर्भमा छोटो मोटामोटी सामान्य अध्ययनको आधारमा यो रचना गरिएको हो । यतिकैले पूर्ण भएको मानिएको छैन । यस सम्बन्धमा निकै गहिरिएर अन्वेषण र अनुसन्धान गर्न बाँकी नै रहेको छ ।

## परिशिष्ट - क

### अध्ययनको कममा अन्तर्वार्ता लिइएका व्यक्तिहरूको नामावली

| क.सं. | नामथर | उमेर | ठेगाना | मिति |
|---|---|---|---|---|
| १. | सिंहराज कर्माचार्य | ७१ | चण्डेश्वरी २,टोखा | २०७६।१०।१ |
| २. | दिग विजय श्रेष्ठ | ५५ | पिम्वहाल २०, पाटन | २०७६।१०।२ |
| ३. | रामगोपाल कायस्थ | ४५ | वनेपा ,काभ्रेपलाञ्चोक | २०७६।१०।३ |
| ४. | ज्ञानकाजी मानन्धर | ७८ | भक्तपुर | २०७६।१०।३ |
| ५. | सानु डगोंल | ३८ | चण्डेश्वरी २,टोखा | २०७६।१०। ६ |
| ६. | भगवान श्रेष्ठ | ५४ | चण्डेश्वरी २ , टोखा | २०७६।१०।७ |
| ७. | रामदेवी कर्माचार्य | ४३ | चण्डेश्वरी २, टोखा | २०७६।११।१३ |
| ८. | महेन्द् श्रेष्ठ | ३५ | चण्डेश्वरी २, टोखा | २०७६।११।१४ |
| ९. | न्हुछे महर्जन | ५७ | चण्डेश्वरी २,टोखा | २०७६।११। १५ |
| १०. | ध्रुव जोशी | ६७ | चण्डेश्वरी २, टोखा | २०७६।११।१६ |
| ११. | रामलाल श्रेष्ठ | ५९ | चण्डेश्वरी २, टोखा | २०७६।११।१७ |
| १२. | विश्वनाथ गुरागाई | ६७ | चण्डेश्वरी २, टोखा | २०७६।११।१८ |
| १३. | चण्डी वावा | ७८ | चण्डेश्वरी २, टोखा | २०७६।११।१९ |
| १४. | पञ्चकुमारी श्रेष्ठ | ४४ | चण्डेश्वरी २, टोखा | २०७६।११।१९ |
| १५. | शरण श्रेष्ठ | ४१ | चण्डेश्वरी २, टोखा | २०७६।११।२० |
| १६. | नातीराम कर्माचार्य | ५३ | चण्डेश्वरी २, टोखा | २०७६।११।२१ |
| १७. | विकम कर्माचार्य | ३५ | चण्डेश्वरी २, टोखा | २०७६।११।२२ |
| १८. | राम डंगोल | ३९ | चण्डेश्वरी २,टोखा | २०७६।११।२९ |
| १९. | काजिराम कर्माचार्य | ४६ | चण्डेश्वरी २,टोखा | २०७६।१२।२ |

## परिशिष्ट - ख

## अन्तर्वार्ताको प्रश्न नमुना तालिका

१. चण्डेश्वरी मन्दिरको उत्पति कसरी भयो ?

२. चण्डेश्वरी मन्दिरको स्थापना कहिले भएको हो ?

३. चण्डेश्वरीको देवीका विभिन्न नामहरू के के हुन ?

४. चण्डेश्वरीको जात्रा कसरी मनाइन्छ ?

५. चण्डेश्वरीको गुठी व्यवस्था कस्तो रहेको छ ?

६. चण्डेश्वरीको पूजा विधि र परमपरा बारे केहि वताइदिनुहोस ?

७. यस मन्दिरमा कुन-कुन ध र्मालम्वीहरू आउँछन् ?

८. यस चण्डेश्वरी मन्दिरको जिर्णोद्धार भएको छ कि छैन ?

९. चण्डेश्वरी सम्वन्धी किम्वदन्तीहरू के के रहेका छन् ?

१०. चण्डेश्वरीमा कुन- कुन पूजा गर्ने गरिएको छ ?

११. चण्डेश्वरी मन्दिरको संरक्षणमा कुन-कुन पक्षहरू संलग्न छन् ?

१२. चण्डेश्वरीको पुजारीको व्यवस्था कसरी गरिन्छ ?

१३. चण्डेश्वरीसँग सम्वन्धित मुख्य-मुख्य चाडपर्वहरू के के छन् ?

१४. चण्डेश्वरीको पूजा र जात्रा सञ्चालनमा के कस्ता समस्याहरू रहेका छन् ?

१५. चण्डेश्वरीको महत्व बारे तपाईलाई के थाहा छ ?

१६. चण्डेश्वरीमा मानिसहरू आउँदा उनिहरूको मनोकांक्षा पूरा हुन्छ त ?

१७. चण्डेश्वरी मन्दिरको ऐतिहासिक महत्व के छ ?

१८. चण्डेश्वरी मन्दिरको हेरचार र संरक्षण गर्नु के गर्नुपर्ला ?

१९. चण्डेश्वरी मन्दिरमा मानिसहरू कुन उद्देश्यले आउने गरेका छन् ?

२०. चण्डेश्वरीसँग सम्वन्धित कुन- कुन गुठीहरू रहेका छन् ?

२१. चण्डेश्वरीको जात्रामा कुन निकायले सहयोग गरेका छन् ?

२२. चण्डेश्वरी जात्राको महत्व कस्तो छ ?

२३. गुठी परम्परा अनुसार काम भएको छ कि छैन् ?

२४. गुठीलाई व्यवस्थित गर्न के गर्नुपर्ला ?

२५. चण्डेश्वरी वरिपरि कतिवटा पाटीहरू थिए ?

२६. भत्केका पाटीहरू पुनःनिर्माण गर्न कुनै निकाय अग्रसर भएको छ ?

२७. चण्डेश्वरीको मन्दिर कति सालमा निर्माण भएको हो ?

२८. चण्डेश्वरीको पुजारी कुन थरका हुन्छन् ?

२९. अन्त्यमा तपाईको केही भनाइ रहेको छ कि ?

सहयोगको लागि धन्यवाद ।

## परिशिष्ट - ग

## अध्ययनका क्रममा सङ्कलन गरिएका अभिलेखहरू

### टोखामा रहेको सम्वत ५१९ को (शिवदेव+अंशुवर्माको) अभिलेख

काठमाण्डौ–उपत्यकाको उत्तरी भेकमा धर्मस्थलीको हाराहारी “टोखा” नामक प्रसिद्ध वस्ती छ । त्यहाँ बस्तीको बीच भागमा भने जस्तै यो अभिलेख कुदिएको शिलापत्र रहेको छ । यस अभिलेखको धेरै भाग फुटिसकेको छ । यसको अभिलेख कुदिएको भाग ३३ अङगुल लम्वा, १८ अङगुल चौडा छ । यसको शिरोभागमा वीचमा चक्र र दुईतिर शङख अङकित छन् । यहाँ संवत् ५१९ छ ।

लेभीद्वारा १० संख्याको रूपमा यो छापिएको छ । नोलीद्वारा २९ संख्याको रूपमा यो छापिएको छ । राष्ट्रिय अभिलेखालयमा रहेको प्रतिलिपिबाट यसको पाठ सच्याउँदा मदत पाइएको छ ।

### मूलपाठ

(१ देखि ६ पङक्तिसम्म पढ्न नसकिने)

७. .......... त्यसथे......परभोग १ .......... ..........

८. ............ .......... गुल्म ......२ दक्षिणपश्चिमेन ............

९. .......... ......... तिलमकसंगमस्ततस्तमेव तिलमक ३.........

१०. ......... ..........नुसारेण .............. सेतु .......... .......ङ्ग ४

११. .......... ......परि ...............स्ततो मार्ग्गमनुसृत्य.....

---

नेलीका पाठ...

१. ....... यथे ........

२. ............ल्म ..........

३. ------ सङ्गमस्ततस्त ..

४. ..............सेतु-ङ्ग ....

१२. ........... ........ ......(शा)लवृक्षस्तस्यचाधस्तिलमकम १

१३. .......... ......... तिलमकमनुसूत्य २वसेग्र-तस्मादुत्तर-

१४. .............. .........(ती) रे उदक्पानीयपातस्तस्मादुत्तर-

१५. ........... ........... ..... पञ्चकश्च ततो दक्षिणानुसारती....

१६. .......... ....... ..... तु तस्यैव नासिकामनुसूत्य ३ रिन्..........

१७. .......... ............ ........ स्या दक्षिणती ज्ञातिखुन्नदी तस्या

१८. ........... ......... .......... तदेव.... ..... परिक्षिप्त .....

१९. .............(न कैश्चिदस्मत्षदप्रसादोपजीविभि) रन्यैर्व्वा सूक्ष्मापि पीडा कार्य्या

२०.(यस्त्वेतामाज्ञां विलङ्ध्यान्यथा कुर्य्यात्कार) येद्धा तमहन्न मर्षयिपयामिये(पि)

२१.(मदूर्द्ध्वम्भूमुजो मवितारस्तैरपि धर्म्म) गुरुभिर्ग्गुरुकृतप्रसादानुव(त्ति)

२२.(भिरियमाज्ञा सम्यक्यप्रतिपालनीया) ... .... ... नि श्रूयते भूपालैर्व्वहुभि ४

२३. ............ ............. ............ ण्ड-विकमाज्जित धर्न ५.....

२४. ........ ......... ......... ........ सत्तोयावलीर्य खला ये

२५. ................ .............. ...........तदा तस्या।फ दत्तं.........दत्तामुपहरन्

२६........... ............ .......... दाता नैव न्यग्ज्रजति६......प्यानानि

२७. ............. ........... ......... नन्त ........ ध्नन्न कत्तृव्यम्भू..... रपहरेत्

२८. .......... ......... ........ दूतकश्यात्र विप्रवर्म्मगीमी संवत् ५१९

२९. ............. शुक्लदिवादशम्याम् ॥

१. . . . . . . . . . . . . . लबूक्षस्तस्या चाधस्ति . . . . . .

२. . . . . . . . . . (अनु)सृत्य

३. . . . . . . . . . . . . . . . . रि-मनुसृत्य

४. . . . . . . . यतो-मनुसृत्य

५. . . . . . . .ण्डर्ता–मार्ज्जित–नैर्द्द

६. . . . . . . . . दा. ट.–वन्य.प्रजा –––

**अनुवाद**

....गुल्म(सुरक्षार्चाकी) .... दक्षिण पश्चिमतिर .... तिलमक(कुलो) को दोभान,

त्यताबाट त्यहीकुलो .... तिर लागीपुल, ....त्यतावत बाटोतिर लागी....(सा) लकी रुख,त्यसको तलतिर कुलोतिर कुलोतिर लागिी ..... कुलो तिर लागी ... त्यसदेखि उत्तरतिर ..(ती) रमा उत्तरतिर पानी झरेको ठाउँ, त्यसदेखि उत्तरतिर ... पञ्चक,त्यसदेखि दक्षिणतिर लागी .... त्यसैको नाकनिर लागी रिन्....को दक्षिणपट्टि ज्ञातिखृन् खोली, त्यसको ....

इति चारकिल्लाभित्रको( ठाउँमा)...... (हाम्रो तर्फबाट जीविका चलाउनेहरूले सरकारी कर्मचारीले) वा अरु कसैले अतिकता पनि दुःख नदिनू । ( जसले यो आज्ञा नटेरेर अन्यथा गर्ला या) गराउलफ त्यसलार्य हामी सहनेछैनौ। -हामीभन्दा पछि जो राजजा हुनेछन, तिनीहरूले पनि धर्मलाई ठूलो संझी) अधिका राजाले गरेको निगाहको ख्याल राखेर (यो आत्राको राम्ररी पालना गर्नुपर्छभन्ने अनुरोध छ । ) .....

...सुनिन्छ;धेरै राजाहरूले...... ... आफ्नो पराकमद्वारा धन कमाई... सफा पानीको भेल... जुन दृष्टहरू ..... ..... त्यस वेला तिनलाई फल हुन्छ । ..... . दाताको कहिले पनि पतन हुँदैन । -अरुले) दान दिएको ह-यो भने .... .... गर्नु हुँदैन

.... हर्ला ।.....

यहाँ दूतक विप्रवर्मा गोमी छन् । संवत ५१९ ....शुक्ल दशमी ।

**व्याख्या–**

योअभिलेख ज्यादै खिइएकोहुनाले उठानका केही पङ्क्ति त पढ्न सकिएका छैनन् । तल पनि छेउ–छेउका केही माग मात्र पढ्न सकिएका छन् । यसो हुनाले यसअभिलेखमा मुख्य गरी के कुरा परेको थियो भनी गाह्ो छ । यसमा संवत ५१९ चाहि स्पष्ट देखिने हुनाले शिवदेव अंशुवर्माको अभिलेख यो हो भन्ने कुरामा चाहि शङ्का छैन । यस अभिलेखको तल्लो भागमा दाताको पतन हुँदैन; ह-यो भने ... आदि भावका वचन परेका हुनाले कुनै दाधर्म गरेको कुरा यसमा परेको बुझिन्छ ।

**तिलमक–**

यस अभिलेखमा जग्गाको चारकिल्ला खोल्दा धेरै पटक "तिलमक"शव्दको उल्लेख आएको छ । एक ठाउँमा "तिलमकसंगम" यो शव्द संस्कृत भाषाको होइन । स.स्कृत भाषका कोशहरूमा यस शव्दको उल्लेख पाईदैन । यस ताकाका भारतका अभिलेखमा पनि तिलमकको उल्लेख पाइन्छ । स्थितिमल्लको पालामा लेखिएको नेवारी अनुवादसहितको एउटा अमरकोशमा "कुल्या स्यात् कृत्रिमा नदी" को अनुवादमा "कुल्या=तिलमक" भनी लेखिएको पाइएको छ । यसबाट तिलमकभनेको कुलो हो भन्ने निश्चत हुन्छ । तिलमक भनेको कुलोभन्ने कुराको झलक लिच्छविकालका अभिलेखबाट पनि पाइन्छ । विचारार्थ पाटन मीनाथको अभिलेखलाई देखाउन सकिन्छ । त्यसमा विभिन्न पाञ्चालीका वासिन्दाहरूले भाग शान्ति मिलाई तिलमक उपयोग गर्ने कुरा परेको छ । जस्तै-

"तिलमकसम्वद्ध कार्यञ्च यदुत्यद्यले,(तदन्तरासने) नैव विद्यार्य निर्णेतव्यं तिलमकश्च सप्तधा विभज्य परिभोक्तव्यी गीग्वल्पाञ्चालिकैरे(को भा) गो गाहो जाज्जेपाञ्चालिकैरेको भागस्तेग्वल्पाञ्चालिकैरेको भागो यूग्वल्पाञ्चालिकैस्त्रयो(भागा) –ल्त्वपाञ्चालिकैत्त्वेको भाग इति"(जव तिलमकसम्वन्धी मुद्दामामिला उठ्नेछ,तव अन्तरासनमा(राजाको भित्री इजलासमा) छानवीन गरेर छिन्नुपर्छ । तिलमकको सात भाग लगाई चलन गर्नु । गीग्वलका पाञ्चालिकहरूले एक भाग, जाज्जेका पाञ्चालिकहरूले एक भाग, तेग्वलका पाञ्चालिकहरूले एक भाग,युग्वलका पाञ्चालिकहरूले तीन भाग,-ल्लका पाञ्चालिकहरूलेएक भाग लिनूरा)

यसबाट "तिलमक"भनेको कुलो हो भन्ने कुराको पुष्टि हुन्छ । अरु अभिलेखमा पनि तिलमकको उललेख धेरै ठाउँमा आएको छ । पाटन छिन्नमस्ताको अभिलेखमा अंशुवर्माले तिलमक वनाइ दिएको र पछि मरम्मत नहुँदा विग्रेको हुनाले सामन्त चन्द्रवर्माको रेखदेखमा त्युसको जीर्णोद्धार गरेको कुरा यसरी लेखिएको छ –

"भट्टारकमहाराजाधिराजश्रचंशुवर्मापादैर्युग्मयीग्रामागामापमुपरकाराय योसी तिलमक आनीतो-

भूत्प्रतिसंस्काराभावाद्धिनष्टमुद्वीक्ष्य सामन्तचन्द्रवर्मविज्ञप्तैरस्गाभिस्तस्यैव प्रसादीकृततस्तेन

चास्मदनुज्ञातेन युष्मद्ग्रामाणामेवोपकारायप्रतिसंस्कृति...."

यसरी तिलमक भनेको कुलो भन्ने निश्चित भएपति लिच्छविकालको कृषिव्यवसायमा पनि यसले केही प्रकाश पार्छ । त्यस वेला आकाशखेतीको भर नपरी उव्जनी वढाउनका लागि कुलोको वन्दोवस्त गरिएको थियो ; लिच्छनिकालका अंशुवर्मा आदि शासकहरूले कुलो वनाउनमा ध्यान दिएका थिए । कुलोको पानीउपयोग गर्ने कुरामा कचिङ्गल नउठोस् भनी सरकारतर्फबाट व्यवस्था मिलाइदिइन्थ्यो आदि कुराहामीथाहा पाउँछौ ।

"तिलमक"यी शव्द संस्कृत भावाको होइन भनी माथि भनिसकेको छ । किरात-परिवारको नजभाषाबाट यो प्रचलनमा आएको हो । हाम्रो यता धेरै अघिदेखि यो शव्द प्रचलित भइकेको हुँदा लिच्छविकालका अभिलेखमा "कूल्या" शव्दको प्रयोग नगरी "तिलमक" शव्दकै प्रयोग गरिएको हो । यस शव्दको मूल खोजीको विषय वनेको छ ।

नक्साल नारायणचौरको अभिलेखमा तिलमक शव्दको साथै "लखमक"शव्दको पनि उल्लेख परेको छ । त्यहाँ चारकिल्ला खोल्दा "....पश्चिममवतीर्य ताम्रकुट्टशालागमर्गागानुसारेण अप्तिखूसंक्रामाभिमुखेन ताम्रकुट्टशालालखमक" भन्ने उल्लेख परेको छ । तिलमक जस्तै लखमक शव्द पनि त्यस वेला प्रचलित थियो भन्ने यसबाट देखिन्छ । नेवारी भाषामा पानीलाई कहने चल्तीको शव्द "ल"को पूर्वरूप "लख" हो भन्ने कुरामा शङ्का छैन् । "मक" शव्दको प्रयोग लिच्छविकालका अभिलेखमा विभिन्न रूपमा भएको हामी पाउँछौ ।चाँगुको अभिलेखमा स्थानीय वस्तीको नाउँ "गङ्दिमक" दिइएको छ । "गुङ्" जङ्गलसहितको डाँडोलाई भनिन्छ । धापासीको अभिलेखमा "प्रणालीदीमक" ग्रामको उल्लेख परेको छ ।कति "तिलमक"हरूका नामको उल्लेख पनि अभिलेखमा आएको छ । का.इ. लगनटोलको अभिलेखमा "चिशिमण्डा" नामक तिलमकको चर्चा परेको छ । पशुपति वज्रघरको अभिलेख "मेकण्डीदुल्"तिलमकको उल्लेख आएको छ ।

कुलोलाई कहने "तिलमक" शव्द किरातपरिवारको भाषाको भएको र चिशिमण्डा,मेकण्डीदुल् आदि नामहरू पनि किरातपरिवारकै भाषाबाट रहेका देखिएका हुनाले लिच्छविकालभन्दा अघि नै अर्थात् किरातकालमै यहाँ खेतीको लागि कुलोको वन्दोवस्त थियो भन्ने देखाउँछ । यसरी किरातकालमै नेपाल-उपत्यकामा कृषिव्यवसाय चलिसकेको संकेत हामी यताबाट पाउँछौ ।

यस अभिलेखमा एक ठाउंमा "गुल्म" शव्दको पनि उल्लेख आएको छ । "गुल्म" भनेको सुरक्षाचौकी हो । लिच्छविकालका अभिलेखमा ठाउँ ठाउँमा गुल्मको उल्लेख आएको हुनाले सुरक्षाचौकीहर ठाउँ ठाउँमा कायम थिए भन्ने थाहा हुन्छ ।

**चण्डेश्वरी देवलको सिढिमा गाडिएको अभिलेख**

टोखा चण्डेश्वरीथान भित्र चण्डेश्वरीको देवलको सिढिमा गाडिएको शिलालेख हो । यसलाई राष्ट्रिय अभिलेखालय स्थित अभिलेन नं. ४७३ उल्लेख गरी संरक्षण गरि राखिएको छ । यस शिलालेखमा शिर्षक चिन्ह दायाँ चन्द्र, बायाँ सुर्य, बीचमा पश्चिम फर्केको जलहरि शिवलिङ्ग रहेको छ । यसको मिति ने.सं. ७९३ लेखिएको छ । यो नेपाल लिपि र नेपाल भाषामा लेखिएको छ । यसको नाप ३५×३१से.मी. रहेको छ ।

**पाठः**

शुभ ॥ संम्वत ७९३ चैत्रमासे कृष्णपक्षे ॥ सप्तम्या

न्तिथी पूर्व्याषढनक्षत्र शिवयोगे शिनर वा

सरे शंराती कुन्हु तयाजुरो श्री ३ चण्डेश्वर प्रिति

न सिंह थापन याङा,वाहारछेया वासुदेव,प

रि गानियमु,पुत्रमासिंहदेव,भात्र जय कल्या

न पनि रोचनी मयु,पुध जय शंखर द्‌ाङ्ग श

मुचयन तया,पुन जममुमारकं शिव पि

ति ध्व किर्ति ग्वम्हनं धसन यातसा, पञ्च

महापाप राक जुरो,शुभ ॥ ॥

शव सर्व्य हिताथार्य,जगतांशुधिकार

ने,त्रैलोक्यमनन्तात्र,लिङ्गरूपं नमोस्तु ते ॥

भावार्थानुवाद , ने.सं. चैत्र कृष्ण सप्तमि शनिश्चर वारको अभिलेखको अर्थशुभ होस्॥ ने.सं ७९३ ( तद्‌नुसार वि.सं १७२९ ) चैत्र कृष्ण सप्तमि तिथि पूर्वाषाढा नक्षत्र शिवयोग शनिश्चरबार संक्रान्तीको दिनमा श्रीश्रीश्री चण्डेश्वरी प्रीतिका लागि द्वारपाल सिंह स्थापना गरियो । यो कीर्ति वाहारछें बस्ने बाशुदेव, परिगोनि मयि, छोरा मानसिंहदेव,भाइ जयकल्यान, रोशनि मयि, छोरा जयशंकर यी सकलले राखियो । यो कीर्तिको यथायोग्य संरक्षण गरी राख्नुपर्छ । जसले यो कीर्तिलाई विध्वंश गर्छ त्यसलाई पंचमहापातक पाप लाग्ने छ ।

शव सर्व हितार्थाय जगतां शुधिकारने । त्रैलोक्य मनन्तात्र लिंगरूपं नमोस्तुते ॥

यस अभिलेखमा शुभ होस्ने.सं ७९३ (तद्‌नुसार वि.सं १७२९) । चैत्र कृष्ण सप्तमि तिथि पूर्वाषाढा नक्षत्र शिवयोग शनिश्चरबार संग्रान्तीको दिनमा श्रीश्रीश्री चण्डेश्वरी प्रीतिका लागि द्वारपाल सिंह स्थापना गरियो । यो कीर्ति वाहारछें बस्ने बाशुदेव, परिगोनि मयि, छोरा मानसिंहदेव,भाइ जयकल्यान, रोशनि मयि, छोरा जयशंकर यी सकलले राखियो । यो कीर्तिको यथायोग्य संरक्षण गरी राख्नुपर्छ । जसले यो कीर्तिलाई विध्वंश गर्छ त्यसलाई पंचमहापातक पाप लाग्छ भन्ने व्यहोरा उल्लेख गरिएको छ ।

**चण्डेश्वरीथान भित्रको अभिलेख**

टोखा चण्डेश्वरीथान भित्र चण्डेश्वरीदेवीका पर्खालका भित्तामा रहेको शिलालेखलाई राष्ट्रिय अभिलेखालयस्थित अभिलेख नं. १५३ उल्लेख गरि संरक्षण गरिएको छ । यस शिलालेखमा शीर्ष चिन्ह

दायाँ त्रिशुल, बायाँ खड्ग, बीचमा जनहरि पूर्व फकेको शिलिग माथि वेलपत्र दायाँ बायाँ पर्ण चन्द्रमा रहेको छ ।

**पाठः**

शुभ ॥ सम्वत ७९५ चैत्रमास्ये शुक्लपक्षे त्रयोदस्या

न्तिथौ उत्र फाल्गुणी नक्षत्र ध्रुवजोगे ॥ स्वमवार

सक्राती थ्व कुन्हु महापर्व्व दिन कुन्हु ॥ श्री ३ चंगेश्व

र महादेश श्री ३चंडिश्वरी प्रीतिन दुता ॥ श्री २ नि

प्रेन्द् मल्ल प्रभु थाकुर विजय राजेन परमेश्वरि

प्रीतिनमतुक जुछि १ पिरा छगुरि, पतासि त्वा

कछि १थुति दोहोरपा जूरो तोखा देस तोछे राग

तोर गरछे रयेताछे, विश्वभारीन स्वहस्त

रदोहोरपा जुरो ॥ ध्वति पुन्यानभावेन आर्य

आरोगे,धनजन सतान विधीनस्तु ॥ शुभ ॥

भार्वाथअनुवादः

ने.सं ७९५ चैत्र शुक्ल त्रयोदशी सोमबारको अभिलेखको अर्थ

शुभ होस्॥ ने.सं ७९५ ( तद्नुसार वि.सं १७३१ ) चैत्र शुक्ल त्रयोदशी तिथि उत्तरफाल्गुणी नक्षत्र ध्रुवयोग सोमबार संग्रान्तीको दिनमा श्रीश्रीश्री चण्डेश्वर महादेव र श्रीश्रीश्री चण्डेश्वरी प्रीतिका लागि राजा नृपेन्द्र मल्लको शासनकालमा तोखा देश तोखा रागतोर गरछैं बस्ने दाता विश्वभारोले आफ्नो हातबाट मुकुट १ जोर आसन १ धोति १ चढाए । यो पुण्यभावले दाताको आयु आरोग्य जनधन संतान बृद्धि होस् शुभ ॥

यस अभिलेखमा शुभ होस् । ने.सं ७९५ ( तद्नुसार वि.सं १७३१ ) चैत्र शुक्ल त्रयोदशी तिथि उत्तरफाल्गुणी नक्षत्र ध्रुवयोग सोमबार संग्रान्तीको दिनमा श्रीश्रीश्री चण्डेश्वर महादेव र श्रीश्रीश्री चण्डेश्वरी प्रीतिका लागि राजा नृपेन्द्र मल्लको शासनकालमा तोखा देश तोखा रागतोर गरछैं बस्ने दाता विश्वभारोले आफ्नो हातबाट मुकुट १ जोर आसन १ धोति १ चढाए । यो पुण्यभावले दाताको आयु आरोग्य जनधन संतान बृद्धि होस् भन्ने ब्यहोरा परिशिष्टमा उल्लेख गरिएको छ ।

**चण्डेश्वरीस्थान देवल अगाडिको अभिलेख**

टोखा चण्डेश्वरीस्थान देवल अगाडि भूइमा गाडिएको अवस्थामा शिलालेख रहेको छ । राष्ट्रिय अभिलेखालयस्थित अभिलेख नं. १५४ उल्लेख गरि यसको संरक्षण गरिएको छ । यसको शीर्ष चिन्ह उल्लेख छैन् । यस शिलालेखको मिति ने.सं. ७९५उल्लेख गरिएको छ । यो नेपाल लिपि र नेपाल भाषामा लेखिएको छ । यसको नाप ५०×५० से.मी. रहेको छ ।

**पाठः**

सम्वत ७९५ चैत्रमासे शुक्लपक्षे त्रयोदस्यान्तिथी उ

ता फागु नक्षेत्र ध्रवजोग श्वमवार मर मसना

मिक मिन रासिया तिथ्वं श्री ३ राजेन्द् नृपेन्द् मल्ल दे

व राजया वरमु देवका जुरो, तोखा देशया जुगी दे

व भारी पुत्र शुपिदेव भारी नयनि मल्ल,पुना

यति मेभिधुनावे जिम इपयति ओमुवयने दयका

देर दयका येना दुता धुमौघिरी तया पचाषिर

माहादेव दयका तिशुल गंगा तया परथ्वया धर्म्म

सिरो दचर तिशूल गंगा पनि चतुशुरान तर

कुश्व ग्वदिया चन्हुदुथे स्तिरिहथ्या वारहथ्या था .

माहापाप राकजूरो श्रीश्रीश्री चन्डेश्वरि पिति नृत्य

नाथन दुता कुमार धुनिवु छे पिक १चूल २ वर ....

छि,नुपिरिनईमते थाकु चिन्दु मरि तंका...थ्व

या बुया वलसानया राकुर १ धमालंकि थ्व १ वु

.......थ्वरिया हिले मार जुरो पूजा कि पे

धति हनेमार महनसा सनाय केङ गुथिन हं

ने मार क्षम वन्दु मिलिराम,हरिमिव,राम

कुन्हु थुति गुथि भाजरा जनधन संतान विधि

रतु ध्वतिका धिज साषि चन्द्र शुर्ज ॥ शुभ ॥

थ्व होमया वरेश्वर रुपिनी मईया जुरो तासि

बु गाल बुरके, दायिश जु यानाङगुसे जुरो ॥

भावार्थनुवादः

ने.सं ७९५ चैत्र शुक्ल त्रयोदशी सोमबारको अभिलेखको अर्थ

ने.सं ७९५ ( तद्नुसार वि.सं १७३१ ) चैत्र शुक्ल त्रयोदशी तिथि उत्तरफाल्गुणी नक्षत्र ध्रुवयोग सोमबारको दिनमा राजा नृपेन्द्र मल्लको शासनकालमा तोखा देशका जुगीदेव भारो, शुपिदेव भारो समेतले त्रिशूल गंगा सहित पंचमुखी महादेव स्थापना गरी आयेस्ता आउने खेत गुठी राखियो । श्री चण्डेश्वरी प्रीतिको लागि नृत्यनाथ पनि स्थापना गरी मासु समेत राखी पूजा गर्ने व्यवस्था गरियो । तोकिए बमोजिमको काम गरिएन भने वालहत्या स्त्रीहत्या जस्ता महापाप लाग्नेछ र विधिपूर्वक गुठि संचालन गरिया भने जनधन संतान वृद्धि होस् । यसका देखिजान्ने साक्षी चन्द्र सूर्य राखिएको छ ।

उक्त अभिलेखमा ने.सं ७९५ (तद्नुसार वि.सं १७३१) चैत्र शुक्ल त्रयोदशी तिथि उत्तरफाल्गुणी नक्षत्र ध्रुवयोग सोमबारको दिनमा राजा नृपेन्द्र मल्लको शासनकालमा तोखा देशका जुगीदेव भारो, शुपिदेव भारो समेतले त्रिशूल गंगा सहित पंचमुखी महादेव स्थापना गरी आयेस्ता आउने खेत गुठी राखियो । श्री चण्डेश्वरी प्रीतिको लागि नृत्यनाथ पनि स्थापना गरी मासु समेत राखी पूजा गर्ने व्यवस्था गरियो । तोकिए बमोजिमको काम गरिएन भने वालहत्या स्त्रीहत्या जस्ता महापाप लाग्नेछ र विधिपूर्वक गुठि संचालन गरियो भने जनधन संतान वृद्धि होस् भन्ने परिशिष्टमा उल्लेख गरिएको छ ।

**चण्डेश्वरीको देवल भित्रको अभिलेख**

टोखा चण्डेश्वरीस्थान भित्र चण्डेश्वरीका देवल भित्र पर्खालको भित्तामा टाँसिएको अवस्थामा शिलालेख रहेको छ । यस शिलालेखलाई राष्ट्रिय अभिलेखालयस्थित अभिलेख नं. ४९३ उल्लेख गरि राखिएको छ । यसका शीर्षक चिन्हहरूमा दायाँ वायाँ चन्द्र, वीचमा खड्ग रहेको छ । त्यस्तै गरी ने.सं. ८०८ लेखिएको छ । नेपाललिपि र नेपाल भाषमा लोखिएको यस शिलालेखको नाप २४×१९ से.मी. रहेको छ । सो अभिलेखमा, ने.सं ८०८ (तदनुसार वि.सं १७४४)चैत्र शुक्ल ५ सोमबारको दिन दाता शिवुमान र उनका छोराहरू सहित भै श्री ३ चण्डेश्वरी प्रीति गरी तोरण चढाएको व्यहोरा परिशिष्टमा उल्लेख गरिएको छ)।

**पाठः**

सम्वत ८०८ चैत्र शुल्क ५ ......

न सोमवाल थ्वकुन्हु श्री ३ चन्दे

श्वरि प्रीत्तीन शिबु मान श्व...

रन जेस्क पुत्र -- व...सेकर

शुवार इति पुत्र दुरीशा

कर शुवारङ पनिस्तन्ह, से

पस्वयन्न स्थातोंभ दोहोर

पा जूरो शुभ ॥

भावार्थनुवादः

**चण्डेश्वरीको आसनमा लेखेको अभिलेख**

आसनमा लेखेको शिलालेखलाई राष्ट्रिय अभिलेखालयस्थित अभिलेख नं. ५२१ दिइएको उल्लेख गरि संरक्षण गरिएको छ । यसको शीर्ष चिन्हहरू छैनन् । यस शिलालेखमा ने.सं. ८२० लेखिएको छ भने नेपाल लिपि र नेपाल भाषामा लेखिएको छ । यसको नाप २५×७ से.मी. रहेको छ । उक्त अभिलेखमा, ने.सं ८२० (तदनुसार वि.सं १७५५) फागुन शुक्ल पूर्णिमाको दिनमा क्वथुननिका देवरामजुले चण्डेश्वरीको अघिको मूर्ति विग्रेकोले नयाँ मूर्ति राखेको व्यहोरा परिशिष्टमा उल्लेख गरिएको छ।

**पाठः**

श्री सम्वत ८२० फागुन शुधी पुन्हीश कुन्हु

पुन्हीया कोस यात्रम बुयाता तोषमा तावे

श थ्वथुननी देवरामजु चानेश्वरीसमजानी सेना शुभ ॥

भावार्थनुवादः

ने.सं ८२०फागुन शुक्ल पूर्णिमाको अभिलेखको अर्थ

ने.सं ८२० ( तदनुसार वि.सं १७५५ ) फागुन शुक्ल पूर्णिमाको दिनमा क्वथुननिका देवरामजुले चण्डेश्वरीको अघिको मूर्ति विग्रेकोले नयाँ मूर्ति राखेको हो ।

**चण्डेश्वरीथान भित्रको अभिलेख**

टोखा चण्डेश्वरीथान भित्र चण्डेश्वरी देवीको पर्खालमा रहेको शिलालेखलाई राष्ट्रिय अभिलेखालयस्थित अभिलेख नं. ५४४ उल्लेख गरि संरक्षण गरिएको छ। यसको शीर्ष चिन्ह दायाँ चन्द्र , वायाँ सूर्य, बीचमा खड्ग रहेको छ । यसको मिति ने.सं.८३६ उल्लेख गरिएको छ ।यो नेपाल लिपि र संस्कृत भाषामा लेखिएको छ। यसको नाप २६X१९ से.मी. रहेको छ। त्यस अभिलेखमा, शुभ ॥ श्री श्री भवानीलाई नमस्कार । ने. सं ८२४ सालमा निर्मित देवस्थलको थप व्यवस्थित गरी निर्माण कार्य सुसम्पन्न भएको व्यहोरा परिशिष्टमा उल्लेख गरिएको छ।

**पाठः**

शुभ ॥ श्रीश्री भवान्यै नम ॥ वसुनयनञ्चतुकैः सुवुते सुखारे सक

ल सुभग युक्ते रासि योगे विचित्रे लरित शुक्र चोत्र निम्मिता देस्था

पिता देवमूत्तिः सगुणयपम सिहेः पञ्चमि तिथि म्तुष्य ॥ ॥

करकलित कपाराम्तण्डे मारा कपारो सिरसि विरसिनां चन्द्र रूपयैक

जारा लरित पद्म वदना किकि नील गन मर्घावित चतुमपि

सिद्धिकारिका कलसंखना ॥ सम्वत ८३६ ॥

भावार्थनुवादः

ने.सं ८३६ को अभिलेखको अर्थ

शुभ ॥ श्री श्री भवानीलाई नमस्कार । ने. सं ८२४ सालमा निर्मित देवस्थलको थप व्यवस्थित गरी निर्माण कार्य सुसम्पन्न गरियो । ने.सं ८३६ ( तद्नुसार वि.सं १७७२)।

**चण्डेश्वरीको देवलको अभिलेख**

टोखा चण्डेश्वरीस्थान चण्डेश्वरीको देवलदेखि दक्षिणपट्टि भित्तामा भक्तिएको पाटीमा शिलालेख रहेको छ । यसलाई राष्ट्रिय अभिलेखालयस्थित अभिलेख नं. ६७८ उल्लेख गरिएको छ । यसको शीर्षक चिन्हहरूमा दायाँ चन्द्र, वायाँ सूर्य र वीचमा खड्ग रहेको छ। यसको मिति ने.सं. ९१५ उल्लेख गरिएको छ । यो नेपाल लिपि र नेपाल भाषमा लेखिएको छ । यसको नाप ३४X३० से.मी. रहेको छ ।सो अभिलेखमा निम्न कुराहरू उल्लेख गरिएको पाइन्छ, आज माघ महिनाको शुक्ल पक्षको द्वितीया तिथि धनिष्ठा नक्षत्र व्यतिपाट योगमा जथाकरण मुहूर्त्त बृहस्पतिवार, मकर राशीमा सूर्य र कुम्भ राशीमा चन्द्रमा बसेको त्यसमहापर्वको दिनमा ओंगल टोल( हाल इन्द्रचोक भनिन्छ)को दक्षिणघरको कृष्णनारायण भारो, रामकृष्ण भारो यी दुइ जना भलादमीहरूले श्री चण्डेश्वरीको स्थानमा पाटी बनाइ दियो र तिरवुक

खेत रोपनि २ पनि प्रदान गरियो ।यही खेतको आयस्ताले वर्षवन्धन वुसाधन(वार्षिकोत्सव) मनाउनु पर्छ । चण्डेश्वरी स्थानमा बत्ती बालने र पाटीको चारै तिर पनि बत्ती बाल्नु पर्छ । यस दत्तलाई राम्रो सँग जगेर्ना गर्दै गए भने उसलाई जनधन संतान बृद्धि हुँदै जावोस् । यदि लोभ लालच गरे भने चाही  बाल हत्या, ब्राह्मण हत्या, स्त्री हत्या ,गाइ हत्या जस्ता पंचमहापाप लाग्ने छ ।यसमा गुठीयार जनमा श्री कृष्णनारायण र देवनारायण तोकिएको भन्ने व्यहोरा परिशिष्टमा उल्लेख गरिएको छ।

**पाठः**

ॐ अद्य ब्रह्णो द्धितीय पलादेशश्वत वराहक

ल्प वैवश्वतलते आस्ता विशत्ति जूग्ये कलिजूगे प्रथ

म पादे थ्यंम्वुदीपे भलत खंन्दे भारत व्रखे आर्थ्यावत्त देशे

हेम्त दक्षिण नेपाल मन्डे श्री पशुपति संनिधाने वाशुकि क्षेत्रे वा

ग्यमत्या पछिम कुले विष्णु मत्या पूर्व्वकुरे श्रमित कान्तिपुल महन

गरेयमबु ब्रु माया गागुलके जर्म्यनेश्वलयमानस्य यिहिव पुने भो

मे अद्य ॥ माघमासे शुक्लपक्षे ॥ द्धितियान्तिथौ घनिष्ठा नक्षत्रे

व्यतिपाट जोगे जयाकन मोहतरे बृहस्पतिवारसरे सकल राशीगते श

वितरि कुम्भ लाशिगते चन्द्रमशि तस्मीदिने महापर्व्वस ओंगलतो

ल दक्षेन नियता छेया कुष्ण नारायन भारो लाम कृष्ण भारो

निम्हसेन प्रमुखन ॥  ॥ श्री ३ चन्देश्वलिया थाम फरे दयका

जूरो तिरवकबु बुरो २ दुन्ता थ्व वुया ओलसान ब्रषवन्धक

शाघन यायमार चन्देश्वलिया यातस मात छोके पित फरे

चाखयाना मालजुरी थ्व दत्त भिङ करसा जनधन सत्रिसं

तान बृद्धिलस्तु युयु ॥ रोभ यातसा पंच महापाप रायु

ब्रम्हहथ्या वारहथ्या त्रिरहथ्या ग्महथ्या रायु ॥ गुथीजन

श्री कृष्ण जिवनारां द्योनारा पीउन ॥ सम्वत ९१५ ॥

भवार्थनुवाद:

ने.सं ९१५ को अभिलेखको अर्थ

आज ब्रम्हाको दोस्रो` प्रहरमा बराहकल्पको वैवश्वत मनोन्तरको आठौ प्रहर वितेको कलियुगको प्रथम पादमा जम्वुद्धीपको भरत खण्डमा भारत वर्षको आर्यवर्त देशमा हिमवत् खण्डको दक्षिण भागमा नेपाल मण्डलमा ,श्री पशुपतिनाथ नजिकै वाशुकि क्षेत्र बाग्मतीको पश्चिम र विष्णुमतीको पूर्व ,श्री कान्तिपुर महानगर यम्बुब्रुमाको गांगुल पट्टनको जमलेश्वरको यस पुण्य भूमिमा ॥

आज माघ महिनाको शुक्ल पक्षको द्वितीया तिथि धनिष्ठा नक्षत्र व्यतिपाट योगमा जथाकरण मुहूर्त्त बृहस्पतिवार, मकर राशीमा सूर्य र कुम्भ राशीमा चन्द्रमा बसेको त्यसमहापर्वको दिनमा ओंगल टोल( हाल इन्द्रचोक भनिन्छ )को दक्षिणघरको कृष्णनारायण भारो, रामकृष्ण भारो यी दुइ जना भलादमीहरूले श्री चण्डेश्वरीको स्थानमा पाटी बनाइ दियो र तिरवुक खेत रोपनि २ पनि प्रदान गरियो ।

यही खेतको आयस्ताले वर्षवन्धन वुसाधन(वार्षिकोत्सव) मनाउनु पर्छ । चण्डेश्वरी स्थानमा बत्ती बालने र पाटीको चारै तिर पनि बत्ती बाल्नु पर्छ । यस दत्तलाई राम्रो सँग जगेर्ना गर्दै गए भने उसलाई जनधन संतान बृद्धि हुँदै जावोस् । यदि लोभ लालच गरे भने चाही  बाल हत्या, ब्राह्मण हत्या, स्त्री हत्या ,गाइ हत्या जस्ता पंचमहापाप लाग्ने छ ।यसमा गुठीयार जनमा श्री कृष्णनारायण र देवनारायण तोकिएको छ ।

नेपाल संवत् ९१५ ( तद्नुसार विक्रम संवत् १८५२ ) शुभ ॥

**देबलदेखि दक्षिणपट्टिको शिलापत्र**

टोखा चण्डेश्वरीको देवलदेखि दक्षिणपट्टिर शिलापत्र रहेको छ । यसलाई राष्ट्यि अभिलेखालयस्थित अभिलेखन नं.६८८ उल्लेख गरि संरक्षण गरिएको छ । यसमा शीर्षक चिन्ह्हरू छैनन् । यसको मिति ने.सं. २१९ उल्लेख गरिएको छ । यो नेपाल लिपि र नेपाल भाषामा लेखिएको छ । यसको नाप २६×२४ से.मी. रहेको छ ।उक्त अभिलेखमा, आज ब्रम्हाको दोस्रो` प्रहरमा बराहकल्पको वैवश्वत मनोन्तरको आठौ प्रहर वितेको कलियुगको प्रथम पादमा जम्वुद्धीपको भरत खण्डमा भारत वर्षको आर्यवर्त देशमा हिमवत् खण्डको दक्षिण भागमा नेपाल मण्डलमा, श्री पशुपतिनाथ नजिकै वाशुकि क्षेत्र बाग्मतीको पश्चिम, विष्णुमतीको पश्चिम र चन्द्रमतीको पूर्वमा श्री चण्डेश्वरीको महास्थानमा श्री जयपुर भट्टारक स्थानको  यस पुण्य भूमिमा ।आज भाद्र महिनाको शुक्ल पक्षको त्रयोदशी  तिथि श्रवण नक्षत्र अतिगंड योगमा जथाकरण मुहूर्त्त बुधवार, सिंह राशीमा सूर्य र मकर राशीमा चन्द्रमा बसेको यस दिनमा नारानकृष्ण र हर्षलक्ष्मी यी दुई जना स्त्रीपुरुष ले छोरा थाकुसिंको नाममा पाटी बनाइ सोको जीउनीको

लागि आफ्नो खेत कर्ष १ र मोहर २४ राखी दियो । यसैको आयस्ताले वर्षवन्धन गर्नु पर्छ ।यदि यसमा लोभ कपट गर्नहुन्न । यस दत्त दान लाई कसैले बिगारेमा पंचमहापातक लागोस् । यसका गुथिजनले हेरविचार गर्नुपर्छ भन्ने व्यहोरा परिशिष्टमा उल्लेख गरिएको छ।

**पाठः**

स्वस्ति श्री अ … … … … … … … … पे व्रह्णी

द्धितीय परास्वत … …. …. … … … वराहकल्पे चैत्र

स्वत सन्वन्तरे अष्टा .. … … .. … विशतिभे चतु

युगस्य करु प्रथम पादे जाम्बुद्धीप भरत षेत्र भार

त वर्ष आव्यात्रत देशे हेमवद दक्षिनपादे नेपाल मंड

ले श्री ३ पशुपति संनिधाने पूर्व्वकोरे श्री ३ चण्डेश्वरि महास्था

ने श्री जयपुर भकारक स्थाने इहैव पुण्य भूमी ॥ अद्य भाद्व

दे मासे शुक्लपक्षे त्रयोदश्यांतिथी शुवर्ण क्षेत्र अतिगंड योगे ज

थाकर्ष्ण मुहुर्त्त बुधवासरे सिहं राशिगते सवितरि मक रा

शिगते चन्द्रमसि थ्वकुन्हु नाराकृष्ण,हर्लक्ष्मी नेम्हस्त्रि पुरुषन

पुत्र थाकुसिहया नामनं थ्व फले दयका श्री जिनीतओ थव

वु कर्ष १ लाक मोही २४ थ्वया ओलसान वर्ष वन्धन यायमा

ल लोभ कपत यायमदु थ्व दत्त सुनानं सेकलसा पंच

महापातक लाक जुलो ॥ गुथिजन नं दश चिंता

विचाल याय माल सम्वत ९१९ भाद् शुदि १३ बुधवार ॥ शुभ ॥

ने.सं ९१९ को अभिलेखको अर्थ

आज ब्रम्हाको दोस्रो प्रहरमा बराहकल्पको वैवश्वत मनोन्तरको आठौ प्रहर वितेको कलियुगको प्रथम पादमा जम्वुद्धीपको भरत खण्डमा भारत वर्षको आर्यवर्त देशमा हिमवत् खण्डको दक्षिण भागमा नेपाल मण्डलमा ,श्री पशुपतिनाथ नजिकै वाशुकि क्षेत्र बाग्मतीको पश्चिम , विष्णुमतीको पश्चिम र चन्द्रमतीको पूर्वमा श्री चण्डेश्वरीको महास्थानमा श्री जयपुर भट्टारक स्थानको यस पुण्य भूमिमा ॥

आज भाद्र महिनाको शुक्ल पक्षको त्रयोदशी तिथि श्रवण नक्षत्र अतिगंड योगमा जथाकरण मुहूर्त्त बुधवार, सिंह राशीमा सूर्य र मकर राशीमा चन्द्रमा बसेको यस दिनमा नारानकृष्ण र हर्षलक्ष्मी यी दुई जना स्त्रीपुरुष ले छोरा थाकुसिंको नाममा पाटी बनाइ सोको जीउनीको लागि आफ्नो खेत कर्ष १ र मोहर २४ राखी दियो । यसैको आयस्ताले वर्षवन्धन गर्नु पर्छ ।यदि यसमा लोभ कपट गर्नहुन्न । यस दत्त दान लाई कसैले बिगारेमा पंचमहापातक लागोस् । यसका गुथिजनले हेरविचार गर्नुपर्छ ।

नेपाल संवत् ९१९ ( वि.सं १८५५ )भाद्र शुक्ल १३ बुधवार ॥ शुभ ॥

**उत्तर भत्कीएको पाटीको शिलालेख**

टोखा चण्डेश्वरीथान चण्डेश्वरी मन्दिरबाट उत्तर भत्कीएको पाटीमा शिलालेख रहेको छ । यसलाई राष्ट्रिय अभिलेखालयस्थित अभिलेखमा नं. ७१० उल्लेख गरि संरक्षण गरिएको छ । यसको शिर्षक चिन्ह्हरूमा दायाँ चन्द्र, वायाँ सूर्य र वीचमा त्रिशुल रहेको छ । यसको मिति ने.सं.९२७ उल्लेख गरिएको छ । यसमा लेखिएको भाषा नेपाललिपि र नेपाल भाषामा लेखिएको छ । यसको नाम ३८×२५ से.मी. रहेको छ ।यस अभिलेखमा, आज ब्रम्हाको दोस्रो प्रहरमा ......आज वैशाख महिना शुक्ल पक्षको एकादशी उप्रान्त द्वादशी तिथि ।हस्त नक्षत्र शुद्धि योग यथाकरण मुहूर्त सोमबार वृष राशीमा सूर्य,कन्या राशीमा चन्द्रमा बसेको यस महापर्वदिनमा चस्वापो टोलका धनलक्ष्मीको मनमा इच्छा उत्पत्ति भए बमोजिम तोखाको श्री ३ चण्डेश्वरीको स्थानमा पाटी बनाइ तोखाकै दतथु खेत रोपनि २ पनि राखीदियो ।यही खेतको आयस्ताले प्रत्येक वर्ष मेष संक्रान्ती (वैशाख १ गते) को दिनमा चण्डेश्वरीमा कलजोलन ( विशेष पूजामा प्रयोग गरिने पूर्ण सामाग्रीको पूजा सेट) र कृष्णाष्टमीको दिन पंचामृतले पूजा गरी ब्राम्हन भोजन गराउनु पर्छ र धनलक्ष्मी स्वर्गीय भएको तिथि दिनमा सपिण्ड श्राद्ध पनि गर्नु पर्दछ । गुठीयार जनहरूले पनि भोजन गर्नु जरुरी छ । सपिण्ड श्राद्ध गर्ने छोरी रत्नराज्यका संतान भयुञ्जेल तिनिहरूले गर्ने र ती सन्तानहरू नभएको अवस्थामा गुठियार जनले गर्ने । यो दत्त दानलाई निदान गर्दै गएमा महापुण्य लाग्ने र कचिंगल गरेमा पंचमहापाप लाग्नेछ । यस पत्र दृष्ट साक्षी शिवनारायण उभ्फा र चन्द्र सूर्य पृथ्वी हुनेछ । चण्डेश्वरीमा पनि पंचामृत पूजा गर्नु पर्छ । यी आफुले दिएका दान रअरुले दिएका दानहरू कसैले हरण गरेमा साठीहजार वर्षसम्म विष्टाको कीरा भएर रहनु परोस् भन्ने व्यहोरा परिशिष्टमा उल्लेख गरिएको छ ।

**पाठः**

अद्य ब्रम्हणी द्वितिय पहरार्द्ध ... ... त्यादि अद्य वैशाख

मासे शुक्ल पक्षे ॥ एकादशी पर द्वादश्यान्तिथौ ॥ हस्त नक्षत्रे

शुद्धि योगे यथाक्रम मुहूर्तके ॥ सोमवालसरे बृष राशी गते स

वितरि ॥ कन्या राशिगते चन्द्रमसि ॥ एतस्मिन्महापर्व्व दिने चश्वा

पोतोरया धनलक्ष्मि मनस्व इच्छान तोषास श्री ३ चण्डेश्वरीया

स्थानस फरिचा दयकाव न्हापाशि स्वाक उमानके याविते तया

गु टोषास दतधु, वूरो २ या वलसानन वर्ष परति त मेष संका

न्ति कुनु श्री ३ चण्डेश्वरियात कलजीलंन श्री ३ कृष्णाष्टमिकनुनु पं

चामृतन पूजा यानाव व्राम्हण २ भोजन यातके माल भन

रक्ष्मि से,स्वर्गा जुवुदिन सपिण्ड थपत दुंता जूरो ॥ परहाष

न गुथिजनपनिसेन भोजन यायमार पिण्ड थयुम्ह म्हयाच र

त्न लज्यिया संतानन येंगा तोल थ्वया संतान मदतसा गुठहा

र पनिसेन पिण्ड थय माल थ्व दत्त निदान यातसा माहा पु

न्ये लाक कचिग्र यातसा पंच माहापाप राक जुरो अत्र प

त्ताथे साछि श्री पिलु शिव नारायण उभ्काया वलन्द्क मे

पिन्यथा सम्वत ९२७ वेशाष शुदि ११ स शुभमा

... ... ... चन्ढेश्वरयात पंचामृत पूजा ॥ ९

सोदत्तं परदत्त व्यतोहर

न्ति बसुंधरा षष्टिवर्ष स

हस्रानि विष्टायां जाये

ते बृभि

ने.सं ९२७ को अभिलेखको अर्थ

आज ब्रम्हाको दोस्रो प्रहरमा ......आज वैशाख महिना शुक्ल पक्षको एकादशी उप्रान्त द्वादशी तिथि ।हस्त नक्षत्र शुद्धि योग यथाकरण मुहूर्त सोमबार वृष राशीमा सूर्य ,कन्या राशीमा चन्द्रमा बसेको यस महापर्वदिनमा चस्वापो टोलका धनलक्ष्मीको मनमा इच्छा उत्पत्ति भए बमोजिम तोखाको श्री ३ चण्डेश्वरीको स्थानमा पाटी बनाइ तोखाकै दतथु खेत रोपनि २ पनि राखीदियो ।

यही खेतको आयस्ताले प्रत्येक वर्ष मेष संक्रान्ती( वैशाख १ गते) को दिनमा चण्डेश्वरीमा कलजोलन ( विशेष पूजामा प्रयोग गरिने पूर्ण सामाग्रीको पूजा सेट) र कृष्णाष्टमीको दिन पंचामृतले पूजा गरी ब्राम्हन भोजन गराउनु पर्छ र धनलक्ष्मी स्वर्गीय भएको तिथि दिनमा सष्पिड श्राद्ध पनि गर्नु पर्दछ ।

गुठीयार जनहरूले पनि भोजन गर्नु जरुरी छ । सपिण्ड श्राद्ध गर्ने छोरी रत्नराज्यका संतान भयुञ्जेल तिनिहरूले गर्ने र ती सन्तानहरू नभएको अवस्थामा गुठियार जनले गर्ने । यो दत्त दानलाई निदान गर्दै गएमा महापुण्य लाग्ने र कचिंगत गरेमा पंचमहापाप लाग्नेछ ।

यस पत्र दृष्ट साक्षी शिवनारायण उझा र चन्द्र सूर्य पृथ्वी हुनेछ ।

नेपाल संवत् ९२७ वैशाख शुदि ११ शुभ ॥

छूट उल्लेख,

चण्डेश्वरीमा  पनि पंचामृत पूजा गर्नु पर्छ । यी आफुले दिएका दान रअरुले दिएका दानहरू

कसैले हरण गरेमा साठीहजार वर्ष सम्म विष्टाको कीरा भएर रहनु परोस् ।

**मन्दिरभित्र भूईमा गाँडिएको शिलालेख**

टोखा चण्डेश्वरी भित्र चण्डेश्वरी देवलदेखि दक्षिण कुलां मनी भुइमा गाडिएको अवस्थामा शिलालेख रहेको छ(छापामा अधिकांश अक्षरहरू नदेखिएको)। यसलाई राष्ट्यि अभिलेखालयस्थित अभिलेख नं.९७५ उल्लेख गरि संरक्षण गरिएको छ ।  यसमा शीर्षक चिन्ह्हरू देखिएका छैनन् । मिति पनि नबुझिने अवस्थामा रहेको छ । यो नेपाल लिपि र नेपाल भाषामा लेखिएको छ । यसको नाप १७×१८ से.मी. रहको छ । त्यसमा शिलालेखमा, शिलालेखका अधिकाँश अक्षर खिइसकेको हुनाले धेरै भाव प्रकट हुन सकेन । यसमा केवल चयण्डेश्वर महादेव स्थापना भएको र परिशरमा रहेको पोखरीको जीर्णोद्धार भएको सम्म खुलासा हुन्छभन्ने व्यहोरा परिशिष्टमा उल्लेख गरिएको छ।

**पाठः**

… … … … … … … … … चारे

… … … …… वर श्री चण्डेश्वर थापना याङा दि

… … …. … या देवगर छे योगि वजु हार मु

… … … मत विजापु पुरा भारोयात नामन भो

… … … पुषुरि पुता व्या मार शित लिग ह्वान

… … पति या दयका … … … …

… … …. … … … … … चतु पुण्यन …

भावार्थनुवाद

चण्डेश्वरी मन्दिर भित्र भूईमा गाडिएको शिलालेख

शिलालेखका अधिकाँश अक्षर खिइसकेको हुनाले धेरै भाव प्रकट हुन सकेन । यसमा केवल चयण्डेश्वर महादेव स्थापना भएको र परिशरमा रहेको पोखरीको जीर्णोद्धार भएको सम्म खुलासा हुन्छ ।

**मन्दिरभित्र पर्खालको भित्तामा रहेको शिलालेख**

टोखा चण्डेश्वरी भित्र चण्डेश्वरी मन्दिर भित्रको पर्खालको भित्तामा राखिएको अवस्थामा रहेको छ (छापामा अधिकांश अक्षरहरू नदेखिएको) । यसलाई राष्ट्रिय अभिलेखालयस्थित अभिलेख नं. ९७६ उल्लेख गरि संरक्षण गरिएको छ । यसका शीर्ष चिन्हहरू देखिएका छैनन् । यसको मिति नबुझिएको अवस्थामा रहेको छ । यसलाई नेपाललिपि र नेपाल भाषामा लेखिएको छ । यसको नाप १९ ×१६ से.मी. रहेको छ ।यस शिलालेखका अधिकांश अक्षर खिइसकेको हुनाले धेरै भाव प्रकट हुन सकने अवस्था देखिदैनभन्ने व्यहोरा परिशिष्टमा उल्लेख गरिएको छ।

**पाठः**

सं … ९१ फा … अंवास्य

…तिथ्व ॥ रेवति नक्षत्र

…शोमवारस्त … श

वीतरि श्री चंढेश्वरी

… मार जुरो ॥ … …

इच यंकदा … … …

… … … … …

भावार्थनुवाद

११ चण्डेश्वरी मन्दिर भित्र पर्खालको भित्तामा रहेको शिलालेख

यस शिलालेखका अधिकाँश अक्षर खिइसकेको हुनाले धेरै भाव प्रकट हुन सकने ।

यसमा मिति संम्वत ८९१ तिरको फागुन को औंसी तिथि र सोमावार खुलासा हुन्छ ।

केवल चण्डेश्वरी थानमा पूजाको गुठी व्यवस्था गरेको सम्म खुलासा हुन्छ ।

**मन्दिरभित्र तोरणमा रहेको अभिलेख**

टोखा चण्डेश्वरीथान भित्र चण्डेश्वरीको पर्खाल भित्र देवीको तोरणमा लेखिएको अभिलेख (छापाको अक्षरहरू धेरै अस्पष्ट) रहेको छ । यसलाई राष्ट्रिय अभिलेखालयस्थित अभिलेख नं.९७७ उल्लेख गरि संरक्षण गरिएको छ । यसका शीर्षक चिन्हहरू स्पष्ट छैनन् । यसको मिति पनि नबुझिएको अवस्थामा रहेको छ । यसलाई नेपाललिपि र नेपाल भाषामा लेखिएको छ । यसको नाप ३३X११ से.मी. रहेको छ ।यस अभिलेखका शुरुको भाग खण्डित भएको हुनाले धेरै भाव प्रकट हुन सकेन । यसमा मिति श्रवण नक्षत्र र सोमवार खुलासा हुन्छ । केवल चण्डेश्वरी थानमा थापूजाको गुठी व्यवस्था गरेको सम्म खुलासा हुन्छ (परिशिष्टमा उल्लेख गरिएको छ)।

**पाठः**

कृण्ण १ श्रवण वत

श्वमवार कुन्हु दे ...

देश्वरि उत्रकारि

त दोह-याप ज

हकारा शुजोल

क्को ... मि ... ...

कोय कासि वन्द

नामतीन स्वानय

र थापूजा स्वारि

चञ्ये परा पक्व

दे .. ... थंका

रत्वानयि वताछे

क्षराशव्यरहोश

तछे.. रन्हम ...

ने दयका जुलो

शुभ

भावार्थनुवाद

चण्डेश्वरी मन्दिर भित्र पर्खालको भित्र तोरणमा रहेको अभिलेख

यस अभिलेखका शुरुको भाग खण्डित भएको हुनाले धेरै भाव प्रकट हुन सकेन । यसमा मिति श्रवण नक्षत्र र सोमवार खुलासा हुन्छ । केवल चण्डेश्वरी थानमा थापूजाको गुठी व्यवस्था गरेको सम्म खुलासा हुन्छ ।

**चण्डेश्वरीस्थान भूईमा गाडिएको शिलालेख**

टोखा चण्डेश्वरीस्थान भित्र चण्डेश्वरी मन्दिर अगाडी भूइँमा गाडिएको अवस्थामा शिलालेख रहेको छ । यसलाई राष्ट्रिय अभिलेखालयस्थित अभिलेख नं. ९७८ उल्लेख गरिएको छ । यसको पनि शीर्षक चिन्हहरू स्पष्ट छैनन् । यसको मिति ने.सं. ८०८ लेखिएको छ । यसलाई नेपाललिपि र नेपाल भाषामा लखिएको छ । यसको नाप ३६×२९ से.मी. रहेको छ । मिति ने.सं. (वि.सं. १७४४) चैत्र शुक्ल ३ यस दिनमा राखिएको यस अभिलेख श्री चण्डेश्वर महादेव प्रीतिका लागि टोखा गाउंका बाओदेव र उनका पत्नी पुन्तली, छोरी बशुधन यतिले नयाँ त्रिशूल थापना,चांदीको नाग शिलाको बसाहा थापना गरेको र यसलाई नाश गरे महापाप लाग्ने छ भन्ने उल्लेख गरिएको छभन्ने व्यहोरा परिशिष्टमा उल्लेख गरिएको छ।

**पाठः**

श्री सम्वत ८०८ चैत्र शुक्ल ३ थ्व कुन्हु श्री ३ चण्डे

श्वर महादेव प्रीतिन तोखा गामया

ल्यहोंन वाओ देव भार्थ्या पुन्तलि पुत्री वगृ

ध्न थतिसन नँया त्रीशुर थापना याङ

न्व नवहोया नाग तस्यं थथुसान कतया

थ्व सानं सिलानं नाग कलसा दाच माहापा

प राक जुरो शुभ ॥

भावार्थनुवाद

चण्डेश्वरी स्थान भुइंमा गाडिएको शिलालेख

मिति ने.सं. (वि.सं. १७४४) चैत्र शुक्ल ३ यस दिनमा श्री चण्डेश्वर महादेव प्रीतिका लागि टोखा गाउंका बाओदेव र उनका पत्नी पुन्तली, छोरी बशुधन यतिले नयाँ त्रिशूल थापना,चांदीको नाग शिलाको बसाहा थापना गरे यसलाई नाश गरे महापाप लाग्ने छ। शुभ ॥

## परिशिष्ट–घ

## चण्डेश्वरीका गर-गहनाहरूको निमावली

**सि.नं. साविक सि.नं. लगत नं. विवरण तौल**

११३४८(४७७३) १/१ १ संवत १९०४ सालमा चढाएको तामाको डाँठ भएको चाँदीको केतकीपत्र थान एक ३।५

११३४९(४७७४) २/२ ४ चांदीको केतकीपत्र थान ०।३।०

११३५०(४७७५) ३/३ ९ चांदीको फुल टाँसिएको टुका २ को चाँदीको केतकीपत्र थान एक २।५

११३५१(४७७६) ४/४ ११ तामाको डाँठ भएको चांदीको केतकीपत्रथान एक ३।२।०

११३५२(४७७७) ५/५ १२ चांदीको केतकीपत्र सं.९९६ चढाएको थान एक १।

११३५३(४७७८) ६/६ १३ चांदीको केतकीपत्र थान एक १।२

११३५४(४७७९) ७/७१४ चांदीको केतकीपत्र थान दस,तामाको पित्तलको डांठ भएको १० थान १०।४

११३५५(४७८०) ८/८ १५ तांमा डाठ भएको चांदीको केतकीपत्र थान एक १०।४

११३५६(४७८१) ९/९ १६ पित्तले डांठ भएको चांदीको केतकीपत्र थान एक ४।७

११३५७(४७८२) १०/१० १७ आइत नारानले चढाएको चांदीको केतकीपत्र थान एक १।१

११३५८(४७८३) ११/११ १९ चांदीको केतकीपत्र थान चार ३।५

११३५९(४७८४) १२/१२ २० सं. ९८९ मा चढाएको सुकी एक टांसिएको पात टुका ९ उनिएको चादिको पाता एक ६।

११३६०(४७८५) १३/१३ २१ चांदीको पाता टुका सात उनेको पाता थान एक ४।५

११३६१(४७८६) १४/१४ २२ ऐ.ऐ.टुका ६ उनेको पत्ता थान एक २।५

११३६२(४७८७) १५/१५ २५ सं.८६२ को जय जग जयको पाताको चांदीको मोहर थान चार समेत थान चार समेत थान पांच चांदीको सिकीमा उनेको मालाको टुका थान एक २।९

११३६३(४७८८) १६/१६ २८ चांदीको चंवर डांठ एक ३।९

११३६४(४७८९) १७/१८ ३३ तामाको डांठ भएको चांदीको कुतकीपत्रमा भित्रपट्टि तामामा सुन मोलवागरेको गजुर र चांदीको सानो केतकीपत्र टांसेको चांदीको केतकीपत्र थान एक पित्तलको डांठ भएको,तामामा सुन मोलवा गरेको तारणगजुरर वरिपरि घेरामा मोलवा भएको चांदीको केतकीपत्र टासिएको समेतचांदीको केतकीपत्र थान एक समेत थान दुई

१४।

११३६५(४७९०) १८/१९ ३४ तामाको डांठ भएको वीचमा तामामा सुन मोलवा गरेको केतकीपत्र टांसिएको चांदीको केतकीपत्रथान एक ११।

११३६६(४७९१) १९/२० ३९ पित्तले कण्डिल थान एक(दुईसेर तीनपाउ अं.) २।।।

११३६७(४७९२) २०/२१ ५० पित्तले धलचा थान एक) एकसेर तीनपाउ अं.) १।।।

११३६८(४७९३) २१/२२ ६३ सं.१०१४ मा चढाएको पाता टुका चार उनेको चांदीको पत्ता थान एक २।४

११३६९)४७९३) २२/२ ६६बुद्धमानले चढाएको कांचको फुल जडेको चांदीको टुका ४ उनेको पाता थान एक ४।५

११३७०(४७९५) २३/२४ ६७ तामाको डांठ भएको साहिली मैया साहेबले चढाएको भन्ने अभिलेख भएको चांदीको छत्र थान एक ४।५

११३७१(४७९६) २४/२५ ७० तांमाको डांठ भएको चांदीको केतकीपत्र थान एक १।२

११३७२(४७९७) २५/२६ ७१ पित्तले डांठ ,चांदीको फुल एक भएको चांदीको केतकीपत्र थान एक १।१

११३७३(४७९८) २६/२७७२ पित्तले डांठ भएको चांदीको कमलफुल भएको चांदीको केतकीपत्र थान एक १।६

११३७४(४७९९) २७/२८ ८३ चांदीको पाता टुका पांच उनेको पत्ता थान एक ९।७

११३७५(४८००) २८/२९ ८४ पित्तले डांठ भएको तामामा सुन मोलवा भएको केतकीपत्र वीचमा सुन मेलवा भएको चन्द्रमा टासिएको चांदीको पाता टांसिएको चांदीको केतकीपत्रथान एक १४।५

११३७६(४८०१) २९/३० ८५ तामाको डांठ भएको चांदीको केतकीपत्र थान एक ४।४

११३७७(४८०२) ३०/३१ ८६ सं. १९८२ सालमा विष्णुदेवीले चढाएको पित्तलेडांठ भांचिएको सुनले मोरेको चन्द्रमा भएको चांदीको केतकीपत्र थान एक ३।४

११३७८(४८०३) ३१/३२ ८७ सं.७७सालमा कृष्णमानले चढाएको चांदीको केतकीपत्र थान एक १।८

११३७९(८०४) ३२/३३  ८८ पित्तले डांठ भएको चांदीको फुल र चन्द्रमा भएको चांदीको केतकीपत्र थानएक २।६

११३८०(४८०५) ३३।३४ ८९ तामाको डांठ भएको चांदीको केतकीपत्र थान एक ३।५

११३८१(४८०६) ३४/३५ ९० चांदीको केतकीपत्र थान एक १।

११३८२(४८०७) ३५/३६ ९१ तांमाको डांठ भएको चांदीको केतकीपत्र थान एक २।८

११३८३(४८०८) ३६र३७  ९२ तामाको डांठ भएको चांदीको केतकीपत्र थान एक २।६

११३८४(४८०९) ३७/३८ ९३ पिंत्तले डांठ भएको कान्छीबुढीले चढाएको चांदीको केतकीपत्र थान एक २।

११३८५(४८१०) ३८/३९ ९४ तामाको डांठ भएको चांदीको केतकीपत्र थान एक ०।८।०

११३८६(४८११) ३९/४० १०१ श्री रणवहादुर शाहको चांदीको केतकीपत्र थान एक ०।५।०

११३८७(४८१२) ४०/४१ १०२ संवत ८६८ महिपतेन्द् मल्ल एकापट्टि अर्को पट्टिजगतजय मल्ल अभिलेख भएकोचांदीको मोहर थान र २००९ सालको पचन्नी थान एक समेत दूई ०।६।०

११३८८(४८१३) ४१/४२ १०३  सुरेन्द् विकम शाहका पालाको तामा निस्किएको मोहरथान तीन उनेको माला एक २।

११३८९(४८१४) ४२/४३ १०६ तामाको डांठ भएको चांदीको केतकीपत्र थान चालिस ३६।८

११३९०(४८१५) ४३/४४ १०७ चांदीको केतकीपत्र थान एक १।

११३९१(४८१६) ४४/४५ १०८ तामाको डांठ भएको चांदीको केतकीपत्र थान एक १।३

११३९२(४८१७) ४५/४६  १०९ ऐ.ऐ. थान एक ०।९।०

११३९३(४८१८) ४६/४७  ११० पित्तले डांठ भएको चांदीको केतकीपत्र थान एक १।४

११३९४(४८१९) ४७/४८ १११ तामाको डांठ भएको चांदीको केतकीपत्र थान एक २।५

११३९५(४८२०) ४८/४९ ११२ चांदीको फुल दासिएको चांदीको केतकीपत्र थान एक २।८

११३९६(४८२१) ४९/५० ११३  तामाको डांठ भएको चांदीको केतकीपत्र थान एक २।५

११३९७(४८२२) ५०/५१   २  चांदीको केतकीपत्र थान ०।१।०

११३९८(४८२३) ५१/५२   ३  पित्तले डांठ भएको सं ९८९ उल्लेख भएको चांदीको केतकीपत्र थान एक

११३९९(४८२४) ५२/५३   ५ पित्तले डांठ भएको चांदीको केतकीपत्र थान एक २।२

११४००(४८२५) ५३/५४  ६ वनफुल र तामाको केतकीपत्र टासिएको तामाको डांठ भएको चांदीको केतकीपत्र थान एक ३।२

११४०१(४८२६) ५४/५५  ७ पित्तले डांठ भएको चांदीको केतकीपत्र थान एक १।

११४०२(४८२७) ५५/५६  ८ चांदीको केतकीपत्र थान एक ०।४।०

११४०३(४८२८) ५६/५७  १८ तामाको डांठ भएको चांदीको केतकीपत्र थान एक ४।७

११४०४(४८२९) ५७/५८ ४०  तामाको थाहा भएको चंवर ढांठ थान दुई २२।

११४०५(४८३०) ५८/५९  - तामाको पित्तले डांठ भएको चांदीको केतकीपत्र थान पैत्तिस ३२।५

११४०६(४८३१) ५९/६० २९ ऐ.ऐ. चांदीको केतकीपत्रको टुक्राटाकी पोका एक २४।५

११४०७(४८३२) ६०/६१  १०४ चांदीको सिकीटुका ३ ३।३

११४०८(४८३३) ६१/६१   -   चांदीको चक्का एक, ऐ.पात एक, सुन मोलवा टुका एक,सुन टुका एकसमेत  उनेको एक –

११४०९(४८३४) ६२/६२ ४७ पित्तले फलामे डण्डी भएको चनुवा थान एक ३०७।

## परिशिष्ट–ङ

## नेवारी भाषाका केही शब्दार्थहरू

अजिमा : बूढी बज्यै - नेवारीमा अजिमा भन्नाले बुढी बज्यैलाई जनाउँछ ।

खाँन्गी : मन्दिरको हेरचारको लागि छुट्याइएको गुठी, जसलाई नेवारीमा खाँन्गी भनिन्छ ।

चह्रे : चर्तुदशी (नेवारी भाषामा चह्रे भन्नाले चर्तुदशी हो ।

थकाली : मुली - नेवार भाषामा थकाली भन्नाले प्रमुख व्यक्ति वा मूलीलाई जनाउँछ ।

था:पिङ्ग : सानो भाडा (नेवारी भाषामा था:पिङ भन्नाले सानो भाडा भन्ने जनाउँछ ।

थ्वँ :जाँड (खासगरी चामलबाट बनाउने जाँडलाई नेवारीमा थ्वँ भनिन्छ ।

द्यो: छे : जात्रा गर्ने देवता राख्ने घर -कनै पनि जात्रा गर्ने देवता राख्ने घरलाई नेवारीमा द्यो छें भनिन्छ ।

द्यो: थँ विज्याकेगु : ध्वजापतकाबाट श्रृगांर पटार गर्ने काम, जसलाई नेवारी भाषामा द्योः थँ बिज्याकेगु भनिन्छ ।

नख : चाँड -नेवारी भाषामा चाँडलाई नखः भनिन्छ ।

नगचीँ : बाजा बजाउने मान्छे, जसलाई नेवारी भाषामा नगर्ची भनिन्छ ।

पुँगा : वाक्लो पछ्यौरा, जसलाई नेवारी भाषामा पूँगा भनिन्छ ।

व्वो : देवतालाई विभिन्न परिकार चढाउने कार्य, देवताको भाग जसलाई नेवारीमा ब्वो भनिन्छ ।

म्हःपूजा :आफनै शरीरको पूजा - नेवारी भाषामा म्हःपूजा भनेको आफ्नै शरीरको पूजा गर्नु हो ।

लाखामारी : एक प्रकारको सेल रोटी जस्तो घुमाएर वनाएको हुन्छ । जसलाई नेवारी भाषामा लखामरी भनिन्छ ।

ल्हाकायो पालुँ हा : रथ उचाल्न हौसला दिने शव्द - नेवारीमा रथ उचाल्नका लागि बल गर्न हौसला दिने शब्दलाई ल्हाकायो पालुँ हाः भनिन्छ ।

समेबजी : सानोसानो टुका मासु, स्याबजि, अदसवा र कालो भटमास मिसाएर बनाइएको एक परिकार (यो परिकार नेवारी समाजमा आवश्यक हुन्छ ।

सापारु : गाईजात्रा - नेवारी भाषामा सापारु भनेको गाईजात्रा हो ।

स्वन्ति : तिहार - तिहारलाई नेवारी भाषामा स्वन्ति भनिन्छ ।

सिलाचह्रे : नेवारी भाषामा सिलाचह्रे (शिवरात्री) भन्नाले फागुन कृष्ण चर्तुदशीलाई जनाउँदछ ।

## परिशिष्ट–च

## अध्ययनको क्रममासङ्कलनगरिएका तस्वीरहरू

## परिशिष्ट–छ

## शोधप्रवन्धमा संलग्न नक्साहरू

## सन्दर्भ सामग्री


ओझा,सुरेश(वि.स.२०७१). *काठमाडौ विकास सन्देश.* काठमाडौ : काठमाडौ जिल्ला समन्य समिति ।

कर्न,वोल्फग्याङ्ग(१९९३). *ट्रेडिसनल आर्किटेक्चर आफ द काठमाडौ भ्याली.* काठमाडौ :रत्नपुस्तकभण्डार ।

कायस्थ, चन्द्रराज(*वि.स.२०६२).श्री चण्डेश्वरी माहात्म्य.* काभ्रेपलाञ्चोक : चण्डेश्वरी मन्दिर पुनःनिर्माण तथा छाना सुधार समिति ।

कुंवर, रमेशराज (१९८१/८२).नेवारहरूले मनाउने सीःकाभ्वय्: एक अध्ययन.*Nepalese Culture* Vol 11 (पृ. ३०२) ।

के.त.वि.(वि.सं.२०७५).*नगरपालिका स्तरीय जिल्ला वस्तुगत विवरण. काठमाडौ* : केन्द्रीय य तथ्याङ्कविभाग ।

के.त.वि.(२०६९).*राष्ट्रिय जनसङ्ख्यातथा घरधुरी तथ्याङ्क२०६८,* राष्ट्रिय प्रतिवेदन. कामाडौ : केन्द्रिय तथ्याङ्कविभाग ।

कोइराला,सुशील (वि.सं.२०६१).*जयवागेश्वरी मन्दिर परिसरको एक ऐतिहासिक साँस्कृतिक अध्ययन.* अप्रकाशित : नेपाली इतिहास,संस्कृति तथा पूरातत्व केन्द्रीय विभाग ।

कोइराला, कुलचन्द्र (वि.सं.२०५१). *नेपालका आराध्यदेव भागवान श्रीपशुपतिनाथ.काठमाडौ :* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

कोइराला, मोहन र कर्माचार्य, माधवलाल (स) (वि.सं. २०६८). *नेपाल लघु विश्व कोश,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

खनाल, पराजुली, सन्ध्या (वि.सं. २०७५). *प्रतिभा लक्षण,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

खनाल, ध्रुव (वि.सं २०७१). ऐतिहासिक नगरी टोखा *चण्डेश्वरी,* काठमाडौं ।

खत्री, प्रेमकुमार(वि.सं. २०५६).*नेपालको धार्मिक मत र सामाजिक संरचना.* काठमाडौ : एम.के.पव्लिर्सस एण्ड डिष्टिव्यूटर्स ।

खत्री,प्रेम(वि.सं.२०७०).स*ंस्कृति र अनुभूतिका आयामहरू.*काठमाडौ : सम्पदा संरक्षण,विपद् व्यवस्थापन तथा सामुदायिक विकास समाज ।

खत्री र राई(वि.सं.२०७६).नेपालका रोङ(लाप्चा) जातिको *अमूर्त संस्कृति.*काठमाडौ : नेपाल सरकार,संस्कृति,पर्यटन तथा नागरिक उड्ठयन मन्त्रालय ।

खत्री,प्रेमकुमार र राई भक्त (वि.सं.२०७६). *नेपालका दरैजातिको अमूर्त संस्कृति,*काठमाडौ : नेपाल सरकार, संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।

खतिवडा, सोमप्रसाद (वि.सं.२०६०). *नेपालका लिपि र मुद्राहरूको परिचय. काठमाडौं* .एम के पब्लिसर्स ।

खतिवडा, सोमप्रसाद(वि.सं.२०७०). *नेपाल संस्कृति विश्वकोश काठमाडौ* : जनता प्रसारण तथा प्रकाशन लिमिटेड ।

खनाल,मुक्तिनाथ(अनु.)(वि.सं.२०५८). *नेपाल महात्म्य अध्याय पन्ध्रौ.*काठमाडौ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

खनाल, मुक्तिनाथ (अनु) (वि.सं. २०५८). *नेपाल महात्म्य अध्याय पन्ध्रौ,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

खनाल, ध्रुव (वि.सं.२०७१). *ऐतिहासिकनगरी टोखा चण्डेश्वर.काठमाडौ :* श्री चण्डेश्वरी मन्दिर निर्माण तथा संरक्षण समिति ।

गौतम,पूर्ण प्रसाद(वि.स.२०६६). ज्यापू जातिको सामाजिक एवं साँस्कृतिक अध्ययन : कीर्तिपुरः अप्रकाशित शोधपत्र.त्रिभुवन विश्वविद्यालय ।

जोशी,हरिराम(वि.स.२०६५)गोष्ठी(गुठी) र मृत्यूसंस्कारसँग सम्वन्धित गुठी व्यवस्था. वनेपा : समकालीन समूह ।

जोशी गजराज(वि.सं. २०७१). *सपनतीर्थको आविर्भा.* काठमाडौ : मनकाजी डंगोल ।

जोशी, सत्यमोहन(वि .सं.२०३९). *नेपाली चाडपर्व.* काठमाडौ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

जोशी, सत्यमोहन(वि.स.२०७३).चेपाल चाडपर्व.पूल्चोक : साझाप्रकाशन ।

जोशी, हरिराम (वि.स. २०५०). *चण्डेश्वरी.* वनेपा *:* वनेपानगरपालिका स्मारिका (पृष्ठ ६ र११) ।

जोशी, सत्यमोहन -वि.सं. २०३५). *नेपाली चाडवर्प,* काठमाडौं : नेपाल राजकीइ प्रज्ञा प्रतिष्ठान ।

झा,तारिजिस(सं),(१९९३). *ब्रह्मपूराणम.* इलाहावाद : हिन्दु साहित्य सम्मेलन ।

झा,उत्तम (अनुवादक) (वि.स. २०५२). *काठमाडौं उपत्यका भौतिकवातावरण तथा साँस्कृतिक सम्पदा संरक्षणात्मक सुची.*काठमाडौ : नेपाल सम्पदा संघ ।

झा, मखन(१९७४). *द सयाकिड कम्प्लेक्सअफ जनकपूर. इलाहावाद :* यूनाइटेड पब्लिसर्स ।

झा,उत्तम (सम्पा) (वि.स.२०५२). *काठमाडौ उपत्यका स्मारक क्षेत्रहरू.*काठमाडौः नेपालसम्पदा संघ,पृष्ठ ५।

टण्डन,गोविन्द(वि.स. २०७६). *नेपालमा गुठी व्यवस्था.*काठमाडौ : साङ्ग्रिला पुस्तक प्रा.लि.

टोखा नगरपालिकाको परिचय (वि.सं २०७६). *बुलेटिन,* काठमाडौं : टोखा नगरपालिका ।

टोखा परिचय (वि.सं. २०७६). *बुलेटिन,* काठमाडौं : टोखा नगरपालिका ।

टोखा नगरपालिका website tokhaman.gov.np

दर्नाल,रामशरण(वि.सं.२०४४). *प्राचीन नेपाल,संगीत कलाकी अधिष्ठात्री देव सरस्वती.* काठमाडौ : पुरातत्व विभाग, साझा प्रकाशन ।

दर्नाल, प्रकाश (वि.सं. २०५०). टोखा स्थित चण्डेश्वरी क्षेत्र : एकअध्ययन. *चण्डेश्वरी.* वनेपा : वनेपा नगरपालिका स्मारिका पृ. (२४-३०) ।

दर्नाल, रामशरण (वि.सं. २०४४). *प्राचीन नेपाल,* साझा प्रकाशन, पुरातत्व विभाग ।

दाहाल,पेशल र खतिवडा,सोम (वि.स.२०६५). *अनुसन्धान पद्धति.*काठमाडौ : एक.के.पब्लिसर्सएण्ड डिष्ट्रीब्यूट्स ।

दाहाल,पेशल र खतिवडा, सोमप्रसाद(वि.सं.२०६०). *पुरातत्व परिचय.*काठमाडौ : एम.के.पब्लिसर्स ।

दाहाल,पेशल र खतिवडा सोमप्रसाद(वि.सं.२०५८). *नेपालको कला तथा वास्तुकला.*काठमाडौ : एम एण्ड डिष्टिव्यूटर्स ।

दीप, ध्रुवकृष्ण(वि.सं.२०५२). *हाम्रो संस्कृति हाम्रो ढुकुटी.* काठमाडौ : साझा प्रकाशन ।

ढकाल,प्रमोद(वि.सं.२०७६). *पूर्वीय दशर्नको पूनर्व्याख्या.* काठमाडौ : विग फ्यामिली भेन्चर्स ।

तिवारी,रामजी र साथीहरू (वि.स. २०१९). *अभिलेख संग्रह.*काठमाडौ : संशोधन मण्डल ।

तुलाधार,प्रेमशान्ति र वज्राचार्य वज्रमूनि(वि.स.२०७०).नेवारजातिको अभौतिक संस्कृति.ललितपुर : लोक साहित्य परिषद्

थारु, फनिश्याम(वि.सं.२०६९). *थारु लोक संस्कृति र चांडवाड.* काठमाडौ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

थापा(सं),रमेशजंग(वि.स.२०२७). *चण्डेश्वर रचण्डेश्वरीको प्रादुर्भाव.प्राचीन नेपाल.* काठमाडौ : पुरातत्व विभाग ।

धौवन्जार,गोपाल (वि.सं.२०६८). *काठमाडौ उपत्यकाको वस्तीहरू.* काठमाडौ : श्रीमतीकल्पना श्रोष्ठ ।

नघःभनी,तीर्थलाल(वि.सं.२०५०).चण्डेश्वरी. *चण्डेश्वरी.* वनेपा : वनेपा नगरपालिका स्मारिका (पृ. ६१-७०) ।

नघःभनी (राजभण्डारी), तीर्थलाल(वि.स.२०५०). *चण्डेश्वरी.चण्डेश्वरी* .पृष्ठ ६१ देखि७० ।

नेपाल,ज्ञानमणी(वि.सं.२०४०). *नेपाल निरुक्त.* काठमाडौ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

नेपाल, राजु(वि.सं.२०६८). *नेपाल प्रत्येक स्थलधार्मिक स्थल.* काठमाडौ : राज नेपाल डट कम ।

नेपाल, राजु (वि.सं. २०६९). *नेपाल प्रत्येक स्थल धार्मिक स्थल,* काठमाडौं : राज नेपाल डट कम ।

प्रधान,भुवनलाल(वि.सं. २०६८). *स्वयम्भु (संक्षिप्त परिचय).*काठमाडौ : तीर्थ नारायण, नारायणदेवी लुमति जः ।

प्रधान,केदारनाथ(वि.सं.२०४६). *वनेपाको इतिहासिक रूपरेखा.*वनेपा : केदारनाथ प्रधान स्मृति तथा प्रकाशन समिति ।

प्रधान, केदारनाथ (वि.स.२०४४). *भक्तपुरको विस्केट जात्रा र यसको प्राग ऐतिहासिक प्राचीन* नेपाल.काठमाडौ :पुरातत्व विभाग ।

प्रसाई,कञ्चनजङघा र प्रसाई विदुषी (सम्पा) (वि.सं.२०७५). *श्री स्वस्थानी व्रतकथा.* काठमाडौ : नइ प्रकाशन ।

पराजुली,मोतिलाल(वि.सं.२०६३). *नेपालमा प्रचलित नृत्य र नृत्य नाटिकाहरू.* काठमाडौ : साझा प्रकाशन।

पन्थी(पाण्डेय),किरण(वि.स.२०७५) *नेपालका चाडपर्व.काठमाडौ* : पैरवी प्रकाशन ।

पन्थी (पाण्डेय), किरण (वि.सं.२०७५). *नेपालका चाडपर्वहरू.* काठमाडौ : पैरवी प्रकाशन ।

पाण्डे,रामनिवास र रेग्मी दिनेशचन्द्र(वि.सं.२०६२). *नेपालको प्राग ऐतिहास.काठमाडौ* : नेपाल ।

पाण्डे,राजबली*(१९८८).भारतीय पूरालिपी माला.* इलाहावाद :

पाण्डेय,रामनिवास र रेग्मी दिनेशचन्द्र (वि.सं.२०६२). *नेपालको प्रागितिहास.*काठमाडौ : नेपाल एशियाली अनुसन्धान केन्द्र,त्रिभूवन विश्वविद्यालय ।

पाण्डे,राजवली (१९८८). *हिन्दूधर्मकोश.* लखनउ : उत्तरप्रदेश हिन्दी संस्थान ।

पाण्डेय,मधुसुदन र पन्थी पाण्डेय,किरण(वि.स.२०७५). *नेपालका प्रमुख धार्मिक स्थलहरू.* काठमाडौं : पैरवी प्रकाशन ।

पाण्डेय, मधुसुदन (१९८८, पृ. ४६६), *हिन्दु धर्म कोश,* लखनऊ : उत्तर प्रदेश हिन्दी संस्थान ।

पासा, बासु (१९९७). *बासुपासा ललितपुर,* काठमाडौं : पासा प्रकाशन ।

प्रेमशान्ति र बज्राचार्य, बज्रमुनी (वि.सं.२०७०). *नेवारजातिको अभौतिक संस्कृति.* ललितपुर *:* लोक साहित्य परिषद ।

पोखरेल, निर्मला (वि.सं.२०७२). *नेपाल परिचय.* काठमाडौ : मकालु प्रकासन गृह ।

पोखरेल, बद्री -वि.सं. २०७५). देवीको उत्पत्ति, गौरी, काठमाडौं : अर्जुन लामिछाने वर्ष १४ अंक २ ।

पौड्याल,विणा(वि.सं.२०५७). *नेपाली मूर्तिकला र चित्रकला,काठमाडौ* : नेपाली,इतिहास,संस्कृतिर पूरातत्व विभाग.त्रिभुवन विश्वविद्यालय ।

पौड्याल, वीणा (वि.सं.२०५७). *नेपाली मूर्तिकला र चित्रकतला.* कीर्तिपुर : नेपाली इतिहास, संस्कृति तथा पूरातत्व केन्द्रीय य विभाग ।

पौड्याल वीणा, शर्मा डिल्लीराज र पोखरेल, गोपाल (वि.सं.२०७४). *चाडपर्वको घर नेपाल.* काठमाडौ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पोखरेल,बद्री(वि.सं. २०७५). *देवीको उत्पत्ति* गौरी वर्ष २,अकं २ पूणांक १५२,काठमाडौ : अर्जुनलामिछाने ।

पोखरेल, निर्मला (वि.सं. २०६८). *नेपाल परिचय,* काठमाडौं : मकालु प्रकाशन गृह ।

पौडेल, नयनाथ(सं)(वि.सं.२०२०). *भाषा वंशावली भाग १ र २. काठमाडौ* : पुरातत्व विभाग ।

प्रजापति, सत्यनारायण (वि.सं २०५०). भक्तपुर चण्डेशवरी क्षेत्र, *चण्डेश्वरी,* भक्तपुर : बनेपा नगरपालिका स्मारिका ।

बनर्जी,ए.एन(१९७०). *नेपलिज आरकिटेक्चर.* दिल्ली : अगम कला प्रकाशन ।

बज्राचार्य,धनवज्र (वि.सं. २०३०). *लिच्छविकालीन अभिलेख.* काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र,त्रिभुवन विश्वविद्यालय ।

बज्राचार्य,धनवज्र र श्रेष्ठ,टेकवहादुर(वि.स.२०३७). *शाहकालका अभिलेख भाग १.* काठमाडौ : नेपाल एशियाली अनुसन्धान केन्द्र ।

वज्राचार्य,धनवज्र र मल्ल कमल प्रकाश(सपां)(१९८५). *गोपालराज वंशावली.* काठमाडौ : नेपाल रिर्सच सेन्टर ।

वज्राचार्य,धनवज्र(वि.सं.२०३०). *लिच्छविकालका अभिलेख,* काठमाडौ :नेपाल र एसियाली अध्ययनकेन्द्र ।

वज्राचार्य,पूण्यरत्न(वि.स.२०३२). *नेपालका मौलिक चाँडपर्वोउत्सवहरू वारे एक चर्चा,* काठमाडौ : नेपाल राष्ट्रिय प्रज्ञा-प्रतिष्ठान ।

वज्राचार्य,धनवज्र र श्रेष्ठ,टेक वहादुर(वि.स. २०३७) *शाहकालका अभिलेख,* कीर्तिपूर : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

विरचित, जगतकेशरी (वि.सं. २०६२). *श्री चण्डेश्वरी महात्म्य (अनुवाद),* काभ्रेपलाञ्चोक : चण्डेश्वरी मन्दिर पुनः निर्माण तथा छाना सुधार समिति ।

वागंदेल,लैनसिंह (वि.सं.२०३९). *प्राचीन नेपाली मूर्तिकलाको इतिहास.*काठमाण्डौ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

वाङ्डेल,लैनसिंह (वि.सं. २०६७). *नेपालको प्राचीन मूर्तिकलाको इतिहास,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

भण्डारी,रामप्रसाद(वि.सं.२०६३). *मठ मन्दिरका गरगहनाहरू सम्वन्धी जानकारी,* .काठमाण्डौ : श्रीमति मिरा कंडेल ।

भट्टराई, देवेन्द्र (वि.सं.२०६४). *टोखा क्षेत्रको साँस्कृतिक अध्ययन,.* काठमाडौः अप्रकाशित शोधपत्र,नेपाली इतिहास,सँस्कृति तथा पुरातत्व विभाग, त्रिभुवन विश्वविद्यालय ।

भट्टराई, घटराज (वि.सं.२०६७). *नेपालका धार्मिक स्थलहरू. काठमाडौ :* विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, देवेन्द्र (वि.स.२०७५). *टोखाका अमूर्त सम्पदामा नागप्याख र याःप्याखँ संस्कृति.* अर्मूत संस्कृति,काठमाडौःपर्यटन तथा नागरिक उड्डयन मन्त्रालाय ।

महर्जन,राजेन्द्र (वि.स.२०७६). *हाम्रो साँस्कृतिक पहिचान तथा परम्परागत वाजाहरू,* .ललितपुर : श्री जट्टाधारी नित्यनाथ एकीकृत वाजं खलः ।

महर्जन,पञ्चलाल (वि.स.२०६७). *काठमाडौ जिल्लाका गा.वि.स. एक परिचय,* काठमाडौ :क्षेत्र नं. २४ (विकास निर्माण विभाग)काठमाडौ जिल्ला सङ्गठन समिति एकीकृत ने.क.पा.(माओवादी). ।

मल्ल,कमलप्रकाश(१९८१). *लिङग्विस्टिक आर्कियोलोजी अफ द नेपाल.,* एप्रिलिमिरी रिर्पोट ।

मानन्धर,ठाकुरलाल(१९८६). *नेवारी-इङ्गलिस डिक्सनेरी.*दिल्ली:अगमकला प्रकाशन ।

मानन्धर,ज्ञानकाजी(वि.स.२०७१). *श्री चण्डेश्वरी माहात्म्य(अनु.).* काभ्रेपलाञ्चोक :श्री चण्डेश्वरी मन्दिर पुनःनिर्माण तथा छाना सुधार समिति ।

मानन्धर,त्रिरत्न र पन्त दिनेशराज(वि.सं. २०७४). *नेपालको इतिहासमा नेमुनि.* काठमाडौ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

मानन्धर,ज्ञानकाजी(वि.सं.२०७१). *पलिस्था पत्रिका.*वनेपा : काभ्रे कोशेली ।

मानन्धर,जीतवहादुर(वि.स.२०५०).वनेपाको चण्डेश्वरी कुमारी हुन. *चण्डेश्वरी,* वनेपा : वनेपा नगरपालिका स्मारिका ।

मानन्धर,ज्ञानकाजी(वि.सं.२०६४). *नेपाली आख्यान र नाट्क.* वनेपा : सुखवेती मानन्धर

मुनकर्मी,लीलाभक्त (१९८४). *नेपालको साँस्कृतिक तथा ऐतिहासिक दिग्दशर्न,* .भक्तपुर : श्रीमती भवानी केसरी ।

मैनाली, साबित्रि (वि.सं.२०७४).अनुसन्धानको महत्पूर्ण अवयव. *नेपीलिज कल्चर,.* कीर्तिपुर सेन्ट्ल डिपार्टमेण्ट या हिस्ट्री,कल्चर,एण्ड आर्कोलोजी ।

मैनाली, सावित्री (वि.स.२०७४). *नेपाली संस्कृति.अनुसन्धानको महत्वपूर्ण अवयव अनुसन्धान प्रस्ताव.* कीर्तिपुरः नेपाली इतिहास,संस्कृति तथा परातत्व विभाग,त्रिभुवन विश्व विद्यालय ।

योगी,देवीनाथ(वि.सं.२०१३). *देवमाला वंशावली.*काठमाडौ : ज.शुरशम्शेर जवरा  नारायणहिटी ।

योगी,नरहरीनाथ अन्य(वि.सं. २०१३). *हिमवत्खण्ड काशी* :योग चारिणी  ।

रसिक,जितेन्द्र (वि.स.२०७५). *अलकापुरी भक्तपुर,.*  काठमाडौ : स्वदेश प्रकाशन प्रा.लि. ।

राजवंशी, श्यामसुन्दर(वि.सं.२०५५). *लिच्छवीकालीन संवतको निश्चय.* काठमाडौ : गिरीन्द्रमानराजवंशी ।

राणा,सन्तनु र श्रेष्ठ,अमन (वि.स.२०७५). *नेपालका चाडपर्व तथा राष्ट्रिय दिवसहरू,.* काठमाडौ : मधुवन प्रकाशन ।

राजवंशी, श्यामसुन्दर(वि.सं.२०५०).चण्डेश्वरी पीठहरूसित सम्लग्न केही अभिलेखहरू. *चण्डेश्री,.*वनेपा वनेपा नगरपालिका ।

राईट,डेनिएल(सपां)(१९६६). नेपाल.न्यू डिल्ली : कस्मो पव्लिकेशन ।

रेग्मी,डिल्लीरमण(१९६६). *मेडियभलनेपाल भाग २.कलकत्ता* : के.एलं मुखापाध्यााय ।

रेग्मी, जगदिशचन्द्र (वि.सं. २०५८). *नेपालको धार्मिक इतिहास,* काठमाडौं : पाठ्य विकास केन्द्र, त्रि.वि.वि. ।

रेग्मी,जगदिशचन्द्र(वि.सं.२०५३). *पशुपतिनाथ गुह्येश्वरी महात्म्य,* काठमाडौःनई प्रकाशन ।

रेग्मी,जगदीशचन्द्र(वि.स.२०५०). *नेपालको धार्मिक इतिहास,.* काठमाडौ : पाठ्य विकास केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

लम्साल,देवी प्रसाद(वि.स.२०२३). *वनेपाकीचण्डेश्वरी,.*वनेपा : वनेपा नगरपालिका स्मारिका ।

लामिछाने,माधव प्रसाद (वि.सं. २०७३). *नेपाली समाजमा तन्त्र परम्परा,* काठमाडौ :नेपाल प्रज्ञाप्रतिष्ठान ।

लामिछाने,भरत प्रसाद(वि.सं.२०६३). *संस्कृति र संस्कार,*वाराणसी : अनुष्ठान प्रकाशन ।

लेभी, सिल्भा(१९०५). *नेपाल हिन्दू अधिराज्य(पहिलो खण्ड).* काठमाडौ :हिमाल किताव प्रा.लि. ।

शर्मा,विष्णुकान्त (वि.स. २०५७). *अभिलेख:चण्डेश्वरी देवी एक अध्ययन.* कामाडौःश्री५कोसरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,पुरातत्व विभाग ।

शर्मा,राणाप्रसाद(१९८६). *पौराणीक कोश. वाराणसी* : ज्ञानमण्डल लिमिटेड ।

शर्मा,विष्णुकान्त(वि.सं.२०७५). *चण्डेश्वरी देवी एक अध्ययन अभिलेख,.* काठमाडौ : श्री ५ को सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।

शर्मा,विष्णुकान्त(वि.स.२०५७). *चण्डेश्वरीदेवी एक अध्ययन.अभिलेख.,* काठमाडौ : श्री ५ को सरकार, संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पुरातत्व विभाग ।

शर्मा,नूतनधर(२००१). *ललितपुरका एक तान्त्रिक अनेक किम्वदन्ती.,* काठमाडौःजेप्स प्रकाशन ।

शर्मा,लिलाधर(१९९९). *भारतीय संस्कृतिकोश.* नयाँ दिल्ली : राजपाल एण्ड सन्स ।

शर्मा, जनकलाल(वि.स.२०३९). *हाम्रो समाज एक अध्ययन,ललितपुर* : साझा प्रकाशन ।

शर्मा,बालचन्द्र (वि.स.२०३०). *नेपाल देशको इतिहास.प्राचीन नेपाल. काठमाडौ* : पुरातत्व विभाग ।

शर्मा,चेतोनाथ(वि.स.२०७६). *हाम्रा धार्मिक चाडपर्व,* .काठमाडौ : रत्न पुस्तक भण्डार ।

शर्मा, पौड्याल र पाण्डे, रमा (वि.सं. २०५०). ललितपुर चण्डेश्वरी एक अध्ययन,*चण्डेश्वरी,* काभ्रेपलाञ्चोक : बनेपा नगरपालिका, स्मारिका ।

शर्मा, राणाप्रसाद (१९८६). *पौराणिक कोश,* वाराणसी : ज्ञान मण्डल लिमिटेड ।

शर्मा, लीलाधर (१९९९). *भारतीय संस्कृति कोश,* नयाँदिल्ली : राजपाल एण्ड सन्स ।

शाक्य,हेमराज र वैद्य तुल्सी(१९७०). *मेडिभल नेपाल,* काठमाडौ : तुलीराम वैद्य ।

श्लसर,मेरीएस(१९८२). *नेपाल मण्डल भाग-१ र २.* न्यूजर्सी : प्रिन्टस यूनिर्भसिटी ।

सायमी,रत्न (वि.सं.२०६०). *चरखण्डी(चखुतीर्थ)विस्केटजात्रा.* भक्तपुरःचर्खु प्रकाश समूह ।
सायमी,रत्न (वि.सं.२०६०). *चरखण्डी(चखुतीर्थ)विस्केटजात्रा.* भक्तपुरःचर्खु प्रकाश समूह ।
सीन्या, ईश्वरमान, (वि.सं. २०५०). ललितपुर पिम्बहाल स्थित श्री चण्डेश्वरी मन्दिर, *चण्डेश्वरी,* काभ्रेपलाञ्चोक : बनेपा नगरपालिका स्मारिका ।

सुवेदी,मधुसुदन(वि.सं. २०७४). *सम्पुर्ण नेपाल महात्म्य तथा धार्मिक स्थल परिचय.*ललितपुर : श्रीमति सानुमैया सुवेदी तथा दामोदर सुवेदी ।

सुरेश, किरण (वि.सं.२०७४). *टोखा तुख्य र चाकु,* काठमाडौं : अन्नपूर्ण पोष्ट शनिबार परिशिष्टाङ्क, घ २९ पौष ।

स्वामी, प्रपन्नाचार्य (वि.सं.२०६८). *चौसट्ठी शिवलिङ्गको विश्लेषणात्मक अनुसन्धान.*काठमाडौ : परमपुजनीय गुरु श्री नर-नारायण वावा आश्रम सेवा संस्था ।

श्री ५ को सरकार,(वि.सं. २०३१). *मेचीदेखि महाकाली-भाग २,*. काठमाडौं *:* सञ्चार मन्त्रालय, सूचना विभाग ।

श्रेष्ठ,मदन (वि.सं.२०७५). *ऐतिहासिकनगर टोखा.काठमाडौ* :मिर्मिरे बचत तथा ऋण सहकारी संस्थालि. ।

श्रेष्ठ, पदम (ने.सं. ११३२). *नेपालजात्रा संस्कृति* (ठेगाना र प्रकाशकको नाम उल्लेख नभएको )

श्रेष्ठ,तुलसीनारायण(वि.सं.२०६६). *नेपालमा नेवारहरू पहिचान र पृष्ठभूमि.* काठमाडौ : अनुसन्धान तथा विकास संस्था ।

श्रेष्ठ,टेकवहादुर(वि.स.२०५१). *टोखाको ऐतिहासिक सर्वेक्षण.* अप्रकाशित. नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

श्रेष्ठ, टेक बहादुर, (१९९६), टोखा : एक ऐतिहासिक चर्चा *कन्ट्रीब्यूसन अफ नेप्लिज स्टुडियो भोलम २३,* काठमाडौं : ने.ए.अ.कं. त्रिभूवन विश्वविद्यालय ।

श्रेष्ठ वादे.सुर्यचन्द्र (वि.सं.२०६२). *चण्डेश्वरी महात्म्य.वनेपा :* श्री चण्डेश्वरी मन्दिर पूनःनिर्माण तथा छाना सुधार समिति ।

श्रेष्ठ,श्रीओम र कोइराला तुलसी (वि.स.२०७४). *अमूर्त संस्कृति विशेषाकं.(स्मारिका).*मधुपर्क ।

श्रेष्ठ,टेक वहादुर (१९९६).*टोखाःएक ऐतिहासिक चर्चा.* कन्ट्रीव्यूसन अफ नेपीलिज स्टुडिज.भोलम २३. काठमाडौ : ने.ए.अ.कं,त्रिभुवन विश्वविद्यालय ।

श्रेष्ठ(अमात्य),कृष्णा(वि.स.२०५०).वनेपास्थित चण्डेश्वरी मन्दिरको वास्तुकला. *चण्डेश्वरी.* वनेपा : वनेपा नगरपालिका (पृ. ८९-१००) ।

श्रेष्ठ,केदारलाल(वि.स.२०७५). *चण्डेश्वर माई मन्दिर जीर्णोद्धारकार्य अभिलेख* पाटन : चण्डेश्वरीमाई मन्दिर संरक्षण समिति ।

हर्स कोविज,एमन्जे(१९७४).*कल्चरल एनथ्रोपोलोजी.* न्यु दिल्ली : अक्सफोंड एण्ड आई.पि.एच.पव्लिसिँग कं. ।

क्षेत्री,गणेश र खतिवडा,सोमप्रसादा(वि.सं.२०५४). *हिन्दु समाज र धर्म,.* विराटनगर : शिवा प्रकाशन ।

क्षेत्र, गणेश र रायमाझी, रामचन्द्र (वि.सं.२०५६). *नेपाली कला,वास्तुकला र प्रतिमालक्षण .काठमाडौं :* एशिया पब्लिकेसन ।

क्षेत्री,गणेशर रायमाझी रामचन्द्र(वि.सं.२०६०).*नेपाली कला,वास्तुकला र प्रगिमालक्षण,*काठमाडौ : एशिया पव्लिकेसन ।

ज्ञवाली,सुर्यविक्रम(वि.स.२०१९).*नेपाल उपत्यकाको मध्यकालीन इतिहास.* काठमाडौ : रोयल नेपाल एकेडेमी ।

किरण, सुरेश (वि.स.२०७४).*टोखा तुख्यः र चाकु:,* काठमाडौः अन्नपूर्ण पोष्ट शनिवार परिशिष्टांङ्क,घ २९पौष।